## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष (तह ९)

### षष्ठम पत्र

### बौद्ध दर्शन र अभिधर्म

**समग्र उद्देश्य**

विद्यार्थीहरूले बुद्धको मौलिक दर्शनको ज्ञान पाएर, त्यसकै आधारमा चिन्तन मनन तथा अभ्यास गरी जीवनमा सम्यक मार्गतिर पाइला चाल्न सक्नेछन् ।

**सिकाइगत उद्देश्यहरू**

१. बुद्ध र बुद्धवाद पुस्तक पढेर बुद्ध प्रादुर्भाव हुनुभन्दा अगाडिका भारतीय सिद्धान्तहरूबारे जान्नेछन् तथा अनात्मवाद माथि हुने गरेका तार्किक कुराहरू जानेर बुद्धको वाद अनात्मवाद नै हो भनी बुझ्नेछन् ।

२. बुद्धपछिका चार प्रमुख बौद्ध दर्शनहरू सर्वास्तिवाद, सौत्रान्तिक, योगाचार, माध्यमिक दर्शनबारे ज्ञान पाउनेछन् ।

३. अभिधर्म जस्तो गहन बौद्ध दर्शनमा वीथि काण्ड, वीथिमुत्त काण्ड र रूप काण्ड भित्र परमार्थ स्वभाव धर्मबारे पालि शब्दार्थ, भावार्थ, व्याख्या, व्यावहारिक पक्षको अध्ययन गरी जीवनको प्रत्येक घडीमा त्यसको प्रयोग विधि समेत सिक्नेछन् ।

४. आधिकारिक श्रोतको आधारमा दिइएको व्याख्या र विश्लेषण अध्ययन गरी अभिधर्मको गहन दर्शन सहजरूपले सिक्नेछन् ।

Dhamma.Digital

**अखिल नेपाल भिक्षु महासंघ**

**नेपाल बौद्ध परियत्ति शिक्षा**

केन्द्रीय कार्यालय : विश्व शान्ति विहार, नयाँ बानेश्वर, मीनभवन, काठमाडौं

फोन नं. : ४१०६९३६, ४१०६९४१, E-mail: pariyatti2556@gmail.com

परियत्ति सद्धम्म कोविद मध्यम वर्ष (तह ९)

षष्ठम पत्र

“पञ्ञा नरानं रतनं”

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष (तह ९)

### षष्ठम पत्र

### बौद्ध दर्शन र अभिधर्म

**अखिल नेपाल भिक्षु महासंघ**

**नेपाल बौद्ध परियत्ति शिक्षा**

https://dhamma.digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष (तह ९)

## षष्ठम पत्र

## बौद्ध दर्शन र अभिधर्म

Dhamma.Digital

प्रधान सम्पादक

**भिक्षु धर्मगुप्त महास्थविर**

सम्पादक मण्डल

**भिक्षु बोधिज्ञान महास्थविर**

**भिक्षु निग्रोध महास्थविर**

**अमिता धाख्वा**

**डा. त्रिरत्न मानन्धर**

**डा. रीना तुलाधर बनिया**

https://dhamma.digital

प्रकाशक : अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा
पाठ्यक्रम तथा पाठ्यसामग्री समिति

प्रकाशनार्थ आर्थिक सहयोग : राजेश श्रेष्ठ परिवार

**दाता परिवारलाई साधुवाद !**

परियत्ति सद्धम्मकोविद मध्यम वर्ष, षष्ठम पत्रको
यस पाठ्यपुस्तक प्रकाशनार्थ आर्थिक सहयोग गर्नुहुने

**राजेश श्रेष्ठ**

**शोभा श्रेष्ठ**

**इरिसा श्रेष्ठ**

**त्राण ॐ श्रेष्ठ**

परिवारलाई साधुवाद !

सर्वाधिकार : अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा

Dhamma.Digital

प्रथम संस्करण : ३०० प्रति
बु.सं. २५६८
ने.सं. ११४४
वि.सं.२०८१
ई.सं. २०२४

मुद्रण : आईडियल प्रिन्टिङ्ग प्रेस
ग्वार्को, ललितपुर

सहयोगार्थ मूल्य : ३००/-
(नोट : यस पुस्तक विक्रि भएको रकम पुनःसंस्करणको लागि प्रयोग हुनेछ)

https://dhamma.digital

# साधुवाद

नेपालको बुद्धशाशनमा ऐतिहासिक संस्था, 'नेपाल बौद्ध परियत्ति शिक्षा' को प्रारम्भकालदेखि पाठ्यसामग्री श्रृजना गर्दै अतुलनीय योगदान दिएर जानुभएका अति पूज्यनीय हाम्रा गुरुवर्ग श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर, श्रद्धेय भिक्षु सुदर्शन महास्थविर, श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर, श्रद्धेय गुरुमां अनागारिका सुशिला तथा धर्ममित्र धर्मरत्न शाक्य त्रिशुलीको गुणानुस्मरण गर्दै यस साधुवाद पत्रको शुरुवाट गर्दछौं।

*बौद्ध दर्शन र अभिधर्म* शिर्षकको प्रस्तुत पुस्तक, 'अखिल नेपाल भिक्षु महासंघ'द्वारा सञ्चालित 'नेपाल बौद्ध परियत्ति शिक्षा' को 'परियत्ति सद्धम्म कोविद मध्यम वर्ष (तह ९)' को षष्ठम पत्रको पाठ्यक्रममा आधारित भएर तयार भएको पाठ्यपुस्तक हो। यस षष्ठम पत्रको पाठ्यसामग्रीको लागि विभिन्न लेखकहरूको पुस्तक, अनुसन्धान तथा लेख रचनाहरू समेटेर तयार गरिएको हो।

*बौद्ध दर्शन र अभिधर्म* शिर्षकको यस षष्ठम पत्रको पाठ्यसामग्रीमा एकाइ १ का विषयवस्तु *बुद्ध र बुद्धवाद* ऊ ऐ आउँबाट लिखित मौलिक पुस्तक *बुद्ध र बुद्धवाद* भिक्षु ज्ञानपूर्णिकबाट अनुवाद भएको पुस्तकबाट परियत्तिको पाठ्यसामग्रीलाई सुहाउने गरी डा. त्रिरत्न मानन्धरले सम्पादन गरी तयार गर्नुभएको हो। एकाइ २ का विषयवस्तु *बुद्धपछिका बौद्ध दर्शनहरू* लेखक उष्णीष तारा तुलाधरले लेख्नुभएको हो। एकाइ ३ का विषयवस्तु *अभिधर्म* भिक्षु ज्ञानपूर्णिकद्वारा नेपालीमा अनुवाद भएको *अभिधर्मार्थ संग्रह* पुस्तकबाट साभार गरी लिइएको हो। एकाइ ४ का विषयवस्तु *अभिधर्म दैनिक जीवनमा* गोरकम, एन.भीद्वारा लिखित तथा आर.बि. वन्द्यद्वारा अनुवादित पुस्तक *जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग* बाट साभार गरी लिइएको हो। एकाइ ५ का विषयवस्तु अभिधर्मार्थ संग्रहको व्याख्या अनागारिका विमलञ्ज्ञाणी

https://dhamma.digital

'धम्माचरिय' द्वारा मौलिक रूपमा लेख्नुभएको हो ।

यस पाठ्यपुस्तक प्रकाशन हुनाले 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूको लागि पाठ्यपुस्तक सर्वसुलभ हुने भएको छ । 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूलाई लक्षित गरी तयार पारिएको यस पाठ्यपुस्तकको पाठ्यसामग्रीका लेखकहरूलाई 'अखिल नेपाल भिक्षु महासंघ' अन्तर्गत 'पाठ्यक्रम तथा पाठ्यपुस्तक समिति' विशेष आभार व्यक्त गर्दछ । यो पुस्तक तयार गर्नको लागि लेखन, अनुवाद, टाइपिंग, शुद्धाशुद्धि, प्रेस सम्बन्धी कार्य इत्यादि कार्यहरू सम्पन्न गर्नको लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने सबै श्रद्धालुहरूलाई साधुवाद सहित हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

पुस्तक प्रकाशनार्थ आर्थिक सहयोग गर्नुहुने राजेश श्रेष्ठ परिवार लाई साधुवाद व्यक्त गर्दछौं । पुस्तक प्रकाशनको क्रममा प्रेससम्बन्धि कार्य निपुणताका साथ गर्नुहुने *आईडियल प्रिन्टिङ्ग प्रेसका* सम्पूर्ण कार्यदललाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

अन्तमा पुनः एकपटक 'नेपाल बौद्ध परियत्ति शिक्षा' को पाठ् यसामग्री निर्माण कार्यमा विगतका दिनदेखि आजसम्म विविध कार्यद्वारा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा योगदान दिँदै आउनुभएका श्रद्धेय भिक्षु संघ, श्रद्धेय गुरुमां संघ तथा श्रद्धालु महानुभावहरूलाई मैत्रीपूर्ण साधुवाद ।

Dhamma.Digital

बु.सं. २५६८ प्रधान सम्पादक प्रमुख
वि.सं.२०८१, असार सम्पादक मण्डल

https://dhamma.digital

# प्रकाशकीय

'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूको लागि पाठ्यपुस्तकको रूपमा यो पुस्तक प्रस्तुत गर्न पाउँदा धर्मप्रीतिको अनुभव भएको छ। यस पुस्तक अध्ययन गरेर धेरैभन्दा धेरै विद्यार्थीहरू लाभान्वित हुने अपेक्षा गरेका छौं।

वि.सं. २०१९ मा स्थापना भएको 'अखिल नेपाल भिक्षु महासंघ' अन्तर्गत सञ्चालित 'नेपाल बौद्ध परियत्ति शिक्षा'को अध्ययन अध्यापनद्वारा नेपालमा बहुसंख्यक अध्ययनार्थीहरूले बुद्धशिक्षालाई गहन रूपमा सिक्ने अवसर प्राप्त गरेको छ। 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूको लागि पाठ्यपुस्तक तयार गर्न विगतका समयदेखि वर्तमानसम्म धेरैजना भिक्षुहरू, अनागारिका गुरुमांहरू, उपासक तथा उपासिकाहरूबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउँदै आउनुभएको छ।

हाम्रा परमपुज्य गुरुवर्गहरू भिक्षु बुद्धघोष महास्थविर, भिक्षु सुदर्शन महास्थविर, भिक्षु ज्ञाणपूर्णिक महास्थविर, अनागारिका सुशिला तथा श्रद्धालु धर्मभिरु उपासक धर्मरत्न शाक्य जसले परियत्ति शिक्षाको लागि पुसतकहरू श्रृजना गर्नुभयो, उहाँ गुरुहरूको गुणानुस्मरण गर्दै उहाँहरूले देखाउनुभएको मार्गमा पाइला चाल्दै 'नेपाल बौद्ध परियत्ति शिक्षा' लाई निरन्तर अगाडि बढाइरहनु भएको चतुपरिषदलाई साधुवाद दिन्छौं। 'नेपाल बौद्ध परियत्ति शिक्षा' को लागि पाठ्यपुस्तक निर्माण गर्ने वृहत कार्यमा विगतका समयदेखि आजसम्म पाठ्यसामग्री लेखन, पाठ्यसामग्री अनुवाददेखि लिएर आवश्यक परिमार्जन, संशोधन, सल्लाह सुझाव दिँदै सँधैभरि योगदान दिँदै आउनुभएका भिक्षु, अनागारिका गुरुमांहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं। पाठ्यसामग्री लेखन, अनुवाद, अनुसन्धान, सम्पादन, शुद्धाशुद्धि, टाइपिङ्ग, प्रुफ रिडिङ्ग आदि विविध कार्यमा सँधैभरि सहयोग गर्दै आउनुभएका श्रद्धालु उपासक

https://dhamma.digital

उपासिकाहरूप्रति मैत्रीपूर्ण साधुवाद ।

'नेपाल बौद्ध परियत्ति शिक्षा' अन्तर्गत 'पाठ्यक्रम तथा पाठ्यपुस्तक समिति' को वर्तमान कार्यकारिणि समितिमा रही यस पाठ्यपुस्तक प्रकाशन कार्य सम्पन्न गर्नुभएका कार्यकारिणि समितिका संयोजक भिक्षु धर्मगुप्त महास्थविर प्रमुख बाँकी सदस्यहरुको अथक प्रयास प्रशंसनीय रहेको छ ।

यो पुस्तक प्रकाशनार्थ आर्थिक सहयोग गर्ने राजेश श्रेष्ठ परिवार प्रति साधुवाद व्यक्त गर्दछौं । प्रेस सम्बन्धी कार्य गरी निरन्तर सहयोग गरिरहनुभएका आईडियल प्रिन्टिङ्ग प्रेस परिवारप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

यस शैक्षिक संस्थामा संलग्न भिक्षु, अनागारिका, उपासक तथा उपासिका वर्गले अनवरत रूपमा सेवा गर्दै आएको तथा उस्तै दाताहरूबाट पनि निरन्तर रूपमा दान दातव्यको पुण्य कार्य भइरहेको कुरा उल्लेखनीय छ । यस्तै पुण्यकार्यको फलस्वरूप परियत्ति शिक्षा अध्ययन अध्यापनको लागि आवश्यक पाठ्यपुस्तक तथा सामग्री आपूर्ति हुँदै आएको छ । यो नेपालको बौद्ध समुदायको लागि धर्म गौरवको कुरा हो । नेपालको बौद्ध जगतका उनै श्रद्धालु महानुभावहरूको निस्वार्थ सेवा, अथक प्रयासको फलस्वरूप 'नेपाल बौद्ध परियत्ति शिक्षा' ले सफलतापूर्वक ६ दशक पार गरिसक्यो । यस्तै श्रद्धालुहरूको आस्था, त्याग, मेहनतकै आडमा भविष्यका दिनपनि यस ऐतिहासिक संस्थालाई निरन्तररूपले अगाडि बढाउने छौं भन्ने हाम्रो संकल्प रहेको छ ।

बु.सं. २५६८ — **अखिल नेपाल भिक्षु महासंघ**

वि.सं. २०८१ — **नेपाल बौद्ध परियत्ति शिक्षा**

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष
## षष्ठम पत्र
# बौद्ध दर्शन र अभिधर्म

## विषय सूचि


| | पृष्ठ |
|---|---|
| **एकाइ १ : बुद्ध र बुद्धवाद :** | **१** |
| क) बुद्ध प्रादुर्भाव हुनुभन्दा अघिका भारतीय सिद्धान्तहरू | २ |
| ख) बौद्ध साहित्यमा अनात्मवाद | ८ |
| ग) आत्म अनात्म समस्या | १८ |
| घ) पिटकमा आएको भवसंसार | २६ |
| ङ) भवसंसार र विचारणीय तथ्यहरू | २९ |
| **एकाइ २ : बुद्धपछिका बौद्ध दर्शनहरू** | **३३** |
| क) सर्वास्तिवाद : परिचय, दर्शन तथा आचार्यहरू | ३५ |
| ख) सौत्रान्तिक : परिचय, दर्शन तथा आचार्यहरू | ४७ |
| ग) योगाचार : परिचय, दर्शन तथा आचार्यहरू | ५७ |
| घ) माध्यमिक : परिचय, दर्शन तथा आचार्यहरू | ६८ |
| **एकाइ ३ : अभिधर्म** | **७९** |
| क) वीथि काण्ड | ८० |
| ख) वीथिमुक्त काण्ड | ९९ |
| ग) रूपकाण्ड | १२६ |


https://dhamma.digital

**एकाइ ४ : अभिधर्म दैनिक जीवनमा** **१४९**

क) दैनिक जीवनमा अज्ञात रहने अहेतुक चित्रहरू १५०

ख) जीवनको प्रथम चित्त १६३

ग) विभिन्न प्रकारका प्रतिसन्धि-चित्त १७४

घ) भवंगको कृत्य १८७

ङ) इन्द्रियद्वार वीथि र मनोद्वार वीथिमा चित्तका कृत्यहरू १९६

च) जवनको कृत्य २०९

छ) तदारम्मण र च्यूतिका कृत्यहरू २१८

ज) आलम्बनहरू र द्वारहरू २३१

**एकाइ ५ : अभिधर्मार्थ संग्रहको व्याख्या** **२४३**

वीथि काण्ड २४४

वीथिमुत्त काण्ड २६८

रूपकाण्ड २९५

Dhamma.Digital

https://dhamma.digital

# परियत्ति सद्धम्म कोविद मध्यम वर्ष
## षष्ठम पत्र
# बौद्ध दर्शन र अभिधर्म

## एकाइ १ : बुद्ध र बुद्धवाद

Dhamma.Digital

लेखक : ऊ ऐ आउँ

अनुवादक : भिक्षु ज्ञानपूर्णिक महास्थविर

परियत्ति पाठ्यसामग्रीको लागि सम्पादन :
डा. त्रिरत्न मानन्धर



https://dhamma.digital

# एकाइ १ : बुद्ध र बुद्धवाद

## क) बुद्धप्रादुर्भाव हुनुभन्दा अगाडिका भारतीय सिद्धान्तहरू

छैंठौ शताब्दीमा उत्तर भारतको इन्दु र गंगा नदिका किनाराहरूमा सुसंस्कृत र उच्चस्तरीय ग्राम निगम र जनपद स्थापना भइसकेका थिए । उत्तर हिमालय, पश्चिम इन्दु नदि, दक्षिण विन्दु पर्वत श्रृंखला र पूर्वमा गंगा नदिभित्र १६ जनपदहरू वर्तमान भारतको उत्तर प्रदेश र विहार राज्यभित्र पर्दछन् ।

**चारवर्ण**

त्यस बेला चारवर्णको व्यवस्था अनुसार समाज संचालन भैरहेको थियो । क्षत्रियहरू खेतवारी वा जमीनको अधिपति, ब्राम्हणहरू पुरोहित आचार्यको रूपमा वैश्यहरू व्यापारी भएर र शुद्रहरू प्राचीनकालदेखीका आदिवासीहरू थिए । तिनीहरू द्रविदजातिवाट अवतरण भएका भनेर लिइन्छ ।

**जातिवादको साम्राज्य**

त्यस बेलादेखि नै ब्राम्हणहरू आफुलाई सर्वश्रेष्ठ जातिका हुँ भनेर दावी गर्दथे । तर सबै ठाउँमा जातिवादलाई त्यतिकै महत्व दिएको थिएन । कुरु तथा पंचाल जस्तो पश्चिमोतर राज्यहरूमा जातिवादको महत्ता धेरै थियो भने मगध र कोशलमा जातिवादलाई त्यति महत्व दिंदैनथ्यो । त्यसकारण ब्राम्हणहरूको एक ग्रन्थमा ती ठाउँहरूमा ब्राम्हणहरू जान निषेध नै गरेको थियो । सोणदण्ड ब्राम्हण बुद्धकहाँ जानलाग्दा मित्र ब्राम्हणहरूले रोकेको थियो । विडुडभले शाक्यहरूलाई कत्लेयाम गरेको कारण शाक्यहरूको जात्याभिमानी थियो ।



https://dhamma.digital

**कुनै कुनै ठाउँमा जातिगत काम गर्नै पर्ने बाध्यता थिएन ।**

सबै ठाउँमा जातिवाद थिएन भन्ने प्रमाण पनि पाइन्छ । कुश जातकमा प्रभावती राजकुमारीको लागि वादक, कुमाले, वंशकार माली भएको उदाहरण छ । महोसध जातकमा महोसधले कुम्हाले र सुजिकार बनेर आजिविका गरे । त्यस्तै ब्राम्हणहरू व्याधा भएर जीविका गरेका प्रसंगहरू पनि छन् ।

**कुनै कुनै ठाउँमा क्षत्रियहरू ब्राम्हणभन्दा सर्वश्रेष्ठ ठान्दथे**

मध्य देशमा क्षत्रिय जातिहरू ब्राम्हणभन्दा माथिल्लो सम्झन्थे । शाक्यहरूले अम्बट्ठ माणवकलाई पुष्करसाति ब्राम्हणले पठाएकोले रहने ठाउँ नदिएको उदाहरण छन् । यसरी भएको कारण क्षत्रिय र ब्राम्हणहरू एक अर्काका पूरक जस्तो हुन्थे । राज्य संचालन गर्न अभिषेक र सरसल्लाह ब्राम्हणहरूले दिन्थे भने क्षत्रियहरूले उनीहरूलाई दान दक्षिणा दिन्थे र जीवन यापन गर्न क्षेत्रीयहरू नभईकन नहुने भएकोले क्षेत्रियहरूले उनीहरूलाई आफुभन्दा श्रेष्ठ मान्दैनथे ।

**बुद्धवादमा ब्राम्हणहरू**

तर केहि मात्राले ब्राम्हणहरूप्रति श्रद्धा र गौरव राख्ने गर्दथे र विस्तारै ब्राम्हणवाद फैलंदै गयो । उनीहरूमा आध्यात्मिकताप्रतिको लगावको कारणले बुद्धका प्रमुख शिष्यहरूमा ब्राम्हणहरूको संख्या उल्लेख्य भए । उनीहरूकै जातको आधारमा धम्मपदमा ब्राम्हणवर्ग भनेर ब्राम्हणहरू कस्तो हुनुपर्दछ भनेर उल्लेख गरेको छ ।

**वेदहरू र ब्राम्हणहरूको कार्यकलाप**

बौद्ध साहित्यमा तीन वेदको मात्र उललेख भएता पनि बुद्धकालपछि विकास भएको अर्थववेदमा भएका विभिन्न विषयहरूले पनि समाजमा स्थान पाइसकेको थियो । भूतविद्या, मृगलक्षणविद्या, देवाराधनाविद्या, सुर्यआराधना विद्या, मुसिक छिन्न विद्या, ऐनामा देवता साधना विद्या आदिको बारेमा पनि उल्लेख भएको छ । श्रमण ब्राम्हणहरू समेत ती विद्याहरूको आधारमा मिथ्या आजिविका गर्नेहरू पनि थिए ।



https://dhamma.digital

## भवसंसार र कर्मनियामकका कुराहरू वैदिक युगपछि मात्र उत्पन्न भएका हुन्

वैदिक युगमा वर्तमान जीवनलाई मात्र केन्द्रित गरी पुनर्जन्मको विचार त्यति गम्भीर रूपले गरेको देखिंदैन। राम्रो गर्नेको पुनर्जन्म राम्रो हुने र नराम्रो गर्नेहरूको नराम्रो हुने विश्वास त गरिन्थ्यो तर भवसंसार र कर्मनियामकका कुराहरूभन्दा पनि ब्राम्हणहरू यज्ञ अनुष्ठान गर्न र गराउन रुचाउँथे। विभिन्न सिद्धिहरू यसै जन्ममा प्राप्त हुने प्रलोभनबाट यज्ञकार्यहरू गर्दथे । दीघनिकायमा कूटदन्त सुत्रमा यज्ञ कसरी गर्ने ? योभन्दा ठुलो धार्मिक कार्य पनि छ के ? भन्ने कुरा उल्लेख छ। वैदिक युगमा भारतमा इरानको जारस्त्रावादको कुरापनि भित्रिएको उल्लेख छ। ब्राम्हणहरूको तत्कालीन कार्यकलाप प्रति सहमत नगरी यज्ञ नगरी कृषिकार्य गरी जीविका गर्ने र सत्यको खोजमा ध्यानगर्नेहरू पनि प्रशस्त छन् ।

## परमात्माको विकास

वैदिक युगको अन्तमा वेदान्त वा उपनिषदले धेरै मानिसहरूलाई प्रभावित पारेको देखापर्दछ । यसमा उल्लेखित परमात्माको सत्तालाई धेरैले विश्वास गरे। संसारमा परमात्मा व्याप्त भएको र सबै कार्यकलाप उसकै अधीनमा रहेको बारेमा धेरैलाई विश्वास दिलाएको थियो । परमात्मा असंस्कृत नित्य र ध्रुव हो भन्ने धारणा विकास भएको थियो। उपनिषद आदि ग्रन्थमा परमात्मा वा ब्रम्हा सुनिश्चित रूपमा विद्यमान छ, सर्वव्यापी छ , पानीमा भएको नून जस्तै भन्ने गरिन्छ। परमात्माको बारेमा जानकारी नभएकोले भवसंसारमा विचरण गर्नुपरेको धारणा, आप्नो कुशल अकुशलको कारणले विचरण गर्नुपरेको र सुकर्म गरेर मात्र सुगति पुग्ने धारणा विकास भएता पनि ब्रम्हज्ञान हुनुपर्ने वा ब्रम्हलाई प्राप्त गर्ने नै अन्तिम लक्ष्य हुनुपर्ने धारणा विकास भएको पाइन्छ।

## ब्राम्हणहरूको सर्वश्रेष्ठतामा प्रश्न

हुनता वेद, उपनिषदको कुरागर्दा ब्राम्हणहरू धेरै अगाडि देखि



https://dhamma.digital

नै धार्मिक क्षेत्रका व्यक्तिहरू जस्तो भान हुन्छ । तर राईस डेविस तथा प्रोफेसर भण्डारकारको विचारमा उनीहरू इस्वी दोस्रो शताब्दीदेखि मात्र प्रभावशाली भएको कुरा उल्लेख गरिएको छ । उनीहरूलाई दान दिएको विषयमा उल्लेख भएको कारणले पौराणिक कालमा उनीहरूको महत्व नभएको अझ ई.पू छैठौं सातौं शताब्दीमा त उनीहरूको कुनै नामोनिशान नभएको जिकिर गरेको छ। ई. पु. ३०० देखि १०० सम्मको अवधिमा पनि उनीहरूको बारेमा शिलालेख नभेटिनुले पनि बुद्धकालभन्दा पहिला र बुद्धकालमा ब्राम्हणहरूकै मात्र वर्चस्व नभएको इंगित गर्दछ ।

**धार्मिक स्वतन्त्रता पूर्णरूपमा उपभोग गर्नेहरू पूर्वेलिहरू हुन्**

त्यसबेला ब्राम्हणहरू बाहेक क्षत्रियहरूको पनि धार्मिक सिद्धान्तहरूमा वर्चस्व थियो । विभिन्न परिव्राजकहरूले स्वतन्त्र रूपमा धर्मदेशना गर्दथे । ती परिव्राजकहरू क्षेत्रीयहरू जस्तै वर्द्धमान महावीर तथा तथाकथित उच्चजातीका मात्र नभई नोकर दासहरूबाट पनि उदय भएको प्रमाण पूर्णकाश्यपको उदाहरणले प्रस्त गर्दछ । विशेषरूपमा छ जना धर्मगुरुहरूले त्यसबेलाको समाजलाई प्रभाव गरिरहेका थिए । कुनै पनि सिद्धान्तको स्वतन्त्रतापूर्वक जनमानसमा प्रचार गर्ने कार्यमा राज्य वा कुनै पनि वर्गले बाधा अर्चन गरेको त्यसबेला थिएन । यस हिसाबले भन्ने हो भने पुर्वेलिहरू धार्मिक सहिष्णुताको प्रयोग गर्ने समुदायमा पर्दछन् । बरु पश्चिममा छैठौं ई. पू. का विचारक सुकरातलाई तत्कालीन सिद्धान्तसँग प्रतिपक्ष हुने गरी सत्यकुरा गरेको बापतमा विष ख्वाई मृत्युदण्ड दिएको नराम्रो घटना छन् जुन पुर्वमा थिएन ।

**इशापूर्व छैठौं शताब्दी भनेको इतिहासकै विशिष्ट युग**

ईशापूर्व छैठौं शताव्दी भनेको भारतको मात्र नभई विश्व इतिहासकै विशिष्ट युग थियो । चीनमा लाओत्सेको चित्तलाई दमनगरी शान्ति खोज्ने प्रेरणा, कन्फुसियसको मानवहरूले आचरण राम्रो गर्नुपर्ने धारणा, ग्रीसको पाईथोगोरासले भवसंसारको विषय तथा मांस भक्षण गर्ननहुने शिक्षाको प्रचार प्रसार भैरहेको थियो । त्यहिताका भारतमा



https://dhamma.digital

स्वतन्त्ररूपमा विचार प्रवाह गरी नयाँ नयाँ विचार र सिद्धान्तहरूको प्रचार भैरहेको अवस्था थियो । बुद्धकालभन्दा अघि नै विभिन्न जातिका मानिसहरू ऋषिप्रवज्या लिने प्रचलन थियो र ब्राम्हण मात्र नभई जुनसुकै जाति तथा लिंगकाहरू, चण्डालदेखि राजकुमारसम्म, अझ परिवार समेत नै सत्यको खोजीको लागि गृहत्याग गर्ने प्रवृति थियो । ऋषिहरू कसैले पुजाआजा गरेर, होम गरेर वेदपाठ गरेर, शरीरलाई दुखः दिएर तप गरेर दुःखबाट मुक्त हुने प्रयास स्वरूप गर्दथे । यसै पद्धतिबाट ईश्वरको निर्माण भएको थियो ।

**शरीरलाई दुःख दिएर धर्म ठान्ने परम्परा**

दीघनिकायको कस्सप सीहनाद सुत्तमा वस्त्र नलगाई बस्ने आजीवकहरूको बारेमा उल्लेख छ, उनीहरूले कमसेकम खाना उपभोग गरेर भोकै बसेर, अखाद्य पदार्थहरू जस्तै छाला, झ्याउ, गोबर मल खानु, पानी नपिउनु, काठबाट बनेको लुगा लगाउनु, मृगचर्म लगाउनु, काठको फ्ल्याकमा बस्नु, सुत्नु, संधैभरी उभिरहनु, ककेर बस्नु, कुक्कुर जस्तै आचरण गर्नु आदि अट्ठकिलमत्थानको अभ्यास गरेर धर्म ठान्दथे । यस प्रकारका क्लिस्त काम भारतमा मात्र नभई पुरानो ग्रीसमा पनि थियो । क्रिस्टियनहरूले पनि पापको सजाँए दिएको भनेर शरीर भरी रक्ताम्ये पार्ने गरी कुटपीट गरेर आफ्नो अपराधको मोचन गर्दथे । यसरी सामान्य रूपमा मानिसहरूले नगर्ने ती कामबाट सहनशीलता बढ्ने वा पुण्यलाभ हुने उनीहरूको तर्क थियो ।

**परिब्राजक**

परिब्राजकहरू एक ठाउँबाट अर्को ठाउँमा गएर वादविवाद र छलफल गर्दथे । योगी ऋषिहरूले शरीरलाई सास्ति गरेर धर्म हुन्छ भन्ने विश्वास लिएका हुन्छन् भने परिव्राजकहरू वादारोपण गरेर विजय प्राप्तगर्नुमा गौरव ठान्दथे । बुद्धकालीन समयमा सच्चक परिब्राजकले भगवान बुद्धलाई तर्क गरेर हराउने भनेर बुद्धकहाँ गएको थियो । आजीवक, जटिल, मुण्डश्रावक, देवधार्मिक, गौतमक आदि सम्प्रदायहरू पनि भारतमा यथेष्ठ थिए । तर उनीहरूको वाद के हो भन्ने बारेमा स्पष्ट



https://dhamma.digital

छैन । ब्रम्हजालसुत्त र सामञ्ञफलसुत्तमा तिनिहरूको विभिन्न प्रश्नको बारेमा छ। परिब्राजकहरू पूण्णकाश्यप, मक्खली गोशाल, पकुधकच्चायन, अजितकेशकिम्बिल, संजय वेलट्ठिपुत्त तथा निगण्ठनाथपुत्तको बारेमा वर्णन छन् । तिनीहरूमध्ये केहि बुद्धकालभन्दा पहिलाका थिए ।

**गौतमक वा देवदत्त वाद**

संघमा विवाद गरी देवदत्तले छुट्टै संघ स्थापना गरेको थियो । उनीहरूको समूहलाई गौतमक भनिन्थे । पाँचौ शताब्दीका चीनिया यात्रु फाहियानले समेत कोशलमा तिनिहरूको समूह देखेको थियो । सिद्धार्थ गौतमलाई नमान्ने तर ककुसन्ध, कोणागमन, काश्यप बुद्धलाई उनीहरू मान्थे ।

**बुद्धकालीन समयका छ परिब्राजकहरूको वाद**

- **पूर्ण काश्यप :** कुशल अकुशल कर्मको कुनै फल र विपाक छैन । दान शील आदिको कुनै आनिशंस हुँदैन ।
- **मक्खली गोशाल :** मानिसहरूले कुनै कुशल अकुशल गरेता पनि उनीहरूले आफ्नो भविष्य निर्धारण गर्न सकिंदैन । सबै भाग्यमा निर्भर रहने हो । निश्चित समयपछि सबै मुक्त हुन्छन् ।
- **अजित केशकम्बल :** कुनै पनि कर्मको विपाक हुँदैन भनेर भौतिकवादीको रूपमा उपदेश गर्दथे । परलोक छैन, आमा बुबा छैन, सत्व प्राणीहरू चतुर्महाभूत को रूपमा मरण पछि उच्छेद भएर जान्छ ।
- **संजय बेलट्ठि पुत्तको** केहि विशेष वाद नभएको मानिसहरूको चाहना अनुसार कुरा गर्ने ।
- **निगण्ठ नाथ पुत्त को** वादमा काय कर्मलाई महत्व दिनु र चतुर्याम संवरमा बस्नु थियो ।

**जैनधर्म**

बुद्धवादी श्रमण जस्तै जैन साधुहरू निगण्ठनाटपुत्तका शिष्य



https://dhamma.digital

थिए । उहाँलाई महावीर पनि भनिन्छ । उनीहरू ब्रम्हचर्यलाई महत्व दिएर बुद्धवादी श्रमणभन्दा अलि बढी शरीरलाई दुःख दिन्छन् र विभिन्न ठाउँमा घुमेर उपदेश दिन्छन् । बुद्धभन्दा केहि जेठो उनी देवलोकबाट यस लोकमा मानिसहरूको कल्याणको लागि जन्मनुभएको र ईश्वरत्वमा पुग्नुभएको मानिन्छ । कोशल मगध विदेह अंगमा विचरण गरी अन्तमा पावामा उहाँको परिनिर्वाण भएको थियो ।

## ख) बौद्ध साहित्यमा अनात्मवाद

### पिटक र अन्य बौद्ध वांङमयहरूबाट अनात्मवाद

**संस्कार धर्महरू अनित्य दुःख र अनात्म हुन्छन्**

संस्कार धर्महरू त्रिलक्षणले युक्त हुन्छन् । त्रिलक्षण भन्नाले अनित्य, दुःख र अनात्म हो । अनात्म भनेको स्थिर आत्मा नहुनु हो । तीन लक्षणहरूमध्ये दुःख लक्षण, अनात्म लक्षणमाथि आधारित छ । संस्कार धर्महरू अनित्य स्वभाव रहेकोले सार तत्व रहित छन् । अनित्यसंग जीवन पर्यन्त सामना गर्नुपर्दछ । पञ्चस्कन्धहरू निरन्तर उत्पन्न र विनाश भैरहेको हुन्छ । नाम धर्मको अनित्यताको गति रूप धर्महरूभन्दा कैंयौं गुणा बढी छ । चुट्की बजाउँने समयसम्म चित्तहरू एकलाख कोटिभन्दा बढी उत्पत्ति र विनास हुन्छन् । अनित्य दर्शन विना मार्गफल सम्भव छैन । शील पालन र मैत्री भावना आदि कुशल कर्मको साथै अनित्यताको दर्शन पनि आवश्यक छ । उदय व्ययलाई नदेखेर सय वर्ष बाँच्नुभन्दा पनि उदय व्ययलाई देखेर एकक्षिण बाँच्नु श्रेयस्कर भनेर बुद्धले धम्मपदमा भन्नुभएको छ ।

**अनित्यताको ज्ञान भएपछि अनात्म स्वभावत नै प्रकट हुन्छन**

अनित्यताको ज्ञान भएपछि अनात्म स्वभावतः नै प्रकट हुन्छन् । अनित्य धर्ममा नै अनात्म धर्मपनि समावेश भइसकेको हुन्छ । तापनि बुद्धधर्ममा अनात्मलाई संस्कार धर्महरूको प्रमुख लक्षणको रूपमा वर्णन गरेको छ र अन्य धर्मावलम्वीहरूले विल्कुल वर्णन नगरिएको विषयको



https://dhamma.digital

रूपमा अनात्मलाई लिइएको छ । अनात्मवाद त्रिलक्षणको एक महत्वपूर्ण लक्षण भएता पनि यसलाई स्वीकार्न त्यति सजिलो छैन । बुद्धधर्मको बारेमा विज्ञता प्राप्त गरिसकेपछि पनि अनात्मलाई नबुझी बुद्धको अनात्मवादको बारेमा शंका गर्छन् । तसर्थ अनात्मवाद के हो भन्ने बारेमा राम्ररी अध्ययन गर्नु आवश्यक छ ।

**आत्मा**

आत्मा शब्द वेदग्रन्थहरूमा देख्न पाइन्छ । ती ग्रन्थहरू अनुसार आत्मा प्राण हो । यो शरीरभित्र अंगुल मात्रामा रहेको हुन्छ । मृत्युको समयमा आत्मा शरीरवाट निस्कन्छ । शीरवाट निस्केमा ब्रम्हलोकमा वास हुने र तलको अंगहरूबाट निस्कँदा अधोगति पाउने कुरा उल्लेख छ । मरणको समयमा अर्धजलमा राख्ने कारण आत्मा शीरबाट जावोस भन्ने हेतुले हो । सुतिरँहदा आत्मा बाहिर गइरहेको हुन्छ र शरीरभित्र आत्मा पस्नुभन्दा अगाडि उठाइयो भने त्यस व्यक्तिमा भय उपद्रव उत्पन्न हुने कुरा गर्छन् ।

**आत्माबारे भिन्न भिन्न धारणा**

आत्मा विषयको धारणाबारेमा कुरा गर्दा वैदिक धर्मका विभिन्न ग्रन्थमा भिन्नाभिन्नै किसिमका विवरणहरू पाइन्छन् । आत्मालाई आकृति, परिणाम, स्थिति क्षेत्रबाट परिभाषित गर्ने ग्रन्थहरूले भिन्नाभिन्नै तवरले वर्णन गरेको देखिन्छ । तील परिमाण, अंगुल परिमाण भनेर आत्माको परिणाम बारेमा नै छुट्टा छुट्टै धारणाहरू पाइन्छन् ।

आत्मा गोप्य र गम्भीर भएकोले यस बारेमा जान्न र बुझ्न मुश्किल हुन्छ भन्ने पनि गर्दछन् । आत्मा असंस्कृत र महान अमृत धातु, ब्रम्ह हो भन्ने पनि गरिन्छ । यसरी आत्मा नित्य, ध्रुब, शास्वत, परमार्थ धातु भन्ने पनि गरिन्छ । उपनिषद्का अनुसार आत्मालाई देख्नु जान्नु बुझ्नु र प्राप्तगर्नु जीवनको लक्ष्य हो ।

**आत्माबारेमा बौद्ध साहित्यमा चुनौती**

आत्माको सम्बन्धमा वैदिक ग्रन्थमा भनेको कुरालाई बौद्ध



https://dhamma.digital

साहित्यले अस्वीकार गरेको छ । धम्मचक्कपवत्तनसुत्त पछि देशना गर्नुभएको अनात्मलक्षण सुत्तमा भगवान् बुद्धले यो पञ्चस्कन्धका कुराहरू रूप, वेदना संज्ञा संस्कार तथा विज्ञान अनित्यको क्षेत्र भित्र पर्दछन्, जुन अनित्य छ त्यसलाई सुख भन्न सकिन्न र दुःख हो । जुन अनित्य छ र दुःख पनि हो भने त्यसलाई म र मेरो भनेर (आत्म) भनेर भन्न नसक्ने कुरा उल्लेख  गरिएको छ । जुन अनित्य र दुःख छन्  त्यसलाई म र मेरो भनेर आत्मको रूपमा ग्रहण गर्न उपयुक्त छैन भन्नुभएको छ । विणालाई टुका टुका पारेता पनि वीणाबाट आउने स्वर नभेटिने जस्तै शरीरलाई टुका टुका गरेर खोजेता पनि आत्मा भन्ने कुनै वस्तु देखिंदैन भन्नुभएको छ ।

**मज्झिम निकायको अलगद्दुपम सुत्त**

मज्झिम निकायको अलगद्दुपम सुत्तलाई पश्चिमेलीहरूले बुद्धले अनात्मवादलाई पुष्टि गरेको सुत्रको रूपमा लिने गर्दछ । म होइन, मेरो शरीर होइन, मेरो आत्मा होइन भनेर त्यस सुत्रमा बारबार दोहोर् याएर प्रस्तुत गरेको छ । यसरी भाविता गर्नसकेमा मात्र तृष्णा, मान र दृष्टिबाट मुक्त हुने कुरा त्यसमा अगाडि सारिएको छ । त्यस्तै मज्झिम निकायकै सब्बासवसंवर सुत्तमा पनि पृथ्वी, मेरु, पर्वत, चन्द्र सुर्य स्थिर रहे जस्तै म पनि सदासर्वदा रहन्छु भन्ने धारणाले पनि आत्मवादलाई बढावा दिइरहेको हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

**लोक शुन्य छ**

बुद्ध देशनामा पञ्चस्कन्ध बाहेक अरु कुनै आत्मा नभएको र म भन्ने वस्तु वास्तवमा भ्रममात्र भएको उल्लेख गरिएको छ । पञ्चस्कन्ध, आत्मनीय स्वभावबाट शून्य छ भनेर उल्लेख गरिएको र त्यसैकौ आधारमा सुञ्ञलोक सलायतन संयुत्तमा लोक शून्य भएको कुरा बताउनु भएको छ ।

यसरी म र मेरो भनेर समाउने यहाँ केही छैन यस हिसाबले लोक शून्य भएको कुरा प्रस्ट्याउनु भएको हो । *पुतामत्थि धनमत्थि*



https://dhamma.digital

*इतिवालो विहञ्ञति अत्ताहि अत्तनो नत्थि कुतो पुत्ता कुतो धनं* भनेर धम्मपदमा पुत्र छ, धन छ भनेर मूर्खहरू गुमान गरिरहेका हुन्छन् । आफु त आफुले भने जस्तो हुँदैन भने पुत्र र धनलाई आफ्नो भनेर त्यसप्रति आसक्ति हुनु कति उपयुक्त छ ? भनेर आसक्ति हटाउन अनात्मको आवश्यक हुने कुरा बौद्ध साहित्यले भन्दछ । यसरी उत्पत्ति र विनास भईरहेकोलाई वार वार भाविता गर्दै स्मृतिलाई बलवान बनाउन सकेमा त्यसप्रतिको आसक्ति स्वभाव हट्ने हुन्छ ।

**कार्यकलाप छ कर्ता छैन**

बुद्धले संस्कार धर्महरूको उदयव्ययको उपदेश दिनुहुँदा, स्पर्श, वेदना, उपादानको कुरामात्र गर्नु हुन्छ त्यसमा संलग्न वा स्पर्श गर्ने, वेदना अनुभव गर्ने, उपादान जगाउने पुद्गलको बारेमा गर्नु हुन्न । कुनैपनि क्रियाकलापमा म भन्ने धारणा हट्न गएमा दुःखको अन्त हुने कुरा गर्नु हुन्छ । म र मेरोप्रतिको तादात्मभाव नै दुःखको कारण हो । यो नै सत्काय दृष्टि हो ।

**दुःखलाई कसले श्रृजना गर्दछ**

दुःखलाई आफुले उत्पादन गर्दछ भन्नु उचित छैन, अरुको कारण उत्पन्न हुन्छ भन्नु पनि उचित छैन, आफु र अरुको संयुक्त प्रयासले उत्पन्न हुन्छ भन्नु पनि उचित छैन । त्यसोभए के दुःख भनेको विना कारण उत्पन्न हुन्छ त भनि ? प्रश्न गर्दा बुद्धले आफुले गरेर उत्पन्न भएको भन्दा शास्वत दृष्टि हुन जान्छ अरुले गरेर उत्पन्न भएकोभन्दा उच्छेददृष्टि हुन्छ जुन कुरा उचित छैन । बरु शास्वत र उच्छेदको विचको मार्ग अनुसार भन्नेहो भने दुःख प्रतीत्य समुत्पन्न भएको हो आविद्याको कारणले संस्कार ..... यसरी उत्पन्न भएको हो ।

**आत्मदृष्टिबाट टाढा हुन नसकेका भिक्षुहरू बुद्धकालमा पनि थिए**

तिम्बरुक परिब्राजकको दुःख कसले उत्पादन गर्दछ ? भन्ने प्रश्नमा बुद्धको जवाफ प्रतित्यसमुत्पन्न हुने भन्ने माथि उल्लेख भए बमोजिम थियो । तिम्बरुक परिब्राजकले अनुभव गर्ने, बनाउने



https://dhamma.digital

जीव, आत्म, पुद्गल सत्व छ भनी धारणा राखेर यस प्रश्न सोधेका थिए । परिव्राजक मात्र नभई बुद्धशासनमा आएर भिक्षु भइसकेका केहि व्यक्तिहरू पनि आत्मदृष्टिबाट टाढा नभएको उदाहरण छन् । मज्झिम निकायको महातण्हासंखय सुत्तमा मोलिय फग्गुन स्थविरले विज्ञानलाई कसले उपभोग गर्छन् भन्ने प्रश्नको उत्तरमा भगवान् बुद्धले विज्ञान एकजना पुदगलले उपभोग गर्छ भन्ने धारणा आत्मदृष्टि हो बरु विज्ञान कुन धर्मको कारण हो भनेर सोधेमा विज्ञानको कारण नामरूप, षडायतन उत्पन्न हुने हो भन्न सकिन्छ भनेर प्रत्युत्तर दिनुभएको थियो ।

**आत्मदृष्टिको कारण दुःखको सम्बर्धन**

भगवान बुद्धले अनात्मलाई जोडतोडले उपदेश दिनुको कारण दुःखलाई हटाउनको लागि थियो । मानिसहरूको मस्तिष्कमा आत्मदृष्टि किल्ला गाडेर रहे जस्तै रहन्छन् र विभिन्न दुःखको कारण बन्छन् । यसले मार्ग, फल, निर्वाणको बाटो छेक्ने काम गर्दछ । चार प्रकारका उपादानहरूमा दृष्टिउपादान उत्पन्न हुने कारण पनि यो आत्मदृष्टि नै हो । यसबारेमा भगवान बुद्धले बुझाउँदा समेत नबुझेर मोलिय फग्गुन स्थविरले भिक्षु भाव छोडेर गृहस्थ हुन गएको थियो । आत्मा, लोक शास्वत, स्थिर छ भन्ने मिथ्या धारणाको बीज आत्मदृष्टि नै हो । यही नै दुःख सम्बर्धन गर्ने कारक हुन जान्छ ।

**आत्मवादलाई मान्ने हो भने विकासको लागि केही गर्नुपर्ने आवश्यकता नै रहँदैन**

यदि आत्मवादलाई मान्ने हो भने मानिसहरूको अभिवृद्धिको गुन्जाइस नै रहन्न । नित्य ध्रुव शास्वतको परिधिभित्र रहेर जस्तो छ त्यस्तैमात्र रहन्छन् र मुक्ति पनि सम्भब रहन्न । यसकारण बुद्धले आत्मदृष्टिलाई तिरस्कार गर्नु भै अनात्म सम्बन्धी विभिन्न धर्मदेशना गर्नुहुँदै पञ्चस्कन्धलाई म, मेरो भनेर धारण गर्नु उपयुक्त छैन भन्नुभएको थियो ।

त्यस्तै जरामरणलाई उत्पन्न गर्ने भनेको आफैले हो कि, अरुले



https://dhamma.digital

हो कि, आफु र अरुले हो कि, कसैले पनि होइन कि भन्ने प्रश्नमा भगवान बुद्धले कोट्ठिकलाई यसको कारण जाति हो भन्नुभएको छ । जाति पच्चया जरामरण आदि प्रतीत्य समुत्पन्न विषयका कारण उत्पन्न हुने कुरा प्रस्ट्याउनु भएको थियो ।

**भिक्षुणी सेला र बजीराको अनात्मवादको विश्लेषण**

मार देवपुत्रलाई सेला भिक्षुणीले यो शरीर वा आत्मभाव आफुले बनाउने होइन, यो कार्यकारणले उत्पन्न हुन्छन् । खेतमा बीउ पर्ना साथ त्यसमा पानी, हावा, घाम आदिको कारणले अंकुरित भए जस्तै नै आयतन धातुहरू, कारण धर्मले उत्पन्न हुन्छन् र कारण निरोध हुँदा ती धर्महरू पनि निरोध हुन्छन् ।

भिक्षुणी बजीराको कथनलाई अनात्मवादको कुरा पुष्टि गर्न धेरै ग्रन्थकारहरूले सहयोग लिएको छ । आत्मवाद हटाउनको लागि कथावत्थु, मिलिन्दप्रश्न तथा बुद्धघोषाचार्यहरूबाट रथको उदाहरूणबाट अनात्मको सिद्ध गरेको उहाँको प्रसंग पालि साहित्यमा प्रख्यात छ ।

**कथावत्थुमा अनात्म**

कथावत्थुमा पुद्गल, सत्व भनेको लक्षण, आधार स्थल, उत्पत्तिकाल, परमार्थ धर्मपुञ्जको हिसाबले उपलव्ध नभएको सिद्ध गरिएको छ । यस अन्तर्गत सेनियलाई भगवान् बुद्धले दिनुभएको तीन प्रकारका गुरुहरूको आत्मवाद बारेको वर्णन गरिएको छ ।

पहिलो प्रकारका धर्मगुरुले यस जन्म तथा अर्को जन्ममा आत्मा छ भन्ने गर्छन । यसलाई शास्वत दृष्टिको रूपमा चित्रण गरेको छ ।

दोस्रोले यस जन्ममा आत्मा छ अर्को जन्ममा छैन भन्छन् । यसलाई उच्छेददृष्टि भनिन्छ र तेस्रोले यस जन्ममा पनि छैन अर्को जन्ममा पनि छैन भनेर बुद्धवादसँग सामिप्यता राख्छन् भनेर उल्लेख गरेको छ । तर विदुषी श्रीमति राईस डेविस र बर्मी बुद्धिजीविहरूले तीन प्रकारका गुरुहरूको आत्मवाद सम्बन्धी धारणाको प्रसँग पालि साहित्यमा कतै नभेटिएको जिकिर गर्दछन् ।



https://dhamma.digital

**मिलिन्द प्रश्नमा अनात्म**

कथावत्थुको २०० वर्षपछि प्रादुर्भाव ग्रन्थ मिलिन्द प्रश्नमा आत्मा शब्दको सट्टा पुद्गल, जीव वा वेदगु शब्द प्रयोग गरी ती वस्तु वास्तविक रूपमा नभएको स्पष्ट पारेको छ । नागसेन भनेको के हो ? भन्ने प्रश्नको उत्तरमा जसरी रथका विभिन्न अवयवहरू छुट्याउँदा रथको अस्तित्व हुँदैन त्यस्तै पञ्चस्कन्धलाई छुट्याएमा नागसेन भन्ने पुदगल प्रज्ञप्त मात्र भएको, परमार्थ हिसाबले हुँदैन भनेर पुद्गल नैरात्मको कुरा गर्नुभएको थियो ।

मिलिन्द राजाले छ åारबाट जुन अनुभव गरिन्छ त्यो आत्माåारा सम्भव गरेको हो भन्ने तर्क गरेकोमा यदि त्यसो हो भने आँखाबाट देख्नमात्र होइन सुन्न, चाख्न आदि पनि गर्न सकिने हुनुपर्दछ भन्ने जवाफ दिनु हुँदै शरीरभित्र आत्मा वा जीवको कुनै अस्तित्व नभएको कुरा स्पष्ट गर्नुभएको थियो ।

**अट्ठकथामा अनात्म**

अट्ठकथामा पनि आत्माकोबारेमा स्पष्ट खण्डन गरेको छ । स्कन्धको अधिपति भएर आत्माले काम गर्ने, शरीरले आत्माको निर्देशन अनुसार काम गर्ने कुरालाई अस्वीकार गरिएको छ । ख्यातिप्राप्त अर्थकथा विशुद्धिमग्गमा सम्पूर्ण भव, सम्पूर्ण योनि, गति, विज्ञान आदिहरू कार्यकारणको नियम अनुसार चल्ने विषय हो, ब्रम्हा आदि कर्ताको आधारमा चल्ने होइन भन्ने कुरा गर्नुभएको छ । अनात्मवादको सम्बन्धमा विशुद्धिमग्ग ग्रन्थमा दुःखमात्र छ, दुःखलाई अनुभव गर्ने कोही छैन, निर्वाण मात्र छ निर्वाण पुग्ने पुरुष छैन, मार्ग छ, त्यहाँ पुग्ने पुरुष छैन भनेर उल्लेख गरेको छ ।

**बुद्धपछिका अठार निकायका दृष्टिमा आत्मवाद**

बुद्धको परिनिर्वाणपछि विकास भएको अठार निकायहरूमा पनि अरु कुराहरूमा केहि फरक भएता पनि अनात्मको सवालमा एक छ । आत्मवादलाई सबैले अस्वीकार गर्दछ । पुद्गलवादीहरूले समेत उनीहरूले

आफ्नो वाद अनात्म भनेर स्वीकार गर्दछ । माध्यमिकवादीहरूले त अनात्मको कुरा थेरवादीहरूले भन्दा पनि अझ बढी जोड दिन्छन् । उनीहरूको हिसाबले पञ्चस्कन्ध पनि सुन्य हो यसको कुनै स्वतन्त्र अस्तित्व नभएको र चार परमार्थ भनेर जुन चित्त, चेतसिक रूप र निर्वाण भनेर लिइएको छ त्यो समेत प्रज्ञप्तमात्र भएको कुरा भन्छन् ।

**शुन्यतावादमा आत्म सम्बन्धी धारणाको खण्डन हुने किसिमले यसरी उल्लेख गरेको छ :**

यो शुन्य संसारमा रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान छैनन् । नाम व्यवहार छैन, पञ्चआरम्मण छैन, विद्या अविद्या निरोध र उपशमन छैनन्, जरामरण र चतुसत्य निर्वाण धर्म छैन । सबै सत्व प्राणीहरूलाई निर्वाणमा पदार्पण गर्नु सम्यक् सम्बुद्धको उद्देश्य भएता पनि वास्तवमा कुनै पनि सत्वलाई मैले पार गरेको भन्न सकिने अवस्था छैन ।

ईस्वी १५० तिरका नागार्जुन र वसुबन्धुहरूले महायानको शुरुवाट गर्नुभयो । उहाँहरूले पूर्णरूपमा आत्मवादलाई विरोध गरेको छ । वसुवन्धुले पुदगलवादीहरूको दर्शनलाई समेत खण्डन गरेको छ ।

चीन, कोरिया, जापान आदि सबै महायानी देशमा भएका सबैका सबै निकायले आत्मवादलाई अस्वीकार गरेको छ । प्रा. सुजुकीबाट बुद्धवादमा विज्ञान धातुबाट नित्य, ध्रुव र असंस्कृत धातु उत्पन्न नहुने र कुनै पनि आत्मा को अस्तित्व नभएको र भयभरका संस्कार धर्महरू कर्मनियाम अनुसार कारण धर्मको कारणले उत्पन्न हुने कुराको जिकिर गर्दछ ।

यसरी अनात्मवाद विश्वका सबै बौद्धहरूले विश्वास र स्वीकार गरेको वाद हो । प्रतीत्य समुत्पादको चित्र बनाएर यो संसार अनात्म छ भन्ने सिद्ध गर्ने कोशिस विभिन्न देशमा गरेको छ । चीन, तिब्बत, र भारतको अजन्तामा चित्रको माध्यमवाट प्रतीत्य समुत्पादको विश्लेषण देखाएको छ ।



https://dhamma.digital

### बुद्ध प्रादुर्भाव हुनुअघि नै अनात्मवादको अस्तित्व हुन सक्ने

यस सम्बन्धमा स्पष्ट गर्दै लेखकले बुद्धले तत्कालीन समाज स्वतन्त्र चिन्तन प्रति अभ्यासरत व्यक्तिहरू भएको समाज भएको र ब्राम्हणहरूको आत्मवादलाई प्रतिपक्ष हुने किसिमले बुद्ध अगावै त्यस्तो धारणा भएको कारणले बुद्धले आफ्नो दक्षतालाई प्रयोग गरी अनात्मवादलाई धर्मदेशना गर्नुभएको कुरा स्पष्ट गरेको छ । स्वयं उपनिषद जस्तो आत्मालाई वकालत गर्ने ग्रन्थको एक कुनामा रहेको कथकोपनिषदमा समेतमा आत्मवादको प्रतिपक्ष रहेको कुरा प्राध्यापक Jaconi ले गर्नुभएको छ। मरुभूमीमा वर्षिने पानी निरर्थक भए जस्तै आत्मवाद निरर्थक रहेको कुरा उल्लेख छ। भगवान बुद्ध अगाडि पनि धेरै बुद्धहरूले अनात्मका कुराहरू सिकाइ सकेको परिप्रेक्ष्यमा पनि कुनै न कुनै रूपमा अनात्मवादको अस्तित्व रहेको हुनुपर्ने जिकिर लेखकले गरेको छ। *तर बुद्धको प्रादुर्भाव हुनको लागि अगाडिका बुद्धहरूको सम्पूर्ण धर्म लोप हुने भन्ने पिटक साहित्यको भनाई भएकोले बुद्धको अनात्मवाद अगाडि नै थियो भन्न नमिल्ने र त्यति बेला विद्यमान अनात्मको अर्थ अर्कै हुन सक्ने अनुमान गर्न सकिन्छ।*

तर संसारका विभिन्न वादहरू केहि प्रभावशाली व्यक्तिहरूले निकाल्नुभन्दा अघि नै त्यसको बारेमा केहि विचार अगडी नै भएको उदाहरणहरू रहेको छ। डार्विन को इभोल्युसन सिद्धान्त पनि उहाँभन्दा अघि नै मानिसहरूले केहि मात्रामा बुझेको उल्लेख छ। मार्टिन लुथरले रोमका पोपहरूलाई गरेको विरोध भन्दा अगाडि पनि क्रिस्टियनहरूको विरोधको कुरा उठिसकेको प्रसंग अनुरूप बुद्धले अनात्मवादको खुलस्त कुरा गरेको भएता पनि केहि न केहि रूपमा अनात्मवादको वकालत गर्नेहरू पनि रहेको थियो भन्न सकिन्छ । बुद्धभन्दा अगाडी आफ्नै तवरले विचार गरिरहेको अनात्मवादको कुरा बुद्धले देशना गर्नासाथ स्वीकार गर्न सजिलो भएको हुन सक्ने सम्भावना थियो ।



https://dhamma.digital

**क्रिस्टियनहरूले पनि अनात्मवाद बुद्धको वाद हुन नसक्ने कुरा गर्दछ ।**

क्रिस्टियनहरू आत्मवादलाई मान्नेहरू भएकोले यूरोपेली प्रज्ञाविदहरू बुद्धका शिक्षालाई श्रद्धा राखेर स्वीकार गर्दागर्दै पनि अनात्मवाद बुद्धको वाद हुन नसक्ने कुरा गर्दछ । यहि कुरा Mrs Rhys davids मा लागु हुन्छ । बुद्धकोवाद अनात्मवाद भएमा त्यो कुनै आशा भरोसा लिन नसक्ने वादको रूपमा भएको हुने र मानिसहरूले स्वीकार गर्न नसक्ने वाद हुन्छ । आत्मा छैन भन्नु सानो बच्चालाई समुद्रमा फाली सहयोग नगरी उ आफै घाटतिर पौडी खेलेर फर्काउनु जस्तो हुन्छ भन्ने तर्क उहाँले अघि सारेको थियो । कोही धर्म गर्छ भने उसले आफुभन्दा शक्तिशाली अरु छ भन्ने कामना गर्दछ नै भन्ने उहाँको जोड थियो । अत्ताहि अत्तनो नाथो भन्ने, अत्त शरण अन्योन्य शरण भन्ने कुरा उहाँको विचारमा हुन नसक्ने मनसाय थियो ।

यसरी अनात्मवाद सबैले सहज रूपमा स्वीकार गर्न नसक्ने वादको रूपमा तर्क गर्ने Mrs Rhys davids ले बुद्धवाद प्रति अश्रद्धा व्यक्त गरेको नभई आफुमा धेरै अगाडिदेखि रहेको आत्मवादको कारण भएको स्पष्ट छ । नत्र बज्जिपुत्तक बाहेक अरु सबै निकायले सर्वसम्मत रूपमा स्वीकारेको वाद जसबाट मानिसहरूको उन्नति र अभिवृद्धि भइरहेको प्रमाणित तथ्यहरू हुँदाहुँदै पनि उहाँले आत्मवाद हुनुपर्छ भनी मेरो गोरुको बाह्रैतका भन्नुभयो । यसको कारण उहाँमा धेरै अगाडिदेपखि भएको आत्मवादको छाप नै हो भन्न सकिन्छ । *शायद अनात्मलाई साक्षात्कार गर्ने साधना ध्यानको अभावले पनि त्यसो भएको हुन सक्दछ ।*



https://dhamma.digital

## ग) आत्म अनात्म समस्या

अनात्म बुद्धवादको प्रमुख विषय भएता पनि १८ निकाय मध्येका पुद्‌गलवादीहरूले अनात्म सम्बन्धमा अलिकति फरक तवरले आफ्नो धारणा अघि सारेको थियो। बज्जीपुत्तक र सम्मितियहरूको वादको रूपमा रहेको पुदगलवादले उपनिषदमा आएको आत्मवादलाई अस्वीकारका साथै थेरवादमा उल्लेख भए बमोजिमको अनात्मवादलाई पनि पूर्णरूपमा स्वीकार गर्दैन। यस वादलाई मोग्गलिपुत्त तिस्सले कथावत्थुमा विभिन्न तर्क सहित खण्डन गरेको थियो । यसका साथै धर्मपाल, नागार्जुन, बसुबन्धु आदिले पनि उनीहरूको त्यसबादलाई प्रतिकार गरेका थिए । पुदगलवाद विस्तारै लोप हुँदै गएता पनि हाल आएर सबै बुद्धवादीहरूले एकमतले अनात्मवादलाई स्वीकार गरेको भन्न मिल्दैन ।

वर्तमान अवस्थामा केहि पश्चिमेलीहरू जसले बुद्धवादलाई विशेष रूपले अध्ययन गरेको दावी गरेकाहरूले समेत अनात्मवाद वास्तविक बुद्धवाद नभएको जस्तो गरी लेख्ने गर्दछ। तिनीहरूले किन त्यसरी प्रस्तुत भएको भन्ने बारेमा विचार विमर्श हुनु जरुरी छ। यसमा अग्रणी रूपमा Mrs. Rhys Davids मुख्य हुन् । उनको विचारमा अनात्मवाद पिटकाचार्यहरूको मात्र वाद भएको र वास्तविक बुद्धवाद नभएको जिकिर गर्दछ।

उनको भनाइ अनुसार बुद्धले उपनिषद् ग्रन्थमा वर्णन गरेको अजर, अमर, अपरिवर्तशील आत्मा भन्दा अलिकति मात्र फरक भएको कुरा अघिसारेको छ । उपनिषदको आत्मा परिवर्तन नभई स्थावर झैं रहने भएकोले त्यसको उन्नतिको लागि केहि प्रयास गर्नु आवश्यक हुँदैन तर बुद्धले अनुशय बीज रहेको र उन्नति, वृद्धि गर्न सकिने आत्मालाई स्वीकार गरेको कुरा व्यक्त गरेका छन्। यसरी ब्राम्हणहरूको आत्मवादलाई बुद्धले आलिकति परिवर्तन गरी स्वीकारेको र त्यसरी स्वीकारेको कारणले पनि बुद्धवाद प्रचार प्रसार भएको अन्यथा प्रचार हुन गाह्रो हुने कुरा उल्लेख गरेको छ।



https://dhamma.digital

बुद्धको परिनिर्वाणपछि बुद्धधर्ममा प्रकृति र पुरुषलाई छुट्टाछुट्टै हो भन्ने विश्लेषण गर्ने सांख्यवादको प्रवेश भएर बुद्धवादीहरू नाम र रूप धर्ममा मात्र केन्द्रित रही पिटकाचार्यहरूले आफ्नो अनुकूल आत्मालाई तिरस्कार गरेको भन्ने कुरा उल्लेख गरेको छ। यसरी बुद्धवाद अनात्मवाद भएता पनि पूर्णरूपमा अनात्मवाद नभएको तर्क उनीहरू गर्छन् जुन बुद्धधर्मलाई गहिरिएर अध्ययन गर्नेहरूको लागि आधार विहिन र युक्तिविहिन देखिन्छ।

**आत्मा सुन्य स्वभावलाइं देख्ने गरी भाविता गर्नु पर्छ**

भगवान बुद्धले सुत्तनिपातको पारायण वर्गमा आत्मा सुन्य स्वभावलाई देख्ने गरी भाविता गर्नु पर्छ भन्नु भएको छ । यसबाट आत्मालाई बुद्धले अस्वीकार गरेको स्पष्ट छ। त्यस्तै सब्बे धम्मा अनत्ता ति भनेर सबै धर्म अनात्म हो भन्नुको अर्थ संस्कृत र असंस्कृत सबै विषय अनात्म हो भन्ने अभिप्राय हो । संस्कार भनेको हेतु प्रत्ययबाट निर्मित वस्तु हो भने असंस्कार भने पछि हेतु प्रत्यय विना उत्पन्न हुने विषय भन्ने अभिप्राय हो जसमा आकास, निर्वाण पर्दछ । यसले पञ्चस्कन्ध र पञ्चस्कन्धको अन्य स्थलमा पनि आत्मशून्य भनेको हो ।

अनात्मको विषयमा पालि साहित्यमा पञ्चस्कन्ध आत्मा होइन ,पञ्चस्कन्धमा पुद्गल सत्वलाई परमार्थ हिसाबले पाउँदैन र फलानोले अनुभव गर्छ, स्पर्श गर्छ भनी उपदेश गर्नुभन्दा प्रतीत्य समुत्पाद धर्मलाई उपदेश गर्छु भन्ने तथागतको वचन भएको कारणले पञ्चस्कन्ध बाहिर आत्मा छ कि भन्ने धारणा आत्मवादीहरूले राख्ने गरेको छ ।

कथावत्थुका आचार्य र नागसेन भन्तेले परमार्थ हिसाबले पुद्गल सत्व आत्मा अनुपलव्ध भनेर मात्र भनेको र बजीरा भिक्षुणीको पञ्चस्कन्ध आत्मा होईन भन्ने कुरा उहाँहरूले उद्धृत गरेको छ । तर आत्मवादीहरूले बजीरा स्थविरा आयुष्मान सारिपुत्र जस्तै ख्याति प्राप्त भिक्षुणी नभएको कुरा उठाउँछन् र उसको कुरालाई कतिको अधिकारिक मान्ने भन्ने प्रश्न तेर्साउँछन् ।



https://dhamma.digital

यो अवश्य हो कि पुद्गल सत्व आत्मा होइन भन्ने धारणा थेरवादमा बुद्धघोषाचार्य, महायानमा नागार्जुन आदिले अट्ठकथा मार्फत प्रकट रूपमा देखापरेको कारणले पञ्चस्कन्ध आत्मा होइन भन्ने कुरालाई आधार बनाई परमार्थ हिसाबले पुद्गल आत्मा छैन भनी ठोकुवा गर्नु उचित छ वा छैन भन्ने प्रश्न छ । Mrs Rhys davids ले खन्ध भन्ने कुरा पछिमात्र पिटकमा घुसेको विश्लेषण गर्नुभएको छ । उहाँमा यो धारणा बुद्धवाद प्रतिको धारणा परिवर्तन पछि मात्र उत्पन्न भएको थियो ।

यसरी Mrs Rhys davids ले आत्मा छैन भन्ने कुरामा शंका गरेता पनि अर्को पश्चिमेली विद्वान Dr Thomas ले भगवान बुद्धले आत्मा नभएको कुरा सुनिश्चित रूपमा नभनेतापनि नामरूप धर्म विषय सम्बन्धी पिटकमा आएका कुराहरूलाई आधार मान्दा आत्मा छैन भन्ने धारणा राख्न सकिने कुरा गर्नु भएको छ । सबै बौद्ध निकायले यस कुरालाई आम सहमति जनाउँछन् ।

**बुद्धलाई विरोध गर्नुको कारण नै अनात्मवाद हो**

सबै बुद्धवादीहरूले अनात्मलाई आत्मसात गरेपनि वज्जीपुत्तकहरूले पञ्चस्कधभन्दा केही फरक पुद्गलको अस्तित्वलाई स्वीकार गरेका थियो । त्यसमा अन्य निकायहरूको आपत्ति थियो । तर तिनिहरूले पृथक पुद्गललाई स्वीकारेको मतलव बुद्धको अनात्मवादलाई अस्वीकार गरेको होइन भन्ने स्पष्टिकरण दिएको थियो ।

वर्तमान युगका राधाकृष्णन र कुमार स्वामीले पनि बुद्धले आत्मालाई अस्वीकार नगरेको तर्क गर्दथ्यो । कुरा नबुझेको कारणले बुद्धलाई अनात्मवादी भनेको भन्ने उनीहरूले जिकिर गर्दथे । तर यसको जवाफमा समकालीन बौद्ध विद्वान विशेष गरी राहुल साँकृत्यायनले तथ्य परक ढंगले टिप्पणी सहित उनीहरूको कुरा अस्वीकार गरेको थियो । राधाकृष्णन तथा कुमार स्वामीको कुरालाई मान्ने हो भने उनीहरूभन्दा अगाडिका वैदिकहरू जसले बुद्धको अनात्मवादलाई तिरस्कार गर्थे उनीहरू मूर्ख साबित हुन्थ्यो ।



https://dhamma.digital

बुद्धको समयमा बुद्धका विरोधी हुनेहरू विशेष गरी ब्राम्हण समुदाय र जैन समुदाय थिए। मागन्दिय ब्राम्हणले भगवान् बुद्ध उन्नति र वृद्धिलाई नाश गर्ने व्यक्ति भनी दोषारोपन गरेको थियो। निगण्ठनाटपुत्तले बुद्धलाई अकिरियवादी भन्ने आरोप लगाएको छ। उनीहरूको विरोधको मूल कारण अनात्म नै थियो भन्ने स्पष्ट छ। यदि उपनिषदको आत्मालाई बुद्धले केही टालटुल गरेर स्वीकार गरेको भए ब्राम्हणहरूले विरोध गर्नुपर्ने कारण हुने थिएन र उनीहरू रूपान्तर भएर बुद्धको शरणमा आउनुको औचित्य थिएन। तर बुद्धको वाद आत्मालाई तिलाञ्जली दिने वाद भएकोले विभिन्न ठाउँमा बुद्धलाई निषेध गरिएको व्यहोरा पालि साहित्यमा अन्तर्निहित छ। बुद्धले यदि आत्मवाद अनुकुल धर्मदेशना गर्नुभएको भए बुद्धलाई कठिनाईको सामना गर्नु पर्ने पनि थिएन। निन्दा र दोषारोपन सामना गर्नु पर्ने थिएन।

बुद्धले बुद्धत्व प्राप्ति हुनासाथ यस धर्म गम्भीर छ र बुझ्न गाह्रो हुन्छ भनेर केहि समय मौन बस्ने विचार लिनुभएको कारण पनि आत्मवादीहरूको समाजमा अनात्म धर्मलाई बुझाउन कठिन हुने कारणले यसरी विचार गर्नुभएको अनुमान गर्न सकिन्छ। यसकारण बुद्धले अनात्मको कुरा पहिलो धर्मचक्रप्रवर्तन सुत्रमा उल्लेख नगरी अलिकति बुझेपछि दोस्रो सुत्र अनात्म लक्षण सुत्रमा देशना गर्नुभएको थियो।

बुद्धवादले यदि आत्मवादलाई मान्यता दिएको भए बुद्धले यसबारेमा किन आफ्नो उपदेशमा यस कुरालाई समावेश गरेन भन्ने प्रश्नको उत्तरमा Mrs Rhys davids ले त्यस बेला आत्मवादको कुरा सबैले प्रचार गरिरहेको विषय भएकोले आवश्यक नपरेर उपदेश नदिएको भन्ने तर्क दिनुभएको छ। तर भव संसार र कर्म नियामको कुरा बुद्धकालभन्दा अगाडि प्रचलित भएता पनि यसबारेमा बुद्धले बारंबार उपदेश दिनुभएको छ। यस हिसाबले उहाँको तर्क ठीक नभएको स्वतः प्रमाणित हुन्छ।

**अत्त शब्दको प्रयोगको कारणले बुद्ध आत्मवाद भएको प्रचार**

भद्रवर्गीय राजकुमारहरू बनभोज जाँदा एकजनाले गणिकालाई



https://dhamma.digital

साथ ल्याएको थियो । गणिकाले सबै आभुषणहरू चोरेर लगेको र त्यस गणिकाको खोजी गरिरहँदा बुद्ध भेटेर उनीहरूले भगवान तपाइले कोही महिलालाई देख्नुभएको छ ? भनेर सोध्दा, महिलालाई खोज्नु र आफुलाई खोज्नुमा कुन उपयुक्त भनेर प्रतिप्रश्न गर्नुभयो । सबैले (अत्त)आफुलाई खोज्नु नै उत्तम छ भनेर जवाफ दिएको थियो । त्यस्तै अत्ताहि अत्तनो नाथो आदि धम्मपदका अत्तवर्गका विभिन्न गाथाहरूलाई आधार मानेर बुद्धलाई आत्मवादी हुन भन्ने तर्क गर्ने गर्छन् । त्यस्तै भार बिसाउने वा तृष्णालाई बिसाउने भन्ने उपदेशमा भारवाहक, भार ग्राहक भार बिसाउने भन्ने अर्थ क्रमशः व्यक्ति, तृष्णा र निर्वाणलाई लिनुभएको थियो । यसैलाई आधार मानी पुद्गलवादीहरूले आफ्नो वादको आधार मान्दछन् ।

Mrs Rhys davids ले त्यस बेला व्यावहारिक शब्दको अभाव भएकोले बुद्धले आत्मवाद बारेमा देशना गर्नु नभएको तर्क राखेका थिए । तर उपनिषदका आचार्यहरूले विभिन्न शब्दहरू प्रयोग गरेर आत्मवादको पक्षमा प्रचार गरिसकेको अवस्थामा बुद्धले उपयुक्त शब्द पाउनुभएन भन्नु उपयुक्त नहुने तर्क विज्ञहरू गर्छन् । बुद्धले विभिन्न व्यावहारिक शब्दहरू प्रयोग गर्दा ती शब्दहरू उपनिषदमा आइसकेको भएता पनि अर्थ अभिप्रायसँग मेल नखाने कुरा पालि साहित्यको गहन अध्ययनबाट प्रस्ट हुन्छ । यसलाई बेवास्ता गरेर Mrs Rhys davids ले अत्त, ब्रम्ह शब्द बुद्धले प्रयोग गरेको कारण बुद्ध आत्मवादी भन्नु कुनै पनि प्रकारले तर्कपूर्ण छैन ।

**सम्मुति र परमार्थ सत्य**

बुद्धले व्यवहारिक रूपमा प्रयोग हुने किसिमले आत्मवादका केहि कुरा गरेता पनि त्यो लोक व्यवहार वा सम्मुति सत्यको रूपमा लिन सकिन्छ । सूर्यलाई पृथ्वीले घुमेता पनि सूर्यले परिक्रमा गरेको जस्तो मानिसहरूलाई भान हुन्छ र सूर्यको मार्ग वा गमन पथको कुरा गरिरहेका हुन्छन् । भगवान बुद्धले देवदूत सुत्तमा पुद्गल सत्व प्रकट भएजस्तै तिमीले नै दुष्कर्म गरेको र तिमीले नै त्यसको भोग गर्नु पर्दछ भन्ने



https://dhamma.digital

कुरा लोकव्यवहारको रूपमा भन्नुभएको हो । तर Mrs Rhys davids ले यसै सूत्रको आधार लिएर बुद्धले आत्मालाई स्वीकार्नु हुन्छ भन्ने तर्क दिएको थियो । साधारणत अरहन्तहरूले म, मलाई भन्ने शब्द प्रयोग गर्नुपर्ने बाध्यता हुन्छ लोक व्यवहारको लागि तर त्यो परमार्थ रूपले नभइकन प्रज्ञप्तमात्र हुन भनेर जान्नु पर्दछ ।

आयुष्मान नागसेनले परमार्थ हिसाबले प्रकट भएको पुदगल अनुपलब्ध छ भन्दा मिलिन्द राजाले त्यसो भए कुशल अकुशलकर्म नहुने भयो, कुशल अकुशल कर्म गर्ने नहुने भयो र त्यसको परिणाम पनि नहुने भयो भनेर प्रतिक्रिया व्यक्त गरे । यसरी मिथ्याधारणा विकास हुन्छ भनेर नै बुद्धले सीधै पुद्गल सत्व छैन भनी सोभै उपदेश गर्नु नभएको थियो । वच्छगोत्त परिव्राजकले आत्मा छ के ? भन्ने प्रश्नमा बुद्ध मौन बस्नुभएको र त्यो गइसकेपछि उसलाई छ भन्दा सास्वतवादी भइने र छैन भन्दा उसलाई चित्त नबुझ्ने भएको कारणले जवाफ नदिएको आनन्दलाई बताउनु भएको थियो ।

एउटा ब्राम्हणलाई उपदेश दिने क्रममा बुद्धले सबै छ भन्दा एक अन्त हुने, सबै छैन भन्दा अर्को अन्त हुने सबै समान भन्दा पनि अन्त हुने र सबै फरक भन्दा पनि अन्त हुन जाने भएकोले मैले ती सबैलाई बुझाउन प्रतीत्य समुत्पादको बारेमा बुझाउन कोशिस गर्छु भन्नुभएको थियो ।

बुद्धले निदान संयुक्तमा मनुष्यहरूमा कुनै वस्तु छ वा छैन भन्ने धारणा विकास हुनमा क्रमशः संस्कार लोकको निरोधलाई देख्न नसक्ने र देख्न सक्ने कारण भएको कुरा स्पष्ट गर्नुभएको छ । संस्कार लोकको निरोध देख्नेहरूमा आत्मवादी धारणा हट्न जाने हुन्छ । बुद्धले अनात्मधर्मको बारेमा उपदेश दिनुभएको कारण मानिसहरूको दृष्टि सही भएर सत्य गवेषणकार्यमा छिट्टै प्रगति होस् भन्ने अभिप्राय थियो । अनात्मधर्मबारेमा थेरवादी अट्ठकथाहरूमाभन्दा महायान अट्ठकथाहरूमा विस्तृत रूपमा लेख्ने गरेको लेखकको भनाइ छ ।

बसुबन्धुले पुदगलवादको प्रतिकारगर्दा बुद्धले अनात्म धर्मको



https://dhamma.digital

उपदेश गर्दा विशेषरूपमा होशपुर्याउनु भएको कुरा उल्लेख गर्नुभएको छ । उहाँले उपमा दिनुहुँदै जसरी बाघले आफ्ना डमरुहरूलाई मुखले च्याप्दा नखसोस् भनेर एकातिर शतर्क हुन्छ भने उनीहरूलाई वेदना पनि नहोस् भनेर सतर्क हुन्छन् त्यस्तै शास्वतदृष्टिलाई बढावा हुन सक्छ भनेर पुद्गल र स्कन्ध भिन्नाभिनै हो भनेर पनि भन्नुभएन र नास्तिकवादीहरूलाई तिरस्कार गर्न पुद्गल सत्व छैन पनि भन्नुभएन ।

आचार्य नागार्जुनले पनि नास्तिकवाद र शास्वतवादलाई तिरस्कार गर्न कहिलेकाँहि आत्मवादसित मिल्दो किसिमले र कहिलेकाँहि अनात्मवाद जस्तो अभिप्रायको कुरा गर्नुभएको तर बुद्ध वास्तवमा अनात्मवादी नै भएको जिकिर गर्नुभएको थियो । अनात्मवाद बुझ्न गाह्रो भएको र प्रज्ञा नभएकाहरूले यसलाई नास्तिकवादसँग सामिप्यता राखी बुझ्न सक्ने कुरा बताउनुभएको थियो ।

पालि साहित्यमा उल्लेख भएको अत्तदीपा भिक्खवे विहरथ अत्तसरणा, अत्तानं गवेसेय्याय आदि अत्त उपसर्ग भएका शब्दहरूले आत्मवादलाई इंगित गरे जस्तो भएता पनि यो आफुप्रतिको उपादान जगाउने कार्यबाट टाढा भएको रूपमा लिनु पर्दछ ।

**बौद्ध साहित्यमा अनात्मलाई पुस्टि गर्ने विचारहरू**

अंगुत्तरनिकाय एकनिपात दुतिय पभस्सर सुत्तमा बुद्धले चित्त स्वभावैले प्रभाश्वर हुने तर आगन्तुक अतिथिको रूपमा रहेका उपक्लेशका कारण यो दुषितहुने कुरा बताउनुहुन्छ । चित्तले लोकलाई धारण गर्दछ र सम्पूर्ण धर्महरू चित्तको वशमा पछि लाग्ने कुरा बताउनुभएको छ । सगाथावग्ग संयुत्त चित्त सुत्तमा चित्तले लोकलाई धारण गर्छ र आकर्षित गर्छ । सम्पूर्ण धर्महरू चित्त भन्ने धर्मको वशमा पछि लाग्छन् भन्ने उल्लेख छ ।

अनाथपिण्डिकलाई मरणान्त अवस्थामा सारिपुत्र भन्तेले ममा यस मुनष्य लोक र अन्य लोकप्रति आस्रित विज्ञान उत्पन्न नगरी तृष्णा मान र दृष्टिáारा आशक्त नहुने तवरले आचरण गर्नु पर्दछ भन्ने उपदेश



https://dhamma.digital

दिनुभएको थियो ।

ठुलो किल्लामा दुईजना पाले सहित छवटा åार र राजा रहेको र दुईजना राजदुत आई आवश्यक काम व्यवहार गरी फर्केर गएको प्रसंगसित जोड्दै किल्ला भनेको चार महाभूतहरू सहितको स्कन्ध शरीर, छवटा ढोका भनेको छवटा आध्यात्मिक आयतन, ढोका पाले स्मृति चेतसिक र दुईजना राजदूतहरू भनेको शमथ र विपश्यना कर्मस्थान भएको कुरा सलायतन संयुत्तमा उल्लेख गरेको छ। महातण्हासंखयसुत्तमा नाम र रूपमध्ये चित्त विज्ञान प्रधान र प्रमुख भएता पनि यो नित्य, ध्रुव असंस्कृत धातु होइन भन्ने उल्लेख गरेको छ ।

तर पनि केही विåानहरू चित्त विज्ञान नामरूप धर्मलाई प्रशासन गर्ने मालिक भन्दै नित्य ध्रुव र असंस्कृत धातुको रूपमा लिने गरेका छन् । एकजना बुद्धवादी विपश्यनाचार्यले विज्ञान यथार्थ र परमार्थ हो यो दुई प्रकारका छन्, संसार प्रतीत्य समुत्पादभित्र पर्दैन, विज्ञान कारण वा प्रत्यय रहित छ । विज्ञानलाई स्कन्ध आयतन धातु समुहमा राख्नु हुँदैन भन्ने धारणा आफ्नो एक ग्रन्थमा उल्लेख गरेको छ ।

**तथागतगर्भ र आलयविज्ञानको कुरा**

महायानीहरूको ग्रन्थमा पनि यस्ता सुत्तन्त देशना गरिएको छ जसले आत्मवादसित समिश्रण गरी मिथ्या धारणा विकास गर्न सक्ने सम्भावना रहन्छ । विशेष गरी योगाचारहरूले आलय विज्ञान र बोधिज्ञान विजधातु सबै प्राणीहरूमा हुन्छ भनेर तथागत गर्भको कुरा अघि सारेको छ । तथागतगर्भ नित्य, ध्रुब, असंस्कृत धातुभन्दा फरक हो र आत्मासित फरक हो भनेर स्पष्ट पार्दै यस्ता उपदेश दिनुको उद्देश्य आत्मावादीहरूलाई सही बाटो देखाउनको लागि हो भन्ने कुरा ग्रन्थमा उल्लेख गरेको छ। हुन त उनीहरूले यसलाई ब्राम्हण ग्रन्थको आत्मासित फरक हो भन्ने जिकिर गर्दछ । तर पनि यसलाई नित्य आत्मवादको रूपमा बुझ्ने गलत अभ्यास हुन सक्दछ ।

विभिन्न ब्राम्हणहरूसँगको संवादमा बुद्धले अनात्मको विषयलाई



https://dhamma.digital

उठान गरिएको नभएको कारणले Mrs Rhys davids ले बुद्धले आत्मवादलाई प्रतिक्षेप नभएको तर्क राखेको थियो । तर ब्राम्हणहरू सामान्यत आत्मवादप्रति बढी उपादान हुने र उनीहरूको परिपक्व र अपरिपक्वता आदि हेरेर मात्र धर्मदेशना गर्ने भएकोले उनीहरूले राम्ररी नबुझ्ने कारणले उपदेश नदिएको पनि हुन सक्दछ । तर यसरी भन्दा भगवान् बुद्धको क्रान्तिकारीताप्रति प्रश्न उठ्नेकुरा Mrs Rhys davids ले गर्दछ । उहाँको भनाइ अनुसार Darwin, Martin luther समेत बहुजनको विश्वासलाई हटाउन आआफ्नो धारणा निर्भिक रूपमा राखेको छ भने भगवान बुद्ध जस्तो विश्व आजानेय्य व्यक्तिले आफुले जाने बुझेको आत्मवादलाई प्रकाश गर्न किन क्रान्ति नगरेको भन्ने गम्भीर प्रश्न तेर्सिनु स्वाभाविक हुन्छ ।

## घ) पिटकमा आएको भवसंसार

**भवसंसार सम्बन्धी कुरा प्रष्टगर्ने काम बुद्धले नै गर्नुभएको हो**

पुराना भारतीयवाद र सिद्धान्तहरू शुरुदेखि नै भवसंसारप्रति विश्वास राख्ने भएता पनि बुद्धको प्रादुर्भावपछि मात्र भवसंसार सम्बन्धी कुरा प्रष्टिन पुगेको हो । प्राचीन वेद, उपनिषद , ब्राम्हण ग्रन्थहरूमा भवसंसारलाई त्यति स्पष्ट देखाइएको छैन जति बौद्ध ग्रन्थहरूले गरेका छन् । संयुक्त निकायमा भगवान बुद्धले भन्नुभएको छ कि संसार भित्र विचरण गर्नुपर्ने एक व्यक्तिको अस्तिपुञ्ज(हाडहरू) यदि अविनाशी भएर रहेमा त्यसको थुप्रो वैपुल्यपर्वत तुल्य हुन्छ भन्नुको पछाडि भवसंसारकोबारेमा बुद्धको गहिरो विचार प्रष्टिन्छ । भवसंसारलाई मानेतापनि बुद्धले आत्मालाई नमान्नुले पिटकमा भवसंसारको कुरा पछि थपिन गएको भनेर शंसय गर्नेहरू पनि छन् । कसै कसैले नाम र रूपको प्रवाहलाई नै भगवान बुद्धले भवसंसार नामाकरण गरेको हुन सक्ने कुरा अन्दाज गर्दछन् । तर अलि अलि त्रिपिटक अध्ययन गरिसकेपछि यो मात्र होइन भन्ने प्रष्ट हुन्छन् ।



https://dhamma.digital

### स्टेचरबात्स्की (Stcherbatzky) को तर्क

रसियन बौद्ध ग्रन्थकार आचार्य स्टेचरबात्स्कीले भनेको यो कुरा पनि ठोसपूर्ण छैन कि भगवान बुद्धले भवसंसार विषय अपरिपक्व प्रज्ञाज्ञान भएकाहरूलाई मात्र बताएको र परिपक्व प्रज्ञाज्ञान भएकाहरूलाई अर्कै किसिमले उपदेश गर्नुभएको छ । पश्चिमी विåनहरूले भवसंसारवाद अनात्मवादसित प्रतिपक्ष छ र बुद्धकालमा निगण्ठनाथपुत्तले बुद्धलाई भवसंसारलाई नमान्ने भएको कारणले अकिरियावादि भनेर आरोप लगाएको कुरा दोर्‍याउंछन् । तर भवसंसारको कुरा पालि साहित्यमा प्रचुर मात्रामा पाइन्छ । पायासि राजाले भवसंसारको कुरालाई तिरस्कार गर्दा कुमार काश्यप भन्तेले उहाँलाई विभिन्न तर्कåारा निराकरण गर्नुभएको थियो । पिटकमा बोधिसत्वको ५५० जन्मको कुरालाई अघिसारेको छ जसबाट बुद्ध भवसंसारवादी भएको कुरा प्रष्टिन्छ ।

### तृष्णा उपादानको कारणले भवसंसार निर्माण हुने

तर बुद्धको भवसंसार भारतीय धार्मिकवादहरूको भवसंसारसित भिन्न छ । आत्माले पुनर्जन्म लिने कुरा उपनिषदमा गरेको छ । जसरी कुनै व्यक्तिले पुरानो लुगा फेरेको हुन्छ त्यस्तै आत्माले नयाँ शरीर ग्रहण गर्दछ भनेर गीतामा उल्लेख गरेको छ । यसरी नित्य र ध्रुव आत्माको कुरा उनीहरूले गर्दछन् । त्यस्तै कर्मशक्तिको कारणले भवसंसारको विचरण गर्नुपर्छ भनेर जैनहरूले भन्ने गरिन्छ । यी कुरालाई अस्विकार गर्दै भगवान बुद्धले तृष्णा उपादानको कारणले भवसंसार निर्माण हुने कुरा गर्नुहुन्छ ।

आत्मा नमान्ने बुद्धको सिद्धान्तले विज्ञान पुरानो जन्मबाट नयाँ जन्मतिर संसरण (जस्ताको तस्तै) हुने कुरालाई पनि समर्थन गर्दैन । जीवन प्रभाव चित्तको सन्ततिको कारणले हुने चीज हो भनेर प्रस्ट्याउने क्रममा मैनबत्तीको उदाहरण लिन सकिन्छ । जसरी एउटा मैनबत्तिले अर्को मैनबत्तीलाई बालेमा पहिलो मैनबत्तीको ज्योति नयाँ मैनबत्तीमा सरेको नभई त्यसको सन्ततिको रूपमा मात्र लिन सकिन्छ ।



https://dhamma.digital

**मिलिन्द प्रश्नको प्रसंग**

राजा मिलिन्दले यस सम्बन्धमा कुरा राख्दा नागसेन भन्तेले पुरानो मानिसले प्रतिसन्धि ग्रहण गर्दैन भने नयाँ पनि उत्पन्न हुंदैन भन्नुभएको थियो । यसरी प्रतिसन्धि रहिरहेको व्यक्ति अतीत जन्मबाट आएको मानिस होइन र अर्को नयाँ मानिसपनि होइन भनेर बुद्ध साहित्यमा बीउ र फल, ऐना र प्रतिविम्ब, दुध र दहि, सारा रात बलिरहेको बत्ती जस्तै निरन्तर सन्तति प्रवाह मात्र हो भन्ने कुरा अगाडि सार्दछ ।

च्युति चित्त जीवनको अन्तिम चित्तको कारणले प्रतिसन्धि चित्त उत्पन्न हुन्छ । च्युति चित्त नै प्रतिसन्धि चित्त होइन र च्युति चित्त बिना प्रतिसन्धि चित्त निर्माण पनि हुँदैन । यसरी प्रतिसन्धि चित्त बन्नुमा पुरानो विज्ञान नै सरेको वा संक्रमण भएको नभई तृष्णा उपादान र कर्मशक्ति बेगको कारणले मात्र उत्पन्न भएर आएको भन्न सकिन्छ ।

**थेरवादमा अन्तराभवको अस्तित्व स्वीकार्दैन**

कसैकसैले च्युति चित्त र प्रतिसन्धि चित्त बीच अन्तराभवको अस्तित्वको कुरा राख्दछ । थेरवाद बाहेकका धेरै बौद्ध निकायमा पनि यस विचारलाई स्वीकार गरिएको छ । विशेषगरी महायान बज्रयान निकायमा मृत्युपछि अन्तराभव हुने र निश्चित समयसम्म त्यस भवमा रहने कुरा अघि सार्छन । त्यसकारण मानिस मरिसकेपछि भिक्षुहरूलाई बोलाएर मृत व्यक्तिलाई निर्देशन दिने काम समेत तिब्बती बौद्धहरूमा परम्परा छ । बार्दो भनेर उनीहरू अन्तराभवलाई महत्व दिन्छन् ।

तर कथावत्थुमा यस कुरालाई परवाद भनेर खण्डन गरेको छ र त्यो अन्तराभव भनेको ३१ भुवन को कुनै पनि भुवनसंग सम्बन्धित नभएको कुरा स्पष्ट गर्दछ । *(पेतवत्थुको अध्ययन गर्दा थेरवादको प्रेतकथा मा प्रेत भवलाई अन्तराभव भनेको भान हुन्छ । नेपालमा मृत्यु पछिको संस्कार अन्तराभव बाट प्रेरित कार्यकलापको रूपमा लिन सकिन्छ) ।*



https://dhamma.digital

## ङ) भवसंसार र विचारणीय तथ्यहरू

पुनर्जन्म छ वा छैन भन्ने कुरालाई निक्यौंल गर्नको लागि ती कुराहरू कत्तिले स्वीकार गर्छन् वा गर्दैन भनेर बढीले विश्वास गर्छन् भन्ने आधारमा यसलाई स्वीकार्ने वा नकार्ने कुरा विज्ञानसम्मत छैन । त्यस्तै विश्व प्रशिद्ध विज्ञहरूले स्वीकारेको वा अस्वीकारेको कारणले पनि यसलाई मान्ने वा नमान्ने भन्ने हुँदैन । किनभने संसारका दुई तिहाई मानिसहरू ईश्वरको सत्ता स्वीकार्छन र धेरै मानिसहरू आत्मालाई स्वीकार्छन् । तर पनि यो कुराको सम्बन्धमा पुष्टि गर्नसक्ने कुनै आधार देखापरिरहेको छैन जसले ती वस्तुहरू छन् भन्नेकुरा प्रति विश्वस्त हुन सकोस् । Plato, Pythagoras, Virgil, Victor Hugo, Walter Scott. Ibsen, Goethe, Longfellow, Milton, Teenyson, Benjamin Granklin, Napoleon, Schopenhauer, Voltaire आदि पश्चिमी विचारकहरू पुनर्जन्मलाई मान्ने जमातमा पर्दछन् भने T.H. Hearts Lee, Bertrand Russell, Somerset, Sigmund आदि विचारकहरू पुनर्जन्मलाई मान्दैनन् ।

तर कसैले मानेको वा नमानेको कारणले मात्र भवसंसारको अस्तित्वलाई मान्यता दिनु वा नदिनु बुद्धिमता होइन । भवसंसार वा पुनर्जन्मको सिद्धान्त वैज्ञानिक विधिव्दारा सिद्धगर्न नसक्ने र तर्कवितकबाट मात्र मान्नुपर्ने बाध्यता छ। एकजना अंग्रेजी बालक बुद्धको मूर्ति देख्नासाथ त्यस मूर्तिप्रति श्रद्धा उत्पन्न गरेर अरु खेलौना नरुचाएको र पछि बुद्धको अनुयायी बनेको घटनालाई भवसंसारको कारणले भएको भन्ने मान्यता दिनुपर्ने हुन्छ भनेर तर्क गर्छन् ।

**पूर्वजन्म र पुनर्जन्म**

पुर्वजन्म र पुनर्जन्म साँच्चै भए र हुने भए हामीले किन त्यसलाई सम्झन नसकेको भन्ने सम्बन्धमा स्मरणज्ञान स्कन्ध शरीरको मस्तिष्कमा स्थित रहेको  र पुरानो स्कन्ध शरीरसित छुटिट्एको अवस्थामा त्यसलाई सम्झन नसकेको हुनसक्ने कारणपनि देखाइन्छ । हामीले सानो उमेरका



https://dhamma.digital

कुराहरू त सम्झन नसक्ने हुन्छ भने अतीत जन्मको कुरा सहज रूपले सम्झन गाह्रो हुने त भई नै हाल्यो । यसरी पुनर्जन्मको सम्बन्धमा स्पष्टरूपले विज्ञानसम्मत ढंगले स्पष्ट गर्न नसकेतापनि विश्वमा अतीत जन्मलाई सम्झेको दावी गर्नेहरू धेरै समयसमयमा प्रकट भइरहेको हामी पाउँछौं ।

### हिप्नोटिज्मबाट पूर्वजन्म थाहा पाउने

चित्तविज्ञान विषयलाई अध्ययन गर्नेहरूको खोजमा मानिसहरूलाई निद्रावस्था वा हिप्नोटिज्मबाट पूर्वजन्मको कुरा अवगत गर्न सक्ने विधि पत्तालगाएको दावी गरेका छन् । १९५२ मा सिग्मोण्ड नामकी महिलालाई निद्रावस्थामा पारी अतीत जन्मलाई परीक्षण गरिएको थियो । आफू अतीत जन्ममा Bridey Murphy भन्ने महिला भएको भनेर आश्चर्यजनक रूपमा त्यसबेलाको ठाउँ आमा बाबु र कुलवंशको सम्बन्धमा उसले पूर्णरूपमा बताएको थियो । पुनर्जन्मको बारेमा भइरहेको विभिन्न अनुसन्धानलाई भौतिकवादी व्यक्तित्व Bertrand Russell जस्ताले समेत प्रकारान्तरले स्वीकारेको देखिन्छ । बर्मीहरू मरेकाहरूसँग सम्पर्क गराउने माताहरूलाई विश्वास गर्ने गर्छन् त्यस्तै पुनर्जन्म विश्वास गर्नेहरूले विभिन्न तवरले त्यसको अस्तित्वकोबारेमा कुरा गर्छन् । तर पनि अहिलेसम्म यस सम्बन्धमा सामान्यजनहरू त्यसै हो भनेर भन्न सकिरहेको छैन ।

### परलोक छ वा छैन जेसुकै भएपनि पुनर्जन्मलाई विश्वास गर्दा फाइदा हुन्छ

रूपधर्म र नामधर्मको अन्योन्याश्रितलाई विश्वास गरेर पनि पुनर्जन्मलाई नकार्नेहरू छन् । विणा र विणाको संगीतलाई विचार गरेमा विणा रूप हो भने त्यसको आवाज नाम हो । विणाको अस्तित्व नभएमा आवाजपनि नआउने भएकोले रूपको अवसानबाट नामको पनि अवसान हुनेकुरा उनीहरू गर्छन् । परलोक छ वा छैन जेसुकै भएपनि परलोकलाई विश्वास गर्नाले मानिसहरू चरित्रवान, शीलवान बन्न सक्ने सम्भावना धेरै छन् । तर यसको मतलब परलोकलाई विश्वास गर्नेहरू



https://dhamma.digital

मात्र चरित्रवान बन्नसक्छ भन्नु उपयुक्त हुँदैन। मानिसहरूमा प्रज्ञाज्ञानले समेत यसलाई प्रभाव पारिरहेको हुन्छ । परलोकको विश्वासको साथै प्रज्ञावान पनि भएमा उसको चिन्तन कुशलतिर प्रवृत्त हुने हुन्छ। यदि परलोकलाई विश्वास गरेर शीलाचरण अभिवृद्धि गर्न सकिन्छ भने परलोक प्रतिको विश्वास हानिकारक छैन।

**परलोकप्रतिको आसक्तिले राम्रो गर्दैन**

तर परलोकप्रतिको आसक्तिले फेरी अर्को समस्या ल्याउन सक्ने कुरालाई पनि बिर्सनु हुँदैन । परलोकप्रति विश्वास गर्नु निर्दोष भए पनि परलोकप्रतिको आसक्ति वा उपादानले शास्वतदृष्टि उत्पन्न भई धर्म भनेको अफिम सरह हुनसक्छ। यसले सबैकुरा पुर्वकर्म व्दारामात्र हुने भन्ने **सब्बपुब्बेकतहेतुवाद** को धारणा विकसित गराउन सक्दछ । बुद्धको शिक्षा उच्छेदवाद होइन तर पनि परलोकप्रति मात्र विचार गरेर बस्नु पनि बुद्ध सिकाउनु हुन्न । वर्तमानलाई जोडदिनु र अकालिको फल प्राप्तगर्नु बुद्धशिक्षाको उद्देश्य हुन् । यसरी वर्तमान जीवनलाई महत्व दिनुहुने भगवान बुद्धले परलोककोबारेमा कुरा सोद्धा मौन भएर बस्नुहुन्थ्यो ।

Dhamma.Digital



https://dhamma.digital

https://dhamma.digital

# परियत्ति सद्धम्म कोविद मध्यम वर्ष
## षष्ठम पत्र
## बौद्ध दर्शन र अभिधर्म

Dhamma.Digital

# एकाइ २ : बुद्धपछिका बौद्ध दर्शनहरू

लेखक : उष्णीष तारा तुलाधर



https://dhamma.digital

# एकाइ २ : बुद्धपछिका बौद्ध दर्शनहरू

## पृष्ठभूमि

भगवान् बुद्धले मानव हित र कल्याणको लागि ४५ वर्षसम्म गाउँ-गाउँ, नगर-नगर घुम्नुभई धर्म उपदेश दिनुभयो । वर्तमान जीवनमा सुखपूर्वक जिउन र मृत्युपछि पनि जन्ममरणको चक्रबाट मुक्ति प्राप्त गर्न निर्वाणको मार्ग देखाउनुभयो । बुद्धले बताउनुभएको शील, समाधि, प्रज्ञाको अभ्यासद्वारा धेरैले श्रोतापत्ति, सकृदागामी, अनागामी र अर्हत् मार्गफलद्वारा निर्वाण प्राप्त गरे । बुद्धको महापरिनिर्वाणको १०० वर्षपछि विभिन्न व्यक्तिको वैचारिक भिन्नताका कारण विनयमा चित्त नबुझ्ेकाहरूको जमात नै देखा परे । हुनत बुद्धको पालामा पनि विनय सम्बन्धी नियममा चित्त नबुझ्नेहरू नभएका होइनन् । त्यसकारण बुद्धको परिनिर्वाणको तीन महिनापछि प्रथम संगायना भएको थियो । विस्तारै भिक्षुहरूमा मतभेद बढ्दै गएका कारण वैशालीमा राजा कालाशोकको संरक्षकत्वमा ७०० प्रतिसम्भिदालाभि भिक्षुहरूको उपस्थितिमा दोश्रो संगायना सम्पन्न भयो । सिद्धान्तमा परिवर्तन चाहने भिक्षुहरूले १०,००० भिक्षुहरूका साथ आफ्नो छुट्टै संगायना गऱ्यो । यिनीहरूको ठूलो संख्या भएको कारण महासांघिक र बुद्धवचनलाई जस्तातस्तै मान्नेहरूलाई स्थविरवाद भनिन थाल्यो । फलस्वरूप भिक्षुसंघमा दुई पक्ष देखापरे ।

कालान्तरमा यी दुई विचारधाराहरूबाट सम्राट अशोकको काल (ई.पू. तेश्रो शताब्दी)सम्ममा १८ वटा निकायको विकास भयो । बौद्ध पण्डित तथा आचार्यहरूले पनि बुद्धको दर्शन र सिद्धान्त माथि सूक्ष्म विवेचना गरी व्याख्या विश्लेलण गरे । फलस्वरूप विभिन्न बौद्ध सम्प्रदायको जन्म भएको थियो । यीमध्ये बौद्ध दर्शनमा चार प्रमुख सम्प्रदायको उदय भयो । ईसाको तेश्रो शताब्दीसम्ममा वैभाषिक र सौत्रान्तिक, चौथो शताब्दीसम्ममा योगाचार (विज्ञानवाद) र माध्यमिक दर्शनको विकास भयो ।



https://dhamma.digital

## क) वैभाषिक

### परिचय

वैभाषिक निकाय वि.सं. को प्रथम शताब्दीमा प्रसिद्ध भएको पाइन्छ । यसको प्राचीन नाम सर्वास्तिवाद हो । प्राचीनकालमै यो सम्प्रदाय अस्तित्वमा आएको देखिन्छ। शंकराचार्यको 'ब्रह्मसूत्रभाष्य' र वाचस्पतिमिश्रको 'भामति' नामक पुस्तकमा वैभाषिकलाई 'सर्वास्तिवाद' भनिएको छ । स्थविरवाद निकाय भित्र देखा परेको सर्वास्तिवाद सम्प्रदायको पछिल्लो रूप वैभाषिक सम्प्रदाय हो । सर्व+अस्ति = सर्वास्ति । यो सिद्धान्त अनुसार जगतमा भएका सबै तत्वको अस्तित्व छ भन्ने मान्यतामा आधारित छ । सर्वास्तिवादले अभिधर्मलाई बढी जोड दिएको छ त्यसकारण सौत्रान्तिकलाई चित्त बुझ्हेन । सौत्रान्तिक मत अनुसार बुद्धले अभिधर्म पृथ्वीवासीलाई बताएको होइन देवलोकमा बताउनुभएको हो र हामीलाई सूत्र नै काफि छ भन्ने धारणा छ । सर्वास्तिवादीहरूले संस्कृतमा लेखिएको त्रिपिटकको विभाषा शास्त्रलाई आधिकारिक मान्यता दिएकोले वैभाषिक भनियो ।

ईसाको प्रथम शताब्दीमा सम्राट कनिष्कको पालामा वैभाषिक मत प्रचारमा आएको थियो । कनिष्कको संरक्षणमा महायानी संगायन (महायानीअनुसार चौथो संगायन) भयो । उहाँको आज्ञाबाट 'पार्श्व' नामक आचार्यले काश्मीरमा ५०० जना वीतराग भिक्षुहरूको सभा गऱ्यो । यस संगतिमा बसुमित्र अध्यक्ष र महाकवि अश्वघोष प्रधान सहायक भए । यसबेला आर्य कात्यायनीपुत्रद्वारा रचित 'ज्ञानप्रस्थान शास्त्र' ग्रन्थमाथि एउटा विशाल प्रामाणिक टीका निर्माण भयो । जसलाई 'महाविभाषा' भनिन्छ । यस विभाषालाई आधिकारिक मान्यता प्राप्त भयो । यसरी विभाषालाई आधिकारिक मान्ने र विभाषा अनुसार मिलेका दर्शन मात्र सम्यक् हो भनी धारणा राख्ने समूहलाई वैभाषिक भनिन्छ । अशोकले देश विदेशमा धर्म प्रचारको लागि धर्मदूत पठाए जस्तै कनिष्कले पनि यस चौथो संगायनपछि चीन जापानमा धर्मदूत पठाएको थियो । चिनिया यात्रीको वृत्तान्त अनुसार चीनमा वैभाषिक मतको प्रचार प्रचूर



https://dhamma.digital

मात्रामा भएको देखिन्छ । व्हेनसाङ्गको यात्रा विवरण अनुसार काश्गार, उद्यान आदि ठाउँमा मात्र होइन भारत भित्र मणिपुर, कनौज, राजगृह, पश्चिमी फारससम्म सर्वास्तिवाद धर्मको प्रचार भयो । इत्सिङ्ग नामक चिनिया स्वयं वैभाषिक मतका थिए । ऐतिहासिक दृष्टिकोणबाट हेर्दा कनिष्कको समयभन्दा पहिले सर्वास्तिवादीहरूको दुईवटा सम्प्रदाय थियो । गान्धारको सर्वास्तिवादी र काश्मीरको सर्वास्तिवादी । कनिष्कको संरक्षणमा भएको संगायनपछि यी दुई बीच समन्वय कायम गरी काश्मीर वैभाषिक नामबाट प्रसिद्ध भयो । कनिष्कको पालामा वैभाषिक मतको प्रचार धेरै भयो । सर्वास्तिवाद अथवा वैभाषिकहरूको धेरै धर्म ग्रन्थहरू थेरवादीहरूको त्रिपिटक जस्तै सुरक्षित भई अगाडि बढ्न सकेन ।

**सिद्धान्त**

वैभाषिकले बाहिरी जगत् र भित्री वस्तु चित्त विज्ञानको अस्तित्वलाई स्वीकार गर्दछ । सर्व अस्तित्वलाई स्वीकार गरेकाले नै उनीहरूको प्राचीन नाम सर्वास्तिवादी रहन गएको हो । तिनै काल भुत, वर्तमान र भविष्यको सत्ता छ । तर उनीहरू सबै अस्तित्वलाई बुद्धको मौलिक सिद्धान्त अनित्यता-क्षणिकताका साथ मान्छन् । अनुभवजन्य जति पनि वस्तुहरू छन् सबैको अस्तित्व छ, वस्तु अनित्य परिवर्तनशील भएपनि त्यसको अस्तित्वलाई नकार्न सकिंदैन । जस्तै हामीले मेच टेबुल देख्छौं, छुन सक्छौं, प्रयोग गर्न सक्छौं आदि । वस्तुको अस्तित्व नभएको भए हाम्रो दैनिक जीवन कसरी चल्छ? त्यसकारण संसारमा वस्तुको अस्तित्व छ भन्ने धारणा सर्वास्तिवाद दर्शन हो । यसरी हाम्रो इन्द्रियले थाहा पाउन सक्ने जति पनि धर्म छन् सबैको अस्तित्व छ भनेर मान्दछन् । वैभाषिक सिद्धान्त अनुसार धर्मको आफ्नै अस्तित्व र स्वभाव छ । हरेक धर्म क्षणिक भएपनि तीनकालमा रहन्छ - उत्पत्ति, स्थिति र भंग । धर्म भनेको भौतिक वस्तु तथा चित्तको सूक्ष्म तत्व हो । धर्मको उत्पत्ति हेतुबाट हुन्छ र निरोध पनि हेतुबाट हुन्छ । परस्पर कार्य कारणको रूपमा धर्म रहेको हुन्छ । सबै धर्म प्रतीत्यसमुत्पन्न छन् । बुद्धले बताउनुभएको छ -



https://dhamma.digital

**"ये धर्मा हेतु प्रभवा हेतु स्तेषां तथागतो ह्यवदत्,**

**तेषां च यो निरोधो एवं वादी महाश्रमणः ।"**

- यस संसारमा जति पनि धर्म छन् ती सबै हेतुबाट उत्पत्ति हुन्छन्, यसको हेतु तथागत बताउनु हुन्छ । यी धर्महरू निरोध पनि हुन्छन् । महाश्रमणले यस निरोधको बारे बताउनु हुन्छ ।

सबै संस्कृत धर्म अरूमा आधारित भएर निस्कन्छ । यस जगत ७२ संस्कृत धर्महरूको आपसी प्रतिक्रियाबाट निर्माण भएको हो । हेतु वा कारणबाट नै धर्मको उत्पन्न हुन्छ । अविद्या र प्रज्ञा परस्पर विरोधी तत्व हुन् । अविद्याको कारण संसार चलिरहेको छ । प्रज्ञा उदय भएपछि अविद्या धमिलो हुँदै विस्तारै शान्त अवस्थामा परिणत हुन्छ । धर्मलाई चार भागमा विभाजन गरिएको छ -

१. चञ्चल अवस्था (दुःख)

२. चञ्चल अवस्थाको कारण (समुदय)

३. शान्त अवस्था (निरोध)

४. शान्त अवस्थामा पुग्ने मार्ग/उपाय (मार्ग)

यस जगत्को सम्पूर्ण प्रक्रियाहरूको निस्क्रिय अवस्था नै निरोध हो यो नै शान्त अवस्था हो, निर्वाणको अवस्था हो ।

## **धर्मको सिद्धान्त (The Theory of Dharma)**

वैभाषिक दर्शन अनुसार धर्म ७५ वटा छन्, यसलाई २ भागमा वर्गीकरण गरिएको छ -

| | | |
|---|---|---|
| १. संस्कृत धर्म | - | ७२ |
| २. असंस्कृत धर्म | - | ०३ |
| जम्मा | | ७५ |

धर्म हेतु प्रभव हुन्छ अर्थात् कारण जन्य छ । सबै कारणबाट नै उत्पन्न हुन्छन् र स्वलक्षण सम्पन्न छन् । कारण कार्यले चलिरहेकोले नै सबै धर्म संस्कारित छ र संचलनात्मक छन् । त्यसैले संस्कृत हो ।



https://dhamma.digital

पंचस्कन्ध (रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान) संस्कृत धर्म हो ।

**१. संस्कृत धर्म ४ समूहमा विभाजित छन् -**

१. रूप - ११

२. चित्त - १

३. चित्त सम्प्रयुत्त धर्म - ४६

४. चित्त विप्रयुत्त धर्म - १४

जम्मा ७२

**१. रुप - ११**

रूप भन्नाले भौतिक वस्तुहरू हुन् जसले ठाउँ ओगट्छ, जसलाई अनुभव गर्न सकिन्छ। वैभाषिक मतअनुसार पाँच इन्द्रिय र यसका पाँच विषयहरू तथा अविज्ञप्ति रूप गरी जम्मा रूप ११ वटा छन् ।

| | |
|---|---|
| १. चक्षु इन्द्रिय | ६. रूप |
| २. श्रोत इन्द्रिय | ७. शब्द |
| ३. घ्राण इन्द्रिय | ८. गन्ध |
| ४. जिव्हा इन्द्रिय | ९. रस |
| ५. काय इन्द्रिय | १०. स्प्रस्तव्य विषय (स्पर्श) |
| | ११. अविज्ञप्ति |

(अविज्ञप्ति = चेतनाजन्य कर्महरू हामीमा संचय हुन्छन् तर अव्यक्त अवस्थामा रहेका हुन्छन् । कालान्तरमा यसले फल दिन्छ, यसलाई अविज्ञप्ति भनिन्छ ।)

**२. चित्त - १**

स्थविरवादमा ८९ वटा चित्तको वर्गीकरण पाइन्छ भने वैभाषिक मतअनुसार चित्त एउटा मात्रै छ । इन्द्रिय र विषय सम्बन्ध भएपछि चित्तको अस्तित्व देखापर्दछ। जस्तै आँखाले रूप देखेपछि राम्रो/नराम्रोको मुल्यांकन हुन्छ, यसरी चित्त उत्पन्न हुन्छ । इन्द्रिय र विषयको सम्बन्ध



https://dhamma.digital

समाप्त भएपछि चित्तको अस्तित्व समाप्त हुन्छ । चित्त क्षणक्षणमा परिवर्तन भैरहन्छ र कार्यकारणको सिद्धान्तअनुसार चित्तले नयाँ रूप धारण गर्दछ ।

### ३. चित्त सम्प्रयुक्त – ४६

चैतसिक चित्तसित घनिष्ट सम्बन्ध हुने भएकोले चेतसिक धर्मलाई वैभाषिक मतले चित्त सम्प्रयुक्त धर्म भनिएको हो । यी ४६ वटा चित्त सम्प्रयुक्तलाई ६ प्रकारमा विभाजन गरिएको छ ।

**क. चित्त महाभूमिक धर्म – १०**

१. वेदना - अनुभूति, अनुभव गर्ने स्वभाव

२. संज्ञा - वस्तुलाई यो/यस्तो भनेर चिन्नु

३. चेतना - मानसिक चेष्टा

४. छन्द - वस्तुप्रतिको इच्छा/चाहना

५. स्पर्श - इन्द्रिय र विषयसित सम्बन्ध हुनु

६. प्रज्ञा - विवेक बुद्धि

७. स्मृति - स्मरण, होश

८. मनसिकार - कुनै वस्तुप्रति चित्तको ध्यान जानु

९. अधिमोक्ष - वस्तुप्रतिको अवधारणा

१०. समाधि - चित्तको एकाग्रता

**ख. कुशल महाभूमिक धर्म – १०**

१. श्रद्धा - चित्तको विशुद्धि

२. अप्रमाद - होश/स्मृति

३. उपेक्षा - धर्ममा मध्यस्थता

४. ह्री - पाप कर्म गर्नमा लज्जा हुनु

५. अलोभ - त्याग भावना

६. वीर्य - कुशल कार्यमा उत्साह



https://dhamma.digital

७. प्रश्रब्धि - चित्तको प्रसन्नता

८. अप्रत्राय - पाप कर्म गर्नमा भय हुनु

९. अद्वेष - मैत्री भावना

१०. अहिंसा - अरूलाई हानी नगर्ने भावना

**ग. क्लेश महाभूमिक धर्म – ६**

१. मोह - अज्ञान

२. प्रमाद - बेहोशी/असावधानी

३. कौसिद्ध - कुशल कार्यमा अनुत्साह

४. अश्रद्धा - श्रद्धाको अभाव

५. स्त्यान - अकर्मण्यता, मनको आलसीपन

६. औधत्य - रसमा भुलिरहनु

**घ. अकुशल महाभूमिक धर्म – २**

१. आन्हीक्य - आफ्नो कुकर्मप्रति लज्जा नहुनु

२. अनपत्रता - निन्दनीय कर्महरू गर्न नडराउनु, नहिच्किचाउनु

**ङ. उपक्लेश महाभूमिक धर्म – १०**

१. क्रोध - रिस

२. म्रक्ष - छल/आफ्नो दोष लुकाउन

३. मात्सर्य - कंजुसीपन

४. इर्ष्या - डाह

५. प्रदास - क्रोधले कटुवचन बोल्दाको मनको अवस्था

६. विहिंसा - अरूलाई कष्ट पुऱ्याउने चाहना

७. उपनाह - वैरभाव

८. माया - छलकपट

९. शाठ्य - धोका दिनु

१०. मद - घमण्ड



https://dhamma.digital

**च. अनियत महाभूमिक धर्म – ८**

१. कौकृत्य - पश्चाताप

२. मिद्ध - निन्द्रा, विस्मृति

३. वितर्क - मनमा कुरा खेल्न

४. विचार - निश्चय

५. राग - प्रेम, आशक्ति

६. द्वेष - घृणा

७. मान - अभिमान, घमण्ड

८. विचिकित्सा - संशय

## ४. चित्त विप्रयुक्त धर्म – १४

चित्तसित पनि भौतिक धर्मसित पनि प्रत्यक्ष सम्बन्ध नभएको धर्म चित्त विप्रयुक्त धर्म हो ।

१. प्राप्ति - धर्मलाई निरन्तरता राख्ने शक्ति

२. अप्राप्ति - प्राप्तिको विपरित धर्म

३. निकाय - समानता

४. आसंज्ञिक - प्राचीन कर्मको फलअनुसार चेतनाहीन समाधिमा लैजाने शक्ति

५. असंज्ञी समापति - समाधिको अवस्था उत्पन्न गर्ने मानसिक अभ्यास

६. निरोध समापति - चेतनालाई बन्द गरी निरोध उत्पन्न गर्ने शक्ति

७. जीवित - जीवित रहने शक्ति

८. जाति - जन्म

९. स्थिति - जीवितता

१०. जरा - बुढ्यौली

११. अनित्यता - विनासशीलता



https://dhamma.digital

१२. नामकाय - पद

१३. पदकाय - वाक्य

१४. व्यञ्जनकाय - वर्ण

**२. असंस्कृत धर्म ३ वटा छन् –**

जुन धर्म हेतु प्रत्ययबाट उत्पन्न हुँदैन त्यो असंस्कृत धर्म हो । यो ३ वटा छन् -

**१. आकाश –** आचार्य वसुबन्धुले 'अनावृत्ति' शब्दद्वारा आकाशको वर्णन गरेका छन् । आकाशले अरूलाई न ढाक्ने काम गर्छ, न आकाशलाई अरू कुनै धर्मले ढाक्ने गर्दछ । आकाशले रूपलाई आफूभित्र प्रवेश गर्न निषेध गर्दैन । आकाश नित्य अपरिवर्तनशील असंस्कृत धर्म हो ।

**२. प्रतिसंख्या निरोध –** प्रतिसंख्या भनेको ज्ञान वा प्रज्ञा हो । प्रज्ञाद्वारा सास्रव धर्महरूको निरोध हुनेलाई प्रतिसंख्या निरोध भनिन्छ । सबै क्लेश एकैचोटि निरोध हुँदैन एक एक गरी निरोध गर्नुपर्छ । उदाहरणको लागि समस्त क्लेशको मूलकारण सत्काय दृष्टि हो । प्रज्ञाद्वारा सत्काय दृष्टिलाई निरोध गरेपछि बन्धन (संयोजनहरू) निरोध हुन्छ । सम्पूर्ण बन्धन निरोध भएपछि निर्वाण साक्षात्कार हुन्छ ।

**३. अप्रतिसंख्या निरोध –** अप्रतिसंख्या निरोध भनेको बिना प्रज्ञा निरोध भनेको हो । उत्पन्न नभएको क्लेशलाई उत्पन्न हुन नदिनु हो । हेतु प्रत्ययको कारणले उत्पन्न भएको धर्म हेतु प्रत्यय निरोध भएपछि स्वतः निरोध हुन्छ । जस्तो कि इन्धन बिना आगो हुँदैन । प्रतिसंख्या निरोधमा आस्रव क्षय ज्ञान उत्पन्न भई सबै क्लेश निर्मूल हुन्छ भने अप्रतिसंख्या निरोधमा अनुत्पाद ज्ञान उत्पन्न हुन्छ । भविष्यमा रागादि क्लेश उत्पन्न हुँदैन जसबाट प्राणी भवचक्रबाट सदाको लागि मुक्ति प्राप्त गर्छ ।

## वैभाषिक सम्प्रदायको साहित्य

वैभाषिकको प्रमुख ग्रन्थ त्रिपिटक हो । ईस्वीको प्रथम शताब्दीमा



https://dhamma.digital

राजा कनिष्कको संरक्षणमा भएको चौथो संगायनामा सम्पूर्ण त्रिपिटकको विभाषा लेखिएको थियो, जुन यसप्रकार छ - १. उपदेश सूत्र (सूत्र) २. विनय विभाषा शास्त्र (विनय), अभिधर्म विभाषा शास्त्र (अभिधर्म) । सम्पूर्ण त्रिपिटक ग्रन्थ संस्कृत भाषामा रचना गरिएको थियो । उपदेश सूत्र, विनय विभाषा शास्त्र र अभिधर्म विभाषा शास्त्रको एक-एक लाख श्लोकहरू लेखिएको थियो । यी सम्पूर्ण ग्रन्थलाई महाविभाषा भनिन्छ । संगायनपछि यी ग्रन्थहरू ताम्रपत्रमा कुँद्न लगाई प्रस्तरको बाकसभित्र राखी चैत्यगर्भभित्र सुरक्षित राखिएको थियो भनी Yuan Chwang ले आफ्नो प्रतिवेदनमा उल्लेख गरेका छन् ।

**सूत्र -** वैभाषिकले सूत्रलाई आगम भनिन्छ भने स्थविरवादले निकाय ।

| स्थविरवाद | वैभाषिक |
|---|---|
| १. दीघनिकायो | १. दीर्घागम |
| २. मज्झिमनिकायो | २. मध्यमागम |
| ३. संयुक्तनिकायो | ३. संयुक्तागम |
| ४. अङ्गुत्तरनिकायो | ४. अङ्गुत्तरागम |
| ५. खुद्दकनिकायो | ५. क्षुद्रकागम |

सूत्रपिटक र सूत्रपिटकको नाम मिल्दो जुल्दो भएजस्तै मूल विषयवस्तुहरूमा पनि धेरै समानता पाइन्छ। तर सबै नै समान छन् भन्ने अर्थमा चाहिं होइन । दीघनिकायमा ३४ वटा सूत्र छन् तर दीर्घागममा ३० वटा छन्। २७ वटा सूत्र निकाय र आगममा उस्तै उस्तै छन्। बाकी ७ वटा सूत्रको कुरा मध्यमागममा रहेका छन् । दीर्घागमको अनुवाद बुद्धयशले ई.सं. ४१२/४१३ तिर चिनिया भाषामा गरे । गौतम संघले ई.सं. ३७७-३९८ भित्र मध्यमागमको अनुवाद गरे । यसरी गरिएको अनुवादको कारण वैभाषिक धर्म ग्रन्थको अस्तित्व रहिरहेको छ ।

विनय – वैभाषिकहरूको विनयपिटकको तिब्बती अनुवाद अहिले पनि विद्यमान छ । वैभाषिक र स्थविरवादीहरूको विनयपिटक ग्रन्थमा



https://dhamma.digital

भएको भिन्नता यसप्रकार छन् -

| स्थविरवाद | वैभाषिक |
|---|---|
| १. महावग्ग | १. विनयवस्तु |
| २. पातिमोक्ख | २. प्रातिमोक्ष |
| ३. सूत्रविभङ्ग | ३. विनय विभाग |
| ४. चुल्लवग्ग | ४. विनयक्षुद्रकवस्तु |
| ५. परिवार | ५. विनयउत्तरग्रन्थ |

वैभाषिक विनयपिटकको तिब्बती अनुवाद ग्रन्थको मुखपृष्ठमा भगवान बुद्धसँगै शारिपुत्र र राहुलको चित्र राखिएको छ । शारिपुत्रको शिष्य राहुललाई चीनमा सर्वास्तिवादका प्रणेता मान्दछन् ।

**अभिधर्म** – वैभाषिकहरूको अभिधर्म ग्रन्थ सातवटा रहेको छ । ती मध्ये प्रमुख ज्ञानप्रस्थान हो । अरू ६ वटा ग्रन्थहरू सहायक ग्रन्थ मानिएको छ । ती सात ग्रन्थहरू यसप्रकार छन् -

| | |
|---|---|
| १. ज्ञानप्रस्थान शास्त्र | - आर्य कात्यायनीपुत्र |
| २. संगीतिपर्याय | - महाकोष्ठिल |
| ३. प्रकरणवाद | - वसुमित्र |
| ४. विज्ञानकाय | - देवशर्मा |
| ५. धातुकाय | - पूर्ण |
| ६. धर्मस्कन्ध | - शारिपुत्र |
| ७. प्रज्ञप्तिशास्त्र | - मौद्गल्यायन |

ज्ञानप्रस्थान शास्त्र वैभाषिकहरूको महत्वपूर्ण अभिधर्म ग्रन्थ हो । यो ग्रन्थको रचयिता आर्य कात्यायनीपुत्र हो । यसको अनुवाद काश्मिरको गौतम संघदेवले ई.सं. ३४३ मा गरेका थिए । दोस्रो अनुवाद चिनिया विद्वान् युआनच्वांग (ई.सं. ६५७-६६०) ले गरेको थिए ।



https://dhamma.digital

**वैभाषिक सम्प्रदायका आचार्यहरू**

**१. वसुबन्धु -** आचार्य वसुबन्धु पुरुषपुर (पेशावर) नगरका ब्राह्मण थिए । उनका तीन दाजुभाई थिए । जेठो असंग कान्छो विरिञ्चिवत्स । उनी माहिला थिए । यी आचार्यहरू चौथौं/पाँचौं शताब्दीका थिए । त्यसबेला गान्धारमा विभाषा शास्त्रको ठूलो प्रभाव थियो । उहाँले काश्मिरमा विभाषा शास्त्रको गहिरो अध्ययन गरेका थिए । बौद्ध मतका प्रकाण्ड विद्वान वसुबन्धुको प्रतिभा तथा पण्डित्याइँ अलौकिक थियो । उनका ग्रन्थहरू उच्चकोटिका छन् । वस उनी शास्त्रार्थ गर्नमा निकै सिपालु थिए । एकपल्ट सांख्यदर्शनका आचार्यले उनका गुरु बुद्धमित्रलाई शास्त्रार्थमा हराइदियो । त्यसबेला वसुबन्धु त्यहाँ थिएन । गुरुलाई पराजित गरेका सांख्यदर्शनका आचार्यसित शास्त्रार्थ गर्न चुनौति दियो । तर त्यस आचार्य परलोक भइसकेको थियो । वसुबन्धुले सांख्याचार्यद्वारा लिखित सांख्यसप्तती ग्रन्थको खण्डन मण्डन गरी परमार्थ सप्तती नामक ग्रन्थको रचना गर्‍यो । वसुबन्धुले धेरै महत्वपूर्ण ग्रन्थहरूको रचना गरे । ती मध्ये प्रमुख ग्रन्थहरू यसप्रकार छन् - १. परमार्थ सप्तती २. तर्क शास्त्र ३. वादविधि ४. अभिधर्मकोश । यी मध्ये प्रसिद्ध ग्रन्थ अभिधर्मकोश हो जुन सर्वास्तिवादीहरूको मान्य ग्रन्थ हो । अभिधर्म विभाषा शास्त्रको आधारमा उनले अभिधर्मकोश रचना गरेका थिए । भनिन्छ उहाँको समयमा सुगाहरूले समेत अभिधर्मको उपदेश दिन्थे । वसुबन्धु यति प्रकाण्ड विद्वान भएपनि उनी आफ्नै सिद्धान्तमा दृढ भएर बसेन पछि उनी विज्ञानवादका समर्थनमा ग्रन्थ रचना गरेका थिए ।

**२. संघभद्र -** संघभद्र वसुबन्धुको समकालीन थिए । उनी वसुबन्धुको प्रतिद्वन्दि थिए । उनका अनुसार वसुबन्धुको अभिधर्मकोशमा विभाषाको सिद्धान्तको विपरित व्याख्या रहेको छ । उनले वैभाषिक सिद्धान्तमा आधारित भएर दुईवटा ग्रन्थ रचना गरे जुन संस्कृत मूल ग्रन्थ पाइँदैन तर चिनिया अनुवाद अहिले पनि पाइन्छ । उनका ग्रन्थहरू - अभिधर्म न्यायानुसार र अभिधर्म समयदीपिका हुन् ।



https://dhamma.digital

**अन्य आचार्यहरू -** मनोरथ, घोष, वसुमित्र, बुद्धदेव, गुणमति आदि ।

अभिधर्मकोश अनुसार वैभाषिक मतको ४ विचारधाराहरू छन्, ती हुन् -

**१. भावन्याथिक -** भदन्त धर्मत्रातको विचार अनुसार समय अनुसार वस्तु परिवर्तन हुँदा त्यसको संस्थान (आकृति) परिवर्तन हुन्छ तर वर्ण परिवर्तन हुँदैन । जस्तै : सुनको गहनालाई पगाल्दा त्यसको आकार परिवर्तन हुन्छ तर सारतत्व यथावत् नै हुन्छ ।

**२. लक्ष्यन्यान्थिक -** भदन्त घोषकको अनुसार धर्मको आफ्नो गुण नष्ट हुँदैन । जस्तै : बाफ, बरफ, पानीको आफ्नो गुण हुन्छ । पानी बाफ, बरफ भएपनि आफ्नो गुण रहिरहन्छ ।

**३. अवस्थान्याथिक -** आचार्य वसुमित्रका अनुसार भूत, वर्तमान र भविष्य आफूले गरेको कर्ममा आधारित छ । कर्मले अवस्था निर्धारण गर्छ । काम भैराखेको छ भने वर्तमान, काम भैसकेको छ भने भूत र काम हुनेवाला छ भने भविष्य हुन्छ ।

**४. अन्यथान्यथिक -** आचार्य बुद्धदेवका अनुसार अतित र वर्तमानको कारण कुनै धर्म अनागत हुन्छ भने अनागत र वर्तमानको कारण कुनै धर्म अतित हुन्छ । जसअनुसार सम्बन्ध र समय अनुसार मानिसको Status फरक हुन्छ । जस्तै : आइमाई बुबाको लागि छोरी, श्रीमान्को लागि श्रीमती, आफ्नो बच्चाको लागि आमा हुन्छ ।

सबै धर्मको सत्ता सँधै रहन्छ तर धर्मको भाव, लक्षण, अवस्थामा भेद हुन जान्छ ।



https://dhamma.digital

# ख) सौत्रान्तिक

## परिचय

बौद्ध दर्शनका प्रमुख चार निकायमध्ये सौत्रान्तिक पनि एक हो । सौत्रान्तिक निकायको अस्तित्व असोकको कालमै थियो तर यसको विकास ई.पू. प्रथम शताब्दीमा भएको देखिन्छ । तर यसको विकास ई.पू. प्रथम शताब्दीमा भएको पाइन्छ । सौत्रान्तिक सर्वास्तिवादबाट नै विकास भएको शाखा हो । सर्वास्तिवादको शाखा काश्यपीयबाट संक्रान्तिवाद, संक्रान्तिवादबाट सौत्रान्तिकको उदय भएको थियो । सौत्रान्तिक दर्शनले अभिधर्मलाईभन्दा सूत्रलाई मूल प्रमाण मानेको छ । सूत्रलाई मूल बुद्धवचनको रूपमा मानेकोले यिनीहरूलाई सौत्रान्तिक भनिएको हो । सौत्रान्तिक अनुसार स्थविरवादको अभिधर्म अन्तर्गतका ग्रन्थहरू धम्मसंगणि, विभङ्ग आदि सात ग्रन्थ र सर्वास्तिवाद अन्तर्गतका ज्ञानप्रस्थान, प्रकरणवाद आदि सात ग्रन्थहरू बुद्धवचन होइनन् यी आचार्य ग्रन्थहरू हुन् त्यसैले यी शास्त्र हुन् । सौत्रान्तिकहरूले बुद्धले देवलोकमा अभिधर्म बताउनु भएको हामीलाई होइन भन्छन् । पहिलो संगायनामा अभिधर्म पिटक थिएन । तेश्रो संगायनामा मात्र कथावस्तु रचना भयो र कथावस्तुबाट अभिधर्म शुरुआत भयो । त्यसैले यिनीहरूले अभिधर्म पिटकको आधारमा रचना गरिएको ज्ञानप्रस्थान शास्त्र र यसको टीका विभाषालाई प्रमाणिक मानेको छैन ।

सौत्रान्तिकको मूल ग्रन्थ उपलब्ध हुन सकेको छैन । यसको मूलभूत कुराहरू सौत्रान्तिक निकायभन्दा भिन्न रहेका बौद्ध सम्प्रदायहरू तथा वैदिक, जैन ग्रन्थहरूमा यसलाई विपक्षरूपमा प्रस्तुत गरिएकोबाट सौत्रान्तिक निकायको विषयवस्तुलाई एकत्रित पारिएको पाइन्छ । यसबाट नै सौत्रान्तिकको इतिहास तथा यसका केही सिद्धान्त कति प्राचीन रहेको छ भन्ने कुरा बुझ्न सकिन्छ । साथै सौत्रान्तिक आचार्यहरूको कुराबाट यस निकायको इतिहास र दर्शन थाहा पाउन सक्छौं ।



https://dhamma.digital

**सिद्धान्त**

वैभाषिक आचार्यहरूका अनुसार बाह्यवस्तुको र विज्ञानको प्रत्यक्ष अनुभव हुन्छ । बाह्यवस्तुलाई स्वीकार नगरे विज्ञानको विविधतालाई व्याख्या गर्न सकिंदैन । त्यसकारण बाह्यवस्तुको सत्ता छ । तर सौत्रान्तिकका अनुसार बाह्यवस्तुको चित्र हाम्रो मनमा रहन्छ यसैबाट अनुमान गरिन्छ त्यसैले बाह्यपदार्थको स्वीकार गर्नुपर्छ तर बाह्यपर्दाको सत्ता अनुमानगम्य छ प्रत्यक्षगम्य होइन । बाह्यपदार्थ नभए हाम्रो मनमा कुनैको पनि चित्र रहँदैन । त्यस चित्रद्वारा हाम्रो मनमा बाह्यपदार्थको संकेत हुन्छ । यो सिद्धान्तलाई बाह्यानुमेयवाद भनिन्छ । बाह्यवस्तुको सत्ता नभएको भए मनले कल्पना गर्न सक्दैन । मन पनि एक धर्म हो, मनको काम अरूको धर्म मात्र बुझ्ने हो । प्रत्येक बाह्यवस्तु द्रूतगतिमा परिवर्तन भइरहेको हुन्छ त्यसैले बाह्यवस्तुको सत्ता अनुमान मात्र हो प्रत्यक्ष होइन । कुनै वस्तुको अस्तित्व हाम्रो सामु रहेको हुन्छ त्यसबेला त्यो वस्तु विनाश भैसकेको हुन्छ र यसको ठाउँमा अर्कै वस्तु उत्पन्न भैसक्छ । सबै पदार्थ हेतु प्रत्ययद्वारा मात्र उत्पन्न हुन् । उत्पन्न वस्तु तत्क्षण नै विनाश भैसक्छ । सबै क्षणिक छन् क्षणिक भएकोले अनित्य छ ।

सौत्रान्तिकले भूत र भविष्यलाई मान्दैन वर्तमानको सत्तालाई मात्र मान्छ । विज्ञानवादीहरूले विज्ञान वा चित्त एउटाको मात्र सत्ता मान्दछ बाह्यवस्तुको सत्ता मान्दैन । तर सौत्रान्तिकले बाह्य वस्तुको सत्ता नभएको भए मनले कल्पना गर्न सक्दैन भन्छन् । बाह्यवस्तुको सत्ता भएकोले नै मनले कल्पना गर्न सक्छ । सबै पदार्थ नाशवान छ । विनाशको कुनै कारण छैन । यो स्वभाव धर्म हो ।

निर्वाणको सम्बन्धमा भनिएको छ कि निर्वाण अभाव रूप हो । कार्यकारणको कारणले नै संसार चलिरहेको छ । सबै मूल हेतु र फल रूप संसार हो । जब यसको विनाश हुन्छ तब सबै क्लेश समाप्त हुन्छ त्यसकारण क्लेशको अभावलाई निर्वाण भनिएको छ । निर्वाणलाई ‘ अप्रवृत्ति’ पनि भन्दछ । प्रवृत्ति संसार हो, क्लेश हो, संसारको अभाव या



https://dhamma.digital

अप्रवृत्ति नै निर्वाण हो ।

सौत्रान्तिकहरूले पञ्चस्कन्ध - रूप, वेदना, संज्ञा, संस्कार, विज्ञानलाई मान्दछ । व्यक्तिको पञ्चस्कन्धमध्ये एक सूक्ष्म स्कन्ध मात्र सरेर जान्छ यो सूक्ष्म स्कन्ध नै पुद्गल हो भनी मान्दछ ।

**क्षणिकताको सिद्धान्त**

सौत्रान्तिकको एउटा सिद्धान्त क्षणिकताको सिद्धान्त हो । समयको अति सानो एकाईलाई क्षण भनिन्छ । एक तत्क्षण भित्र १२० क्षण हुन्छ र एक सेकेण्डमा ७५ तत्क्षण हुन्छ । रूपभन्दा चित्त छिटो परिवर्तन हुन्छ । चित्तधर्मभन्दा रूपधर्म १७ गुणा लामो हुन्छ । प्रत्येक क्षणमा उत्पत्ति, स्थिति र भंगको घटना घटिरहेको हुन्छ । चुत्की बजाउन लाग्ने समयभित्र करोडौं पल्ट चित्त उत्पन्न र व्यय भइसकेको हुन्छ । यो संसार एउटा बगिरहेको नदी जस्तै हो । यहाँ स्थिर र नित्य भनेको कुनै पनि छैन । बाह्य तथा आन्तरिक वस्तु अर्थात् रूप र चित्त दुवै परिवर्तनशील छ । एक तत्व अस्तित्वमा आउनासाथ विनाश हुन्छ तत्कालै फेरि अर्को उत्पन्न भइसक्छ । हामीले चाल नै पाउँदैनौ, हामी त्यही भन्ठान्छौं । यसरी उत्पत्ति र विनाशको अटुट श्रृंखला बगिरहेको हुन्छ ।

सिनेमाटोग्राफिको उदाहरण - क्षणिकताको सिद्धान्त अनुसार हरेक घटनाक्रममा उत्पत्ति, थिति र भंग बाहेक केही छैन यो अति सूक्ष्मरूपले चलिरहेको हुन्छ कि हामीले चालै पाउँदैनौ । सिनेमाटोग्राफिको प्रक्रियासित यसको विश्लेषण गर्न सकिन्छ । जसरी भिन्न चित्रहरूको द्रुत प्रक्षेपणले स्क्रिनमा निरन्तर कार्य भैरहेको भ्रम जगाउँछ त्यसरी नै यो संसार चलिरहेको छ । स्क्रिनमा भएका घटनाहरूको परिवर्तन फिल्म रिलमा पहिले पछिका तस्वीरहरू बीचको गुणात्मक भिन्नताको कारणले हुन्छ । त्यसरी नै संसारमा परिवर्तन भैरहेको हुन्छ ।

**अरु उदाहरणहरू -**

१. जवान, स्वस्थ र मोटो राम २० वर्षपछिको बुढो, दुब्लो र पातलो रामसित पक्कै मिल्दैन, तैपनि हामी भन्छौं 'यो राम हो' ।



https://dhamma.digital

२. विनाशकारी बाढीका कारण ब्रम्हपुत्र नदीको प्रवाह परिवर्तन हुन्छ, तर पनि हामी यही ब्रम्हपुत्र नदी हो भन्छौं ।

३. पचास वर्ष अगाडिको पुरानो घरलाई हामी उही घर भन्छौं, तर त्यस घरमा आमूल परिवर्तन आइसकेको हुन्छ ।

४. हाम्रो शरीरको रौं, नङहरू बढ्दै जान्छ र हामी काटिँदै जान्छौं तरपनि हामी उही रौं, नङ सम्भन्छौं ।

५. बत्तीको ज्वाला हरेक पल बदलिन्छ, तर हामीलाई लाग्छ कि एउटै ज्वाला बलिरहेको छ ।

६. त्यसैगरी संसारका सबै वस्तुहरू - हाम्रो शरीर, विचार, भावनाहरू र हाम्रो वरपरका सबै बाह्य वस्तुहरू प्रत्येक पल नष्ट हुन्छन् र अर्को क्षणमा उस्तै चीज प्रतिस्थापन भइसक्छन्, यसरी नै संसार चलिरहेको छ ।

**धर्मको वर्गीकरण –**

सौत्रान्तिकको मान्यता अनुसार धर्म ४३ प्रकारका छन् । जुन यसप्रकार छन् -

१. रूप - ८ (४ उपादान र ४ उपादाय) (४ उपादान - पृथ्वी, जल, तेज र वायु; ४ उपादाय - रूक्षता, आर्द्रता, उष्णता र गति)

२. वेदना - ३ (सुख, दुःख, न सुख न दुःख)

३. संज्ञा - ६ (५ इन्द्रिया र १ चित्त)

४. विज्ञान - ६ (चक्षु, श्रोत, घ्राण, जिव्हा, काय र मन)

५. संस्कार - २० (१० कुशल र १० अकुशल)

जम्मा - ४३

बाह्यार्थको विषयमा सौत्रान्तिकको आफ्नै मत छन्, जुन यसप्रकार छन् -

१. वैभाषिकले इन्द्रियले बाह्यवस्तु अनुभव गर्दा त्यो त्यही हो भन्नेगर्दछ तर सौत्रान्तिकका अनुसार सबै बाह्यवस्तु क्षणिक



https://dhamma.digital

छन् परिवर्तनशील छन् । जुनबेला बाह्यवस्तु हाम्रो इन्द्रियसित सम्पर्कमा आउँछ एकैछिन पछि नै त्यो अतीतमा परिणत भैसकेको हुन्छ । वस्तु इन्द्रियसित सम्पर्कमा आएपछि त्यसको प्रतिविम्ब मनले लिन्छ चित्तले त्यहीदेख्छ । चित्तले यही बाहिरी पदार्थको अनुमानगर्छ । त्यसैले आँखाले देखेको र चित्तले देखेको एउटै होइन । त्यसकारण बाह्यवस्तुको सत्ता प्रत्यक्ष नभई अनुमानगम्य हो ।

२. बत्तीको प्रकाशले वस्तु देखिने जस्तै ज्ञानको प्रकाशले आफैलाई चिनाउँदछ ।

३. बाह्यवस्तुको अस्तित्व अवश्य छ तर सौत्रान्तिको बाह्यवस्तुको आकार हुन्छ कि हुँदैन भन्नेमा मतभेद छ । कसैले बाह्यवस्तुको आफ्नै आकार हुन्छ भन्छन् कसैले बाह्यवस्तुको आकार बुद्धिले निर्माण गर्छ भन्छन् कसैले यी दुवै कुरालाई मान्छन् ।

४. परमाणुहरू बिच परस्पर स्पर्श हुँदैन । अवयवले युक्त पदार्थमा मात्र स्पर्श हुन्छ । हात र पेन सावयव भएकोले स्पर्श हुन्छ । परमाणु निरवयव पदार्थ हो । एक परमाणु अर्को परमाणुसित स्पर्श हुँदैन । परमाणु परमाणु मिलेर पदार्थको आकार बढ्छ तर परमाणुको आकार बढ्ने होइन ।

५. सबै धर्म विनाशशील छन्, यो स्वभाव धर्म हो यसको कुनै कारण छैन । क्षणिक मात्र हाम्रो सामु देखापर्दछ । एक क्षण मात्र अवस्था धारण गर्छ फेरी विलिन भएर जान्छ । त्यसकारण वर्तमान मात्र सत्य हो भूत र भविष्यको सत्ता छैन ।

६. वैभाषिकले दुई प्रकारको रूपलाई मान्दछन् - वर्ण (रंग) र संस्थान (आकृति) तर सौत्रान्तिकले वर्णलाई मात्र स्वीकार गर्छन् । आकारलाई स्वीकार गर्दैनन् ।

७. दुःख वस्तुबाट नै उत्पन्न हुन्छ । सुखले पनि दुःख नै उत्पन्न गराउँछ । त्यसकारण सम्पूर्ण पदार्थ दुःखमय छन् ।



https://dhamma.digital

८. यस मतअनुसार भूत र भविष्य दुवै शून्य छ वर्तमान मात्र सत्य हो। वैभाषिकले भूत भविष्य र वर्तमान तीनै कालको अस्तित्वलाई स्वीकार गर्दछ।

९. सौत्रान्तिक मतको आचार्य श्रीलब्धको निर्वाणको विषयमा उनको धारणा यसप्रकार छ - प्रतिसंख्यानिरोध र अप्रतिसंख्यानिरोधमा कुनै अन्तर छैन। प्रतिसंख्यानिरोधको अर्थ प्रज्ञाद्वारा भविष्यमा उत्पन्न हुने क्लेश उत्पन्न हुन नदिनु। अप्रतिसंख्यानिरोधको अर्थ हो क्लेश निर्मूल भएपछि दुःख उत्पन्न नहुनु हो। क्लेश उत्पन्न नभएपछि संसार उत्पन्न हुँदैन।

**सौत्रान्तिक दर्शनको १० विशेषता –**

**१. क्षणभंगसिद्धि -** सौत्रान्तिक मतअनुसार वस्तुको उत्पत्ति हुन्छ तर त्रैकाल सत्ताहुँदैन। सबै पदार्थ क्षणिक र परिवर्तनशील छ। इन्द्रियसँग सम्पर्क हुँदा जुन स्थितिमा पुग्छ, एकैछिनमा अर्कै स्थितिमा पुग्छ।

**२. आगम प्रामाण्य -** सौत्रान्तिकले सात अभिधर्म शास्त्रलाई बुद्धवचन मान्दैन, अभिधर्म शास्त्र आचार्यहरूको रचना भनी मान्दछन्। सूत्र बुद्धवचन भएकोले पाँच आगमलाई प्रमाणिक ग्रन्थको रूपमा मान्दछन्।

**३. परमाणवाद -** सौत्रान्तिकले परमाणुहरू निरवयव हुन्छन् भन्ने कुरा मान्दछन्। परमाणुहरू बीच आपसमा कुनै प्रकारको स्पर्श हुँदैन। अवयवले युक्त (सावयव) पदार्थहरू बीच मात्र स्पर्श हुन्छ। जस्तैः हात र कलम। परमाणु परमाणु मिलेर पदार्थको आकार बढ्छ। परमाणुको आकार बढ्ने होइन।

**४. (क) द्रव्यसत्ता र प्रज्ञप्तिसत्ता -** ज्ञेय धर्म (जान्न सकिने धर्म) २ भागमा विभाजन गरिएको छ। द्रव्यसत्ता (पदार्थ कै रूपमा देखिने भौतिक पदार्थ) र प्रज्ञप्ति सत्ता (बुद्धिको तह)। बत्तीको प्रकाशले वस्तु देखिने जस्तै ज्ञानको प्रकाशले आफूले आफूलाई चिन्दछ।



https://dhamma.digital

**(ख) चित्त चैतसिक आदि -** चित्त र चैतसिकको संख्या ४६ छन् । चित्त र चैतसिक अभिन्न छन् । न चित्त बिना चैतसिक अलग हुन्छ न चैतसिक बिना चित्त अलग हुन्छ । सौत्रान्तिक अनुसार चित्त ६ वटा छन् र चैतसिक ४० गरी चित्त चैतसिक ४६ छन् । पालि अभिधर्म अनुसार चैतसिक ५२ वटा छन् ।

५. **ज्ञान साकारता -** बाह्य पदार्थको सत्ता अनुमानगम्य छ, प्रत्यक्षगम्य होइन । बाह्य पदार्थको चित्र हाम्रो मनमा रहन्छ, यसैबाट अनुमान गरिन्छ । कुनै वस्तु देख्नुभन्दा अगाडि नै हाम्रो मनमा त्यसको चित्र आउँछ र त्यस चित्रद्वारा नै बाह्यवस्तुको संकेत हुन्छ । हामी कुनै संसारिक पदार्थ प्रत्यक्ष नभएपनि त्यस वस्तुको चित्र विज्ञानद्वारा जान्दछौं । यो चित्र हाम्रो मनमा रहेको हुन्छ जसको स्रोत बाह्य संसार नै हो ।

६. **कार्यकारणको भिन्न कालिकता -** कुनै कारणद्वारा कार्य उत्पन्न हुन्छ । कार्य कारण वा हेतु फलको परम्परा संसार हो । सबै क्लेशको मूल हेतु र फल रूप संसार हो । जब यसको विनाश हुन्छ तब सबै क्लेश समाप्त हुन्छ ।

७. **प्रहाण र प्रतिपत्ति -** सौत्रान्तिकको मतअनुसार अर्हत पुद्‌गलहरूले क्लेशहरू प्रहाण गरेर प्राप्त गरिसकेको ज्ञानमा फेरि कुनै किसिमको पनि हानी आउने सम्भव छैन ।

८. **ध्यानाङ्गको विशेषता -** निरोध समापत्तिमा पुगेपछि वेदना, संज्ञा आदि चित्त चैतसिक निरुद्ध भइसक्छ । निरोध समापत्ति अत्यन्त सूक्ष्म चित्तावस्था हो । निरोध समापत्ति पुगेर स्थूल वेदना निरोध भइसके पनि सूक्ष्म र अस्पष्ट चित्त चैतसिक समवेदना जारी रहन्छ ।

९. **प्रमाण आदि सम्यक्ज्ञान -** प्रत्यक्ष र अनुमान यी दुई प्रमाणद्वारा नै ज्ञान प्राप्त हुन्छ भन्ने धारणा सौत्रान्तिकको छ ।

१०. **बुद्ध, बोधिसत्व, बुद्धकाय -** बुद्धत्व बोधिसत्वको अन्तिम प्राप्ति



https://dhamma.digital

हो । जम्बुद्वीपमा उत्पन्न बोधिसत्व नै बुद्धत्व प्राप्तिको लागि योग्य हुन्छ । कामधातु बाहेक अन्यत्र जन्मेका बुद्ध हुँदैन ।

**बुद्धकाय -** बुद्धको दुई काय हुन्छ । रूपकाय र धर्मकाय । सौत्रान्तिकको आगमानुयायी अनुसार बुद्धको रूपकाय ३२ महापुरुष लक्षण र ८० अनुव्यञ्जन युक्त हुन्छन् । जुन काय सास्रव र मातापिताको मिलनद्वारा उत्पन्न हुन्छ । युक्ति अनुयायी अनुसार असंख्य कल्पदेखि पुण्यसम्भार पूर्ण गर्दै आएकोले उनको रूपकाय ज्ञानले युक्त पुण्यको पुञ्ज तथा अनास्रव हुन्छ । धर्मकायको सम्बन्ध निर्वाण तत्वसित छ । निर्वाण सबै क्लेश उपक्लेश सबै मल तथा आवरणबाट मुक्त अवस्था हो । आवरणहरूको अभाव नै निर्वाण हो ।

(उपादान रूप - पृथ्वी, आपो, ताजो र वायु । उपादाय - ठोसपन, आर्दता, उष्णता र गति)

**सौत्रान्तिक सम्प्रदायका आचार्यहरू**

१. **आचार्य भदन्त** - काश्मीरमा जन्मनुभएका आचार्य भदन्तलाई सौत्रान्तिक मतको प्रथम आचार्यको रूपमा मानिएको छ । उनी राजा कनिष्कको समकालीन थिए । कनिष्कले आयोजना गरेको तेश्रो संगायनामा महाविभाषा शास्त्र रचना गरिएको थियो । महाविभाषामा आचार्य भदन्तको विचारका बारेमा र उनको सौत्रान्तिक दृष्टिकोण ठाउँ ठाउँमा चर्चा गरिएको पाइन्छ । यही आधारमा आचार्य भदन्त सौत्रान्तिकको प्रमुख आचार्य थिए भन्ने विश्वास गरिन्छ ।

२. **कुमारलात** - आचार्य कुमारलात सौत्रान्तिक मतका एक प्रसिद्ध आचार्य थिए । उनलाई आचार्य नागार्जन (ईस्वी द्वितीय शताब्दी) को समकालीन मानिएको छ । तक्षशीला निवासी उनी विलक्षण प्रतिभाका धनी थिए । कुमारलात तक्षशीलाबाट कबन्ध देशमा गएका थिए, त्यहाँ उनलाई राजाले सम्मानका साथ आफ्नो



https://dhamma.digital

दर्वारको एक ठाउँ दिएर राखिएको थियो । उनले त्यहाँ बसी ग्रन्थहरू रचना गरेका थिए । बौद्ध दार्शनिकहरूमध्ये आचार्य अश्वघोष, देव, नागार्जुन र कुमारलात 'चार प्रकाशमान सूर्य' भनी चिनिन्छन् । यसबाट उनको विद्वता र समाजमा परेको प्रभावको बारेमा ज्ञात हुन्छ । व्हेनसांगका अनुसार कुमारलातले २० ग्रन्थ रचना गरेका थिए । उनका ग्रन्थहरूमा राजा कनिष्कको प्रसंगवश उल्लेख गरेको पाइन्छ । उनको महत्वपूर्ण ग्रन्थ 'कल्पनामण्डटिका दृष्टान्त पंक्ति' हो । यस ग्रन्थलाई 'कल्पनालंकृटिका' भनेर पनि लेखिएको पाइन्छ । यस ग्रन्थमा जातक अवदान जस्तै बुद्धधर्मको शिक्षा समावेश भएका ८० कथाहरूको संग्रह छन् । यस ग्रन्थ विशुद्ध साहित्यिक संस्कृत भाषामा गद्य-पद्य मिश्रण गरी रचना गरिएको छ । ग्रन्थ भित्रका अधिकांस कथाहरू सर्वास्तिवादीहरूको विनय पिटकबाट संग्रह गरिएका छन् ।

३. **श्रीलात** – आचार्य श्रीलात कुमारलातका शिष्य थिए । उनको जन्म काश्मीरमा भएको थियो । उनी तक्षशीला महाविहारमा महास्थविर पदमा प्रतिष्ठित थिए । उनी सौत्रान्तिक मतका प्रखर अनुयायी थिए । उनी एक प्रतिभाशाली दार्शनिक थिए । उनको बारेमा धेरै जानकारी नभएपनि निर्वाणको विषयमा उनको मत बौद्ध ग्रन्थमा प्राप्त छन् । उनको महत्वपूर्ण ग्रन्थ 'सौत्रान्तिक विभाषा' हो ।

३. **धर्मत्रात र बुद्धदेव** – यी दुबै आचार्यहरू सौत्रान्तिक मतका थिए । तर उहाँहरूको सिद्धान्त तथा ग्रन्थहरूको बारे त्यति जानकारी प्राप्त छैन । वसुबन्धुले अभिधर्मकोशमा यी दुई आचार्यहरूको समय काल र मत बारे केही उल्लेख गरेका छन् । यसबाट उहाँहरू वसुबन्धुको समकालीन भनेर मानिएको छ ।

४. **यशोमित्र** – सौत्रान्तिक मतका आचार्य यशोमित्रको ग्रन्थ अभिधर्मकोशको विस्तृत व्याख्या 'स्फुटार्था' थिए जुन बुद्धधर्मको एक महत्वपूर्ण ग्रन्थको रूपमा लिइएको छ । यसमा अनेक अज्ञात



https://dhamma.digital

तथ लुप्त प्राय भैसकेका सिद्धान्तहरूको व्याख्या गरिएको छ । यशोमित्रभन्दा अघिका आचार्यहरू गुणमति, वसुमित्र र अन्य व्याख्याकारहरूले अभिधर्मकोशको व्याख्या लेखेका थिए तर ती सबै अप्राप्य छन् । वसुबन्धुको यो भाष्य मूलसंस्कृतमा उपलब्ध भएपनि अप्रकाशित छ। 'स्फुटार्था'को सहयोगबाट कोशको बारेमा जानकारी प्राप्त भएको छ।

**सहयोगी पुस्तकहरू :**


१. उपाध्याय, बलदेव, **बौद्ध दर्शन**, वाराणसी : शारदा मन्दिर, ई.सं. १९४६ ।

२. त्रिपाठी, रामशङ्कर, **सौत्रान्तिक दर्शन**, वाराणसी : केन्द्रीय तिब्बती शिक्षा संस्था, ई.सं. २००८ ।

३. बज्राचार्य, सिद्धिविलास, **महायान बुद्धधर्म**, काठमाडौं : सरस्वती बज्राचार्य, ई.सं. २००९ ।

४. शाक्य, तीर्थरत्न, **बौद्धधर्मका चार दार्शनिक मतहरू,** काठमाडौं : बुद्धधर्म अध्ययन तथा भजन मण्डल, ई.सं. २०१५ ।

५. सांकृत्यायन, राहुल, **दर्शनदिग्दर्शन**, आचार्य, नारायणप्रसाद (अनु.), अक्षरदीप प्रकाशन, ई.सं. २०१६ ।


Dhamma.Digital



https://dhamma.digital

# ग) योगाचार (विज्ञानवाद)

## परिचय

बौद्ध दर्शनका चार प्रमुख निकायहरूमध्ये योगाचार (विज्ञानवाद) पनि एक सशक्त दार्शनिक निकाय हो । सर्वास्तिवाद र सौत्रान्तिक स्थविरवादसँग सम्बन्ध भएका दर्शन हुन् भने योगाचार र माध्यमिक महायानसँग सम्बन्धित छन् । बौद्धदर्शनको विकासमा योगाचार सम्प्रदायको महत्वपूर्ण भूमिका छ । यसलाई शुद्ध प्रत्ययवाद मानिन्छ । माध्यमिक सम्प्रदायले जीव र जगतमा भएका सम्पूर्ण पदार्थको स्वअस्तित्व छैन सबै शून्य हो भन्ने मान्दछ भने विज्ञानवादले त्यो शून्यलाई बुझ्ने चित्त एउटाको स्वतन्त्र अस्तित्व रहेको मान्दछ । योगाचार वा विज्ञानवादले बाह्य अस्तित्व वा धर्मलाई स्वीकार गर्दैन र चित्तको अस्तित्वलाई मात्र स्वीकार्दछ । योगाचार दर्शनका प्रणेता तेस्रो शताब्दीका आचार्य मैत्रेयनाथलाई मानिन्छ । मैत्रयनाथको प्रसिद्ध ग्रन्थ समयालंकारलाई योगाचार दर्शनको मौलिक ग्रन्थ मानेको छ । चौथो शताब्दीको उत्तरार्द्धमा असङ्ग र वसुबन्धु दुई दार्शनिकहरूको ग्रन्थहरूको कारण यो दर्शन अत्यन्त प्रसिद्ध भयो । योगाचार योगावचर (योगी) शब्दबाट आएको हो । असङ्गले योगलाई विशेष जोड दिएका छन् । यो सिद्धान्तअनुसार योग वा ध्यानको अभ्यासद्वारा बोधिज्ञान प्राप्त हुन्छ भन्ने धारणा रहकोले योगाचार नाम रहन गएको हो । यो नाम रहेको अर्को एउटा कारण योगाचार दर्शनका आचार्य असङ्गको मौलिक महान् ग्रन्थ 'योगाचार भूमि' हो । अर्का आचार्य वसुबन्धुले विज्ञानलाई विशेष जोड दिई विज्ञानवाद शब्द प्रयोगमा ल्याएका थिए । विज्ञप्ति मात्र (विज्ञान मात्र) वा चित्त मात्रको सत्तालाई स्वीकार गरेकोले विज्ञानवाद भनेको हो । उनको प्रमुख ग्रन्थ विज्ञप्ति मात्रसिदि हो । विज्ञान (चित्त) मात्र परमार्थ सत्य हो अरू बाह्य जगत असत् छन्, मिथ्या छन् भन्ने यसको अवधारणा रहेको छ ।



https://dhamma.digital

## सिद्धान्त

योगाचार दर्शनले बाह्य पदार्थलाई सत्य मान्दैन । विज्ञानलाई मात्र सत्य मान्छ । जगतमा देखिने बाह्य पदार्थ सबै मायाजाल समान, सपनामा देखिने वस्तुहरू जस्तै हुन् । सबै निस्वभाव र सारहीन छन् । मनले बनाएको संसारमा हामी यात्रा गरिरहेका छौं । त्यसैले मन, चित्त वा विज्ञान मात्र सत्य हो । चित्त, मन र विज्ञप्ति विज्ञान शब्दकै पर्यायवाची हुन् । चेतनक्रियासँग सम्बद्ध भएकोले चित्त भनियो । मनन् गर्ने भएकोले मन भनियो । विषयहरूको ग्रहण गर्ने भएकोले विज्ञान भनियो । योगाचार दर्शनले भौतिक संसार सबै मिथ्या मानी मात्र चित्तको अस्तित्वलाई स्वीकार्दछ । माध्यमिक दर्शनको खण्डन गर्दै शून्यतालाई अनुभव गर्ने चित्त हो र चित्त नभए शून्यता कसरी बुझ्ने भन्ने तर्क अगाडि ल्याएको छ । चित्तद्वारा सबै हुने भएकोले चित्त शुद्ध हुनुपर्छ । मनलाई अभ्यास गर्दै जाने हो भने बुद्ध बन्न सक्छ । मनमा नराम्रो विचार नआउन अभ्यास गर्नुपर्छ । योगद्वारा परमार्थ ज्ञान प्राप्त गर्नतिर अग्रसर हुनु र विज्ञानलाई नै एकमात्र तत्व स्वीकार गर्नु योगाचार दर्शनको प्रमुख सिद्धान्त हो । बाह्य वस्तुको सत्ता छैन, यो केवल भ्रम मात्र हो । विज्ञानको मात्र सत्ता छ अर्थात् विज्ञप्तिमात्रता छ । आचार्य वसुबन्धुका अनुसार जसरी तिमिर रोग (आँखाको रोग) बाट ग्रसित मानिसले केश समान मसिना मसिना वस्तु उडिरहेको देख्छ, आँखाको दोष भएकोले द्वेचन्द्रदर्शन हुन्छ, यसरी नै अज्ञानी मनुष्यले पनि बाह्य वस्तुको सत्तालाई सत्य मानिराखेको हुन्छ । त्यसैले विज्ञान वा विज्ञप्तिको मात्र सत्ता छ र बाह्यवस्तुको सत्ता भ्रममात्र हो ।

## विज्ञानको वर्गीकरण

विज्ञानवादीहरू आठ विज्ञानलाई मान्दछन् । १. चक्षुर्विज्ञान २. श्रोत्रविज्ञान ३. घ्राणविज्ञान ४. जिव्हाविज्ञान ५. कायविज्ञान ६. मनोविज्ञान ७. क्लिष्ट मनोविज्ञान ८. आलय विज्ञान । यी आठ विज्ञानलाई 'अष्ट विज्ञान' भनिन्छ भने माथिका ६ विज्ञानलाई 'प्रवृत्ति विज्ञान' भनिन्छ ।



https://dhamma.digital

प्रवृत्ति विज्ञान - ६ वटा इन्द्रियबाट अनुभव हुने ६ विज्ञानलाई प्रवृत्ति विज्ञान भनिन्छ। वस्तुको सम्पर्कबाट चक्षुर्विज्ञान आदि ६ विज्ञान उत्पन्न हुन्छ। यी ६ वटा आलय विज्ञानबाट उत्पन्न भई यसमै विलिन हुन्छ । प्रवृत्ति विज्ञान बाह्य र आन्तरिक गरी २ भागमा विभाजन गरिएको छ । बाह्य विज्ञान चक्षु, श्रोत्र, घ्राण, जिव्हा, काय छन् भने आन्तरिक विज्ञान मन हो । वस्तुको सम्पर्कबाट विज्ञान उत्पन्न हुन्छ। चक्षु (आँखा) र रूपको सम्पर्क भएपछि चक्षुर्विज्ञान उत्पन्न हुन्छ। यसरी नै श्रोत्रको शब्द, घ्राणको गन्ध, जिव्हाको रस, कायको स्पर्शसित सम्बन्ध भएपछि चक्षुर्विज्ञान, श्रोत्रविज्ञान, घ्राणविज्ञान, जिव्हाविज्ञान, कायविज्ञान उत्पन्न हुन्छ। छैठौं विज्ञान मनोविज्ञान हो। चक्षुर्विज्ञान उत्पत्ति हुनको लागि चक्षु (आँखा), बाह्य वस्तु, मन र प्रकाशको आवश्यकता पर्दछ। यसरी नै बाकी विज्ञानहरूमा पनि माध्यमको आवश्यकता पर्दछ। चित्त, मन र विज्ञान मनोविज्ञानको स्वरूप हो । मन र बाह्य जगतको सम्पर्क हुँदा चित्तमा जुन चेतना उत्पन्न हुन्छ, त्यो मनोविज्ञान हो । चक्षु आदिलाई अध्यात्म आयतन र रूप आदिलाई बाह्यातन भनिन्छ। आध्यात्म आयतनलाई तीन भागमा विभाजन गरिएको छ।

१. **पञ्चस्कन्ध -** पञ्चस्कन्धलाई नामस्कन्ध र रूपस्कन्ध गरी २ प्रकारले विभाजन गरिएको छ। रूपस्कन्ध बाह्य जगत हो र नामस्कन्धहरू वेदना, संज्ञा, संस्कार, विज्ञान मानसिक प्रक्रिया हो।

२. **द्वादशायतन -** ६ प्रकारको इन्द्रिय चक्षुइन्द्रिय, श्रोत्रइन्द्रिय, घ्राणइन्द्रिय, जिव्हाइन्द्रिय, कायइन्द्रिय र मनइन्द्रिय अध्यात्म आयतन हुन् र इन्द्रियद्वारा ग्रहण गरिने विषयहरू रूप, शब्द, गन्ध, रस, स्पर्श र धर्म बाह्यआयतन गरी १२ आयतन वा द्वादशायन छन्।

३. **अष्टादश धातु -** इन्द्रिय ६ वटा, विषय ६ वटा, विज्ञान ६ वटा गरी १८ धातु छन्। चक्षु धातु, रूप धातु, चक्षुविज्ञान धातु गरी ३ धातुको समूह छन्। त्यस्तै गरी श्रोत्र आदि पनि ३-३ वटा गरी १८ धातु छन्।



https://dhamma.digital

**क्लिष्ट मनोविज्ञान -** ६ वटा विज्ञानले अनुभव गरेका विषयवस्तुप्रति म, मेरो भनी आसक्त भइरहनेलाई क्लिष्ट मनोविज्ञान भनिन्छ । मनमा आउने दुर्भावना नै क्लिष्ट मनोविज्ञान हो । क्लिष्ट मनोविज्ञानले निर्वाण प्राप्तिमा अवरोध खडा गर्छ ।

**आलय विज्ञान -** आलय विज्ञानमा जगतको सम्पूर्ण धर्महरूको बीज तत्व रहेको हुन्छ । सम्पूर्ण कर्म संस्कारहरू बीजको रूपमा आलय विज्ञानमा संचित भएर रहेको हुन्छ । आलय विज्ञान समुद्र जस्तै हो र अरू विज्ञानहरू समुद्र वरिपरि आएको हावा र छाल जस्तै हो । योगाचार दर्शनमा आलय विज्ञानको अत्यधिक महत्व छ । यहिंबाट समस्त धर्मको उत्पति हुन्छ र यहिं विलीन हुन्छ । त्यसैले यसलाई सर्व बिजक पनि भनिन्छ । आलय विज्ञानमा सबै कुशल/अकुशल धर्महरू संचय हुन्छन् । संसारचक्र चलेसम्म आलय विज्ञान चालु रहन्छ । निर्वाणको अवस्थामा आलय विज्ञानको निरोध हुन्छ र मुक्त व्यक्तिमा पुनः प्रवाह हुँदैन ।

## त्रिस्वभाव

विज्ञानवादको अर्को महत्वपूर्ण पक्ष त्रिस्वभाव हो : परिकल्पित, परतन्त्र र परिनिष्पन्न तीन स्वभावहरू हुन्

१. **परिकल्पित -** कल्पना गरेको धर्मलाई परिकल्पित भनिन्छ । बाह्य वस्तु वा रूप सबै मनको उपज मात्र हुन् कसैले बनाएको होइन त्यो आफ्नो मनले बनाएको मात्र हो, मनले परिकल्पना गरेर वस्तु उत्पादन हुने हो । हाम्रो आँखाको सामु प्रकट भैराखको बाह्य वस्तुहरू व्यवहारको लागि मात्र सत्य हो, त्यसको आफ्नो स्वतन्त्र अस्तित्व छैन । त्यसैले बाह्यवस्तु सबै परिकल्पित हुन् । परिकल्पना गरकोले यसको आफ्नो सत्ता छैन । जस्तै : तिमिर रोगको दृष्टि, द्वैचन्द्रदर्शन । यी सबै कल्पना मात्र हुन् यसमा कुनै सत्ता छैन तर बुद्धिको विकल्प छ ।

२. **परतन्त्र -** परतन्त्र प्रतीत्यसमुत्पन्न विज्ञान हो । कुनै पनि वस्तु स्वतन्त्र छैन । एक अर्कामा निर्भर रहेको हुन्छ, परतन्त्र भएर रहेको



https://dhamma.digital

छ । अर्काको अधिनमा भएर अस्तित्वमा आउँछ । हेतुप्रत्ययमा आश्रित हुनु नै परतन्त्र हो। कुनै पनि वस्तु स्वयं उत्पन्न हुन सक्दैन हेतुप्रत्ययद्वारा उत्पन्न हुन्छ। हाम्रो चित्त पनि अरूको भरमा निर्भर रहन्छ । चित्त कर्ममा निर्भर रहेको छ । जब चित्त स्वतन्त्र हुन्छ परिकल्पित नभई परिनिष्पन्न हुन्छ। परतन्त्र व्यवहारमा विद्यमान हुन्छ। यो नै सम्पूर्ण क्लेशको जननी हो। परतन्त्रको अशुद्धिलाई योगको माध्यमबाट अविद्या निरोध गरेर विशुद्ध विज्ञान साक्षात्कार हुँदा परिनिष्पन्न रूपमा प्रकट हुन्छ।

३. **परिनिष्पन्न** - सत्य तथ्य बुझेको स्वभाव परिनिष्पन्न हो । परिनिष्पन्न परमार्थ हो एवं शुद्ध र अखण्ड आनन्द हो । चित्तको वास्तविक स्वभाव नै शुद्ध तथा परिनिष्पन्न हो । यो शुद्ध चित्त विभिन्न कारणवश विस्तारै दुषित हुन्छ र सुख दुःख भोगिरहेको हुन्छ । परिनिष्पन्न स्वभावलाई बुझेपछि सबैको अस्तित्व एउटै हो जुन उत्पन्न भई नाश भएर जाने मात्र हो, केवल माया हो भन्ने कुरा ज्ञात हुन्छ। परिनिष्पन्न स्वभावलाई असंस्कृत धर्ममा राखिएको छ । यो परम सत्य र निर्वाण हो । जसलाई हामी ‘ म’ भन्छौं त्यो त पञ्चस्कन्धको पुञ्ज मात्र हो भन्ने कुराको ज्ञान साक्षात्कार भएपछि परिनिष्पन्न अवस्थामा पुगिन्छ। परिनिष्पन्न स्वभावलाई तथता वा यथाभूत दर्शन पनि भनिन्छ। उदाहरणको लागि मरुभूमिमा मिराज देख्यो भने त्यो परिकल्पित स्वभाव भयो, मिराज वातावरणमा निर्भर भएकोले परतन्त्र भयो । मरुभूमिमा पानी हुँदैन भन्ने बोध भयो भने परिनिष्पन्न भयो।

## धर्मको वर्गीकरण

योगाचार सिद्धान्त अनुसार धर्म १०० वटा छन्। धर्मलाई दुई वर्गमा बाँडिएको छ : क) संस्कृत ख) असंस्कृत

**क) संस्कृत धर्म -** हेतुप्रत्ययको नियम अनुसार निर्माण हुने सबै पदार्थ संस्कृत हुन्। संस्कृत धर्म चार भागमा विभाजन गरिएको छ।



https://dhamma.digital

| | |
|---|---|
| क. रूप धर्म | - ११ |
| ख. चित्त | - ०८ |
| ग. चेतसिक | - ५१ |
| घ. चित्त विप्रयुक्त | - २४ |
| | ९४ |

**क. रूप धर्म -** योगाचार मतअनुसार रूप भनेको बाह्य वस्तु हुन् । रूपको कारण बाह्य जगत देखा परिरहेका छन् । तर यो संसारको कुनै पनि सत्ता नभएकोले जे जति हाम्रो सामु देखापरिरहेका छन् ती सबै चित्तको प्रतिविम्ब मात्र हुन् । रूप धर्म ११ वटा यस प्रकार छन् । चक्षु, श्रोत, घ्राण, जिव्हा, काय, रूप, शब्द, गन्ध, रस, स्पर्श र धर्मायतन ।

**ख. चित्त -** योगाचार दर्शनले चित्तको आठ भेद देखाएका छन्, ती हुन् : चक्षुर्विज्ञान, श्रोत्रविज्ञान, घ्राणविज्ञान, जिव्हाविज्ञान, कायविज्ञान, मनोविज्ञान, क्लिष्ट मनोविज्ञान र आलय विज्ञान । आलय विज्ञान चित्त विज्ञान हो जसलाई चित्त मात्र पनि भनिन्छ । त्यसपछि चित्तमात्र भन्ने सिद्धान्त देखा पर्न थाल्यो ।

**ग. चेतसिक -** चेतसिक भनेको मानसिक धर्म हो जुन चित्तसित सम्प्रयुक्त धर्म हो । यो चित्तसँगै उत्पन्न हुन्छ र चित्तसँगै निरुद्ध हुन्छ । चेतसिक धर्महरू सर्वास्तिवादले ४६ वटा, स्थविरवादले ५२ वटा र योगाचारले ५१ वटा मानेका छन् । योगाचारहरूले चेतसिकलाई ६ भागमा विभाजन गरिएको छ ।

१. सर्वत्रगामी - सर्वत्रगामी चेतसिक ५ प्रकारका छन् - स्पर्श, मनस्कार, वेदना, संज्ञा र चेतना । यिनीहरू सबै चित्तसित मिल्ने चेतसिक हुन् । स्थविरवादमा यो ७ प्रकारका छन् र यसलाई सब्बचित्त साधारण चेतसिक भनिन्छ ।

२. विनियत - विनियत चेतसिक ५ प्रकारका छन् - छन्द, अधिमोक्ष, स्मृति, समाधि, धी । यो सबै प्रकारको चित्तसित सम्प्रयुक्त हुँदैन । आलयविज्ञान र क्लिष्टमनसित सम्प्रयोग हुँदैन । प्रवृत्ति विज्ञानसित



https://dhamma.digital

मात्र सम्प्रयुक्त हुन्छ । स्थविरवादमा यसलाई पकिण्णक चेतसिक भनिन्छ र यो ६ प्रकारका छन् ।

३. कुशल - कुशल चेतसिक कुशल चित्तसित सम्प्रयुक्त हुन्छ, ती ११ प्रकारका छन् - श्रद्धा, ह्री, अपत्रता, अलोभ, अद्वेष, अमोह, वीर्य, प्रश्रब्धि, अप्रमाद, उपेक्षा र अहिंसा । स्थविरवादमा यसलाई सोभन चेतसिक भनिन्छ । यो २५ प्रकारका छन् ।

४. क्लेश - अकुशल चेतसिक क्लेश हुन्, ती ६ प्रकारका छन् - राग, द्वेष, मोह, मान, दृष्टि, विचिकित्सा

५. उपक्लेश - उपक्लेश चेतसिक २० वटा छन् - क्रोक, उपनाह, म्रक्ष, प्रदाश, ईर्ष्या, मात्सर्य, माया, शाठ्य, मद, विहिंसा, आह्रिक्य, अत्रपा, स्त्यान, उद्धव, अश्रद्धा, कौशीद्य, प्रमाद, स्मृतिभ्रष्टता, विक्षेप, असंप्रजन्य ।

६. अनियत - अनियत पनि अकुशल चेतसिक हुन्, यिनीहरू ४ वटा छन् - कौकृत्य, मिद्ध, वितर्क, विचार

क्लेश, उपक्लेश र अनियत चेतसिक अकुशल चेतसिक हुन् जुन ३१ वटा छन् । स्थविरवादमा अकुशल चेतसिक १४ वटा छन् ।

धर्मको तुलनात्मक वर्गीकरण यसप्रकार गरिएको छ :

| धर्म | स्थविरवाद | सर्वास्तिवाद | योगाचार |
|---|---|---|---|
| रूप | २८ | ११ | ११ |
| चित्त | ८९ | १ | ८ |
| चैतसिक | ५२ | ४६ | ५१ |
| चित्तविप्रयुक्त | ० | १४ | २४ |
| असंस्कृत | १ | ३ | ६ |
| | १७० | ७५ | १०० |

**ख) असंस्कृत धर्म -** हेतुप्रत्यय जन्य नभैकन स्वाभाविक रूपले सदा रहीरहने धर्म असंस्कृत हुन् । यो हेतुप्रत्यय बिना उत्पन्न हुने स्थायी,



https://dhamma.digital

नित्य प्रकृतिको धर्म असंस्कृत धर्म हो । योगाचार दर्शमा असंस्कृत धर्म ६ प्रकारका छन् ।

क. आकास

ख. प्रतिसंख्या निरोध

ग. अप्रतिसंख्या निरोध

घ. अचल

ङ. संज्ञा वेदना निरोध

च. तथता

**क. आकाश -** आचार्य वसुबन्धुले 'अनावृत्ति' शब्दद्वारा आकाशको वर्णन गरेका छन् । आकाशले अरूलाई न ढाक्ने काम गर्छ, न आकाशलाई अरू कुनै धर्मले ढाक्ने गर्दछ। आकाशले रूपलाई आफूभित्र प्रवेश गर्न निषेध गर्दैन । आकाश नित्य अपरिवर्तनशील असंस्कृत धर्म हो ।

**ख. प्रतिसंख्या निरोध -** प्रतिसंख्या भनेको ज्ञान वा प्रज्ञा हो । प्रज्ञाद्वारा सास्रव धर्महरूको निरोध हुनेलाई प्रतिसंख्या निरोध भनिन्छ । सबै क्लेश एकैचोटि निरोध हुँदैन एक एक गरी निरोध गर्नुपर्छ। उदाहरणको लागि समस्त क्लेशको मूलकारण सत्काय दृष्टि हो। प्रज्ञाद्वारा सत्काय दृष्टिलाई निरोध गरेपछि बन्धन (संयोजनहरू) निरोध हुन्छ । सम्पूर्ण बन्धन निरोध भएपछि निर्वाण साक्षात्कार हुन्छ ।

**ग. अप्रतिसंख्या निरोध -** अप्रतिसंख्या निरोध भनेको बिना प्रज्ञा निरोध भनेको हो । उत्पन्न नभएको क्लेशलाई उत्पन्न हुन नदिनु हो । हेतु प्रत्ययको कारणले उत्पन्न भएको धर्म हेतु प्रत्यय निरोध भएपछि स्वतः निरोध हुन्छ । जस्तो कि इन्धन बिना आगो हुँदैन । प्रतिसंख्या निरोधमा आस्रव क्षय ज्ञान उत्पन्न भई सबै क्लेश निर्मूल हुन्छ भने अप्रतिसंख्या निरोधमा अनुत्पाद ज्ञान उत्पन्न हुन्छ। भविष्यमा रागादि क्लेश उत्पन्न हुँदैन जसबाट प्राणी भवचक्रबाट



https://dhamma.digital

सदाको लागि मुक्ति प्राप्त गर्छ ।

**घ. अचल -** अचल भनेको उपेक्षाभाव हो । सुख, दुःखबाट अलगको अवस्थालाई अचल भनिन्छ । सुख-दुःखबाट अलग भएपछि अचलको अवस्था साक्षात्कार हुन्छ । यसलाई चतुर्थ ध्यानसित तुलना गरिएको छ ।

**ङ. संज्ञा-वेदना-निरोध -** यो निरोध समापत्तिको अवस्था हो । योगी यस अवस्थामा पुगेपछि संज्ञा र वेदना जस्ता मानसिक धर्महरूलाई वशमा राखिसकेको हुन्छ ।

**च. तथता -** संसारको जतिपनि वस्तु छन् त्यसलाई जस्तो छ त्यस्तै स्वीकार गर्नु बुझ्नु तथता हो । तथता भनेको कुनै पनि प्रकारको विकार नभएको अविकारी तत्व हो । विकार हेतु प्रत्ययद्वारा उत्पन्न हुन्छ । त्यसकारण तथता असंस्कृत धर्म भएको कारण अविकारी हो ।

**योगाचार (विज्ञानवाद) सम्प्रदायका आचार्यहरू**

**१. आर्य मैत्रेयनाथ -** चौथौं शताब्दीका आर्य मैत्रेयनाथ योगाचार दर्शनको प्रणेता मानिन्छ । मैत्रेयनाथलाई परम्परा धारणा अनुसार बोधिसत्व मानिएको छ । भविष्यमा आउने बोधिसत्वको रूपमा उनलाई मानिएको छ । मैत्रेयनाथले असङ्गलाई तुषिताभुवनमा ग्रन्थबारे उपदेश दिएको विश्वास गरिन्छ । मैत्रेयनाथको बारे एकिन विवरण प्राप्त छैन तरपनि आधुनिक विद्वानहरूका अनुसार उनी ऐतिहासिक पुरुष हुन् र असङ्गलाई उनले दिक्षा दिएका थिए । उनले नै योगाचार दर्शनको स्थापना गरेका थिए । आर्य मैत्रेयनाथले यस मतमा संस्कृतमा ग्रन्थहरू रचना गरेका थिए । तर एक दुइटा बाहेक धेरै मूल संस्कृतमा पाइएको छैन तर तिब्बती र चिनिया अनुवादमा ग्रन्थहरू पाइन्छ । आर्य मैत्रेयनाथका ग्रन्थहरू - महायान सूत्रालंकार, धर्म धर्मता विभङ्ग, महायान उत्तर-तन्त्र, मध्यान्त विभङ्ग, अभिसमयालंकार कारिका ।

**२. आर्य अस -** चौथौं शताब्दीका आर्य असङ्ग गान्धारमा राज ब्राह्मणको कौशिक परिवारमा जन्मेका थिए । उनी मैत्रेयनाथका



https://dhamma.digital

शिष्य र योगाचार सम्प्रदायका प्रसिद्ध आचार्य थिए । असङ्गको तीन दाजुभाईहरू थिए - ठूलो असङ्ग, माहिला वसुबन्धु र तेश्रो विरिञ्चीवत्स । उनी मैत्रेयनाथका शिष्य थिए । असङ्ग र वसुबन्धु दुवै प्राचीन बौद्ध दर्शनका विद्वानहरू हुन् । असङ्गले भाई वसुबन्धुलाई वैभाषिक मतबाट योगाचार मतमा ल्याई यसमा दिक्षित गराएका थिए । असङ्ग पहिले अर्हत पिन्डोलका शिष्य थिए पछि आचार्य मैत्रेयनाथको शिष्य बन्न पुगे । असङ्गले आचार्य मैत्रेयनाथबाट सिद्धि प्राप्त गरी आफूले बुझेको कुरा प्रकाशमा ल्याएका थिए । महायान सूत्रालंकार असङ्ग र गुरु मैत्रेयनाथको संयुक्त रचना थियो । यो विज्ञानवादको मौलिक ग्रन्थ हो । यसमा कारिका मैत्रेयनाथले र यसको भाष्य असङ्गले लेखेका थिए । असङ्गको विद्वताको कारण विज्ञानवादको उन्नति प्रगति भएको थियो । विज्ञानवादको प्रसिद्धि प्रतिष्ठाको मुख्य कारण आर्य असङ्ग थिए । उनीद्वारा रचित ग्रन्थहरू - महायान सम्परिग्रह, प्रकरण आर्यवाचा, योगाचार भूमिशास्त्र, महायान सूत्रालंकार आदि ।

**३. आचार्य वसुबन्धु –** आर्य असङ्गका भाई आर्य वसुबन्धु शुरुमा वैभाषिक मतको सुप्रसिद्ध गुरु थिए । उनको वैभाषिक मतको प्रसिद्ध कृति अभिधम्मकोष महाविभाषाको सार मानिन्छ । पछि जीवनको उत्तरार्द्धमा आफ्नो दाजु असङ्गको प्रेरणाद्वारा उनले योगाचार मत ग्रहण गरेका थिए । सर्वास्तिवादका समर्थक वसुबन्धु शुरुमा महायानको विरोधी थिए । उनले महायानको निन्दा गरेकोमा पश्चाताप भई आफ्नो जिब्रो नै काट्ने विचार गरेका थिए तर दाजु असङ्गले त्यसो गर्न दिएन । पछि उनले महायान सम्प्रदायको ग्रन्थहरू रचना गरी विज्ञानवादलाई अझ बढी प्रचारमा ल्याए । वसुबन्धुका महायान सम्बन्धीग्रन्थहरू - सद्धर्मपुण्डरिकको टीका, महापरिनिर्वाण सूत्रको टीका, बज्रच्छेदिका प्रज्ञापारमिता टीका, विज्ञप्ति मात्रतासिद्धि यसमा २ भाग छन् - विंशिका र त्रिंशिका ।

**४. आचार्य दिङ्नाग –** दिङ्नागको जन्म पाँचौं शताब्दीमा आन्ध्रप्रदेशको काँची शहर नजिक सिंहबक्र नामको गाउँमा ब्राह्मण परिवारमा भएको थियो । उनी वत्सीपुत्रिय आचार्य नागदत्तको शिष्य



https://dhamma.digital

थिए । उनले दिङ्नागलाई बुद्धधर्ममा दिक्षित गराएका थिए पछि आचार्य वसुबन्धुको शिष्य बने । उनलाई एकपटक नालन्दा महाविहारका ब्राह्मण तान्त्रिक आचार्य सुदुर्जयले धर्म शास्त्रार्थ गर्न नालन्दा निमन्त्रणा गरेका थिए । शास्त्रार्थमा दिङ्नागले सुदुर्जयलाई पराजित गरेका थिए । शास्त्रार्थको लागि उनी उडीसा र महाराष्ट्र पनि गएका थिए । धेरै समय उनले उडीसामा बिताए । बौद्ध तर्कशास्त्रमा दिङ्नागको विशेष स्थान छ । उनलाई तर्कशास्त्रको संस्थापक मानिन्छ । तर्कशास्त्र सम्बन्धीउनको धेरै कृतिहरू छन् । दिङ्नागका ग्रन्थहरू - प्रमाण समुच्चय, प्रमाण समुच्चयवृत्ति, न्याय प्रवेश, हेतुचक्रडमरु ।

**५. धर्मकीर्ति -** सातौं शताब्दीका आचार्य धर्मकीर्ति तर्कशास्त्रका प्रसिद्ध बौद्ध दार्शनिक थिए । बाल्यकालदेखि तीक्ष्ण बुद्धि भएका धर्मकीर्तिको जन्म दक्षिण भारतको चूडामणि राज्यको ब्राह्मण कुलमा भएको थियो । धर्मकीर्तिले दिङ्नागको शिष्य ईश्वरसेनबाट तर्कशास्त्र सिकेका थिए । ईश्वरसेनले उनलाई दिङ्नागको तार्किक सम्बन्धीग्रन्थ अध्ययन गर्न लगाएका थिए । पहिलो पल्ट मै दिङ्नागको प्रमाण समुच्चय बुझेका थिए । पछि उनले बौद्ध प्रमाणशास्त्र सम्बन्धीअति महत्वपूर्ण ग्रन्थहरू रचना गरेका थिए । ती ग्रन्थहरू ९ वटा छन् । ७ वटा मूल ग्रन्थ र २ वटा ती ग्रन्थहरू माथि लेखेका टिका छन् । धर्मकीर्तिद्वारा रचित ग्रन्थहरू - प्रमाणवार्तिक, प्रमाण विनिश्चय, न्यायबिन्दु, सम्बन्ध परीक्षा, हेतु बिन्दु, सन्तान्तर सिद्धि ।

**६. आचार्य स्थिरमती -** आर्य स्थिरमती वसुबन्धुका शिष्य थिए । उनी चौथौं शताब्दीको अन्तका थिए । उनले आफ्नो गुरुको ग्रन्थहरू माथि महत्वपूर्ण व्याख्या लेखेका थिए । उनका कृतिहरू - काश्यप परिवर्त टीका, सूत्रालंकारवृत्तिभाष्य, त्रिंशिका भाष्य, पञ्चस्कन्धप्रकरण वैभाष्य, अभिधर्मकोष भाष्यवृत्ति आदि ।



https://dhamma.digital

# घ) माध्यमिक

## परिचय

बौद्ध दर्शनका चार प्रसिद्ध सम्प्रदायहरूमध्ये माध्यमिक दर्शन अति महत्वपूर्ण रहेको छ। दार्शनिक जगतमा यसको स्थान उच्चकोटिको छ । यसलाई बौद्ध दर्शनको चरम विकासको रूपमा लिइन्छ । यो सम्प्रदाय महायान दर्शन अन्तर्गत पर्दछ । दोस्रो शताब्दीमा आचार्य नागार्जुनको चिन्तन मननको परिणाम स्वरूप माध्यमिक दर्शनको प्रादुर्भाव भयो । यस दर्शनलाई शून्यवाद पनि भनिन्छ । माध्यमिक दर्शनका प्रसिद्ध आचार्य नागार्जुनले शून्यवादको पूर्ण स्वरूप प्रदान गरेका थिए। उनले प्रौढ तर्क, पण्डित्याईंपूर्ण शैली र सशक्त भाषामा माध्यमिक दर्शनके व्याख्या गरेका छन् । यस मत अनुसार जगत, निर्वाण सबै असत्य हुन् । जीव र जगतमा भएका वस्तुहरूको साथै हामीले देख्ने, सुन्ने, अनुभूति गर्ने सबै विषयवस्तुहरू शून्य स्वभावको छ, यो नै सत्य हो। अर्थात् कसैको आफ्नो स्वअस्तित्व छैन। माध्यमिक दर्शनको मूलरूप बुद्धको उपदेशमा नै निहित मानिन्छ। बुद्धले दिनुभएको उपदेश प्रतीत्य समुत्पाद र मध्यममार्गमा आधारित भई नागार्जुनले माध्यमिक मतको प्रतिपादन गरे। प्रतीत्य समुत्पादको सिद्धान्तलाई उनले शून्यता ज्ञानको रूपमा परिभाषित गरे । जीव र जगतमा भएका हरेक वस्तु स्वभाव रहित निस्वभाव शून्य भनी बुझ्नु नै यसको मूल अभिप्राय हो। शून्यता दर्शनको मुख्य स्रोत प्रज्ञापारमिता सूत्र रहेको छ र यो दर्शन अभिधर्ममा आधारित छ। पट्ठानपाठ पनि माध्यमिक दर्शनको अर्को स्रोत हो ।

## सिद्धान्त

सबै धर्म परमार्थतः सत्य होइनन् तर व्यवहारतः असत्य पनि होइनन् भन्ने मान्यता नै माध्यमिक दर्शन हो। यसले कुनै पनि धर्मको आफ्नो स्वभाव नभएको र निस्वभाव भन्ने भएको मान्दछ। शून्यताको व्याख्या गर्दै नागार्जुनले भनेका छन् कि जुन प्रतित्यसमुत्पन्न हुन्छ त्यो शून्यता हो र त्यही मध्यमप्रतिपद पनि हो । वस्तुहरू भित्र कुनै स्थिर



https://dhamma.digital

तत्व छैन, यो विच्छन्न प्रवाह मात्र हो । सबै वस्तुहरू आफ्नो सत्ता पाउनको लागि अर्को प्रत्यय वा हेतुमा आश्रित छन् । सबै वस्तु पराश्रित छन् त्यहाँ उत्पत्ति, स्थिति र विनाश मात्र छ त्यसकारण वस्तुको परमार्थ सत्ता छैन । स्वभाव खाली छ कार्य र कारण बाहेक केही छैन कार्य र कारणबाट निरन्तर चलिरहेछ स्थायी रूपमा रहिरहने भाव छैन । आफू र आफ्नो भन्ने छैन यो निस्वभाव नै वास्तविक सत्य हो । निस्वभावको अर्को शब्द शून्यता हो । आचार्य नागार्जुनका अनुसार शून्यता भनेकै प्रतीत्य समुत्पाद हो ।

माध्यमिक दर्शन दुई अतिवादलाई त्यागेर मध्यम मार्गमा लागेको छ । ती अतिवाद हुन् शाश्वतवाद र उच्छेदवाद । संसारमा भएका जति नित्य र स्थायी हुन् भन्ने मान्नेहरू शाश्वतवाद हुन् । शरीरलाई अति सुख-सुविधा र भोगविलासमा डुबाउने, मरेपछि सदाको लागि मर्छ, नाश भइसकेपछि फेरी आउँदैन, पुनर्जन्म छैन, जिउँदै छँदा मोजमस्ती गर्ने भन्ने धारणा बोकेकाहरू उच्छेदवादी हुन् । यी दुई वादमा लागेर निर्वाण साक्षात्कार गर्न सकिन्दैन । तसर्थ बीचको बाटो अनुशरण गरेमा मात्र निर्वाण धर्मलाई बोध गर्न सकिन्छ ।

## दुई प्रकारको सत्य

आचार्य नागार्जुनका अनुसार सत्य दुई प्रकारका छन् - संवृति सत्य र परमार्थ सत्य ।

### १. संवृत्ति सत्य :

यसलाई व्यवहारिक सत्य वा लौकिक सत्य पनि भनिन्छ । यस जीव र जगतमा हामीले जे जति अनुभव गरिरहेका छौं ती सबै हामीलाई यथार्थ लाग्छ तर ती लोक व्यवहारका लागि मात्र सत्य हुन् । यी सबै व्यवहारिक सत्य, लौकिक सत्य तथा संवृत्ति सत्य हुन् । व्यवहारिक दृष्टिकोणले संसार छ प्रतीत्यसमुत्पाद पनि छ । तर यसमा कुनै आफ्नो स्वभाव छैन र स्वभाव शून्यता वा निःस्वभाव छ । प्रत्येक वस्तुको आफ्नो स्वभाव नभएकोले एक अर्को सत्ताको अधीनमा रहेको हुन्छ, सबै परतन्त्र



https://dhamma.digital

छन्, परस्पराश्रित छन्, अन्योन्याश्रित छन्। जसको स्वतन्त्र स्वभाव छैन त्यसलाई नै निःस्वभाव भनिन्छ।

२. **परमार्थ सत्य :**

यथार्थ सत्य नै परमार्थ सत्य हो। लौकिक व्यवहारमा हामी जुन कुरा सत्य भनेर मानिरहेका छौं परमार्थतः ती सबै मिथ्या, मायाजाल हुन्। यस संसारमा देखिने जीव-जगत, सुख-दुःख, राम्रो-नराम्रो, स्त्री-पुरुष आदि केही पनि छैनन्। यी सबै केही समयको लागि हाम्रो सामु प्रकट हुन्छन्। अज्ञानतावश हामीले यसलाई सत्य सम्झीरहेका हुन्छौं। यथार्थतः तिनीहरू सबै स्व-अस्तित्व नभएका, केवल प्रतीत्यसमुत्पन्न र परिवर्तन भइरहने स्वभावका हुन्। ती सबै शून्य स्वभावका हुन्। तसर्थ समस्त प्रतीत्यसमुत्पन्न पदार्थको स्वभावहीनता नै पारमार्थिक रूप हो। माध्यमिक दर्शनले वस्तुको अस्तित्वलाई व्यवहारिक सत्यको अर्थमा स्वीकार्छ तर परमार्थ सत्यको अर्थमा स्वीकार्दैन।

**शून्यता :**

माध्यमिक मतको प्रमुख सिद्धान्त शून्यवाद हो। यस जीव जगतमा भएका सम्पूर्ण धर्मको स्वभाव शून्य छ। परमार्थ सत्य नै शून्यता हो। परमार्थलाई शब्दद्वारा व्यक्त गर्न सकिन्दैन, यो अनुभूतिगम्य हो। यो वचनको विषय होइन, अनुभवको विषय हो। बुद्धिद्वारा तर्क मात्र गरिन्छ तर शून्यतत्वको बोधको लागि प्रज्ञा आवश्यक छ। बाह्य वस्तु र मन दुवैको स्वभाव शून्य छ। चित्त (मन) पनि बाह्य वस्तुको आधारमा उत्पन्न हुन्छ, त्यसैले मन पनि स्थिर छैन। त्यसकारण चित्तको स्वभाव पनि शून्य छ। क्लेशयुक्त चित्त नै निर्मल भएर बुद्धत्वसम्म पुग्छ। सबै धर्म अनात्म स्वभावका हुन्, म, मेरो, भनेर लिने केही छैन जुन माया, स्वप्न, मृगतृष्णा, प्रतिविम्ब समान हुन् यिनमा आफ्नो स्वभाव छैन त्यसैले सबै धर्म निस्वभाव हुन्, यो नै शून्यता हो। सबै धर्म परमार्थतः सत् पनि होइन तर संवृत्तितः असत् पनि होइन यस्तो दर्शन नै ' माध्यमिक दर्शन' हो।



https://dhamma.digital

माध्यमिक दर्शनले अंगिकार गरेको बुद्धको उपदेश प्रतीत्यसमुत्पाद हो, यस दर्शनले भन्दछ कि जसले शून्यतालाई बुझ्दछ उसले प्रतीत्यसमुत्पादलाई बुझ्दछ। प्रतीत्यसमुत्पाद बुझ्नेले चार आर्यसत्यलाई बुझ्दछ, चार आर्यसत्य बुझेपछि तृष्णा निरोध गर्न सकिन्छ। साथै धर्म, धर्मको हेतु र धर्मको फल बुझ्दछ। उसले अधर्म, अधर्मको हेतु, अधर्मको फललाई बुझ्दछ । क्लेश के हो, सुगति-दुर्गति के हुन्, सुगति-दुर्गतिमा जाने बाटो के हो, यसबाट निस्कनु के हो र यसको उपाय के हो बुझ्दछ।

प्रत्यय (हेतु) बाट उत्पन्न सबै वस्तुहरू प्रतीत्यसमुत्पन्न भएकोले हरेक वस्तु आफ्नो सत्ता पाउन अर्को प्रत्यय वा हेतुमा आश्रित छन् । प्रतीत्यसमुत्पादको अर्को अर्थ क्षणिकता हो । सबै वस्तुहरू क्षणभरमै नष्ट हुन्छन्, त्यसपछि फेरी अर्को नयाँ वस्तु क्षणभरका निम्ति आउँछन् र तत्क्षणमै नष्ट हुन्छन् । यो जीव-जगत उत्पत्ति र विनाशको प्रवाह हो । पराश्रित भएर उत्पत्ति हुने केही क्षणको लागि स्थिति भई फेरी विनाश हुन्छ । त्यसैले कुनै पनि वस्तुको आफ्नो सत्ता छैन । कारणबाट कार्यको उत्पत्ति हुने भएको हुनाले एउटाको अभावमा अर्कोको उदय हुँदैन, तिनमा स्वतन्त्र स्वभाव हुँदैन त्यसैले समस्त धर्मको स्वभाव शून्य छ । यो नै शून्यता दर्शन हो ।

**शून्यताको प्रकार :**

चिनिया विद्वान् व्हेनसाङ्गद्वारा अनुदित चिनिया भाषाको 'प्रज्ञापारमिता'मा १८ प्रकारको शून्यताको वर्णन छन् । तर 'पञ्चविंशति साहस्रिका प्रज्ञापारमिता' अनुसार हरिभद्रको 'अभि समयालंकार'मा शून्यताका बीस प्रकार छन् ।

१. अध्यात्म शून्यता
२. बहिर्धा शून्यता
३. अध्यात्म बहिर्धा शून्यता
४. शून्यता शून्यता
५. महाशून्यता
६. परमार्थ शून्यता
७. संस्कृत शून्यता
८. असंस्कृत शून्यता
९. अत्यन्त शून्यता
१०. अनवराग्र शून्यता



https://dhamma.digital

| | |
|---|---|
| ११. अनवकार शून्यता | १६. अभाव स्वभाव शून्यता |
| १२. प्रकृति शून्यता | १७. भाव शून्यता |
| १५. उपलम्भ शून्यता | १८. अभाव शून्यता |
| १३. सर्वधर्म शून्यता | १९. स्वभाव शून्यता |
| १४. लक्षण शून्यता | २०. परभाव शून्यता |

**माध्यमिक दर्शनका दुई सम्प्रदाय :**

आचार्य नागार्जुनले माध्यमिक सम्प्रदायको स्थापना गरे पश्चात् समयको कालान्तरमा यस सम्प्रदायमा दुई परम्परा देखापरे । ती हुन् - १. प्रासंगिक २.स्वातन्त्रिक ।

**१. प्रासंगिक**

भारती बौद्ध दार्शनिक आचार्य बुद्धपालित प्रासंगिक मतका संस्थापक थिए। बुद्धपालितले नागार्जुन र आर्यदेवको ग्रन्थको टिका रचना गरेका थिए । उनको ग्रन्थलाई उनकै समकालीनहरू मध्ये भावविवेकले खण्डन गरेका थिए भने चन्द्रकीर्तिले समर्थन गरे । यी विद्वानहरूबाट नै माध्यमिक दर्शनमा दुई सम्प्रदायको उदय भएको थियो । बुद्धपालितले नागार्जुनको मूलशास्त्र 'माध्यमिक कारिका' को टिका 'बुद्धपालितवृत्ति' रचना गरे जुन गम्भीर व्याख्या थियो। यो एक प्रासंगिक मतको रचना थियो जसमा माध्यमिक दर्शनको महत्वलाई वृहत् रूपमा व्याख्या गरेको थियो । यस मत अनुसार विपक्षसँग शास्त्रार्थ गर्दा यस प्रकारको प्रश्न गर्नुपछ कि त्यसको उत्तर दिंदा ऊ आफैं मिथ्या हो भन्ने प्रमाणित हुन जाओस् । बुद्धपालितले शून्यताको व्याख्यामा तर्कको आधार लिनु हुँदैन भनी तर्कलाई निन्दा गरेका छन् । भावविवेकले बुद्धपालितको कामलाई प्रसंग मिलाएर व्याख्या गर्नु मात्र पर्याप्त नभएको भनी पुष्टि गरेका थिए । उनले शून्यवादको सिद्धान्तलाई व्याख्या गर्नको लागि स्वतन्त्र रूपले तर्कपूर्ण जुक्ति अपनाउनुपर्छ भनेका थिए ।



https://dhamma.digital

२. **स्वातन्त्रिक**

स्वातन्त्रिक परम्पराका संस्थापक आचार्य भावविवेक थिए । भावविवेकले आचार्य बुद्धपालितको मृत्युपछि उहाँको विचारलाई खण्डन गर्दै नागार्जुनको शिक्षामा आधारित 'ज्ञानदीप' (Wisdom of Lamp) भन्ने टिका रचना गरेका थिए। यो रचना स्वातन्त्रिक परम्पराको आधार हुन गयो । स्वातन्त्रिक परम्परामा कुनै पनि धर्मको स्व-अस्तित्व छैन र वास्तविक अस्तित्व भनेको शून्यता नै हो भनी तर्कपूर्ण विचारलाई प्रस्तुत गरेको पाइन्छ। यो शैली त्यसबेला प्रचलित प्रासंगिक परम्परा भन्दा फरक थियो। प्रासंगिकमा कुनै पनि धर्मको वास्तविक स्व-अस्तित्व बारे तर्कपूर्ण पुष्टि गरिएको पाइँदैन । प्रासंगिकहरूको विचारमा यसरी तर्कपूर्ण स्व-विचारहरू प्रस्तुत गर्दा भावार्थ मुख्य कथनभन्दा बाहिर गएर गल्ती हुन सक्ने ठान्दछन् । भावविवेक स्वातन्त्रिक सिद्धान्तलाई प्रासंगिकबाट भिन्न भएको मान्यतालाई वर्णन गर्ने पहिलो व्यक्ति थिए । त्यसैले उनलाई स्वातन्त्रिकको संस्थापक मानियो । स्वातन्त्रिक मतअनुसार माध्यमिक सिद्धान्तको सत्ता प्रमाणित गर्नको लागि स्वतन्त्र प्रमाणहरू दिएर विपक्षीलाई पराजित गर्नुपर्छ।

**माध्यमिक सम्प्रदायका आचार्यहरु :**

**१. आचार्य नागार्जुन** - आचार्य नागार्जुनको उदय ईसाको दोस्रो शताब्दीमा भएको थियो । वहाँ महायानी बुद्धधर्मका एक महान् दार्शनिक तथा शून्यवाद सम्प्रदाय (माध्यमिक सम्प्रदाय) का संस्थापक थिए। नागार्जुनको जन्म दक्षिणी भारतमा एक ब्राम्हण परिवारमा भएको थियो । उनले सानै उमेरदेखि नै दर्शन-शास्त्र अध्ययन गर्न शुरु गरेका थिए । उनी प्रकाण्ड विद्वान थिए । भनिन्छ उनले ९० दिनमा सम्पूर्ण त्रिपिटक अध्ययन गरेका थिए । नागार्जुनले नालन्दा विश्वविद्यालयमा अध्ययन गरेका थिए पछि उनी नालन्दा विश्वविद्यालयका कुलपति समेत बनेका थिए । पछि उनी बौद्ध भिक्षु बने । उनले अनेक विद्वान तथा पण्डितहरूलाई शास्त्रार्थमा पराजित गरेका थिए । उनको पहलमा बौद्ध विहारहरू पनि निर्माण भएका थिए, बोधगया र अमरावतीमा विहारहरू



https://dhamma.digital

जिर्णोद्वार गरेका थिए । भगवान बुद्धसित सम्बन्धित धेरै स्थानहरू पनि भ्रमण गरेका थिए ।

नागार्जुन आन्ध्र प्रदेशका शातवाहन राजा गौतमीपुत्र यज्ञश्री (सन् १६६-१९६)का समकालीन थिए । राजाले नागार्जुनलाई श्रीपर्वतमा एक विशाल विहार निर्माण गरिदिएका थिए । शून्यवादका प्रवर्तक नागार्जुन एक महान ज्योतिष साथै रसायनशास्त्र, आयुर्वेदिक तथा मन्त्रतन्त्रका पनि महान् ज्ञाता थिए । उनी आफ्नो योगक्रियाद्वारा असाधारण सिद्धि र चमत्कार देखाउनमा दक्ष थिए । प्रकाण्ड विद्वान तथा महान् तार्किक नागार्जुन एक कुशल धर्मोपदेशक पनि थिए। उनका ग्रन्थहरूको अध्ययन पछि विद्वानहरूले नागार्जुनलाई महान आश्चर्य र रहस्य, श्रेष्ठतम तार्किक, अद्वितीय दार्शनिक आदि भन्ने गरेको पाइन्छ। यसप्रकार वहाँको कीर्ति भारतीय दार्शनिक जगतमा प्रख्यात छ ।

उनको प्रसिद्ध ग्रन्थ ‘मूल माध्यमिक कारिका’ हो । यस ग्रन्थमा माध्यमिक सिद्धान्त प्रतिपादन गरिएको छ । ‘मूल माध्यमिक कारिका’ महायान बौद्ध धर्मको प्रमुख ग्रन्थको रूपमा रहेको छ । अर्को ग्रन्थ ‘सहृलेख’ (मित्रको नाममा पत्र) सातवाहन राजालाई लेखिएको थियो । यस रचना नैतिक तथा आध्यात्मिक विचारले भरिपूर्ण थियो । यस ग्रन्थको तिब्बती तथा चीनिया भाषामा अनुवाद भैसकेको छ ।

आचार्य नागार्जुनले रचना गरेका ग्रन्थहरू यस प्रकार छन् -

- मूल माध्यमिक कारिका
- बिग्रहव्यावर्तनी
- युक्तिषष्टिका
- शून्यतासप्तति
- सहृलेख
- रत्नावली
- प्रतीत्यसमुत्पाद हृदयरिका
- चतुष्तभ आदि



https://dhamma.digital

**२. आचार्य आर्यदेव -** आचार्य आर्यदेव ईसाको तेस्रो शताब्दीका एक महान् दार्शनिक थिए । उनले आचार्य नागार्जुनले स्थापना गरेको माध्यमिक दर्शनलाई विकासको चरम शिखरसम्म पुऱ्याएका थिए । उनी सींहली राजाको पुत्र भएको विश्वास गरिन्छ । नागार्जुनको ख्याति सुनी श्रीपर्वत, भारतमा आई परस्पर वादविवाद पछि नागार्जुनको शिष्य बने । नागार्जुनको प्रमुख शिष्य आर्यदेव शून्यवादको प्रसिद्ध विद्वानहरूमध्ये एक हुन् ।

आर्यदेवले नागार्जुनसित धेरै ज्ञान तथा दर्शनका गम्भीर पक्षहरूको अध्ययन गरे । उनले बुद्धधर्म विरोधी धेरै पण्डितहरूलाई शास्त्रार्थमा पराजित गरी सद्धर्मको रक्षा गरे । आर्यदेवको विषयमा परम्परागत कथा अनुसार मातृचेट नामक एक ब्राह्मण पण्डितलाई शास्त्रार्थमा पराजित गर्न नालंदाका भिक्षुहरूले नागार्जुनलाई बोलाएका थिए । तर नागार्जुन आफै नगईकन शिष्य आर्यदेवलाई पठाएका थिए । बाटोमा एक वृक्ष देवताले आर्यदेवसित आँखा मागेकोमा उनले एउटा आँखा दान गरेका थिए । नालंदा पुगेपछि मातृचेटले आर्यदेवको एक आँखा अन्धो देखी खिल्ली उडाएका थिए । आर्यदेवले गर्वका साथ भनेकि परमार्थलाई एक आँखा भएको भिक्षुले साक्षात्कार गरेको छ जुन तीन आँखा भएको शंकर भगवानले देखेको छैन, नकि हजार आँखा भएको इन्द्रले नै देखेको छ । अन्तमा उनले त्यस ब्राह्मणलाई शास्त्रार्थमा पराजित गरी बौद्धधर्ममा दिक्षित गराए ।

आर्यदेव माध्यमिक दर्शनका आचार्य हुनुका साथै आयुर्वेदिक वैद्य पनि थिए । आर्यदेवले धेरै ग्रन्थहरू रचना गरेका छन् । त्यसमध्ये ‘ माध्यमिक चतुःशतक’ उनको प्रसिद्ध ग्रन्थ हो । यस ग्रन्थलाई ‘बोधिसत्व योगाचार शास्त्र’ पनि भनिन्छ । आर्यदेवको यही ग्रन्थ नागार्जुनको प्रसिद्ध ग्रन्थ माध्यमिक कारिका पछिको शून्यवादको महत्वपूर्ण ग्रन्थ हुनगयो । यस ग्रन्थको तिब्बती, चीनिया र अन्य भाषामा पनि अनुवाद भैसकेको छ । आर्यदेवले माध्यमिक दर्शन बाहेक तन्त्र सम्बन्धीधेरै ग्रन्थहरू रचना गरेका छन् । आर्यदवका धेरैजसो रचनाहरू मूल संस्कृतमा संरक्षित



https://dhamma.digital

छैनन्, तैपनि तिनीहरू तिब्बती र चीनिया भाषामा अनुदित रहेका छन् । उनले रचना गरेका ग्रन्थहरू चतुःशतक, चित्तविशुद्धिप्रकरण, हस्तबालप्रकरण, शतशास्त्र आदि हुन् ।

**३. आचार्य चन्द्रकीर्ति -** आचार्य चन्द्रकीर्तिको जन्म छैठौं शताब्दीमा दक्षिण भारतमा भएको मानिन्छ । उनी महायान दर्शनका एक प्रसिद्ध विद्वान थिए । सानै उमेरदेखि तीक्ष्ण बुद्धि भएका चन्द्रकीर्ति बौद्ध भिक्षु बने पश्चात् चाँडै नै सम्पूर्ण त्रिपिटक अध्ययन गरेका थिए । उनले आचार्य भावविवेक र बुद्धपालितका शिष्यहरूबाट नागार्जुनका ग्रन्थहरू अध्ययन गरेका थिए । आफ्नो अध्ययन पूरा गरेपछि चन्द्रकीर्तिले नालन्दा विश्वविद्यालयमा अध्यापन कार्य गरे र त्यहाँको संघनायक बने । उनले बौद्ध धर्म विरोधि अनेकौं पण्डितहरूसित भएको शास्त्रार्थमा उनीहरूलाई पराजित गरी धेरैलाई नै बुद्धधर्ममा दिक्षित गराएका थिए । उनी ऋद्धि प्राप्त भिक्षु थिए । उनले धेरै चमत्कारी कार्यहरू प्रदर्शन गरेको घटना उल्लेख भएको पाइन्छ । चन्द्रकीर्ति प्रासंगिक मतका थिए । उनले धेरै महत्वपूर्ण ग्रन्थहरू रचना गरेका छन् । चन्द्रकीर्तिका रचनाहरूमध्ये प्रसन्नपदा, चतुःशतकटिका, माध्यमिकावतार प्रमुख हुन् । 'प्रसन्नपदा' नागार्जुनको रचना 'माध्यमिक कारिका'को टिका हो यस्तै 'युक्तिषष्टिका' माथि पनि टिका लेखेका छन् । 'चतुःशतकटिका' आर्यदेवको रचना 'चतुःशतक'को व्याख्या हो । उनको आफ्नो मौलिक ग्रन्थ 'माध्यमिकावतार' हो, यसमा शून्यवादको व्याख्या रहेको छ ।

**४. आचार्य बुद्धपालित -** आचार्य बुद्धपालित प्रासंगिक मतका संस्थापक थिए भन्ने कुरा माथि उल्लेख भइसक्यो । उनी पाँचौ शताब्दिको पूर्वार्धका थिए । बुद्धशिक्षामा सानैदेखि रुचि भएका बुद्धपालितले उपसम्पदापछि नालन्दा विश्वविद्यालयका आचार्य संघरक्षितबाट शिक्षा हासिल गरेका थिए । बुद्धपालितले चाँडै नै आर्य नागार्जुनको शिक्षामा पूर्ण रूपले पारंगत गरे । ज्ञान प्राप्तिपछि दक्षिण भारतको ओदन्तपुरीमा बस्नुहुँदा नागार्जुन र आर्यदेवका ग्रन्थहरूको टिका रचना गर्नुभयो । उनले नागार्जुनको 'माध्यमिक कारिका' माथि 'अकुताभया' नामक व्याख्या



https://dhamma.digital

लेखेका थिए जसको अनुवाद अहिले तिब्बती भाषामा प्राप्त छ। माध्यमिक दर्शनका प्रसिद्ध आठ व्याख्याकारमध्ये उनी एक थिए ।

**५. आचार्य भावविवेक –** स्वातन्त्रिक मतका संस्थापक भावविवेक छैठौं शताब्दिका आचार्य थिए । उनलाई 'भाव्य' वा 'भाविवेक' पनि भन्ने गरिन्छ । उनको जन्म एक कथन अनुसार भारतको पूर्वीय मगधको क्षेत्रिय परिवारमा भएको थियो भने अर्को कथन अनुसार दक्षिण भारतको 'मलथारा' भन्ने राजवंशमा भएको थियो ।

भावविवेक भिक्षुत्व प्राप्तिपछि मध्यभारत पुगेका थिए । त्यहाँ उनले आचार्य संघरक्षितबाट महायानी ग्रन्थहरू अध्ययन गरे । त्यसपछि उनी दक्षिण भारत नै फर्की पचासवटा विहारको प्रमुख भएर आफूले अध्ययन गरी आएको विषयवस्तु विस्तृत रूपमा अध्यापन गराएका थिए । उनले तर्कको सहायताले शून्यताको वर्णन गरेका थिए । उनले नागार्जुनको 'मूल माध्यमिक कारिका' को टिका 'प्रज्ञाप्रदीप' रचना गर्दा यो विधि अपनाएका थिए । उनका कृतिहरू माध्यमिक कारिका व्याख्या, माध्यमिक हृदय कारिका, मध्यमार्थसंग्रह आदि हुन् । भावविवेकले धेरै ग्रन्थहरू रचना गरेका थिए जसको आज मूल संस्कृत प्राप्त छैन तर तिब्बती र चीनिया भाषामा अनुवाद प्राप्त छन् ।

**अन्य आचार्यहरु –**

६. शान्तिदेव – ग्रन्थहरू - शिक्षा समुच्चय, सूत्र समुच्चय, बोधिचर्यावतार ।

७. शान्तरक्षित – ग्रन्थहरू - तत्व संग्रह ।

**सहयोगी पुस्तकहरू :**


१. सांकृत्यायन, राहुल (ले.), नारारायणप्रसाद आचार्य (अनु.), 'दर्शनदिग्दर्शन' प्रथम संस्करण, दीननाथ घिमिरे, अक्षरदीप प्रकाशन, वि.सं. २०७३) ।

२. उपाध्याय, बलदेव, **बौद्ध दर्शन**, वाराणसी : शारदा मन्दिर, ई.सं. १९४६ ।




https://dhamma.digital

३. शाक्य, रत्नसुन्दर, 'बौद्ध जगतका स्मरणीय व्यक्तिहरू' चौथो भाग, भक्तपुर : विवेकानन्द लुमन्ति प्रकाशन, ई.सं. २००३ ।

४. बज्राचार्य, सिद्धिविलास, **महायान बुद्धधर्म**, काठमाडौं : सरस्वती बज्राचार्य, २००९ ।

५. थापा, शंकर, 'बौद्ध दर्शन परिचय', काठमाडौं : जज्मेन्ट आइजल एण्ड कम्पनी प्रा.लि., ई.सं. २०१३ ।

६. वर्दन, जयप्रकाश, 'बौद्ध धर्म के आधार स्तंभ', नयाँ दिल्ली : सम्यक प्रकाशन, ई.सं. २००६ ।

Dhamma.Digital



https://dhamma.digital

# परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

## षष्ठम पत्र

## बौद्ध दर्शन र अभिधर्म

Dhamma.Digital

## एकाइ ३ : अभिधर्म

**पुस्तक : अभिधर्मार्थ संग्रह**

**अनुवादक : भिक्षु ज्ञानपूर्णिक महास्थविर 'धम्माचरिय'**



https://dhamma.digital

# एकाइ ३ : अभिधर्म

## वीथि-काण्ड ४

### प्रतिज्ञा

*पालि* – **चित्तुप्पादानमिच्चेवं, कत्वा सङ्गहमुत्तरं ।**

**भूमि-पुग्गल-भेदेन, पुब्बापर नियामितं ॥**

**पवत्ति-सङ्गहं नाम, पटिसन्धि-पवत्तियं ।**

**पदक्खामि समासेन, यथासम्भवतो कथं ॥**

*भावार्थ* – यसरी मैले बताई आएको नियमानुसारले चित्त र चैतसिक भइरहेका नामस्कन्ध चारवटाको वेदनासंग्रह इत्यादिलाई विभाजन गर्ने रूपले उत्तम भैरहेको विशेषरूपले बताई आएको प्रकीर्णकसंग्रहलाई देखाई सकेपछि फेरी भूमि र पुद्‌गल भेदले लक्षित भएको, अगाडिको चित्त र पछाडिको चित्तले नियमित भएको प्रतिसन्धि अवस्था र प्रवृत्ति अवस्थामा वा प्रतिसन्धि र प्रवृत्ति अवस्था मध्येमा प्रवृत्तिसंग्रह नाम भैरहेको वीथिसंग्रहलाई संक्षिप्तले उचित रूपले विशेषरूपमा बताउँछु ।

### छ छक्क मातिका

*पालि* – **छ वत्थुनि, छ द्वारानि, छ आरम्मणानि, छ विञ्ञाणानि, छ वीथियो, छधा विसय - प्पवत्ति चेति वीथिसङ्गहे छ छक्कानि वेदितब्बानि ।**

*भावार्थ* – छवटा वस्तु, छवटा द्वार, छवटा आरम्मण, छवटा विज्ञान र छवटा वीथिलाई अनि फेरी छ प्रकारका आरम्मणको द्वारमा उत्पन्न हुने वा आरम्मणमा चित्तको उत्पत्ति हुनेलाई, यसरी वीथिसंग्रहमा छवटा छक्कलाई जान्नुपर्दछ ।



https://dhamma.digital

## सूचना

*पालि* – **वीथिमुत्तानं पन कम्म-कम्मनिमित्त-गतिनिमित्त-वसेन तिविधा होति विसयप्पवत्ति ।**

*भावार्थ* – विशेषतालई बताउँछु । वीथिमुक्तचित्त एककम बीस (उन्नाईस) वटाको आरम्मरणमा चित्तको उत्पन्न हुने वा आरम्मणको चित्तमा उत्पन्न हुने कर्म- कर्मनिमित्त-गतिनिमित्तको हिसाबले तीनथरि छन् ।

*पालि* – **तत्थ वत्थुद्वारारम्मणानि पुब्बे वुत्तनयानेव ।**

*भावार्थ* – ती छवटा छक्क मध्येमा वस्तु, द्वार र आरम्मण, अगाडिको प्रकीर्णसंग्रहमा बताई आएको विधि अनुसार नै हुन् ।

*पालि* – **चक्खुविञ्ञाणं सोतविञ्ञाणं घानविञ्ञाणं जिव्हाविञ्ञाणं कायविञ्ञाणं मनोविञ्ञाणञ्चेति छ विञ्ञाणनि ।**

*भावार्थ* – चक्षुविज्ञान, श्रोतविज्ञान, घ्राणविज्ञान, जिव्हाविज्ञान, कायविज्ञान र मनोविज्ञान गरी ६ विज्ञान छन् ।

## वीथि छक्क

*पालि* – **छ वीथियो पन चक्खुद्वारवीथि सोतद्वारवीथि घाणद्वारवीथि जिव्हाद्वारवीथि कायद्वारवीथि मनोद्वारवीथि चेति द्वारवसेन वा, चक्खुविञ्ञाणवीथि सोतविञ्ञाणवीथि घाणविञ्ञाणवीथि जिव्हाविञ्ञाणवीथि कायविञ्ञाणवीथि मनोविञ्ञाणवीथि चेति विञ्ञाणवसेन वा द्वारप्पवत्ता चित्तप्पत्तियो योजेतब्बा ।**

*भावार्थ* – विशेषतालाई वा शुद्ध पछि मिश्रकलाई अथवा अभेद पछि भेदलाई बताउँछु । द्वारमा उत्पन्न हुने चित्तको उत्पत्ति भनेको वीथिलाई चक्षुद्वारवीथि, श्रोतद्वारवीथि, घ्राणद्वारवीथि, जिह्वाद्वारवीथि, कायद्वारवीथि र मनोद्वारवीथि भनिकन द्वारको हिसाबले वा चक्षुविज्ञानवीथि, श्रोतविज्ञानवीथि, घ्राणविज्ञानवीथि, जिह्वाविज्ञानवीथि, कायविज्ञानवीथि र मनोविज्ञानवीथि भनिकन यसरी विज्ञानको हिसाबले



https://dhamma.digital

छ प्रकारले भनी मिलाउनुपर्छ ।

अर्को तरिका -- द्वारमा उत्पन्न हुने वीथिलाई चक्षुद्वारवीथि, श्रोतद्वारवीथि, घ्राणद्वारवीथि, जिह्वाद्वारवीथि, कायद्वारवीथि र मनोद्वारवीथि भनिकन यसरी द्वार हिसाबले छवटा छन् भनी मिलाउनु पर्छ । चित्तको उत्पत्ति भन्ने वीथिलाई चक्षुविज्ञानवीथि, श्रोतविज्ञानवीथि, घ्राणविज्ञानवीथि, जिह्वाविज्ञानवीथि, कायविज्ञानवीथि र मनोविज्ञानवीथि भनिकन यसरी विज्ञानको हिसाबले छवटा छन् भनी मिलाउनु पर्छ ।

अर्को तरिका -- द्वारको हिसाबले पनि द्वारमा उत्पन्न हुने वीथिलाई चक्षुद्वारवीथि, श्रोतद्वारवीथि, घ्राणद्वारवीथि, जिह्वाद्वारवीथि, कायद्वारवीथि र मनोद्वारवीथि भनिकन यसरी छवटा छन् भनी मिलाउनु पर्छ । विज्ञानको हिसाबले पनि चित्तको उत्पत्ति भन्ने वीथिलाई चक्षुविज्ञानवीथि, श्रोतविज्ञानवीथि, घ्राणविज्ञानवीथि, जिह्वाविज्ञानवीथि, कायविज्ञानवीथि र मनोविज्ञानवीथि भनिकन यसरी विज्ञानको हिसाबले छवटा छन् भनी मिलाउनु पर्छ ।

अर्को तरिका -- छवटा वीथिलाई चक्षुद्वारवीथि, श्रोतद्वारवीथि, घ्राणद्वारवीथि, जिह्वाद्वारवीथि, कायद्वारवीथि र मनोद्वारवीथि भनिकन यसरी द्वारको हिसाबले पनि द्वारमा उत्पन्न हुन्छ भनी मिलाउनु पर्छ । छवटा वीथिलाई चक्षुविज्ञानवीथि, श्रोत, घ्राण, जिह्वा, काय र मनोविज्ञानवीथि भनिकन यसरी विज्ञानको हिसाबले चित्तको उत्पत्ति भनी मिलाउनु पर्छ ।

*पालि* – **अतिमहन्तं महन्तं परित्तं अतिपरित्तञ्चेति पञ्चद्वारे, मनोद्वारे पन विभूतमविभूतञ्चेति छधा विसयप्पवत्ति वेदितब्बा ।**

*भावार्थ* – धेरै धेरै वीथि चित्तोत्पाद भएको आरम्मण; धेरै वीथि चित्तोत्पाद भएको आरम्मण; थोरै चित्तोत्पाद भएको आरम्मण भनिकन यसरी पञ्चद्वारमा, द्वारमा आरम्मणको उत्पत्ति वा आरम्मणमा चित्तको उत्पत्ति चार प्रकारका छन् । मनोद्वारमा प्रकट भएको आरम्मण र अप्रकट भएको आरम्मण भनिकन यसरी द्वारमा आरम्मण उत्पत्ति वा



https://dhamma.digital

आरम्मणमा चित्तको उत्पत्ति दुई प्रकारले छन् । यस भेदले ६ प्रकारको द्वारमा आरम्मणको उत्पत्ति वा आरम्मणमा चित्तको उत्पत्तिलाई जान्नु पर्छ ।

## चित्तको आयु र रुपको आयु

*पालि* – **कथं ?**

**उप्पादथितिभङ्गवसेन खणत्तयं एकचित्तक्खणं नाम ।**

*भावार्थ* – कसरी जान्नु पर्छ ? उत्पत्ति, स्थिति, भवङ्ग हिसाबले ससाना क्षण तीनवटामा समूहलाई एक चित्तक्षण भन्छन् ।

*पालि* – **तानि पन सत्तरस चित्तक्खणानि रूपधम्मानमायु ।**

*भावार्थ* – चित्तको आयु पछि रूपको आयु बताउँछु -- त्यस्तो स्वभाव भएको सत्रवटा चित्तक्षण जस्तो क्षण विज्ञप्तिरूप दुईवटा र लक्षणरूप चारवटाबाट बाँकि रहेको बाईसवटा रूपको आयु हो ।

..............................

## पञ्चद्वार

### चक्षुद्वार अतिमहन्तारम्मण वीथि

*पालि* – **एकचित्तक्खणातीतानि वा बहुचित्तक्खणातीतानि वा ठितिपत्तानेव पञ्चारम्मणानि पञ्चद्वारे आपाथमागच्छन्ति । तस्मा यदि एकचित्तक्खणा-तीतकं रूपारम्मणं चक्खुस्स आपाथमागच्छति ।**

*भावार्थ* – एकचित्तक्षण जस्तो क्षण बितेर जाने भएर, धेरै चित्तको क्षण बितेर जाने पनि भैरहेको अथवा एकचित्त, दुईचित्त, तीनवटा चित्त, चारवटा चित्त, पाँचवटा चित्त, छवटा चित्त, सातवटा चित्त, आठवटा चित्त, नौवटा चित्त, दशवटा चित्त, एघारवटा चित्त, बाह्रवटा चित्त, तेह्रवटा चित्त, चौधवटा चित्त, प्रन्धवटा चित्तको क्षण जस्तो बितेर जाने



https://dhamma.digital

भएर, स्थितिमा पुगेर नै पाँचवटा द्वारमा प्रकट रूपमा जुन कारणले अगाडि पुग्ने हो; त्यस कारणले एकचित्तको क्षण जस्तो क्षण बितेर जाने भएको रूपारम्मण चक्षुप्रसादमा प्रकट रूपमा आउने हुन्छ ।

*पालि*– **ततो द्विक्खत्तुं भवङ्गे चलिते भवङ्गसोतं वोच्छिन्दित्वा तमेव रूपारम्मणं आवज्जन्तं पञ्चद्वारावज्जन-चित्तं उप्पज्जित्वा निरूज्झति ।**

*भावार्थ* – यसरी आउँदा वा यसरी प्रकटरूपमा पुगेपछि त्यसपछि दुईपटक सम्म भवाङ्ग चलेपछि भवाङ्ग श्रोतलाई तोडेर त्यो रूपारम्मणलाई नै आवर्जन गर्ने पञ्चद्वार आवर्जन चित्त उत्पन्न भएर निरोध हुने हुन्छ ।

*पालि* – **ततो तस्सानन्तरं तमेव रूपं पस्सन्तं चक्खुविञ्ञाणं सम्पटिच्छन्तं सम्पटिच्छनचित्तं सन्तीरयमानं सन्तीरण-चित्तं ववत्थपेन्तं वोट्ठब्बन - चित्तञ्चेति यथाक्कमं उप्पज्जित्वा निरूज्झन्ति ।**

*भावार्थ* – त्यो पञ्चद्वारा आवर्जन चित्त निरोध भैसकेपछि त्यस पञ्चद्वार - आवर्जनचित्तको अनन्तरमा त्यस रूपारम्मणलाई नै देखिने चक्षुविज्ञान चित्त ग्रहण गरिने सम्प्रतिच्छन चित्त निर्णय दिने जस्तो सन्तीरण चित्त, राम्रोसँग नियमित र व्यवस्था गरेको जस्तो वोट्ठब्बन चित्त यी चित्तहरू क्रमशः उत्पन्न भएर निरोध हुने हुन्छ ।

पालि – **ततो परं एकूनत्तिंस कामावचरजवनेसु यं किञ्चि लद्धपच्चयं येभु‘य्येन सत्तक्खत्तुं जवति ।**

*भावार्थ* – त्यो वोट्ठब्बन चित्त निरोध भैसकेपछि एकक्रम तीस (उनन्तीस) वटा कामावचर जवन मध्येमा एक न एकवटा जवन चित्त योनिसोमनसिकार आदिको हिसाबले प्राप्त भएको कारण भएर प्रायः सातपटक दूतगतिले उत्पन्न हुने हुन्छ ।

*पालि* – **जवनानुबन्धानि च द्वे तदारम्मणपाकानि यथारहं पवत्तन्ति । ततो परं भवङ्गपातो ।**



https://dhamma.digital

*भावार्थ* – जवनको पछि पछि उत्पन्न हुने दुइपटक सम्मको तदारम्मण विपाक चित्त पनि उचित रूपले उत्पन्न हुने हुन्छ । त्यो तदारम्मण निरोध भैसकेपछि मात्र भवाङ्ग अवतरण हुने हुन्छ ।

*पालि* – **एत्तावता चुद्दस्स वीथिचित्तुप्पादा द्वे भवङ्गचलनानि पुब्बेवा-तीतक-मेकचित्तक्खणन्ति कत्वा सत्तरस चित्तक्खणानि परिपूरेन्ति ततो परं निरूज्झति, आरम्मण-मेतं अतिमहन्तं नाम गोचरं ।**

*भावार्थ* – यति प्रमाण भएको चौधवटा वीथिचित्त, दुईपटक सम्मको भवाङ्गचलनहरू, पहिले नै बितेर जाने भएको एउटा चित्तक्षण, यसप्रकार सत्रवटा चित्तक्षण पूर्ण हुने भयो । त्यस दोश्रो तदारम्मणको स्थितिकाल भन्दा पछिको भवङ्गकालमा रूपारम्मण निरोध हुने भयो । यो आरम्मण अतिमहन्तारम्मण नामको आरम्मण हो ।

## महन्तारम्मण वीथि

*पालि* – **याव तदारम्मणुप्पादा पन अप्पहोन्ता-तीतक-मापाथ-मागतं आरम्मणं महन्तं नाम । तत्थ जवनावसाने भवङ्गपातोव होन्ति । नत्थि तदारम्मणुप्पादो ।**

*भावार्थ* – अति महन्तारम्मण वीथि पछि महन्तारम्मण वीथिलाई बताउँछु वा तदारम्मणवार पछि जवनवारलाई बताउँछु -- तदारम्मण उत्पन्न हुन सम्म पनि नभ्याई बितीजाने वा नसकेर बितीजाने अथवा शक्ति हीन भई बितीजाने भएको प्रकट रूपमा देखापर्ने आरम्मणलाई महन्तारम्मण भन्दछ । त्यस महन्तारम्मणको अन्त्मा भवाङ्ग अवतरण नै हुने भयो । तदारम्मण उत्पत्ति नभएको भयो ।

## परित्रारम्मण वीथि

*पालि* – **याव जवनुप्पादापि अप्पहोन्ता-तीतक-मापाथ-मागतं आरम्मणं परित्तं नाम । तत्थ जवनम्पि अनुप्पज्जित्वा द्वित्तिखत्तुं वोट्ठब्बनमेव पवत्तति, ततो परं भवङ्गपातोव होति ।**



https://dhamma.digital

*भावार्थ* – जवन उत्पन्न हुनसम्म पनि नपुगी वा शक्ति हीनभई बितीजाने भएको प्रकट रूपमा देखिन आउने आरम्मण परित्रारम्मण भन्दछ। त्यो परित्रारम्मणमा जवन पनि उत्पन्न नहुने हुँदा दुई तीनपटक वोट्ठब्बन चित्तमात्र उत्पन्न हुने हुन्छ । त्यो वोट्ठब्बन चित्त दुई तीनपटक निरोध भएपछि भवाङ्ग अवतरण नै हुने हुन्छ ।

## अतिपरित्रारम्मण वीथि

*पालि* – **याव वोट्ठब्बनुप्पादा च पन अप्पहोन्ता-तीतक-मापाथ-मागतं निरोध-सन्नमारम्मणं अतिपरित्तं नाम, तत्थ भवङ्गचलनमेव होति । नत्थि वीथिचित्तुप्पादो ।**

*भावार्थ* – वोट्ठब्बनवार पछि मोघवारलाई बताउँछु-- वोट्ठब्बन चित्त उत्पन्न हुनेसम्म पनि नपुगेर वा नसकेर वा शक्ति कम भएर अथवा शक्ति हीन भएर बितेर जाने भएको प्रकट रूपमा देखिन आउने नजिकै निरोध हुने भएको आरम्मणलाई अतिपरित्रारम्मण भन्छ । त्यो अतिपरित्रारम्मणमा भवाङ्गचलन मात्रै हुने हुन्छ। वीथिचित्त उत्पत्ति नहुने हुन्छ ।

## श्रोतद्वारा इत्यादि

*पालि* – **इच्चेवं चक्खुद्वारे तथा सोतद्वारादीसु चेति सब्बथापि पञ्चद्वारे तदारम्मण-जवन-वोट्ठब्बन-मोघवार-संङ्खातनं चतुन्नं वारानं यथाक्कमं आरम्मण भूता विसयप्पवत्ति चतुधा वेदितब्बा ।**

*भावार्थ* – यसरी यथाकथित (माथि बताई आएको) नियम अनुसार चक्षुद्वारमा, द्वारमा आरम्मणको उत्पत्ति अथवा आरम्मणमा चित्तको उत्पत्ति चार प्रकारले छन् । त्यस्तै नै श्रोतद्वार आदिमा पनि अथवा श्रोतद्वार, घ्राणद्वार, जिह्वाद्वार, कायद्वारमा पनि द्वारमा आरम्मणको उत्पत्ति अथवा आरम्मणमा चित्तको उत्पत्ति चार प्रकारले छन्। यसरी सबै प्रकारले पनि पञ्चद्वारमा तदारम्मणवार, जवनवार, वोट्ठब्बनवार, मोघवार भनिएका चार वारको क्रमशः कारण भईरहेको, द्वारमा आरम्मणको उत्पत्ति अथवा आरम्मणमा चित्तको उत्पत्ति चार प्रकारले छन् भनी जान्नु पर्दछ ।



https://dhamma.digital

## वीथि चित्तको स्वरूप प्रदर्शक

### संग्रह – गाथा

*पालि* – **वीथिचित्तानि सत्तेव, चित्तुप्पादा चतुद्दस ।**
**चतुप्पञ्ञास वित्थारा, पञ्चद्वारे यथारहं ॥**
**अयमेत्थ पञ्चद्वारे, वीथि चित्तप्पनवत्तिनयो ॥**

*भावार्थ* – पञ्चद्वारमा सुविधानुसार उत्पन्न हुने वीथिचित्त सामान्य रूपले सातवटा मात्र छन् । विशेष रूपले चित्तको थरि थरि उत्पन्न हुने हिसाबले १४ वटा छन् । विस्तृत रूपले ५४ वटा भएका छन् ।

.............................

## मनोद्वार कामजवन वार

### विभूतारम्मण वीथि

*पालि* – **मनोद्वारे पन यदि विभूत-मारम्मणं आपाथ-मागच्छति । ततो परं भवङ्गचलन मनोद्वारावज्जन जवनावसाने तदारम्मण-पाकानि पवत्तन्ति । ततो परं भवङ्गपातो ।**

*भावार्थ* – पञ्चद्वार पछि मनोद्वारलाई बताउँछु-- अनन्तरादि प्रत्यय लागेको भवाङ्गुपच्छेद १९ वटा भनेको मनोद्वारमा प्रकट रूपमा देखिन आएपछि भवाङ्गचलन मनोद्वारावर्जन जवनको अन्तमा तदारम्मण विपाकचित्त उत्पन्न हुने हुन्छ । दोश्रो तदारम्मण निरोध भईसकेपछि भवाङ्ग अवतरण हुने हुन्छ ।

### अविभूतारम्मण वीथि

*पालि* – **अविभूते पनारम्मण जवनावसाने भवङ्गपातोव होति । नत्थि तदारम्मणुप्पादोति ।**

*भावार्थ* – विभूतारम्मण पछि अविभूतारम्मणलाई बताउँछु--



https://dhamma.digital

अप्रकट भएको आरम्मणमा जवनको अन्तमा भवाङ्ग अवतरण नै मात्र हुने हुन्छ । तदारम्मणको उत्पत्ति छैन भनी जान्नु पर्दछ ।

## विभिन्न स्वरूप प्रदर्शक संग्रह
### संग्रह - गाथा

*पालि* **–वीथि चित्तानि तीणेव, चित्तुप्पादा दसेरिता ।**

**वित्थारेन पनेत्थेक, चत्तालीस विभावये ॥**

**अयमेत्थ परत्त जवनवारो ।**

*भावार्थ* – यस मनोद्वारमा उत्पन्न भएको वीथि चित्तलाई सामान्य रूपले तीनवटा मात्र छ भनी बताइएको छ । विशेषरूपले चित्तको थरि थरि उत्पन्न हुने हिसाबले दशवटा छ भनी बताईएको छ । विशेषतालाई बताउँछु वा उक्तकर्मभन्दा पछि अनुक्तकर्मलाई बताउँछु अथवा अनुक्त कर्ता पछि उक्तकर्तालाई बताउँछु । विस्तृत रूपले ४० वटा छ भनी प्रकट रूपले देखाउनुपर्ने हुन्छ ।

यो वीथि संग्रहमा यो बताई आएको कामावचर जवनवारलाई व्यक्त गर्ने कारण प्रदर्शक वीथि हो ।

## मनोद्वार अर्पणा जवनवार

### ध्यान–वीथि र मार्ग–वीथि

*पालि* – **अप्पणा जवनबारे पन विभूता - विभूत - भेदो नत्थि । तथा तदारम्मणुप्पादो च ।**

*भावार्थ* – कामावचर जवनवार पछि अर्पणा जवनवारलाई बताउँछु । अर्पणा जवनवारमा विभूत अविभूत भेद छैन । त्यस्तै नै तदारम्मणको उत्पत्ति पनि छैन ।

*पालि* – **तत्थ हि ञाणसम्पयुत्त-कामावचर-जवनानमट्ठन्नं अञ्ञतरस्मिं परिक्कमोपच्चारानुलोम-गोत्रभू नामेन चतुक्खत्तुं तिक्खत्तुमेव वा**



https://dhamma.digital

**यथाक्कमं उप्पज्जित्वा निरूद्धानन्तरमेव यथारहं चतुत्थं, पञ्चमं वा छब्बीसति महग्गत-लोकुत्तर- जवनेसु यथाभिनिहारवसेन यं किञ्चि जवनं अप्पना वीथिमोतरति, ततो परं अप्पनावसाने भवङ्गपातोव होति ।**

*भावार्थ* – यो कुरा विस्तृत गर्दछु । त्यस अर्पणा जवनवारमा आठवटा ज्ञानसम्प्रयुक्त कामावचर जवन मध्येमा एकनएक जवन परिकर्म, उपचार, अनुलोम र गोत्रभू नामले चारपटक सम्म वा तीनपटक सम्म भएपनि क्रमशः उत्पन्न भएर निरोध भएपछि सोही समयमा नै क्षिप्र-अभिज्ञ, मन्द-अभिज्ञ पुद्गलहरूलाई योग्यतानुरूप चारपटक वा पाँचपटक सम्म उत्पन्न भएर २६ महर्गत लोकुत्तर जवन मध्येमा रूप, अरूप, लोकुत्तर, मार्ग र फललाई योग्य हुनेगरी शमथ विपश्यना भावनामा अघिसर्ने हिसाबले एकनएक जवन अर्पणावीथिमा झर्ने भयो । त्यो अर्पणावीथि झरिसकेपछि अर्पणा जवनको अन्तमा भवङ्ग अवतरण नै हुने हुन्छ ।

*पालि* – **तत्थ सोमनस्ससहगत जवनानन्तरं अप्पनापि सोमनस्स-सहगताव पाटिकङ्खितब्बा, उपेक्खा-सहगत-जवनानन्तरं उपेक्खा-सहगताव ।**

*भावार्थ* – त्यस अर्पणा जवनवारमा अथवा त्यस ज्ञानसम्प्रयुक्त कामावचर जवन आठवटा मध्येमा सौमनस्य-सहगत ज्ञानसम्प्रयुक्त कामावचर जवन चारवटाको अनन्तरमा अर्पणालाई पनि सौमनस्य-सहगत अर्पणा मात्र इच्छित हुन्छ । उपेक्षा-सहगत ज्ञानसम्प्रयुक्त कामावचर जवन चारवटाको अनन्तरमा अर्पणा मात्र इच्छित हुन्छ ।

*पालि* – **तत्थापि कुसल-जवनानन्तरं कुसल-जवनञ्चेव हेट्ठिमञ्च फलत्तयमप्पेति । किरियजवनानन्तरं किरिय-जवनं अरहत्त फलञ्चाति ।**

*भावार्थ* – यसरी समान वेदना भएको जवनवारमा महाकुशल ज्ञानसम्प्रयुक्त जवन चारवटाको अनन्तरमा महर्गत लोकुत्तर कुशलजवन



https://dhamma.digital

र तलको फलजवन तीनवटा समूह अर्पणाको हिसाबले उत्पन्न हुने भयो । महाक्रिया ज्ञानसम्प्रयुक्त जवन चारवटाको अनन्तरमा महर्गत क्रियाजवन र अरहत्त फलजवन अर्पणाको हिसाबले उत्पन्न हुने हुन्छ भनी जान्नु पर्दछ ।

**संग्रह गाथा**

***पालि*** **– द्वत्तिंस सुखपुञ्ञम्हा, द्वादसापेक्खका परं ।**

**सुखित क्रियतो अट्ठ, छ सम्भोन्ति उपेक्खका ॥**

*भावार्थ* – सौमनस्य सहगत महाकुशल ज्ञानसम्प्रयुक्त जवन दुईवटाको पछाडि बत्तीस अर्पणा जवन उत्पन्न हुने हुन्छन् । उपेक्षा सहगत महाकुशल ज्ञानसम्प्रयुक्त जवन दुईवटाको पछाडि बाऱ्हवटा अर्पणा जवन उत्पन्न हुन्छन् । सौमनस्य सहगत महाक्रिया ज्ञानसम्प्रयुक्त जवन दुईवटाको पछाडि आठवटा अर्पणा जवन उत्पन्न हुन्छन् । उपेक्षा सहगत महाक्रिया ज्ञानसम्प्रयुक्त जवन दुईवटाको पछाडि छवटा अर्पणा जवन उत्पन्न हुन्छन् ।

*पालि* **–पुथुज्जनानं सेक्खानं, काम - पुञ्ञ - तिहेतुतो ।**

**तिहेतु कामक्रियतो, वीतरागान- मप्पना ॥**

**अयमेत्थ मनोद्वारे वीथि चित्तप्पवत्तिनयो ।**

*भावार्थ* – त्रिहेतुक पृथग्जन पुद्गलको र तलको फलमा स्थित शैक्ष पुद्गल तीनजनाको कामकुशल चारवटाको पछाडि ४४ वटा अर्पणा जवन उत्पन्न हुने हुन्छ । अरहन्त पुद्गलहरूको त्रिहेतुक कामक्रिया चारवटाको पछाडि १४ वटा अर्पणा जवन उत्पन्न हुने हुन्छ ।

...............................

**तदारम्मण नियम**

***पालि*** **– सब्बत्थापि पनेत्थ अनिट्ठे आरम्मणे अकुसल-विपाकानेव पञ्चविञ्ञाण सम्पटिच्छन-सन्तीरण-तदारम्मणानि ।**



https://dhamma.digital

*भावार्थ* – जवनवार पछि तदारम्मणवारलाई बताउँछु । यस पञ्चद्वार मनोद्वारमा अतिमहन्त इत्यादि सबैप्रकारले पनि यो वीथिसंग्रहमा सबै पञ्चद्वार मनोद्वारमा पनि अनिष्ठ, मल मूत्र, कुहिएको कुकुर आदि आरम्मणमा अकुशलको फल मात्र भैरहेको पञ्चविज्ञान सम्प्रतिच्छन सन्तीरण तदारम्मण हुने हुन्छ ।

*पालि* –**इट्ठे कुसलविपाकानि ।**

*भावार्थ* – इष्ट भोजन, रसपान, ठाउँ बास वस्त्र आभूषण आदि आरम्मणमा कुशलको फल भैरहेको पञ्चविज्ञान सम्प्रतिच्छन, सन्तीरण, तदारम्मण हुने हुन्छ ।

*पालि* –**अतिइट्ठे पन सोमनस्स - सहगतानेव सन्तीरण-तदारम्मणानि ।**

*भावार्थ* – विशेष कुरा बताउँछु । अतिइष्ट भएको बुद्ध आदि आरम्मणमा सौमनस्य सहगत भैरहेको सन्तीरण तदारम्मण उत्पन्न हुने हुन्छ ।

*पालि* – **तत्थापि सोमनस्ससहगतकिरिय - जवनावसाने सोमनस्स - सहगतानेव तदारम्मणानि भवन्ति ।**

*भावार्थ* – ती एघारवटा तदारम्मणमा पनि सौमनस्य सहगत क्रिया जवनको अन्तमा सौमनस्य सहगत नै भैरहेको तदारम्मण हुने हुन्छ ।

*पालि* – **उपेक्खासहतग - किरियजवनावसाने च उपेक्खा सहगतानेव होन्ति ।**

*भावार्थ* – उपेक्षा सहगत क्रिया जवनको अन्तमा पनि उपेक्षा सहगत तदारम्मण नै उत्पन्न हुने हुन्छ ।

### आगन्तुक भवाङ्ग वीथि

***पालि* – दोमनस्य-सहगत-जवनावसाने च पन तदारम्मणानि चेव भवङ्गानि च उपेक्खासहगतानेव भवन्ति ।**



https://dhamma.digital

**तस्मा यदि सोमनस्स पटिसन्धिकस्स दोमनस्स सहगत-जवनावसाने तदारम्मण-सम्भवो नत्थि । तदा यं किञ्चि परिचितपुब्बं परित्तारम्मण-मारब्भ उपेक्खासहगत-सन्तीरणं उप्पज्जति । तमनन्तरित्वा भवङ्गपातोव होतीति वदन्ति आचरिया ।**

*भावार्थ* – जवनबाट तदारम्मणलाई नियमित गर्नु पछि जवनबाट तदारम्मण र भवाङ्ग दुईवटालाई नियमित गर्नेलाई बताउँछु । दौर्मनस्य सहगत जवनको अन्तमा पनि उपेक्षा सहगत नै भैरहेको तदारम्मण र भवाङ्गहरू जुन कारणले उत्पन्न हुने हो; त्यसकारण सौमनस्य प्रतिसन्धि भएको पुद्गलाई दौर्मनस्य सहगत जवनको अन्तमा केही भएर तदारम्मणको उत्पन्न भएन भने त्यसरी नहुने अवस्थामा एकनएक पहिले परिचय प्राप्त गरिसकेका काम आरम्मणलाई आरम्मण गरेर उपेक्षा सहगत सन्तीरण उत्पन्न हुने हुन्छ । त्यो उपेक्षा सहगत आगन्तुक भवाङ्ग चित्तलाई अनन्तर प्रत्यय गरेर सौमनस्य भवाङ्ग अवतरण नै हुने हुन्छ । यसरी आचार्यहरूले भन्नु भएको छ ।

*पालि* – **तथा कामावचार जवनावसाने कामावचर सत्तानं कामावचरं धम्मेस्वेव आरम्मण भूतेसु तदारम्मणं इच्छन्तीति ।**

*भावार्थ* – त्यस्तै नै कामावचर जवनको अन्तमा कामावचर सत्वहरूलाई आरम्मण भैरहेको कामावचर धर्ममा मात्र तदारम्मण इष्ट हुन्छ । यसरी जान्नु पर्दछ ।

### तदारम्मणका अङ्ग

***पालि* – कामे जवन सत्ताल-म्बणानं नियमे सति ।**

**विभूतेति - महन्ते च, तदारम्मण - मीरियं ॥**

**अयमेत्थ तदारम्मण नियमो ।**

*भावार्थ* – कामभूमि ११ वटामा उत्पन्न भैरहेको जवन, सत्व र आरम्मणलाई तीन अङ्गले नियमित गर्ने छ भने विभूतारम्मणमा र अतिमहन्तारम्मणमा तदारम्मण इष्ट छ ।



https://dhamma.digital

यो वीथि - संग्रहमा यो बताई आएको तदारम्मणलाई नियमित गर्ने कारण भैरहेको नय हो ।

...............................

## जवन नियम

*पालि* – **जवनेसु च परित्तजवनवीथियं कामावचर जवनानि सत्तक्खत्तुं छक्खत्तुमेव वा जवन्ति ।**

*भावार्थ* – माथिको वाक्यमा दोषारोपण गर्नु छाडेर गाहारो सम्बन्ध कुरा बताउँछु। ५५ वटा जवन मध्येमा कामावचर जवनवीथिमा कामावचर जवन सात वा आठ पटक भएपनि द्रुतगतिले उत्पन्न हुने हुन्छ ।

*पालि* – **मन्दप्पवत्तियं पन मरणाकालादीसु पञ्चवारमेव ।**

*भावार्थ* – विशेष कुरा बताउँछु। गति मन्द भएर उत्पन्न हुनाले अथवा आधारक वस्तुरूपको दुर्बलताले गर्दा मरणान्त अवस्था आदिमा पाँच पटक सम्ममात्र द्रुतगतिले उत्पन्न हुने हुन्छ ।

*पालि* – **भगवतो पन यमकपातिहारियकालादीसु लहुकप्पवत्तियं चत्तारि पञ्च वा पच्चवेक्खण चित्तानि भवन्तीतिपि वदन्ति ।**

*भावार्थ* – विशेष कुरा बताउँछु । भगवान् बुद्धको पानी आगो इत्यादि जोडा जोडा भएको ऋद्धिप्रातिहार्य देखाउने अवस्था आदिमा पनि छिटो उत्पन्न हुने हुँदा चार वा पाँच पटक प्रत्यवेक्षण जवन चित्त हुने हुन्छ भनिकन आचार्यहरूले बताउनुभएको छ ।

*पालि* – **आदिकम्मिकस्स पन पठमकप्पनायं महग्गत-जवनानि अभिञ्ञा-जवनानि च सब्बदापि एकवारमेव जवन्ति । ततो परं भवङ्गपातो ।**

*भावार्थ* – कामावचर जवन पछि महर्गत जवनलाई बताउँछु। पहिले कर्मस्थान भावना वृद्धि गर्ने कृत्य भएका व्यक्तिलाई पहिले उत्पन्न



https://dhamma.digital

हुने अर्पणामा महर्गत जवन एकपटक मात्र द्रुतगतिले उत्पन्न हुने हुन्छ। अभिज्ञा जवन त सधैं नै एकपटक मात्र नै द्रुतगतिले उत्पन्न हुने हुन्छ। त्यो महर्गत जवन र अभिज्ञा जवन निरोध भएपछि भवाङ्ग अवतरण हुने हुन्छ।

*पालि* – **चत्तारो पन मग्गुप्पादा एकचित्तक्खणिका। ततो परं द्वे तीणि फलचित्तानि यथारहं उप्पज्जन्ति। ततो परं भवङ्गपातो।**

*भावार्थ* – महर्गत जवन पछि लोकुत्तर जवनलाई बताउँछु। चार मार्ग भनेको उत्पत्ति वा मार्गचित्त एउटाको चित्तक्षण छ। त्यो मार्गचित्त उत्पन्न भईसकेपछि दुई तीन पटकको फलचित्त दन्धाभिज्ञ क्षिप्राभिज्ञ पुद्गलहरूलाई योग्यतानुरूपले उत्पन्न हुने हुन्छ। त्यो दोश्रो तेश्रो फल निरोध भईसकेपछि भवाङ्ग अवतरण हुने हुन्छ।

*पालि* – **निरोधसमापत्तिकाले द्विक्खत्तुं चतुत्थारूप्पज्जवनं जवति, ततो परं निरोधं फुसति।**
**वुट्ठानकाले च अनागामिफलं वा अरहत्तफलं वा यथारह-मेकवारं उप्पज्जित्वा निरुद्धे भवङ्गपातोव होति।**

*भावार्थ* – निरोधसमापत्तिमा प्रवेश गर्नुभन्दा अगाडिको अवस्थामा दुईपटक चतुर्थ आरूप्य नैवसंज्ञा नासंज्ञायतन कुशल, क्रिया जवन द्रुतगतिले उत्पन्न हुने हुन्छ। त्यो नैवसंज्ञा नासंज्ञायतन कुशल क्रिया जवन दुईपटक निरोध भैसकेपछि चित्त चैतसिक चित्तजरूपको निरोधमा पुगिने हो। निरोध समापत्तिबाट उठ्ने अवस्थामा पनि अनागामि फल जवन वा अरहत्त फल जवन अनागामि अरहन्त पुद्गलहरूलाई योग्यतानुसार एकपटक उत्पन्न भएर निरोध हुनेबित्तिकै भवाङ्ग अवतरण नै हुने हुन्छ।

*पालि* – **सब्बत्थापि समापत्तिवीथियं भवङ्गसोतो विय वीथिनियमो नत्थीति कत्वा बहूनिपि लब्भन्तीति।**

*भावार्थ* – सबै नै ध्यान समापत्ति वीथि र फलसमापत्ति वीथिमा भवाङ्गको श्रोत झैं वीथिलाई नियमित गर्ने छैन। तसर्थ धेरै उत्पन्न



https://dhamma.digital

हुनेलाई वा धेरै अर्पणा जवन उपलब्ध हुनेलाई जान्नु पर्दछ ।

**संग्रह – गाथा**

*पालि* – **सत्तक्खत्तुं परित्तानि, मग्गाभिञ्ञा सकिं मता ।**
**अवसेसानि लब्भन्ति, जवनानि बहूनिपि ॥**
**अयमेत्थ जवन नियमो ।**

*भावार्थ* – कामावचर जवनलाई सबभन्दा बढीमा सातपटक उत्पन्न हुने भनी जान्नु पर्दछ । मार्ग जवन र अभिज्ञा जवनलाई एकपटक उत्पन्न हुने भनी जान्नुपर्दछ। मार्ग जवन र अभिज्ञा जवनबाट बाँकी रहेका महर्गत लोकुत्तर जवन धेरै पटक उत्पन्न हुने पनि उपलब्ध हुन्छ ।

यो वीथि संग्रहमा यो बताई आएको जवनलाई नियमित गर्ने कारणको नय हो ।

................................

**पुद्गल भेद**

***पालि*** – **दुहेतुकान-महेतुकानञ्च पनेत्थ किरियजवनानि चेव अप्पनाजवनानि च न लब्भन्ति ।**

*भावार्थ* – जवन नियम पछि पुद्गल भेदलाई बताउँछु । यो पुद्गल भेदमा अथवा यी १२ जना पुद्गलहरू मध्येमा द्विहेतुक पुद्गलहरूलाई र दुर्गति अहेतुक, सुगति अहेतुक पुद्गलहरूलाई क्रिया जवन र अर्पणा जवन उपलब्ध हुँदैन ।

*पालि* – **तथा ञाणसम्पयुत्त -विपाकानि च सुगतियं ।**

*भावार्थ* – त्यस्तै नै सुगति भूमिमा द्विहेतुक पुद्गल र सुगति अहेतुक पुद्गलहरूलाई ज्ञानसम्प्रयुक्त महाविपाक चित्त पनि उपलब्ध हुँदैन ।

*पालि* – **दुग्गतियं पन ञाणविप्पयुत्तानि च महाविपाकानि न लब्भन्ति ।**



https://dhamma.digital

*भावार्थ* – दुर्गति भूमिमा दुर्गति अहेतुक पुद्गलहरूलाई त ज्ञानविप्रयुक्त भैरहेको महाविपाक चित्त पनि उपलब्ध हुँदैन ।

*पालि* – **तिहेतुकेसु च खीणासवानं कुसला-कुसल जवनानि न लब्भन्ति ।**

*भावार्थ* – त्रिहेतुक पुद्गल ९ जना मध्येमा पनि अरहन्त पुद्गलहरूलाई कुशल अकुशल जवन पनि उपलब्ध हुँदैन ।

*पालि* – **तथा सेक्ख - पुथुज्जनानं किरियजवनानि ।**

*भावार्थ* – त्यस्तै ने तलका फलमा स्थित पुद्गल तीनजना र त्रिहेतुक पृथग्जनहरूलाई क्रिया जवन उपलब्ध हुँदैन ।

*पालि* – **दिट्ठिगत-सम्पयुत्त-विचिकिच्छा-जवनानि सेक्खानं ।**

*भावार्थ* – तलका फलमा स्थित पुद्गलहरू तीनजनालाई दृष्टिगत सम्प्रयुक्त विचिकित्सा जवन पनि उपलब्ध हुँदैन ।

*पालि* – **अनागामि पुग्गलानं पन पटिघ जवनानि च न लब्भति ।**

*भावार्थ* – विशेष कुरा बताउँछु । अनागामि पुद्गलहरूलाई दोषमूल जवन पनि उपलब्ध हुँदैन ।

*पालि* – **लोकुत्तरजवनानि च यथारहं अरियानमेव समुप्पज्जन्तीति ।**

*भावार्थ* – लोकुत्तरजवन पनि योग्यताअनुसार आर्य पुद्गल आटजनालाई मात्र राम्रोसँग प्रकार प्रकारले उत्पन्न हुन्छ भनी जान्नु पर्दछ ।

**संग्रह–गाथा**

*पालि* – **असेक्खानं चतुचत्तालीस सेक्खान-मुद्दिसे ।**

**छपञ्ञासावसेसानं, चतुप्पञ्ञाससम्भवा ॥**

**अयमेव पुग्गलभेदो ।**

*भावार्थ* – अरहन्त पुद्गलहरूलाई ४४ वटा वीथिचित्त उत्पन्न हुन योग्य हुनेगरी देखाउनुपर्छ । शैक्ष पुद्गल सातवटालाई ५६ वटा वीथिचित्त उत्पन्न हुन योग्य हुनेगरी देखाउनु पर्छ । शैक्ष अशैक्ष पुद्



https://dhamma.digital

गलहरू छाडेर पृथग्जन पुद्गल चारजनालाई ५४ वटा वीथिचित्त उत्पन्न हुन योग्य हुनेगरी देखाउनु पर्छ ।

यो बताई आएको यो वीथि-संग्रहमा पुद्गलभेद भयो ।

...............................

## भूमि विभाग

*पालि* – **कामावचरभूमियं पनेतानि सब्बानिपि वीथिचित्तानि यथारहमुपलब्भन्ति ।**

*भावार्थ* – कामावचर भूमिमा मात्र यी वीथिचित्त सबै योग्यतानुसार उपलब्ध हुन्छ ।

***पालि* – रूपावचरभूमियं पटिघजवनतदारम्मण-वज्जितानि ।**

*भावार्थ* – रूपावचर भूमिमा दोषमूल भएको दुईवटा तदारम्मण ११ वटाबाट अलग भएको वीथिचित्तहरू योग्यताअनुसार उपलब्ध हुन्छ ।

*पालि* – **अरूपावचर-भूमियं पठममग्ग-रूपावचर-हसन-हेट्ठिमारूप्पवज्जितानि च लब्भन्ति ।**

*भावार्थ* – भावार्थ विशेष कुरा बताउँछु । कामावचरभूमिमा श्रोतापत्ति मार्ग, रूपचित्त १५ वटा, हसितुप्पाद, तल तलका अरूपचित्तले अलग भएका ती वीथिचित्तहरू योग्यतानुसार उपलब्ध हुन्छ ।

*पालि* – **सब्बत्थापि च तं तं पसादरहितानं तंतं द्वारिक - वीथि - चित्तानि न लब्भन्तेव ।**

*भावार्थ* – सम्पूर्ण भूमिमा पनि ती ती प्रसादरूपले अलग भएका ब्रह्माहरूलाई त्यस त्यस द्वारमा उत्पन्न हुने वीथिचित्तहरू उपलब्ध हुँदैन हुँदैन ।

*पालि* – **असञ्ञासत्तानं पन सब्बथापि चित्तप्पवत्ति नत्थेवाति ।**

*भावार्थ* – असंज्ञासत्व पुद्गलहरूलाई त सबै प्रकारले चित्तको उत्पत्ति छँदैछैन भनी जान्नु पर्दछ ।



https://dhamma.digital

*पालि* – **असीति वीथिचित्तानि, कामे रूपे यथारहं ।**

**चतुसट्ठि तथारूपे द्वेचत्तालीस लब्भरे ॥**

**अयमेत्थ भूमि - विभानो ।**

*भावार्थ* – एघार कामभूमिमा ८० वटा वीथिचित्तहरू योग्यतानुसार उपलब्ध हुन्छ । असंज्ञासत्वले अलग भएको १५ वटा रूपभूमिमा ६४ वटा वीथिचित्तहरू योग्यतानुसार उत्पन्न हुन्छन् । त्यस्तै नै चार अरूपभूमिमा ४२ वटा वीथिचित्त योग्यतानुसार उपलब्ध हुन्छन् ।

यस वीथि - संग्रहमा यो बताई आएको भूमि विभाग हो ।

*पालि* – **इच्चेवं छ द्वारिक चित्तप्पवत्ति यथासम्भवं भवङ्गन्तरित्वा यावतायुकमब्बोच्छिन्ना पवत्तति ।**

*भावार्थ* – यसरी बताई आएको नय अनुसार छवटा द्वारमा उत्पन्न हुने चित्तको उत्पत्ति उत्पन्न हुन योग्यतानुसार बीचमा भवाङ्ग भएर आयु छउञ्जेल अटूटरूपले उत्पन्न हुने हुन्छ ।

*पालि* – **इति अभिधम्मत्थसङ्गहे वीथिसङ्गह - विभागो नाम चतुत्थो परिच्छेदो ।**

................................

अभिधर्मार्थसंग्रह नामक ग्रन्थमा वीथि-संग्रह विभाग नामको चौथो काण्ड सम्पूर्ण भयो ।

................................



https://dhamma.digital

## वीथि मुक्त-काण्ड ५

### प्रतिज्ञा

*पालि* – **वीथिचित्त वसेनेव, पवत्तिय मुदीरितो ।**
**पवत्तिसङ्गहो नाम, सन्धियं दानि वुच्चति ॥**

*भावार्थ* – यथाकथित नियमानुसार वीथि चित्तको हिसाबले प्रवृत्ति अवस्थामा प्रवृत्तिसंग्रह नामक वीथि संग्रहलाई मैले बताईसकें । अब प्रतिसन्धि अवस्था र च्युति अवस्थामा प्रवृत्तिसंग्रह नामको वीथिमुक्त संग्रहलाई मैले बताउँछु ।

### चतुक्क मातिका (चतुष्क मात्रिका)

*पालि* – **चतस्सो भूमियो चतुब्बिधा पटिसन्धि चत्तारि कम्मानि चतुधा मरणुप्पत्ति चेति वीथिमुत्त सङ्गहे चत्तारि चतुक्कानि वेदितब्बानि ।**

*भावार्थ* – चारभूमि, चार प्रकारका प्रतिसन्धि, चार कर्म र चार प्रकारका मरणुत्पत्ति भनिकन यसरी वीथिमुक्तसंग्रहमा चार चतुष्कलाई जान्नुपर्दछ ।

Dhamma.Digital

### भुमिचतुक्क (भूमि चतुष्क)

*पालि* – **तत्थ अपायभूमि, कामसुगतिभूमि, रूपावचर-भूमि, अरूपावचर भूमि चेति चतस्सो भूमियो नाम ।**

*भावार्थ* – ती चार चतुष्क मध्येमा अपायभूमि, कामसुगतिभूमि र रूपावचरभूमि, अरूपावचरभूमि भनिकन यसरी चारवटा भूमि नाम रहेकोलाई जान्नु पर्दछ ।

................



https://dhamma.digital

## कामभूमि ११ वटा

*पालि* – **तासु निरयो तिरच्छानयोनि पेत्तिविसयो असुरकायो चेति अपायभूमि चतुब्बिधा होति ।**

*भावार्थ* – ती चार भूमि मध्येमा नर्क भूमि, तिरश्चिन भूमि, प्रेत भूमि र असुरकाय भूमि भनिकन यसरी अपाय भूम चार प्रकारका छन् ।

## काम सुगतिभूमि ७ वटा

*पालि* – **मनुस्सा चातुमहाराजिका तावतिंसा यामा तुसिता निम्मानरति परिनिम्मितवसवत्ति चेति कामसुगति - भूमि सत्तविधा होति ।**

*भावार्थ* – मनुष्य भूमि, चातुर्महाराजिका भूमि, त्रयस्त्रिंश भूमि, यामा भूमि, तुसिता भूमि, निर्माणरति भूमि, र परिनिर्मितवशवर्ति भूमि भनिकन यसरी कामसुगति भूमि सात प्रकारले छन् ।

*पालि* – **सा पनायमेकादसविधापि कामावचर - भूमिच्चेव सङ्ख गच्छति ।**

*भावार्थ* – एक एक विभाग पछि समूहलाई बताउँछु - एघार प्रकारले भएको यो यस भूमि कामावचर भूमि भनिकन नै गिन्तिको रूपमा अथवा व्यवहारको रूपमा जाने हुन्छ ।

## रूप भूमि १६ वटा

*पालि* – **ब्रह्मपारिसज्जा ब्रह्मपुरोहिता महाब्रह्मा चेति पठमज्झान भूमि ।**

*भावार्थ* – ब्रह्मपारिसद्य भूमि, ब्रह्मपुरोहित भूमि, र महाब्रह्म भूमि भनी यसरी प्रथमध्यान भूमि तीन प्रकारका छन् ।

*पालि* – **परित्ताभा अप्पमाणाभा आभस्सरा चेति दुतियज्झान भूमि ।**

*भावार्थ* – परित्राभा भूमि, अप्रमाणभा भूमि र आभास्वर भूमि भनि यसरी द्वितीयध्यान भूमि तीन प्रकारका छन् ।



https://dhamma.digital

*पालि* – **परित्तसुभा, अप्पमाणसुभा सुभकिण्हा चेति ततियज्झान भूमि ।**

*भावार्थ* – परित्रशुभा भूमि, अप्रमाणशुभा भूमि, शुभकृष्णा भूमि भनि यसरी तृतीयध्यान भूमि तीन प्रकारले छन् ।

*पालि* – **वेहप्फला असञ्ञसत्ता सुद्धावासा चेति चतुत्थज्झान-भूमीति रूपावचर-भूमि सोलसबिधा होन्ति ।**

*भावार्थ* – बृहत्फल भूमि, असंज्ञासत्व भूमि र शुद्धावास भूमि भनि यसरी चतुर्थध्यानभूमि सात प्रकारले छन् । यससरी रूपावचर भूमि सोऱ्ह प्रकारले छन् ।

## शुद्धावास भूमि ५ वटा

*पालि* – **अविहा अतप्पा सुदस्सा सुदस्सी अकनिट्ठा चेति सुद्धावास भूमि पञ्चविधा होति ।**

*भावार्थ* – अविहा, भूमि, अत्रपा भूमि, सुदर्शा भूमि, सुदर्शी भूमि र अकनिष्ठ भूमि भनि यसरी शुद्धावास भूमि पाँच प्रकारले छन् ।

## अरूप भूमि ४ वटा

*पालि*– **आकासानञ्चायतन-भूमि विञ्ञाणञ्चायतन-भूमि आकिञ्चञ्ञायतन-भूमि नेवसञ्ञानासञ्ञायतन-भूमि चे"ति अरूपभूमि चतुब्बिधा होति ।**

*भावार्थ* – आकाशानन्त्यायतन भूमि, विज्ञानन्त्यायतन भूमि, आकिञ्चन्यायतन भूमि र नैवसंज्ञा नासंज्ञायतन भूमि भनिकन यसरी अरूप भूमि चार प्रकारले छन् ।

................



https://dhamma.digital

# भूमि पुद्गल उत्पत्ति

## संग्रह – गाथा

*पालि* – **पुथुज्जना न लब्भन्ति, सुद्धावासेसु सब्बथा ।**

**सोतापन्ना च सकदागामिनो चापि पुग्गला ॥**

**अरिया नोपलब्भन्ति, असञ्ञापाय - भूमिसु ।**

**सेसट्ठानेसु लब्भन्ति, अरियानरियापि च ॥**

**इदमेत्थ भूमिचतुक्कं**

*भावार्थ* – शुद्धावास भूमिमा सबै प्रकारले पृथग्जन, श्रोतापन्न र सकृदागामि भईरहेका पुद्गलहरू पनि उपलब्ध हुँदैनन् । असंज्ञासत्व र अपाय भूमिमा आर्य पुद्गलहरू आठ जना उपलब्ध हुँदैनन् । शुद्धावास, असंज्ञासत्व र अपाय भूमिबाट बाँकी रहेका २१ भूमिमा आर्य पुद्गलहरू आठ जना र पृथग्जन पुद्गलहरू तीन जना उपलब्ध हुन्छन् ।

यो बताई आएको वीथिमुक्त संग्रहमा भूमि चतुष्क हो ।

................

# प्रतिसन्धि चतुष्क

Dhamma.Digital

## चार प्रकारका प्रतिसन्धि

***पालि* – अपाय-पटिसन्धि कामसुगति-पटिसन्धि रूपावचर-पटिसन्धि अरूपावचर-पटिसन्धि चेति चतुविधा पटिसन्धि नाम ।**

*भावार्थ* – अपाय-प्रतिसन्धि, कामावचर-प्रतिसन्धि, रूपावचर-प्रतिसन्धि र अरूपावचर-प्रतिसन्धि भनि यसरी चार प्रकारका प्रतिसन्धि भनेकोलाई जान्नु पर्दछ ।



https://dhamma.digital

## काम प्रतिसन्धि मध्येमा

### अपाय प्रतिसन्धि १ वटा

*पालि* – **तत्थ अकुसलविपाकोपेक्खा - सहगत - सन्तीरणं अपाय - भूमियं ओक्कन्तिक्खणे पटिसन्धि पटिसन्धि हुत्वा ततो परं भवङ्गं परियोसाने चवनं हुत्वा वोच्छिज्जति । अयमेकापाय - पटिसन्धि नाम ।**

*भावार्थ* – ती चार प्रतिसन्धिमध्येमा अकुशल विपाक उपेक्षा सहगत सन्तीरण चित्त अपाय भूमिमा अवतरण हुने क्षणमा प्रतिसन्धि भएर त्यस प्रतिसन्धि अवस्थाबाट पछि भवाङ्ग भएर अन्तमा च्युति भई टुक्रिन्छ (काटिन्छ) यो प्रतिसन्धि एउटालाई अपाय प्रतिसन्धि भन्दछ ।

### काम सुगति प्रतिसन्धि ९ वटा

*पालि* – **कुसलविपाकोपेक्खा - सहगत - सन्तीरणं पन कामसुगतियं मनुस्सानञ्चेव जच्चन्धादीनं भुम्मस्सितानञ्च विनिपातिकासुरानं पटिसन्धि भवङ्ग चुतिवसेन पवत्तन्ति ।**

*भावार्थ* – दुर्गति अहेतुक प्रतिसन्धि पछि सुगति अहेतुक प्रतिसन्धिलाई बताउँछु । कुशलविपाक उपेक्षा सहगत सन्तीरण चित्त कामसुगति भूमिमा प्रतिसन्धि अवस्थादेखि अन्धो मनुष्यसँग र भूमिज देवताहरूलाई आधार लिईरहने विनिपातिक असुरहरूसँग प्रतिसन्धि भवाङ्ग च्युतिको हिसाबले उत्पन्न हुने हुन्छ ।

*पालि* – **महाविनिपातिकानि पन अट्ठ सब्बत्थापि कामसुगतियं पटिसन्धि भवङ्ग चुतिवसेन पवत्तन्ति ।**

*भावार्थ* – अहेतुक प्रतिसन्धि पछि सहेतुक प्रतिसन्धिलाई बताउँछु । आठ महाविपाक चित्त सधैं नै कामसुगति भूमि सातवटामा मात्र प्रतिसन्धि भवाङ्ग च्युति हिसाबले उत्पन्न हुने हुन्छ ।

*पालि* – **इमा नब कामसुगति पटिसन्धियो नाम ।**



https://dhamma.digital

*भावार्थ* – यी नौवटा प्रतिसन्धिलाई कामसुगति प्रतिसन्धि भन्छन् ।

*पालि* – **सा पनायं दसविधापि कामावचर पटिसन्धिच्चेव सङ्ख गच्छति ।**

*भावार्थ* – एक एक विभाग पछि समूहलाई बताउँछु । दश प्रकारले पनि भैरहेको यो यस प्रतिसन्धि; कामावचर प्रतिसन्धि भनिकन नै गिन्तिको रूपमा अथवा व्यवहारको रूपमा जाने हुन्छन् ।

## काम पुद्गलको आयु

*पालि* – **तेसु चतुन्नं अपायानं मनुस्सानं विनिपातिकासुरानञ्च आयुप्पमाणगणनाय नियमो नत्थि ।**

*भावार्थ* – ती दशवटा प्रतिसन्धि युक्त पुद्गलहरू मध्येसा चारजना अपाय पुद्गलहरूसँग, मनुष्यहरूसँग र विनिपातिक असुर हरूसँग आयु प्रमाण गिन्ति गर्नेमा स्थिरता छैन ।

*पालि* – **चातुमहाराजिकानं पन देवानं दिब्बानि पञ्चवस्ससतानि आयुप्पमाणं मनुस्सगणनाय नवुतिवस्ससतसहस्सप्पमाणं होति ।**

*भावार्थ* – अनियमित पछि नियमितलाई बताउँछु। चातुर्महाराजिक भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण देवताहरूको अनुसार पाँचसय वर्ष छ। मानिसहरूको गिन्ति हिसाबले नब्बेलाख ९०,००,००० वर्ष प्रमाण हुनेछ ।

*पालि* – **ततो चतुग्गुणं तावतिंसानं । ततो चतुग्गुणं यामानं । ततो चतुग्गुणं तुसितानं । ततो चतुग्गुणं निम्माणरतीनं । ततो चतुग्गुणं परनिम्मित - वसवत्तीनं ।**

*भावार्थ* – त्यो चातुर्महाराजिक देवताहरूको आयु प्रमाण भन्दा चारगुणा त्रयस्त्रिंश भूमिमा उत्पन्न हुने देवताहरूमो आयु प्रमाण हुने हुन्छ ।

त्यो त्रयस्त्रिंश भूमिका देवताहरूको आयु प्रमाण भन्दा चारगुणा यामा भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण हुने हुन्छ ।



https://dhamma.digital

त्यो यामा देवताहरूको आयु प्रमाण भन्दा चारगुणा तुषिता भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण हुने हुन्छ।

त्यो तुषिता देवताहरूको वायु प्रमाण भन्दा चारगुणा निर्माणरति भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण हुने हुन्छ।

त्यो निर्माणरती देवताहरूको आयु प्रमाण भन्दा चारगुणा परनिर्मित वशवर्ती भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण हुने हुन्छ।

### वशवर्ती देवताहरुको आयु

*पालि* – **नवसञ्चेकवीस -वस्सानं कोटियो तथा।**

**वस्ससत सहस्सानि - सट्ठि च वसवत्तिसु॥**

*भावार्थ* – वशवर्ती भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण मानिसहरूको गिन्ति हिसाबले नौसय कोटि र एकाईस कोटि त्यस्तै प्रकारले साठी लाख वर्ष हुन्छ। अथवा ९,२१,६०,००,००० वर्ष हुनेछ।

### रूप प्रतिसन्धि ६ वटा

*पालि* – **पठमज्झान-विपाकं पठमज्झान-भूमियं पटिसन्धि भवङ्ग चुतिवसेन पवत्तति।**

*भावार्थ* – प्रथमध्यानले युक्त भएको विपाक चित्त प्रथमध्यान भूमिमा प्रतिसन्धि भवाङ्ग च्युति हिसाबले उत्पन्न हुने हुन्छ।

*पालि* – **तथा दुतियज्झान-विपाकं ततियज्झान-विपाकञ्च दुतियज्झान भूमियं।**

*भावार्थ* – त्यस्तै नै द्वितीयध्यानले युक्त भएको विपाक चित्त र तृतीयध्यानले युक्त भएको विपाक चित्त द्वितीयध्यान भूमिमा प्रतिसन्धि भवाङ्ग च्युक्त हिसाबले उत्पन्न हुने हुन्छ।

*पालि* – **चतुत्थज्झान-विपाकं ततियज्झान भूमियं।**



https://dhamma.digital

*भावार्थ* – चतुर्थध्यानले युक्त भएको विपाक चित्त तृतीयध्यान भूमिमा प्रतिसन्धि भवाङ्ग च्युति हिसाबले उत्पन्न हुने हुन्छ ।

*पालि* – **पञ्चमज्झान-विपाकं चतुत्थज्झान भूमियं ।**

*भावार्थ* – पञ्चमध्यानले युक्त भएको विपाक चित्त चतुर्थध्यान भूमिमा प्रतिसन्धि भवाङ्ग च्युति हिसाबले उत्पन्न हुने हुन्छ ।

*पालि* – **असञ्ञसत्तानं पन रूपमेव पटिसन्धि होति, तथा ततो परं पवत्तियं चवनकाले रूपमेव पवत्तित्वा निरूज्झति ।**

*भावार्थ* – विशेष कुरा बताउँछु । असंज्ञासत्व पुद्गलहरूसँग जीवितछक्क र जीवितनवक कलाप रूप नै प्रतिसन्धि हुने हुन्छ । त्यस्तै नै त्यस प्रतिसन्धि अवस्थाबाट पछि प्रवृत्ति अवस्थामा र च्युति अवस्थामा जीवित छक्क र जीवित नवक कलाप रूप नै भवाङ्ग च्युति हिसाबले उत्पन्न भएर निरोध हुने हुन्छ ।

*पालि* –**इमा छ रूपावचर पटिसन्धियो नाम ।**

*भावार्थ* – यी छवटा प्रतिसन्धिलाई रूपावचर प्रतिसन्धि भन्छन् ।

## रूप पुद्गलहरुको आयु

*पालि* – **तेसु ब्रह्मपारिसज्जानं देवानं कप्पस्स ततियो भागो आयुप्पमाणं। ब्रह्मपुरोहितानं अपड्ढ-कप्पो । महाब्रह्मानं एको कप्पो ।**

*भावार्थ* – ती छ प्रतिसन्धि युक्त भएका पुद्गलहरू मध्येमा ब्रह्मपारिसद्य भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण असंख्यकल्पको तीन खण्डको एक खण्ड हुने हुन्छ ।

ब्रह्मपुरोहित भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण असंख्यकल्पको आधी हुने हुन्छ ।

महाब्रह्मा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण एक असंख्यकल्प हुने हुन्छ ।

*पालि* – **परित्ताभानं द्वे कप्पाति । अप्पमाणाभानं चत्तारि कप्पानि । आभस्सरानं अट्ठकप्पानि ।**



https://dhamma.digital

*भावार्थ* – परित्ताभा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण दुई महाकल्प हुने हुन्छ ।

अप्पमाणाभा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण चार महाकल्प हुने हुन्छ ।

आभास्वर भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण आठ महाकल्प हुने हुन्छ ।

*पालि* – **परित्तसुभानं सोलस कप्पानि । अप्पमाणासुभानं द्वत्तिंस कप्पानि । सुभकिण्हकानं चतूसट्ठि कप्पानि ।**

*भावार्थ* – परित्राशुभा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण सोऱ्ह महाकल्प हुने हुन्छ ।

अप्रमाणाशुभा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण बत्तीस महाकल्प हुने हुन्छ ।

शुभकृष्णा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण चैसठ्ठी महाकल्प हुने हुन्छ ।

*पालि* –**वेहप्फलानं असञ्ञसत्तानं च पञ्चकप्पसतानि ।**

*भावार्थ* – बेहत्फल भूमिमा उत्पन्न हुने ब्रह्माहरूको र असंज्ञासत्व भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण पाँचसय महाकल्प हुने हुन्छ ।

*पालि* – **अविहानं कप्पसहस्सानि । अतप्पानं द्वे कप्पसहस्सानि । सुदस्सानं चत्तारि कप्पसहस्सानि । सुदस्सीनं अट्ठ कप्पसहस्सानि । अकनिट्ठानं सोलस कप्पसहस्सानि ।**

*भावार्थ* – अविहा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण एक हजार महाकल्प हुने हुन्छ ।

अतप्पा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण दुई हजार महाकल्प हुने हुन्छ ।

सुदस्सा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण चार



https://dhamma.digital

हजार महाकल्प हुने हुन्छ ।

सुदस्सी भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण आठ हजार महाकल्प हुने हुन्छ ।

अकनिट्ठ भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण सोन्ह हजार महाकल्प हुने हुन्छ ।

## आरूप्य प्रतिसन्धि चारवटा

*पालि* – **पठमारूप्पादि विपाकानि पठमारूपादि - भूमिसु यथाक्कमं पटिसन्धि भवङ्ग चुतिवसेन पवत्तन्ति । इमा चतस्सो अरूप्प पटिसन्धियो नाम ।**

*भावार्थ* – प्रथम आरूप्यादि विपाक चित्त, प्रथम आरूप्य आदि भमिमा क्रमशः प्रतिसन्धि भवाङ्ग च्युति हिसाबले उत्पन्न हुने हुन्छ । यी चार प्रतिसन्धिलाई आरूप्य प्रतिसन्धि भन्दछन् ।

## अरूप पुद्गलहरुको आयु

*पालि* – **तेसु पन आकासानञ्चायतनूपगानं देवानं वीसति कप्पसहस्सानि आयुप्पमाणं ।**

*भावार्थ* – विशेष कुरा बताउँछु । ती चार प्रतिसन्धिले युक्त भएका पुद्गलहरू मध्येमा आकाशानन्त्यायतन भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण बीस हजार महाकल्प हुने हुन्छ ।

*पालि* – **विञ्ञानञ्चायतनूपगानं देवानं चत्तालीस कप्पसहस्सानि ।**

*भावार्थ* – विज्ञानन्त्यायतन भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण चालिस हजार महाकल्प हुने हुन्छ ।

*पालि* – **आकिञ्चञ्ञायतनूपगानं देवानं सट्ठिकप्प सहस्सानि ।**

*भावार्थ* – आकिञ्चन्यायतन भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण साठी हजार महाकल्प हुने हुन्छ ।

*पालि* –**नेवसञ्ञानासञ्ञायतनूपगानं देवानं चतुरासीति कप्पसहस्सानि ।**



https://dhamma.digital

*भावार्थ* – नैवसंज्ञा नासंज्ञायन भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण चौरासी हजार महाकल्प हुने हुन्छ ।

## एक जन्ममा मिल्ने धर्म तीनवटा

*पालि* –**पटिसन्धि भवङ्गञ्च तथा चवनमानसं ।**

**एकमेव तथेवेक विसयञ्चेकजातियं ॥**

**इदमेत्थ पटिसन्धि चतुक्क**

*भावार्थ* – एक जन्ममा प्रतिसन्धिचित्त र भवाङ्ग चित्त त्यस्तै नै च्युतिचित्त भूमि जाति सम्प्रयुक्त धर्म र संस्कार हिसाबले एउटै हुने हुन्छ । यस्तै नै एउटा आरम्मण भएको पनि हुने हुन्छ ।

यो बताई आएको वीथियुक्त - संग्रहमा प्रतिसन्धि चतुष्क हो ।

## कर्म चतुष्क

### कर्म चारवटा चार चरि

*पालि* – **जनकं उपथम्भकं उपपीलिकं उपघातकञ्चेति किच्चवसेन ।**

*भावार्थ* – विपाक कटत्ता (कर्मज) रूपलाई बनाउने कर्म, प्रेरणा दिएर बलियो पार्ने कर्म, नजिकै बसेर कष्ट दिने कर्म र नजिकै बसेर घात गर्ने कर्म भनी यसरी कृत्य हिसाबले चार कर्म भनेकोलाई जान्नुपर्दछ ।

*पालि* – **गरूकं आसन्नं आचिण्णं कटत्ताकम्मञ्चेति पाकदान परियायेन ।**

*भावार्थ* – गऱ्हौं कर्म; मरणासन्न अवस्थामा सम्झनुपर्ने, गर्नुपर्ने कर्म; अटूट रूपले अभ्यास गर्नुपर्ने गर्नुपर्ने कर्म र गरेको मात्र भइरहेको कर्म भनी यसरी फल दिने कर्म अनुसार चारवटा कर्म भनेकोलाई जान्नुपर्दछ ।

*पालि* – **दिट्ठधम्मवेदनीयं उपपज्जवेदनीयं अपरापरियवेदनीयं**
**अहोसिकम्मञ्चेति पाककालवसेनचत्तारि कम्मानि नाम ।**

*भावार्थ* – प्रत्यक्ष शरीरको भावमा (यहाँको यहीं) भोग गर्ने फल



https://dhamma.digital

भएको कर्म अथवा यही जन्ममा फल दिने लक्षण भएको कर्म; पछिको शरीरको भावमा उत्पन्न भएर भोगिने कर्म अथवा दोश्रो जन्ममा फल दिने लक्षण भएको कर्म; प्रत्यक्ष शरीरको भावले पनि अलग भैरहेको अनिश्चित शरीरको भावमा भोगिने फल भएको कर्म अथवा तेश्रो जन्मेदेखि निर्वाण प्राप्त हुने ठाउँ सम्मको (निर्वाण प्राप्त नहुञ्जेल सम्मको) जन्ममा फल दिने लक्षण भएको कर्म; फल दिईसकेको पनि होइन, पछि दिने पनि नभएको मात्र कर्म नाउँमात्र भैरहेको "अहोसि" कर्म भनी यसरी फल दिने अवस्थाको हिसाबले चारवटा कर्म भनेकोलाई जान्नुपर्दछ ।

*पालि* – **तथा अकुसलं कामावचर - कुसलं रूपावचार - कुसलं अरूपावचर - कुसलञ्चेति पाकट्ठानवसेन ।**

*भावार्थ* – त्यस्तै नै अकुशल कर्म, कामावचर कुशल कर्म, रूपावचर कुशल कर्म र अरूपावचर कुशल कर्म भनिकन यसरी फल दिने स्थानको हिसाबले चारवटा कर्म भनेकोलाई जान्नुपर्दछ ।

*पालि* – **तत्थ अकुसलं कायकम्मं वचीकम्मं मनोकम्मञ्चेति कम्मद्वारवसेन तिविधं होति ।**

*भावार्थ* – अकुशल कर्म, कायकर्म, वचीकर्म र मनोकर्म भनी यसरी कर्मद्वार हिसाबले तीन प्रकारले छन् ।

**कायकर्म तीनवटा**

*पालि* – **कथं ?**

**पाणातिपातो अदिन्नादानं कामेसुमिच्छाचारो चेति कायविञ्ञत्ति - सङ्खाते कायद्वारे बाहुल्लबुत्तितो कायकम्मं नाम ।**

*भावार्थ* – परप्राणीलाई चाँडै पतन गर्ने, धनीले शरीर र वचनले नदिएको अर्काको धन चोरेर लिने र पञ्चकाममा सत्पुरूष होइन असत्पुरूषहरूको आचरणलाई सेवन गर्ने हिसाबले कायद्वारमा उत्पन्न हुने, "अगमनीय मातृरक्षित" स्थानमा दूषित गर्ने चेतना भनेको



https://dhamma.digital

कामगुणमा भूल भएको रूपले आचरण गर्ने; भनिकन यसरी तीन प्रकारको कर्मलाई कायविज्ञप्ति भनेको अथवा शरीरले जान्न अनुभव गराउन सकिने भनेको कायद्वारमा धेरै मात्रामा उत्पन्न हुने हुनाले यसलाई कायकर्म भन्छ ।

## वचीकर्म चारवटा

*पालि* – **मुसावादो पिसुनवाचा फरूसवाचा सम्फप्पलापो चेति वचीविञ्ञत्ति - सङ्खाले वचीद्वारे बाहुल्लवुत्तितो वचीकम्मं नाम ।**

*भावार्थ* – झूठलाई सत्य रूपले भनिने कुरा; दुईजनाको प्रेमलाई छिन्नभिन्न हुनेगरी बिगार्न सकिने कुरा; करौति झैं धारिलो स्पर्श भएको कुरा र सुख ऐश्वर्यलाई बिगार्न सकिने सीताहरण आदि काम नलाग्ने कुरा भनी यसरी चार प्रकारको कर्मलाई वचीविज्ञप्ति भनेको अथवा वचनद्वारा जान्न अनुभव गराउन सकिने भनेको वचीद्वारमा धेरै मात्रामा उत्पन्न हुने हुनाले यसलाई वचीकर्म भन्छ ।

## मनोकर्म तीनवटा

*पालि* – **अभिज्झा ब्यापादो मिच्छादिट्ठि चेति अञ्ञत्रापि विञ्ञत्तिया मनस्मिंयेव बाहुल्लवुत्तियो मनोकम्मं नाम ।**

*भावार्थ* – अर्काको सुख ऐश्वर्यलाई सिद्धा ताक्ने हिसाबले मनमा चिताउनेस ऐश्वर्य अभिवृद्धिलाई बिगार्ने कारण भैरहेको दोष, र उल्टो रूपले देख्नु भनिकन यसरी तीन प्रकारको कर्मलाई कायविज्ञप्ति र वचीविज्ञप्तिलाई अलग राखेर पनि मनमामात्र धेरै मात्रामा उत्पन्न हुने हुनाले अथवा चित्तमा धेरै मात्रामा उत्पन्न हुने हुनाले यसलाई मनोकर्म भनिन्छ ।



https://dhamma.digital

## कर्मबाट बनिने धर्म

*पालि* – **तेसु पाणातिपातितो फरूसवाचा ब्यापादो च दोसमूलेन जायन्ति ।**

*भावार्थ* – ती अकुशल कर्मपथ दशवटा मध्येमा प्राणातिपात, पारूष्य वचन र व्यापाद दोषमूलबाट उत्पन्न हुने हुन्छन् ।

*पालि* – **कामेसुमिच्छाचारो अभिज्भा मिच्छादिट्ठि च लोभमूलेन ।**

*भावार्थ* – कामेषु मिथ्याचार, अभिध्या र मिथ्यादृष्टि लोभमूलबाट उत्पन्न हुने हुन्छन् ।

*पालि* – **सेसानि चत्तारिपि द्विहि मूलेहि सम्भवन्ति ।**

*भावार्थ* – बताईसकेकाबाट बाँकी रहेको अदिन्नादान, मृषावाद, पैशून्य वचन, सम्प्रलाप वचन यी चारवटा लोभ र दोष दुईमूलबाट उत्पन्न हुने हुन्छन् ।

*पालि* – **चित्तुप्पादवसेन पनेतं अकुसलं सब्बथापि द्वादसविधं होति ।**

*भावार्थ* – विशेष कुरा बताउँछु । चित्तोत्पादको हिसाबले यी अकुशल कर्म सबैप्रकारले पनि १२ वटा छन् ।

## काम कशुलकर्म तीनवटा

*पालि* – **कमावचरकुसलम्पि कायद्वारे पवत्तं कायकम्मं वचीद्वारे पवत्तं वचीकम्मं मनोद्वारे पवत्तं मनोकम्मञ्चेति कम्मद्वारवसेन तिविधं होति ।**

*भावार्थ* –

*पालि* –**तथा दान - सील - भावना - वसेन ।**

*भावार्थ* –कामावचर कुशलकर्म पनि कायद्वारमा उत्पन्न हुने कायकर्म, वचीद्वारमा उत्पन्न हुने वचीकर्म, मनोद्वारमा उत्पन्न हुने मनोकर्म भनी यसरी कर्मद्वार हिसाबले तीन प्रकारका छन् ।

*पालि* – **चित्तुप्पादवसेन पनेतं अट्ठविधं होति ।**

*भावार्थ* – विशेष कुरा बताउँछु । चित्तोत्पादको हिसाबले



https://dhamma.digital

यो कामावचर कुशलधर्म ८ प्रकारले छन् ।

## पुण्यक्रिया वस्तु १० वटा

*पालि* – **दान - सील - भावना - अपचायन - वेय्यावच्च - पत्तिदान - पत्तानुमोदन - धम्मस्सवन - धम्मदेसना - दिट्ठिजुकम्मवसेन दसविधं होति ।**

*भावार्थ* – दान दिने, शील समादान गर्ने, कर्मस्थान भावना वृद्धि गर्ने, त्रिरत्न गुरू आमा-बाबु आदिलाई साना ठूला काम गरी सेवा सुश्रुषा गर्ने, आफूले गरेको कुशल आनिशंस अरूलाई बाँडीदिने, अरूले गरेको कुशल आनिशंसलाई साधुवाद दिई अनुमोदन गर्ने, धर्मोपदेश सुन्ने, धर्मदेशना गर्ने, सिद्धा दृष्ति धारण गर्ने हिसाबले दश प्रकारले छन् ।

*पालि* – **तं पनेतं वीसति - विधम्पि कामावचरकम्ममिच्चेव सङ्ख गच्छति ।**

*भावार्थ* – भिन्नता पछि समूहलाई बताउँछु । २० प्रकारले पनि भएको यो कुशल र अकुशल कर्म कामावचर कर्म भनिकन नै गणनामा अथवा व्यवहारमा जाने हुन्छ ।

## रूप कुशलकर्म ५ वटा

*पालि* – **रूपावचरकुसलं पन मनोकम्ममेव, तञ्च भावनामयं अप्पनाप्पत्तं झानङ्गभेदेन पञ्चविधं होति ।**

*भावार्थ* – कामावचरकर्म पछि रूपावचरकर्म बताउँछु। रूपावचर कुशलकर्म मनोकर्म मात्र हो । त्यो रूपावचार कुशलकर्म भनेको मनोकर्म पनि भावनामय हो । अर्पणामा पुगेको हो । यो ध्यानअङ्गको प्रभेदले पाँच प्रकारले छन् ।

## अरूप कुशलकर्म ४ वटा

*पालि* – **तथा अरूपावचर - कुसलञ्च मनोकम्मं । तम्पि भावनामयं अप्पनाप्पत्तं आरम्मणभेदेन चतुब्बिधं होति ।**



https://dhamma.digital

*भावार्थ* – त्यस्तै नै अरूपावचर कुशलकर्म पनि मनोकर्म मात्र हो । त्या अरूपावचर कुशल भनेको मनोकर्म पनि भावनामय हो । अर्पणामा पुगेको हो । आकाश आरम्मण आदि चार आरम्मणको प्रभेदले चार प्रकारले छन् ।

## कामावचर कर्मको फल दिने भूमि

*पालि* – **एत्थाकुसलकम्ममुद्धच्चरहितं अपाय - भूमियं पटिसन्धि जनेति । पवत्तियं पन सब्बम्पि द्वादसविधं सत्ताकुसलपाकानि सब्बत्थापि कामलोके रूपलोके च यथारहं विपच्चति ।**

*भावार्थ* – यी चार कर्म मध्येमा औधृत्य चेतना रहित भएको ११ वटा अकुशल कर्मले अपाय भूमिमा प्रतिसन्धि तुल्याउँछ ।

प्रवृत्ति अवस्थामा त १२ प्रकारका सबै अकुशल कर्मले पनि ७ वटा अकुशल विपाक चित्तलाई सबै नै कामभूमि र रूपभूमिमा योग्यतानुसार फल दिने हुन्छ ।

*पालि* – **कामावचरकुसलम्पि कामसुगतियमेव पटिसन्धिं जनेति । तथा पवत्तियञ्च महाविपाकानि । अहेतुकविपाकानि पन अट्ठपि सब्बत्थापि कामलोके रूपलोके च यथारहं विपच्चति ।**

*भावार्थ* – कामावचर कुशलकर्म पनि सातवटा काम सुगतिमा मात्र प्रतिसन्धि तुल्याउने हुन्छ ।

त्यस्तै नै प्रवृत्ति अवस्थामा पनि आठ महाविपाक चित्तलाई तुल्याउने हुन्छ । आठैवटा कुशलविपाक चित्तलाई मात्र सबै नै कामभूमि र रूपभूमिमा उचितानुसार फल दिने हुन्छ ।

## त्रिहेतुक उत्कृष्ट कर्म इत्यादिको भेद

*पालि* – **तत्थापि तिहेतुकमुक्कट्ठं कुसलं तिहेतुकं पटिसन्धिं दत्वा पवत्ते सोलस विपाकानि विपच्चति ।**

*भावार्थ* – ती कामावचर कुशलकर्म मध्येमा त्रिहेतुक उत्कृष्ट (उच्च) भैरहेको चार प्रकारका कुशल कर्मले त्रिहेतुक भैरहेका चार



https://dhamma.digital

प्रकारको प्रतिसन्धिलाई दिएर प्रवृत्ति अवस्थामा १६ विपाक चित्तलाई उत्पन्न गराउने हुन्छ ।

*पालि* – **तिहेतुकमोमकं द्विहेतुकमुक्कट्ठञ्च कुसलं द्विहेतुकं पटिसन्धिं दत्वा पवत्ते तिहेतुकरहितानि द्वादस विपाकानि विपच्चति ।**

*भावार्थ* – तिहेतुक ओमक (निम्न) भैरहेको चार प्रकारका कुशलकर्म र द्विहेतुक उत्कृष्ट भैरहेको चार प्रकारका कुशलकर्म; द्विहेतुक भैरहेको चार प्रकारका प्रतिसन्धिलाई दिएर प्रवृत्ति अवस्थामा चारवटा त्रिहेतुक विपाक चित्तले अलग भैरहेको १२ वटा विपाक तित्तलाई उत्पन्न गराउने हुन्छ ।

*पालि* – **द्विहेतुकमोमकं पन कुसलं अहेतुकमेव पटिसन्धिं देति, पवत्ते च अहेतुकविपाकानेव विपच्चति ।**

*भावार्थ* – द्विहेतुक ओमक भैरहेको चार प्रकारका कुशलकर्म मात्र चोक्खै अहेतुक भैरहेको प्रतिसन्धिलाई दिने हुन्छ । प्रवृत्ति अवस्थामा पनि अहेतुक कुशल विपा चित्त आठवटालाई मात्र उत्पन्न गराउने हुन्छ ।

**केचिवाद संग्रह गाथा**

*पालि* – **असङ्खारं ससङ्खार-विपाकानि न पच्चति ।**
**सङ्खारमसङ्खार - विपाकानीति केचनं ॥**

*भावार्थ* – असंस्कारिक कुशल कर्मले ससंस्कारिक विपाक चित्त उत्पत्ति गराउँदैन । ससंस्कारिक कुशल कर्मले असंस्कारिक विपाक चित्त उत्पत्ति गराउँदैन । यसरी कुनै आचार्यहरूले अथवा मोरवापि प्रदेशमा वासगरी रहनुभएका महाधर्मरक्षित नामक आर्यले भन्नु भएको छ ।

*पालि* – **तेसं द्वादसपाकानि, दसाट्ठ च यथाक्कमं ।**
**यथावुत्तानुसारेन, यथासम्भव - मुद्दिसे ॥**

*भावार्थ* – उनी केचि आचार्यहरूको सिद्धान्तमा बताई आएको अनुसार क्रमशः १२ विपाक चित्तलाई, दश विपाक चित्तलाई र आठ विपाक चित्तलाई योग्यतानुसार देखाउनु पर्दछ ।



https://dhamma.digital

## रूप कर्मको फल दिने भूमि

*पालि* – **रूपावचरकुसलं पन पठमज्झानं परित्तं भावेत्वा ब्रह्मपारिसज्जेसु उप्पज्जति ।**

*भावार्थ* – कामावचर कुशलकर्म पछि रूपावचर कुशल कर्मलाई बताउँछु, अथवा धर्म अधिस्थान पछि पुद्गल अधिस्थानलाई बताउँछु । कर्मस्थान अभ्यास गर्ने व्यक्तिले अल्प आनुभाव भएको रूपावचर कुशलकर्म प्रथमध्यानलाई अल्प आनुभाव भएको रूपमा भाविता गरेर ब्रह्मपारिसद्य भूमिमा उत्पन्न हुने हुन्छ ।

*पालि* – **तदेव मज्झिमं भावेत्वा ब्रह्मपुरोहितेसु ।**

*भावार्थ* – मध्यस्थ आनुभाव भएको त्यस प्रथमध्यानलाई नै भाविता गरेर अथवा त्यस प्रथमध्यानलाई नै भाविता गरेर अथवा त्यस प्रथमध्यानलाई नै मध्यस्थ आनुभाव भएको रूपमा भाविता गरेर ब्रह्मपुरोहित भूमिमा उत्पन्न हुने हुन्छ ।

*पालि* – **पणितं भावेत्वा महाब्रह्मेसु ।**

*भावार्थ* – प्रणीत आनुभाव भएको त्यस प्रथमध्यानलाई नै भाविता गरेर अथवा त्यस प्रथमध्यानलाई नै प्रणीत आनुभाव भएको रूपमा भाविता गरेर महाब्रह्मा भूमिमा उत्पन्न हुने हुन्छ ।

*पालि* – **तथा दुतियज्झानं ततियज्झानञ्च परित्तं भावेत्वा परित्ताभेसु ।**

*भावार्थ* – त्यस्तै नै अल्प आनुभाव भएको द्वितीयध्यान र तृतीयध्यानलाई भाविता गरेर अथवा द्वितीयध्यान र तृतीयध्यानलाई अल्प आनुभाव भएको रूपमा भाविता गरेर परित्राभा भूमिमा उत्पन्न हुने हुन्छ ।

*पालि* – **मज्झिमं भावेत्वा अप्पमाणाभेसु ।**

*भावार्थ* – मध्यम आनुभाव भएको द्वितीयध्यान र तृतीयध्यानलाई भाविता गरेर अथवा द्वितीयध्यान र तृतीयध्यानलाई मध्यम आनुभाव भएको रूपमा भाविता गरेर अप्रमाणभा भूमिमा उत्पन्न हुने हुन्छ ।



https://dhamma.digital

*पालि* **–पणीतं भावेत्वा आभस्सरेसु ।**

*भावार्थ* – प्रणीत आनुभाव भएको द्वितीयध्यान र तृतीयध्यानलाई भाविता गरेर अथवा द्वितीयध्यान र तृतीयध्यानलाई प्रणीत आनुभाव भएको रूपमा भाविता गरेर आभास्वर भूमिमा उत्पन्न हुने हुन्छ ।

*पालि* **–चतुत्थज्झानं परित्तं भावेत्वा परित्तासुभेसु ।**

*भावार्थ* – अल्प आनुभाव भएको चतुर्थध्यानलाई भाविता गरेर अथवा चतुर्थध्यानलाई अल्प आनुभाव भएको रूपमा भाविता गरेर परित्रशुभा भूमिमा उत्पन्न हुने हुन्छ ।

*पालि* **–मज्झिमं भावेत्वा अप्पमाणसुभेसु ।**

*भावार्थ* – मध्यम आनुभाव भएको चतुर्थध्यानलाई भाविता गरेर अथवा चतुर्थध्यानलाई मध्यम आनुभाव भएको रूपमा भाविता गरेर अप्रमाणशुभा भूमिमा उत्पन्न हुने हुन्छ ।

*पालि* **–पणीतं भावेत्वा सुभकिण्हेसु ।**

*भावार्थ* – प्रणीत आनुभाव भएको चतुर्थध्यानलाई भाविता गरेर अथवा चतुर्थध्यानलाई प्रणीत आनुभाव भएको रूपमा भाविता शुभकृष्णा भूमिमा उत्पन्न हुने हुन्छ ।

*पालि* **–पञ्चमज्झानं भावेत्वा वेहप्फलेसु ।**

*भावार्थ* – पञ्चमध्यान भाविता गरेर बृहत्फल भूमिमा उत्पन्न हुने हुन्छ ।

*पालि* **–तदेव सञ्ञाविरागं भावेत्वा असञ्ञासत्तेसु ।**

*भावार्थ* – संज्ञारहित भएको त्यो पञ्चमध्यानलाई नै भाविता गरेर वा त्यो पञ्चमध्यानलाई नै संज्ञारहित रूपले भाविता गरेर असंज्ञात्व भूमिमा उत्पन्न हुने हुन्छ ।

*पालि* **–अनागामिनो पन सुद्धावासेसु उप्पज्जन्ति ।**

*भावार्थ* – अनागामी पुद्गलहरू मात्र शुद्धावास भूमिमा उत्पन्न हुने हुन्छन् ।



https://dhamma.digital

### अरूप कर्मको फल दिने भूमि

*पालि* – **अरूपावचर - कुसलञ्च यथाक्कमं भावेत्वा अरूपेसु उप्पज्जन्तीति ।**

*भावार्थ* – अरूपावचर कुशल कर्मलाई पनि क्रमशः भाविता गरेर अरूपावचर भूमिमा उत्पन्न हुने हुन्छ ।

*पालि* –**इत्थं महग्गतं पुञ्ञं, यथाभूमिववत्थितं ।**
**जनेति सदिसं पाकं, पटिसन्धि - पवत्तियं ॥**

*भावार्थ* – यसरी बताई आएको, भेद अनुसार महर्गत कुशलकर्म प्रतिसन्धि अवस्था र प्रवृत्ति अवस्थामा यथा व्यवस्थित भूमि अनुसार आफू समान भएको विपाक चित्तलाई उत्पन्न गराउने हुन्छ ।

यो बताई आएको यो वीथिमुक्त - संग्रहमा कर्म चतुष्क भयो ।

.................

## च्युति प्रतिसन्धि कर्म ४ वटा

### मरण चार वटा

*पालि* – **आयुक्खयेन कम्मक्खयेन उभयक्खयेन उपच्छेदक - कम्मुना चेति चतुधा मरणुप्पत्ति नाम ।**

*भावार्थ* – आयुक्षय हुनाले, कर्मक्षय हुनाले, आयु र कर्म दुवै क्षय हुनाले र नजिकै बसेर छेदन गर्ने कर्मले सत्वहरूको मरण हुने हुन्छ । यसरी चार प्रकारको मरणोत्पत्ति भनेकोलाई जान्नु पर्दछ ।

### मरण अवस्थामा निमित्त देखिने

*पालि* – **तथा च मरन्तानं पन मरणकाले यथारहं अभिमुखीभूतं भवन्तरे पटिसन्धि - जनकं कम्मं वा । तं कम्मकरणकाले रूपादिकमुपलद्ध-पुब्बमुपकरणभूतञ्च कम्मनिमित्तं वा । अनन्तरमुपज्जमानभवे उपलभितब्ब-मुपभोग भूतञ्च**



https://dhamma.digital

**गतिनिमित्तं वा । कम्मबलेन छन्नं द्वारानं अञ्ञतरस्मिं पच्चुपट्ठाति ।**

*भावार्थ* – विशेष कुरा बताउँछु, अथवा मरण पछि मरण अवस्थामा कर्म, कर्मनिमित्त र गतिनिमित्त देखिने कुरा बताउँछु । ती चार कारणले मात्र मरण हुने सत्वहरूलाई मरण अवस्थामा उचितानुसार अघि सरेर आउने, अर्को जन्ममा प्रतिसन्धि उत्पन्न गराउने कुशल अकुशल कर्म, त्यस कुशल अकुशल कर्म बनाउने अवस्थामा पहिले उपलब्ध भैसकेको उपकरण पनि भैसकेको रूपारम्मण आदि अथवा रूपारम्मण, शब्द, गन्ध, रस, प्रष्टव्य र धर्मारम्मण भनेको लट्ठि, शूल, खुकुरी, भाला, धनुष, बाण, विहार, बुद्ध, चैत्य, भोजन, चीवर, छाता, ध्यजा, फूलको माला आदि कर्मनिमित्त र पछि उत्पन्न हुने जन्ममा उपलब्ध पनि हुने उपभोग पनि हुने भैरहेको गर्भासय, नर्कको खर्कण्डा, नरकपाल, नर्कको आगोको ज्वाला, कालो कुक्कुर, देव अप्सरा, विमान कल्पवृक्ष आदि गतिनिमित्त कर्मबलले ६ द्वारा मध्येमा एकनएक द्वारमा बार बार अगाडि देखिन आउने हुन्छ ।

## मरणान्त अवस्थामा चित्त क्रमको उत्पत्ति

*पालि* – **ततो परं तमेव तथोपट्ठितं आरम्मणं आरब्भ विपच्चमानककम्मानुरूपं परिसुद्धं उपक्किलिट्ठं वा उपलभितब्ब - भवानुरूपं तत्थोणतंव चित्तसन्तानं अभिण्हं पवत्तति बाहुल्लेन ।**

*भावार्थ* – त्यसरी बार बार देखापर्नुबाट पछि ती ती आकारबाट बार बार देखापर्न आउने त्यस कर्म, कर्मनिमित्त र गतिनिमित्त भनेको आरम्मणलाई नै आरम्मण गरेर प्रतिसन्धिलाई उत्पन्न गराउने कर्मको रूपमा परिशुद्ध भएर वा धमिलो भएर उपलब्ध हुन योग्य भएको भव अनुसार त्यस भवमा झुकेको जस्तो अथवा झुकेर नै चित्तको क्रम अटूट रूपले धेरै धेरै उत्पन्न हुने हुन्छ ।



https://dhamma.digital

## अर्को तरिकाले कर्मले आरम्मण देखिने

*पालि* – **तमेव वा पन जनकभूतं कम्मं अभिनवकरणवसेन द्वारप्पत्तं होति ।**

*भावार्थ* – विशेष कुरा बताउँछु । प्रतिसन्धिलाई उत्पन्न गराउन सकिने त्यस कर्म नै आफूले आफूलाई नवीकरण गर्ने हिसाबले द्वारमा पुग्ने हुन्छ ।

## मरणासन्न वीथि

*पालि* – **पच्चासन्नमरणस्स तस्स वीथिचित्तावसाने भवङ्गक्खये वा चवनवसेन पच्चुप्पन्नभव - परियोसानभूतं चुतिचित्तं उप्पज्जित्वा निरूज्झति ।**

*भावार्थ* – निकै नजिक भएको मरण भएको त्यो सत्वको अन्तमा तदारम्मण र भवन भएको वीथिचित्तको अवसानमा वा भवाङ्गको अवसानमा अथवा भवाङ्गको निरोधमा, च्युतिको हिसाबले वर्तमान भएको, अन्त भैराखेको च्युतिचित्त उत्पन्न भएर निरोध हुने हुन्छ ।

## प्रतिसन्धि चित्तको उत्पत्ति

*पालि* – **तस्मिं निरूद्धावसाने तस्सानन्तरमेव तथागहितं आरम्मणं आरब्भ सब्बत्थुकं अवत्थुकमेव वा यथारहं अविज्जानुसय - परिक्खितेन तण्हानुसयमूलकेन सङ्खारेन जनियमानं सम्पयुत्तेहि परिग्गय्हमानं सहजातानमधिट्ठान - भावेन पुब्बङ्गमभूतं भवन्तर - पटिसन्धानवसेन - पटिसन्धिसङ्खातं मानसं उप्पज्जमानमेव पतिट्ठाति भवन्तरे ।**

*भावार्थ* – त्यो च्युति निरोध भएपछि निरोधको अन्तमा त्यस च्युति चित्तको अनन्तरमा नै त्यस आकारले ६ द्वारिक मरणासन्न जवनले ग्रहण गरिराखेको कर्म, कर्मनिमित्त र गतिनिमित्त भनेको आरम्मणलाई आरम्मण गरेर वस्तु सहित भएको वा वस्तु रहित भएर नै योग्यतानुरूपले अविद्या अनुशयले घेरिएको तृष्णा अनुशय नै मूलकारण भएको कुशल, अकुशल कर्मले उत्पन्न गराई राखेको स्पर्श, वेदना आदि



https://dhamma.digital

घिरेर ग्रहण गरिराखेको स्पर्श, वेदना आदि सहजात धर्मको सम्प्रयुक्त आधार रूपले पूर्वगामी भैरहेको पहिलेको र पछिको भव विशेषलाई एकै जोडले जोडिएको जस्तै जोड्न सक्ने हिसाबले प्रतिसन्धि भनेको चित्त उत्पद्यमान भएर नै अर्को भवमा अथवा नयाँ भवमा प्रतिसन्धि हुने हुन्छ।

## काम प्रतिसन्धि चित्तको आरम्मण

*पालि* – **मरणासन्नवीथियं पनेत्थ मन्दप्पवत्तानि पञ्चेव जवनानि पाटिकङ्खितब्बानि, तस्मा यदि पच्चुप्पन्नारम्मणेसु आपाथगतेसु धरन्तेस्वेव मरणं होति ।**

*भावार्थ* – विशेष कुरा बताउँछु । यो मरणोत्पत्ति वा मरणासन्नवीथिमा मन्द गतिबाट उत्पन्न हुने पाँचपटक मात्रको जवनलाई जुन कारणले इच्छित छ सोही कारणले प्रकट रूपमा देखिन आउने लाई शूल गर्भासय फुलको माला आदि कर्म, कर्मनिमित्त वा कल्पवृक्ष इच्यादि गतिनिमित्त भनेको वर्तमान आरम्मण प्रकट भएको बेलामा नै यदि मरण भयो भने त्यस्तो हुँदा ।

*पालि* – **तदा पटिसन्धिभवङ्गानम्पि पच्चुप्पन्नारम्मणता लब्भतीति कत्वा कामावचरपटिसन्धिया छद्वारगगहितं कम्मनिमित्तं गतिनिमित्तञ्च पच्चुप्पन्नमतीतारम्मणं उपलब्भति ।**

*भावार्थ* – त्यतिबेला प्रतिसन्धि भवाङ्ग चित्तको पनि वर्तमान आरम्मण भएको भाव उपलब्ध हुन्छ । तसर्थ कामावचर प्रतिसन्धिको आरम्मणलाई छ द्वारले ग्रहण गरिराखेको वर्तमान र अतीत भैरहेको लट्ठि, शूल, खुकुरी, भाला, धनुष, बाण, विहार, बुद्ध, चैत्य, भोजन, चीवर, छाता, ध्वंजा, फुलको माला आदि कर्मनिमित्तलाई र मनोद्वारले ग्रहण गरिराखेको वर्तमान नै भैरहेको गर्भासय, नर्कको ठूलो खर्कण्डा, नरकपाल, नर्कको आगोको ज्वाला, कालोकुकुर, देव अप्सरा, विमान, कल्पवृक्ष आदि गतिनिमित्त उपलब्ध हुन्छ ।

*पालि* – **कम्मं पन अतीतमेव, तञ्च मनोद्वारगगहितं तानि पन सब्बानिपि परित्तधम्म भूतानेवारम्मणानि ।**



https://dhamma.digital

*भावार्थ* – कुशल र अकुशल कर्म त अतीत नै मात्र हो । त्यो अतीत भैरहेको कुशल अकुशल कर्मलाई पनि मनोद्वारले ग्रहण गरिराखेको छ । समूहलाई बताउँछु । त्यो त्यो कर्म, कर्मनिमित्त र गतिनिमित्त सबैको कामधर्म नै आरम्मण भएको हुन्छ ।

### रूप अरूप प्रतिसन्धिको आरम्मण

***पालि* – रूपावचर पटिसन्धिया पन पञ्ञत्तिभूतं कम्मनिमित्तमेवारम्मणं होति ।**

*भावार्थ* – कामावचर प्रतिसन्धिको आरम्मण पछि महर्गत प्रतिसन्धिको आरम्मणलाई बताउँछु । रूपावचर प्रतिसन्धिको आरम्मण प्रज्ञप्ति भैरहेको पृथ्वी कसिण आदि कर्मनिमित्त नै हुनेछ ।

*पालि* – **तथा अरूपपटिसन्धिया च महग्गतभूतं पञ्ञत्तिभूतञ्च कम्मनिमित्तमेव यथारहमारम्मणं होति ।**

*भावार्थ* – त्यस्तै नै आरूप्य प्रतिसन्धिको आरम्मण पनि योग्यतानुसार महर्गत पनि प्रज्ञप्ति पनि भैरहेको आकाशानन्त्यायतन कुशल आका प्रज्ञप्ति आदि कर्मनिमित्त नै हुन्छ ।

*पालि* – **असञ्ञासत्तानं पन जीवितनवकमेव पटिसन्धिभावेन पतिट्ठाति । तस्मा ते रूपपटिसन्धिका नाम ।**

*भावार्थ* – नाम प्रतिसन्धि पछि रूप प्रतिसन्धिलाई बताउँछु । असंज्ञासत्व पुद्गलहरूको जीवितनवक कलाप रूप नै प्रतिसन्धिको रूपले प्रतिष्ठित हुने हुँदा ती असंज्ञासत्व पुद्गलहरूलाई रूप नै प्रतिसन्धि भएका पुद्गलहरू भन्छन् ।

*पालि* – **आरूप्पा अरूपपटिसन्धिका, सेसा रूपारूप-पटिसन्धिका ।**

*भावार्थ* – आरूप्य पुद्गलहरूलाई नाम मात्र प्रतिसन्धि भएका पुद्गलहरू भन्छन् । असंज्ञासत्व र अरूप पुद्गलहरूबाट बाँकी रहेका पुद्गलहरूलाई नाम र रूप दुवै प्रतिसन्धि भएका पुद्गलहरू भन्दछन् ।



https://dhamma.digital

## च्युति चित्त पछि प्रतिसन्धि हुने

*पालि* –**आरूप्प चुतिया होन्ति, हेट्ठिमारूप्पवज्जिता ।**

**परमारूप्पसन्धी च, तथा कामतिहेतुका ॥**

**रूपावचर - चुतिया, अहेतु - रहिता सियुं ।**

**सब्बा कामतिहेतुम्हा, कामेस्वेव पनेतरा ॥**

**अयमेत्थ चुतिपटिसन्धिक्कमो ।**

*भावार्थ* – अरूप च्युति चारवटा पछि तल तलका अरूप प्रतिसन्धिबाट अलग भएका अरूप प्रतिसन्धि चारवटा, त्यस्तै प्रकारको कामत्रिहेतुक प्रतिसन्धि चारवटा छन् । रूपावचर च्युति ६ वटा पछि अहेतुक प्रतिसन्धिबाट अलग भएका १७ वटा प्रतिसन्धि छन् । कामत्रिहेतुक च्युति चारवटा भन्दा पछि १९ वटा प्रतिसन्धि सबै छन् ।

साधारण पछि असाधारणलाई बताउँछु । कामत्रिहेतुक र द्विहेतुक च्युति पछि ११ वटा कामभूमिमा नै १० वटा प्रतिसन्धि प्राप्त हुने हुन्छ ।

**यो बताई आएको यो वीथिमुक्त–संग्रहमा च्युति प्रतिसन्धिको क्रम हो ।**

.................

## भवाङ्ग र च्युति चित्तको उत्पत्ति

*पालि* – **इच्चेवं गहितपटिसन्धिकानं पन पटिसन्धि निरोधानन्तरतो पभुति तमेवारम्मणमारब्भ तदेव चित्तं याव चुतिचित्तुप्पादा असति वीथिचित्तुप्पादे भवस्स अङ्गभावेन भवङ्ग - सन्ततिसङ्खातं मानसं अब्बोच्छिन्न नदीसोतो विय पवत्तति ।**

**परियोसाने च चवनवसेन चुतिचित्तं हुत्वा निरूज्झति ।**

*भावार्थ* – च्युति प्रतिसन्धि क्रम पछि भवाङ्ग क्रमलाई बताउँछु । यसरी बताई आएको निमय अनुसार ग्रहण गरिसकेको प्रतिसन्धि भएका पुद्गलहरूलाई प्रतिसन्धि चित्त निरोध भएपछि त्यस प्रतिसन्धिको आरम्मणलाई नै आरम्मण गरेर त्यस प्रतिसन्धि चित्त नै च्युतिचित्त उत्पत्ति



https://dhamma.digital

हुनेबेलासम्म वीथिचित्तको उत्पत्ति अथवा पञ्चद्वारावर्जन, चक्षुविज्ञान, पञ्चद्वारावर्जन, श्रोतविज्ञान, पञ्चद्वारावर्जन, घ्राणविज्ञान, पञ्चद्वारावर्जन, जिव्हाविज्ञान, पञ्चद्वारावर्जन, कायविज्ञान, पञ्चद्वारावर्जन, जवन आदि वीथिचित्तको उत्पन्न नभए भवको कारणको रूपले भवाङ्गक्रम भनेको चित्त अटूटरूपले नदी बगेझैं उत्पन्न हुने हुन्छ ।

अन्तमा पनि च्युति हुने हिसाबले च्युतिचित्त उत्पन्न भएर निरोध हुने हुन्छ ।

## संसारचक्र घुमाउने

*पालि* – **ततो परञ्च पटिसन्धादयो रथचक्कमिव यथाक्कमं एव परिवत्तन्ता पवत्तन्ति ।**

*भावार्थ* – त्यो च्यतिचित्त निरोध भैसकेपछि पनि प्रतिसन्धि आदि चित्त क्रमशः रथको पांग्राझैं घुम्दै मात्र रहने हुन्छ ।

*पालि* – **पटिसन्धि-भवङ्ग-वीथियो, चुतिचेह तथा भवन्तरे ।**
**पुन सन्धि भवङ्गमिच्चयं, परिवत्तति चित्तसन्तति ॥**

*भावार्थ* – यो वर्तमान जन्ममा प्रतिसन्धि भवाङ्ग वीथिचित्त र च्युतिचित्त घुम्दै गर्ने जस्तै फेरि अर्को जन्ममा प्रतिसन्धि भवाङ्ग आदि यस चित्तको क्रम घुमेर नै रहने हुन्छ ।

## संसारचक्र अन्त हुने

*पालि* – **पटिसङ्खाय पनेत मद्धवं, अधिगन्त्वा पदमच्चुतं बुधा । सुसमुच्छिन्न - सिनेहबन्धना, सममेस्सन्ति चिराय सुब्बता ।**

*भावार्थ* – संसारचक्र घुम्नु पछि संसारचक्र अन्त हुनुलाई बताउँछु । प्रज्ञावान्‌हरूले अस्थिर स्वभाव भएको अथवा स्थिर स्वभाव नभएको यो संसारधर्मलाई प्रज्ञाद्वारा विचार गरी चिरकाल सम्म असल आचरण गर्ने भएर राम्रैसँग मार्गज्ञानले छेदन गरिसकेको स्नेह र बन्धन हुने भएर अथवा स्नेह र बन्धनलाई मार्गज्ञानले राम्रैसँग छेदन गरिसकेका



https://dhamma.digital

भएर मृत्युले रहित भैरहेको निर्वाणलाई मार्ग र फलज्ञानले साक्षात्कार गरी सम्पूर्ण संसार दुःख शान्त भैरहेको निर्वाण धातुमा पुग्न जाने हुन्छ ।

## वीथिमुक्त – संग्रह निगमन

*पालि* – **इति अभिधम्मत्थसङ्गहे वीथिमुत्तसङ्गह - विभागो नाम पञ्चमो परिच्छेदो ।**

*भावार्थ* – अभिधर्मार्थ संग्रह नामको ग्रन्थमा वीथिमुक्त-संग्रह विभाग नाम भएको पाँचौं काण्ड सम्पूर्ण भयो ।

Dhamma.Digital



https://dhamma.digital

# रूप–काण्ड ६

## अनुसन्धि र प्रतिज्ञा

*पालि* – **एत्तावता विभत्ता ह, सप्पभेदप्पवत्तिका ।**

**चित्त - चेतसिका धम्मा, रूपं दानि पवुच्चति ॥**

*भावार्थ* – यति प्रमाण भएको पाँच परिच्छेदले, तीन परिच्छेदले व्यक्त गरेको प्रभेदले, दुई परिच्छेदले व्यक्त गरेको उत्पत्ति भएको अथवा उद्देश, निर्देश र प्रतिनिर्देशको हिसाबले व्यक्त गरेको प्रभेद, प्रवृत्ति प्रतिसन्धिको हिसाबले व्यक्त गरेको उत्पत्ति भएको चित्त चैतसिक भैरहेको स्वभावधर्मलाई जुन कारणले मैले विभक्त गरिसकें; त्यस कारणले अहिले रूपलाई बताउँछु ।

## मातृका

*पालि* –**समुद्देसा विभागा च, समुट्ठाना कलापतो ।**

**पवत्तिक्कमतो चेति, पञ्चधा तत्थ सङ्गहो ।**

*भावार्थ* – रूपलाई संक्षिप्तले देखाउने, रूलाई विभाजन गर्ने, चक्षुदशक आदि रूपकलापको उत्पत्ति, चक्षु आदि रूप समूह र भव काल, सत्व भेदले रूपको उत्पत्ति क्रमानुसार त्यस रूप-संग्रहमा पाँच प्रकारले हिसाप हुने हुन्छ ।

# रूप समुद्देस

## महाभूत उपादारुप

*पालि* – **चत्तारि महाभूतानि चतुन्नञ्च महाभूतानं उपादाय रूपन्ति दुविधम्पेतं रूपं एकादसविधेन सङ्गहं गच्छति ।**

*भावार्थ* – चार महाभूत र चार महाभूतलाई आधार लिएर



https://dhamma.digital

उत्पन्न हुने रूप भनिकन यसरी दुई प्रकारले भैरहेको यो रूप ११ प्रकारले गणनामा अथवा संग्रहमा जाने हुन्छ ।

### महाभूत ४ वटा

*पालि* – **कथं ?**

**पथवीधातु आपोधातु तेजोधातु वायोधातु भूतरूपं नाम ।**

*भावार्थ* – कसरी जाने हुन्छ ?

पृथ्वी धातु, आपो धातु, तेजो धातु, र वायो धातुलाई भूतरूप भन्छ ।

## उपादारूप २४ वटा

### प्रसाद रूप ५ वटा

*पालि* – **चक्खु सोतं घानं जिह्वा कायो पसादरूपं नाम ।**

*भावार्थ* – चक्षुप्रसाद, श्रोतप्रसाद, घ्राणप्रसाद, जिह्वाप्रसाद, कायप्रसादलाई प्रासदरूप भन्छ ।

### गोचर रूप ७ वटा

***पालि* – रूपं सद्दो गन्धो रसो आपोधातु - विवज्जितं भूतत्तयसङ्खातं फोट्ठब्बं गोचररूपं नाम ।**

*भावार्थ* – रूपारम्मण, शब्दारम्मण, गन्धारम्मण, रसारम्मण र आपोधातुले अलग भएको भूतरूप तीनवटाको समूह भनेको प्रष्टव्यारम्मणलाई गोचररूप भन्छ ।

### भावरूप २ वटा

*पालि* – **इत्थत्तं पुरिसत्तं भावरूपं नाम ।**

*भावार्थ* – स्त्रीत्व र पुरूषत्वलाई भावरूप भन्छ ।



https://dhamma.digital

### हृदयरूप १ वटा

*पालि* – **हदयवत्थु हदयरूपं नाम ।**

*भावार्थ* – हृदयवस्तुलाई हृदयरूप भन्छ ।

### जीवितरूप १ वटा

*पालि* – **जीवितिन्द्रियं जीवितरूपं नाम ।**

*भावार्थ* – जीवितिन्द्रियलाई जीवितरूप भन्छ ।

### आहाररूप १ वटा

*पालि* – **कबलीकारो आहारो आहाररूपं नाम ।**

*भावार्थ* – गाँस गाँस गर्नु नपरे पनि गर्नु परे जस्तो भएको आहारलाई आहाररूप भन्छ ।

*पालि* – **इति च अट्ठारसविधम्पेतं रूपं सभावरूपं सलक्खणरूपं निप्फन्नरूपं रूपरूपं सम्मस्सनरूपन्ति च सङ्गहं गच्छति ।**

*भावार्थ* – यस प्रभेदले १८ प्रकारले भैराखेका यी रूप कक्खल आदि (आआफ्नो स्वभावले उत्पन्न हुने हुनाले) स्वभावरूप भनिकन, अनित्यादि लक्षणसँगै उत्पन्न हुने हुनाले सलक्षणरूप भनिकन, परिच्छेद आदि भावलाई अलग पारेर आआफ्नो स्वभावले मात्र (कर्म आदि कारणले सिद्ध हुने हुनाले) निष्पन्नरूप भनिकन, (चिसो तातो आदि विरोधी कारणले बदलिने) भएको भावले त्यो चिसो तातो इत्यादि विरोधी भैरहेको कारणले बदलिएर रहने हुनाले रूपरूप भनिकन र परिच्छेद आदि भावलाई नाघेर स्वभावले मात्र उत्पन्न हुने हुनाले (अनित्य दुःख अनात्म भन्ने लक्षणलाई तीनवटामा राखेर परामर्श गर्न योग्य हुनाले) सम्मस्सनरूप भनिकन गन्तिमा अथवा नामाकरणमा जाने हुन्छ ।

### परिच्छेदरूप १ वटा

*पालि* –**अकासधातु परिच्छेदरूपं नाम ।**

*भावार्थ* – आकाशधातुलाई परिच्छेदरूप भन्छ ।

### विज्ञप्तिरूप २ वटा

*पालि* – **कायविञ्ञत्ति वचीविञ्ञत्ति विञ्ञत्तिरूपं नाम ।**

*भावार्थ* – कायविज्ञप्ति र वचीविज्ञप्तिलाई विज्ञप्तिरूप भन्छ ।

### विकाररूप ५ वटा

***पालि* – रूपस्स लहुत मुदुता कम्मञ्ञता विञ्ञत्तिद्वयं विकाररूपं नाम ।**

*भावार्थ* – निष्पन्नरूप १८ वटा, रूपको हलुंगो भाव, नरम भाव, काममा प्रयोग गर्नुहुने भाव, विज्ञप्तिरूप समूह दुईवटालाई विकाररूप भन्छ ।

### लक्षणरूप ४ वटा

***पालि* – रूपस्स उपचयो सन्तति जरता अनिच्चता लक्खणरूपं नाम ।**

*भावार्थ* – चक्षु इत्यादि रूपको उत्पत्ति अवस्था, उत्पत्ति क्रम, जीर्णता र अनित्यतालाई लक्षणरूप भन्छ ।

*पालि* – **जातिरूपमेव पनेत्थ उपचयसन्ततिनामेन पवुच्चतीति एकादसविधम्मपेतं रूपं अट्ठवीसतिविधं होति सरूपवसेन ।**

*भावार्थ* – विशेष कुरा बताउँछु । यी लक्षणरूप चारवटामा जातिरूप एउटालाई नै उपचय र सन्तति नामले व्यवहार गरेको छ । यसरी एघार प्रकारले पनि भैरहेको यो रूप स्वरूपको हिसाबले वा आआफ्नो स्वभाव अनुसार २८ वटा छन् ।

### संग्रह–गाथा

*पालि* – **कथं ?**

**भूतप्पसादविसया, भावो हदयमिच्चपि ।**

**जीविताहाररूपेहि, अट्ठारसविधं तथा ॥**

**परिच्छेदो विञ्ञति, विकारो लक्खणन्ति च ।**



https://dhamma.digital

**अनिप्फन्ना दसा चेति, अट्ठवीसविधं भवे ॥**

**अयमेत्थ रूपसमुद्देसो ।**

*भावार्थ* – कसरी हुन्छ ?

भूतरूप ४ वटा, प्रसादरूप ५ वटा,[1] विषयरूप ७ वटा, भावरूप २ वटा, अनि हृदयरूप भनिकन यसरी जीवितरूप आहाररूप समेत १८ प्रकारले निष्पन्नरूप र त्यसपछि अर्को-

परिच्छेदरूप, विज्ञप्तिरूप दुईवटा,[2] विकाररूप ५ वटा र लक्षणरूप ४ वटा भनी यसरी १० वटा अनिष्पन्नरूप, यस प्रभेदले २८ प्रकारले छन् ।

यो बताई आएको यो रूप संग्रहमा अथवा रूपसमुद्देश आदि पाँच मध्येमा रूपलाई संक्षिप्त देखाउने नय हो ।

१. विषयरूप ७ वटामा पठवी, आपो, तेजो तीनवटा भूतरूपमा गैसकेको हुनाले ४ वटा मात्र ।

२. विकाररूप ५ वटामा विञ्ञत्तिरूप दुईवटा घटाएर ३ वटा मात्र ।

## रूप विभाग

*पालि* – **सब्बञ्च पनेतं रूपं अहेतुकं सपच्चयं सासवं सङ्खतं लोकियं कामावचरं अनारम्मणं अप्पहातब्बमेवाति एकविधम्पि अज्झत्तिकबाहिरादिवसेन बहुधा भेदं गच्छति ।**

*भावार्थ* – रूपसमुद्देश पछि रूपविभागलाई बताउँछु। यी सम्पूर्ण रूप (अलोभ आदि सम्प्रयुक्त हेतु नभएको हुनाले) अहेतुक नामको भयो । (कर्म चित्त ऋतु र आहार भनेको कारणधर्म चारवटाले युक्त भएर) सप्रत्यय पनि नाम भएको छ। (आश्रवधर्म चारवटाको आरम्मण भएकोले) साश्रव पनि नाम भएको छ। (कर्म चित्त ऋतु आहार भनेको कारणधर्म चारवटा समूह भएर संस्कृत हुनाले) संस्कृत पनि नाम भएको छ । (उपादानको आरम्मण भैरहेको संस्कारलोकमा अन्तर्गत भएको हुनाले) लौकिय पनि नाम भएको छ । (कामतृष्णाको गौचर भएको हुनाले) कामावचर पनि



https://dhamma.digital

नाम भएको छ । (आरम्मणलाई ग्रहण गर्न नजान्ने हुनाले) अनारम्मण पनि नाम भएको छ । (तदङ्ग प्रहाण, विष्कम्भण प्रहाण, समुच्छेद प्रहाण हिसाबले हटाउन नहुने हुनाले) अप्रहातव्य पनि नाम भएको छ । यसरी एक प्रकारले विद्यमान रूप आध्यात्मिक बाहिरिक इत्यादि हिसाबले अनेक प्रकारले भेद हुन जाने हुन्छन् ।

## आध्यात्मिक रूप र बाहिरिक रूप

*पालि* – **कथं ?**

**पसादसङ्खातं पञ्चविधम्पि अज्झत्तिकरूपं नाम, इतरं बाहिररूपं ।**

*भावार्थ* – कसरी हुनजान्छ ?

प्रसादरूप भनेको पाँचै प्रकारले भएको रूपलाई आध्यात्मिकरूप भन्छ । त्यसभन्दा अर्को २३ वटा रूपलाई बाहिरिकरू भन्छ ।

## वस्तुरूप र अवस्तुरूप

*पालि* – **पसादहदयसङ्खातं छब्बिधम्पि वत्थुरूपं नाम, इतरं अवत्थुरूपं ।**

*भावार्थ* – प्रसादरूप ५ र हृदयरूप भनेको ६ प्रकारले पनि भएको रूपलाई वस्तुरूप भन्छ । त्यसभन्दा अर्को २२ वटा रूपलाई अवस्तुरूप भन्छ ।

Dhamma.Digital

## द्वाररूप र अद्वाररूप

*पालि* – **पसादविञ्ञत्तिसङ्खातं सत्तविधम्पि द्वाररूपं नाम, इतरं अद्वाररूपं ।**

*भावार्थ* – प्रसादरूप ५ र विज्ञप्तिरूप २ वटा भनेको सात प्रकारले भएका रूपलाई द्वाररूप भन्छ । त्यसभन्दा अर्को २१ वटा रूपलाई अद्वाररूप भन्छ ।

## इन्द्रियरूप र अनिन्द्रियरूप

*पालि* – **पसादभावजीवितसङ्खातं अट्ठविधम्पि इन्द्रियरूपं नाम, इतरं अनिन्द्रियरूपं ।**



https://dhamma.digital

*भावार्थ* – पसादरूप ५, भावरूप २, जीवितरूप भनेको आठप्रकारले भएको रूपलाई इन्द्रियरूप भन्छ। त्यसबाट अर्को २० वटा रूपलाई अनिन्द्रियरूप भन्छ।

## आलारिक (स्थुल) रूप र सूक्ष्मरूप इत्यादि

*पालि* – **पसादविसयसङ्खातं द्वादसविधम्पि ओलारिकरूपं सन्तिकेरूपं सप्पटिघरूपञ्च, इतरं सुखुमरूपं दूरेरूपं अप्पटिघरूपञ्च।**

*भावार्थ* – प्रसादरूप ५ र विषयरूप ७ वटा भनेको १२ प्रकारले भएको रूपलाई ओलारिक (स्थूल) रूप भन्छ। सन्तिकेरूप अथवा नजिकको रूप भन्छ। सप्रछिघरूप अथवा प्रतिघात भएको रूप भन्छ। त्यसबाट अर्को १६ रूपलाई सूक्ष्मरूप, दूरेरूप अथवा टाढाको रूप, अप्रटिघरूप अथवा प्रतिघात रहित रूप भन्छ।

## उपादिन्नरूप र अनुपादिन्नरूप

*पालि* – **कम्मजं उपादिन्नरूपं, इतरं अनुपादिन्नरूपं।**

*भावार्थ* – कम्मजरूप १८ वटालाई उपादिन्नरूप वा आरम्मण गर्ने रूपले तृष्णा र दृष्टिले ग्रहण गरिराखेको कर्म फलको रूपमा ग्राहच भएको हुनाले उपादिन्नरूप भन्छ। त्यसबाट अर्को त्रिजरूपलाई अनुपादिन्नरूप अथवा आरम्मण गर्ने रूपले तृष्णा र दृष्टि टाँसिएको कर्म फलको रूपमा ग्राहच नभएको हुँदा अनुपादिन्नरूप भन्छ।

## सनिदर्शनरूप र अनिदर्शनरूप

***पालि* – रूपायतनं सनिदस्सनरूपं, इतरं अनिदस्स्नरूपं।**

*भावार्थ* – रूपायतनलाई सनिदर्शनरूप अथवा हेर्ने साथ भएको रूप भन्छ। त्यसबाट अर्को २७ वटा रूपलाई निदर्शनरूप भन्छ।

## गौचर ग्राहकरूप र अगौचर ग्राहकरूप

*पालि* – **चक्खादिद्वयं असम्पत्तवसेन घानादित्तयं सम्पत्तवसेतानि पञ्चविधम्पि गोचरग्गाहिकरूपं, इतरं अगोचरग्गाहिकरूपं।**



https://dhamma.digital

*भावार्थ* – चक्षु आदि रूप दुईवटाको समूह नपुगेको हिसाबले घ्राण आदि रूप तीनवटाको समूह पुगेको हिसाबले यसरी पाँच प्रकारले पनि भएको रूपलाई आरम्मण ग्रहण गर्न जानेको वा आरम्मणलाई ग्रहण गर्ने गौचरग्राहकरूप भन्छ । त्यसबाट अर्को २३ वटा रूपलाई आरम्मण ग्रहण गर्न नजान्ने वा आरम्मणलाई ग्रहण नगर्ने अगौचरग्राहकरूप भन्छ ।

### अविनिर्भोगरूप र विनिर्भोगरूप

*पालि* – **वण्णो गन्धो रसो ओजा भूतचतुक्कञ्चेति अट्ठविधम्पि अविनिब्भोगरूपं, इतरं विनिब्भोगरूपं ।**

*भावार्थ* – रूपारम्मण, गन्धारम्मण, रसारम्मण, ओजा र भूतरूप चारवटाको समूह यसरी आठ प्रकारले भएको रूपलाई अलग अलग छुट्याउन नहुने अविनिर्भोगरूप भन्छ । त्यसबाट अर्को २० वटा रूपलाई अलग अलग छुट्याउन हुने विनिर्भोगरूप भन्छ ।

### संग्रह–गाथा

*पालि* – **इच्चेव मट्ठवीसतिविधम्पि च विचक्खणा ।**

**अज्झत्तिकादिभेदेन, विभजन्ति यथारहं ॥**

**अयमेत्थ रूपविभागो ।**

*भावार्थ* – यसरी बताई आएको नय अनुसार २८ प्रकारले पनि भएको रूपलाई नै योग्यतानुसार आध्यात्मिक रूपादि प्रभेदले विद्वानहरूले विभाजन गरिराखेका हुन् ।

यो बताई आएको यस रूप-संग्रहमा अथवा यो यस रूपसमुद्देश आदि पाँचवटा मध्येमा रूपलाई विभाजन गर्ने नय हो ।

........................



https://dhamma.digital

# रूपसमुट्ठान नय

## रूपलाई बनाउने धर्म ४ वटा

*पालि* – **कम्मं चित्तं उतु आहारो चेति चत्तारि रूपसमुट्ठानानि नाम ।**

*भावार्थ* – कामकुशल, अकुशल र रूपकुशल कर्म २५; अरूप विपाक ४, पञ्चविज्ञान १० र अरहन्तहरूको च्युतिचित्तबाट अलग भएका ७५ चित्त; ॠतु र आहार भनिकन यसरी चार कारणलाई रूप उत्पन्न गराउने कारण भन्छन् ।

## कर्मले रूप बनाउने

*पालि* – **तत्थ कामावचरं रूपावचरञ्चेति पञ्चवीसतिविधम्पि कुसलाकुसलकम्ममभिसङ्खतं अज्झत्तिकसन्ताने कम्मसमुट्ठानरूपं पटिसन्धिमुपादाय खणे खणे समुट्ठापेति ।**

*भावार्थ* – ती ४ कारण मध्येमा कामावचर कुशल र अकुशल कर्म २० वटा, रूपावचर कुशल कर्म ५ वटा, यसरी २५ प्रकारले भएको कुशल अकुशल कर्म आध्यात्मिक संतानमा अभिसंस्कृत भएको कर्मले उत्पन्न हुने रूपलाई प्रतिसन्धि चित्तको उत्पत्ति देखि क्षणिक क्षणिकमा अथवा एकेक चित्तको तीन तीन क्षणमा उत्पन्न गराउने हुन्छ ।

## चित्तले रूप बनाउने

*पालि* – **आरूपविपाक-द्विपञ्चविञ्ञाणवज्जित पञ्चसत्तति-विधम्पि चित्तं चित्तसमुट्ठानरूपं पठमभवङ्गमुपादाय जायन्तमेव समुट्ठापेति ।**

*भावार्थ* – अरूप विपाक ४, द्विपञ्चविज्ञान १० र अरहन्तहरूको च्युति चित्तबाट अलग भएको ७५ प्रकारले पनि भएको चित्तले, चित्त नै उत्पत्ति कारण भैरहेको रूपलाई अथवा चित्तको कारणले उत्पत्ति हुने रूपलाई प्रथम भवाङ्गलाई कारण तुल्याई उत्पत्ति समकालमा नै आध्यात्मिक सन्तानमा उत्पन्न गराउने हुन्छ ।



https://dhamma.digital

*पालि* – **तत्थ अप्पनाजवनं इरियापथम्पि सन्नामेति ।**

*भावार्थ* – ती ७५ चित्त मध्येमा अर्पणा जवन २६ वटाले इरियापथलाई पनि अथवा जाने, उठ्ने, बस्ने, सुत्नेलाई पनि उत्पन्न गराउने हुन्छ ।

*पालि* – **वोट्ठब्बनकामावचर - जवनाभिञ्ञा पन विञ्ञत्तिम्पि समुट्ठापेन्ति ।**

*भावार्थ* – वोट्ठब्बन कामावचर जवन एककम तीस (२९) वटा र अभिज्ञा दुईवटाले कायविज्ञप्ति वचीविज्ञप्तिलाई पनि उत्पन्न गराउने हुन्छ ।

*पालि* – **सोमनस्सजवनानि पनेत्थ तेरस हसनम्पि जनेन्ति ।**

*भावार्थ* – विशेष कुरा बताउँछु । यस विज्ञप्तिलाई उत्पन्न गराउने वोट्ठब्बन कामावचर जवन २९ वटा र अभिज्ञा दुईवटा मध्येमा १३ वटा सौमनस्य सहगत जवनले हाँस्नुलाई उत्पन्न गराउने हुन्छ ।

### ऋतुले रूप बनाउने

*पालि* – **सीतुण्होतुसमञ्ञाता तेजोधातु ठितिप्पत्ताव उतुसमुट्ठानरूपं अज्झत्तञ्च बहिद्धा च यथारहं समुट्ठापेति ।**

*भावार्थ* – शीतऋतु, उष्णऋतु भनेको तेजोधातुले स्थितिमा पुऱ्याएर मात्र ऋतु नै कारण भैरहेको रूपलाई अथवा ऋतुको कारणले उत्पन्न हुने रूपलाई आध्यात्म सन्तानमा र बाहिरिक सन्तानमा उचितानुसार (योग्यता अनुरूप) उत्पन्न गराउने हुन्छ ।

### आहारले रूप बनाउने

*पालि* – **ओजासङ्खातो आहारो आहारसमुट्ठानरूपं अज्झोहरणकाले ठानप्पत्तो व समुट्ठापेति ।**

*भावार्थ* – ओजा भनेको आहारले आहार नै उत्पत्ति कारण भैरहेको रूपलाई अथवा आहारको कारणले उत्पत्ति हुने रूपलाई निल्ने



https://dhamma.digital

अवस्थामा स्थितिमा पुगरे मात्र आध्यात्मिक सन्तानमा उत्पन्न गराउने हुन्छ ।

### कर्मजरूप

*पालि* – **तत्थ हदयइन्द्रियरूपानि कम्मजानेव ।**

*भावार्थ* – ती रूपसमूह मध्येमा हृदयरूप र इन्द्रियरूप कर्मले मात्र हुने हुन्छ ।

### चित्तजरूप

*पालि* – **विञ्ञत्तिद्वयं चित्तजमेव ।**

*भावार्थ* – विज्ञप्ति दुईवटा चित्तबाट मात्र उत्पन्न हुने हुन्छ ।

### चित्तज ऋतुज रूप

*पालि* – **सद्दो चित्तोतुजो ।**

*भावार्थ* – शब्दरूप चित्त र ऋतुबाट उत्पन्न हुने हुन्छ ।

*पालि* – **लहुतादित्तयं उतुचित्ताहारेति सम्भोति ।**

*भावार्थ* – हलुकापन आदि तीन ऋतु, चित्त र आहारले उत्पन्न गराइदिन्छ ।

Dhamma.Digital

### चतुजरूप

*पालि* – **अनिब्भोगरूपानि चेव अकासधातु च चतूहि सम्भूतानि ।**

*भावार्थ* – अविनिर्गोगरूप आठवटा आकाशधातु, चार कारणबाट उत्पन्न हुने हुन्छ ।

### नकुतोचिज रूप

*पालि* –**लक्खणरूपानि न कुतोचि जायन्ति ।**

*भावार्थ* – लक्षणरूप ४ वटा कुनै कारणले पनि उत्पन्न हुँदैन ।



https://dhamma.digital

## संग्रह–गाथा

*पालि* – **अट्ठारस पन्नरस, तेरस द्वादसा ति च ।**
**कम्मचित्तोतुकाहार, जानि होन्ति यथाक्कमं ॥**
**जायमानादिरूपानं, सभावत्ता हि केवलं ।**
**लक्खणानि न जायन्ति, केहिचीति पकासितं ॥**
**अयमेत्थ रूपसमुट्ठाननयो ।**

*भावार्थ*–कर्मज, चित्तज, ऋतुज र आहारजरूप क्रमशः अट्ठार पन्ध्र, तेऱ्ह र बाऱ्हवटा छन् ।

केवल जायमान, इत्यादि निष्पन्नरूपको स्वभावको हिसाबको कारणले लक्षणरूप चारवटा कुनै पनि कारणले पनि उत्पन्न हुँदैन भनी यसरी देखाई राखेको छ ।

**यी बताई आएका यस रूपसंग्रहमा अथवा**
**रूपसमुद्देश आदि पाँचवटा मध्येमा**
**रूपसमुट्ठाननयलाई देखाएको नय हो ।**

.................

Dhamma.Digital

## रूपकलाप

### रूपकलाप लक्षण ४ वटा

*पालि* – **एकुप्पादा, एकनिरोधा, एकनिस्सया, सहवुत्तिनो एकवीसति रूपकलापा नाम ।**

*भावार्थ* – सँगै उत्पन्न हुन पाउने अथवा समान उत्पत्ति भएको, सँगै निरोध हुन पाउने अथवा समान लय हुने भएको, समान आधार भएको, सँगै उत्पन्न हुने भएको अथवा भिन्न भिन्न कलाप भएको रूपको हिसाबले सँगै उत्पन्न हुने २१ वटा रूपसमूहलाई रूपकलाप भन्छ ।



https://dhamma.digital

## कर्मज कलाप ९ वटा

*पालि* – **तत्थ जीवितं अविनिब्भोगरूपञ्च चक्खुना सह चक्खुदसकन्ति पवुच्चति ।**

*भावार्थ* – ती २१ वटा रूपकलाप मध्येमा जीवितरूलाई र अविनिर्भोगरूपलाई चक्षुप्रसादसँग चक्षुदशक भनिकन वा चक्षुद्वारा नियमित भएको रूपसमूह दशवटा भनिन्छ ।

*पालि* – **तथा सोतादीहि सद्धिं सोतदसकं घानदसकं जिह्वादसकं कायदसकं इत्थिभावदसकं पुम्भावदसकं वत्थुदसकञ्चेति यथाक्कमं योजेतब्बं ।**

*भावार्थ* – त्यस्तै नै श्रोतप्रसाद आदिसँग अथवा श्रोतप्रसाद, घ्राणप्रसाद, जिह्वाप्रसाद, कायप्रसाद, स्त्रीभाव, पुरूषभाव र हृदयवस्तुसँग श्रोतदशक भनिकन अथवा श्रोतद्वारा नियमित भएको रूपसमूह दशवटा भनिकन; घ्राणदशक भनिकन अथवा घ्राणद्वारा नियमित भएको रूपसमूह दशवटा भनिकन; जिह्वादशक भनिकन अथवा जिह्वाद्वारा नियमित भएको रूपसमूह दशवटा भनिकन; कायदशक भनिकन अथवा कायद्वारा नियमित भएको रूपसमूह दशवटा भनिकन; स्त्रीभावदशक भनिकन अथवा स्त्रीभावले नियमित भएको रूपसमूह दशवटा भनिकन; पुरूषभावदशक भनिकन अथवा पुरूषभावले नियमित भएको रूपसमूह दशवटा भनिकन; वस्तुदशक भनिकन अथवा हृदयवस्तुद्वारा नियमित भएको रूपसमूह दशवटा भनिकन; यसरी मिलाउनु पर्छ ।

*पालि* – **अविनिब्भोगरूपमेव जीवितेन सह जीवितनवकन्ति पवुच्चति । इमे नव कम्मसमुट्ठान - कलापा ।**

*भावार्थ* – अविनिर्भोग आठवटालाई नै जीवितिन्द्रियसँग जीवित नवक कलाप भनिकन वा जीवितद्वारा नियमित भएको रूपसमूह ९ वटा भनी विशेषरूपले बताई राखेको छ । यसरी यी रूपकलाप ९ वटालाई कर्मबाट उत्पन्न हुने रूपकलाप भन्छ अथवा कर्म नै उत्पत्ति कारण भएको रूपकलाप भन्छ ।



https://dhamma.digital

## चित्तज कलाप ६ वटा

*पालि* – **अविनिब्भोगरूपं पन सुद्धट्ठकं । तथेव कायविञ्ञत्तिया सह कायविञ्ञत्ति - नवकं । वचीविञ्ञत्तिसद्देहि सह वची विञ्ञत्ति-दसकं । लहुतादीहि सद्धिं लहुतादेकादसकं । कायविञ्ञत्तिलहुतादि द्वादसकं । वचीविञ्ञत्तिसद्दलहुतादि तेरसकञ्चेति छ चित्तसमुट्ठानकलापा ।**

*भावार्थ* – कर्मज कलाप पछि चित्तज कलापलाई बताउँछु । अविनिर्भोगरूप आठवटालाई शुद्ध अष्टक कलाप भन्दछ ।

ती शुद्ध अष्टक कलाप नै कायविज्ञप्तिसँग कायविज्ञप्ति नवक कलाप भनिन्छ ।

वचीविज्ञप्ति र शब्दसँग वचीविज्ञप्ति दशक कलाप भनिन्छ ।

लहुता आदि सँग एकादशक कलाप भनिन्छ ।

कायविज्ञप्ति लहुता आदि द्वादशक कलाप भनिन्छ ।

अनि वचीविज्ञप्ति शब्दलहुतादि तेरशक कलाप भनिन्छ ।

यसरी यी रूपकलाप ६ वटालाई चित्तबाट उत्पन्न हुने रूपकलाप भन्छ । अथवा चित्त नै उत्पत्ति कारण भैरहेको रूपकलाप भन्छ ।

Dhamma.Digital

## ऋतुज कलाप ४ वटा

*पालि* – **सुद्धट्ठकं सद्दनवकं लहुतादेकादसकं सद्दलहुतादि द्वादसकञ्चेति चत्तारो उतुसमुट्ठान कलापा ।**

*भावार्थ* – शुद्ध अष्टक कलाप, शब्दनवक कलाप, लहुतादि एकादशक कलाप र शब्दलहुतादि द्वादशक कलाप यसरी यी रूपकलाप चारवटालाई ऋतुबाट उत्पत्ति हुने रूपकलाप भन्छ । अथवा ऋतु नै उत्पत्ति कारण भैरहेको रूपकलाप भन्छ ।

## आहारज कलाप २ वटा

*पालि* – **सुद्धट्ठकं लहुतादेकादसकञ्चेति द्वे आहारसमुट्ठान कलापा ।**



https://dhamma.digital

*भावार्थ* – शुद्ध अष्टक कलाप र लहुतादि एकादशक कलाप यसरी यी दुई कलापलाई आहारबाट उत्पत्ति हुने रूपकलाप भन्छ । अथवा आहार नै उत्पत्ति कारण भैरहेको रूपकलाप भन्छ ।

## आध्यात्म र बाह्य कलाप भेद

*पालि* – **तत्थ सुद्धट्ठकं सद्दनवकञ्चेति द्वे उतुसमुट्ठान कलापा बहिद्धापि लब्भन्ति । अवसेसा पन सब्बेपि अज्झत्तिकमेवा"ति ।**

*भावार्थ* – ती २१ वटा रूपकलाप मध्येमा शुद्ध अष्टक कलाप र शब्दनवक कलाप यसरी ऋतुबाट उत्पन्न हुने रूपकलाप दुईवटा बाहिरिक सन्तानमा पनि उपलब्ध हुन्छ । साधारण पछि असाधारणलाई बताउँछु । ऋतुसमुट्ठानिक रूप दुईवटाबाट बाँकी रहेका एककम बीस (१९) वटा रूपकलाप आध्यात्मिक सन्तानमा मात्र उपलब्ध हुन्छ ।

## संग्रह–गाथा

*पालि* – **कम्मचित्तोतुकाहारसमुट्ठाना यथाक्कमं ।**
**नव छ चतुरो द्वे ति, कलापा एकवीसति ॥**
**कलापानं पच्छिेद - लक्खणत्ता विचक्खणा ।**
**न कलापङ्गमिच्चाहु, आकासं लक्खणानि च ॥**
**अयमेत्थ कलाप योजना ।**

*भावार्थ* – कर्म चित्त ऋतु आहारबाट उत्पत्ति हुने रूपकलाप क्रमशः ९ वटा, ६ वटा, ४ वटा र २ वटा छन् । यसरी कलाप २१ वटा छन् ।

आकाशधातु र लक्षणरूप ४ वटालाई, आकाशधातु लक्षणरूप चारवटाको कलापलाई छुट्याउने, नियमित गर्ने कारणले कलापको अङ्ग भनी विद्वानहरूले भनेको छैन ।

यो बताई आएको यो रूपसंग्रहमा अथवा रूपसमुद्देश आदि पाँचवटा मध्येमा कलापलाई जोड्ने नय हो ।

................



https://dhamma.digital

# रूप प्रवृत्ति क्रम

## कामभूमिमा रूपको उत्पत्ति क्रम

*पालि* – **सब्बानिपि पनेतानि रूपानि कामलोके यथारहं अनूनानि पवत्तियं उपलब्भन्ति ।**

*भावार्थ* – रूपकलाप पछि रूपप्रवृत्ति क्रमलाई बताउँछु । यो रूप सबै नै कामलोकमा योग्यतानुरूपले प्रवृत्ति अवस्थामा घटी नहुनेगरी उपलब्ध हुन्छ ।

*पालि* – **पटिसन्धियं पन संसेदजानञ्चेव ओपपातिकानञ्च चक्खु सोत घान जिव्हा काय भाव वत्थुदसकसङ्खातानि सत्त दसकानि पातुभवन्ति उक्कट्ठवसेन ।**

*भावार्थ* – प्रवृत्ति पछि प्रतिसन्धिलाई बताउँछु । प्रतिसन्धि अवस्थामा फोहर भएको मलमूत्रमा उत्पन्न हुने कीरा आदि सत्वलाई, प्रकट भएको शरीर भएका चतुर्महाराजिक त्रायत्रिंश इत्यादि सत्वहरूलाई उत्कृष्ट रूपले चक्षुदशक श्रोतदशक, घ्राणदशक, जिह्वादशक, कायदशक, स्त्री भावदशक, पुरूष भावदशक, भनेका सातवटा दशक प्रकट हुने हुन्छन् । अथवा एकैचोटि उत्पन्न हुने हुन्छन् ।

*पालि* – **ओमकवसेन पन चक्खु सोत घान भावदसकानि कदाचिपि न लब्भन्ति । तस्मा तेसं वसेन कलापहानि वेदितब्बा ।**

*भावार्थ* – कमसल वा हीन भएको हिसाबले चक्षुदशक, श्रोतदशक, घ्राणदशक, स्त्रीभावदशक, पुरूषभावदशक, कहिलेकाहीं उत्पन्न हुँदैन । तसर्थ तिनीहरू चक्षु श्रोत घ्राण दशकको हिसाबले कलाप घटी हुनगएको भनी बुझ्नु पर्छ ।

*पालि* – **गब्भसेय्यकसत्तानं पन काय भाव वत्थुदसकसङ्खातानि तीणि दसकानि पातुभवन्ति । तत्थापि भावदसकं कदाचि न लब्भति ।**

भावार्थ – संसेदज औपपातिक प्रतिसन्धि पछि गर्भसेय्यकलाई



https://dhamma.digital

बताउँछु । आमाको गर्भमा रहने गर्भसेय्यक सत्वहरूलाई कायदशक, स्त्रीभावदशक, पुरूषभावदशक, वस्तुदशक भनेका तीनवटा दशक प्रकट हुने हुन्छ । ती तीन दशक मध्येमा पनि भावदशक कहिलेकाहीं उपलब्ध हुँदैन ।

*पालि* – **ततो परं पवत्तिकाले कमेन चक्खुदसकादीनि च पातुभवन्ति ।**

*भावार्थ* – त्यस प्रतिसन्धि अवस्थादेखि पछि प्रवृत्ति अवस्थामा क्रमशः चक्षुदशक इत्यादि पनि अथवा चक्षुदशक, श्रोतदशक, घ्राणदशक, जिह्वादशक पनि प्रकट हुने हुन्छ ।

### पहिले रूप ४ वटा उत्पन्न हुने

*पालि* – **इच्चेवं पटिसन्धिमुपादाय कम्मसमुट्ठाना दुतियचित्त मुपादाय चित्तसमुट्ठाना ठितिकालमुपादाय उतुसमुट्ठाना ओजाफरणमुपादाय आहारसमुट्ठान चेति चतुसमुट्ठान रूपकलापसन्तति कामलोके दीपजाला विय नदीसोतो विय यावतायुकमब्बोछिन्ना पवत्तति ।**

*भावार्थ* – यसरी बताई आएको नय अनुसार प्रतिसन्धि चित्तको उत्पादलाई कारण तुल्याएर कर्म बनेर आउने रूपकलाप उत्पन्न हुने हुन्छ। प्रथम भवाङ्गलाई कारण तुल्याएर चित्तबाट बनेर आउने रूपकलाप उत्पन्न हुने हुन्छ । प्रतिसन्धि चित्तको स्थितिकाललाई कारण तुल्याएर ऋतुबाट बनेर आउने रूपकलाप उत्पन्न हुने हुन्छ । ओजा फिजिएर जाने अवस्थालाई कारण तुल्याएर आहारबाट बनेर आउने रूपकलाप पनि उत्पन्न हुने हुन्छ। यसरी चार कारणबाट बनेर आउने रूपकलाप क्रम (प्रवाह) कामभूमिमा बत्तीको ज्वालाझैं र नदीको धारझैं आयु छउञ्जेल अविछिन्न रूपले उत्पन्न हुने हुन्छ ।

### रूप ४ वटाको अन्तिम निरोध

*पालि* – **मरणकाले पन चुतिचित्तोपरिसत्तरसम चित्तस्स ठितिकाल मुपादाय कम्मजरूपानि न उप्पज्जन्ति पुरेतरमुप्पन्नानि च**



https://dhamma.digital

**कम्मजरूपानि चुतिचित्तसमकालमेव पवत्तित्वा निरूज्झन्ति ।**

*भावार्थ* – उत्पत्ति पछि अनुत्पत्तिलाई बताउँछु । मरणासन्न अवस्थामा च्युतिचित्त भन्दा अगाडि भएका १७ चित्तको स्थितिकाललाई कारण तुल्याएर कर्मजरूपहरू उत्पन्न हुँदैनन् । च्युतिचित्त भन्दा अगाडि भएका १७ वटा चित्तको उत्पाद क्षणमा उत्पन्न भैसकेको कर्मजरूपहरू च्युतिचित्तसँग समान भएको अवस्था सम्ममात्र उत्पन्न भएर निरोध हुने हुन्छन् ।

*पालि* – **ततो परं चित्तजाहारजरूपञ्च वोच्छिज्जति ।**

*भावार्थ* – त्यो कर्मजरूप निरोध भएपछि चित्तजरूप र आहार जरूप पनि काटिने (छुट्टिने) हुन्छ ।

*पालि* – **ततो परं उतुसमुट्ठान रूपपरम्परा याव मतकलेवरसङ्खाता पवत्तन्ति ।**

*भावार्थ* – त्यो चित्तजरूप र आहारजरूप काटिएर छिनेर गएपछि ऋतु नै कारण भैरहेको रूपकलाप परम्परा मृत्यु भएर कुहिएर सडेर जाने भनेको अवस्थासम्म पनि उत्पन्न भईरहने हुन्छ ।

**संग्रह–गाथा**

*पालि* – **इच्चेवं मतसत्तानं, पुनदेव भवन्तरे ।**
**पटिसन्धिमुपादाय, तथा रूपं पवत्तति ॥**

*भावार्थ* – यसरी बताई आएको नय अनुसार यस वर्तमान जन्ममा प्रतिसन्धि चित्तको उत्पादलाई कारण तुल्याएर चतुसमुट्ठानिकरूप उत्पन्न भएजस्तै, त्यस्तै नै मृत्यु भईसकेका सत्वहरूलाई फेरी अर्को जन्ममा प्रतिसन्धि चित्तको उत्पादलाई कारण तुल्याएर चतुसमुट्ठानिकरूप उत्पन्न हुने हुन्छ ।

.....................



https://dhamma.digital

## रूप भूमिमा रूपको उत्पत्ति क्रम

*पालि* – **रूपलोके पन घान - जिह्वा - काय - भावदसकानि च आहारजकलापानि च न लब्भन्ति, तस्मा तेसं पटिसन्धिकाले चक्खु - सोत - वत्थुवसेन तीणि दसकानि जीवितनवकञ्चेति चत्तारो कम्मसमुट्ठान कलापा ।**

*भावार्थ* – कामभूमिमा रूपको उत्पत्ति पछि रूपभूमिमा रूपको उत्पत्ति हुनेलाई बताउँछु । रूपभूमिमा घ्राणदशक, जिह्वादशक, कायदशक, स्त्रीभावदशक, पुरूषभावदशक र आहारकलापहरू उपलब्ध छैनन् । तसर्थ रूपब्रह्माहरूको अथवा रूपब्रह्माहरूलाई प्रतिसन्धि अवस्थामा चक्षुदशक, श्रोतदशक, वस्तुदशक हिसाबले तीनवटा दशक र जीवित नवककलाप भनिकन यसरी चार कर्मद्वारा उत्पन्न हुने रूपकलापहरू उपलब्ध हुन्छ ।

*पालि* – **पवत्तियं चित्तोतुसमुट्ठाना च लब्भन्ति ।**

*भावार्थ* – प्रवृत्ति अवस्थामा चित्त र ऋतुबाट बनिने रूपकलापहरू पनि उपलब्ध हुन्छन् ।

*पालि* – **असञ्ञासत्तानं पन चक्खुसोतवत्थुसद्दापि न लब्भन्ति, तथा सब्बानिपि चित्तजरूपानि, तस्मा तेसं पटिसन्धिकाले जीवितनवकमेव ।**

*भावार्थ* – विशेष कुरा बताउँछु । असंज्ञासत्व पुद्गलहरूलाई चक्षु, श्रोत, वस्तु, शब्द पनि उपलब्ध छैन । त्यस्तै नै चित्तजरूप सबै नै उपलब्ध छैनन् । तसर्थ ती असंज्ञासत्व ब्रह्माहरूको प्रतिसन्धि अवस्थामा जीवित नवक कलाप मात्र उपलब्ध हुने हुन्छ ।

*पालि* – **पवत्तियञ्च सद्दवज्जितं उतुसमुट्ठानरूपं अतिरिच्छति ।**

*भावार्थ* – प्रवृत्ति अवस्थामा पनि शब्द भन्दा अलग भएका ऋतु नै उत्पत्ति कारण भैरहेको रूप बाँकी रहने हुन्छ ।



https://dhamma.digital

*पालि* – **इच्चेवं कामरूपासञ्ञीसङ्खातेसु तीसु ठानेसु पटिसन्धि पवत्तिवसेन दुबिधा रूपप्पवति वेदितब्बा ।**

*भावार्थ* – यसरी बताई आएको नय अनुसार काम भूमिमा, रूप भूमिमा, असंज्ञासत्व भूमिमा तीन भूमिमा प्रतिसन्धि प्रवृत्ति हिसाबले दुई प्रकारको रूपको उत्पत्ति जान्नुपर्छ ।

## संग्रह–गाथा

*पालि* – **अट्ठवीसति कामेसु, होन्ति तेवीस रूपिसु ।**

**सत्तरसेव सञ्ञीनं, अरूपे नत्थि किञ्चिपि ॥**

**सद्दो विकारो जरता, मरणञ्चोपपत्तियं ।**

**न लब्भन्ति पवत्तेतु, न किञ्चिपि न लब्भति ॥**

**अयमेत्थ रूपपवत्तिक्कमो ।**

*भावार्थ* – ११ वटा कामभूमिमा २८ वटा रूप उत्पन्न हुने हुन्छ । असंज्ञासत्वबाट अलग भएका १५ रूपभूमिमा २३ वटा रूप उत्पन्न हुने हुन्छ । असंज्ञासत्व पुद्गलहरूमा १७ वटा रूप मात्र उत्पन्न हुने हुन्छ । अरूपभूमि चारवटामा कुनै एउटा रूप पनि हुँदैन ।

प्रतिसन्धि अवस्थामा शब्द, विकाररूप ५ वटा, जीर्णता र अनित्यता उपलब्ध हुँदैन ।

प्राप्त नभएको पछि प्राप्त भएकोलाई बताउँछु । प्रवृत्ति अवस्थामा कुनै एउटा रूप पनि उपलब्ध नभएको छैन, उपलब्ध नै छन् ।

यो बताई आएको यो रूपसंग्रहमा अथवा रूपसमुद्देश आदि पाँचवटा मध्येमा रूपको उत्पत्ति क्रमलाई देखाउने नय हो ।

................

## निर्वाणलाई देखाउने

*पालि* – **निब्बानं पन लोकुत्तरसङ्खातं चतुमग्गञाणेन सच्छिकातब्बं मग्गफलानमारम्मणभूतं वानसङ्खाताय तण्हाय निक्खन्तत्ता निब्बानन्ति पवुच्चति ।**



https://dhamma.digital

*भावार्थ* – रूप पछि निर्वाणलाई बताउँछु। अथवा चित्त चैतसिक पछि निर्वाणलाई बताउँछु । मार्ग र फलको आरम्मण भैरहेको चारवटा मार्गज्ञानले साक्षात्कार गर्नुपर्ने लोकुत्तर भनेको निर्वाणलाई सत्वहरूलाई संसारचक्रमा टाँस्ने घोच्ने कारणले वान भनेको तृष्णाबाट अलग भएर निस्कने हुनाले निर्वाण भनिकन विशेष रूपले बताइयो ।

*पालि* – **तदेनं सभावतो एकविधम्पि सउपादिसेस निब्बानधातु अनुपादिसेस निब्बानधातु चेति दुविधं होति कारणपरियायेन ।**

*भावार्थ* – स्वभावको हिसाबले अथवा आआफ्नो कृत्य लक्षणको हिसाबले एक प्रकारले मात्र भएको त्यो निर्वाण क्लेशबाट अलग भएर पञ्चस्कन्धसँग मिलेको सउपादिसेस निर्वाणधातु र क्लेशबाट अलग भएको पञ्चस्कन्ध नभएको अनुपादिसेस निर्वाणधातु भनिकन यसरी बुझाउने कारण पर्यायले दुई प्रकारका छन् ।

*पालि* – **तथा सुञ्ञतं अनिमित्तं अप्पणिहितञ्चेति तिविधं होति आकारभेदेन ।**

*भावार्थ* – त्यसभन्दा अर्को राग द्वेष र मोहबाट शून्य भई शून्यतामा नाम भएको निर्वाण; राग द्वेष र मोह भन्ने कारणले रहित भई अनिमित्त नाम भएको निर्वाण र राग द्वेष र मोह भनेको अभिलाषाले रहित भई अप्रणिहित नाम भएको निर्वाण भनिकन यसरी आकार भेदले तीन प्रकारले छन् ।

## संग्रह–गाथा

*पालि* – **पदमच्चुतमच्चन्तं, असंखतमनुत्तरं ।**
**निब्बानमिति भासन्ति, वानमुत्ता महेसयो ॥**

*भावार्थ* – च्युति नभएको, च्युति भनेको अन्तलाई नाघेर जाने; कर्म चित्त ऋतु आहार भनेको कारणधर्मले असंस्कृत भएको; आफूभन्दा उच्च भएको धर्म नभएको; मार्ग र फलको आरम्मण भएको धर्मलाई निर्वाण भन्छ भनिकन वान भनेको तृष्णाबाट मुक्त हुनुभएका तथागत बुद्धहरूले बताउनु भयो ।



https://dhamma.digital

*पालि* – **इति चित्तं चेतसिकं, रूपं निब्बानमिच्चपि ।**

**परमत्थं पकासेन्ति, चतुधाव तथागता ॥**

*भावार्थ* – यसरी बताई आएको नय अनुसार चित्त चैतसिक रूप र निर्वाण भनिकन पनि चारै प्रकारले परमार्थ धर्मलाई तथागतहरूले प्रकाश गर्नुभयो ।

### रूपकाण्डको निगमन

*पालि* – **इति अभिधम्मत्थसङ्गहे रूपसङ्गहविभागो नाम छट्ठो परिच्छेदो ।**

*भावार्थ* – अभिधर्मार्थ संग्रह नाम भएको ग्रन्थमा रूपसंग्रह विभाग नाम भएको छैठौं काण्ड सम्पूर्ण भयो ।

....................

Dhamma.Digital



https://dhamma.digital

https://dhamma.digital

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष
## षष्ठम पत्र
## बौद्ध दर्शन र अभिधर्म

# एकाइ ४ : अभिधर्म दैनिक जीवनमा

**पुस्तक : जीवनको प्रत्येक घडीमा अभिधर्म**

**लेखक : एन.भि. गोरकम**

**अनुवादक : आर. बि. वन्द्य**



https://dhamma.digital

# एकाइ ४ : जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग

### परिच्छेद–९

## दैनिक जीवनमा अज्ञात रहने अहेतुक चित्तहरू

हेतु नभइकन उत्पत्ति हुने चित्तहरू अर्थात् अहेतुक चित्तहरू अठार प्रकारका छन् । पन्ध्र प्रकारका अहेतुक चित्तहरू विपाक हुन् । यी १५ चित्तहरू मध्येका १० वटा चाहिँ द्वि-पञ्च-विञ्ञाणहरू हुन्, यथाः

१. चक्षु-विज्ञान (चक्खु-विञ्ञाण)

२. श्रोत-विज्ञान (सोत-विञ्ञाण)

३. घ्राण-विज्ञान (घान-विञ्ञाण)

४. जिव्हा-विज्ञान (जिह्वा-विञ्ञाण)

५. काय-विज्ञान (काय-विञ्ञाण)

यी मध्ये प्रत्येकको एक जोडी छ - एक अकुशल विपाक र एक कुशल विपाक ।

चक्षु-विज्ञान कर्मको विपाक हो । जब यो अकुशल कर्मको विपाक हुन्छ, चक्षु-विज्ञान अकुशल विपाक हुन्छ । जब यो कुशल कर्मको विपाक हुन्छ, त्यो चित्त कुशल विपाक हुन्छ । चक्षु-विज्ञानको काम रंगलाई जान्नु हो ।

चक्षु-विज्ञानलाई उत्पत्ति गर्ने कर्मले चक्षु-विज्ञानवाला विपाक चित्त मात्र पैदा गर्ने होइन । चक्षु-विज्ञानको पछि पछि उत्पन्न हुने अरू दुई प्रकारका चित्तहरूलाई पनि उत्पत्ति गर्दछ । चक्षु-विज्ञान पछि आलम्बनलाई ग्रहण गर्ने अर्को विपाक चित्त उत्पत्ति हुन्छ । सम्प्रतिच्छन्न चित्त (पालीमा सम्पतिच्छन चित्त) भनिने त्यस चित्तको पनि चक्षु-



https://dhamma.digital

विज्ञानले ग्रहण गरेको रूपादि गोचरलाई नै ग्रहण गर्ने हुन्छ । किनभने चक्षु-विज्ञानले अनुभव गरेको रंग जो छ त्यो चक्षु-विज्ञानको लोप हुनाको साथ साथै लोप वा विनाश हुँदैन । रंग रूप हो । नाम धातु जस्तै रूप धातु पनि त्यतिकै छिटो लोप हुँदैन । एउटा गोचरलाई छ द्वारहरू मध्ये कुनै एक द्वारमार्फत अनुभव गरिंदा त्यो गोचरलाई अनुभव गर्ने केवल त्यही एउटा चित्त मात्र हुने होइन । त्यहाँ त एक पछि अर्को उत्पत्ति हुने चित्तहरूको लहरै हुन्छन् । ती चित्तहरूले त्यही गोचरलाई नै अनुभव गर्दछन् ।

यदि चक्षु-विज्ञान अकुशल विपाक छ भने सम्प्रतिच्छन्न चित्त पनि अकुशल विपाक नै हुन्छ । चक्षु-विज्ञान कुशल विपाक छ भने सम्प्रतिच्छन्न चित्त पनि कुशल विपाक नै हुन्छ । यसरी सम्प्रतिच्छन्न चित्त दुई प्रकारका हुन्छन्–एउटा अकुशल विपाक र अर्को कुशल विपाक । सम्प्रतिच्छन्न चित्त अहेतुक विपाक हो । यस प्रकारको चित्त साथै अकुशल हेतुहरू (मूलहरू) र शोभन हेतुहरू (मूलहरू) उत्पत्ति हुँदैनन् । सम्प्रतिच्छन्न चित्त चाहिँ चक्षु-विज्ञान पछि उत्पन्न हुन्छ । यसरी चक्षु-विज्ञान सम्प्रतिच्छन्न चित्त उत्पत्ति हुनको निमित्त हेतु (आधार) हो । त्यसरी नै शब्दलाई अनुभव गर्ने प्रक्रिया छ भने सम्प्रतिच्छन्न चित्तले श्रोत-विज्ञानको अनुशरण गर्दछ । अरू द्वाराहरूको सम्बन्धमा पनि यस्तै हुन्छ ।

Dhamma.Digital

समप्रतिच्छन्न चित्त अकुशल विपाक वा कुशल विपाक जेसुकै भए तापनि सम्प्रतिच्छन्न चित्त उपेक्षा साथै नै मात्र सँधै उत्पत्ति हुन्छ ।

सम्प्रतिच्छन्न चित्त उत्पत्ति भएर निरूद्ध भएपछि पनि चित्तहरूको क्रम अझै सकिएको हुन्न । सम्प्रतिच्छन्न चित्त पछि अर्को अहेतुक विपाक चित्त उत्पत्ति हुन्छ । त्यो चित्त पनि अझै कर्मकै फल हो । यसप्रकार चित्तलाई सन्तीर्ण चित्त (पालिमा सन्तीरण चित्त) भनिन्छ । द्वि-पञ्च-विज्ञानहरू मध्ये कुनै एकबाट अनुभव गरेको र सम्प्रतिच्छन्न चित्तद्वारा ग्रहण गरिएको गोचरलाई सन्तीरण चित्तले परीक्षा गर्दछ वा विचार गर्दछ । पञ्चइन्द्रिय द्वारहरू मध्ये कुनै एक इन्द्रिय द्वार मार्फत गोचरलाई



https://dhamma.digital

अनुभव गरिने चित्तहरूकै क्रममा सम्प्रतिच्छन्न चित्त पछि सन्तीरण चित्त उत्पत्ति हुन्छ । सन्तीरण चित्त उत्पत्ति हुनको लागि आधार वा निमित्त सम्प्रतिच्छन्न चित्त हो ।

कुनै कुरा देखिँदा रंगलाई अनुभव गर्ने चित्तहरूको क्रममा (चक्खुद्वारा वीथिमा) चक्षु-विज्ञान उत्पत्ति भइसकेपछि सम्प्रतिच्छन्न चित्त उत्पत्ति हुन्छ। सम्प्रतिच्छन्न चित्त उत्पत्ति भइसकेपछि त्यस चित्तको पछि सन्तीर्ण चित्त उत्पत्ति हुन्छ। चक्खुद्वार वीथि जस्तै अरू इन्द्रियद्वारहरूको वीथिमा कुनै एक इन्द्रियद्वारबाट कुनै आलम्बनलाई ग्रहण गर्दा उत्पत्ति हुने चित्तहरूको वीथि क्रममा पनि सन्तीर्ण चित्त उत्पत्ति हुने विधि यस्तै हो ।

सन्तीर्ण चित्त सम्प्रतिच्छन्न चित्तकै पछि लाग्छ । सन्तीर्ण चित्त सम्प्रतिच्छन्न चित्तकै लगतै पछि उत्पत्ति हुन्छ । सन्तीर्ण चित्त उत्पत्ति हुने कुरा सो चित्त उत्पत्ति होस् वा सो चित्त उत्पत्ति नहोस् भनी हामीले चाहना गरेर छान्न सकिने कुरा होइन । चित्तहरू हेतुहरूको कारण उत्पत्ति हुन्छन्। तिनीहरूको उत्पत्तिको विषय हाम्रा नियन्त्रणभन्दा परको कुरा हुन आउँछ । (अर्थात् कुनै हेतुको कारण कुनै पनि इन्द्रियद्वारा वीथिमा एक पछि अर्को चित्त जुन क्रमबद्ध तरिकाले उत्पत्ति र निरोध हुन्छन् ती मध्ये कुनै एक चित्तको वीथि क्रम उत्पत्ति नहोस् वा अमुक वीथि क्रम पहिले उत्पत्ति होस् भनी हामीले चाहना गरिकन छान्न सकिने र नियन्त्रण गर्न सकिने कुरा होइन ।–अनु.)

सन्तीर्ण चित्त पनि अहेतुक विपाक चित्त हो । अप्रिय गोचर हुँदा सन्तीर्ण चित्त अकुशल विपाक हुन्छ । गोचर प्रिय हुँदा सन्तीर्ण चित्त कुशल विपाक हुन्छ । सन्तीर्ण चित्त अकुशल विपाक छ भने यो उपेक्षा सहगत हुन्छ । यो कुशल विपाक छ भने सन्तीर्ण चित्त उपेक्षा वा सौमनस्य सहगत हुन सक्छ। यसरी कुशल विपाकवाला दुई प्रकारका सन्तीर्ण चित्त छन् । एउटा किसिम चाहिँ उपेक्षा वेदना साथै उत्पत्ति हुन्छ। अर्को किसिम चाहिँ सौमनस्य वेदना साथै उत्पत्ति हुन्छ। आलम्बन रमणीय छ तर असाधारण तवरले आनन्ददायक चाहिँ होइन



https://dhamma.digital

भने वेदना चाहिँ उपेक्षा हुन्छ । असाधारण तवरले रमणीय वा सुखकर आलम्बन छ भने जस्तो कि बुद्धको दर्शन, सन्तीर्ण चित्त साथै उत्पत्ति हुने वेदना चाहिँ सौमनस्य हुन्छ । तसर्थ जम्मा तीन प्रकारका सन्तीर्ण चित्त हुन्छन्, यथा :

१. उपेक्षा सहगत, अकुशल विपाकवाला सन्तीर्ण चित्त ।

२. उपेक्षा सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त ।

३. सौमनस्य सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त ।

कुन किसिमको सन्तीर्ण चित्त उत्पत्ति हुन्छ भन्ने कुरा अवस्थाहरूमा निर्भर गर्दछ ।

विपाकको रूपमा यसरी १५ प्रकारका अहेतुक चित्तहरू हुन्छन् । सारांशमा ती चित्तहरू हुन्:–

१० चित्तहरू जुन द्वि-पंच-विज्ञान हुन् ।

१ सम्प्रतिच्छन्न चित्त, अकुशल विपाकवाला ।

१ सम्प्रतिच्छन्न चित्त, कुशल विपाकवाला ।

१ सन्तीर्ण चित्त, उपेक्षा सहगत, अकुशल विपाकवाला ।

१ सन्तीर्ण चित्त, उपेक्षा सहगत, कुशल विपाकवाला ।

१ सन्तीर्ण चित्त, सौमनस्य सहगत, कुशल विपाकवाला ।

सात किसिमका अहेतुक विपाक चित्तहरू अकुशल विपाक हुन् । बाँकी आठ प्रकारका अहेतुक विपाक चित्तहरू चाहिँ कुशल विपाक हुन् । दुई किसिमका सन्तीर्ण चित्त कुशल विपाकवाला हुने भएकोले आठ प्रकार अहेतुक विपाक चित्तहरू कुशल विपाक भएको हो ।

माथि चर्चा गरिएका अनुसार जम्मा १८ किसिमका अहेतुक चित्तहरू हुन्छन् । ती १८ अहेतुक चित्तहरू मध्ये १५ वटा विपाक चित्तहरू हुन् । (जसको विवरण माथि दिएको छ) र बाँकी ३ वटा चाहिँ क्रिया-चित्तहरू हुन् । क्रिया चित्तहरू अकुशल चित्त, कुशल चित्त र विपाक चित्तहरू भन्दा भिन्नै खालका हुन्छन् । किनभने अकुशल चित्तहरू



https://dhamma.digital

र कुशल चित्तहरू चाहिँ हेतुवाला चित्तहरू हुन् । यिनीहरूले अकुशल कर्महरू र कुशल कर्महरूलाई प्रवृत गर्न सक्तछन् । विपाक चित्तहरू अकुशल कर्म र कुशल कर्मका फलवाला चित्तहरू हुन् । क्रिया-चित्तहरू चाहिँ यस्ता चित्तहरू जुन न हेतु हुन् न फल नै हुन् ।

एक प्रकारको अहेतुक क्रिया-चित्त चाहिँ त पञ्चद्वारावर्जन चित्त हो (पालिमा पञ्चद्वारावज्जन चित्त) । पञ्चको माने हो पाँच । द्वारको माने ढोका । आवज्जनको अर्थ हो ध्यान दिलाउने वा मोडिने वा मोड्ने हो । कुनै एउटा आलम्बनले पञ्च इन्द्रीयद्वारहरू मध्ये कुनै एक द्वारमा स्पर्श गर्नासाथ अनुभव वा वेदना आइहाल्ने होइन । त्यो आलम्बनलाई वास्तवमा अनुभव गरिसक्नुको लागि पहिले त त्यो इन्द्रीयद्वारद्वारा त्यस आलम्बनतर्फ ध्यान दिलाउने वा मोड्ने चित्त नै अगाडि उत्पत्ति हुनुपर्दछ ।

जस्तो उदाहरणार्थ भनौं, रंगले चक्षु-इन्द्रीयमा स्पर्श गर्नासाथ त्यहाँ चक्षु-विज्ञान उत्पन्न हुनुभन्दा अगाडि चक्षु-द्वार मार्फत त्यस रंगतिर ध्यान लगाउने आवर्जन चित्त अर्थात् चक्षुद्वारावर्जन चित्त नै उत्पत्ति हुनुपर्दछ । श्रोतेन्द्रीयमा शब्दको स्पर्श हुँदा श्रोत-विज्ञान उत्पत्ति हुनुभन्दा अगाडि त्यहाँ कर्णद्वार मार्फत शब्दतर्फ ध्यान दिलाउने श्रोतद्वारावर्जन चित्त रहनुपर्दछ । पाँच इन्द्रीयद्वारहरू मध्ये कुनै एक द्वारमा आलम्बनले धक्का दिनासाथ पञ्चद्वारावर्जन चित्तले केवल त्यो आलम्बनतिर ध्यान मोडिदिन्छ । अर्को शब्दहरूमा भन्ने हो भने, त्यस आलम्बनको विषयमा विचार गरेर हेर्दछ । यस प्रकारको चित्तले त्यो रंग वा शब्दलाई जसले चक्षु वा कर्णद्वारमा ठक्कर दिएको छ– त्यस आलम्बनतिर ध्यान दिन्छ । तर त्यस चित्तले देखेको वा सुनेको हुँदैन । त्यो पंचद्वारावर्जन चित्त अहेतुक क्रिया-चित्त हो (पालिमा अहेतुक किरियाचित्त भनिन्छ); त्यो चित्त लोभ वा द्वेष वा मोह जस्तो कुनै मूल वा हेतु बिना नै उत्पत्ति हुन्छ । त्यतिञ्जेलसम्म त्यस गोचर वा आलम्बनप्रति चाहना वा बेचाहना भन्ने रहन्न ।

पंचद्वारावर्जन चित्तको पछि विपाक चित्तवाला द्वि-पञ्च विज्ञानहरू मध्ये कुनै एउटा उत्पन्न हुन्छ । जस्तो भनौं, रंगलाई अनुभव गर्ने कुशल



https://dhamma.digital

वा अकुशल चक्षु विज्ञान उत्पत्ति हुन्छ । शब्द हो भने त्यसलाई अनुभव गर्ने कुशल वा अकुशल श्रोत-विज्ञान उत्पत्ति हुन्छ । द्वि-पंच-विज्ञानको पछि सम्प्रतिच्छन्न चित्त आउँछ । त्यो पनि विपाक चित्त नै हो । त्यस सम्प्रतिच्छन्न चित्तलाई अनुशरण गर्दै सन्तीर्ण चित्त पछि लाग्छ जुन पनि विपाक नै हो । कुनै पनि आलम्बनलाई अनुभव गर्ने चित्तहरूको वीथि क्रममा उत्पत्ति हुने प्रत्येक चित्तको आफ्नै कृत्य (पालिमा किच्च) हुन्छ ।

अर्को किसिमको अहेतुक क्रिया-चित्त हो मनोद्वारावर्जन चित्त । यो चित्त पाँच इन्द्रियहरू मध्ये कुनै एउटा इन्द्रियबाट आलम्बनको अनुभव गर्ने चित्तहरूको क्रममा पनि उत्पत्ति हुन्छ । मनोद्वार मार्फत आलम्बनको अनुभव गर्ने चित्तहरूको वीथि क्रममा पनि उत्पत्ति हुन्छ । तथापि इन्द्रियद्वार वीथिमा जब यो उत्पत्ति हुन्छ, यो मनोद्वारावर्जन चित्त उही किसिमको चित्त भए तापनि यसको भिन्नै कृत्य हुन्छ ।

कुनै पनि आलम्बनले इन्द्रिय द्वारहरू मध्ये कुनै एउटा द्वारमा स्पर्श गर्नासाथ, यसलाई एउटा चित्तले मात्र होइन, चित्तहरूको लहरैले अनुभव गर्ने हुन्छ । विभिन्न इन्द्रियद्वारहरू मध्ये कुनै एक इन्द्रियद्वार मार्फत कुनै आलम्बनको अनुभव गर्ने चित्तहरूले आ-आफूले त्यस घडीमा अनुभव गरेको रूपभन्दा अरू केही कुरा जानेको हुँदैन । जस्तो उदाहरणको लागि भनौं, जब मान्छे पढिरहेको हुन्छ, चक्षुद्वारद्वारा रंगको अनुभव गर्ने चित्तले केवल रंग नै मात्र जान्दछ। त्यसले अक्षरहरूको अर्थ थाहा पाउँदैन । त्यस पछि त्यो आलम्बनलाई मनोद्वारद्वारा अनुभव गर्न सकिन्छ। त्यहाँ त्यस विषयमा विचार गर्ने चित्तहरूको अरू क्रमहरू वा प्रक्रियाहरू हुनेछन् । ती चित्तहरूले अक्षरमा के लेखिएको हो सोको अर्थ जान्दछन् ।

हामीले देखिसकेका छौं कि जब कुनै आलम्बनले इन्द्रियद्वारहरू मध्ये कुनै एक इन्द्रियद्वारमा स्पर्श गर्दछ, पंचद्वारावर्जन चित्तले त्यो आलम्बनतिर ध्यान दिलाउँछ । द्वि-पंच-विज्ञानहरू मध्ये एउटा विज्ञानले त्यसलाई अनुभव गर्दछ । सम्प्रतिच्छन्न चित्तले त्यो आलम्बनलाई ग्रहण गर्दछ । सन्तीर्ण चित्तले सम्प्रतिच्छन्न चित्तले ग्रहण गरेको त्यो गोचरलाई



https://dhamma.digital

नै विचार गरेर हेर्दछ (वा परीक्षा गर्दछ) ।

यति भइसकेपछि पनि इन्द्रियद्वारद्वारा त्यो आलम्बनलाई अनुभव गर्ने चित्तहरूको प्रक्रिया (वीथि क्रम) अझै सकिन्न । त्यस सन्तीर्ण चित्त पछि एउटा अहेतुक क्रिया-चित्त-वोट्ठब्बन चित्त उत्पत्ति हुन्छ । वोट्ठब्बन चित्तले त्यस इन्द्रियद्वार मार्फत त्यसै आलम्बनलाई (पुनः) अनुभव गरी ठहऱ्याउँछ (वा निश्चित गर्दछ) । यसरी वोट्ठब्बन (पालिमा वोट्ठपन) चित्तले वोट्ठपन अर्थात् निश्चय गर्ने वा निधो गर्ने कार्य गर्दछ । वोट्ठब्बन चित्त वास्तवमा मनोद्वारावर्जन चित्त जस्तै उस्तै किसिमको चित्त हो । तर जब यो इन्द्रियद्वार वीथिमा उत्पत्ति हुन्छ जस्तो चक्खुद्वार वीथि मा । यस चित्तले त्यही इन्द्रियद्वार क्रम नै आलम्बनलाई निर्धारण गर्ने कार्य गर्ने भएकोले यसलाई वोट्ठब्बन चित्त भन्न सकिन्छ । वोट्ठब्बन चित्तले आलम्बनलाई यकिन गरिसकेपछि अनि अकुशल चित्तहरू वा कुशल चित्तहरू (अरहन्त भइ नसकेका व्यक्तिहरूका मामिलामा) उत्पत्ति हुन्छन् । वोट्ठब्बन चित्त आफै न त अकुशल चित्त हो न कुशल चित्त हो । यो त क्रिया चित्त हो । आलम्बनलाई पहिचान गरी यकिन गर्ने यो चित्त आत्मा होइन । वोट्ठब्बन चित्तपछि लाग्ने अकुशल चित्त वा कुशल चित्तहरू पनि आत्मा होइनन् । वोट्ठब्बन चित्त पछि अकुशल चित्तहरू उत्पत्ति हुन्छन् कि कुशल चित्तहरू उत्पत्ति हुन्छन् भन्ने कुरा व्यक्तिको अकुशलको संचय वा कुशलको संचयमा निर्भर रहन्छ ।

इन्द्रियद्वारा प्रक्रियाका चित्तहरू निरोध भएपछि त्यो आलम्बनलाई मनोद्वार मार्फत अनुभव गर्न सकिन्छ। मनोद्वार वीथिमा त्यस आलम्बनलाई अनुभव गर्ने प्रथम चित्त हो मनोद्वारावर्जन चित्त । यो चित्तले मनोद्वार मार्फत त्यस आलम्बन (पालिमा आरम्मण) प्रति ध्यान दिलाउँछ, जुन आलम्बनको निरोध नै भइसकेको हुन्छ। इन्द्रियद्वार वीथिमा पंचद्वारावर्जन चित्तले त्यो आलम्बनलाई ध्यान दिलाउँछ जुन अझै लोप भैसकेको हुन्न । पंचद्वारावर्जन चित्तले अघि नै निरूद्ध भइसकेको आलम्बनलाई ध्यान दिन सक्तैन । (अर्थात् यसले निरूद्ध भइसकेको गोचरलाई विचार गरेर हेर्न सक्तैन । (जस्तो उदाहरणको लागि पंचद्वारावर्जन चित्तले त्यस्तो रंग वा



https://dhamma.digital

शब्दलाई ध्यान दिन्छ जुन रंग वा शब्दले अझै सबन्धित इन्द्रियद्वारमा ठक्कर लगाइरहेकै (वा स्पर्श गरिरहेकै) हुन्छ। किन्तु मनोद्वार वीथिमा उत्पत्ति हुने मनोद्वारावर्जन चित्तले अघि नै लोप भइसकेको आलम्बनको पनि विचार गरेर हेर्न सक्तछ। यसले अघि नै निरूद्ध भइसकेको त्यस्तो आलम्बनतर्फ मनोद्वार मार्फत ध्यान दिन्छ। जस्तो अघि नै देखिएको रंग वा अघि सुनिएको शब्द। यसरी मनोद्वार मार्फत लोप भइसकेको आलम्बनलाई ध्यान दिएर हेर्ने काम पंचद्वारावर्जन चित्तले गर्न सक्तैन। मनोद्वारावर्जन चित्तले यसरी त्यस आलम्बनलाई ध्यान लगाइसकेपछि त्यही आलम्बनलाई अनुभव गर्ने कुशल चित्तहरू वा अकुशल चित्तहरू (अरहन्त नभएका सम्बन्धमा) उत्पन्न हुन्छन्।

मनोद्वारावर्जन चित्त आफैं न त अकुशल चित्त हो न त कुशल चित्त हो। यो क्रिया चित्त हो। मनोद्वारावर्जन चित्तपछि अकुशल चित्तहरू उत्पत्ति हुन्छन् कि कुशल चित्तहरू उत्पन्न हुन्छन् भन्ने कुरा व्यक्तिको अकुशल वा कुशलको संचितिहरूमा निर्भर गर्दछ। सम्पूर्ण चित्तहरू आआफ्नै हेतुको कारण उत्पत्ति हुन्छन्। ती चित्तहरू तसर्थ अनात्म हुन्, सत्व होइन, आत्मा होइन।

इन्द्रीयद्वार वीथिको वोट्ठब्बन चित्त र मनोद्वार वीथिको मनोद्वारावर्जन चित्त उस्तै किसिमको क्रिया-चित्त भए तापनि तिनीहरूको कृत्यहरू भिन्न भिन्न छन्। इन्द्रीयद्वार वीथिमा यो चित्तले आलम्बनलाई वोट्ठब्बन (अर्थात् यकिन गर्ने वा पहिचान गरी सम्झेर राख्ने) को कार्य गर्दछ। त्यसकारण यसलाई वोट्ठब्बन चित्त भन्न सकिन्छ। किन्तु मनोद्वार वीथिमा यस चित्तले मनोद्वार मार्फत नै आलम्बनलाई ध्यान लगाउँछ। यसरी आवर्जन (ध्यान लगाउने) को कार्य गर्दछ। त्यसैले हामीले मनोद्वारावर्जन चित्तको बारेमा जहिलेसुकै पनि विचार गर्दा यसले के काम गरिरहेको छ भन्नु कुरा थाहा पाउनु पर्दछ।

शब्दले श्रोतेन्द्रीयमा स्पर्श हुँदा कर्णद्वार मार्फत शब्दलाई अनुभव गर्ने चित्तहरू उत्पत्ति हुन सक्छन्। त्यसपछि मनोद्वारद्वारा त्यस शब्दलाई अनुभव गर्ने चित्तहरू उत्पत्ति हुन सक्छन्। पाँच इन्द्रीयहरू मध्ये कुनै



https://dhamma.digital

एक इन्द्रियमार्फत आलम्बनलाई अनुभव गर्ने चित्तहरूको वीथि क्रम र मनोद्वार मार्फत अनुभव गर्ने चित्तहरूको वीथिक्रम एकपछि अर्को अविच्छिन्न रूपमा लाग्छन् (वा उत्पत्ति हुन्छन्) ।

त्यो आलम्बन वा गोचर नै के हो भन्ने सम्म पनि थाहा पाइनसक्दैको अवस्थामा इन्द्रिय-द्वारहरू मध्ये कुनै एक द्वार मार्फत आलम्बनलाई अनुभव गर्ने चित्तहरूको वीथि क्रम (प्रक्रिया) मा कसरी अकुशल चित्तहरू वा कुशल चित्तहरू उत्पन्न हुन सक्छन् त ? (यस्तो प्रश्न पनि उपस्थित हुन सक्छ ।) वास्तवमा त्यो आलम्बन नै के हो भन्ने कुरा जान्नुभन्दा अगाडि पनि अकुशल चित्तहरू वा कुशल चित्तहरू (उत्पन्न) हुन सक्छन् । यसलाई त्यस्तो बच्चासँग तुलना गर्न सकिन्छ । बच्चाले त्यो वस्तु बेलून हो भन्ने कुरा थाहा नपाउँदै पनि चहकिलो रंगीन वस्तुको रूपमा देखिने बेलूनलाई मन पराउँछ । हामीलाई ती वस्तुहरू के के हुन् भन्ने थाहा नहुँदै पनि ती वस्तुहरूप्रतिको चाहना वा बेचाहना हामीमा रहन सक्छ ।

अर्को अहेतुक क्रिया-चित्त हो हसितोत्पादक चित्त (पालिमा हसितुप्पाद चित्त) । केवल अरहन्तहरूमा मात्र यस प्रकारको चित्त हुन्छ। अरहन्तहरू मुस्कुराउँदा त्यतिखेर हसितोत्पादक चित्त उत्पत्ति हुने सम्भावना छ। हाँसो (प्रहसन) र मुस्कान विभिन्न प्रकारका चित्तहरूद्वारा प्रवृत हुन सक्तछन् । शैक्ष्यहरू वा अरहन्त नभएका मानिसहरू हाँस्दा साधारणतयाः त्यो हाँसो लोभद्वारा प्रवृत हुन्छ । हामी मुस्कुराउँदा हाम्रो मुस्कान लोभद्वारा वा कुशल चित्तद्वारा प्रवृत भएको हुन सक्छ । अरहन्तहरूमा कुनै क्लेश रहँदैनन्। तिनीहरूमा अकुशल चित्तहरू रहँदैनन्। न तिनीहरूमा कुशल चित्तहरू नै रहन्छन् । अरहन्तहरू अब अरू कर्मको संचय गर्दैनन् । त्यसैले कुशल चित्तहरूको बदलामा शोभन हेतुहरू (मूलहरू) सहितका क्रिया-चित्तहरू तिनीहरूमा हुन्छन् । अरहन्तहरू खित्का छाडी हाँस्दैनन् । किनभने तिनीहरूमा यस्तो हाँसो निमित्त चाहिने संचयहरू नै छैनन् । त्यसैले उनीहरू केवल मुस्कुराउँछन् । उनीहरू मुस्कुराउँदा त्यो मुस्कान शोभन क्रिया-चित्तद्वारा प्रवृत हुन सकिन्छ ।



https://dhamma.digital

यस प्रकारको चित्तको सम्बन्धमा विशुद्धि मार्ग (परिच्छेद १४, १०८) मा भनिएको छः–

(कृत्यको अनुसार) यसको कृत्य अरहन्तहरूलाई अ-प्रणित वस्तुहरूमा हाँसो उत्पन्न गराई दिने कृत्यवाला हो ।

मूल ग्रन्थको पाद टिप्पणीमा विशुद्धि मार्गको टिका, परमार्थ मंजुषा, ४७६ बाट उद्धरण दिइएको छ जसमा माथिको सम्बन्धमा लेखिएको छः

"कंकालहरू वा भूत पिशाचहरूको रूपहरू जस्ता अ-प्रणित वस्तुहरूका सम्बन्धमा ।" यसरी १८ अहेतुक चित्तहरू मध्ये १५ विपाक चित्तहरू हुन् र बाँकी तीनवटा क्रिया-चित्तहरू हुन् । अहेतुक क्रिया चित्तहरू हुन् :

१. पंचद्वारावर्जन चित्त (पाँच इन्द्रियद्वारहरू मार्फत आलम्बनतर्फ ध्यान लगाउने चित्त) ।

२. मनोद्वारावर्जन चित्त । यसले मनोद्वार वीथिमा उत्पत्ति हुँदा मनोद्वार मार्फत आलम्बनतर्फ ध्यान लगाउने कार्य गर्दछ र इन्द्रियद्वार वीथिमा उत्पत्ति हुँदा वोट्ठब्बन (आलम्बनलाई पहिचान गरी सम्झने) को कार्य गर्दछ । (पछिल्लो मामिलामा यसलाई बोट्ठब्बन चित्त भन्न सकिन्छ ।)

३. हसितोत्पादक चित्त (अरहन्तहरूमा मुस्कान उत्पत्ति गर्ने चित्त ।)

अरहन्त नभएका शैक्षजनहरूमा १८ अहेतुक चित्तहरू मध्ये १७ वटा मात्र उत्पत्ति हुन सक्छन् । यी १७ प्रकारका अहेतुक चित्त हाम्रो दैनिक जीवनमा उत्पन्न हुन्छन् । कुनै एक आलम्बनले पाँच इन्द्रियहरू मध्ये एउटा इन्द्रियमा ठक्कर खाँदा वा स्पर्श गर्दा पंचद्वारावर्जन चित्तले त्यही इन्द्रियद्वार मार्फत त्यस आलम्बनतिर ध्यान लगाउँछ । त्यसपछि पंच विज्ञान (द्वि-पंच-विज्ञानका दश चित्तहरू मध्येका कुनै एक चित्त) उत्पन्न भई त्यस आलम्बनलाई अनुभव गर्दछ । अनि सम्प्रतिच्छन्न चित्तले सो आलम्बनलाई ग्रहण गर्दछ । सन्तीर्ण चित्तले सम्प्रतिच्छन्न



https://dhamma.digital

चित्तले ग्रहण गरेको आलम्बनलाई नै विचार गरेर हेर्दछ । वोट्ठब्बन चित्तले सो आलम्बनलाई यकिन गर्दछ। त्यसपछि अकुशल चित्तहरू वा कुशल चित्तहरू पछि लाग्छन् (अनुगमन गर्दछन्) ।

इन्द्रीयद्वार प्रक्रियाका चित्तहरू (अर्थात् इन्द्रियद्वार वीथि) लोप (निरोध) भइसकेपछि त्यस आलम्बनलाई मनोद्वार मार्फत अनुभव गर्न सकिन्छ । (अर्को शब्दहरूमा भन्ने हो भने, इन्द्रियद्वार वीथि निरोध हुनासाथ मनोद्वार वीथि उत्पन्न हुन्छ) । अनि मनोद्वारावर्जन चित्तले मनोद्वार मार्फत आलम्बनमा ध्यान लगाउँछ। त्यसपछि अकुशल चित्तहरू वा कुशल चित्तहरू पछि उत्पत्ति हुन्छन् ।

मनोद्वारावर्जन चित्तपछि अकुशल चित्तहरू उत्पत्ति हुन्छन् भने अयोनिसो मनसिकार (संस्कृत मनस्कार) हुन्छ । मनोद्वारावर्जन चित्तपछि कुशल चित्तहरू लागेका छन् भने योनिसो मनसिकार (अर्थात् बुद्धिमतापूर्ण ध्यान) हुन्छ। जस्तो उदाहरणको लागि भनौं, कीराहरू देख्दा हामीमा बेरूची (अमनाप) रहन सक्छ। अनि मनोद्वारावर्जन चित्तपछि द्वेषमूल चित्तहरू उत्पन्न हुन्छन्। यसरी अब त्यहाँ अयोनिसोमनसिकार हुन्छ । त्यो द्वेष यति प्रबल हुन सक्छ कि ती कीरा फट्यांग्राहरूलाई मार्न समेत चाहने हुन्छन्। अनि त्यहाँ अकुशल कर्म हुन्छ। प्राणातिपात अकुशल हो भनी महशूस गरेर कोही हत्याबाट विरत भयो भने त्यतिखेर त्यहाँ कुशलचित्तहरू हुन्छन् । अनि योनिसोमनसिकार त्यहाँ रहन्छ । यदि कसैले धर्मको अध्ययन गरेर विपश्यनाको विकास गर्छ भने यो योनिसोमनसिकारको निमित्त हेतु हुन्छ । इन्द्रीयद्वारहरू मध्ये कुनै एक द्वारमार्फत वा मनोद्वार मार्फत प्रकट हुने नाम वा रूपका विषयमा हामी स्मृति संप्रजन्ययुक्त रहन्छौं (वा सजग रहन्छौं) भने त्यस घडीमा त्यहाँ योनिसो मनसिकार हुन्छ ।

एउटै परिस्थितिमा दुईजना व्यक्तिहरू रहँदा पनि एकजनाको अयोनिसो मनसिकार र अर्कोको योनिसोमनसिकार हुन सक्तछ। यस्तो हुनु उनीहरूको आ-आफ्नो संचयहरू (अकुशल वा कुशल संचितिहरू) मा निर्भर गर्दछ ।



https://dhamma.digital

**अवस्सुत सुत्त**

चतुर्थ प्रण्णासक, भाग ४ आशी विष वर्ग संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १ अवस्सुत सुत्त) मा छ इन्द्रीयद्वारहरू मध्ये एउटा द्वार मार्फत आलम्बनको अनुभव गरेपछि अयोनिसोमनसिकार हुने भिक्षु र योनिसो मनसिकार हुने भिक्षुको बारेमा चर्चा गरिएको छ। महामौद्गल्यायनले भिक्षुहरूलाई भन्नुभयो :–

"आवुस ! म अवश्रुत तथा अनुवश्रुतको कुराको उपदेश दिन्छु ...। आवुस ! कसरी अवश्रुत हुन्छ ?

आवुस ! भिक्षु संसारमा चक्षुबाट प्रिय रूपहरूलाई देखेर मूर्च्छित हुन जान्छ, अप्रिय रूपहरूलाई देखेर खिन्न हुन जान्छ। त्यो भिक्षु आत्म चिन्तन नगरिकन चंचल चित्त सहित विहार गर्दछ। ऊ चेतोविमुक्ति र प्रज्ञाविमुक्तिलाई यथार्थ रूपमा जान्दैन। जहाँ उसको पापमय अकुशल धर्म बिल्कुल निशेष रूपमा हुन्छन्। श्रोत ... मन ....।

आवुस ! त्यो भिक्षुलाई चक्षु विज्ञेय रूपहरूमा अवश्रुत भनिन्छ .... श्रोत, घ्राण, जिव्हा ... मनोविज्ञेय धर्महरूमा अवश्रुत भनिन्छ।

आवुस ! यस्तो भिक्षुमाथि यदि मार चक्षुको मार्गबाट आउँछ भने पनि उसले जितेर लिन्छ... जिव्हाको मार्ग ... मनको मार्गबाट आए पनि उसले जितेर लिन्छ। आवुस ! यस्तो भिक्षुलाई रूपले हराइदिन्छ, उसले रूपलाई हराउँदैन। यस्तो भिक्षुलाई शब्दले हराइदिन्छ, उसले शब्दलाई हराउँदैन। गन्ध, ... रस, ... स्पर्श, ... धर्म, ...। आवुस ! यस्तो भिक्षुलाई रूपबाट, शब्दबाट, गन्धबाट, रसबाट, स्पर्शबाट र धर्मबाट हारेको भनिन्छ, तिनीहरूको विजेता होइन। बारम्बार जन्म गराउने, भयपूर्ण, दुःखद फलवाला, भविष्यमा जरामरणवाला, संक्लेश पापमय अकुशल धर्महरूले उसलाई हराइदिएको हुन्छ। आवुस ! यसरी अवश्रुत हुन्छ।

आवुस ! अनवश्रुत कसरी हुन्छ त ?

आवुस ! भिक्षु संसारमा चक्षुबाट प्रिय रूपहरूलाई देखेर मूर्च्छित



https://dhamma.digital

हुन्न, अप्रिय रूपहरूलाई देखेर खिन्न हुन्न । त्यो भिक्षु आत्मचिन्तन गर्दै अप्रमत्त चित्त सहित विहार गर्दछ । त्यो भिक्षु चेतो विमुक्ति र प्रज्ञाविमुक्तिलाई यथार्थ रूपमा जान्दछ, जहाँ उसको पापमय अकुशल धर्महरू बिल्कुल निशेष रूपबाट निरूद्ध हुन्छन् । श्रोत ... मन ...।

आवुस ! त्यो भिक्षुहरूलाई चक्षुविज्ञेय अनवश्रुत भनिन्छ ... मनोविज्ञेय धर्महरूमा अनवश्रुत भनिन्छ ।

आवुस ! यस्तो भिक्षुमाथि मार चक्षुको मार्गबाट आए पनि त्यसले जित्न सक्तैन ... जिव्हाको मार्गबाट आए पनि ... मनको मार्गबाट आए पनि त्यसले जित्न सक्तैन ।

आवुस ! यस्तो भिक्षुले रूपलाई हराइदिन्छ, रूपले उसलाई हराउँदैन । उसले शब्द, गन्ध, रस, स्पर्श र धर्मलाई जिच्छ, ती शब्द, गन्ध, रस, स्पर्श र धर्मले उसलाई जित्दैन । आवुस ! यस्तो भिक्षुलाई रूपलाई जितेको, शब्द, गन्ध, रस, स्पर्श र धर्मलाई जितेको भनिन्छ । ऊ विजय हुन्छ, विनित हुन्न । बारबार जन्म दिलाउनेवाला, भयपूर्ण, दुःखद फलवाला भविष्यमा जरामरण दिनेवाला, संक्लेश पापमय अकुशल धर्महरूलाई उसले जितेको हुन्छ ।

आवुस ! यसरी अनवश्रुत हुन्छ ।

**केही मनन गर्न योग्य प्रश्नहरू**

१) क्रिया चित्त के हो ?

२) के हामी मुस्कुराउँदा सधैं लोभद्वारा हाँसो प्रवृत भएको हुन्छ ?

३) के हामी खित्का छोडी हाँस्दा यो सधैं अकुशल चित्तद्वारा प्रवृत हुन्छ त ?

४) के इन्द्रीयद्वार वीथि क्रममा अकुशल चित्तहरू र कुशल चित्तहरू उत्पत्ति हुन सक्छन् ?



https://dhamma.digital

## परिच्छेद–१०
# जीवनको प्रथम चित्त

जीवनमा प्रथम कसरी उत्पत्ति हुन्छ र के कृत्य यसले गर्दछ ? बारम्बार पाँच इन्द्रीयहरू मार्फत स्पर्शहरू हुन्छन्। यी संस्पर्शहरू विषयमा रूची, बेरूची वा चिन्तन हुन्छ। भिन्न भिन्न हेतुहरू वा अवस्थाहरूको मार्फत यी सबै चित्तहरू उत्पत्ति हुन्छन्। के यी चित्तहरूको भिन्न भिन्न कृत्य पनि हुन्छन् ? दर्शन र देखिएको कुराको बारेमा चिन्तन गर्ने कुरा एकै पटक उत्पन्न हुँदैनन्। देखिएको कुराको सम्बन्धमा चिन्तन उत्पत्ति हुनुभन्दा अगाडि दर्शन (हेर्ने कार्य) उत्पत्ति हुन्छ। यी चित्तहरू सर्वथा भिन्न भिन्न हुन्। यिनीहरूको कृत्यहरू पनि भिन्न भिन्नै हुनुपर्दछ। चित्तहरू कुन क्रममा उत्पत्ति हुन्छन् र के के कृत्य यिनीहरूको हुन्छन् भन्ने कुराको जानकारी हामीलाई रहेमा हामीहरू चित्तहरूका बारेमा बढी बुझ्नेछौं। एउटा कृत्य नगरिकन चित्त उत्पत्ति हुन सक्तैन। प्रत्येक चित्तको आफ्नै कृत्य (पालिमा किच्च) हुन्छ। जम्मा १४ कृत्यहरू हुन्छन्।

जीवनको प्रथम क्षणमा उत्पत्ति हुने चित्तको पनि कृत्य हुनुपर्दछ। जन्म भनेको के हो र यो जन्मिने वास्तवमा के हो ? हामी बच्चाको जन्मको बारेमा कुरा गर्छौं। तर वास्तवमा जन्मिने त नाम र रूप मात्र हुन्छन्। जाति (वा जन्म) भन्ने शब्द नै लौकिक प्रज्ञप्ति (वा व्यवहार) हो। जन्म भनेको यथार्थमा के हो भन्ने कुरा नै हामीले विचार गर्नुपर्छ। प्रत्येक क्षणमा नाम र रूप उत्पत्ति हुन्छन् र निरूद्ध हुन्छन्। यसरी प्रत्येक क्षणमा नाम रूपको जन्म र मृत्यु हुन्छ। केले गर्दा जन्म हुन्छ भन्ने कुरालाई बुझ्नको निमित्त नवजीवन अवधिको प्रथम क्षणमा उत्पत्ति हुने नाम र रूपको लागि के हेतु हो भन्ने कुरा थाहा पाउनु पर्दछ।

हाम्रो जीवनको शुरूमा नाम वा रूप मध्ये के चाहिँ उत्पत्ति हुन्छ ? हाम्रो जीवनको कुनै पनि घडीमा नाम र रूप दुवै हुनु जरूरी छ। पंचस्कन्धहरू (नाम तथा रूप) भएको लोकहरूमा (वा भूमिहरूमा)



https://dhamma.digital

रूप बिना नाम उत्पत्ति हुन सक्तैन । देह बिना चित्त उत्पत्ति हुन सक्तैन । हाम्रो जीवनको कुनै एक घडीको लागि जे सत्य छ त्यो नै हाम्रो जीवनको प्रथम घडीको निमित्त पनि सत्य छ । अर्थात् हाम्रो जीवनको प्रथम क्षणमा नै नाम र रूप उही समयमै उत्पत्ति हुनुपर्छ । त्यस क्षणमा उत्पत्ति हुने चित्तलाई प्रतिसन्धि-चित्त (पालिमा पटिसन्धि चित्त) भनिन्छ । हेतुहरू बिना चित्तको उत्पत्ति नहुने भएकोले प्रतिसन्धि-चित्तको पनि हेतुहरू हुनुपर्दछ । प्रतिसन्धि-चित्त नयाँ जीवनको प्रथम चित्त भएकोले यसको हेतु पनि पूर्वजन्ममा (अतीत नै) मात्र हुन सक्छ ।

पूर्व जन्महरूको बारेमा हामीलाई शंकाहरू हुन सक्ला । तर पूर्वजन्महरू नभएको भए मानिसहरू यति भिन्न भिन्न कसरी हुन सक्छन् त ? हामी के देख्न सक्छौं भने मानिसहरू भिन्न भिन्न (कुशल वा अकुशल कर्महरूको) संचयहरू सहित जन्मिन्छन् । के बच्चाको आमाबाबुलाई हेरेर कुनै बच्चाको चरित्रको व्याख्यान गर्न सकिन्छ ? हामी जे कुरालाई चरित्र भनी भन्छौं वास्तवमा त्यो नै नाम हो । उत्पत्ति हुनासाथ निरूद्ध हुने नाम धातुलाई के आमाबाबुहरू अर्को सत्वमा सार्न सक्छन् ? बच्चाको चरित्रको निमित्त हेतु हुने अरू नै अङ्गहरू पनि हुनुपर्दछ । चित्तहरू एकपछि अर्को अविच्छिन्न रूपमै उत्पत्ति हुन्छन् । अघिल्लो चित्तले पछिल्लो चित्तलाई उत्पाद गरेको हुन्छ । यस जीवनको प्रथम चित्तको कारण पनि अघिल्लो चित्त अर्थात् पूर्वजन्मको अन्तिम चित्त (अर्थात् च्यूति चित्त) नै हुनुपर्दछ । पूर्व जीवनहरूमा मानिसहरूले भिन्न भिन्न प्रवृतिहरू (वा स्वभावहरूलाई) लाई संचित गरेका हुन्छन् । यी स्वभावहरूलाई एक चित्तबाट अर्को चित्तमा पूर्व जीवनहरूबाट वर्तमान जीवनमा ल्याइएका हुन्छन् । त्यसै कारण मानिसहरू भिन्न भिन्न स्वभावहरू र मनोवृत्तिहरू लिएरू जन्मिन्छन् ।

भिन्न भिन्न चरित्रहरू लिएर मात्र मानिसहरू जन्मने होइनन् । उनीहरू भिन्न भिन्न वातावरणहरूमा जन्मिने कुरा पनि हामी देख्छौं । केही मानिसहरू सुखमय वातावरणहरूमा जन्मिन्छन् । कोही मानिसहरू दुःखी अभागी वातावरणहरूमा जन्मिन्छन् । यो कुरा बुझ्नको निमित्त



https://dhamma.digital

हामीले "व्यक्ति" वा "वातावरणहरू" भन्ने जस्ता लौकिक प्रज्ञप्तिहरूमै टाँस्सिएर रहनुहुँदैन । परमार्थ धर्महरूको व्यवहारबाट विचार गर्ने हो भने हामी के देख्छौं भने सुखमय वातावरणहरू वा दुःखमय परिस्थितिहरूमा रहनु भनेको अरू केही होइन केवल चक्षु, कर्म, घ्राण, जिव्हा र काया-इन्द्रियमार्फत प्रिय वा अप्रिय गोचरहरूलाई ग्रहण गर्नु मात्र हो । यो कुशल वा अकुशल विपाक हो । विपाक हेतु बिना उत्पत्ति हुने होइन । यो असल वा खराब कार्य कर्मद्वारा उत्पन्न हुने हो । अनेक मानिसहरू अनेक कर्म गर्दछन् र प्रत्येक कर्मले आफ्नै प्रतिफललाई ल्याउँछ । मानिसहरू यस जन्ममा विभिन्न परिस्थितिहरूमा जन्मिएको मूल कारण पनि पूर्वजन्मको कर्मकै फल हो । कर्मले गर्दा जन्म हुन्छ । प्रतिसन्धि चित्त कर्मको फल हो । त्यसैले यो विपाक हो ।

हामी यस संसारमा मानिसहरू र अन्य प्राणीहरूको अनेकौं जन्म देख्छौं । मनुष्य योनीमा हुने जन्मको तुलनामा पशु योनीमा जन्म हुनु दुःख हो । अकुशल विपाक हो भन्ने कुरा हामी देख्छौं । गरीबकै कूलमा जन्मे पनि वा जीवनमा उसले अनेकौं दुःख भोग गर्नु परे पनि मनुष्य योनीमा जन्म हुनु कुशल विपाक हो । अनेकौं भिन्न भिन्नमात्राहरूका कुशल विपाकलाई पैदा गर्ने कुशल कर्महरू भिन्न भिन्न मात्रामा कुशलताले बनेको हुन्छ । त्यसैले भिन्न भिन्न व्यक्तिहरूको प्रतिसन्धि चित्तहरू पनि अनेकौं भिन्न भिन्न मात्राका कुशल विपाकहरूका हुन्छन् । हाम्रो जीवनको प्रथम घडीमा कर्मले प्रतिसन्धि चित्तलाई पैदा गर्छ । यसै बेलामा रूपको पनि उत्पत्ति हुनुपर्छ । जीवनको प्रथम घडीमै रूपको उत्पत्ति हुनाको के कारण होला भनी हामी चकित रहन सकौंला । हामी के देख्छौं भने मानिसहरू भिन्न भिन्न चेहरा लिएर जन्मिन्छन् । कोही सुन्दर हुन्छन्, कोही कुरूप हुन्छन् । कोही त जन्मेकै घडीदेखि अपांग हुन्छन् । यसको कुनै कारण, हेतु हुनुपर्दछ । त्यो हेतु के हो भने कर्मले नै गर्दा नाम र रूप दुवैको उत्पत्ति हुन्छन् ।

के "जड" भनिने रूप र "वनस्पति" वा "विरूवा" भनिने रूप दुवै कर्मले नै गर्दा उत्पत्ति भएका हुन् त ? होइन, "वनस्पति"ले कुशल वा



https://dhamma.digital

अकुशल कर्म गर्न नसक्ने भएकोले “वनस्पति” को जन्म हुँदैन । यसको जन्म गराउने कुनै कर्म हुँदैन । वनस्पतिको जीवनको लागि तापक्रम नै हेतु हो, आधार हो । किन्तु मानिसहरूको सम्बन्धमा भने कर्मले प्रतिसन्धि-चित्त उत्पत्ति हुँदाकै घडीमा रूपलाई पनि उत्पत्ति गर्दछ । जीवनको प्रथम घडीदेखि नै कर्मले नाम र रूप दुवैलाई पैदा नगरेको भए जीवन हुनै सक्तैनथ्यो । तापक्रमले पनि रूपलाई पैदा गर्दछ । उपयुक्त तापक्रम नभइदिएमा नयाँ जीवन बढ्नै सक्तैनथ्यो । प्रतिसन्धि चित्तको निरोध हुनासाथै त्यसै घडीमा अर्को चित्त उत्पत्ति भइरहेको हुन्छ । यसरी चित्तले पनि रूपलाई पैदा गर्न थाल्दछ । त्यसमाथि शरीरको अभिवृद्धि हुन सक्ने तुल्याउने आहारले पनि रूपलाई पैदा गर्दछ । यसरी हामी के देख्छौं भने रूपको निमित्त कर्म नै एक मात्र हेतु नभई अरू अंगहरू पनि छन् । यथा चित्त (ॠतु वा) तापक्रम र पोषण (आहार) ।

कर्मले जीवनको प्रथम घडीमा मात्र होइन, हाम्रो सम्पूर्ण जीवनमा भरिनै रूपलाई पैदा गर्दछ । कर्मले इन्द्रीयद्वारहरू मार्फत प्रिय वा अप्रिय आलम्बनहरूलाई अनुभव गर्ने विपाक चित्तहरू मात्र उत्पत्ति गर्ने होइन, यी आलम्बनहरूलाई ग्रहण गर्ने इन्द्रियद्वारहरूको रूपमा रूपहरूलाई नै पनि कर्मले नै हाम्रो जीवन अवधि भरी पैदा गर्दछ । जस्तो उदाहरणको लागि, के कसैले आफ्नो चक्षु इन्द्रीयको श्रृजना गर्न सक्तछ । चक्षु-इन्द्रीयलाई वा चक्षु-प्रसादलाई तापक्रमद्वारा रचना गर्न सकिन्न, केवल कर्मद्वारा मात्र यसको उत्पत्ति गर्न सकिन्छ । आँखा फेर्ने वा एउटाको आँखालाई अर्को व्यक्तिमा सारिदिने कार्य तबसम्म सफल हुन सक्तैन जबसम्म कर्मले पाउनेको देहमा चक्षु-इन्द्रीयलाई उत्पत्ति गर्दैन ।

जन्म हुन आमाको गर्भ नै मात्र चाहिन्छ भन्ने कुरा होइन । उपदेशहरूबाट हामी के सिक्तछौं भने चार विभिन्न किसिमले प्राणीको जन्म हुन्छ । गर्भबाट (जरायुज योनी), फूलहरूबाट (अण्डजयोनी), आर्द्रताबाट (संस्वेदेज योनी) र अनायास जन्मबाट (औपपातिक योनी) । स्वर्ग लोकहरू र नरकमा औपपातिक जन्म मात्र हुन्छ ।



https://dhamma.digital

आमाको गर्भमा जीवन कहिले शुरू हुन्छ भन्ने कुरा मानिसहरू जान्न चाहन्छन् । कर्मद्वारा एकै घडीमा पैदा गरेको रूपको साथसाथै प्रतिसन्धि चित्तको उत्पत्ति भएकै घडीमा जीवनको शुरू वा आरम्भ हुन्छ । अन्तिम चित्त च्यूति-चित्तको पतन हुनासाथ जीवन अवधिको अन्त्य हुन्छ । च्यूतिचित्त उत्पत्ति भएर निरूद्ध नभएसम्म जीवन अझै बाँकी रहन्छ । परिचित्त ज्ञानको अभ्यास नगरेको कुनै पनि व्यक्तिलाई अरूको च्यूति-चित्तको उत्पत्ति भएको र निरोध भएको क्षण थाहा हुन सक्तैन । त्यसैले भगवान् बुद्ध वा परचित्त ज्ञानको अभ्यास गरेको व्यक्तिले मात्र अर्को मानिसको मृत्युको ठीक ठीक घडी थाहा पाउन सक्तछ ।

हाम्रो जीवनमा कुन चाहिँ कर्मले अर्को जन्मको प्रतिसन्धि चित्तलाई उत्पत्ति गराउने हो भन्ने कुरामा हामीलाई आश्चर्य लाग्न सक्छ । जब हामी अनेकौं कुशल कार्यहरू गर्दछौं, के हामी त्यस बखत सुगतिको लागि निश्चित रहन सक्तछौं त ? प्रश्न स्वभावविक छ । हामी सबैले विभिन्न मात्रामा कुशल एवं अकुशल कर्महरू दुवै गरेका हुन्छौं । केही कर्महरू यसै जीवनमा फल ल्याउने खालका हुन्छन्, अरू कर्महरूले अरू जन्ममा मात्र फल दिन्छन् ।

च्यूति चित्त हुनुभन्दा केही अघि उत्पत्ति हुने अकुशल वा कुशल चित्तहरू नै अर्को जन्ममा पुनर्जन्म गराउने हेतु हुन्छन् । यदि यी चित्तहरू अकुशल चित्त भएको खण्डमा पुनर्जन्म हाम्रो दुःखमय हुने हुन्छ । यदि यी चित्तहरू कुशल चित्त भइदिएको खण्डमा हाम्रो सुखमय पुनर्जन्म हुने हुन्छ । मानिसहरू यी चित्तहरूलाई निर्देश गर्न सकिन्छ कि सकिन्न भन्ने कुरा पनि जान्न चाहन्छन् । के हामी अहिलेकै क्षणमा पनि आफ्ना चिन्तनहरूलाई नियन्त्रित राख्न सक्छौं ? यदि हामी यति त गर्न सक्तैनौं भने मरणासन्न कालमा (हामां शारीरिक शक्ति क्षीण भई मानसिक बल समेत हीन हुँदै जाने त्यस्तो समयमा) हामी कसरी आफ्ना चिन्तनहरूलाई नियन्त्रणमा राख्न सकौंला त ? अर्को जीवनमा आफ्नो पुनर्जन्म विषयमा निणर्य गर्न सक्ने कुनै आत्मा भन्ने छैन ।

केही मानिसहरू मृतशैय्यामा रहेका व्यक्तिहरूलाई कुशल



https://dhamma.digital

चित्तहरू प्राप्त गर्न सघाउ पुऱ्याउने हेतुले उसको मरणासन्न अवस्थामा भिक्षुहरूलाई पाठ गर्न निम्त्याउँछन्। तथापि जबसम्म कुनै पनि व्यक्तिले श्रोतापन्नदेखि अरहन्तादि मार्ग र फल मध्ये कुनै एक मार्ग र फललाई लाभ गरिसकेको हुन्न, तबसम्म त्यस व्यक्तिको पुनर्जन्म सुखमय नै हुन्छ अथवा सुगतिमै उसको पुनर्जन्म हुन्छ भन्ने कुरामा कोही पनि निश्चित हुन वा यक्किन गर्न सक्तैन। मान्छेले धेरै पुण्य कार्यहरू गरेको भए तापनि पूर्वजन्मको अकुशल कर्मले गर्दा अर्को जन्ममा अपाय गतिमा जन्म हुन सक्तछ । आफ्नो पुनर्जन्मको हेतु बन्ने अकुशल चित्तहरू वा कुशल चित्तहरूको निरोध भइसकेपछि च्यूतिचित्त उत्पत्ति हुन्छ । त्यो च्यूति चित्तको पछि अर्को जीवनको प्रतिसन्धि-चित्त लाग्दछ। जब प्रतिसन्धि-चित्त उत्पत्ति हुन्छ, नयाँ जीवन अवधि शुरू हुन्छ। यसरी कर्म रहेसम्म जीवनहरूको श्रृङ्खला कायम रहन्छ। प्रतिसन्धि-चित्तले पुनर्जन्मको काम गर्दछ। एक जीवन अवधिको प्रथम चित्तले मात्र पुनर्जन्मको कार्य गर्ने भएकोले एउटा जीवन अवधिमा एउटै मात्र प्रतिसन्धि-चित्त हुन्छ ।

बौद्ध धर्मको यसरी अध्ययन गर्दा के स्पष्ट हुन्छ भने एक जीवनबाट अर्को जीवनमा पुनर्जन्म लिन जाने (वा सर्ने) आत्मा भन्ने केही कुरा संसारमा छैन। केवल छ केही भने त्यो हो नाम र रूपको उत्पत्ति र निरोध । प्रतिसन्धि-चित्त भनेको विगत जीवनको अन्तिम चित्तदेखि भिन्नै कुरा हो। तर यसको उत्पत्तिको कारण भने अघिल्लो जीवनको च्यूति चित्त हो। किनभने वर्तमान जीवनको प्रतिसन्धि-चित्तले अघिल्लो जन्मको अन्तिम चित्त-च्यूतिको अनुगमन गर्दछ। पूर्वजन्महरूका संचित प्रकृतिहरू वर्तमान जन्मको प्रतिसन्धि-चित्तमा ल्याइएका हुन्छन्। यसरी वर्तमान जीवनमा मानिसका जुन मनोवृत्तिहरू वा स्वभावहरू हुन्छन् । ती अतीतका संचयहरूद्वारा संस्कृत छन्। त्यसमा पनि प्रतिसन्धि-चित्त पहिलेको कुशल वा अकुशल कर्मको विपाक हो। यसरी वर्तमान जीवन पहिलेको जीवनभन्दा सर्वथा भिन्न छ। तर जहाँसम्म वर्तमान जीवन उत्पत्ति हुनुको कारण पूर्व जीवनहरू हुन्छन्, त्यहाँसम्म जीवन चक्रको अविच्छिन्नता पनि छँदैछ।



https://dhamma.digital

विशुद्धि मार्ग (परिच्छेद १७, १६४-१६८) मा भनिएको छ कि प्रतिसन्धि-चित्त वा विज्ञानपूर्वको भवबाट पनि यहाँ आएको होइन र त्यहाँको कर्म, संस्कार, झुकाव, विषय आदिको हेतु बिना उत्पन्न भएको पनि होइन । यसरी जान्नुपर्दछ ।

त्यहाँ यसरी भनिएको :–

"सियुं निदस्सनानेत्थ पटि घोसादिका अथ ।

सन्तान बद्धतो नत्थि एकता नपि नानता ॥

अथवा

यहाँ प्रतिघोष (प्रतिध्वनि) आदि दृष्टान्त हुन सक्छन् ।

सन्ततिको बद्ध हुनाले एकता पनि होइन, र नानात्व (अनेकता पनि होइन) ।

यो विज्ञान पहिलेको भवबाट यहाँ नआउनमा अतीत भवमा हुनेवाला हेतुहरूबाट र उत्पत्तिमा प्रतिघोष, प्रदीप, मुद्रा, प्रतिबिम्बको प्रकारको धर्म दृष्टान्त हुन सक्छन् । जसरी प्रतिघोष, प्रदीप, मुद्रा, छाया, शब्द आदिको हेतु हुन्छन् अन्यत्र नगइकन नै हुन्छन्, यसै प्रकारको यो चित्त हो ।

यहाँ सन्ततिबद्ध हुनाले एकता छैन र अनेकता (नानात्व) पनि छैन । यदि सन्ततिबद्ध भएकोमा बिल्कुल नै एकता भएको भए दूधबाट दही नहुने थियो । यदि बिल्कुल नानात्व पनि भएको भए जुन कुराको दूध हुन्छ त्यस कुराको दही हुन पाउने नै थिएन । यस्तै प्रकारले सबै हेतुबाट उत्पन्न भएका धर्महरूमा ..... । यसैले यहाँ बिल्कुल एकता वा नानात्वलाई मान्नु हुँदैन । (यसो भएमा लोकको सबै व्यवहार मिटेर जाने छन् र त्यो अनिष्ट हुनेछ ।)

जन्म कर्मको फल हो र कर्म रहुञ्जेलसम्म जन्म मरणको चक्रमा गइरहने छ भन्ने कुराको अनुभव नभएको खण्डमा मान्छे जन्मिनुमा खुशी हुन्छ । जन्मको दुष्परिणामहरूलाई नदेख्नु मोह वा अविद्या हो । यस घडीमा हामी मर्त्यलोक (मनुष्यलोक) मा छौं । तर हामीले चार आर्य



https://dhamma.digital

मार्ग र फलहरू मध्ये कुनै एक मार्ग र फल प्राप्त गर्न नसकेसम्मको लागि दुर्गति (अपाय गति)मा हाम्रो पुनर्जन्म हुने छैन भन्ने कुरामा हामी यकिन गर्न सक्तैनौं ।

हामी सबैले विभिन्न जुनीहरूमा अकुशल कर्म र कुशल कर्म दुवै गरेका हुन्छौं । हामीले कुशल कर्महरू गर्दै रह्यौं भने पनि ती मध्ये कुन चाहिँ कर्महरूले अर्को जुनीको प्रतिसन्धि-चित्तलाई उत्पत्ति गर्ने हो भन्ने कुरा कसलाई थाहा छ र ? कोही मानिसहरू स्वर्ग भूमिमा जन्म हुनलाई उचित भनी सोच्दछन् । तर तिनीहरू यो कुरा महशूस गर्दैनन् कि स्वर्गको जीवन नित्य छैन । स्वर्गमा जीवन अवधि सकिएपछि पहिले गरेको अकुशल कर्मको हेतुद्वारा अपाय लोकमा प्रतिसन्धि-चित्त पैदा हुन सक्तछ ।

**वालपण्डित सूत्र**

वालपण्डित सूत्र (मध्यम निकाय, शून्यता वर्ग) मा भगवान् बुद्धले जेतवनमा अनाथपिण्डिकको आराममा रहनुहुँदा नरकका दुःखहरू र पशु योनीका दारूण वेदनाहरू बारेमा निम्न प्रकारले उपदेश दिनुभएको कुराको चर्चा गरिएको छ ।

“भिक्षुहरू ! अनेक प्रकारले मैले तिर्यक योनीको कथा भनिरहे पनि तिर्यक योनीको दुःखको पूर्ण वर्णन गर्नु सम्भव हुन्न । जस्तो भनौं कि भिक्षुहरू ! कोही एउटा मान्छेले एउटा मात्र प्वाल भएको जुआलाई समुद्रमा फ्याँकेको छ । त्यो जुआलाई पूर्वी हावाले पश्चिमतिर बगाउँछ, पश्चिम हावाले पूर्वतिर, उत्तरी हावाले दक्षिणतिर, दक्षिण हावाले उत्तरतिर बगाउँछ । मानौं कि त्यस समुद्रमा एउटा अन्धो कछुवा रहेछ जो सय सय वर्षमा एक पटक समुद्र सतहमा उत्रँदो रहेछ । तब के मान्दछौं, भिक्षुहरू ! के त्यो कछुवाले त्यो एक प्वाल भएको जुआमा आफ्नो घाँटी छिराउन सक्ला त ?”

“अहँ भन्ते ! सकिहाले पनि सायद कहिले कहिले दीर्घकाल पछि नै मात्र सक्ने छ ।”



https://dhamma.digital

"भिक्षुहरू ! त्यो काल पनि चाँडो नै आउँला जब कि त्यस अन्धो कछुवाले त्यस जुआमा आफ्नो घाँटी छिराउने छ। किन्तु भिक्षुहरू ! एक पटक पतन भइसकेको वालजनको लागि फेरि मनुष्यत्वको प्राप्तिलाई म त्यो भन्दा दुर्लभतर भन्दछु । त्यसो कुन हेतुले त ? – भिक्षुहरू ! तिर्यक् योनीमा धर्म चर्या (धर्माचरण) समचर्या कुशल क्रिया (पुण्यकर्म), पुण्य क्रिया (सम्भव) हुन्न। त्यस योनीमा भिक्षुहरू ! एउटाले दोश्रोलाई भक्ष गर्ने, दुर्बललाई बलियोले भक्ष गर्ने खालको हुन्छ। त्यो बालजन ... कदाचित कहिल्यै, दीर्घकाल पछि मनुष्य जुनीमा प्राप्त भयो भने पनि त्यो जुन नीच कुल हुन्छन्-चण्डाल कुल, व्याधा कुल, वेणुकार कुल, रथकाल कुल वा च्यामेकुल–त्यस्ता दरिद्र, अल्य अन्न-पान-भोजन कुल, तुच्छ-वृत्ति कुलहरूमा जन्मिन्छ, जहाँ मुश्किलले उसलाई खाना-कपडा मिल्दछ। त्यहाँ पनि त्यो दुर्वर्ण (कुरूप), दुर्दर्शन, पुड्को, बहुरोगी कानो, लुलो, लङ्गडो, पक्षघातवाला भएर जन्मिन्छ। अन्न-पान-वस्त्र-यान-माला-गन्ध-बिलेपनहरू, शय्या-निवासस्थान-प्रदीपहरूका लाभी हुन्न । त्यसले काया, वचन र मनले दुश्चरित्र (दष्कर्म) गर्दछ । काया-वचन-मनले दुश्चरित गरेर शरीर त्याग गरी मरेपछि त्यो अपाय, दुर्गति, बिनिपात, नरकमा उत्पन्न हुन्छ। .... ।

भिक्षुहरू ! यही केवल परिपूर्ण बालभूमि हो ... ।"

भगवान् बुद्धले अनेक भिन्न भिन्न तरीकाहरूबाट जन्मको दुष्परिणामहरू बारेमा बोल्नुभएको छ। उहाँले भन्नुभयो कि जन्म दुःख हो र यसलाई जरा, व्याधि र मृत्युद्वारा पिछा गरिएको छ । उहाँले शरीरको फोहरपनलाई दर्शाउनु भयो । जनताहरूलाई सम्झाउनु भयो कि यही क्षण पनि शरीर दुःख अनित्य र अनात्मा हो। हामीले मन र शरीरलाई आत्मा भनी ग्रहण गरि नै रहयौं भने जन्म र मृत्युको चक्रको कुनै अन्त्य हुने छैन। *(वालपण्डित सूत्र यहाँसम्म)*

भगवान् बुद्धले अनेक भिन्न भिन्न तरीकाहरूबाट जन्मको दुष्परिणामहरू बारेमा बोल्नुभएको छ। उहाँले भन्नुभयो कि जन्म दुःख हो। यसलाई जरा, व्याधि र मृत्युद्वारा पिछा गरिएको छ। उहाँले शरीरको



https://dhamma.digital

फोहरपनलाई दर्शाउनु भयो । जनताह¿लाई सम्झाउनु भयो कि मन र शरीरलाई आत्मा भनी ग्रहण गरि नै रह्यो भने जन्म र मृत्युको चक्रको कुनै अन्त्य हुने छैन ।

**पुग्गल सुत्त**

संयुक्त निकाय (निदान वर्ग, परिच्छेद ३, अनमतग्ग संयुक्त भाग १, प्रथम वर्ग पुग्गल सुत्त)मा भगवान् बुद्धले राजगृहमा गृद्धकूट पर्वतमा रहनु हुँदा भिक्षुहरूलाई दिनुभएको उपदेश पढ्छौंः

“भिक्षुहरू ! यस संसारको प्रारम्भ (आदिकाल) निर्धारित गर्न सकिन्न । अविद्यामा परी, तृष्णाको बन्धनमा बाँधिएर, जन्मने मर्ने प्राणीहरूको पूर्वकोटी जानिँदैन ।

भिक्षुहरू ! एक कल्पभरी मात्र भिन्न भिन्न योनीमा जन्मेका एकै पुरूषको हाडहरू कहीं एउटा ठाउँमा जम्मा गरिने हो र त्यो नष्ट नहुने हो भने यसको राशी वेपुल्ल पर्वतको बराबर हुन जान्छ ।

भिक्षुहरू ! तसर्थ सम्पूर्ण संस्कारबाट विरक्त रहनु पर्छ, विमुक्त हुनु पर्छ ।...।

एक जना मान्छेको त पहाड जस्तै एक राशी भइदिन्छ,

महर्षिले यस्तो भन्नुभयो- यदि कल्प भरको हाडहरू मात्र जम्मा गरिए पनि ।

जस्तो यो महान वेपुल्ल पर्वत छ,

गृद्धकूटको उत्तर, भगधहरूका गिरी-किल्ला ॥

जसले आर्य सत्यहरूलाई सम्यक् प्रज्ञाबाट देख्तछ,

दुःख, दुःख समुदय, दुःखको अन्त्य गरिदिने,

आर्य अष्टांगिक मार्ग, जसबाट दुःखबाट मुक्ति हुन्छ,

बढी से बढीमा सात पटक जन्म लिएर

दुःखलाई अन्त्य गरिदिन्छ,

सम्पूर्ण बन्धनहरूलाई क्षीण गरेर ॥



https://dhamma.digital

मनुष्य योनीमा जन्म हुनु भाग्यको कुरो हो जहाँ प्रज्ञाको विकास गर्न सकिन्छ । श्रोतापति मार्ग र फलको लाभ गरिसकेको व्यक्तिले चतुरार्य सत्यहरूलाई राम्ररी बुझिसकेको हुन्छ । अनि उसले सात पटक भन्दा बढी जन्म ग्रहण गर्नु नपर्ने हुन्छ । ऊ निश्चित रहन सक्छ कि उसको पुनर्जन्म (भव) को अन्त्य अन्ततोगत्वाः भई नै हाल्छ ।

**केही मनन गर्न योग्य प्रश्नहरु**

१) जम्मा कृत्यहरू कति छन् ?

२) चित्तका चार जातिहरू छन्, यथाः अकुशल, कुशल, विपाक र कृया । प्रतिसन्धि-चित्त कुन जातिको हो ?

३) के मनुष्य योनीमा जन्मनु सधैं कुशल कर्मकै फल हो ?

४) मनुष्यको जीवन कहिले शुरू हुन्छ ?

५) जन्म किन दुःख हो ?

Dhamma.Digital



https://dhamma.digital

## परिच्छेद–११

# विभिन्न प्रकारका प्रतिसन्धि–चित्त

यस संसारमा भिन्न भिन्न चेहराहरू (मुखाकृतिहरू) र भिन्न भिन्न चरित्रहरू भएका मानिसहरू र पशुहरू जस्ता अनेक थरी थरीका जीवहरू देखिन्छन् । तिनीहरू कसैको पनि मुखाकृति र चरित्र आपसमा बिल्कुल समान रहेको देखिन्न । यदि त्यसो हो भने तिनीहरू प्रत्येकको जीवनको पहिलो क्षणदेखि नै अर्थात् प्रतिसन्धि-चित्त उत्पत्ति भएको घडीदेखि नै भिन्न भिन्नै रहेका हुनुपर्दछ । कति धेरै प्रकारका प्रतिसन्धि-चित्तहरू हुँदा रहेछन् भन्ने कुरामा हामीलाई अचम्म लाग्न सक्छ । हामी सोचौंला कि संसारमा धेरै नै प्रकारका प्रतिसन्धि-चित्तहरू हुँदो हो ।

अर्कोतिर यस संसारमा जन्मेका सत्वहरूमा समान कुराहरू पनि छन् । हामी उही एउटै संसारलाई भोग गर्दछौं । धनी वा गरीब जेसुकै भए तापनि इन्द्रीयहरू मार्फत नै संस्पर्शहरूको ग्रहण गर्दछौं । ६ इन्द्रीयद्वारहरू मार्फत अनुभव गरिएका गोचरहरूकै कारणले कुशल चित्तहरू र अकुशल चित्तहरू उत्पन्न हुन्छन् । हाम्रो दैनिक जीवनमा उत्पन्न भइरहने यी सबै चित्तहरू कामावचर चित्तहरू हुन् । (कामको अर्थ हो विषयासक्त उपभोग वा विषयासक्त आनन्दका वस्तुहरू । किन्तु कामावचर चित्तहरू केवल द्वेषमूल चित्तहरू मात्र होइनन्, काम-क्षण सम्बन्धी सबै नै चित्तहरू कामावचर चित्तहरू हुन्) ।

मनुष्य योनीमा जन्म हुनु कुशल कर्मको फल हो । पाँच इन्द्रीयहरू मार्फत स्पर्शहरू हुने मनुष्य लोकमा उत्पत्ति हुने प्रतिसन्धि-चित्त काम-क्षण सम्बन्धी चित्तहरू वा कामावचर चित्तहरूद्वारा गरिएका कुशल कर्मको विपाक हो । कामावचर चित्तहरू रहित ध्यान चित्तहरूको विपाक यो हुन सक्तैन । ध्यान गर्दा खेरि उत्पन्न हुने ध्यान चित्तहरूले पाँच इन्द्रीयहरू मार्फत प्रकट हुने गोचरादि आलम्बनहरूलाई अनुभव गर्ने होइन । यसैले ध्यान चित्तहरूले यस संसारमा जन्म गराउन सक्तैन । यसरी मुनष्य लोकमा जन्मेका सबै सत्वहरूमा एउटा समानता यो छ



https://dhamma.digital

कि उनीहरूको प्रतिसन्धि-चित्त कामावचर चित्तहरूले गरेका कुशल कर्मको विपाक हो। प्रतिसन्धि चित्तलाई पैदा गर्ने कुशल कर्मको मात्राको विभिन्नताले गर्दा मनुष्य जन्ममा अनेक भिन्नताहरू रहेका हुन्छन्।

मानिसहरूलाई उनीहरूको जन्म विषयलाई लिएर दुई वर्गमा विभाजित गर्न सकिन्छ।

१) अहेतुक कुशल विपाकवाला प्रतिसन्धि-चित्तले जन्मेका मानिसहरू। (यसको अर्थ हो त्यो कुशल विपाक चित्त शोभन हेतुहरू जस्तै अलोभ, अद्वेष वा प्रज्ञाद्वारा सहगत होइन)।

२) सहेतुक कुशल विपाकवाला प्रतिसन्धि-चित्तले जन्मेका मानिसहरू। (शोभन हेतुहरू सहगत भएका कुशल विपाक)।

**अहेतुक कुशल विपाकवाला प्रतिसन्धि**

एउटा कोही मानिस अहेतुक प्रतिसन्धि चित्तले जन्मेको छ भने उसको जन्म कामावचर कुशल कर्मको विपाक हो। तर त्यसको कुशल कर्मको अंश भने सहेतुक प्रतिसन्धि-चित्तलाई पैदा गर्ने कुशल कर्मको भन्दा घटी हुन्छ। अहेतुक प्रतिसन्धि-चित्तले जन्मेका मानिसहरू जीवनको प्रथम घडीदेखि नै अपांग हुन्छन्। तिनीहरू अन्धा, बहिरा हुन्छन् वा तिनीहरूमा अरू नै दोषहरू रहन्छन्। कुनै व्यक्तिको जीवनको प्रथम क्षणदेखि नै दोष थियो कि पछि आएर मात्र ऊ अपांग भएको हो भन्ने कुरा हामी भन्न सक्तैनौं। यसरी कुन चाहिँ किसिमको प्रतिसन्धि-चित्तले ऊ जन्मेको छ भन्ने कुरा हामी भन्न सक्तैनौं। कुनै पनि व्यक्ति अपांग हुने कुरो संयोगवश हुने कुरा होइन, यो त उसको कर्मले गर्दा हुने हो।

**अहेतुक कुशल विपाकवाला प्रतिसन्धि**

अहेतुक कुशल विपाकवाला प्रतिसन्धि-चित्त त एउटै प्रकारको मात्र हुन्छ। तर यो विपाकको धेरै मात्राहरू छन्। यो विपाक चित्तलाई पैदा गर्ने कर्मले अनिष्ट वा अप्रिय वातावरणहरू वा इष्ट वा रमणीय वातावरणहरूमा जन्म ग्रहण गराउन सक्तछ। यसले सबैभन्दा तल्लो स्वर्गलोकमा पनि जन्म गराउन सक्तछ।



https://dhamma.digital

### अहेतुक अकुशल विपाकवाला प्रतिसन्धि

अहेतुक अकुशल विपाकवाला प्रतिसन्धि-चित्त पनि हुन सक्छ। यस प्रकारको चित्तले मनुष्यलोकमा उत्पत्ति हुँदैन, बल्कि अपाय गतिमा मात्र जन्म गराउँछ। एकै प्रकारको प्रतिसन्धि चित्त मात्र अकुशल विपाक हुन्छ तर यसको मात्राहरू भने धेरै हुन्छन्। अकुशल कर्मका धेरै किसिमहरू भएकोले नै अपाय (दुर्गति) भूमिमा हुने पुनर्जन्मका पनि धेरै थरीहरू हुनुपर्दछ। हामीले यही संसारमा देख्न सक्ने दुर्गतिको पुनर्जन्म चाहिँ पशु योनीको जन्म हो। हामीले देख्न नसक्ने तीनवटा दुर्गतिलोकहरू हुन् : प्रेत गति, असुर गति र नरक गति। नरक गतिमा पनि अनेक भिन्न भिन्न प्रकारका नरक लोकहरू छन्। किनभने दुःखकर पुनर्जन्मका पनि धेरै मात्राहरू छन्।

विभिन्न कर्महरूद्वारा पैदा गरेका विभिन्न प्रकारका विपाक चित्तहरूले प्रतिसन्धि-चित्तको कृत्य गर्न सक्तछ। कुन कुन प्राणीको मामिलामा प्रतिसन्धि-चित्तको कृत्य कुन चाहिँ किसिमको विपाक चित्तले गर्दछ भन्ने कुरा कर्ममा निर्भर हुन्छ। अहेतुक विपाक चित्तवाला प्रतिसन्धि चित्त हुँदा (चाहे अकुशल विपाक होस् वा कुशल विपाक) प्रतिसन्धिको कृत्य गर्ने चित्तको किसिम वास्तवमा सन्तीर्ण चित्त हुन्छ।

### सन्तीर्ण चित्त

पञ्चेन्द्रीयहरू मध्ये कुनै एक मार्फत आलम्बनको अनुभव गर्ने चित्तहरूको वीथि क्रममा जब सन्तीर्ण चित्त उत्पत्ति हुन्छ, त्यस सन्तीर्ण चित्तले त्यो आलम्बनलाई विचार गरेर हेर्ने कार्य गर्दछ। सन्तीर्ण चित्त भनेको विपाक चित्त हो। उही किसिमको चित्तले एकभन्दा बढी कार्यहरू गर्न सक्तछ। तर भिन्न भिन्न घडीहरूमा मात्र यसरी गर्न सकिने हुन्छ। सन्तीर्ण चित्तले पनि प्रतिसन्धिको कृत्य गर्न सक्छ। प्रतिसन्धि-चित्त अहेतुक विपाक हुँदा मामिला यही हुन्छ। सन्तीर्ण चित्तले प्रतिसन्धिको कृत्य गर्दा यो इन्द्रीयद्वार वीथिमा उत्पत्ति हुँदैन। यसले आलम्बनलाई विचार गरेर हेर्दैन।



https://dhamma.digital

सन्तीर्ण चित्त तीन किसिमका छन्:

१) उपेक्षा सहगत, अकुशल विपाकवाला सन्तीर्ण चित्त ।

२) उपेक्षा सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त ।

३) सौमनस्य सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त ।

उपेक्षा सहगत अकुशल विपाकवाला सन्तीर्ण चित्तले दुर्गति लोकहरूमा प्रतिसन्धिको कृत्य गर्न सक्तछ । यसको मतलब हो दुर्गति लोकहरूमा उत्पत्ति हुने प्रतिसन्धि चित्तको किसिम अकुशल विपाक चित्त जस्तै उही किसिमको हुन्छ । जुन अकुशल विपाक चित्त-सन्तीर्ण चित्तले चित्तहरूको इन्द्रीयद्वार वीथि क्रममा छानविन गर्ने कृत्य गर्छ । यसको उही जाति हो- विपाक जाति र यसको अनुगमन गर्ने चैतसिकहरू उही किसिमका हुन्छन् ।

उपेक्षा सहगत कुशल विपाकवाला सन्तीर्ण चित्तले इन्द्रीयद्वार वीथिमा छानविन गर्ने कृत्य गर्नुको अलावा प्रतिसन्धिको कृत्य पनि गर्न सक्तछ । यसले जीवनको प्रथम घडीदेखि नै अपाङ्ग भएका मानिसहरूको प्रतिसन्धिको कार्य गर्दछ । यही चित्त नै मात्र प्रतिसन्धिको कृत्य गर्ने हेतुहरू विनाको अर्थात् अहेतुक विपाक चित्त हो ।

सौमनस्य सहगत कुशल विपाकवाला सन्तीर्ण चित्तले प्रतिसन्धिको कृत्य गर्दैन ।

**१९ प्रकारका प्रतिसन्धि चित्त**

भिन्न भिन्न जीवहरूको अकुशल कर्म र कुशल कर्मले विभिन्न लोकहरूमा उत्पत्ति हुने जम्मा १९ विभिन्न प्रकारका प्रतिसन्धि चित्तलाई पैदा गर्न सक्तछ । यी मध्ये एक प्रकारको चाहिँ अकुशल विपाक हो र बाँकी १८ प्रकारका चाहिँ कुशल विपाक हुन् । ती १८ प्रकारका कुशल विपाकवाला चित्तहरू मध्ये एउटा किसिम चाहिँ अहेतुक कुशल विपाक हो । अरू सत्र प्रकारका चाहिँ सहेतुक कुशल विपाक हुन् ।

यी १९ प्रकारका प्रतिसन्धि चित्तहरू मध्ये प्रत्येक प्रकारको प्रतिसन्धि चित्तको अनेकन मात्राहरू हुन्छन । किनभने यिनीहरूलाई पैदा



https://dhamma.digital

गर्ने कर्म नै विभिन्न मात्राहरू हुन सक्तछन् । कर्मले गर्दा नै मानिसहरू सुन्दर वा अ-सुन्दर भएर जन्मन्छन् । कर्मले गर्दा नै सुखकर वातावरण वा दुःखमय वातावरणमा जन्मिन्छन् । कोही यस जन्ममा दुःखमय वातावरणमा जन्मेको छ भन्दैमा उसको अर्को पुनर्जन्म पनि दुःखमय नै हुन्छ भन्ने अर्थ होइन । यी सबै नै आफूले संचित गरेको कर्ममा निर्भर रहन्छ । सुखमय वातावरणमा जन्मेका मानिसहरूको सम्बन्धमा पनि कुरा उही हो । तिनीहरूले अकुशल कर्मको संचय गरिराखेको भए तिनीहरूको अर्को जन्म दुःखी हुन सक्ने छ ।

यस विषयमा निम्न कुराहरू अंगुत्तर निकाय (चतुक्क निपात, अन्धकार सम्बन्धी)मा चर्चा गरिएको छः–

भिक्षुहरू ! लोकमा चार किसिमका मानिसहरू हुन्छन् । कस्ता चार किसिमका ? अन्धकारबाट अन्धकारमै जानेवाला, अन्धकारबाट प्रकाशमा जानेवाला, प्रकाशबाट अन्धकारमा जानेवाला, प्रकाशबाट प्रकाशमा नै जानेवाला ।

भिक्षुहरू ! अन्धकारबाट अन्धकारमै जाने मानिस कस्तो हुन्छ त ?

भिक्षुहरू ! एउटा व्यक्ति नीच कुलमा जन्मेको हुन्छ, चण्डाल कुलमा वा वंशफोड कुलमा, शिकारीहरूको कुलमा वा रथ बनाउनेको कुलमा, वा च्यामेको कुलमा । यस्तो कुलमा जहाँ दरिद्रता हुन्छ, जहाँ खानपिनकै कठिनाई हुन्छ, मुश्किल हुन्छ, जहाँ भोजन-वस्त्र मुश्किलैले मात्र उपलब्ध हुन्छ । त्यो व्यक्ति दुर्वर्ण हुन्छ, दुर्दर्शनीय, पुड्को, रोगी, कानो, लूलो, लंगडो र पक्षघात-पीडित हुन्छ । उसलाई खानपिन उपलब्ध हुन्न, वस्त्र उपलब्ध हुन्न, सवारी साधन उपलब्ध हुन्न, माला-गन्ध विलेपन उपलब्ध हुन्न, सुत्ने-बस्ने ठाउँ तथा बत्ती बाल्न तेलबत्ती आदि पनि उपलब्ध हुन्न । त्यसले शरीरले, वचनले र मनले खराब, अकुशल कर्म गर्दछ । मनसा-वाचा-कर्मणा अकुशल कर्म गरेर त्यो व्यक्ति शरीर त्याग गरेपछि, मृत्युपछि नरकमा पैदा हुन्छ । यसरी भिक्षुहरू ! व्यक्ति अन्धकारबाट अन्धकारमै जानेवाला हुन्छ ।



https://dhamma.digital

भिक्षुहरू ! अन्धकारबाट प्रकाशमा जानेवाला मानिस कस्तो हुन्छ ?

भिक्षुहरू ! एउटा व्यक्ति नीच कुलमा पैदा भएको हुन्छ,... जहाँ खानपिनकै कठिनाई हुन्छ, मुश्किल हुन्छ, भोजन-वस्त्र मुश्किलैले मात्र उपलब्ध हुन्छ।.... सुत्ने-बस्ने ठाउँ तथा बत्ती बाल्न तेलबत्ती आदि पनि उपलब्ध हुन्न । त्यसले शरीरले, वचनले र मनले असल कुशल कर्म गर्दछ। मनसा-वाचा-कर्मणा कुशल कर्म गरेर त्यो व्यक्ति देह त्याग गरी मृत्युपछि स्वर्गमा उत्पन्न हुन्छ। यसरी भिक्षुहरू ! व्यक्ति अन्धकारबाट प्रकाशमा जानेवाला हुन्छ।

भिक्षुहरू ! प्रकाशबाट अन्धकारमा जानेवाला मानिस कस्तो हुन्छ ?

भिक्षुहरू ! एउटा व्यक्तिले ठूलो कुलमा जन्म ग्रहण गरेको हुन्छ। क्षेत्रीय महासारवान् कुलमा, ब्राह्मण महासारवान् कुलमा, अथवा गृहपति महासारवान् कुलमा, यस्तो कुलमा जो सम्पन्न हुन्छ, ऐश्वर्यशाली हुन्छ, जहाँ सुन चाँदी धेरै हुन्छ, सम्पत्ति धेरै हुन्छ, एवं धन-धान्य धेरै हुन्छ। त्यो व्यक्ति सुन्दर, दर्शनीय, आकर्षक, पहिलो दर्जाको सौन्दर्यबाट युक्त हुन्छ । उसलाई अन्नपान, वस्त्र, सवारी साधन, माला-गन्ध-विलेपन, सुत्ने-बस्ने स्थान तथा बत्तीको लागि तेलबत्ती आदि सुलभ हुन्छ। त्यो व्यक्तिले शरीरले, वचनले र मनले खराब अकुशल कर्म गर्दछ। शरीर, वचन र मनले दुष्कर्म गरेर, देह त्याग गरेर मरेपछि नरकमा उत्पन्न हुन्छ। यसरी भिक्षुहरू व्यक्ति प्रकाशबाट अन्धकारमा जानेवाला हुन्छ।

भिक्षुहरू ! प्रकाशबाट प्रकाशमा नै जानेवाला मानिस कस्तो हुन्छ ?

भिक्षुहरू ! एउटा व्यक्तिले उँचा कुलमा जन्म ग्रहण गरेको हुन्छ, क्षेत्रीय महासारवान् कुलमा, ब्राह्मण महासारवान् कुलमा, अथवा गृहपति महासारवान् कुलमा, यस्तो कुलमा जो धनी हुन्छ, ऐश्वर्यशाली हुन्छ, जहाँ सुन चाँदी धेरै हुन्छ, सम्पत्ति धेरै हुन्छ, एवं धन-धान्य धेरै हुन्छ।



https://dhamma.digital

त्यो व्यक्ति सुन्दर, दर्शनीय, आकर्षक, पहिलो दर्जाको सौन्दर्यबाट युक्त हुन्छ । उसलाई अन्नपान, वस्त्र, सवारी साधन, माला-गन्ध-विलेपन, सुत्ने-बस्ने स्थान तथा बत्तीको लागि तेलबत्ती आदि सुलभ हुन्छ । त्यो व्यक्तिले शरीरबाट कुशल कर्म गर्दछ, वचन तथा मनबाट कुशल कर्म गर्दछ । शरीर, वचन तथा मनबाट दुष्कर्म गरेर, देह त्यागेपछि मरेर स्वर्गमा उत्पन्न हुन्छ । यसरी भिक्षुहरू व्यक्ति प्रकाशबाट प्रकाशमा नै जानेवाला हुन्छ ।

भिक्षुहरू ! दुनियाँमा यी चार किसिमका मानिसहरू हुन्छन् । ”

अहेतुक प्रतिसन्धि-चित्तलाई उत्पत्ति गर्ने कुशल कर्मभन्दा सहेतुक विपाकवाला प्रतिसन्धि चित्त उच्च मात्राको कुशल कर्मको विपाक हो । सहेतुक प्रतिसन्धि-चित्तले जन्मेका प्राणीहरूमा प्रतिसन्धिको कृत्य गर्न सक्ने ८ विभिन्न प्रकारका सहेतुक विपाक चित्तहरू हुन्छन् । कस्तो कस्तो सत्वको मामिलामा प्रतिसन्धिको कृत्य कुन चाहिँ किसिमको विपाक चित्तले गर्दछ भन्ने कुरा विपाक चित्तलाई पैदा गर्ने कुशल कर्मको अंशमा भर पर्दछ ।

मानिसहरू भिन्न भिन्न चरित्रहरू लिएर जन्मन्छन् । तिनीहरू विभिन्न मात्राको प्रज्ञा सहित वा प्रज्ञा रहित भएर जन्मन्छ । किनभने मानिसहरूका प्रतिसन्धि चित्तहरू नै अनेक थरीका हुन्छन् । प्रतिसन्धि-चित्त सहेतुक हुँदा यो चित्त सधैं अलोभ र अद्वेषद्वारा सम्प्रयुक्त हुन्छ । तर सबै प्रज्ञाद्वारा सम्प्रयुक्त भने हुन्न । प्रतिसन्धि-चित्त प्रज्ञाद्वारा सम्प्रयुक्त हुने वा विप्रयुक्त हुने कुरा यसलाई पैदा गर्ने कर्म माथि निर्भर गर्दछ । प्रतिसन्धि-चित्त प्रज्ञाद्वारा सम्प्रयुक्त रहेको अवस्थामा मान्छे अलोभ, अद्वेष र प्रज्ञा-तीन शोभन हेतुहरू साथै जन्मेको हुन्छ । प्रज्ञा रहित भएर जन्मेकोमा भन्दा प्रज्ञायुक्त भएर जन्मदा त्यो मान्छेमा आफ्नो जीवनको दौरानमा प्रज्ञाको अभ्यास गर्ने प्रवृत्ति बढी रहन्छ । प्रज्ञा सम्प्रयुक्त प्रतिसन्धि-चित्तले जन्मेका व्यक्तिहरूले आर्य-अष्टाङ्गिक मार्गको अभ्यास गरेको खण्डमा सम्बोधि लाभ गर्न सक्तछन् । प्रज्ञा रहित भएर जन्मेको व्यक्तिले पनि यो जीवनमा आर्य अष्टाङ्गिक मार्गको अभ्यास त गर्न



https://dhamma.digital

सक्छ। तर त्यही जीवनमा उसले सम्बोधिलाई प्राप्त गर्न सक्तैन। यसरी हामी के देख्छौं भन्ने हाम्रा जीवनका प्रत्येक कुरा हेतुहरू माथि निर्भर छन्।

प्रतिसन्धि-चित्तलाई पैदा गर्ने कर्मको आधारबाटै कोही व्यक्ति सौमनस्य वेदना वा उपेक्षा वेदना साथै जन्मेको हुन्छ। सौमनस्य साथै सम्पादन गरिएको कुशल कर्म उपेक्षा साथै सम्पन्न भएको कुशल कर्मभन्दा उच्चस्तरको हुन्छ। प्रतिसन्धि-चित्तलाई पैदा गर्ने कर्म असांस्कारिक वा ससांस्कारिक हुन सक्छ। असंस्कृत कुशल कर्म ससंस्कृत कुशल कर्म भन्दा उच्चस्तरको हुन्छ। प्रतिसन्धि-चित्तलाई पैदा गर्ने कर्मकै आधारबाट यो असांस्कारिक (असंस्कृत) वा ससांस्कारिक (ससंस्कृत) हुन्छ।

यसरी कामावचर कुशल कर्मका विपाकवाला सहेतुक प्रतिसन्धि-चित्तहरू जम्मा आठ प्रकारका छन्। तिनीहरू सौमनस्य सहित वा उपेक्षा सहित हुन सक्छन्। तिनीहरू असांस्कारिक वा ससांस्कारिक हुन सक्छन्। तिनीहरू प्रज्ञा सहित वा प्रज्ञा रहित हुन सक्छन्।

संक्षेपमा भन्ने हो भने तिनीहरू हुन्: ज्ञान-प्रज्ञा।

१. सौमनस्य सहगत, ज्ञान सम्प्रयुक्त, असांस्कारिक, एक।

२. सौमनस्य सहगत, ज्ञान सम्प्रयुक्त, ससांस्कारिक, एक।

३. सौमनस्य सहगत, ज्ञान विप्रयुक्त, असांस्कारिक, एक।

४. सौमनस्य सहगत, ज्ञान विप्रयुक्त, ससांस्कारिक, एक।

५. उपेक्षा सहगत, ज्ञान सम्प्रयुक्त, असांस्कारिक, एक।

६. उपेक्षा सहगत, ज्ञान सम्प्रयुक्त, ससांस्कारिक, एक।

७. उपेक्षा सहगत, ज्ञान विप्रयुक्त, असांस्कारिक, एक।

८. उपेक्षा सहगत, ज्ञान विप्रयुक्त, ससांस्कारिक, एक।

प्रतिसन्धि-चित्तको बारेमा अरू विस्तृत रूपमा थाहा पाउनु उपयोगी हुन्छ। किनभने यसले मानिसहरू किन यसरी भिन्न भिन्न



https://dhamma.digital

हुन्छन् भन्ने कुरा बुझ्न मद्दत गर्न सक्छ । कामावचर कुशल कर्महरू वा विपाकहरूको रूपमा रहेका आठ प्रकारका सहेतुक प्रतिसन्धि-चित्त मनुष्य लोकमा मात्र उत्पत्ति हुने होइन । बल्कि ती चित्तहरू त काम भूमिको रूपमा रहेका दिव्यलोकहरूमा पनि उत्पत्ति हुन्छन् ।

जम्मा (यस संसारमा) ३१ प्रकारका लोकहरू छन् । ती मध्ये ११ लोकहरू काम भूमिहरू हुन्, जसमध्ये एक मनुष्य लोक हो, ६ वटा दिव्य लोकहरू हुन् र चार वटा अपाय भूमि वा दुर्गतिलोकहरू हुन् ।

**कामावचर भूमिमा प्राप्त हुन सक्ने चित्त**

काम भूमिहरूमध्ये कुनै पनि काम भूमिमा जन्मेका प्राणीहरूमा कामावचर चित्तहरू हुन्छन् । तिनीहरू इन्द्रियसंस्पर्शहरूलाई ग्रहण गर्दछन् । यी बाहेक काम भूमि नभएका अरू दिव्य लोकहरू पनि हुन्छन् । काम भूमिहरू मध्ये कुनै एक काम भूमिमा जन्म लिएर पनि कसैले ध्यानको अभ्यास गर्दछ भने उसको कामावचर चित्तहरूको अलावा रूप-ध्यान चित्तहरू र अरूप-ध्यान चित्तहरू पनि प्राप्त गर्न सक्तछ । कसैले आर्य अष्टाङ्गिक मार्गको अभ्यास गर्दछ भने त उसले निर्वाणलाई प्रत्यक्ष रूपमा साक्षात्कार गर्न सक्ने लोकोत्तर चित्तहरू प्राप्त गर्न सक्तछ ।

**रूपावचर र अरूपावचर चित्त प्राप्त हुने**

कसैले ध्यान प्राप्त गर्दा यस घडीमा उसले गरेको कुशल कर्म कामावचर कुशल कर्म होइन । किनभने ध्यानको त्यस घडीमा इन्द्रियसंस्पर्शहरू हुन्नन् । ध्यान प्राप्त गरेकै जीवनको अवधिमै यसले (ध्यानले) विपाकलाई पैदा गर्दैन । तर च्यूति चित्तको केही क्षण अघि ध्यान चित्तहरू छन् भने यसले अर्को जन्ममा प्रतिसन्धि-चित्तलाई पैदा गर्दछ । रूपावचर कुशल चित्तको (जुन रूपध्यान चित्तवाला कुशल चित्त हो) विपाक हो रूप-ब्रह्मलोकवाला दिव्य लोकमा जन्म, जुन दिव्य लोक काम भूमि होइन । अरूपावचर कुशल चित्त (अरूप ध्यान चित्तवाला कुशल चित्त) को विपाक हो अरूप-ब्रह्मलोकवाला दिव्य लोकमा जन्म । थरी थरीका रूप ब्रह्मलोकहरू र अरूप-ब्रह्मलोकहरू यहाँ हुन्छन् ।



https://dhamma.digital

रूप-ध्यान (पालिमा रूप-झान) को पाँच तह वा चरण हुन्छन् । तसर्थ पाँच प्रकारका रूपावचर विपाक चित्तलाई पैदा गर्ने पाँच किसिमकै रूपावचर कुशल चित्त हुन्छन् । अरूप-ध्यानको चार तह हुन्छन् । तसर्थ चार प्रकारका अरूपावचर विपाक चित्तलाई पैदा गर्ने चार प्रकारका अरूपावचर कुशल चित्त हुन्छन् । यसरी रूपावचर कुशल चित्तहरूको विपाकवाला पाँच प्रकारका प्रतिसन्धि-चित्तहरू हुन्छन् । अरूपावचर कुशल चित्तहरूको विपाकवाला चार प्रकारका प्रतिसन्धि चित्तहरू हुन्छन् । भिन्न भिन्न प्रकारका ध्यान चित्तहरूको विपाकवाला जम्मा नौ प्रकारका प्रतिसन्धि-चित्त हुन्छन् । ती चित्तहरू सहेतुक विपाक चित्तहरू हुन् र सदैव प्रज्ञाद्वारा सम्प्रयुक्त रहन्छन् ।

यसरी १९ प्रकारका प्रतिसन्धि-चित्तलाई सारांशमा निम्न बमोजिम प्रस्तुत गर्न सकिन्छ :–

१ अकुशल विपाक-सन्तीर्ण-चित्त (अहेतुक, अकुशल कर्मको विपाक)

१ कुशल विपाक सन्तीर्ण चित्त (अहेतुक, कामावचर कुशल कर्मको विपाक)

८ महा-विपाक चित्तहरू (सहेतुक, कामावचर कुशल कर्महरूको विपाकहरू)

५ रूपावचर विपाक चित्तहरू (सहेतुक, रूप-ध्यान चित्तहरूका विपाकहरू)

४ अरूपावचर विपाक चित्तहरू (सहेतुक, अरूप-ध्यान चित्तहरूका विपाकहरू)

जम्मा १९

हाम्रा कर्महरूमध्ये कुन चाहिँले हाम्रो अर्को जन्मको प्रतिसन्धि-चित्तलाई पैदा गर्ने हो हामीलाई थाहा छैन । हामी असल कर्महरू र अकुशल कर्महरू दुवै गर्दछौं । यी कर्महरू मध्ये कुनै एउटाले वा पूर्वजन्ममा गरिएको एउटै मात्र कर्मले पनि अर्को जीवनको प्रतिसन्धि-चित्तलाई उत्पत्ति गर्न सक्छ । भगवान् बुद्धले मानिसहरूलाई अनेक प्रकारका कुशल कर्म गर्न प्रोत्साहित गर्नु हुन्थ्यो । किनभने प्रत्येक कुशल



https://dhamma.digital

कर्म निकै मूल्यवान हुन्छ र ढीलो चाँडो अवश्य फल दिन्छ।

**इतिवुत्तक**

इतिवुत्तकमा भगवान् बुद्धले भिक्षुहरूलाई उपदेश दिनु हुँदै भन्नुभएको छः–

“भिक्षुहरू ! मैले थाहा पाए जस्तै अन्य सत्वहरूलाई पनि आपसमा बाँडेर लिने खाने गर्दाको फल पाक्ने कुरा थाहा भएको भए, आपसमा बाँडचूँड नगरिकन उनीहरू आ-आफ्ना उपभोगका कुनै पनि वस्तुलाई उपभोग गर्दैनथ्यो होला, न कृपणाताको छाप (टाटो) ले उनीहरूको हृदयमा दुःख दिन्थ्यो होल, न कंजुसीको कलंक नै त्यहाँ रहन्थ्यो होल। उनीहरूसँग एउटै अन्तिम भाग मात्र बाँकी रहेको भए पनि, उनीहरूको अन्तिम गाँस खाना मात्र भए तापनि यदि त्यस वस्तुलाई बाँडिलिने कोही भइदिएको खण्डमा उनीहरूले त्यस वस्तुलाई आपसमा नबाँडिकन त्यसको उपभोग गर्दैनथ्यो होला।....”

कुशल कर्मले सुखकर पुनर्जन्म गराउन सक्तछ र जुनसुकै प्रकारको पुनर्जन्मभन्दा जन्मको निरोधलाई नै बढी महत्व दिइनु पर्दछ। कसैले अष्टाङ्गिक मार्गको अभ्यास गरेर अरहन्त मार्ग फल प्राप्त गरेको खण्डमा उसको अर्को पुनर्जन्म भन्ने कुरा रहन्न। अरहन्तको च्यूति चित्तपछि प्रतिसन्धि-चित्तले अनुगमन गर्दैन। भगवान् बुद्धले बराबर मानिसहरूलाई जन्मको दुष्परिणामहरू बारेमा सम्झाउनु हुँदै मृत्युरहित निर्वाण प्राप्त गर्नको निमित्त स्मृतियुक्त भएर रहन प्रोत्साहित गर्नुहुन्थ्यो।

अंगुत्तर निकाय (अट्ठक निपात परिच्छेद ८, प्रकरण ४) मा भगवान् बुद्ध नातिकाको इंटको आवासमा रहनु हुँदा भिक्षुहरूलाई दिनुभएको उपदेश चर्चा गरिएको छः–

“भिक्षुहरू ! मनणानुस्मृतिको भावना गरिएमा, वृद्धि गरिएको खण्डमा त्यो महान् फलदायक हुन्छ, महान् शुभ परिणामकारक हुन्छ, अमृतदायिनी हुन्छ, अमृतस्वरूपी हुन्छ।”

भिक्षुहरू ! कसरी भावना गर्नाले .....यस्तो ..... अमृतदायिनी,



https://dhamma.digital

अमृतस्वरूपी हुन्छ ?

भिक्षुहरू ! भिक्षु दिनको अस्त भई रातको आगमन भएपछि यसरी विचार गर्दछ– "मेरो मृत्युका कारण हुन सक्छन्–मलाई सर्पले टोक्न सक्छ, बिच्छीले डस्न सक्छ, यसबाट मेरो मृत्यु पनि हुन सक्छ । यो मेरो लागि ठूलो खतरा हुन सक्छ । म गोडा चिप्लिएर लड्न सक्छ, मलाई भोजन अपच हुन सक्छ, मेरो पित्त प्रकुपित हुन सक्छ, मेरो कफ पनि प्रकुपित हुन सक्छ, अंग-प्रत्यंपगलाई छेदन गर्ने वायु प्रकुपित हुन सक्छ । ममाथि मान्छेले आक्रमण गर्न सक्छ । अमनुष्यले आक्रमण गर्न सक्छ – यसबाट मेरो मृत्यु हुन सक्छ । मेरो लागि यो ठूलो खतरा हुन सक्छ ।

भिक्षुहरू ! त्यस भिक्षुले यसरी विचार गर्नुपर्छ– अहिले मेरो पापपूर्ण अकशुल धर्म अप्रहीण छन् । यदि रातमै मेरो निधन भएको खण्डमा यो मेरो लागि खतरनाक हुन सक्छ ।

भिक्षुहरू ! यदि यसरी सोच विचार गर्दा भिक्षुलाई यस्तो लागेमा कि मेरो पापपूर्ण अकुशल धर्म अहिले अप्रहीण छन्, रातमै मेरो निधन भएमा मेरो लागि खतकरनाक हुन सक्छ, तब त्यस भिक्षुले ती पाप-पूर्ण अकुशल धर्मका प्रहाण (नाश) कै लागि विशेष संकल्प, प्रयत्न, उत्साह, पराक्रम, स्मृति तथा सम्प्रजन्यको उपयोग गर्नुपर्छ ।

भिक्षुहरू ! जसरी कसैको कपडा वा शिरका केशमा आगो लागेको खण्डमा त्यो कपडा वा शिरका केशमा लागेको आगो निभाउनको लागि नै त्यस व्यक्तिले विशेष संकल्प, प्रयत्न, उत्साह, उद्योग, पराक्रम, स्मृति तथा सम्प्रजन्यको उपयोग गर्दछ, त्यसरी नै भिक्षुहरू ! त्यस भिक्षुले ती पापपूर्ण अकुशल धर्मका क्षय (प्रहाण) को लागि नै विशेष संकल्प, प्रयत्न, उत्साह, उद्योग, पराक्रम, स्मृति तथा सम्प्रजन्यको उपयोग गर्नु पर्छ ।

भिक्षुहरू ! यदि यसरी सोच विचार गर्दा भिक्षुलाई यस्तो लागेमा कि अब मेरो पापपूर्ण अकुशल धर्म अप्रहीण छैनन्, जुन रातमै मेरो निधन भएको खण्डमा मेरो लागि खतकरनाक होस्, तब भिक्षुहरू ! त्यस भिक्षुले रातदिन कुशल कर्ममा लागिरहेर त्यसै प्रीति-प्रमुदित भावबाट



https://dhamma.digital

आनन्दित रहने गर्नुपर्छ ।

भिक्षुहरू ! भिक्षु रातको अस्त भएर दिनको उदय भएपछि यसरी विचार गर्दछ– मेरो मृत्युको अनेक कारण हुन सक्छन्–मलाई सर्पले टोक्न सक्छ ..... मनुष्यले आक्रमण गर्न सक्छ– यसबाट मेरो मृत्यु पनि हुन सक्छ । मेरो लागि ठूलो खतरनाक हुन सक्छ ।

भिक्षुहरू ! त्यस भिक्षुले यसरी विचार गर्नु पर्छ– अहिले ..... अप्रहीण छन् । यदि दिनमै मेरो निधन भएको खण्डमा यो मेरो लागि खतरनाक हुन सक्छ ।

भिक्षुहरू ! यदि यसरी सोच विचार गर्दा भिक्षुलाई यस्तो लागेमा कि मेरो पापपूर्ण अकुशल कर्म अहिले अप्रहीण छन् ..... स्मृति तथा सम्प्रजन्यको उपयोग गर्नुपर्छ ।

भिक्षुहरू ! जसरी कपडा वा शिरको केशमा आगो लागेको खण्डमा ..... स्मृति तथा सम्प्रजन्यको उपयोग गर्नुपर्छ ।

भिक्षुहरू ! यदि यसरी सोच विचार गर्दा भिक्षुलाई यस्तो लागेमा कि अब मेरा पाप-पूर्ण अकुशल धर्म अप्रहीण छैनन्, जुन दिनमै मेरो निधन भएको खण्डमा मेरो लागि खतकरनाक होस्, तब भिक्षुहरू ! त्यस भिक्षुले रातदिन कुशल कर्ममा लागिरहेर त्यसै प्रीति-प्रमुदित भावबाट आनन्दित रहने गर्नु पर्छ ।

भिक्षुहरू ! यसरी भावना गर्नाले, वृद्धि गर्नाले, मनणानुस्मृति महान् फलदायक हुन्छ, महान् शुभ परिणामकारक हुन्छ, अमृतदायिनी हुन्छ, अमृतस्वरूपी हुन्छ ।"

**केही मनन गर्न योग्य प्रश्नहरू**

१) के प्रतिसन्धि-चित्त अहेतुक हुन सक्छ ?

२) प्रतिसन्धि-चित्त कति प्रकारका हुन्छन् ?

३) कति प्रकारका प्रतिसन्धि-चित्त अकुशल विपाक हुन्छन् ?

४) के सहेतुक प्रतिसन्धि-चित्तहरू प्रज्ञा सहगत हुन सक्छ ?



https://dhamma.digital

## परिच्छेद–१२

# भवंगको कृत्य

मान्छेको जीवनमा रूपादि गोचरका स्पर्शहरू नभएका घडीहरू पनि हुन्छन्। यस्तोबेला मानिस विचार गर्दैन, त्यो बेला अकुशल चित्तहरू वा कुशल चित्तहरू हुँदैनन्। मान्छेको जीवनमा त्यस्ता घडीहरूमा पनि अझै चित्त रहन्छ त ? प्रश्न स्वाभाविक छ। रूपादि गोचरहरूको स्पर्श नहुँदा पनि र कुनै प्रकारको चिन्तन नहुँदा पनि चित्त त त्यहाँ हुनु नै पर्दछ। किनभने बिना चित्त मान्छे जीवित नै रहँदैन। यस्ता घडीहरूमा उत्पत्ति हुने र निरोध हुने चित्तको किसिमलाई भवंग-चित्त भनिन्छ। भगंको शाब्दिक अर्थ हो "जीवनको अंग"। व्यवहारिक भाषामा भन्ने हो भने भवंग-चित्तले "व्यक्ति"लाई जीवित राख्तछ, यही नै भवंग-चित्तको कृत्य हो।

भवंग चित्तहरू बराबर उत्पत्ति हुन्छन् भन्दा कतिपय मानिसहरूलाई अचम्म लाग्न सक्छ। रूपादि-गोचरहरूका स्पर्श नभएको बेला, चिन्तन नरहेको बेला र अकुशल चित्तहरू वा कुशल चित्तहरू नरहेका घडीहरूमा पनि असंख्य भवंग चित्तहरू उत्पत्ति भइरहेका हुन्छन्। हामी सुतेको र स्वप्न देखिरहेको बेलामा हामीमा अकुशल चित्तहरू वा कुशल चित्तहरू रहन्छन्। तर विना स्वप्नको निद्रामा हामी सुतिरहेको बेलामा पनि अझै हामीमा चित्तका धार चलिरहेकै हुन्छ। यी घडीहरूमा भवंग-चित्तहरू रहन्छन्। प्रतिसन्धित-चित्त लोप हुँदा यसले अर्को चित्तलाई उत्पत्ति गर्दछ, जुन चित्त त्यो जीवनको दोश्रो चित्त हो। त्यो चित्त जीवनको प्रथम भवंग चित्त हो।

भवंग-चित्त एउटा विपाक चित्त हो। जुन कर्मले प्रतिसन्धि-चित्तलाई पैदा गऱ्यो त्यही कर्मको विपाक नै भवंग-चित्त हो। जीवनमा एउटै मात्र प्रतिसन्धि-चित्त हुन्छ। तर भवंग-चित्तहरू भने असंख्य हुन्छन्। प्रथम भवंग-चित्त मात्र होइन, एउटा जीवन अवधिमा उत्पत्ति हुने सबै नै भवंग-चित्तहरू प्रतिसन्धि-चित्तलाई पैदा गर्ने कर्मकै विपाक हुन्।



https://dhamma.digital

प्रतिसन्धि-चित्त १९ प्रकारका हुने भएकोले भवंग चित्त पनि १९ नै प्रकारका हुन्छन् । जस्तो दुर्गतिलोक वा अपाय भूमिमा जन्म हुँदाको प्रतिसन्धि-चित्त अकुशल विपाक हो भने त्यो जीवनका सम्पूर्ण भवंग चित्तहरू पनि अकुशल विपाक नै हुन्छन् । जीवनको प्रथम घडीदेखि नै अपांग भएको व्यक्तिको सम्बन्धमा जस्तै प्रतिसन्धि-चित्त अहेतुक कुशल विपाक हुँदा त्यो जीवनका सबै भवंग चित्तहरू पनि अहेतुक कुशल विपाक हुन्छन् । यदि प्रतिसन्धि-चित्त सहेतुक छ भने भवंग चित्तहरू पनि सहेतुक नै हुन्छन् । एउटा जीवन अवधिमा उत्पत्ति हुने सम्पूर्ण भवंग चित्तहरू त्यो जीवनको प्रतिसन्धि-चित्त जुन किसिमको हुन्छ उही किसिमका हुन्छन् ।

यदि कोही व्यक्ति अलोभ र अद्वेष– दुई हेतुहरू साथै तर प्रज्ञा विप्रयुक्त भएर जन्मेको छ भने उसको जीवनका सबै भवंग चित्तहरूको ती दुईटै हेतुहरू मात्र हुन्छन् । त्यस्तो व्यक्तिले प्रज्ञाको अभ्यास गर्न सक्छ। तर उसले त्यही जीवनमा मार्गफल प्राप्त गर्न भने सक्तैन । यदि कोही व्यक्ति अलोभ, अद्वेष र प्रज्ञा जस्ता तीनै हेतुहरू सहित जन्मेको छ भने उसको जीवनको सम्पूर्ण भवंग चित्तहरूमा पनि यिनै तीन शोभन हेतुहरू साथ लागेका हुन्छन् । यसरी त्यो मान्छे प्रज्ञाको अभ्यास गर्नमा बढी इच्छुक हुन्छ र उसले त्यही जीवनमा मार्ग फल लाभ गर्न सक्तछ। यदि कोही व्यक्ति सौमनस्य वेदना साथै जन्मेको छ भने उसको जीवनको सम्पूर्ण भवंग चित्तहरू सौमनस्य सहगत नै हुन्छन् ।

**भवंग चित्तको आलम्बन**

प्रत्येक चित्तको एउटा गोचर वा आलम्बन हुनु परे जस्तै भवंग चित्तको पनि आलम्बन वा गोचर हुन्छ । दर्शनको रंग आलम्बन हुन्छ, श्रवणको शब्द आलम्बन हुन्छ । तर भवंग चित्तको भने जुन आलम्बन हुन्छ त्यो इन्द्रीयहरू मार्फत र मनोद्वार मार्फत प्रकट हुने आलम्बनहरू भन्दा सर्वथा भिन्न हुन्छ । भवंग चित्तको त्यही आलम्बन हुन्छ जुन प्रतिसन्धि-चित्तको हुन्छ । प्रतिसन्धि-चित्तको फेरि पूर्वजन्ममा मृत्यु हुनुभन्दा केही क्षण अघि उत्पत्ति भएका चित्तहरूको जे आलम्बन हुन्छ



https://dhamma.digital

त्यही आलम्बन रहन्छ । (अर्थात् मृत्यु अघि उत्पत्ति भएका चित्तहरूको जे आलम्बन हुन्छ) । जीवनको अन्तिम चित्तको केही क्षण अगाडि उत्पत्ति भएका चित्तहरू अर्थात् च्यूति चित्तको अघि उत्पत्ति भएका चित्तहरू अर्को जीवनको निमित्त निर्णायक हुन्छन् । यदि ती अकुशल चित्तहरू छन् भने पुनर्जन्म दुःखमय जन्म हुन्छ । यदि ती कुशल चित्तहरू छन् भने अर्को जन्म सुखकर जन्म हुने हुन्छ । ती चित्तहरूले ६ इन्द्रीयद्वारहरू मध्ये कुनै एउटा द्वारद्वारा आलम्बनको अनुभव गर्न सक्छ । पूर्वजन्ममा च्युति चित्तको क्षण अघि उत्पत्ति भएका चित्तहरूकै अनुरूप नै कुनै अमुक जीवनको प्रतिसन्धि-चित्त र त्यो जीवनको सम्पूर्ण भवंग चित्तहरूको त्यही आलम्बनलाई भोग गरेको हुन्छ ।

विशुद्धि मार्ग (परिच्छेद १४, ११४) मा भवंग चित्तको बारेमा यसरी उल्लेख गरिएको छः–

प्रतिसन्धि-विज्ञानको निरूद्ध भएपछि त्यस प्रतिसन्धि-विज्ञानको पछि लागिरहेका त्यस त्यस कर्मका विपाक, त्यही आलम्बनमा त्यही प्रकारका भवाङ्ग-विज्ञान प्रवर्तित हुन्छ । पुनः त्यस्तै नै – यसरी चित्त प्रवाह (सन्तति) रोकिएपछि अन्य चित्त उत्पन्न भएपछि, नदी श्रोत समान स्वप्न नदेखिकन निद्रामा निमग्न हुने समय आदिमा असंख्य पटक पनि प्रवर्तित नै हुन्छन् ।

भवंग-चित्तहरू नदीको श्रोत वा प्रवाह समान हुन् । त्यो इन्द्रीयहरू मध्ये कुनै एक इन्द्रियमार्फत वा मनोद्वार मार्फत प्रकट हुने आलम्बन भएको खण्डमा अवरूद्ध हुन्छ । इन्द्रीयद्वार वीथिका चित्तहरू र मनोद्वार वीथिका चित्तहरू निरूद्ध भएपछि भवंग-चित्तहरूको प्रवाह पुनः लाग्दछ ।

पाँच इन्द्रीयहरू मध्ये कुनै एउटामा कुनै आलम्बनले ठक्कर खानासाथ भवंग-चित्तको धार रोकिन्छ र त्यहाँ स्पर्श हुन्छ । तर स्पर्श तुरून्तै हुने होइन । पंचद्वारावर्जन चित्तले पाँच इन्द्रीयद्वारहरू मध्ये कुनै एक द्वार मार्फत त्यस आलम्बनमा ध्यान लगाउनु भन्दा अगाडि अरू केही भवंग-चित्तहरू उत्पत्ति भएर निरूद्ध हुन्छन् । जस्तो उदाहरणको



https://dhamma.digital

लागि भनौं, जब रंगले चक्षु-इन्द्रीयमा स्पर्श गर्दछ, त्यहाँ तुरून्त दर्शन हुँदैन । त्यस क्षणमा उत्पत्ति भइरहेको भवंग चित्त त्यस बाहिरिया गोचरबाट ठक्कर खान्छ । अनि भवंग-चित्त विचलित हुन्छ अर्थात् भंग हुन्छ । अब प्रश्न खडा हुन सक्छः भवंग-चित्तलाई बाह्य आलम्बनबाट कसरी प्रभावित पार्न सकिन्छ ? के भवंग-चित्त पनि प्रतिसन्धि-चित्तको आलम्बन जस्तै उही किसिमको आफ्नै आलम्बन छैन र ? कुरा वास्तवमा के हो भने एउटा चित्तले एक समयमा एउटै मात्र आलम्बनलाई ग्रहण गर्न सक्तछ । भवंग-चित्तलाई बाह्य आलम्बनबाट असर पार्न त सकिन्छ तर अझै पनि यसले आफ्नो आलम्बनलाई नै ग्रहण गर्दछ ।

विशुद्धि मार्ग (परिच्छेद १४, ११५ को पाद टिप्पणी ४६) मा परमत्थ मन्जुसा ४७८ मा यसरी उल्लेख गरिएको छः–

... तर भिन्नै आधार भएको भवंगको विचलितपना (चलन) कसरी हुन आउँछ ? किनभने यो यससित सम्बन्धित छ र यहाँ उदाहरण यो हो ।

तबलाको सतहमाथि चिनीका दानाहरू राखी ती चिनीका दाना मध्ये कुनै एक दाना माथि थप थप थपथपाइ दिएको खण्डमा चिनीको अर्को दानामाथि बसिरहेको झिंगा चल्छ ।

इन्द्रियद्वारहरू मध्ये कुनै एउटा द्वारमा गोचरले स्पर्श गर्दा विचलित हुने पहिलो भवंग-चित्त अतीत भवंग हो । यसको पछि अर्को भवंग-चित्त–भवंग चलन लाग्दछ । यो चित्तको पछि अर्को भवंग-चित्त भवंगुपच्छेद लाग्दछ । यस पछि भवंग चित्तहरूको प्रवाह टुट्ने भएकोले यस चित्तलाई भवंगुपच्छेद भनिएको हो । यो भवंग-चित्तपछि भवंग-चित्तको धार अवरूद्ध हुन्छ । भवंगुपच्छेदपछि पंचद्वारावर्जन चित्त लाग्दछ जुन पंचद्वारावर्जन चित्तले इन्द्रीयद्वारहरू मध्ये कुनै एक द्वार मार्फत गोचरतिर ध्यान लगाउने कृत्य गर्दछ ।

पंचद्वारावर्जन चित्तको केही अघि उत्पत्ति भइरहेका तीन भवंग चित्तहरू आलम्बनद्वारा विचलित हुन्छ । तैपनि पाँच इन्द्रीयहरू मध्ये



https://dhamma.digital

कुनै एक इन्द्रीयमा स्पर्श गर्ने त्यस नयाँ गोचरप्रति ध्यान दिलाउने कृत्य भवंग चित्तहरूबाट हुँदैन। न त त्यो गोचरलाई अनुभव गर्ने कार्य नै हुन्छ। भवंग-चित्तहरूको आफ्नै कृत्य छ– त्यो कृत्य हो व्यक्तिलाई जीवित राख्नु ताकि त्यो जीवनभरि नै आलम्बनहरूलाई अनुभव गर्न सकियोस्। यी भवंग चित्तहरूको अझै पनि प्रतिसन्धि-चित्तकै अनुरूप उही आलम्बन हुन्छ। जब चित्तहरूका इन्द्रीयद्वार वीथि सकिन्छ, भवंग-चित्तहरूको प्रवाह पुनः शुरू हुन्छ ताकि हाम्रो जीवनमा एकको पछि अर्कोले पछि लागिरहने चित्तहरूको धारा अवरूद्ध नहोस्।

इन्द्रीयहरू मध्ये कुनै एउटामा ठक्कर लगाउने त्यस आलम्बनलाई मनोद्वार मार्फत अनुभव गर्न सकिन्छ। किन्तु मनोद्वार वीथिमा चित्तहरू उत्पत्ति हुनु अगावै त्यहाँ भवंग चित्तहरू हुनुपर्छ। मनोद्वार वीथिमा चित्तहरूको निरोध भइसकेपछि पुनः भवंग-चित्तहरूको धारा शुरू हुन्छ।

पाँच इन्द्रीयहरू मध्ये कुनै एउटा इन्द्रियमार्फत अनुभव गरिने गोचर चाहिँ रूप हो। रूपको उत्पत्ति र विनाश हुन्छ। तर यो नाम जस्तै त्यति चाँडो लोप हुँदैन। रूपको एउटा इकाई एकपछि अर्को लाग्ने चित्तका १७ घडीहरूको समयसम्म स्थीर रहन्छ। रूपले इन्द्रीयद्वारहरू मध्ये कुनै एउटा द्वारमा स्पर्श गर्दा इन्द्रीयद्वार वीथिमा १७ चित्तहरू उत्पत्ति हुन्छन्।

इन्द्रियद्वारहरू मध्ये कुनै एउटा द्वारमा आलम्बनले स्पर्श गर्नु अघि भवंग चित्तहरू उत्पत्ति भएर निरोध भइरहेका हुन्छन्। जस्तो उदाहरणको निम्ति रूप (जुन रंग हो) ले चक्षु-इन्द्रीयमा स्पर्श हुँदा त्यहाँ सर्वप्रथम तीन भवंग-चित्तहरू हुन्छन्, यथाः

। अतीत भवंग

।। भवंग-चलन

।।। भवंगुपच्छेद

अनि भवंग-चित्तहरूको प्रवाह छेकिन्छ र चक्षुद्वारावर्जन चित्तले चक्षुद्वार मार्फत त्यो गोचर तर्फ ध्यान दिएर हेर्दछ। चक्षुद्वारावर्जन



https://dhamma.digital

चित्तको पछि अरू १३ वटा चित्तहरू पनि लाग्छन् र ती प्रत्येक चित्तको चक्षुद्वार वीथिमा आ-आफ्नै कृत्य हुन्छ । अतीत भवंगदेखि गणना गर्दा इन्द्रियद्वार वीथि पूर्ण हुञ्जेलसम्ममा इन्द्रियद्वारहरू कुनै खास एउटा द्वारमार्फत रूपलाई अनुभव गर्ने चित्तहरू जम्मा १७ वटा हुन्छन् ।

कुनै एउटा इन्द्रीयद्वार वीथिको अन्तिम चित्त निरोध भइसकेपछि पुनः भवंग चित्तहरू लाग्छन् । त्यस गोचरलाई मनोद्वार मार्फत अनुभव गर्दाको घडीमा रूप त लोप भइसकेको हुन्छ । किनभने रूप त चित्तको १७ घडीहरूसम्म मात्र स्थीर रहन्छ । तथापि त्यस गोचरलाई मनोद्वार मार्फत भने अनुभव गर्न सकिन्छ । तर त्यस गोचरलाई मनोद्वार मार्फत अनुभव गरिनु अघि त्यहाँ पुनः भवंग-चित्तहरू लाग्नु पर्ने हुन्छ । मनोद्वारावर्जन चित्तको अघि उत्पत्ति हुने अन्तिम दुई भवंग चित्तहरू चाहिँ भवंग-चलन र भवंगुपच्छेद हुन् । त्यसपछि मनोद्वारावर्जन चित्तले मनोद्वार मार्फत अघि पाँच इन्द्रीयद्वारहरू मध्ये कुनै एक इन्द्रीयद्वार मार्फत अनुभव गरिएको गोचरलाई नै ध्यान लगाउँछ । त्यसपछि मनोद्वार वीथिका अरू ७ वटा चित्तहरू पछि लाग्छन् । यसरी मनोद्वार वीथि निम्न बमोजिम हुन्छ :

अ. भवंग चलन

आ. भवंगुपच्छेद

इ. मनोद्वारावर्नन चित्त

ई. सात वटा अकुशल वा कुशल चित्तहरू (अथवा अरहन्तको निमित्त कृया-चित्तहरू)

त्यस मनोद्वार वीथिको भवंग चलनको उत्पत्ति हुनु अगाडि त्यहाँ धेरै भवंग चित्तहरू उत्पत्ति हुँदै निरोध भइरहेका हुन्छन् । इन्द्रीयद्वार वीथिको पछि लाग्ने मनोद्वार वीथिको भने अतीत भवंग भन्ने हुँदैन । किनभने यो चित्त त अघिल्लो इन्द्रीयद्वार वीथिमै पहिले नै उत्पत्ति भइसकेकै हुन्छ ।

मनोद्वार वीथिको निरोध भएपछि इन्द्रीयद्वारहरू मध्ये कुनै एक



https://dhamma.digital

इन्द्रीयद्वार मार्फत वा मनोद्वार मार्फत पुनः आलम्बनलाई अनुभव गर्ने चित्तहरूको प्रक्रिया शुरू नभएसम्मको लागि भवंग चित्तहरूकै धारा प्रवाहित हुन्छ। यसबाट के सिद्ध हुन्छ भने इन्द्रीयद्वारहरू मध्ये कुनै एउटा द्वार मार्फत वा मनोद्वार मार्फत आलम्बनलाई अनुभव गर्ने चित्तहरूको वीथिहरू (वा प्रक्रियाहरू) को बीच बीचमा सम्पूर्ण हाम्रो जीवनभरिमा नै असंख्य भवंग चित्तहरू उत्पत्ति भइरहन्छन् ।

**मनोद्वार**

मनोद्वार भनेको के हो त ? यो इन्द्रीयद्वारहरूबाट सर्वथा भिन्नै कुरा हो । इन्द्रीयद्वारहरू भन्नाले निम्न लिखित रूपहरू हुन् :

चक्षु-इन्द्रीय, कर्ण-इन्द्रीय, घ्राण-इन्द्रीइ, जिव्हा-इन्द्रियर काय-इन्द्रिय। काय-इन्द्रियसम्पूर्ण शरीरभरि नै रहन्छ । मनोद्वार यी रूपहरू मध्येको कुनै एउटा रूप होइन । मनोद्वार नाम हो वा रूप हो भन्ने कुरामा मान्छेलाई अलमल हुन सक्छ । मनोद्वार वीथिको प्रथम चित्तले कसरी आलम्बनलाई ध्यान दिन्छ भन्ने कुरालाई हामीले विचार गर्नुपर्छ । आलम्बनलाई विचार गरेर हेर्ने मनोद्वार वीथिको पहिलो चित्त हो मनोद्वारावर्जन चित्त । यो चित्तले पाँच इन्द्रीयहरू मध्येका कुनै पनि इन्द्रीयद्वार मार्फत आलम्बन तर्फ ध्यान दिने होइन । तसर्थ मनोद्वार नाम हो । यो चित्त हो । मनोद्वारावर्जन चित्तको अघि लाग्ने चित्त हो । भवंगुपच्छेद चित्त । भवंगुपच्छेद चित्त मनोद्वार हो र यसै मनोद्वार मार्फत मनोद्वारावर्जन चित्तले त्यस आलम्बन तर्फ ध्यान दिन्छ ।

अभिधर्मको अध्ययनबाट हामी धर्महरूलाई विश्लेषण गर्न र त्यस्तो संस्कारित धर्महरूलाई धातुहरू (तत्वहरू) को रूपमा हेर्न देख्न सिक्छौं । इन्द्रियद्वारहरू मार्फत र मनोद्वार मार्फत विभिन्न आलम्बनहरूलाई अनुभव गर्ने चित्तहरूको प्रक्रियालाई विश्लेषण गर्न सिक्छौं । विपश्यनाको अभ्यासको निमित्त चित्तको विभिन्न वीथिहरू बारे थाहा पाउनु उपयोगी हुन्छ । जस्तो उदाहरणको लागि भनौं शब्दलाई कर्णद्वार मार्फत र मनोद्वार मार्फत अनुभव गर्न सकिन्छ। चित्तहरू एकपछि अर्को क्रमबद्ध रूपमा यति छिटो छिटो लागिरहन्छन् कि आलम्बन के हो



https://dhamma.digital

भन्ने कुरा हामीलाई थाहा भइ नसकेकै अवस्थामा पनि यसलाई मनोद्वार मार्फत अनुभव गरी सकिएको हुन्छ । विभिन्न प्रक्रियाहरूका कुन कुन चित्तलाई अनुभव गर्न सकिन्छ भन्ने कुरा स्मृतिमा निर्भर रहन्छ। चित्तका विभिन्न घडीहरूका विभिन्न लक्षणहरू हुन्छन् भन्ने कुरा अनुभव गर्न हामीले जान्यौं भने हामीलाई के थाहा हुन्छ भने ती लक्षणहरू मात्र धातुहरू हुन् जुन स्थीर रहन्न ।

संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, चतुर्थ पण्णासक, आशीविष वर्ग, भाग ४, वीणा सुत्त) मा यस बारेमा यसरी चर्चा गरिएको पाइन्छ –

भिक्षुहरू ! मानौं कुनै राजा वा मन्त्रीले पहिले कहिल्यै पनि वीणा सुनेको थिएन । उसले वीणाकावे आवाज सुनोस् । उसले यस्तो भनोस् अरे ! यो कस्तो आवाज हो, यति राम्रो, यति सुन्दर, यसरी मतवाला (नशालु) बनाइदिने, यसरी मूर्छित गरिदिने, यसरी चित्तलाई खिच्न सक्ने ? उसलाई मानिसह भन्दछन् –भन्ते ! यो त वीणाको आवाज हो, जो यति राम्रो सुन्दर, यसरी नशा चढाउने, यसरी मूर्च्छित गरिदिने, यसरी चित्तलाई खिच्न सक्ने खालको छ ।

उसले यसरी भनोस्–जाऊ, त्यो वीणालाई लिएर आऊ ।

मानिसहरूले उसलाई वीणा ल्याएर दिन्छन् र भन्छन्– भन्ते ! त्यो यही वीणा हो जसको आवाज .... यसरी चित्तलाई खिँच्ने वाला हो ।

उसले यस्तो भनोस्– मलाई यो वीणाको मतलब छैन, मलाई त्यो आवाज ल्याई देऊ

मानिसहरू उसलाई भन्दछन् – भन्ते ! वीणाको अनेक सम्भारहरू छन् । अनेक सम्भारहरूलाई जुटाएपछि वीणाबाट आवाज निस्कन्छ । जस्तो द्रोणी, छाला, फ्रेम, तारहरू, उपषेण र बजाउने पुरूषको अभ्यासको प्रत्ययबाट वीणा बज्दछ ।

यसरी भन्ते ! यो वीणा भनिने वस्तु अनेक सम्भारहरू, अनेक संख्यामा सम्भारहरूद्वारा बनेको छ । यसमा विभिन्न भागहरू जुट्ने



https://dhamma.digital

भएकोले यो बज्दछ । तब त्यस राजा वा मन्त्रीले त्यो वीणालाई दश वा सय टुक्रा हुने गरी भाँचिदेओस्, भाँचेर त्यसलाई सानासाना टुक्रा गरिदेओस् । साना साना टुक्रा पारेर आगोमा जलाइदेओस् र जलाएर त्यसलाई खरानी बनाइ देओस् । खरानी बनाएर त्यसलाई हावामा उडाइ देओस् र नदीको धारामा बगाइ देओस् ।

उसले यसरी भनोस्– अरे ! वीणा रङ्गी चीज रहेछ । मानिसहरू यसको पछाडी व्यर्थमा यतिका मुग्ध हुन्छन् ।

भिक्षुहरू ! त्यस्तै नै, भिक्षु जहाँतक रूपको गति हुन्छ, रूपको खोजी गर्दछ, वेदना, ... संज्ञा, ... संस्कार ... जहाँतक विज्ञानको गति हुन्छ, तिज्ञानको खोजी गर्दछ । यस प्रकारको खोजहरूमा उसको लागि अहंकार ('म'), ममंकार ('म हुँ') र अस्मिता ('मेरो') जस्ता कुनै पनि वस्तु फेला पर्दैन ।

**मनन गर्न योग्य केही प्रश्नहरू**

१) भवंग-चित्तहरू कुन कुन घडीहरूमा उत्पत्ति हुन्छन् ?

२) जीवनमा प्रथम भवंग-चित्त कहिले उत्पत्ति हुन्छ ?

३) भवंग चित्त कति प्रकारका हुन्छन् ?

४) के भवंग चित्त अहेतुक हुन सक्छ ?

५) के भवंग चित्त प्रज्ञासहगत हुन सक्छ ?



https://dhamma.digital

## परिच्छेद–१३

# इन्द्रीय–द्वार वीथि र मनोद्वार वीथिमा चित्तको कृत्यहरु

प्रत्येक चित्तको आफ्नै कृत्य हुन्छ । विना कृत्यको कुनै चित्त उत्पत्ति हुँदैन । उदाहरणको निम्ति जस्तो दर्शन (हेर्ने काम) र श्रोत (सुन्ने काम) चित्तद्वारा गरिने कृत्यहरू हुन् । हामीहरू दर्शन र श्रोतलाई कृत्यहरूको रूपमा हेर्ने कुराका अभ्यस्त छैनौं । किनभने हामी आत्माको धारणाबाट ग्रसित छौं । चित्तहरूको बारेमा हामीले बढी कुरा जान्ने हो भने हामीले चित्तहरूका विभिन्न कृत्यहरू सम्बन्धी कुरा सिक्नु पर्दछ । कृत्यलाई पालिमा किच्च भनिन्छ ।

जीवनको प्रथम चित्तद्वारा गरिने कृत्य हो प्रतिसन्धिको कृत्य । प्रतिसन्धि-चित्तपछि भवंग चित्त लाग्छ । भवंग चित्तको कृत्य चित्तको दोश्रो कृत्य हो । भवंग चित्तले प्राणीलाई जीवित राख्तछ । जीवित रहेसम्मको अवस्थामा चित्तहरूको इन्द्रियद्वार वीथि वा मनोद्वार वीथि क्रम नरहेको बेलामा भवंग चित्तहरू उत्पत्ति हुन्छन् । निरोध हुन्छन् । ६ द्वारहरूमध्ये कुनै एउटा द्वार मार्फत आलम्बनलाई ग्रहण गर्ने चित्तहरूका विभिन्न प्रक्रियाहरूका बीच बीचमा भवंग चित्तहरू उत्पन्न हुन्छन् । उदाहरणको निमित्त जस्तो दर्शन हुँदा र श्रोत हुँदाको बीचमा भवंग चित्तहरू लाग्नु पर्ने हुन्छ ।

जब एउटा रूपादि गोचरले इन्द्रीयद्वारहरू मध्ये कुनै एक इन्द्रियद्वारमा ठक्कर खान्छ, भवंग चित्तहरूको धारा छेकिन्छ । अनि तीनवटा भवंग चित्तहरू उत्पन्न हुन्छन् र निरोध हुन्छन् । त्यसपछि पंचद्वारावर्जन चित्तको उत्पत्ति हुन्छ । इन्द्रियद्वारमा ठक्कर खाएको रूपादि गोचरलाई अनुभव गर्ने चित्तहरूको प्रक्रियाको प्रथम चित्त हो पंचद्वारावर्जन चित्त । पाँच इन्द्रीयद्वारहरूमध्ये कुनै एक इन्द्रीयद्वारमा ठक्कर खाएको रूपादि गोचरतर्फ ध्यान दिलाउने कार्य वा आवर्जनको कृत्य पंचद्वारावर्जन चित्तले गर्दछ । अर्थात् यस चित्तले अमुक इन्द्रीयद्वार मार्फत गोचरतिर ध्यान लगाउँछ । पंचद्वारावर्जन चित्त अहेतुक क्रिया-चित्त हो ।



https://dhamma.digital

विशुद्धिमार्ग (परिच्छेद १४, १०७) मा पंचद्वारावर्जन चित्तको विषयमा यसरी उल्लेख गरिएको छः–

यहाँ-विज्ञान आदिको अघि हिंड्ने वाला भएर रूप आदि आलम्बनहरूलाई जान्ने लक्षणवाला मनोधातु हो । आवर्जन (ध्यान दिलाउनु) गर्नु यसको कृत्य हो । रूप आदिको अभिमुख हुनु प्रत्युपस्थान हो । भवंगको (भवंगको रूपमा चित्तको अविछिन्न प्रवर्तन) अवरोध (विघ्न) यसको पदस्थापनवाला हो । यो उपेक्षा युक्त नै हुन्छ ।

पंच-विज्ञानको अगाडि नै उत्पत्ति हुने भएकोले पंचद्वारावर्जन चित्त अग्रगामी हो । चक्षुद्वारमा ठक्कर खाने रूपादि गोचरलाई ध्यान दिँदा पंचद्वारावर्जन चित्तले चक्षु-द्वार मार्फत नै मात्र ध्यान दिने हुँदा यो चक्षु-द्वारावर्जन चित्त हुन्छ । कर्ण-द्वारमा ठक्कर खाएको रूपादि गोचरलाई विचार गरेर हेर्दा यो चित्त श्रोतद्वारावर्जन चित्त हुन्छ । रूपादि गोचरले जुन इन्द्रीयद्वारमा ठक्कर खाएको हुन्छ त्यसै इन्द्रीयद्वारको नाउँबाट पंचद्वारावर्जन चित्तको नामकरण गरिन्छ । पंचद्वारावर्जन चित्त दिनभरिमा असंख्य पटक उत्पत्ति हुन्छ तर हामी यसलाई देख्दैनौं । दर्शन हुँदा चक्षुद्वारावर्जन चित्तले चक्षु-इन्द्रीयमा ठक्कर खाएको रंगतर्फ ध्यान दिइसकेर पनि निरूद्ध भइसकेको हुन्छ । त्यस्तै श्रोत वा अरू कुनै एउटा पंच विज्ञान हुँदा पनि पंचद्वारावर्जन चित्तले त्यस गोचरतिर पहिले नै ध्यान दिएर लोप पनि भइसकेको हुन्छ ।

पंचद्वारावर्जन चित्तपछि उही गोचरलाई अनुभव गर्ने इन्द्रीयद्वार वीथिका अरू चित्तहरू लाग्छन् । इन्द्रीयद्वार वीथि क्रम समाप्त भएपछि त्यस आलम्बनलाई मनोद्वार मार्फत अनुभव गरिन्छ । तर त्यसभन्दा अघि त्यहाँ भवंग-चित्तहरू लाग्छन् । अनि मात्र मनोद्वारावर्जन चित्तले मनोद्वार मार्फत आवर्जन कृत्य गर्दछ ।

यसरी आवर्जनको कृत्य गर्ने दुई प्रकारका चित्त छन्ः (१) पंचद्वारावर्जन चित्तले पाँच इन्द्रीयद्वारहरू मध्ये कुनै एउटा द्वारमार्फत आलम्बनतिर ध्यान दिन्छ र (२) मनोद्वारावर्जन चित्तले त्यही आलम्बनलाई मनोद्वारमार्फत ध्यान दिन्छ ।



https://dhamma.digital

रंगले चक्षु-इन्द्रीयमा ठक्कर खाँदा (स्पर्श गर्दा) चक्षु-द्वारावर्जन चित्तले चक्षुद्वारमार्फत रंगतिर ध्यान दिन्छ । चक्षुद्वारावर्जन चित्तको निरोध भइसकेपछि चक्षु-विज्ञान उत्पत्ति हुन्छ । हेर्ने कार्य (दर्शनको कृत्य) चक्षु-विज्ञानद्वारा गरिन्छ । दर्शन विपाक हो । यो कुशल कर्म वा अकुशल कर्मको फल हो । हामी आफ्ना कर्मको फल भोग्न जन्मेका छौं र त्यसैले भवंग चित्तहरूको धारा रोकिएपछि पंचद्वारावर्जन चित्तपछि विपाक चित्तहरू उत्पन्न हुन्छन् ।

दर्शनको कृत्य गर्ने चित्तले रंगलाई मात्र जान्दछ । त्यस चित्तले चाहना वा बेचाहना गर्दैन । त्यो अहेतुक विपाक चित्त हो । त्यो आलम्बन के हो भन्ने थाहा पाउने चित्तहरू त पछि उत्पन्न हुन्छन् । प्रज्ञाको अभ्यास गरिएको छैन भने रंगलाई मात्र जान्ने चित्तभन्दा त्यस आलम्बनलाई चाहना वा बेचाहना गर्ने चित्त अथवा त्यो आलम्बन के हो भनी थाहा पाउने चित्तहरू सर्वथा भिन्न धर्म हो भन्ने कुरा बुझिँदैन । हामीमा रहेको संचित मोह र दृष्टिको कारणले गर्दा उत्पत्ति हुनासाथ लोप हुने र एकपछि भिन्नै धर्मवाला अर्को चित्तद्वारा अनुगमन गरिने चित्तको अनित्य स्वभावलाई हामी बुझ्न सक्तैनौं ।

दर्शनको कृत्य गर्न सक्ने नै दुई प्रकारका चित्त हुन्छन्: एउटा अकुशल विपाक र दोश्रो कुशल विपाक । केवल यी दुई प्रकारका चित्तहरूले मात्र दर्शनको कृत्य गर्न सक्छ । (पालिमा दर्शनको कृत्यलाई दस्सन किच्च भनिन्छ) । कर्णद्वारमा शब्दले स्पर्श गरेपछि र श्रोतद्वारावर्जन चित्त उत्पत्ति भएर निरूद्ध भएपछि श्रोत-विज्ञानको उत्पत्ति हुन्छ । श्रवणको कृत्य (पालिमा सवन-किच्च) चित्तको अर्को कृत्य हो । श्रोत अहेतुक विपाक हो । दुई प्रकारका चित्तले श्रोत (श्रवण) को कृत्य गर्न सक्तछः एउटा अकुशल विपाक र अर्को कुशल विपाक ।

चित्तको अर्को कृत्य हो घ्राण-कृत्य (पालिमा घायन-किच्च) । अहेतुकवाला दुई चित्तहरूले यो कृत्य गर्न सक्तछः एउटा अकुशल विपाक र अर्को कुशल विपाक हो ।

दुई प्रकारका अहेतुक चित्तले आस्वादनको कृत्य (पालिमा सायन-



https://dhamma.digital

किच्च) अर्थात् रसको स्वाद लिने कार्य गर्दछ : एउटा अकुशल विपाक हो र अर्को कुशल विपाक हो । यो कृत्य गर्ने चित्तले जस्तो मिठो र नुनिलो रसको स्वाद चाख्दा यसले केवल त्यस स्वादलाई अनुभव गर्दछ । तर यो चित्तलाई त्यो स्वादको नाउँ थाहा हुन्न । त्यो स्वादको व्यवहारिक नाउँ थाहा पाउने चित्तहरू त पछि मात्र उत्पन्न हुन्छन् ।

काय-इन्द्रीयमार्फत स्पर्शहरूको अनुभव गर्ने कृत्य (पालिमा फुसन-किच्च) चित्तको अर्को कृत्य हो । आलम्बनले काय-इन्द्रीयमा स्पर्श गर्दा पंचद्वारावर्जन चित्तले काय-इन्द्रीयको द्वारमार्फत त्यस आलम्बनप्रति ध्यान दिन्छ । त्यस पछि काय-विज्ञान उत्पत्ति हुन्छ र काय-इन्द्रियमार्फत स्पर्शलाई अनुभव गर्ने कृत्य गर्दछ । दुई प्रकारका अहेतुक चित्तले यस प्रकारको कृत्य गर्न सक्तछ : एउटा अकुशल विपाक र अर्को कुशल विपाक हो । काय-विज्ञानद्वारा अनुभव गरिने आलम्बनहरू निम्न प्रकारका रूपहरू हुन्छन् :–

घनत्व (पृथ्वी धातु) (साह्रोपना वा नरमपनाको रूपमा जसलाई अनुभव गरिन्छ) तापक्रम (तेज धातु) (गर्मी वा ठण्डीको रूपमा जुन कुरालाई अनुभव गरिन्छ) गति (वायु धातु) (गति वा दवावको रूपमा जुन कुरालाई अनुभव गरिन्छ) ।

यी गोचरहरूलाई काय-इन्द्रिय(जुन रूप हो) को द्वारमार्फत अनुभव गरिन्छ । शारीरिक स्पर्शहरूलाई ग्रहण गर्ने क्षमता भएको यस प्रकारको रूप शरीरको सचेतनमा नभएका अंगहरूमा बाहेक सम्पूर्ण शरीर भरि नै रहेको हुन्छ ।

यसरी पंच-विज्ञानहरूको रूपमा रहेका चित्तहरूले संक्षेपमा निम्न कृत्यहरू गर्दछन् :

१. दर्शनको कृत्य (दस्सन-किच्च)

२. श्रोतको कृत्य (सवन-किच्च)

३. घ्राणको कृत्य (घायन-किच्च)

४. आस्वादनको कृत्य (सायन-किच्च)



https://dhamma.digital

५. स्पर्शहरूलाई अनुभव गर्ने कृत्य (फुसन-किच्च)

दर्शन, श्रवण, घ्राण, आस्वादन र स्पर्शको अनुभव भिन्न भिन्न कृत्यहरू हुन् । तिनीहरू आत्माद्वारा गरिएका होइनन्, चित्तद्वारा गरिएका हुन्छन् । यी चित्तहरू हेतुहरूको कारण उत्पत्ति हुन्छन् । यस सत्यको स्मृति जनतालाई दिलाउने उद्देश्यले भगवान् बुद्धले बारम्बार चित्तहरूले कसरी पाँच इन्द्रीयहरू मार्फत र मनोद्वारमार्फत आलम्बनहरू भोग गर्दछन् भन्ने कुराको व्याख्यान गर्नुहुन्थ्यो । उहाँले चित्तहरू उत्पत्ति हुने विभिन्न अवस्था वा हेतुहरू र ती हेतुहरूको अनित्यता पनि दर्शाउनु हुन्थ्यो । चित्तहरू उत्पन्न हेतुहरू नै अनित्य भएकोले चित्तहरू पनि नित्य हुन सक्तैन ।

**द्वय सुत्त**

संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, द्वितीय पण्णासक, छन्न वर्ग, भाग ४, प्रकरण ९३ द्वय सुत्त) मा बुद्धले भिक्षुहरूलाई यस बारेमा दिनु भएको उपदेशको चर्चा गरिएको छ :

“भिक्षुहरू ! दुईको प्रत्ययबाट विज्ञान पैदा हुन्छ । भिक्षुहरू ! दुईको प्रत्ययबाट कसरी विज्ञानको पैदा हुन्छ ?”

चक्षु र रूपहरूको प्रत्ययबाट चक्षु-विज्ञान उत्पन्न हुनछ । चक्षु अनित्य = विपरिणामी = अन्यथाभावी छ । रूप अनित्य = विपरिणामी = अन्यथाभावी छ । यसरी नै दुवै चलन र व्यय अनित्य = विपरिणामी = अन्यथाभावी छ । चक्षु-विज्ञान अनित्य = विपरिणामी = अन्यथाभावी छ । चक्षु-विज्ञानको उत्पत्तिको जो हेतु = प्रत्यय हो त्यो पनि अनित्य = विपरिणामी = अन्यथाभावी छन् । भिक्षुहरू ! अनित्य प्रत्ययको कारण चक्षु विज्ञानको उत्पत्ति हुन्छ । त्यो कसरी नित्य हुन्छ र ?

भिक्षुहरू ! जुन यी तीन धर्महरूको मिलन हुने त्यसलाई चक्षु संस्पर्श भनिन्छ । चक्षु-संस्पर्श पनि अनित्य = विपरिणामी (विकार स्वभाववाला वा परिवर्तनशील) = अन्यथाभावी छ । चक्षु-संस्पर्श उत्पत्तिको जो हेतु = प्रत्यय छ त्यो पनि अनित्य = विपरिणामी =



https://dhamma.digital

अन्यथाभावी छ । भिक्षुहरू ! अनित्य प्रत्ययको कारण उत्पन्न चक्षु-संस्पर्श कसरी नित्य हुन्छ र ?

भिक्षुहरू ! स्पर्श भएर नै वेदना हुन्छ, स्पर्श भएर नै चेतना हुन्छ, स्पर्श भएर नै संज्ञा हुन्छ । यी धर्महरू पनि चञ्चल, व्ययशील (व्ययधर्मी), अनित्य, विपरिणामी र अन्यथाभावी छन् । ...” श्रोत ... । घ्राण ... । जिव्हा ... । मन ... का सम्बन्धमा पनि यस्तै भनिएको छ । *(सुत्त यहाँसम्म)*

चित्तको वीथि क्रममा पंच-विज्ञानपछि सम्प्रतिच्छन्न चित्त लाग्दछ । सम्प्रतिच्छन्नको कृत्य गर्ने यो चित्तले पंच-विज्ञानको निरोध भइसकेपछि आलम्बनलाई ग्रहण गर्दछ । सम्प्रतिच्छन्न चित्त अहेतुक विपाक हो । दुई प्रकारको चित्तले यो कृत्य गर्न सक्तछः एउटा अकुशल विपाक हो र अर्को कुशल विपाक हो ।

कर्मले द्विपंच विज्ञानहरू र सम्प्रतिच्छन्न चित्तलाई मात्र पैदा गर्ने होइन, यसले सम्प्रतिच्छन्न चित्तको पछि लाग्ने सन्तीर्ण चित्तलाई पनि पैदा गर्छ । सन्तीर्ण चित्तले इन्द्रीयद्वार वीथिमा सन्तीरणको कृत्य गर्दछ । यो अहेतुक विपाक चित्त हो । आलम्बनलाई जाँचेर हेर्ने कृत्य (सन्तीरणको कृत्य) चित्तको अर्को कृत्य हो जुन दर्शन, श्रवण, घ्राण, आस्वादन, काय-इन्द्रियमार्फत स्पर्शको अनुभव र सम्प्रतिच्छन्न भन्दा भिन्न छ ।

सन्तीर्ण चित्त तीन प्रकारका हुन्छन् जुन चित्तले आलम्बनको स्वभावमाथि निर्भर गरी छानविनको कृत्य गर्न सक्तछ । त्यो आलम्बन हुन सक्छ :

१) अनिद्वारम्मण (अनिष्टालम्बन) (२) इद्धारम्मण (इष्टालम्बन) वा (३) अघि-इद्धारम्मण (अधि- इष्टालम्बन) आलम्बनलाई जाँचेर हेर्ने सन्तीर्ण चित्तको जहाँसम्म कुरा छ,

१) यदि आलम्बन अप्रिय-अमनाप-अनिष्ट (अनिष्टालम्बन) छ भने सन्तीरणको कृत्य गर्ने चित्त उपेक्षा सहगत, अकुशल विपाक हुन्छ



https://dhamma.digital

२)	यदि आलम्बन इष्ट = मनाप = प्रिय (इष्टालम्बन) छ भने सन्तीर्ण चित्त उपेक्षा सहगत कुशल विपाक हुन्छ, र

३)	यदि आलम्बन असाधारण तवरले इष्ट = मना = प्रिय छ भने (अधि-इष्टालम्बन) सन्तीर्ण चित्त सौमनस्य सहगत कुशल विपाक हुन्छ ।

सन्तीर्ण चित्तपछि बोट्ठब्बन-चित्त लाग्छ । बोट्ठब्बन चित्तको अर्को कृत्य हो । बोट्ठब्बन चित्तले इन्द्रीयद्वार वीथिमा आलम्बनलाई निश्चित गर्दछ । यो आलम्बन कुशल चित्तहरूको निम्ति हो वा अकुशल चित्तहरूको निम्ति भन्ने कुरा वोट्ठब्बन चित्तले निधो गर्दछ । यसले निधो गरे अनुरूप कुशल चित्तहरू वा अकुशल चित्तहरू यसपछि उत्पन्न हुन्छन् । कर्मद्वारा संस्कारिक सन्तीर्ण चित्त उत्पत्ति हुने हेतुहरू भन्दा वोट्ठब्बन चित्त उत्पत्ति हुने हेतुहरू सर्वथा भिन्न हुन्छन् । वोट्ठब्बन चित्त विपाक होइन । यो कुशल वा अकुशल होइन । तर यो एउटा अहेतुक कृया-चित्त हो । वोट्ठब्बन चित्त भनेको वास्तवमा मनोद्वारावर्जन चित्त हो जसले इन्द्रीयद्वार वीथिमा वोट्ठब्बनको कृत्य गर्दछ । अनि वोट्ठब्बन चित्त भनिन्छ । मनोद्वारावर्जन चित्तले एउटाभन्दा बढी कृत्य गर्न सक्तछ । मनोद्वार वीथिमा यसले मनोद्वार मार्फत आलम्बन तर्फ ध्यान दिलाउने कृत्य गर्दछ । यदि मनोद्वारावर्जन चित्त पछि कुशल चित्तहरू उत्पन्न हुन्छन् भने योनिसोमनस्कार हुन्छ र यदि यसपछि अकुशल चित्तहरू उत्पन्न हुन्छन् भने अयोनिसोमनस्कार हुन्छ ।

विभिन्न वीथिहरूमा उत्पत्ति हुने चित्तहरू र तिनका विभिन्न हेतुहरू बारेमा हामीलाई थाहा नभएको खण्डमा अमुक घडीहरूमा कुशल कार्यहरू र अकुशल कार्यहरू गर्ने निर्णय गर्ने "आत्मा" भन्ने केही कुरा छ भन्नेतिर हामी सोच्ने हुन्छौं । वास्तवमा यस्तो निर्णय गर्ने कोही सत्व, कोही 'आत्मा' भन्ने छैन, बरू चित्तहरू मात्र छन् जुन कुशल र अकुशलका संचयहरूको कारणले उत्पत्ति हुन्छन् ।

चित्तहरूले इन्द्रीयहरू र मनोद्वार मार्फत इष्ट वा अनिष्ट आलम्बनहरू (प्रिय वा अप्रिय गोचरहरू) लाई ग्रहण गर्छन् । यदि



https://dhamma.digital

कसैले थुप्रो लोभ र द्वेष संचित गरेको छ भने इष्ट = मनाप = कान्त आलम्बन हुँदा लोभ = मूल चित्तहरू उत्पत्ति हुने सम्भावना हुन्छ र आलम्बन अनिष्ट-अमनाप हुँदा द्वेष-मूल चित्तहरू उत्पत्ति हुने सम्भावना रहन्छ । यी चित्तहरू हेतुहरूको कारणले उत्पत्ति हुन्छन्, यिनीहरू ‘ आत्मा’ होइनन् । यी चित्तहरू हाम्रा वशका कुरा होइनन् । किन्तु धर्मको अध्ययनबाट र विशेष प्रज्ञाको विकासको माध्यमबाट “योनिसोमनस्कार” को लागि हेतुहरू पनि हुन सक्छन् । आलम्बन रमणीय वा अरमणीय जेसुकै भए पनि इन्द्रीयद्वार वीथिमा वोट्ठब्बन चित्तले यो आलम्बन कुशल चित्तहरूको लागि हो भन्ने कुराको निधो गर्न सक्छ । यसपछि अनि कुशल चित्तहरू उत्पत्ति हुन्छन् । मनोद्वार वीथिमा मनोद्वारावर्जन चित्तले आलम्बनतिर ध्यान दिएपछि कुशल चित्तहरू यसपछि लाग्न सक्छन् ।

हामीहरू आफूले अनुभव गरेका गोचरहरूबाट शासित हुन दिने खालका हुँदा चित्तहरूको वीथि क्रममा अनिष्ट आलम्बनलाई अनुभव गर्ने अकुशल विपाक चित्तहरू पछि जरूर नै अकुशल चित्तहरू नै उत्पत्ति हुन्छ होला भन्ने कुरा हामी सोच्ने हुन्छौं । किन्तु त्यस आलम्बनप्रति योनिसोमनस्कार रहेको खण्डमा अनिष्ट आलम्बनहरूप्रति हामीमा द्वेष रहँदैन । विपाक चित्तहरू उत्पत्ति हुनाको लागि आवश्यक निमित्तहरूभन्दा कुशल वा अकुशल चित्तहरू उत्पत्ति हुनाको लागि आवश्यक निमित्तहरू (वा हेतुहरू) भिन्नै खालका हुन्छन् । अकुशल विपाक र कुशल विपाक कर्मका फल हुन् । हामी आफ्ना विपाकलाई नियन्त्रण गर्न चाहन्छौं तर यो असम्भव छ । अकुशल विपाकको निमित्त समय ठीक हुनासाथ हामी यसलाई उत्पत्ति हुनबाट रोक्न सक्तैनौं ।

हामीले के बुझ्नु पर्छ भने हेतुहरूको कारणले उत्पत्ति भई तुरून्त निरोध भएर जाने नाम-रूप नै हाम्रो आफ्नो जीवन हो । विपाक भनेको उत्पत्ति हुनासाथै लोप हुने चित्तको एक घडी मात्र हो भन्ने कुरा मात्र पनि हामीले बुझिदिएको खण्डमा हामीले अनुभव गरेका अनिष्टालम्बनहरूद्वारा हामी विजीत रहने सम्भावना कमै मात्र हुन्छ । यसो भएको खण्डमा ‘अयोनिसो मनस्कार’ को सट्टा ‘योनिसो मनस्कार’



https://dhamma.digital

कै लागि बढी हेतुहरू रहने छन् ।

**अवस्सुत सुत्त**

संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, चतुर्थ पण्णासक, भाग ४, आशीविष वर्ग, अवस्सुत सुत्त) मा भनिएको छ कि प्रमत्त (अवश्रुत) भिक्षुलाई आलम्बनहरूले जितेको हुन्छ । अनवश्रुत वा अप्रमत्त भिक्षुको बारेमा भनिएको छः–

"आवुस ! यस्तो भिक्षुले रूपहरूलाई जित्छ, रूपहरूले उसलाई जित्दैन । उसले शब्द, गन्ध, रस, स्पर्श र धर्महरूलाई जित्दछ । ती शब्द, गन्ध, रस, स्पर्श र धर्मले उसलाई जित्दैन । आवुस ! यस्तो भिक्षुलाई रूपलाई जितेको, शब्द, गन्ध, रस, स्पर्श र धर्मलाई जितेको भनिन्छ । त्यो भिक्षु विजयी हुन्छ, विजीत हुन्न ....... ।"

चित्तहरू र तिनका कृत्यहरू बारेमा विस्तारमा जान्नु के जरूरत छ र भन्ने कुरामा कसैलाई अचम्म लाग्न सक्छ । के कुशल चित्तहरू र अकुशल चित्तहरू बारेमा मात्र जानेर पर्याप्त हुन्न र ? कुशल चित्तहरू वा अकुशल चित्तहरू उत्पत्ति हुन अगावै चित्तहरूको वीथि क्रममा गरिने चित्तका कृत्यहरू बारेमा पनि के हामीले जान्नु पर्छ र ? कुशल चित्तहरू र अकुशल चित्तहरूदेखि बाहेक हामी अन्य प्रकारका चित्तहरू बारेमा पनि जान्नुपर्दछ, जुन चित्तहरूले- चित्तहरूको वीथिमा भिन्न भिन्न कृत्यहरू सम्पादन गर्दछन् र जुन चित्तहरू भिन्न भिन्न हेतुहरूको कारणले उत्पत्ति हुन्छन् । चित्तहरूलाई उत्पत्ति हुन निर्देशित गर्न सक्ने र चित्तको कृत्यहरूलाई निर्देशित गर्न सक्ने आत्मा भन्ने छैन । कुशल चित्तहरूको लागि निर्णय गर्न सक्ने आत्मा भन्ने पनि छैन ।

मानिसहरूको भिन्न भिन्न संचयहरू हुन्छन् र यसरी जब कुनै एक आलम्बन उपस्थित हुन्छ, आ-आफ्ना संचयहरूकै अनुरूप मनोद्वारावर्जन चित्तपछि कि त कुशल चित्तहरू कि अकुशल चित्तहरू उत्पत्ति हुन्छन् । जस्तो उदाहरणको लागि भनौं, विभिन्न मानिसहरूले स्वादिष्ट खानाको सुगन्ध सुँघ्दा केही मानिसहरूको मनोद्वारावर्जन



https://dhamma.digital

चित्तपछि अकुशल चित्तहरू उत्पत्ति हुन्छन् । तर अरूहरूको सम्बन्धमा भने मनोद्वारावर्जन चित्तपछि कुशल चित्तहरूपछि लाग्छन् । खानामा अनुरक्त हुने मानिसहरूको मनोद्वारावर्जन चित्तपछि लोभ-मूल चित्तहरू नै पछि लाग्न बाध्य हुन्छन् । किन्तु दानको संस्कार संचित रहेको व्यक्तिले खानाको सुवास सुँघेपछि उसको मनोद्वारावर्जन चित्तपछि कुशल चित्तहरू उत्पत्ति हुने सम्भावना रहन्छ। उसले त्यो सुस्वादिष्ट खानालाई भिक्षुहरूलाई प्रदान गर्ने इच्छा गर्न सक्छ। अझ अरू व्यक्तिहरूमा त गन्धप्रति ध्यान दिलाउने मनोद्वारावर्जन चित्त पछि प्रज्ञा सहगत कुशल चित्तहरूपछि लाग्न सक्छन् । ती चित्तहरूले गन्धलाई केवल गन्धको रूपमा एउटा रूपको रूपमा मात्र महशूस गर्दछ, आत्माको रूपमा होइन ।

प्रज्ञाको विकासको निमित्त चित्तहरू र तिनका कृत्यहरू सम्बन्धमा बढी जान्नु उपयोगी ज्ञानको आधार हुन्छ । उत्पत्ति हुने भिन्न भिन्न चित्तहरूको लागि अनेक हेतुहरू हुन्छन् भन्ने कुरा उसले सिक्छ। चित्तहरूलाई नियन्त्रण गर्न सक्ने आत्मा भन्ने छैन भन्ने कुरा पनि उसले सिक्ने हुन्छ । कहिलेकाहिं मनोद्वारावर्जन चित्तपछि कुशल चित्तहरू उत्पन्न हुन्छन् भने कहिलेकाहिं अकुशल चित्तहरूपछि लाग्छन्। अहिले 'योनिसो मनस्कार' रहन सकेको खण्डमा भविष्यमा पनि "योनिसो मनस्कार" को निम्ति बढी हेतुहरू रहने छन्।

हामीले कुशल र अकुशल दुवैलाई संचय गरेको हुँदा कुशल चित्तहरू र अकुशल चित्तहरू भिन्न भिन्न घडीहरूमा उत्पत्ति हुन्छन् । क्लेशहरू चित्तमा संचित रहन्छन् भन्ने कुरा नजानेरै मानिसहरूमा आफ्ना क्लेशहरूका निम्ति विश्वलाई दोषारोपण गर्ने प्रवृत्ति रहन्छ। क्लेशहरू वस्तुतः हाम्रा चारैतिरका आलम्बनहरू रहने कुरा होइनन्। क्लेशहरूद्वारा रहित हुनाको निमित्त कोही मानिस ६ द्वारहरू रहित पनि हुने इच्छा गर्न सक्लान्। किन्तु क्लेशहरूलाई निर्मूल गर्ने एउटै मात्र उपाय के हो भने ६ द्वारहरूमार्फत उपस्थित हुने धर्महरूलाई थाहा पाउनु।



https://dhamma.digital

**आदित्त सुत्त**

संयुक्त निकाय (षलायतन वर्ग, षलायतन संयुक्त, चतुर्थ पण्णासक, भाग ३, समुद्र वर्ग, आदित्त सुत्त) मा भगवान् बुद्धले भिक्षुहरूलाई भन्नुभएको छः–

"भिक्षुहरू ! आदीप्तवाला कुरोको उपदेश दिन्छु । यसलाई सुन । आदीप्तवाला कुरो के हो ?

भिक्षुहरू ! एकदम जलिरहेको रातै पोलिएको फलामको दण्डीले चक्षु-इन्द्रीयमा डामि दिनु वेश हुन्छ, किन्तु चक्षु-विज्ञेय रूपहरूमा लालच गर्नु र स्वाद देख्नु राम्रो छैन ।

भिक्षुहरू ! जुन बखत लालच (लोभ) गरेर वा स्वाद देखिरहेको हुन्छ, त्यसबेला सम्ममा मृत्यु भएमा कसैको पनि दुईटा नै गतिहरू मात्र हुन्छन्– कि त नरकमा पर्छन् कि तिर्यक (पशु) योनीमा पैदा हुन्छन् ।

भिक्षुहरू ! यस खराबीलाई देखेर म यस्तो भन्छु । भिक्षुहरू ! एकदम बलिरहेको धारिलो फलामको अंकुशले श्रोत-इन्द्रीयलाई जलाएर नष्ट गरिदिनु वेश हुन्छ, किन्तु श्रोत विज्ञेय शब्दहरूमा लालच गर्नु र स्वाद देख्नु राम्रो हुन्न ।....। एकदम बलिरहेको धारिलो फलामको पजाले घ्राण-इन्द्रीयलाई जलाएर नष्ट गरिदिनु वेश हुन्छ, किन्तु .... घ्राण-विज्ञेय गन्धहरूमा लोभिनु र स्वाद भोग्नु राम्रो हुन्न ।... एकदम जलिरहेको धारिलो फलामको छुरीले जिव्हा-इन्द्रीयलाई काटिदिनु वेश हुन्छ, किन्तु जिव्हा-विज्ञेय रसहरूमा लोभिनु र स्वाद भोग्नु राम्रो हुन्न ।... एकदम बलिरहेको धारिलो फलामको भालाले काया-इन्द्रीयलाई छिराई दिनु वेश हुन्छ, किन्तु काय-विज्ञेय स्पर्शहरूमा लालच गर्नु र स्वाद देख्नु राम्रो हुन्न ।

भिक्षुहरू ! जुन समयमा लोभ गरेर वा स्वाद भोगिरहेको हुन्छ त्यस समयमा मर्नेको दुईटा नै गतिहरू मात्र हुन्छन् – कि त नरकमा पतन हुन्छन् कि तिर्यक् (पशु) योनीमा पैदा हुन्छन् ।

भिक्षुहरू ! यसै खराबीलाई म यस्तो भन्दछु । भिक्षुहरू ! सुतिरहनु



https://dhamma.digital

वेश छ । भिक्षुहरू ! सुतिरहनेलाई म बाँझो जीवित भन्दछु, निष्फल जीवित भन्दछु, मोहमा परेको जीवन भन्दछु । निद्राको अवस्थामा उसले मनमा यस्तो वितर्कलाई ल्याउँदैन जुन वितर्कले संघ (भिक्षु संघ) मा फूट ल्याइदिन्छ । ... जाग्रत रहनाको यस्तो खराबीलाई देखेर भिक्षुहरू ! म यस्तो कुरा भन्दछु ।

भिक्षुहरू ! त्यहाँ पण्डित आर्यश्रावक यसरी चिन्तन गर्दछ । एकदम जलिरहेको रातै पोलिएको फलामको डण्डीले चक्षु-इन्द्रीयमा डामि दिनाले के अर्थ हुन्छ र ? मैले यस्तो मनमा ल्याए के हुन्छ– चक्षु अनित्य छ । रूप अनित्य छ । चक्षु-विज्ञान, चक्षु-संस्पर्श, चक्षु-संस्पर्शको कारण उत्पन्न हुने दुःख, सुख र अ-दुःख–अ-सुख वेदना अनित्य छन् ।...

भिक्षुहरू ! यसरी जानेर, देखेर पण्डित आर्यश्रावक चक्षुमा, रूपमा, चक्षु-विज्ञानमा, चक्षु संस्पर्शमा पनि निर्वेद गर्दछ । चक्षु संस्पर्शको कारण उत्पन्न हुने सुख वा दुःख वा अ-सुख–अ-दुःख वेदनामा पनि त्यो आर्यश्रावक निर्वेद गर्दछ । निर्वेद गर्नाले रागरहित हुन्छ । रागरहित हुनाले विमुक्त हुन जान्छ । विमुक्त हुनाले "विमुक्त भएँ" भन्ने ज्ञान उत्पन्न हुन्छ । जन्म क्षीण भयो । ब्रह्मचर्यबास पूरा भयो । जे गर्नु पर्ने थियो त्यो पूरा गरियो । अब पुनर्जन्म हुँदैन भन्ने कुरा थाहा पाउँछ । भिक्षुहरू ! आदिप्तवाला कुरो यही हो ।" *(सुत्त यहाँसम्म)*

यस सूत्रले हामीलाई हेरिरहँदा, सुनिरहँदा, बास्ना लिइरहँदा, स्वाद लिइरहँदा, काय-इन्द्रीयद्वारा स्पर्श ग्रहण गरिरहँदा वा चिन्तन गरिरहँदाको घडीमा स्मृति सम्प्रजन्य भएर रहन सम्झाउँछ । यो सबै घडीहरू ती चित्तहरूद्वारा सम्पादन गरिएका कृत्यहरू हुन्, जुन चित्तहरू स्थिर रहँदैनन् ।

**मनन गर्न योग्न केही प्रश्नहरू**

१) कुनै खास आलम्बन अकुशल चित्तहरूको लागि हो वा कुशल चित्तहरूको लागि आलम्बन हो भन्ने कुरा इन्द्रीयद्वार वीथिमा कुन चाहिँ चित्तले निश्चित गर्दछ ? यो चित्त सहेतुक हुन्छ कि अहेतुक हुन्छ ?



https://dhamma.digital

२) मनोद्वार वीथिमा कुन चाहिँ चित्त त्यस वीथिमा उत्पन्न हुने कुशल चित्तहरू वा अकुशल चित्तहरू भन्दा अघि लाग्छ ? यसको कृत्य के हो ?

३) मनोद्वार वीथिमा कुशल चित्तहरू वा अकुशल चित्तहरू भन्दा अघि उत्पन्न हुने चित्त नै के आलम्बनलाई ग्रहण गर्ने त्यस वीथिको पहिलो चित्त हो त ?

४) के यो चित्त प्रज्ञा सहगत हुन सक्छ ?

५) शब्दलाई कर्णद्वार मार्फत र अनि फेरि मनोद्वार मार्फत अनुभव गरिँदा के त्यो शब्द मनोद्वार मार्फत अनुभव गर्दाको बखतसम्ममा लोप भइसकेको हुन्छ ?

६) आवर्जनको कृत्य कति प्रकारका चित्तले गर्न सक्तछन् ?

Dhamma.Digital



https://dhamma.digital

## परिच्छेद–१४

# जवनको कृत्य

हामीले कुनै पनि कुरा हेर्दा, सुन्दा, सुँघ्दा, रस लिँदा, काय-इन्द्रियमार्फत स्पर्शको अनुभव गर्दा वा चिन्तन गर्दा त्यस आलम्बनलाई ग्रहण गर्ने एउटा मात्र चित्त हुने होइन, त्यहाँ त चित्तहरूको लहरै रहेका हुन्छन् । इन्द्रीयहरू मध्ये कुनै एउटा इन्द्रीयमा ठक्कर खाने रूपलाई लहरै चित्तहरूले अनुभव गर्दछन् । इन्द्रीयद्वार वीथि निरोध हुनासाथ पुनः त्यस आलम्बनलाई मनोद्वार मार्फत चित्तहरूले ग्रहण गर्दछन् । चित्तहरूको इन्द्रीयद्वार वीथिहरू र मनोद्वार वीथिहरू निरन्तर रूपमा उत्पत्ति र निरोध भै रहन्छन् ।

इन्द्रीयद्वारमा वीथि र मनोद्वार वीथि दुवैमा अकुशल चित्तहरू र कुशल चित्तहरू उत्पन्न भइरहन्छन् भन्ने कुराको हामीलाई जानकारी नरहन सक्छ । इन्द्रीयद्वार वीथिहरूका आफ्ना अकुशल चित्तहरू र कुशल चित्तहरूको बारेमा हामी अज्ञानी रहन सक्छौं । संचित मोह (अविद्या) को कारणले गर्दा हामी आफ्ना अकुशल चित्तहरू र कुशल चित्तहरूलाई स्पष्टतः जान्दैनौं र हामी आफ्नो अति सूक्ष्म क्लेशहरूलाई चिन्दैनौं ।

इन्द्रीयद्वार वीथिमा रूपादि गोचरलाई प्रथमतः कुशल चित्तहरू वा अकुशल चित्तहरू नभएका चित्तहरूद्वारा अनुभव गरिन्छ । अर्थात् यसलाई क्रिया-चित्तहरूद्वारा र विपाक चित्तहरूद्वारा अनुभव गरिन्छ । पंचद्वारावर्जन चित्त एउटा अहेतुक क्रिया-चित्त हो (शोभन हेतुहरू वा अकुशल हेतुहरू विनाको क्रिया-चित्त) । यसपछि द्वि-पंच-विज्ञानहरू मध्ये कुनै एउटा उत्पत्ति हुन्छ जुन चित्त अहेतुक विपाक चित्त हो । अनि दुईटा अरू अहेतुक विपाक चित्तहरू लाग्छन्: (१) सम्प्रतिच्छन्न चित्त जसले आलम्बनलाई ग्रहण गर्दछ र (२) सन्तीर्ण चित्त जसले आलम्बनलाई जाँचेर हेर्दछ । सन्तीर्ण चित्तपछि अर्को अहेतुक क्रिया-चित्त-वोट्ठब्बन चित्त लाग्दछ । वोट्ठब्बन चित्तले आलम्बनलाई यक्कीन गर्दछ र त्यसपछि अनि कुशल चित्तहरू वा अकुशल चित्तहरू पछि लाग्छन् ।



https://dhamma.digital

यसरी अरहन्त नभएको व्यक्ति छ भने वोट्ठब्बन चित्तपछि इन्द्रीयद्वार वीथिमा कुशल चित्तहरू वा अकुशल चित्तहरू उत्पत्ति हुन्छन्। इन्द्रीयद्वार वीथिका चित्तहरू निरूद्ध भइसकेपछि मनोद्वार वीथिका चित्तहरूले त्यस आलम्बनलाई ग्रहण गर्न सक्तछन्। तर पहिले यस बीचमा त्यहाँ भवंग चित्तहरू लाग्छन् र अनि मात्र मनोद्वारमार्फत आलम्बनतिर ध्यान दिने कृत्य गर्ने मनोद्वारावर्जन चित्त उत्पत्ति हुन्छ। मनोद्वारावर्जन चित्तपछि योनिसो मनस्कार भएमा कुशल चित्तहरू उत्पत्ति हुन्छन्। अयोनिसो मनस्कार भएमा अकुशल चित्तहरू उत्पत्ति हुन्छन्। मनोद्वारावर्जन चित्त स्वयं कुशल वा अकुशल होइन। यो एउटा अहेतुक क्रिया-चित्त हो। अरहन्तको मामिलामा त्यहाँ कुशल चित्तहरू वा अकुशल चित्तहरू भन्ने हुँदैनन्। तसर्थ मनोद्वारावर्जन चित्तपछि क्रिया-चित्तहरू नै पछि लाग्छन्।

चित्तहरू अति छिटो छिटो उत्पत्ति र निरोध हुने भएकोले ठीक कुन बेलामा वोट्ठब्बन चित्तले आलम्बनलाई यक्कीन गर्दछ। त्यसपछिका कुशल चित्तहरू वा अकुशल चित्तहरू उत्पत्ति हुन्छन्। ठीक कुन बेलामा मनोद्वार वीथिमा मनोद्वारावर्जन चित्तले आलम्बनतिर ध्यान दिलाउँछ। त्यसपछि कुशल चित्तहरू वा अकुशल चित्तहरू उत्पन्न हुन्छन् भन्ने कुरा जान्नु मुश्किल छ। प्रायः हामीलाई यतिसम्म पनि जानकारी नरहने हुन्छ कि हामीसँग कहिले कुशल चित्तहरू वा अकुशल चित्तहरू हुन्छन्। जब हामी देख्छौं हामीले देखेका कुरामा चिन्तन गर्नेतिर हामी प्रवृत हुन्छौं। तर हामीले देखेको कुरामा कहिले लोभ हुन्छ, कहिले यसप्रति द्वेष हुन्छ वा कहिले धर्महरू प्रतिको मोह रहन्छ भन्ने कुरा हामीलाई महशूस नहुन सक्छ। हामीले धर्मको अध्ययन गरेमा हामीलाई आफ्ना अति सूक्ष्म क्लेशहरूको विषयमा जानकारी हुन्छ। अकुशल चित्तहरू बारेमा अज्ञानता खतरनाक हुन्छ। हामीमा कहिले अकुशल चित्तहरू रहन्छन् भन्ने कुरा हामीले बुझेनौं भने हामी अकुशल संचय गर्ने कार्य जारी नै राख्ने हुन्छौं।

ती उत्पन्न हुने कुशल चित्तहरू वा अकुशल चित्तहरूले एउटा कृत्य गर्दछ। त्यो के हो भने ती चित्तहरूले आलम्बनलाई अनुभव



https://dhamma.digital

गर्दै दौड्ने जवनको कृत्य हो । इन्द्रीयद्वार वीथिमा जवन चित्तहरू उत्पत्ति हुँदाका बखतसम्ममा वोट्ठब्बन चित्तले आलम्बनलाई अघि नै निधो गरिसकेको हुन्छ । मनोद्वार वीथिमा जवन चित्तहरू उत्पत्ति हुँदाका बखत पनि मनोद्वारावर्जन चित्तले आलम्बनतर्फ पहिले नै ध्यान दिइसकेको हुन्छ। यसरी पछि उत्पत्ति ततहुने कुशल चित्तहरू र अकुशल चित्तहरूको त्यस आलम्बनलाई अनुभव गर्दै दगुर्ने कृत्य मात्र हुन्छ । जवनको कृत्य गर्ने चित्तको एक क्षण मात्र रहने होइन । साधारणतयाः सात वटा चित्रहरूले लगातार त्यस आलम्बनलाई अनुभव गर्दै दौड्ने कृत्य गर्दछन् । पहिलो जवन चित्त कुशल भएको खण्डमा त्यसपछि उत्पत्ति हुने ६ वटा चित्तहरू पनि कुशल चित्तहरू नै हुन्छन्। यदि पहिलो जवन चित्त अकुशल छ भने त्यसपछि उत्पत्ति हुने ६ वटा चित्तहरू पनि अकुशल चित्तहरू नै हुन्छन्। जवन चित्तहरू कहिले लोभ, द्वेष वा मोह मूल हुन्छन् वा कहिले ती चित्तहरू कुशल चित्त हुन्छन् भन्ने कुरा के हामी महशूस गर्छौं ? ज्यादा जस्तो बेलामा त हामीहरू जवन चित्तहरूकै बारेमा पनि अनभिज्ञ रहन्छौं। हामीले असल कर्महरू वा खराब कर्महरू गर्दा बढी सजिलैसँग हामी जवन चित्तहरूलाई अनुभव गर्न सक्छौं ।

५५ प्रकारका चित्तले जवनको कृत्य गर्न सक्तछन्। ८ लोभ-मूल चित्तहरू, २ द्वेष-मूल चित्तहरू र २ मोह-मूल चित्तहरू गरी १२ अकुशल चित्तहरूले जवनको कृत्य गर्दछन्। जवनको कृत्य गर्ने ८ कामावचर कुशल चित्तहरू छन् जुन चित्तहरूलाई महा-कुशल चित्तहरू भनिन्छ ।

जवनको कृत्य गर्ने अरहन्तका ८ महा क्रिया-चित्तहरू (क्रिया-चित्तहरू जुन अहेतुक होइनन् बल्कि शोभन हेतुहरूद्वारा सम्प्रयुक्त हुन्छन्) हुन्छन् । अरहन्तले अब अरू कर्मको संचय नगर्ने भएकोले उसमा महा-कुशल चित्तहरूको सट्टामा महा-क्रिया चित्तहरू हुन्छन् । महाक्रिया-चित्तहरू काम भूमिका चित्त हुन् तिनीहरू ध्यान चित्तहरू वा लोकोत्तर चित्तहरू होइनन्। अरहन्तहरूमा पनि कामावचर-चित्तहरू हुन्छन्। उनीहरू पनि देख्छन्, सुन्दछन् वा इन्द्रीयहरू मार्फत अनुभव गरिएका आलम्बनहरूको विचार गर्दछन्। किन्तु यसरी अनुभव गरिएको



https://dhamma.digital

कारणले कुशल चित्तहरू वा अकुशल चित्तहरू उत्पन्न भने हुँदैनन् ।

अरहन्तको लागि जवनको कृत्य गर्ने अहेतुक क्रिया-चित्त पनि हुन्छ, जुन उनी मुस्कुराउँदा खेरि उत्पत्ति हुन्छः हसितोत्पादक चित्त ।

रूप-ध्यानको पाँच तह हुने भएकोले रूप-ध्यान लाभीहरूमा जवनको कृत्य गर्ने पाँच प्रकारका रूपावचर कुशल चित्तहरू रहन सक्तछन् । रूप-ध्यान लाभ गर्ने अरहन्तहरूमा जवनको कृत्य गर्ने पाँच प्रकारका रूपावचर क्रिया-चित्तहरू हुन सक्छन् ।

अरूप-ध्यानको चार तह हुने भएकोले अरूप-ध्यान लाभीहरूको लागि जवनको कृत्य गर्ने चार प्रकारका अरूपावचर कुशल चित्तहरू हुन सक्छन् । अरूप-ध्यान लाभी अरहन्तहरूको जवनको कृत्य गर्ने चार प्रकारका अरूपावचर क्रिया चित्तहरू हुन सक्छन् ।

प्रत्यक्ष रूपमा निर्वाणलाई अनुभव गर्नेहरूका त लोकोत्तर चित्तहरू हुन्छन् । लोकोत्तर चित्तहरू ८ वटा छन् । ती मध्ये चार वटा मार्ग चित्तहरू हुन् र चारवटा लोकोत्तर विपाक चित्तहरू हुन् जसलाई फल चित्तहरू भनिन्छ । अन्य भूमिका विपाक चित्तहरूले जवनको कृत्य गर्न सक्तैनन् तर लोकोत्तर विपाक चित्तहरूको लागि कुरा अर्कै हुन्छ, तिनीहरू जवनको कृत्य गर्दछन् । यसरी सम्पूर्ण ८ लोकोत्तर चित्तहरू जवनको कृत्य गर्दछन् । जम्मा जवनको कृत्य गर्न सक्ने ५५ चित्तहरू छन् । संक्षेपमा ती चित्तहरू हुन्:

८ लोभ-मूल चित्तहरू ।

२ द्वेष-मूल चित्तहरू ।     १२ अकुशल चित्तहरू ।

२ मोह-मूल चित्तहरू ।

८ महा-कुशल चित्तहरू ।

८ महा-क्रिया चित्तहरू ।

१ हसितोत्पाद चित्त (अहेतुक क्रिया-चित्त जुन अरहन्त मुस्कुराउँदा उत्पत्ति हुन सक्छ) ।



https://dhamma.digital

५ रूपावचर कुशल चित्तहरू (रूप-ध्यान चित्तहरू)।

५ रूपावचर क्रिया-चित्तहरू (अरहन्तको रूप-ध्यान चित्तहरू)।

अरूपावचर कुशल चित्तहरू (अरूप-ध्यान चित्तहरू)।

४ अरूपावचर क्रिया-चित्तहरू (अरहन्तको अरूप-ध्यान चित्तहरू)।

४ मार्ग चित्तहरू) ८ लोकोत्तर चित्तहरू।

४ फल चित्तहरू (लोकोत्तर विपाक चित्तहरू)

कुनै एक आलम्बनको कारणले गर्दा अकुशल चित्तहरू उत्पत्ति हुँदा त्यहाँ केवल एउटा होइन एउटै वीथि क्रममा सातवटा अकुशल चित्तहरू उत्पत्ति हुन्छन्। चित्तहरूको यो प्रक्रिया पछि अकुशल जवन चित्तहरूका साथै अन्य वीथिक्रम लाग्न सक्छन्। प्रत्येकबार हामीले केही कुरालाई मन नपराउँदा त्यो आलम्बनलाई अनुभव गर्ने चित्तहरूका वीथिक्रमहरू (प्रक्रियाहरू) हुन्छन्। प्रत्येक वीथिहरूमा त्यहाँ सातवटा अकुशल जवन चित्तहरू हुन्छन्। हामीले केही चीजलाई मन नपराउँदा वा केही चीजमा अनुरक्त हुँदाको कारणले गर्दा अनेक अकुशल चित्तहरू उत्पन्न हुन सक्छन्।

अकुशल चित्तहरूलाई उत्पत्ति हुनबाट कोही पनि रोक्न सक्तैनन्। इन्द्रीयद्वार वीथिमा ती चित्तहरू उत्पत्ति हुँदा वोट्ठब्बन चित्तले आलम्बनलाई पहिले नै निश्चित गरिसकेको हुन्छ भने मनोद्वारा वीथिमा ती उत्पत्ति हुँदा मनोद्वारावर्जन चित्तले पहिले नै त्यो आलम्बनलाई ध्यान दिलाइसकेको हुन्छ। पहिलो जवन चित्तको उत्पत्ति भएको छ भने यसपछि अरू अनुगामी जवन चित्तहरूले पछि लाग्नै पर्दछ। पहिलो जवन चित्तको कारणले दोश्रो जवन चित्तको उत्पत्ति हुन्छ। प्रत्येक उतरगामी जवन चित्तको उत्पत्तिको कारण पूर्वगामी जवन चित्त हुन्छ।

अकुशल जवन चित्तहरू सहितका वीथिहरू र कुशल जवन चित्तहरू सहितका वीथिहरू पालैपालो गरी उत्पत्ति हुन सक्छन्। जस्तो उदाहरणको लागि भनौं, मानिसहरूमा भिक्षुहरूलाई भोजन दान गर्ने



https://dhamma.digital

इच्छा हुन्छ । किन्तु आफूले दान गर्न भनी लागेको खाद्यान्नको लागि चाहिने चीजबीजहरू सबै किनिसकेपछि त्यस मान्छेलाई मोल अलि महंगो लाग्न सक्छ । त्यस घडीमा कृपणतायुक्त चित्तहरू रहन सक्छन् । तब जवन चित्तहरू अकुशल चित्तहरू हुन्छन् । यसरी हामी के देख्छौं भने असल कार्य गर्ने नियत छँदा छँदै पनि हेतुहरू (अवस्थाहरू) भएको खण्डमा संचित क्लेशहरू जुनसुकै बेला पनि उत्पत्ति हुन सक्दा रहेछन् ।

हामीले कुशलता वा अकुशलतालाई संचय गर्ने पनि जवन चित्तहरू लागिरहेकै बेलामा हो । जवन चित्तहरूलाई नियन्त्रणमा राख्नु सम्भव छैन । तर कुशलताको लागि हेतुहरू थाहा पाइराख्नाले कमै मात्र अकुशल चित्तहरू प्राप्त गर्न हामीलाई सघाउ पुग्नेछ ।

भगवान् बुद्धले करूणावश मानिसहरूलाई कुशलका हेतुहरू देखाउनु भयो । उहाँ दान, शील वा भावना कुनै किन नहोस्, सबै प्रकारका कुशल कर्म गर्न मानिसहरूलाई प्रेरित गर्नुहुन्थ्यो । उहाँले सबै प्रकारका अकुशललाई निर्मूल गर्न सक्ने प्रज्ञाको विकास गर्ने उपदेश दिनुहुन्थ्यो । प्रज्ञाको भिन्न भिन्न मात्राहरू (अंशहरू) हुन्छन् । केवल यो कुशल हो वा यो अकुशल हो भन्ने कुरा मात्र थाहा पाउने प्रज्ञा छ भने यो अकुशललाई निर्मूल गर्न सक्ने मात्रको प्रज्ञा होइन । प्रज्ञालाई विपश्यनाको मात्रसम्म विकसित नगरिञ्जेल सम्म नै कुशलताको अभ्यास गर्ने र अकुशल कर्महरूबाट जोगिने आत्मा हो भन्ने धारणा रहिरहन्छ । आत्माको धारणा रहेसम्म क्लेहरूलाई उखेलेर फ्याँक्न सकिन्न । पृथग्जन रहेका व्यक्तिले पनि पञ्चशील पालन गर्न समर्थ हुन सक्छ । तर उसमा र पञ्चशीलको पालन गर्ने आर्यजनमा एउटा भेद छ । पृथग्जनले हेतुहरू (अवस्थाहरू) रहनासाथ पञ्चशीललाई भंग गर्न सक्छ । तर आर्यको निमित्त पञ्चशीललाई उल्लंघन गर्नको निमित्त कुनै अरू हेतुहरू नै रहन्नन् ।

हामी वास्तविकताहरूप्रतिको सजगता (स्मृति) नरहँदाको अवस्थामा आफूले अनुभव गरेका आलम्बनहरूलाई नै हामी आत्मा भनी ग्रहण गर्छौं । जब प्रज्ञाले अनुभव गरिने सम्पूर्ण धर्महरू जतिलाई नाम



https://dhamma.digital

तथा रूप धातुहरू मात्र हुन् । यस्ता धातुहरू जुन स्थिर रहँदैनन् भन्ने कुरालाई महशूस गर्दछ वा बुभ्दछ, त्यतिखेर अकुशल जवन चित्तहरूको निमित्त उत्पत्ति हुने अवसर कमै मात्र रहन्छ ।

विशुद्धि मार्ग (परिच्छेद १, ५५) मा महातिष्य महास्थविरको विषयमा उल्लेख गरिएको छः

स्थविर चैत्य पर्वतबाट अनुराधापुरमा भिक्षाटनको लागि आइरहनु भएको थियो । त्यस बेला बाटोमा कुनै कूलबधू आफ्ना पतिसँग झगडा गरिकन भव्यसँग सजधज गरी देवकन्या (परी) को समान, बिहान सबेरै अनुराधापुरबाट निस्केर माइतीतिर गइरहेकी थिइन् । बीच बाटोमा स्थविरलाई देखेर विपरीत चित्त (कामको वशीभूत चित्त) भई तिनी निकै जोरसँग हाँसिन् । स्थविरले "यो के हो" भनी हेर्नु हुँदा तिनका दाँतका हाडहरूमा अशुभ-संज्ञा पाएर अर्हत्व लाभ गर्नु भयो त्यसैले भनिन्छः–

**तस्सा दन्तट्ठिकं दिस्वा पुब्ब सञ्ञं अनुस्सरि ।**

**तत्थेव सो ठितो थेरो अरहत्तं अपापुणी ॥**

अर्थात्

तिनका दाँतका हाडहरूलाई देखेर (आफूले अधिष्ठान गरेको) पहिलेको (अशुभ-) संज्ञालाई सम्झे र त्यहीं उभेरै स्थविरले अर्हत्व पाए ।

तर तिनको लोग्नेले पनि त्यही बाटोमा जाँदाजाँदै स्थविरलाई देखेर सोधेः– "के, भन्ते ! तपार्यंले कुनै स्त्रीलाई देख्नुभो ?"

स्थविरले उसलाई भन्नु भयोः–

**नाभिजानामि इत्थी वा पुरिसो वा इतो गतो ।**

**अपि च अट्ठिसंघाटो गच्छतेस महापथे ॥**

अर्थात्

मलाई थाहा छैन कि स्त्री वा पुरूष (को) यहाँबाट गएको हो, तर पनि यो राजमार्गबाट भएर (यो) हाडहरूको समूह (अस्थिपञ्जर) गइरहेको छ ।



https://dhamma.digital

महातिष्य स्थविर आफूले देखेको आलम्बनमा तल्लीन हुनुहुन्थ्यो, न रूपरेखाको विस्तृत विवरणबाट नै उहाँ मोहित हुनुहुन्थ्यो। त्यस स्त्रीको दाँतहरूलाई देख्दा उहाँले शरीरको अशुभ-संज्ञालाई महशूस गर्नुभयो र उहाँले आफूले देखेको कुरालाई "आत्मा" भनी ग्रहण गर्नुभएन। शरीरको अशुभ-संज्ञाले हामीलाई देहमा आत्मा देख्ने होइन बल्कि शारीरिक धर्मलाई विकार स्वभाववाला रूपहरू मात्र हुन् भन्ने कुरा बुझ्नेतिर याद दिलाउँछ । महातिष्य स्थविरले वस्तुहरूलाई यथार्थ रूपले देख्नुभयो । त्यस क्षणमा उत्पन्न भइरहेको प्रज्ञा त्यति उच्च मात्राको थियो कि यसले सम्पूर्ण क्लेशहरूलाई जरैदेखि उखेलेर फ्याँक्न सक्यो ।

कुनै एक दिनमै लोभ, द्वेष र मोह सहगत असंख्य जवन चित्तहरू उत्पन्न हुन्छन् र त्यसैले हामी प्रमादी हुनु हुँदैन । जति सक्यो उति अप्रमादी भएर रहनु पर्दछ।

**विहारी सुत्त**

संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, षट् वर्ग भाग ५, पमाद विहारी सुत्त) मा यसरी चर्चा गरिएको छः–

"श्रावस्तीमा यो धर्मोपदेश दिनुभएको थियो...।

भिक्षुहरू ! प्रमाद विहारी र अप्रमाद विहारीको उपदेश गर्दछु । ध्यान दिएर सुन।

भिक्षुहरू ! कसरी प्रमाद विहारी हुन्छ ?

भिक्षुहरू ! असंयत चक्षु-इन्द्रियसहित विहार गर्नेको चित्त चक्षुविज्ञेय रूपहरूमा क्लेशयुक्त हुन्छ। क्लेशयुक्त चित्त हुनेलाई प्रमोद हुँदैन । प्रमोद नहुनाले प्रीति हुँदैन । प्रीति नहुनाले प्रश्रब्धि हुँदैन । प्रश्रब्धि नहुनाले दुःखपूर्वक विहार गर्दछ। दुःखयुक्त चित्त समाधि-लाभ गर्दैन। असमाहित चित्तमा धर्म प्रादुर्भूत हुँदैन। धर्महरू प्रादुर्भूत नहुनाले उसलाई प्रमादविहारी (अर्थात् प्रमत्त भएर बस्ने) भनिन्छ।

श्रोत,... घ्राण, ... जिव्हा, ... काय तथा मनका सम्बन्धमा पनि यस्तै कुरा हुन्छ।



https://dhamma.digital

भिक्षुहरू ! अप्रमादविहारी (अप्रमत्त भएर बस्ने) कसरी हुन्छ त ?

भिक्षुहरू ! संयत चक्षु-इन्द्रियसहित विहार गर्नेको चित्त चक्षु विज्ञेय रूपहरूमा क्लेशयुक्त हुँदैन । क्लेश रहित चित्त हुनेलाई प्रमोद हुन्छ । प्रमोद हुनाले प्रीति हुन्छ । प्रीति हुनाले प्रश्रब्धि हुन्छ । प्रश्रब्धि हुनाले सुखपूर्वक विहार गर्दछ । सुखले चित्त समाधि लाभ गर्दछ । समाहित चित्तमा धर्म प्रादुर्भूत हुन्छ । धर्महरू प्रादुर्भूत हुनाले उसलाई अप्रमादीविहारी भनिन्छ ।

श्रोत,... घ्राण, ... जिव्हा, ... काय तथा मनको सम्बन्धमा पनि कुरा यस्तै हुन्छ ।

भिक्षुहरू ! यसरी नै अप्रमादविहारी हुन्छ । *(सुत्त यहाँसम्म)*

**मनन गर्न योग्य केही प्रश्नहरू**

१) अरहन्तको जवनको कृत्य गर्ने लोकोत्तर चित्तहरू मात्र रहन्छन् कि जवनको कृत्य गर्ने (काम भूमिका चित्तहरू) कामावचर चित्तहरू पनि उसमा रहन सक्छन् ?

२) जवनको कृत्य गर्न सक्ने के विपाक चित्तहरू पनि हुन्छन् ?

Dhamma.Digital



https://dhamma.digital

# परिच्छेद–१५

## तदारम्मण र च्यूतिका कृत्यहरू

हामीले केही वस्तु इष्ट वा अनिष्ट देख्दा खेरिको चित्त कुशल कर्म वा अकुशल कर्मको फलवाला विपाक चित्त हो । विपाकको एक मात्र होइन अनेक घडीहरू हुन्छन् । रंगले चक्षु-इन्द्रीयमा स्पर्श गर्दा क्रिया-चित्तवाला पंचद्वारावर्जन चित्तको उत्पत्ति हुन्छ र निरोध हुन्छ । त्यसपछि चक्षु-विज्ञान उत्पत्ति हुन्छ । चक्षुद्वार वीथिको प्रथम विपाक चित्त हो चक्षु-विज्ञान । त्यसपछि दुईटा अरू विपाक चित्तहरू लाग्छन् आलम्बनलाई ग्रहण गर्ने सम्प्रतिच्छन्न चित्त र त्यो आलम्बनलाई परीक्षा गरेर हेर्ने सन्तीर्ण चित्त । सन्तीर्ण चित्तपछि बोट्ठब्बन चित्त लाग्छ, जुन चित्त क्रिया-चित्त हो । वोट्ठब्बन चित्तले त्यो आलम्बन अकुशल चित्तहरूको लागि आलम्बन हुन्छ कि कुशल चित्तहरूको लागि हुन्छ भन्ने कुरालाई यक्किन गर्दछ । बोट्ठब्बन चित्तपछि सातवटा जवन चित्तहरू पछि लाग्छन् । त्यो जवन चित्तहरू यदि त्यो पुद्गल अरहन्त होइन भने, अकुशल चित्तहरू वा कुशल चित्तहरू हुन्छन् ।

यदि त्यतिञ्जेल त्यो रूपादि गोचर रंग जो हो सो अझै निरूद्ध भइसकेको छैन भने जवन चित्तहरू लोप भइसकेपछि कर्मले विपाकका अरू दुई घडीहरूलाई उत्पत्ति गर्न सक्छ । यदि दुई विपाक चित्तहरूले तदालम्बनको कृत्य गर्दछ । तदालम्बन वा तदारम्मणको शाब्दिक अर्थ हो "त्यो आलम्बन" । त्यो चित्तले त्यस आलम्बनलाई नै धारणा गर्दछ । त्यही आलम्बनलाई अरू दुई घडीका निमित्त अनुभव गर्दछ । काम भूमिमा मात्र कर्मले जवन चित्तहरू पछि त्यसै आलम्बनमै झुण्डिने अरू दुई विपाक चित्तहरूलाई पैदा गर्न सक्तछ । इन्द्रियसंस्पर्शहरूका निम्ति कमै मात्र हेतुहरू हुने रूप-ब्रह्म लोकहरूमा जन्मेका पुद्गलहरूको लागि र इन्द्रीय-संस्पर्शहरू हुँदै नहुने अरूप ब्रह्मलोकहरूमा जन्मेका पुद्गलहरूको लागि तदालम्बन चित्तहरू भन्ने हुँदैनन् ।

इन्द्रीयद्वारहरू मध्ये कुनै एक इन्द्रीयद्वारमा स्पर्श गर्ने रूपादि



https://dhamma.digital

गोचर रंग, शब्द, गन्ध, रस वा शारीरिक स्पर्श हुन सक्छ । यी आलम्बनहरू मध्ये प्रत्येक आलम्बन रूप हो । तिनीहरू उत्पत्ति भएर विनाश हुन्छन् । तर ती रूप धर्महरू नाम धातु जतिकै छिटो छिटो विनाश हुँदैनन् । चित्तका १७ घडीहरूसम्म यी रूपहरू स्थिर रहन्छन् । कुनै एउटा रूपादि गोचरले इन्द्रीयद्वारहरू मध्ये कुनै एउटा द्वारमा स्पर्श गर्नासाथ पंचद्वारावर्जन चित्त तत्कालै उत्पत्ति हुन्न । पहिले त अतीत भवंग, भवंग चलन र भवंगुपच्छेद गरी जम्मा तीनवटा भवंग चित्तहरू प्रवर्तित हुन्छन् । यी भवंग चित्तहरूले इन्द्रियद्वारहरू मध्ये कुनै एउटा इन्द्रियद्वारमा स्पर्श गरिरहेको नयाँ रूपादि गोचरलाई अनुभव गर्दैन ।

किन्तु पंचद्वारावर्जन चित्त, द्वि-पंच-विज्ञान (चक्षु-विज्ञान, श्रोत-विज्ञान, इत्यादि) सम्प्रतिच्छन्न चित्त, सन्तीर्ण चित्त, वोट्ठब्बन चित्त र सात जवन चित्तहरू सबैले भने इन्द्रीयद्वारहरू मध्येको कुनै एक द्वारमा स्पर्श गरेको रूपादि गोचरलाई ग्रहण गर्दछन् ।

कुनै एक इन्द्रियद्वारमा धक्का दिने त्यो रूपादि गोचर अतीत भवंगको साथै उत्पत्ति भएको छ भने त्यस इन्द्रीयद्वार वीथि क्रममा सातौं जवन चित्तको निरोध भइसकेको अवस्थासम्म पनि त्यो रूपादि गोचरको विनाश भइसकेको हुँदैन । किनभने त्यस घडीसम्ममा अतीत भवंग चित्त उत्पत्ति भएदेखि चित्तका केवल १५ घडीहरू मात्र व्यतीत भइसकेका हुन्छन् । रूप धातु चित्तका १७ घडीसम्म स्थिर रहने भएकोले इन्द्रीयद्वार वीथिमा त्यस आलम्बनलाई प्रत्यक्ष रूपमा अनुभव गर्ने अरू दुई चित्तहरूको उत्पत्ति हुन्छ । ती विपाकवाला दुई चित्तहरू हुन् तदालम्बन-चित्तहरू (वा तदारम्मण चित्तहरू) ।

कुनै एउटा रूपले कुनै एक इन्द्रीयद्वारमा ठक्कर खाएपछि त्यस इन्द्रीयद्वार वीथिमा एक पछि अर्को क्रमशः उत्पत्ति हुने चित्तहरू संक्षेपमा निम्न बमोजिमका हुन्छन्:

१. अतीत भवंग (उत्पत्ति-स्थिति-भङ्गको हिसाबले द्रुतगतिमा प्रवाहित भइरहेका चित्त-धारमा पहिलो विचलित हुने भवंग चित्त)



https://dhamma.digital

२. भवंग चलन (प्रकम्पित भवंग)

३. भवंगुपच्छेद (चित्तको धार अवरूद्ध भई छुट्टिने भवंग)

४. पंचद्वारावर्जन चित्त (चित्त आदि पाँचद्वारमै ध्यान दिएर हेर्ने चित्त)

५. द्वि-पंच-विज्ञान (चक्षु-विज्ञान, श्रोत-विज्ञान, घ्राण-विज्ञान, जिव्हा-विज्ञान र काय-विज्ञान)

६. सम्प्रतिच्छन्न चित्त (आलम्बनलाई ग्रहण गर्ने चित्त)

७. सन्तीर्ण चित्त (आलम्बनलाई परीक्षा गरेर हेर्ने चित्त)

८. वोट्ठब्बन चित्त (आलम्बनलाई यक्किन गरी पहिचान गर्ने चित्त)

९. जवन चित्त

१०. जवन चित्त

११. जवन चित्त आलम्बनलाई अनुभव गर्दै विद्युत गति समान

१२. जवन चित्त द्रुततर गतिमा दगुर्ने कुशल वा अकुशल

१३. जवन चित्त चित्तहरू (अरहन्त नभएकाहरूमा)

१४. जवन चित्त

१५. जवन चित्त

१६. तदारम्मण चित्त (जवन चित्तले अनुभव गरेकै आलम्बनलाई दुई

१७. तदारम्मण चित्त पटक तदालम्बन चित्तले ग्रहण गर्छ)।

तदालम्बन चित्तले आलम्बनलाई पाँच इन्द्रीयद्वारहरू मार्फत मात्र होइन, मनोद्वार मार्फत पनि अनुभव गर्दछ। इन्द्रीयद्वार वीथिमा आलम्बन लोप भइसकेको अवस्थामा मात्र तदालम्बन चित्त उत्पत्ति हुन सक्छ। इन्द्रीयद्वार वीथिमा तदालम्बन चित्तहरू उत्पत्ति भएको खण्डमा त्यसपछिको मनोद्वार वीथिमा पनि तदालम्बन चित्त उत्पत्ति हुन सक्छन्। मनोद्वार मार्फत ती तदालम्बन चित्तले आलम्बनलाई अनुभव गर्दछ।

तदालम्बन चित्त यसरी ६ इन्द्रीयद्वारहरू मार्फत आलम्बनलाई अनुभव गर्न सक्ने विपाक चित्त हो। यदि आलम्बन रंग हो भने त्यसलाई चक्षुद्वार वीथिमा चक्षुद्वार मार्फत नै चित्तले अनुभव गर्दछ। त्यसपछि



https://dhamma.digital

त्यस वीथि क्रममा उत्पन्न हुने तदालम्बन चित्तहरूले त्यस आलम्बनलाई चक्षुद्वार मार्फत नै ग्रहण गर्दछ। चक्षु-द्वार वीथिको पछि लाग्ने मनोद्वार वीथिका तदालम्बन चित्तहरूले त्यही आलम्बनलाई मनोद्वार मार्फत ग्रहण गर्दछ।

इन्द्रीयद्वारमा स्पर्श गर्ने रूपादि गोचर अप्रिय वा अरंजनीय भएको खण्डमा त्यस वीथिमा उत्पन्न हुने सबै विपाक चित्तहरू अकुशल विपाक हुन्छन्। यसरी तदालम्बन चित्तहरू उत्पत्ति भएमा ती पनि अकुशल विपाक नै हुन्छन्। त्यस इन्द्रीयद्वार वीथि पछि उत्पन्न हुने मनोद्वार वीथिका तदालम्बन चित्तहरू पनि अकुशल विपाक नै हुन्छन्। यदि इन्द्रीयद्वारमा स्पर्श गर्ने रूपादि गोचर प्रिय वा रंजनीय रहेको खण्डमा तदालम्बन चित्तहरू सहित त्यस वीथि क्रममा उत्पत्ति हुने सबै विपाक चित्तहरू कुशल विपाक हुन्छन्। पछिल्लो मनोद्वार वीथिका तदालम्बन चित्तहरू पनि कुशल विपाक नै हुन्छन्।

तीन अहेतुक चित्तहरू र आठ सहेतुक विपाक चित्तहरू गरी जम्मा ११ विभिन्न चित्तले तदारम्मणको कृत्य गर्न सक्तछन्।

तदालम्बन चित्त अहेतुक भएमा तदालम्बनको कृत्य सन्तीर्ण चित्तद्वारा गरिन्छ। हामीले देखेका छौं, सदैव अहेतुक विपाकको रूपमा रहने सन्तीर्ण चित्तले एउटा भन्दा बढी कृत्य गर्न सक्तछ। इन्द्रीयद्वार वीथिमा उत्पत्ति हुँदाका बखत सन्तीर्ण चित्तले सम्प्रतिच्छन्न चित्तको पछि लागी सन्तीरण (जाँचेर हेर्ने) को कृत्य गर्दछ। सन्तीरणको कृत्यको अलावा, सन्तीर्ण चित्तले अरू कृत्यहरू पनि जस्तै प्रतिसन्धि, भवंग र च्यूतिका कृत्यहरू गर्न सक्तछन् र त्यसमाथि यसले तदालम्बनको कृत्य पनि गर्न सक्तछ।

माथि उल्लेख गरिएझैं सन्तीर्ण चित्त तीन प्रकारका हुन्छन्। यथाः

१) उपेक्षा सहतग, अकुशल विपाकवाला सन्तीर्ण चित्त।

२) उपेक्षा सहतग, कुशल विपाकवाला सन्तीर्ण चित्त।



https://dhamma.digital

३) सौमनस्य सहतग, कुशल विपाकवाला सन्तीर्ण चित्त ।

केवल उपेक्षा सहगत, अकुशल विपाकवाला सन्तीर्ण चित्त र उपेक्षा सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त यी दुई किसिमका चित्तले मात्र प्रतिसन्धि भवंग र च्यूतिका कृत्यहरू गर्न सक्तछन् । सन्तीरणको कृत्य चाहिँ सबै तीनै किसिमका सन्तीरण चित्तद्वारा गर्न सकिन्छ। आलम्बन असाधारण तवरले रंजनीय छ भने सौमनस्य सहगत सन्तीर्ण चित्तले सन्तीरणको कृत्य गर्दछ।

तदालम्बनको कृत्य भने तीनै किसिमका सन्तीरण चित्तले गर्न सक्तछ । तदालम्बन चित्त अकुशल विपाक छँदा अकुशल विपाकवाला सन्तीर्ण चित्तले तदालम्बनको कृत्य गर्दछ। यो अहेतुक विपाक चित्त हुन्छ र उही इन्द्रियद्वार वीथिमा सन्तीरणको कृत्य गर्ने अकुशल विपाकवाला सन्तीर्ण चित्त जस्तै उही किसिमको हुन्छ।

यदि तदालम्बन चित्त अहेतुक कुशल विपाक हो भने तदालम्बनको कृत्य उपेक्षा सहगत कुशल विपाकवाला सन्तीर्ण चित्त वा सौमनस्य सहगत कुशल विपाकवाला सन्तीर्ण चित्तद्वारा गर्न सकिन्छ । यी तीनै अवस्थाहरूमा तदालम्बन चित्त अहेतुक हुन्छ।

तदालम्बनको कृत्य सन्तीर्ण चित्तद्वारा गरिन्छ भनी भनिँदा अर्थ के हो भने त्यस घडीको तदालम्बन चित्त सन्तीर्ण चित्तकै जस्तै उही रचनाको हुन्छ । अर्थात् यो उही जाति (विपाक)को हुन्छ । यो अहेतुक हुन्छ र उही किसिमका चैतसिकद्वारा सहगत हुन्छ। जब सन्तीर्ण चित्तले तदालम्बनको कृत्य गर्दछ, तब यसलाई तदालम्बन चित्त भनिन्छ।

तदालम्बनको कृत्य गर्न सक्ने (अलोभ, अद्वेष र प्रज्ञा जस्ता शोभन हेतुहरूद्वारा संयुक्त भएका) आठ सहेतुक विपाक चित्तहरू पनि छन्। तिनीहरू सौमनस्य सहगत वा उपेक्षा सहगत हुन सक्छन्। तिनीहरू प्रज्ञा सम्प्रयुक्त वा प्रज्ञा विप्रयुक्त हुन सक्छन्। तिनीहरू असांस्कारिक वा ससांस्कारिक हुन सक्छन् अर्थात् तिनीहरू असांस्कारिक वा ससांस्कारिक कर्मका फल हुन् । यसरी तदालम्बनको कृत्य गर्न सक्ने जम्मा ११



https://dhamma.digital

चित्तहरू छन् । संक्षेपमा तिनीहरू हुन्:

तीन अहेतुक विपाक चित्तहरू, यथा :

१) उपेक्षा सहगत, अकुशल विपाकवाला सन्तीर्ण चित्त ।

२) उपेक्षा सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त ।

३) सौमनस्य सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त ।

अरू पनि आठ सहेतुक विपाक चित्तहरू छन्, यथा :

१) सौमनस्य सहगत, ज्ञान सम्प्रयुक्त, असांस्कारिक एक ।

२) सौमनस्य सहगत, ज्ञान सम्प्रयुक्त, ससांस्कारिक एक ।

३) सौमनस्य सहगत, ज्ञान विप्रयुक्त, असांस्कारिक एक ।

४) सौमनस्य सहगत, ज्ञान विप्रयुक्त, ससांस्कारिक एक ।

५) उपेक्षा सहगत, ज्ञान सम्प्रयुक्त, असांस्कारिक एक ।

६) उपेक्षा सहगत, ज्ञान सम्प्रयुक्त, ससांस्कारिक एक ।

७) उपेक्षा सहगत, ज्ञान विप्रयुक्त, असांस्कारिक एक ।

८) उपेक्षा सहगत, ज्ञान विप्रयुक्त, ससांस्कारिक एक ।

सधैं चित्तहरू भिन्न भिन्न कृत्यहरू गरेर उत्पत्ति र विनाश हुन्छन् । जीवनमा चित्तको अन्तिम कृत्य चाहिँ च्यूतिको कृत्य हो । जब हामी लौकिक व्यवहारमा एउटा मानिसलाई मरिसकेको छ भनी भन्दछौं, जीवनको अन्तिम चित्त जो हो, च्यूति चित्त त्यो निरूद्ध भइसकेको हुन्छ । त्यो च्यूति चित्तपछि अर्को जीवनको प्रतिसन्धि चित्त लागेको हुन्छ ।

मृत्यु अवश्यंभावी छ, पन्छाउन नसकिने कुरा छ । जो सुकैले पनि, चाहे ऊ नरकलोकमा, मनुष्य योनीमा वा देवलोकमै किन नजन्मेको होस्, उसले च्यूति चित्तलाई अवश्य ग्रहण गर्नुपर्दछ । बुद्धोपदेशित धर्महरूमा हामी जाति, जरा, व्याधि र मृत्यु बारेमा उल्लेख भएका पाउँछौं । जन्मपछि व्याधिको उल्लेख हुनुभन्दा अगाडि त्यहाँ जराकै उल्लेख हुन्छ । किनभने हामी जन्मिनासाथै हामीलाई उमेर लाग्न थाल्छ, हामी तुरून्तै मृत्युको पथमा अग्रसर भइसकेका हुन्छौं ।



https://dhamma.digital

**सल्ल सुत्त**

हामी खुद्दक निकाय, (सुत्त निपात, महावग्ग परिच्छेद ३ सल्ल सुत्त) मा यसरी उल्लेख भएको पाउँछौंः–

“यहाँ मानिसको जीवन अनिमित र अज्ञात छ, कठीन र अल्प छ र त्यो पनि दुःखबाट भरिएको छ ।

यस्तो कुनै उपाय छैन जसले गर्दा जन्म भएको मान्छे मर्न नपरोस्, वृद्धपनालाई प्राप्त गरेर पनि मर्नुपर्छ। प्राणीहरूको यस्तै स्वभाव हो ।

जसरी पाकिसकेका फल बिहानै झर्ने डर रहन्छ, त्यस्तै नै जन्म लिइसकेका मान्छेलाई सदैव मृत्युको भय लागिरहन्छ ।

जसरी कुम्हालेद्वारा निर्मित माटाका भाँडा सबै फुट्ने खालका हुन्छन्, त्यस्तै जीवन प्राणीहरूको हुन्छ ।

युवक, बूढो, बच्चा र बुद्धिमान सबै मृत्युको वशमा जान्छन् । सबै मृत्युमै पुग्नेवाला हुन् ।

ती मृत्युको अधीन रहनेवालाहरू परलोक गमन गर्ने बेलामा न त पिता पुत्रको रक्षा गर्दछ र न त बन्धु बान्धव बन्धु बान्धवहरूकै रक्षा गर्दछन् ।

बन्धु बान्धवहरूले हेर्दा हेर्दै, अनेक प्रकारका अलाप विलापलाई देख्दादेख्दै पनि मृत्युले एक एक गरी बलिको गोरू (वध गर्न राखिएको गोरू) लाई जस्तै लिएर जान्छ ।

यसरी मान्छे मृत्यु र जरा धर्मबाट पीडित छन्, यसैले धीरजन संसारको स्वभावलाई बुझेर शोक गर्दैनन् ।

जसको आउने र जाने मार्ग नै थाहा छैन, दुवै अन्तहरूलाई नदेखिकनै व्यर्थमा नै विलाप गरिरहेका छौं ।...” *(सुत्त यहाँसम्म)*

अज्ञानीजन विलाप शोक गर्दछ । तर आर्य अष्टाङ्गिक मार्गको अभ्यास गर्ने व्यक्तिहरूको लागि दुःख भनेको कमै हुन्छ । अरहन्त मार्ग



https://dhamma.digital

फल प्राप्त गरिसकेको व्यक्तिमा च्यूति चित्त उत्पत्ति हुँदा त्यस च्यूति चित्तपछि प्रतिसन्धि चित्त लाग्दैन । तब जाति, जरा, व्याधि र मृत्युको अन्त हुन्छ ।

अंगुत्तर निकाय (तिक निपात, प्रकरण ६२ भय)मा यसरी उल्लेख गरिएको छः–

"भिक्षुहरू ! यी तीन भय माता-पुत्र-विहीन भय हुन् । कुन कुन तीन ? जरा-भय, व्याधि-भय र मृत्यु-भय ।

भिक्षुहरू ! छोरोलाई वृद्ध भएको देखेर आमा यो भन्न सक्तिन कि म बूढी हुन्छु, तिमी बूढा नहुनु । आमालाई बूढी भएकी देखेर छोरो यो भन्न सक्तैन कि म बूढो बन्छु, आमा बूढी नहुनु ।

भिक्षुहरू ! छोरो रोगी भएको देखेर आमा यो भन्न सक्तिन कि म रोगी हुन्छु, तिमी रोगी नहुनु । आमालाई रोगी भएकी देखेर छोरो यो भन्न सक्तैन कि म रोगी हुन्छु, आमा रोगी नहुनु ।

भिक्षुहरू ! मर्न लागेको छोरोलाई आमा यो भन्न सक्तिन कि म मर्छु, तिमी नमर । आमालाई मर्न लागेको देखेर छोरो यो भन्न सक्तैन कि म मर्छु, आमा नमर ।

"भिक्षुहरू ! यी तीन माता-पुत्र विहीन भय हुन् ।"

भिक्षुहरू ! यी तीनै माता-पुत्र-युक्त भयहरूका र यी तीनै माता-पुत्र-विहीन भयहरूलाई प्रहाण गर्ने, अतिक्रमण गर्ने मार्ग छ, पथ छ । भिक्षुहरू ! त्यो मार्ग, त्यो पथ के हो त ?"

भिक्षुहरू ! यो यही आर्य अष्टाङ्गिक मार्ग हो, यथा सम्यक्-दृष्टि, सम्यक् संकल्प, सम्यक् वाचा, सम्यक्-कर्मान्त, सम्यक्-आजीविका, सम्यक्-व्यायाम, सम्यक्-स्मृति तथा सम्यक्-समाधि । भिक्षुहरू ! यी तीनै माता-पुत्र-युक्त भयहरू तथा यी तीनै माता-पुत्र-विहीन भयहरूलाई प्रहाण गर्ने, अतिक्रमण गर्नेवाला मार्ग, पथ यही हो ।

अरहन्त भइनसकेसम्म च्यूति चित्त पछि प्रतिसन्धि चित्त उत्पन्न हुन्छ । प्रतिसन्धि चित्तलाई पैदा गर्ने कुशल वा अकुशल कर्म जे हुन्छ,



https://dhamma.digital

त्यसैको आधारमा अर्को जन्मको प्रतिसन्धि चित्त कुशल वा अकुशल विपाक हुन्छ । च्यूति चित्त उत्पत्ति हुनुभन्दा अगाडि सातवटा जवन चित्तहरूको सट्टामा केवल ५ वटा जवन चित्तहरू मात्र उत्पत्ति हुन्छन् । त्यस जन्मका ती अन्तिम जवन चित्तहरू हुन् । तिनैले पुनर्जन्मको हेतु बनिदिन्छ । यी जवन चित्तहरू अकुशल चित्त भएको खण्डमा अर्को जन्मको प्रतिसन्धि चित्त अकुशल विपाक हुन्छ । यो जवन चित्तहरू कुशल चित्त भएमा अर्को जुनीको प्रतिसन्धि चित्त कुशल विपाक हुन्छ । यी जवन चित्तहरू लोप भइसकेपछि च्यूति चित्त उत्पत्ति हुन्छ जुन चित्त त्यस जीवन अवधिको अन्तिम चित्त हो ।

त्यो च्यूति चित्तको किसिम चाहिँ त्यस अन्त हुन लागेको जीवनको प्रतिसन्धि चित्त र भवंग चित्तहरूकै किसिमको अनुरूप नै हुन्छ । च्यूति चित्त लोप भइसकेपछि अर्को जीवनको प्रतिसन्धि चित्त उत्पत्ति हुन्छ । यस चित्तको किसिम कस्तो हुन्छ भन्ने कुरा यसलाई पैदा गर्ने कर्मको किसिममा निर्भर रहन्छ । तसर्थ यो प्रतिसन्धि चित्त भिन्नै किसिमको हुन सक्नेछ ।

मर्नुभन्दा केही क्षण अगाडि उत्पत्ति हुने अन्तिम जवन चित्तहरू (अर्थात मरणासन्न जवनहरू) ले पाँच इन्द्रियद्वारहरू मध्ये कुनै एउटा इन्द्रीयद्वार वा मनोद्वार मार्फत कुनै आलम्बनलाई अनुभव गर्न सक्छन् । (ती मरणासन्न जवनहरूको कर्म, कर्म निमित्त र गति निमित्त यी तीन मध्ये कुनै एउटा आलम्बन अवश्य उत्पन्न हुन्छन्) । कोही कोही आफ्नो पूर्वकृत कर्मको चिन्तन गर्ने हुन सक्छन् भने कोही कोही पूर्वकृत कर्मको उपकरण वा चिन्हलाई अनुभव गर्ने हुन सक्छन् । कोही कोही आफ्नो अर्को भव (पुनर्जन्मको स्थान) को संकेत वा वस्तुलाई अनुभव गर्ने हुन सक्छन् । अन्तिम जवन चित्तहरूको आलम्बन जे हुन्छ, त्यसै आलम्बनलाई अर्को जीवनको प्रतिसन्धि चित्त, सम्पूर्ण भवंग चित्तहरू र अर्को जीवनको च्यूति चित्तले पनि अनुभव गर्ने हुन्छ ।

जहाँसम्म च्यूति चित्तको कुरा छ, अहिले सकिन लागेको जीवनको प्रतिसन्धि चित्त र भवंग चित्तको जुन किसिम हुन्छ उही



https://dhamma.digital

किसिमको चित्त च्यूति चित्त हुन्छ। जुन कर्मले त्यस जीवनको प्रतिसन्धि चित्त र भवंग चित्तहरूलाई पैदा गर्‍यो त्यसै कर्मले पैदा गरेको विपाक हो च्यूति चित्त पनि। प्रतिसन्धिको कृत्य र भवंगको कृत्य गर्न सक्ने चित्त १९ प्रकारका हुने भएकोले च्यूतिको कृत्य गर्न सक्ने चित्त पनि १९ नै प्रकारका हुन्छन्। जुन प्रकारका चित्तले प्रतिसन्धि र भवंगको कृत्य गर्न सक्छन् तिनीहरूले नै च्यूतिको कृत्य गर्न सक्छन्।

कोही दुर्घटनामा परेर मर्दा वा अत्यन्त पीडा भएर मर्दा च्यूति चित्तको अघि लाग्ने चित्तहरू अकुशल जवन चित्तहरू नै हुनुपर्छ भन्ने केही छैन। उसले पीडालाई अनुभव गर्दाको बखत द्वेषसहितको अकुशल चित्तहरू प्रवर्तित रहन सक्छन्। तर अन्तिम जवन चित्तहरू भने कुशल चित्तहरू हुन सक्छन्। अर्थात् च्यूति चित्तको अघि योनिसोमनसिकार रहन सक्छ।

अंगुत्तर निकाय (छक्क निपात, परिच्छेद ६, महावर्ग, प्रकरण २, फग्गुन) मा भगवान् बुद्ध निकै विरामी भइरहेको फग्गुन कहाँ जानुभएको कुराको चर्चा छ। आयुष्मान् फग्गुनले सकृदागामीको मार्ग फल लाभ गरेको थियो। किन्तु उनी "पाँच नीवरणहरू" बाट पूर्णतया मुक्त भइसकेको थिएन। त्यसैले भगवान् बुद्धले आयुष्मान् फग्गुनलाई भन्नुभयो :–

"फग्गुन ! तिमी ठीक त छौ ? के दुःख वेदना कम भएर गए पछि फर्केर त आउँदैन होइन ? कम हुँदै गएर समाप्त हुन लागे जस्तो देखिए पछि फेरि फर्केर त आउँदैन होइन ?"

"भन्ते ! म ठीक छैन। मलाई बहुत तीव्र दुःख वेदना भएर आउँछ, फर्केर जाँदैन। कम हुँदै गएर समाप्त हुँदैन, फर्कँदै आउँछ।"

"भन्ते ! जसरी कुनै बलवान् व्यक्तिले धारिलो तलवारले शिरमा काटेजस्तै भन्ते ! वायु बहुत जोडसँग शिरमा ठक्कर खान्छ। भन्ते ! म ठीक छैन। मलाई बहुतै तीव्र दुःख वेदना भएर आउँछ, फर्केर जाँदैन। कम हुँदै गएर समाप्त हुँदैन, फर्कँदै आउँछ।... – – – – ।"



https://dhamma.digital

तब भगवान्‌ले धार्मिक कथाद्वारा आयुष्मान् फग्गुनलाई सान्त्वना दिएर, सन्तोष दिलाएर, प्रोत्साहित गरेर, प्रसन्न चित्त गराएर आसनबाट उठेर हिँड्नुभयो ।

भगवान् जानु भएको थोरै समय पछि नै आयुष्मान् फग्गुनको देहान्त भयो । उनको मृत्युका समयमा इन्द्रीयहरू सबै प्रसन्न थिए ।

अनि आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । भगवान्‌को समीप गईकन अभिवादन गरेर एक छेउमा बसे । एक छेउमा बसेर आयुष्मान् आनन्दले भगवान्‌लाई बिन्ति गरे – "भन्ते ! भगवान् हिंड्नुभएको थोरै समय पछि नै आयुष्मान् फग्गुनको देहान्त भयो । उसको मर्ने समयमा इन्द्रीयहरू सबै प्रसन्न थिए ।" "आनन्द ! भिक्षु फग्गुनका इन्द्रीयहरू कि प्रसन्न हुन्नथ्यो ? आनन्द ! पहिले भिक्षु फग्गुनको चित्त उन्नतिका बाधक संयोजनहरूबाट मुक्त थिएन । मेरो धर्म-देशना सुनेर उसको चित्त उन्नतिका बाधक पाँचौं संयोजनहरूबाट मुक्त भयो ।"

"आनन्द ! समय समयमा धर्मश्रवण गर्नाले, समय समयमा धर्मका अर्थलाई विचार गर्नाले ६ वटा शुभ परिणाम हुन्छन् । कुन कुन ६ वटा ?" "आनन्द ! एउटा भिक्षुको चित्त उन्नतिको लागि बाधक पाँचै संयोजनहरूबाट मुक्त हुन्न । त्यसलाई मर्ने बखतमा तथागतको दर्शन मिल्दछ । तथागतले उसलाई यस्तो धर्मको उपदेश दिनु हुन्छ जुन आदिमा पनि कल्याणकारक हुन्छ, मध्यमा कल्याणकारक हुन्छ, अन्तमा कल्याणकारक हुन्छ, जुन अर्थसहित हुन्छ, जुन व्यञ्जनबाट युक्त हुन्छ । तथागत केवल परिशुद्ध श्रेष्ठ जीवनलाई नै मात्र प्रकाशित गर्नुहुन्छ । त्यस धर्म-देशनालाई सुनेर चित्त उन्नतिका बाधक पाँचै संयोजनहरूबाट मुक्त हुन्छ । हे आनन्द ! समय समयमा धर्म श्रवण गर्नाको यो पहिलो शुभ परिणाम हो ।"

"आनन्द ! फेरि एउटा भिक्षुको चित्त उन्नतिको बाधक पाँचै संयोजनहरूबाट मुक्त हुँदैन । उसलाई मृत्यु हुने बेलामा तथागतको दर्शन नभइकन तथागतको श्रावकको दर्शन प्राप्त हुन्छ । तथागतको श्रावकले



https://dhamma.digital

उसलाई यस्तो धर्मको उपदेश गर्दछ जुन आदिमा कल्याणकारक, मध्यमा कल्याणकारक, अन्तमा कल्याणकारक हुन्छ, जुन अर्थ-सहित हुन्छ, जुन व्यञ्जनबाट युक्त हुन्छ । तथागतको श्रावकले केवल परिशुद्ध श्रेष्ठ जीवनलाई नै मात्र प्रकाशित गर्नुहुन्छ । उसको धर्म-देशनालाई सुनेर चित्त उन्नतिका बाधक पाँचै संयोजनहरूबाट मुक्त हुन्छ । हे आनन्द ! समय समयमा धर्म श्रवण गर्नाको यो दोश्रो शुभ परिणाम हो ।"

"आनन्द ! फेरि एउटा भिक्षुको चित्त उन्नतिको बाधक पाँचै संयोजनहरूबाट मुक्त हुन्न । उसलाई मर्ने बेलामा न तथागतको दर्शन प्राप्त हुन्छ, न तथागतका श्रावकै दर्शन प्राप्त हुन्छ, किन्तु उसले जुन धर्म पहिले श्रवण गरेको छ, ग्रहण गरेको छ त्यसै विषयमा विचार गर्दछ, त्यसैलाई मनबाट मनन गर्दछ । उसले जुन धर्म पहिले श्रवण गरेको हो, ग्रहण गरेको हो त्यसैका विषयमा विचार गर्नाले त्यसैलाई मनले मनन गर्नाले चित्त उन्नतिका बाधक पाँचै संयोजनहरूबाट मुक्त हुन्छ ।"

"हे आनन्द ! समय समयमा धर्मका अर्थ विचार गर्नाको यो तेश्रो शुभ परिणाम हो । ..."

समयमा धर्म श्रवण गरेर समयमै यसको अर्थलाई विचार गरेर पछि अरहन्त मार्गफल प्राप्त गर्ने अनागामीको मार्गफल लाभी भिक्षुको सम्बन्धमा पनि यस्तै नै भनिएको छ ।

**चित्तका कृत्यहरूको सारांश**

१) प्रतिसन्धि, २) भवंग, ३) आवर्जन, ४) दर्शन, ५) श्रवण, ६) घ्राण (घायन), ७) आस्वादन, ८) स्प्रष्टव्य (संस्पर्श), ९) सम्प्रतिच्छन्न, १०) सन्तीरण, ११) बोट्ठब्बन, १२) जवन, १३) तदारम्मण (तदालम्बन), १४) च्यूति ।



https://dhamma.digital

**मनन गर्न योग्य केही प्रश्नहरू**

१) अकुशल विपाकवाला सन्तीर्ण चित्तले कुन कुन कृत्यहरू गर्न सक्छन् ?

२) उपेक्षा सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्तद्वारा कुन कुन कृत्यहरू सम्पन्न गर्न सकिन्छन् ?

३) सौमनस्य सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्तले कुन कुन कृत्यहरू गर्न सक्छन् ?

४) कति प्रकारका चित्तले च्यूतिको कृत्य गर्न सकिन्छ ? कुन कुन प्रकारहरूका चित्तबाट ती कृत्यहरू गर्न सकिन्छन् ?

५) रूप-ब्रह्मलोकहरू र अरूप ब्रह्मलोकहरूमा तदारम्मण चित्त किन उत्पत्ति हुन सक्तैनन् ?

६) के सबै प्रकारका विपाक चित्तहरूले ६ द्वारहरू मार्फत आलम्बनलाई ग्रहण गर्न सक्तछन् ?

Dhamma.Digital



https://dhamma.digital

# परिच्छेद–१६

## आलम्बनहरु र द्वारहरू

पाँच इन्द्रीयहरू मध्ये कुनै एक इन्द्रीयद्वार मार्फत वा मनोद्वार मार्फत आलम्बन प्रस्तुत हुँदाका बखत त्यो आलम्बनलाई अनुभव गर्ने चित्त हो भन्ने कुरा के हामी महशूस गर्दछौं र ? जबसम्म हामी वस्तुहरूलाई तिनका यथार्थ सच्चा स्वरूपमा हेर्दैनौं, आत्माले नै आलम्बनहरूलाई ग्रहण गर्दछ र आलम्बनहरू नित्य र आत्मा हुन् भनी हामी सोच्ने हुन्छौं ।

जस्तो उदाहरणको लागि भनौं, हामीले 'काठको मूढो' देख्दा त्यस घडीमा देखिएको त्यो आलम्बन 'काठको मूढो' नै हो भन्ने तिर नै हाम्रो सोचाइ रहन जान्छ। देख्न सकिने आलम्बन भनेको केवल रंग नै मात्र हो भन्ने कुरा हामी महशूस गर्दैनौं । हामीले 'काठको मूढो' लाई छुँदा काय-इन्द्रियमार्फत हामीले साह्रोपना वा ठण्डीलाई अनुभव गर्न सकिन्छ। हामी जुन कुरालाई 'मूढो' भन्छौं, त्यो त उत्पत्ति भएर लोप हुने अनेक भिन्न भिन्न रूपहरू हुन् । कुनै पनि आलम्बन प्रस्तुत हुँदा एक समयमा हामी केवल एउटा लक्षणलाई मात्र अनुभव गर्न सक्छौं । विभिन्न द्वारहरू मार्फत देखा पर्ने विभिन्न लक्षणहरूलाई अनुभव गर्न हामीले सिकेको खण्डमा हामीले यथार्थ रूपमा वस्तुहरूलाई देख्न हामी समर्थ हुनेछौं ।

आर्यले जीवनलाई अनार्यले देखे भन्दा भिन्नै तरिकाले देख्छ । अनार्य जनले जे कुरालाई सुख भनी ग्रहण गर्दछ, आर्यजनको निम्ति त्यो दुःख हुन्छ। अनार्यको निम्ति जे दुःख हुन्छ, आर्यको निम्ति त्यो सुख हुन्छ।

**अगहच सुत्त**

संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, तृतीय पण्णासक भाग ४, अगहच सुत्त) मा **गाथामा** यसरी उल्लेख गरिएको छः–

"रूप, शब्द, गन्ध, रस, स्पर्श, र सम्पूर्ण धर्म,



https://dhamma.digital

जबतक त्यति अभिष्ट, सुन्दर र मनमोहक भनिन्छन्,
ती देवताहरू सहित सारा संसारका सुख सम्झिन्छ ।
जहाँ ती निरूद्ध हुन्छन् तिनीहरूलाई उनीहरू दुःख सम्झन्छन् ॥
किन्तु, पण्डितजन त सत्कायको निरोधलाई सुख मान्दछन्,
संसारको विचारदेखि उसको विचार केही उल्टो नै रहेको हुन्छ ॥
जे कुरालाई अरू सुख भन्दछन्, तिनलाई पण्डितजन दुःख भन्दछन्,
जुन कुरालाई अरू दुःख भन्छन्, तिनलाई पण्डितजन सुख भन्छन् ।
दुर्ज्ञेय धर्महरूलाई हेर, मूढ अविद्वानहरूमा
क्लेशावरणमा परेका अज्ञजनलाई यो अन्धकार हुन्छ ।
ज्ञानी सन्तहरूलाई यो खुला प्रकाश भइदिन्छ,
धर्म नजान्नेहरू सँगै रहेर पनि नसम्झने हुन्छन् ॥..." *(सुत्त यहाँसम्म)*

भगवान् बुद्धले मानिसहरूलाई उनीहरूको अन्धभावबाट मुक्त पार्नको लागि विभिन्न द्वारहरू मार्फत चित्तद्वारा अनुभव गरिने आलम्बनहरूको बारेमा धेरै पटक उपदेश दिनुभयो । सो उपदेशहरूका अध्ययनबाट चित्तद्वारा थाहा पाउन सकिने आलम्बनहरू ६ प्रकारका हुन्छन् भन्ने कुरा हामी सिक्छौं ।

पहिलो किसिम हो रंग वा रूपारम्मण । चक्षुद्वार मार्फत जान्न सकिने आलम्बन त रंग नै मात्र हुन सक्छ । हामीले रूख, जनावर वा मान्छेलाई देख्दा हामीले ती आलम्बनलाई चक्षुद्वारद्वारा होइन मनोद्वारद्वारा देख्छौं ।

दोश्रो किसिमको आलम्बन (आरम्मण) हो शब्द वा सद्दारमण

तेश्रो किसिमको हो गन्ध वा गन्धारम्मण ।

चौथो किसिम हो रस वा रसारम्मण ।

पाँचौं किसिम हो काय-इन्द्रीयद्वारा अनुभव गरिने स्पर्श वा फोट्ठब्बनरम्मण ।

फोट्ठब्बारम्मणमा निम्न रूपहरू हुन्छन्:



https://dhamma.digital

पृथ्वी-धातु, तेज-धातु, वायु-धातु, आप-धातु ।

घनत्व (पृथ्वी), संयोग (जल), तापक्रम (अग्नि) र गति (वायु) चार प्रमुख रूपहरू (महा-भूत-रूपहरू) हुन् । संयोग (वा आप-धातु) लाई पनि काय-इन्द्रीयद्वारा अनुभव गर्न सकिन्छ कि भन्ने कुरा मनमा लाग्न सक्छ । आप-धातुलाई काय-इन्द्रीयद्वारा अनुभव गर्न सकिन्न । हामीले पानी छुँदा कडापन वा नरमपना, गर्मी वा ठण्डी, गति वा दवावका लक्षणहरूलाई काय-इन्द्रियमार्फत प्रत्यक्ष रूपमा अनुभव गर्न सकिन्छ । आप-धातु (संयोग) को लक्षणलाई मनोद्वार मार्फत मात्र अनुभव गर्न सकिन्छ । यो छैठौं वर्गको आरम्मण, धम्मारम्मणमा समावेश हुन्छ ।

धम्मारम्मण अन्तर्गत पहिलो पाँच वर्गहरूमा समावेश नभएका सम्पूर्ण आलम्बनहरू समावेश हुन्छन् । यिनीहरूलाई मनोद्वार मार्फत मात्र अनुभव गर्न सकिन्छ ।

प्रज्ञाको अभ्यास नगर्ने व्यक्तिलाई कुन चाहिँ द्वारमार्फत कुन चाहिँ आरम्मण उपस्थित हुन्छ भन्ने स्पष्टतः थाहा हुन्न । आरम्मणहरू र द्वारहरूमा यस्ता व्यक्ति अलमलिन्छ र यसरी ऊ संसारको बारेमा मै अलमलिन्छ । किन्तु आर्यजन संसारको विषयमा अलमलिँदैन । उसलाई ६ द्वारहरू मार्फत देखापर्ने आरम्मणहरू केवल नाम र रूप हुन्, आत्मा होइन भन्ने कुरा थाहा हुन्छ ।

**छक्क-सुत्त**

छ छक्क-सुत्त, (मज्झिम निकाय, षलायतन वग्ग) को उपदेश ६ द्वारहरू मार्फत प्रस्तुत हुने धर्महरू बुझ्न वा सम्झनको निम्ति निकै सहायक हुन्छ ।

भगवान् बुद्ध अनाथपिण्डिकको आराम जेतवन महाविहारमा विहार गर्नु हुँदा उहाँले भिक्षुहरूलाई ६ वटा अध्यात्म आयतनहरू र ६ वटा बाह्य आयतनहरू बारेमा व्याख्या गर्नुभयो । ६ अध्यात्म आयतनहरू आलम्बनहरूलाई अनुभव गर्ने ६ द्वारहरू हुन्, जस्तो पाँच इन्द्रीयद्वारहरू र मनोद्वार । (उदाहरणार्थ चक्षु आयतन, श्रोत आयतन,



https://dhamma.digital

घ्राण आयतन, जिव्हा-आयतन, काय-आयतन र मन-आयतन)। ६ बाह्य आयतनहरू भन्नाले ६ द्वारहरू मार्फत अनुभव गरिने ती आलम्बनहरू नै हुन्छ । (जस्तो रूप-आयतन, शब्द-आयतन, गन्ध-आयतन, रस-आयतन, स्प्रष्टव्य (स्पर्श) आयतन र धर्म-आयतन) । भगवान् बुद्धले अनि (चक्षु-विज्ञान, श्रोत-विज्ञान, घ्राण-विज्ञान, जिव्हा-विज्ञान, काय-विज्ञान र मनो -विज्ञान) ६ द्वारहरू र ती ६ द्वारहरू मार्फत अनुभव गरिने आलम्बनहरूको कारण उत्पत्ति हुने ६ विज्ञान कायका बारेमा व्याख्या गर्नुभयो । उहाँले ६ किसिमका स्पर्श-काय (यथाः चक्षु-संस्पर्श, श्रोत-संस्पर्श, घ्राण-संस्पर्श, जिव्हा-संस्पर्श, काय-संस्पर्श र मन-संस्पर्श), ६ प्रकारका संस्पर्शको कारण उत्पत्ति हुने ६ प्रकारका वेदना काय (यथाः चक्षु-संस्पर्शज वेदना, श्रोत-संस्पर्शज वेदना, घ्राण-संस्पर्शज वेदना, जिव्हा-संस्पर्शज वेदना, काय-संस्पर्शज वेदना र मन-संस्पर्शज वेदना) र ६ वेदना-कायको कारण उत्पत्ति हुने ६ प्रकारका तृष्णा अर्थात ६ तृष्णा-काय (यथाः रूप-तृष्णा, शब्द-तृष्णा, गन्ध-तृष्णा, रस-तृष्णा, स्प्रष्टव्य-तृष्णा र धर्म-तृष्णा) बारेमा व्याख्यान गर्नुभयो । यसरी ६ छक्क, ६ धर्महरूका ६ समूहहरू हुन्छन् ।

भगवान् बुद्धले अनि ६ द्वारहरू मार्फत अनुभव गरिएका गोचरका विषयमा लोभ, द्वेष र मोह भएको व्यक्तिको बारेमा व्याख्या गर्नुभयो हामी पढ्छौंः–

"भिक्षुहरू ! चक्षुद्वारा रूपमा चक्षुविज्ञान उत्पन्न हुन्छ, यी तीनै अर्थात् चक्षु, रूप र चक्षु विज्ञानको संगम स्पर्श हो, स्पर्शबाट सुख, दुःख वा अदुःख-असुख वेदना उत्पन्न हुन्छ । त्यो (वेदनालाई अनुभव गर्ने) व्यक्ति सुख वेदनाबाट संयुक्त भएमा अभिनन्दन = अभिवादन गर्दछ, आसक्त भएर त्यसैमा बस्दछ । त्यसमा (मनमा) राग-अनुशय टाँसिएको हुन्छ । त्यो व्यक्ति दुःख वेदनाबाट संयुक्त भएमा शोक गर्दछ, सन्तप्त हुन्छ, विलाप गर्दछ, छाती पिटी पिटी रून्छ, मूर्छित हुन्छ । त्यसमा प्रतिघ-अनुशय टाँसिएको हुन्छ । त्यो व्यक्ति अ-दुःख–अ-सुख वेदनाबाट संयुक्त भएमा त्यस वेदनाको समुदय (उत्पत्ति), विनाश, आस्वाद, दुष्परिणाम



https://dhamma.digital

(आदिनव), र निस्सरण (निस्किने बाटो) लाई यथार्थ रूपमा थाहा पाउँदैन। त्यसमा अविद्या-अनुशय टाँसिएको हुन्छ। सुख वेदनावाला व्यक्तिले राग-अनुशयलाई नछोडिकन, दुःख वेदनावाला व्यक्तिले प्रतिघ-अनुशयलाई नहटाइकन अ-दुःख–अ-सुख वेदनावाला व्यक्तिले अविद्या-अनुशयलाई हत्या नगरिकन अझ त्यस्ता व्यक्तिले विद्यालाई उत्पन्न नगरिकनै यही जन्ममा संसार (दुःख) लाई अन्त्य गर्नेवाला हुन्छ भन्ने कुरा सम्भव नै हुन्न।" अन्य द्वारहरूको बारेमा पनि यसरी नै भनिएको छ। किन्तु लोभ, द्वेष र मोहको बदलामा ६ द्वारहरू मार्फत अनुभव गरिएका गोचरमा योनिस मनसिकार भएको व्यक्तिले भने जन्म र मृत्युको चक्रलाई अन्त्य गर्न सक्तछ। हामी पढ्छौंः–

"भिक्षुहरू ! चक्षुद्वारा रूपमा चक्षुविज्ञान उत्पन्न हुन्छ, यी तीनै अर्थात् चक्षु रूप र चक्षु-विज्ञानको संगम स्पर्श हो, स्पर्शबाट सुख, दुःख वा अ-दुःख–अ-सुख वेदना उत्पन्न हुन्छ। त्यो व्यक्ति सुख वेदनाबाट संयुक्त भएमा अभिनन्दन = अभिवादन गर्दैन, आसक्त भएर त्यसैमा बस्दैन। त्यसमा राग-अनुशय टाँसिएको हुन्न। दुःख वेदनाबाट संयुक्त भएमा शोक गर्दैन, अलाप गर्दैन, विलाप गर्दैन, छाती पिटीपिटी रूँदैन, मूर्छित हुँदैन। त्यसमा प्रतिघ-अनुशय टाँसिएको हुन्न। त्यो व्यक्ति अ-दुःख–अ-सुख वेदनाबाट संयुक्त भएमा त्यस वेदनाको समुदय, विनाश, आस्वाद, दुष्परिणाम र निस्सरण (निकास) लाई यथार्थ रूपमा जान्दछ। त्यसमा अविद्या-अनुशय टाँसिएको हुन्न। त्यस्तो सुख वेदनावाला व्यक्तिले राग-अनुशयलाई छाडी, दुःख वेदनावाला व्यक्तिले प्रतिघ-अनुशयलाई हटाई, अ-दुःख–अ-सुख वेदनावाला व्यक्तिले अविद्या-अनुशयलाई मारिकन, विद्यालाई उत्पादन गरी यसै जन्ममा दुःख (संसार) को अन्त्य गर्नेवाला हुन्छ, यो सम्भव हुन्छ।

भिक्षुहरू ! यस प्रकार देखेर, श्रुतवास आर्य श्रावक, चक्षुप्रति उदासिन (निर्वेदमा प्राप्त) रहन्छ, रूप प्रति उदासिन रहन्छ, चक्षु-विज्ञान, चक्षु-संस्पर्श..., वेदना,... तृष्णाप्रति उदासिन रहन्छ। त्यो श्रोतप्रति उदासिन रहन्छ, शब्द ..., श्रोत-विज्ञान ..., श्रोत-संस्पर्श, ..., वेदना...,



https://dhamma.digital

र तृष्णाप्रति उदासिन रहन्छ। त्यो व्यक्ति घ्राणप्रति उदासिन रहन्छ, गन्ध ..., घ्राण विज्ञान..., घ्राण-संस्पर्श..., वेदना ... र तृष्णाप्रति उदासिन रहन्छ। त्यो व्यक्ति जिव्हाप्रति उदासिन रहन्छ, रस..., जिव्हा विज्ञान..., जिव्हा-संस्पर्श..., वेदना ... र तृष्णाप्रति उदासिन रहन्छ। त्यो व्यक्ति कायप्रति उदासिन रहन्छ, स्प्रष्टव्य..., काय-विज्ञान..., काय-संस्पर्श..., वेदना ... र तृष्णाप्रति उदासिन रहन्छ। त्यो व्यक्ति मनप्रति उदासिन रहन्छ, धर्मप्रति उदासिन रहन्छ, मनोविज्ञान..., मन-संस्पर्श..., वेदना ... र तृष्णाप्रति उदासिन रहन्छ, उदासिन रहेर विरक्त हुन्छ, विरक्त भएर विमुक्त हुन्छ। विमुक्त भएपछि "विमुक्त छु" भन्ने ज्ञान हुन्छ। अनि जन्म (आवागमन) नष्ट भयो, ब्रह्मचर्यवास खतम भयो, गर्नुपर्ने जति गरिसकियो र अब यहाँ गर्नुपर्ने केही शेष बाँकी छैन भन्ने कुरा जान्दछ।

भगवान्ले यसो भन्नुभयो। सन्तुष्ट भएर ती भिक्षुहरूले भगवान्को भाषणलाई अभिनन्दन गरे।

यस व्याकरण (उपदेश) को व्याख्यान गर्दै गरेको बेलामा साथी भिक्षुहरूका चित्त उपादान रहित भएर आश्रवबाट मुक्त भयो। *(सुत्त यहाँसम्म)*

छैठौं किसिमको आलम्बन, धम्मारम्मणलाई ६ प्रकारका पुनर्विभाजन गर्न सकिन्छः

१) पाँच प्रसाद रूपहरू (पालिमा पसाद रूप भनिन्छ)

२) सूक्ष्म रूपहरू (पालिमा सुखुम रूप भनिन्छ)

३) चित्त

४) चैतसिक (पालिमा चेतसिक)

५) निर्वाण (पालिमा निब्बाण)

६) प्रज्ञप्ति (पालिमा पञ्ञति)

पहिलो प्रकारको धम्मारम्मण अन्तर्गत पाँच प्रसाद रूपहरू आउँछन्। इन्द्रीय-स्पर्शहरूलाई ग्रहण गर्ने क्षमता भएका रूपहरू तिनै रूप प्रसादहरू हुन्। प्रसाद रूपहरू रूप हुन्, नाम होइनन्।



https://dhamma.digital

तसर्थ तिनीहरू आफैं केही अनुभव गर्दैनन् । प्रसाद रूपहरू चित्तहरूले आरम्मणहरूलाई अनुभव गर्ने द्वारहरू मात्र हुन् । ती प्रसाद रूपहरूलाई इन्द्रीयद्वारहरू मार्फत जान्न सकिन्न । तिनीहरूलाई त मनोद्वारमार्फत मात्र जान्न सकिन्छ । जस्तो उदाहरणको निम्ति, चक्षुहरूद्वारा हामी चक्षु-प्रसादलाई अनुभव गर्न सक्तैनौं । तर हामीलाई चक्षु-प्रसाद छ भन्ने कुरा थाहा हुन्छ किनभने "दर्शन" छ ।

सूक्ष्म रूप १६ प्रकारका छन् । रूप जम्मा २८ किसिमका हुन्छन्, जसमध्ये १२ रूपलाई ओलारिक (स्थूल) रूप र १६ रूपलाई सूक्ष्म रूप भनी वर्गीकरण गरिन्छ ।

ओलारिक रूपहरूमा पाँच इन्द्रीयद्वारहरू मार्फत अनुभव गर्न सकिने सातवटा आलम्बनहरू पर्छन्: आँखा, कान, नाक र जिब्रोका चार इन्द्रियद्वारहरू मार्फत अनुभव गरिने चार रूपहरू (जस्तै रंग, शब्द, गन्ध र रस) र कायद्वार मार्फत अनुभव गरिने पृथ्वी धातु, तेज-धातु र वायु-धातु जस्ता तीन रूपहरू । अरू पनि ओलारिक रूपहरू हुन् पाँच प्रसाद रूपहरू (पाँच इन्द्रीयहरू) जुन द्वारहरू मार्फत ती आलम्बनहरूलाई अनुभव गरिन्छ । हामीले देखिसकेका छौं कि पाँच प्रसाद रूपहरूलाई पहिलो वर्गको धम्मारम्मणमा वर्गीकरण गरिन्छ ।

१६ प्रकारका सूक्ष्म रूपलाई केवल मनोद्वार मार्फत मात्र अनुभव गर्न सकिन्छ । जस्तो ती मध्येका केही रूप हुन् ओजा (पौष्टिक तत्व), वचि विञ्ञति र काय विञ्ञति इत्यादि । (वचि विञ्ञति) भनेको बोलीको लागि भौतिक हेतुवाला रूप हो र काय-विञ्ञति यस्तो रूप हो शारीरिक अभिव्यक्तिको लागि भौतिक हेतु हो ।

सूक्ष्म रूपहरूको सच्चा स्वभावलाई अनुभव गर्न सकिन्छ कि सकिन्न भन्ने कुरा संचित प्रज्ञामाथि निर्भर गर्दछ । कुनै एक सूक्ष्म रूपको सम्बन्धमा कसैले विचार गर्नुको अर्थ यो होइन कि सूक्ष्म रूपलाई एक प्रकारको रूप मात्र हो, यो आत्मा होइन भन्ने यसको लक्षणलाई प्रत्यक्ष रूपमा अनुभव गर्न प्रज्ञा त्यहाँ अवस्थित हुन्छ ।



https://dhamma.digital

चित्त अर्को किसिमको धम्मारम्मण हो । चित्तहरूले भिन्न भिन्न आलम्बनहरूलाई अनुभव गर्दछन् तर चित्त आफै पनि आलम्बन हुन सक्छ । चित्तले कुशल चित्तहरू, अकुशल चित्तहरू र अन्य अनेक प्रकारका चित्तलाई नै आफ्नो आलम्बनको रूपमा ग्रहण गर्न सक्छ ।

धम्मारम्मणको अर्को किसिम जुन चैतसिक हो यस्तो ५२ प्रकारकै चैतसिकहरू समावेश हुन्छन् । वेदना एउटा चैतसिक हो । जस्तो उदाहरणको लागि दौर्मनस्य वेदनालाई चित्तद्वारा जान्न सकिन्छ । तब चित्तको आलम्बन धम्मारम्मण हुन्छ । कसैले साह्रोपनालाई अनुभव गर्छ भने त्यो आलम्बन (स्पर्श) फोट्ठब्बारम्मण हो, धम्मारम्मण होइन । साह्रोपन र शारीरिक दुःख वेदना एकपछि अर्को तुरून्तै देखा पर्न सक्छ । साह्रोपन र दुःख वेदना भिन्न भिन्न आलम्बनहरू हुन् भन्ने कुरा नबुझ्ने कोही छ । ऊ नाम र रूपको भिन्न भिन्न लक्षणहरू बारेमा पनि अनभिज्ञ छ भने उसले ती आलम्बनहरूलाई आत्मा भनी ग्रहण गरिरहने हुन्छ । चित्तले सबै प्रकारका आरम्मणहरूलाई अनुभव गर्न सक्तछ । निर्वाणलाई पनि चित्तद्वारा नै अनुभव गर्न सकिन्छ । निर्वाण धम्मारम्मण हो । यसलाई मनोद्वार मार्फत मात्र अनुभव गर्न सकिन्छ । यसरी चित्तले ससांस्कारिक धर्महरू र असांस्कारिक धर्महरू दुवैलाई अनुभव गर्न सक्छ । ससांस्कारिक धर्मलाई अनुभव गर्ने चित्त लौकिक चित्त हो । निर्वाणलाई प्रत्यक्ष रूपमा अनुभव गर्ने चित्त लोकोत्तर चित्त हो ।

अर्को किसिमको धम्मारम्मण हो प्रज्ञप्ति अर्थात् लौकिक निरूक्तिहरू, धारणाहरू र विचारहरू यसरी हामी के देख्छौं भने चित्तले नाम र रूप जस्ता परमार्थ धर्महरू र प्रज्ञप्ति जस्ता अ-परमार्थ धर्महरू दुवैलाई जान्न सक्तछ ।

प्रज्ञप्ति परमार्थ धर्म होइन । प्रज्ञप्तिको विषयलाई लिएर चिन्तन हुँदा नाम धातुले चिन्तन गर्ने हो । नाम परमार्थ धर्म हो । तसर्थ त्यस क्षणको तथ्य कुरा त चिन्तन हो ।

लौकिक भाषाहरूले तथ्यहरू र तथ्य नभएका कुराहरू दुवैलाई जनाउन सक्छन् । आफैंमा जुन परमार्थ धर्म होइन त्यस्तो शब्दले पनि



https://dhamma.digital

परमार्थ धर्मलाई जनाउन सक्छ। उदाहरणको लागि, नाम र रूप भन्ने शब्दहरू प्रज्ञप्ति हुन्। तर तिनीहरूले परमार्थ धर्मलाई बोध गराउँछन्। परमार्थ धर्म र प्रज्ञप्ति बीच के भेद छ भन्ने कुरा जान्नु उपयोगी हुन्छ। हामीहरू नाम र रूप भन्ने शब्दहरूमै मात्र टाँस्सिएर नाम र रूप उत्पत्ति हुँदाका बखत तिनका लक्षणहरूप्रति सजग नभई केवल नाम र रूपको बारेमा मात्र चिन्तन गरेर बस्यौं भने हामीले धर्महरूलाई जान्नको बदलामा प्रज्ञप्तिहरूलाई मात्र जान्ने छौं।

रंग, शब्द, गन्ध, रस र स्पर्श जस्ता आरम्मणका किसिमहरू रूप हुन्, छैठौं वर्ग, ६ किसिमका धम्मारम्मण अन्तर्गत नाम, रूप र प्रज्ञप्ति पनि समावेश हुन्छ।

भिन्न भिन्न आलम्बनहरूलाई भिन्न भिन्न द्वारहरूमार्फत अनुभव गर्न सकिन्छ। जस्तो भनौं, चक्षुले रंगको अनुभव गर्नको निमित्त चक्षुमा (रंगको स्पर्शलाई ग्रहण गर्ने क्षमता भएको रूप) प्रसाद रूप हुनु जरूरी छ। आँखामा प्रसाद रूप नभएको खण्डमा चित्तले रंगलाई अनुभव गर्न सक्तैनथ्यो।

इन्द्रीयद्वार वीथिका चित्तहरू चक्षु, कान, नाक, जिव्हा र काय-इन्द्रीयका द्वारहरू मार्फत आ-आफ्ना आलम्बनहरूलाई जान्दछन्। जहाँसम्म काय-इन्द्रीयको सम्बन्ध छ, शारीरिक संस्पर्शहरू जस्तो साह्रोपन, नरमपन, गर्मी, ठण्डी, गति वा दवाव आदिलाई ग्रहण गर्ने क्षमता भएको प्रसाद–रूप भनेको शरीरको कुनै पनि भाग हो जसले यस्ता स्पर्शहरूलाई ग्रहण गर्न सक्छन्। यसरी चेतना शक्ति नभएको शरीरका अंशहरू बाहेक अरू शरीरका कुनै भाग पनि काय-द्वार हुन सक्छ।

पाँच द्वारहरू रूप हुन् र एकद्वार नाम हो। मनोद्वार नाम हो। मनोद्वार वीथिका चित्तहरूले आलम्बनहरूलाई मनोद्वार मार्फत अनुभव गर्दछन्। मनोद्वारावर्जन चित्त उत्पत्ति हुनुभन्दा अगाडि भवंग चलन र भवंगुपच्छेद प्रवर्तित हुन्छन्। मनोद्वारावर्जन चित्तको अघि उत्पत्ति हुने चित्त भवंगुपच्छेद चाहिँ मनोद्वार हो। यसै द्वारमार्फत मनोद्वारावर्जन चित्तले आफ्नो आलम्बनलाई अनुभव गर्दछ।



https://dhamma.digital

कुन कुन द्वारमार्फत चित्तहरूले भिन्न भिन्न आलम्बनहरूलाई अनुभव गर्दछन् भन्ने कुरा जान्नु उपयोगी हुन्छ । जस्तो उदाहराणको लागि, रंग, जुन रूपारम्मण हो, लाई चक्षुद्वार मार्फत र मनोद्वार दुवै मार्फत अनुभव गर्न सकिन्छ । इन्द्रीयद्वार वीथि र मनोद्वार वीथि दुवैमा जवन चित्तहरू हुन्छन् । अरहन्त नभइसकेका पुद्गलको सम्बन्धमा यी जवन चित्तहरू कुशल चित्तहरू वा अकुशल चित्तहरू हुन्छन् । चक्षुद्वार मार्फत रंगलाई अनुभव गर्दाका बखतसम्म त्यो के आलम्बन हो भन्ने कुरा अझै थाहा भइसकेको हुन्न । किन्तु पहिले नै इन्द्रीयद्वार वीथिमा देखिएको वस्तुप्रति लोभ वा द्वेष वा मोह उत्पत्ति हुन सक्छ । क्लेशहरूले गहिरोसँग जरा हालेका हुन्छन् । तिनीहरू सबै ६ द्वारहरू मार्फत उत्पन्न हुन सक्छन् । इन्द्रीयद्वारहरू मार्फत अनुभव गरिएका आलम्बनहरूप्रतिको दासत्व ती आलम्बन्हरूकै कारण हुन्छ भन्ने कुरा हामी सोच्न सक्छौं । तर क्लेशहरू आलम्बनहरूको कारण हुने होइन, आलम्बनहरूलाई अनुभव गर्ने चित्तमा क्लेश संचित रहन्छन् ।

## कोट्ठित सुत्त

संयुक्त निकाय (षलायतन वर्ग, षलायतन संयुक्त परिच्छेद १, चतुर्थ पण्णासक, भाग ३, समुद्र वर्ग, कोट्ठित सुत्त) मा सारिपुत्र र महाकोष्ठित वाराणसी नजिकै ऋषिपतन मृगदावनमा विहार गरिरहँदा महाकोष्ठित र सारिपुत्रका बीच छलफल भएको विषयमा यसरी चर्चा गरिएको । आयुष्मान महाकोट्ठितले आयुष्मान् सारिपुत्रलाई भन्नुभयोः–

“आवुस ! के चक्षु रूपहरूको बन्धन (अर्थात संयोजन) हो कि रूप नै चक्षुको बन्धन हो ? जिव्हा रसहरूको बन्धन हो कि रस नै जिव्हा बन्धन हो ? के मन धर्महरूको बन्धन हो कि धर्म नै मनको बन्धन हो ?

आवुस कोट्ठित ! न चक्षु रूपको बन्धन हो, न रूप नै चक्षुको बन्धन हो । ... न जिव्हा रसको बन्धन हो, न रस नै जिव्हाको बन्धन हो । न मन धर्मको बन्धन हो, न धर्म नै मनको बन्धन हो । किन्तु जो त्यहाँ, दुवैको प्रत्ययबाट छन्दराग उत्पन्न हुन्छ यही त्यहाँ बन्धन हो ।...



https://dhamma.digital

आवुस ! यदि चक्षु रूपहरूको बन्धन भएको भए वा रूप नै चक्षुको बन्धन भएको भए, दुःखको बिल्कुल क्षयको लागि ब्रह्मचर्यवास सार्थक सम्झिँदैनथ्यो ।

आवुस ! किनकि, चक्षु रूपको बन्धन होइन, न रूप नै चक्षुको बन्धन हो, बल्कि चक्षु र रूपको प्रत्ययबाट जो छन्दराग उत्पन्न हुन्छ त्यहाँ त्यही बन्धन हुन्छ । त्यसैले दुःखको पूर्ण क्षय (प्रहाण) को लागि ब्रह्मचर्यवासको शिक्षा दिइन्छ ।...

आवुस ! भगवान् शास्ताको पनि चक्षु छ । भगवान् शास्ता चक्षुबाट रूपलाई हेर्नुहुन्छ । किन्तु भगवान् शास्तामा कुनै छन्दराग हुँदैन । भगवान्को चित्त राम्ररी विमुक्त भइसकेको छ ।...

आवुस ! यस प्रकारले थाहा पाउनु पर्छ कि न त चक्षु रूपको बन्धन (वा संयोजन) हो, न रूप नै चक्षुको बन्धन हो । किन्तु रूप र चक्षुको प्रत्ययबाट जो छन्दराग उत्पन्न हुन्छ त्यो नै त्यहाँ बन्धन हो । *(सुत्त यहाँसम्म)*

**मनन गर्न योग्य केही प्रश्नहरू**

१) कुन कुन द्वारहरू मार्फत गतिलाई अनुभव गर्न सकिन्छ ?

२) कुन द्वार मार्फत काय-प्रसाद रूपलाई अनुभव गर्न सकिन्छ ?

३) संयोग (आप-धातु) कुन किसिमको आरम्मण हो ?

४) लोभ मूल चित्त कुन वर्गको आरम्मण हो ?

५) लोभ-मूल चित्तलाई कुन द्वारमार्फत अनुभव गर्न सकिन्छ ?

६) लोभ-मूल चित्तले कुन कुन द्वारहरू मार्फत आरम्मणलाई अनुभव गर्न सकिन्छ ?

७) ठण्डीपन वा चिसोपन कुन किसिमको आरम्मण हो ?

८) दुःख वेदना कुन वर्गको आरम्मण हो ?

९) दौर्मनस्य वेदना कुन किसिमको आरम्मण हो ?

१०) प्रज्ञा कुन किसिमको आरम्मण हो ?



https://dhamma.digital

११) के "शान्ति" भन्ने शब्द आरम्मण हो ? भए कुन वर्गको ?

१२) कतिवटा द्वारहरू रूप हुन् र कतिवटा चाहिँ नाम हुन् ?

१३) के रंगलाई मनोद्वार मार्फत अनुभव गर्न सकिन्छ ?

१४) के रंग धम्मारम्मण हो ?

१५) रूपारम्मण (रंग) कतिवटा अहेतुक चित्तहरूको आलम्बन हुन्छ ?

१६) धम्मारम्मण कतिवटा अहेतुक चित्तहरूको आलम्बन हुन्छ ?

१७) रूपारम्मणलाई चित्तले कतिवटा द्वारहरू मार्फत जान्दछ ?

१८) चित्तले कतिवटा द्वारहरू मार्फत धम्मारम्मणलाई जान्दछ ?

१९) मनोद्वार मार्फत कति किसिमका आरम्मणलाई जान्दछ ?

Dhamma.Digital



https://dhamma.digital

# परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

## षष्ठम पत्र

## बौद्ध दर्शन र अभिधर्म

## एकाइ ५ : अभिधर्मार्थ संग्रहको व्याख्या

Dhamma.Digital

लेखक : अनागारिका विमलञ्ज्ञाणी 'धम्माचरिय'



https://dhamma.digital

# एकाइ ५ : अभिधर्मार्थ संग्रहको व्याख्या

## वीथि काण्ड, वीथिमुत्त काण्ड, रूपकाण्ड

### वीथि–काण्ड ४

सम्बन्धित द्वारमा आरम्मण ठक्कर खाने बेलामा उत्पन्न हुने चित्तहरूको क्रमलाई वीथि भनिन्छ। सत्वप्राणीहरूमा सम्बन्धित द्वारमा आरम्मण प्रकट नहुने अवस्थामा मूल भवंगचित्तको क्रम अटुटरूपमा उत्पन्न भइरहेको हुन्छ । यी भवंगचित्तहरू वीथिमुक्त चित्तहरू हुन् । यिनीहरूले अतीतभवजन्ममा मरणासन्न जवनचित्तले लिएका आरम्मणलाई लिने हुन्छ। यी भवंगचित्तहरूको बीच बीचमा चक्षुद्वार आदि छ द्वारहरूमा रूपआरम्मण इत्यादि नयाँ आरम्मण देखिन आउने बेला मूल भवंगचित्तक्रम भंग भएर वीथिचित्तक्रम उत्पन्न हुन्छ।

### भवङ्गचित्तको आरम्मण

वीथिमुक्त चित्त भनिने भवङ्गचित्तहरूको आरम्मण कर्म, कर्मनिमित्त र गतिनिमित्त भनि तीन प्रकारका छन्। रूपारम्मण आदि ६ प्रकारका आरम्मणहरूलाई कर्म, कर्मनिमित्त र गतिनिमित्त भन्ने नाम दिइएको छ।

कर्म भनेर कुशलकर्म, अकुशलकर्मलाई भनिन्छ। प्राणीहरू मरण अवस्थामा पुग्ने बेलामा अतीतमा आफुले गरेका कुशल, अकुशलकार्यहरू अहिले नै नयाँ गरिराखेको जस्तै गरिकन फेरि प्रकट हुन सक्छ।

कर्मनिमित्त भनेको ती कुशलकर्म, अकुशलकर्म गरेको समयमा प्रयोग गरिएका वस्तुहरू हुन्। उदाहरणको रूपमा प्राणी हिंसा गरेको व्यक्तिमा भए प्राणी हिंसा गर्दा प्रयोग गरिएका हतियारहरू, हत्या



https://dhamma.digital

गरिएको प्राणी आदि प्रकट हुनसक्छ। दानपुण्य गरेको ब्यक्तिमा भए दान दिएका सामानहरू, दान ग्रहण गरेका ब्यक्तिहरू आदि मरण अवस्थामा प्रकट हुन सक्छ।

गतिनिमित्त भन्नाले अगाडि आफु जन्म लिन जाने ठाउँ हो। अपाय दुर्गतिका आगोको ज्वाला वा त्यहाँका प्राणीहरूको चित्कार, आमाको गर्भ, वा देवलोकको विमानहरू, उद्यानहरू आदि प्रकट हुन सक्छन्।

**छवटा छक्क**

| वस्तु | द्वार | आरम्मण | विज्ञान | वीथि | | विसयपवत्ति |
|---|---|---|---|---|---|---|
| | | | | द्वारवीथि | विज्ञानवीथि | |
| चक्षुवस्तु | चक्षुद्वार | रूपआरम्मण | चक्षुविज्ञान | चक्षुद्वारवीथि | चक्षुविज्ञानवीथि | (पञ्चद्वार) अतिमहन्त, महन्त, परित्त, अतिपरित्त |
| श्रोतवस्तु | श्रोतद्वार | शब्दआरम्मण | श्रोतविज्ञान | श्रोतद्वारवीथि | श्रोतविज्ञानवीथि | |
| घ्राणवस्तु | घ्राणद्वार | गन्धआरम्मण | घ्राणविज्ञान | घ्राणद्वारवीथि | घ्राणविज्ञानवीथि | |
| जिह्वावस्तु | जिह्वाद्वार | रसआरम्मण | जिह्वाविज्ञान | जिह्वाद्वारवीथि | जिह्वाविज्ञानवीथि | |
| कायवस्तु | कायद्वार | प्रष्टब्यआरम्मण | कायविज्ञान | कायद्वारवीथि | कायविज्ञानवीथि | |
| हृदयवस्तु | मनोद्वार | धर्मआरम्मण | मनोविज्ञान | मनोद्वारवीथि | मनोविज्ञानवीथि | विभूत,अविभूत |

**अतिमहन्त आदि**

महन्त शब्दले धेरै, उत्तम, ठूलो भन्ने अर्थ दिन्छ। परित्त शब्दले थोरै, सानो भन्ने अर्थ दिन्छ। आरम्मणको उत्तमभाव वा ठूलो स्वभावलाई महन्त भन्न खोजिएको हैन। आरम्मण ठूलो नै भएतापनि चक्षुप्रसाद र आलोक दुर्बल हुने अवस्थामा महन्त आरम्मण भन्न सकिंदैन। चक्षुप्रसाद र आलोक राम्रो बलियो छ भने आरम्मण सानो नै भएतापनि महन्त हुनसक्छ। आरम्मण सानो हुनेबित्तिकै परित्तआरम्मण भन्न सकिंदैन। त्यसैले सानो, ठूलो भन्ने प्रमाणलाई प्रधानता नदिइकन आरम्मण प्रकट भएको समयदेखि गणना गर्दा चित्तक्षण बढी वा घटीलाई लिएर अतिमहन्त, महन्त, परित्त, अतिपरित्त भन्नुपर्ने हुन्छ।



https://dhamma.digital

**विभूत, अविभूत**

चित्त वा मनमा स्पष्ट प्रकट भएको आरम्मणलाई विभूतआरम्मण र अस्पष्ट धमिलो आरम्मणलाई अविभूत आरम्मण भनिन्छ। यसअनुसार

अतिमहन्त आरम्मण – अति धेरै वीथि चित्तोत्पाद भएको आरम्मण (द्वारमा आरम्मण प्रकट भएदेखि निरोध हुञ्जेलसम्म गणना गर्दा अति धेरै चित्तक्षणहरू भएको आरम्मण),

महन्त आरम्मण – धेरै वीथि चित्तोत्पाद भएको आरम्मण,

परित्त आरम्मण – थोरै चित्तोत्पाद भएको आरम्मण,

अतिपरित्त आरम्मण – अति थोरै चित्तोत्पाद भएको आरम्मण,

विभूत आरम्मण – प्रष्ट प्रकट भएको आरम्मण,

अविभूत आरम्मण – प्रष्ट प्रकट नभएको आरम्मण

(पञ्चद्वारमा अतिमहन्त महन्त परित्त अतिपरित्त भनेर र मनोद्वारमा विभूत अविभूत भनेर छ प्रकारको आरम्मणको उत्पत्तिलाई जान्नुपर्छ।)

**चित्तको आयु र रूपको आयु**

प्रत्येक चित्तमा उत्पाद स्थिति र भङ्ग गरी तीन प्रकारका क्षणहरू छन् । स्वभाव द्रब्य प्रकट भएको (उत्पन्न भएको) क्षण उत्पादक्षण, उत्पन्न भइ विनाश हुनु अगाडि स्थिर भइरहेको क्षण स्थितिक्षण र प्रकृति स्वभावबाट विनाश भएको, क्षय भएको, निरोध भएको, भङ्ग भएको क्षण भङ्गक्षण हो । क्षण भनेको अति छोटो समयावधि हो । प्रत्येक चित्तमा भएको ती तीन प्रकारको क्षणलाई एक चित्तक्षण भनिन्छ। यो नै हरेक चित्तको आयु हो ।

त्यो चित्तक्षणको १७ क्षण जतिको समयावधि रूपको आयु हुन्छ। रूपधर्ममा पनि उत्पादक्षण, स्थितिक्षण र भङ्गक्षण हुन्छ। रूपको उत्पादक्षण र भङ्गक्षण चित्तको उत्पाद र भङ्गक्षणसंग समान हुन्छ । स्थितिक्षण चित्तको स्थिति क्षणभन्दा लामो हुन्छ । रूपको स्थितिक्षण



https://dhamma.digital

चित्तको ४९ अनुक्षण जति लामो हुन्छ। त्यस हिसाबले रूपधर्मको आयु चित्तको १७ चित्तक्षण वा ५१ अनुक्षण हुन्छ। २ प्रकारका विज्ञप्तिरूप र ४ प्रकारका लक्षणरूपहरूको आयु १७ चित्तक्षण छैन।

**पञ्चद्वारवीथि**

**चक्षुद्वार अतिमहन्तारम्मण वीथि (तदारम्मणवार)**

ती – अतीत भवङ्ग

न – भवङ्गचलन

द –भवङ्गुपच्छेद

प– पञ्चद्वारावज्जन

च – चक्खुविञ्ञाण

सं – सम्पटिच्छन

ण – सन्तीरण

वो – वोट्ठब्बन (मनोद्वारावज्जनचित्त)

ज – जवन

त – तदारम्मण

भ–भवङ्ग

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
| ती | न | द | “प | च | सं | ण | वो | ज | ज | ज | ज | ज | ज | त | त” | भ |
| ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• |

अति नै स्पष्ट रूपआरम्मण चक्षुद्वारमा प्रकट हुने समयमा भवङ्गचित्तहरू अति तीव्रगतिमा आइराखेको हुनाले त्यो आरम्मण चक्षुद्वारमा एकैचोटि प्रष्ट प्रकट हुनसक्दैन। पहिलो एक भवङ्गचित्तक्षणलाई नाघ्ने हुन्छ। नाघिसकेपछि त्यो आरम्मणको ठक्करले दोस्रो भवङ्गचित्त हल्लिन्छ। हल्लिएपछि भवङ्गको श्रोत वा धार छेदन हुन्छ वा काटिन्छ। यहाँ नाघि गएको भवङ्गचित्तलाई अतीत भवङ्ग भनिन्छ। हल्लिएको भवङ्गलाई भवङ्गचलन भनिन्छ। छेदन भएको भवङ्गलाई भवङ्गुपच्छेद



https://dhamma.digital

भनिन्छ। त्यसपछि त्यो रूपआरम्मणलाई आवर्जन गर्दै पञ्चद्वारावज्जन चित्त उत्पन्न भइ निरोध हुन्छ। त्यस पछाडि रूपआरम्मणलाई देख्नसक्ने चक्षुविज्ञानचित्त, ग्रहण गर्ने सम्पटिच्छन चित्त, परिक्षण गर्ने सन्तीरण चित्त, राम्रोसंग निर्णय गर्ने वोट्ठब्बनचित्त, यिनीहरू उत्पन्न भएर निरोध हुन्छ। त्यसपछि २९ वटा कामावचर जवनचित्तहरूमध्ये कुनै एक जवनचित्त द्रुतगतिमा ७ पटक उत्पन्न हुन्छ। त्यो जवनचित्तको पछि लागेर जवनचित्तले लिएको आरम्मणलाई नै लिएर तदारम्मण चित्त २ पटक उत्पन्न हुन्छ। त्यसपछि भवङ्ग चित्तहरू नै उत्पन्न हुन्छ।

यहाँ पञ्चद्वारावज्जनदेखि तदारम्मणसम्मको १४ वटा चित्तलाई वीथिचित्त भनिन्छ र यसको आरम्मण प्रत्युत्पन्न रूपआरम्मण हुन्छ। अतीतभवङ्ग क्षणमा प्रकट भएको त्यो रूपआरम्मणको आयु दोस्रो तदारम्मणसम्म पुग्दा १७ चित्तक्षण पूरा भएर आयु सकिएको हुनाले दोस्रो तदारम्मणसंगै निरोध हुन्छ। यो वीथिक्रमलाई **चक्षुद्वार अतिमहन्तारम्मण वीथि** भनिन्छ।

**भवङ्ग नाघिजानुको कारण–**

चक्षुद्वारमा रूपआरम्मण प्रकट हुँदा द्वार र आरम्मण मात्र मिलेर मात्र प्रकट हुने हैन। त्यसको लागि आलोक वा प्रकाशको पनि आवश्यकता पर्छ। श्रोतद्वारमा शब्दआरम्मण प्रकट हुनको लागि आकास वा खुल्ला ठाउँ पनि आवश्यक हुन्छ। घ्राणद्वारमा गन्धआरम्मण प्रकट हुनको लागि वायु पनि चाहिन्छ। जिव्हाद्वारमा रसआरम्मण प्रकट हुनको लागि आपो भन्ने पानी वा र्‍याल जस्तो तरलपदार्थ आवश्यक हुन्छ। कायद्वारमा प्रष्टब्यआरम्मण प्रकट हुनको लागि पृथ्वी धातु मुख्य सहयोगी हुन्छ। साथै सबैमा मनसिकारको पनि आवश्यकता पर्छ। मनोद्वारमा आरम्मण प्रकट हुनको लागि हदयवस्तु, धर्मआरम्मण, भवङ्ग साथै मनसिकारको आवश्यकता पर्दछ। त्यसकारण यी सम्बन्धित कारणहरू बलियो छ भने चक्षुद्वार आदिमा रूपआरम्मण इत्यादि प्रकट हुँदा एक चित्तक्षण नाघेर जानेबित्तिकै त्यो आरम्मण प्रष्ट प्रकट हुन्छ। रूपधर्मको स्वभाव स्थितिक्षणमा मात्रै बढी शक्तिशाली हुने भएकोले सबैभन्दा निर्मल

चक्षुप्रसादरूपमा प्रकट भएतापनि कमसेकम एक चित्तक्षण नाघेर स्थिति क्षणमा पुगेपछि मात्र प्रष्ट प्रकट हुनसक्छ । आरम्मण वा प्रसादरूप वा आलोक इत्यादि प्रबल नभइ कुनै एउटा मात्र भएपनि कमजोर छ भने दुई चित्तक्षणदेखि लिएर १५ वटा चित्तक्षणलाई नाघिसकेपछि मात्र आरम्मण प्रष्ट प्रकट हुने हुन्छ ।

**भवंग हल्लिनुको कारण-** चक्षुद्वारमा रूपआरम्मण प्रकट हुन आउँदा भवङ्गचित्त दुई पटक हल्लिने हुन्छ । भवङ्गचित्तहरूले कर्म, कर्मनिमित्त वा गतिनिमित्त ३ वटा मध्ये कुनै एकलाई आरम्मणको रूपमा ग्रहण गरेको हुन्छ । नयाँ आरम्मण प्रकट हुँदा शुरूमा लिइराखेको आरम्मणलाई राम्रोसंग शान्त, स्थिर रूपमा पनि लिन नसक्ने हुन्छ र त्यसलाई छोड्न पनि नसक्ने हुन्छ । साथै नयाँ आरम्मणलाई पनि लिनसक्दैन । यसरी मूलप्रकृति रूपबाट परिवर्तन भएर अस्थिर भइ हल्लिने स्वभावलाई भवङ्ग हल्लिनु भनिन्छ । चक्षुप्रसाद वा चक्षुद्वारमा रूपआरम्मण प्रकट हुँदा मनोद्वार भनिने भवङ्गमा पनि एकैचोटि प्रकट हुन्छ । उपमा - एक पंक्षी रूखमा बस्न आउँदा रूखको हाँगामा बस्ने बित्तिकै त्यसको छाँया जमीनमा प्रकट भइसक्ने जस्तै भवङ्गचित्तमा पनि एकैचोटि प्रकट हुने भएकोले भवङ्ग हल्लिने हुन्छ । मनोद्वार भनिने भवङ्गमा आरम्मण प्रकट भएकोले भवङ्ग हल्लिंदा एक पटक मात्र नहल्लिकन दुई पटक हल्लिएपछि मात्रै छेदन हुनुमा नयाँ आरम्मण प्रकट हुनु अगावै उत्पन्न भइरहेको भवङ्गचित्तक्रम नयाँ आरम्मण प्रकट हुनेबित्तिकै त्यो क्रम रोकी छेदन हुन नसक्ने भएकोले भवङ्ग दुई पटक हल्लिएपछि मात्र छेदन हुने हुन्छ । तीव्रगतिमा दगुर्दै आएको व्यक्ति रोक्न चाहे पनि एकैचोटि रोक्न सक्दैन । कमसेकम दुई तीन चार पाँच पाइला आदि नाघेर गइसकेपछि मात्र रोक्न सक्ने हुन्छ । त्यस्तै नै भवङ्गचित्तहरू तीव्रगतिमा आइराखेकोले रूपआरम्मण चक्षुद्वारमा प्रकट भएतापनि एकैचोटि भवङ्गचित्तक्रम रोकेर रूपआरम्मणलाई लिन सक्ने हुँदैन र एक भवङ्गचित्तलाई नाघेर जाने हुन्छ । आरम्मण अति नै स्पष्ट अतिमहन्तारम्मण भएमा एक मात्र भवङ्गचित्तलाई नाघि जाने हुन्छ ।



https://dhamma.digital

आरम्मण अतिमहन्तारम्मण नभए एकभन्दा बढी भवङ्गचित्तलाई नाघि जाने हुन्छ ।

वोट्ठब्बनचित्त निरोध भइसकेपछि जवनचित्त उत्पन्न हुँदा रूपआरम्मण भनेको कामआरम्मण भएकोले कामावचर जवनचित्त २९ वटामध्येबाट (*अकुशल चित्त १२, हसितुप्पाद चित्त १, महाकुशल चित्त ८, महाक्रिया चित्त ८*) मात्रै कुनै एक जवनचित्त उत्पन्न हुने हुन्छ । उचित तरिकाले मनन गर्ने योनिसो मनसिकार भएमा कुसल जवनचित्त र अयोनिसो मनसिकार भएमा अकुसलजवनचित्त उत्पन्न हुन्छ । अरहन्तहरूमा क्रियाजवनचित्त उत्पन्न हुन्छ । महग्गत लोकुत्तर जवनचित्तले कामआरम्मणलाई नलिने भएकोले ती जवनचित्तहरू उत्पन्न हुँदैनन् । उत्पन्न हुने अवसर पाएको जवनचित्त पनि प्रायः गरेर एउटै जवनचित्त सातपटक उत्पन्न हुन्छ । जवनचित्तले आरम्मणको रस स्वाद अनुभूति गरिसकेपछि तदारम्मण चित्त ११ वटामध्येबाट (*महाविपाक चित्त ८, सन्तीरण चित्त ३*) कुनै एक चित्त दुईपटक उत्पन्न हुन्छ र त्यसपछि भवङ्ग चित्तक्रम उत्पन्न हुने हुन्छ । यहाँनिर तदारम्मण चित्त उत्पन्न हुने अवस्था भएमा दुईपटक उत्पन्न हुन्छ । उत्पन्न भएन भने पूर्णरूपमा उत्पन्न नहुने हुन्छ । एकपटक मात्र उत्पन्न हुने भन्ने कहिले पनि हुँदैन । यो चित्तनियाम - चित्तको स्वभाव हो ।

**चित्त उत्पत्ति हुने प्रवृत्ति**

यी चित्तहरू कारण सबै मिल्ने अवस्थामा उत्पन्न हुन्छ । यिनीहरू अवसर मिलेमा उत्पन्न हुन भनेर शरीरको कुनै भागमा जम्मा भइरहने विषय हैनन् । वस्तु, आरम्मण मनसिकार इत्यादि सम्बन्धित कारणहरू जुट्ने समयमा उत्पन्न हुनेहुन्छ । उपमा - सूरियकान्त भन्ने एकप्रकारको ढुंगामा सूर्यको किरण पर्ने बेलामा आगो निस्कने हुन्छ । त्यो आगो सूर्यको किरणमा पनि छैन, ढुंगामा पनि छैन । तर सूर्यकिरण र ढुंगा मिल्ने अवस्थामा स्वतः नै आगो बल्ने हुन्छ ।



https://dhamma.digital

**छक्क**

१. चक्षुद्वारवीथिमा चक्षुविज्ञानचित्तले चक्षुवस्तुलाई आधार लिएको हुन्छ । पञ्चद्वारावज्जन इत्यादि चित्तहरूले हदयवस्तुलाई आधार लिएको हुन्छ ।

२. रूपआरम्मण चक्षुद्वारमा प्रकट हुन्छ ।

३. आरम्मणको हिसाबले रूपआरम्मण भयो ।

४. विज्ञानको हिसाबले चक्षुविज्ञान भयो ।

५. चक्षुद्वारमा प्रकट भएको आरम्मण लिएर उत्पन्न भएको वीथि भएकोले चक्षुद्वारवीथि अथवा चक्षुविज्ञान भनेर विशेषरूपमा विज्ञान समावेश भइराखेको हुनाले त्यसलाई लिएर चक्षुविज्ञानवीथि भनेर भनिन्छ ।

६. चक्षुद्वारमा रूपआरम्मण अतिमहन्त, महन्त, परित्त, अतिपरित्त विसयप्पवत्ति प्रकट हुन्छ ।

**महन्तारम्मण वीथि (जवनवार)**

चक्षुद्वार महन्तारम्मणवीथि = २ वीथि

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
| ती | ती | न | द | “प | च | सं | ण | वो | ज | ज | ज | ज | ज | ज” | भ | भ |
| ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• |
| ती | ती | ती | न | द | “प | च | सं | ण | वो | ज | ज | ज | ज | ज | ज | ज” |
| भ | भ | | | | | | | | | | | | | | | |
| ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• |

रूपआरम्मण प्रकट हुनको लागि आवश्यक कारणहरुमध्ये कुनै एउटा वा बढी कारण दुर्बल भएकोले दुई वा तीन चित्तक्षण नाघिसकेपछि मात्र महन्तआरम्मण चक्षुप्रसादमा प्रकट हुनसक्छ । त्यसरी प्रकट भएको आरम्मण पनि तदारम्मण दुईपटक उत्पन्न हुने बेलासम्म स्थिर भएर रहन सक्ने अवस्था छैन । त्यस्तै महन्त आरम्मण जवनचित्त उत्पन्न हुञ्जेलसम्म स्थिर रहनुपर्ने भएकोले तीन भन्दा बढी चित्तक्षण



https://dhamma.digital

नाघिसकेपछि उत्पन्न हुन पनि उचित देखिंदैन । यसरी दुई चित्तक्षण नाघिसकेपछि मात्र प्रकट हुने भएर त्यो प्रकट भएको समयदेखि गणना गर्दा १५ चित्तक्षण जति आयु हुने भएकोले अतिमहन्तारम्मण जतिको धेरै वीथि चित्तक्षण नभएकोले नै महन्तआरम्मण भनिन्छ ।

महन्तारम्मणमा अतीतभवङ्ग दुईपटक नाघेको प्रथम महन्तारम्मण वीथि र अतीतभवङ्ग तीनपटक नाघेको दुतिय महन्तारम्मण वीथि गरी महन्तारम्मणवीथि दुई प्रकारका छन् । प्रथम महन्तारम्मणवीथिमा आरम्मणको आयु सातौं जवनचित्तपछि उत्पन्न हुने भवङ्गचित्तमा १७ चित्तक्षण आयु सकिएर निरोध हुन्छ । दुतिय महन्तारम्मण वीथिमा प्रकट हुन आएको आरम्मणको आयु सातौं जवनचित्तमा नै १७ चित्तक्षण सकिएर निरोध हुन्छ । महन्तारम्मणवीथिमा जवनको अन्तमा नै भवङ्ग अवतरण हुन्छ । तदारम्मण अवतरण हुँदैन । प्रथम महन्तारम्मणवीथिमा सातौं जवनपछि महन्त आरम्मणको आयु एक चित्तक्षण बाँकी रहेकोले तदारम्मण एकपटक भएपनि उत्पन्न हुनसक्थ्यो हैन र भन्ने प्रश्न उठ्न सक्छ । तर तदारम्मणचित्त उत्पन्न हुने अवस्था भए दुईपटक नै उत्पन्न हुने परम्परा भएकोले एकपटक मात्र उत्पन्न हुने भन्ने हुँदैन । अर्को तदारम्मणचित्तले जवनचित्तले लिएको प्रत्युत्पन्न आरम्मणलाई नै लिनुपर्ने भएकोले पनि सातौं जवनचित्तसंगै निरोध भइसकेको महन्तआरम्मणलाई लिएर तदारम्मण अवतरण हुने भन्ने पनि हुँदैन । त्यसकारण महन्तारम्मणवीथिहरूमा तदारम्मण अवतरण हुने अवसर हुँदैन ।

**परित्रारम्मण वीथि (वोट्ठब्बनवार)**

चक्षुद्वार परित्तारम्मणवीथि = ६ वीथि

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ती | ती | ती | ती | न | द | “प | च | सं | ण | वो | वो | वो” | भ | भ | भ | भ |
| ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ती | ती | ती | ती | ती | न | द | “प | च | सं | ण | वो | वो | वो” | भ | भ | भ |
| ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• |



https://dhamma.digital

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ती | ती | ती | ती | ती | ती | न | द | “प | च | सं | ण | वो | वो | वो” | भ | भ |
| ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ती | ती | ती | ती | ती | ती | ती | न | द | “प | च | सं | ण | वो | वो | वो” | भ |
| ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ती | ती | ती | ती | ती | ती | ती | ती | न | द | “प | च | सं | ण | वो | वो | वो” |
| ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ती | ती | ती | ती | ती | ती | ती | ती | ती | न | द | “प | च | सं | ण | वो | वो” |
| ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• |

सात जवनचित्त उत्पन्न हुने समयसम्म पनि स्थिर रहन नसक्ने भएर चार चित्तक्षण आदि नाघिसकेपछि मात्र प्रकट हुने र प्रकट भएको समयदेखि गणना गर्दा थोरै वीथिचित्तक्षण भएको आरम्मणलाई परित्तारम्मण भनिन्छ । परित्तारम्मणलाई ग्रहण गरी उत्पन्न हुने परित्तारम्मणवीथिहरू देखेको जस्तो, सुनेको जस्तो, स्पर्श गरेको जस्तो हुने अवस्थाहरूमा उत्पन्न हुन्छन् । यस वीथिमा जवनचित्त उत्पन्न हुने अवसर नभएकोले वोट्ठब्बनचित्त नै दुईपटक, तीनपटक उत्पन्न हुने हुन्छ । यस वीथिमा अतीतभवङ्गचित्त चारदेखि नौ पटकसम्म नाघिसकेपछि मात्र आरम्मण प्रकट हुने भएकोले परित्तारम्मणवीथि छ प्रकारका हुन्छन् ।

**अतिपरित्त्रारम्मण वीथि (मोघवार)**

चक्षुद्वार अतिपरित्तारम्मणवीथि = ६ वीथि

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ती | ती | ती | ती | ती | ती | ती | ती | ती | ती | न | न | भ | भ | भ | भ | भ |
| ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ती | ती | ती | ती | ती | ती | ती | ती | ती | ती | ती | न | न | भ | भ | भ | भ |
| ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ती | ती | ती | ती | ती | ती | ती | ती | ती | ती | ती | ती | न | न | भ | भ | भ |
| ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• |



https://dhamma.digital

ती ती ती ती ती ती ती ती ती ती ती ती ती न न भ भ
••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• •••

ती ती ती ती ती ती ती ती ती ती ती ती ती ती न न भ
••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• •••

ती ती ती ती ती ती ती ती ती ती ती ती ती ती ती न न
••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• ••• •••

चक्षुप्रसाद अति नै दुर्बल हुने इत्यादि कारणले गरेर वोट्ठब्बनचित्त दुईपटक उत्पन्न हुने अवस्थासम्म पनि स्थिर रहन नसकी निरोध हुने समय नजिकिंदा प्रकट भइ प्रकट भएको समयदेखि गणना गर्दा अति थोरै चित्तक्षण आयु भएको आरम्मणलाई अतिपरित्तारम्मण भनिन्छ । दुई वोट्ठब्बनचित्त उत्पन्न हुने समयसम्म स्थिर रहन नसकेकोले दश चित्तक्षण नाघिसकेपछि मात्र आरम्मण प्रकट हुनसक्छ । चित्तनियामअनुसार वोट्ठब्बनचित्त उत्पन्न नहुने अवस्थामा अरु पञ्चद्वारवर्जन, चक्षुविज्ञान, सम्पटिच्छन, सन्तीरण चित्तमा वीथिचित्त छेदन हुने भन्ने छैन । भवङ्गचलनमेव भन्ने पालिअनुसार भवङ्ग पनि हल्लिनु पर्ने भएकोले पन्ध्र चित्तक्षणभन्दा बढी पनि नाघ्न उचित छैन । यसअनुसार अतिपरित्तारम्मणवीथि छ प्रकारका हुन्छन् । वास्तवमा यस वीथिमा कुनैपनि वीथिचित्त उत्पन्न नहुने भएकोले अतिपरित्तारम्मणवीथि भनेर भन्न नै उपयुक्त छैन । वीथिचित्त हीन भएर भवङ्ग हल्लिने मात्रै भएकोले यस वीथिलाई मोघवार पनि भनिन्छ ।

**श्रोतद्वार इत्यादि**

श्रोतद्वार आदिमा पनि चक्षुद्वारवीथि जस्तै तदारम्मणवार, जवनवार, वोट्ठब्बनवार, मोघवार गरी चार चार प्रकारका वीथिहरू हुन्छन् । चक्षुद्वारमा अतिमहन्तारम्मणवीथि १, महन्तारम्मणवीथि २, परित्तारम्मणवीथि ६ र अतिपरित्तारम्मणवीथि ६ गरी जम्मा १५ प्रकारका वीथिहरू भएजस्तै श्रोतद्वार इत्यादिमा पनि १५ प्रकारका वीथिहरू हुन्छन् । यसरी पञ्चद्वारवीथि जम्मा ७५ छन् ।



https://dhamma.digital

**पञ्चद्वार वीथि ७५ वटा**

| वीथि | आरम्मण विसयप्पवत्ति | | | |
|---|---|---|---|---|
| | अ अतिमहन्त | महन्त | परित्त | अतिपरित्त |
| चक्षुद्वार १५ | १ | २ | ६ | ६ |
| श्रोतद्वार १५ | १ | २ | ६ | ६ |
| घ्राणद्वार १५ | १ | २ | ६ | ६ |
| जिव्हाद्वार १५ | १ | २ | ६ | ६ |
| कायद्वार १५ | १ | २ | ६ | ६ |

**वीथि चित्तको स्वरूप प्रदर्शक**

चक्षुद्वारवीथिहरूमा वीथिचित्त सामान्यरूपमा पञ्चद्वारावज्जन, चक्षुविज्ञान, सम्प्रतिच्छन, सन्तीरण, वोट्ठब्बन, जवन, तदारम्मण गरी सात प्रकारका छन्। विशेषरूपमा १४ वटा हुन्छन्। (प, च, सं, ण, वो, ज – ७, त – २। विस्तृतरूपमा ४६ वटा कामावचर चित्त हुन्छन्। (प+ च २ + सं २ + ण ३ + वो + ज २९ + त ८)

पञ्चद्वारवीथिमा वीथिचित्त ५४ वटा हुन्छन्। (प+ पञ्चविज्ञानचित्त १० + सं २ + ण ३ + वो + ज २९ + त ८)।

**मनोद्वार कामजवन वार**

**विभूतारम्मण वीथि /अविभूतारम्मण वीथि**

भवङ्गचित्तलाई मनोद्वार भनिन्छ। कामजवनवार र अर्पणाजवनवार गरी मनोद्वारवीथि दुई प्रकारका छन्। मनोद्वार भनिने भवङ्गमा प्रकट हुने आरम्मण पञ्चद्वारमा जस्तै रूपआरम्मण इत्यादि मात्र नभइकन अतीतका नामरूपधर्म, अनागतमा उत्पन्न हुने नामरूपधर्म, वर्तमानमा उत्पन्न भइरहेका नामरूपधर्म, प्रकटरूपमा विद्यमान नभएका विभिन्न प्रज्ञप्ति आरम्मण, अति सुक्ष्म निर्वाण आरम्मणहरू पनि प्रकट हुन्छन्। ती सबै आरम्मणहरू स्पष्ट रूपमा प्रकट हुने विभूत आरम्मण र अस्पष्ट रूपमा प्रकट हुने अविभूत आरम्मण गरी दुई प्रकारका छन्।



https://dhamma.digital

**विभूत, अविभूत भनि नामकरण**

विसयप्रवृत्तिलाई नामकरण गर्दा पञ्चद्वारमा अतिमहन्त आदि नामकरण गरी मनोद्वारमा विभूत, अविभूत नामकरण गरिएको छ। पञ्चद्वारमा आरम्मण प्रकट हुनुमा चित्तको प्रभाव नभइकन आरम्मणको शक्तिले हो। त्यसैले पञ्चद्वारमा उत्पन्न हुने ६ प्रकारका आरम्मणहरूलाई अतिमहन्त आदि नामकरण गरिएको छ। मनोद्वारमा आरम्मण प्रकट हुनुमा आरम्मणको शक्ति नभइकन चित्तको शक्तिले हो। त्यसैले मनोद्वारमा उत्पन्न भएका आरम्मणहरूलाई विभूत, अविभूत भन्ने नाम दिइएको छ।

पञ्चद्वारमा रूपआरम्मण, शब्दआरम्मण आदि आरम्मणहरू आफ्नो अगाडि आइपुगेमा हेर्न नचाहेतापनि वा सुन्न नचाहेतापनि नहेरिकन, नसुनिकन बस्न नसक्ने हुन्छ। आरम्मणको प्रभावले गर्दा देख्ने वा सुन्ने नै हुन्छ। प्रकट हुने अवस्थामा पनि आरम्मणको शक्ति बलियो वा दुर्बल भएअनुसार ढिलो छिटो हुने हुन्छ। त्यसकारण प्रकट भएको समयदेखि गणना गर्दा अति धेरै चित्तक्षण भएको आरम्मणलाई अतिमहन्तारम्मण इत्यादि नामकरण गरिएको छ।

मनोद्वारमा चित्तको प्रभावअनुसार आरम्मण प्रष्ट हुने, नहुने हुन्छ। ऐना हेर्दा ऐना सफा भए अनुहार प्रष्ट देखिने र ऐना फोहोर, धमिलो भए अनुहार प्रष्ट नदेखिने भएजस्तै चित्त पनि समाधि राम्रो भएर जति जति स्थिर शान्त हुन्छ, त्यति त्यति नै आरम्मण स्पष्ट हुँदै जान्छ। त्यसकारण चित्तको प्रभावलाई लिएर मनोद्वारमा प्रकट हुने आरम्मणलाई विभूतारम्मण, अविभूतारम्मण भन्ने नाम दिइएको हो।

मनोद्वारमा कुनै विभूतआरम्मण प्रकट हुनआएमा भवङ्गचलन, भवङ्गुपच्छेद, मनोद्वारावर्जन, सात जवन र दुई तदारम्मणचित्त उत्पन्न भइ दोश्रो तदारम्मण निरोध भइसकेपछि भवङ्ग अवतरण हुने हुन्छ।

**"न द म ज ज ज ज ज ज ज त त" भ भ भ भ**

अस्पष्ट अविभूतआरम्मण प्रकट हुनआएमा जवनचित्तको अन्तमा



https://dhamma.digital

भवङ्ग अवतरण नै हुने हुन्छ। तदारम्मण अवतरण छैन।

**"न द म ज ज ज ज ज ज ज" भ भ भ भ भ**

**वीथिचित्त स्वरूप प्रदर्शक**

मनोद्वारमा उत्पन्न भएको वीथि चित्त सामान्य रूपमा तीन प्रकारका छन् । (मनोद्वारावर्जन, जवन, तदारम्मण) । विशेषरूपमा वीथिचित्त १० वटा हुन्छन्। ( म, ज – ७, त – २ )। विस्तृतरूपमा ४१ वटा कामावचर चित्त छन्। ( म+ ज २९ + त ११ )

| आरम्मण | वीथिचित्तको प्रकार | वीथिचित्तको संख्या | जम्मा वीथिचित्तहरू |
|---|---|---|---|
| विभूतारम्मण | ३ | १० | ४१ |
| अविभूतारम्मण | २ | ८ | ३० |

**मनोद्वार अर्पणाजवनवार**

**ध्यान-वीथि र मार्ग-वीथि**

चित्तलाई आरम्मणमा दृढरूपमा राखिराख्न सक्ने भएकोले अर्पणा भनिन्छ । अर्पणाजवनवारमा कामजवनवारमा जस्तै विभूतआरम्मण, अविभूतआरम्मणको भेद छैन। यसमा सबै आरम्मणहरू विभूतआरम्मण नै हुन्छ । ध्यान लाभ गर्नको लागि पृथ्वीकसिण इत्यादि आरम्मण लिएर कर्मस्थान भाविता गर्ने समयमा ती आरम्मण धेरै हदसम्म स्पष्ट प्रकट भएको छैन भने ध्यान लाभ हुनसक्दैन । अति नै स्पष्ट रूपमा प्रकट हुनआएमात्रै ध्यान भनिने अर्पणाजवनचित्तहरू उत्पन्न हुनसक्छन्। मार्गफल भनिने अर्पणाजवनचित्तको आरम्मण भनेको अति प्रकट निर्वाण नै हो । त्यसैले अर्पणाजवनवारमा विभूत, अविभूत भेद नभइकन सबै आरम्मण विभूत नै हुन्छ। अर्पणाजवनचित्त पछाडि तदारम्मणचित्त पनि उत्पन्न हुँदैन ।

अर्पणाजवनवारमा आरम्मणहरू रूपधर्म नभइ निर्वाण, कसिणप्रज्ञप्ति आदि भएकोले भवङ्गचलन, भवङ्गुपच्छेद, मनोद्वारावर्जन



https://dhamma.digital

पछि कामावचरजवनचित्त उत्पन्न हुन्छ । त्यो कामावचर जवनचित्त ध्यान, मार्ग फलको अग्रगामि भएकोले पृथग्जन, शैक्ष ब्यक्तिहरूमा महाकुशल ज्ञानसम्प्रयुक्त ४ र अरहन्तहरूमा महाक्रिया ज्ञानसम्प्रयुक्त ४ गरी यी ८ चित्तहरूमध्ये कुनै एक चित्त परिकर्म, उपचार, अनुलोम, गोत्रभू नामले उत्पन्न हुन्छ। त्यसमा पनि मन्दबुद्धि भएका ब्यक्तिहरूमा परिकर्म, उपचार, अनुलोम, गोत्रभू चारपटक उत्पन्न हुन्छ। तीक्ष्ण बुद्धि भएकाहरूमा उपचार, अनुलोम, गोत्रभू गरी तीनपटक उत्पन्न हुन्छ । यी कामावचरजवनहरूलाई अर्पणाको नजिक उत्पन्न भएकोले र बलियो समाधि भएकोले उपचार समाधि जवन भनिन्छ। यो उपचार समाधि जवन तीनपटक उत्पन्न भएको क्षिप्र-अभिज्ञ ब्यक्तिमा चौथो चित्त अर्पणा जवनचित्त हुन्छ । मन्द-अभिज्ञ ब्यक्तिमा पाँचौं चित्त अर्पणा जवनचित्त हुन्छ। अर्पणाजवनचित्त २६ वटा (*महग्गत कुसलचित्त ९, क्रियाचित्त ९, लोकुत्तरचित्त ८)* मध्येबाट कुनै एक चित्त उत्पन्न हुन्छ। त्यसपछि भवङ्ग अवतरण हुन्छ ।

परिकर्म (प) – अर्पणा उत्पन्न हुने गरिकन कार्य गर्नसक्ने चित्त।

उपचार (उ)– अर्पणाको नजिक उत्पन्न हुने चित्त ।

अनुलोम (नु)– अघि अघिका परिकर्म र पछि पछिका अर्पणासंग अनुरूप हुनसक्ने (मिल्नसक्ने) चित्त ।

गोत्रभू (गो)– काम गोत्र, पृथग्जन गोत्रलाई ढाक्न सक्ने भएकोले गोत्रभू भनिन्छ । वा कामगोत्रलाई नष्ट गरेर महग्गत गोत्रलाई वृद्धि गर्नसक्ने वा लोकुत्तर गोत्रलाई वृद्धि गर्नसक्ने चित्त ।

**सर्वप्रथम प्राप्त गरेको ध्यानवीथि (आदिकम्मिक झानवीथि)**

मन्दप्रज्ञा भएको व्यक्ति भ न द "म प उ नु गो झ" भ भ भ.......

तीक्ष्णप्रज्ञा भएको व्यक्ति भ न द "म उ नु गो झ" भ भ भ.........

**झानसमापत्ति वीथि**

मन्दप्रज्ञा भएको व्यक्ति भ न द "म प उ नु गो झ झ झ झ झ झ........" भ भ भ.......



https://dhamma.digital

तीक्ष्णप्रज्ञा भएको व्यक्ति भ न द "म उ नु गो झ झ झ झ झ............." भ भ भ.........

**मार्ग वीथि**

मन्दप्रज्ञा भएको व्यक्ति भ न द "म प उ नु गो म फ फ" भ भ भ.......

तीक्ष्णप्रज्ञा भएको व्यक्ति भ न द "म उ नु गो म फ फ फ" भ भ भ.......

**फलसमापत्ति वीथि**

न द म नु नु नु नु फ फ फ फ ...............

**कामजवन पछाडि अर्पणाजवनको अवतरण**

<table>
<tr><th>व्यक्ति</th><th>कामजवनचित्त</th><th colspan="2">अर्पणाजवनचित्त</th></tr>
<tr><td rowspan="7">पृथग्जन, शैक्ष</td><td rowspan="3">सोमनस्सज्ञानसम्प्रयुक्त महाकुसल २</td><td>सोमनस्स रूपकुसल ४</td><td rowspan="3">३२</td></tr>
<tr><td>सोमनस्स मग्ग चित्त १६</td></tr>
<tr><td>सोमनस्स सोत्तापत्ति, सकृदागामि, अनागामि फलचित्त १२</td></tr>
<tr><td rowspan="4">उपेक्षा ज्ञानसम्प्रयुक्त महाकुसल २</td><td>उपेक्षा रूप पञ्चमझान कुसल, अरूपकुसलचित्त – ५</td><td rowspan="4">१२</td></tr>
<tr><td>उपेक्षा मग्ग कुसल ४</td></tr>
<tr><td>उपेक्षा सोत्तापत्ति, सकृदागामि, अनागामि फलचित्त ३</td></tr>
<tr></tr>
<tr><td rowspan="4">अशैक्ष</td><td rowspan="2">सोमनस्सज्ञानसम्प्रयुक्त महाक्रिया २</td><td>सोमनस्स रूप क्रियाचित्त ४</td><td rowspan="2">८</td></tr>
<tr><td>सोमनस्स अरहत्तफल चित्त ४</td></tr>
<tr><td rowspan="2">उपेक्षा ज्ञानसम्प्रयुक्त महाक्रिया २</td><td>उपेक्षारूप पञ्चमझान क्रिया, अरूप क्रिया – ५</td><td rowspan="2">६</td></tr>
<tr><td>उपेक्षा अरहत्तफल चित्त १</td></tr>
</table>



https://dhamma.digital

**तदारम्मण नियम**

कुन जवनको पछाडि कुन तदारम्मण अवतरण हुन्छ भनि निर्धारण गर्नुलाई तदारम्मणनियम भनिन्छ। तदारम्मणचित्तलाई प्रधानता दिइ पञ्चविज्ञानचित्त आदिलाई पनि निर्धारण गरिएको छ। रूपआरम्मण इत्यादि ६ प्रकारका आरम्मणहरूलाई ३ थरीमा विभाजन गर्न सकिन्छ।

१. मन नपर्ने वा चाहना नभएको आरम्मणलाई अनिष्ट आरम्मण भनिन्छ । मरेको लाश, मलमूत्र आदि नराम्रो रूपवर्ण, शब्द, गन्ध आदि आरम्मणहरू काग, गिद्ध आदि प्राणीहरूको लागि इष्ट आरम्मण भएपनि साँच्चैको इष्ट आरम्मण भने हैन ।

२. मन पर्ने वा चाहना भएको सामान्य आरम्मणलाई इष्ट आरम्मण भनिन्छ । मध्यस्थ खालको राम्रो रूपवर्ण, शब्द, आवाज इत्यादि सामान्य रूपमा सबैलाई मनासिव भएको आरम्मण इष्ट आरम्मण हुन् ।

३. अति मन पर्ने वा अति चाहना भएको इष्ट आरम्मणलाई अतिइष्ट आरम्मण भनिन्छ । लाभ गर्न कठिन भएका तथागत बुद्ध जस्तो आरम्मण, अति राम्रो शब्द, गन्ध इत्यादि अतिइष्ट आरम्मण हुन् ।

यी इष्ट अनिष्ट निर्धारण गर्ने मध्यस्थ स्तरको प्राणीहरूको हिसाबले हुन्छ । देशका राजा, महाराजा, धनाढ्य व्यक्तिहरूले सामान्य खानेकुरा, लत्ताकपडा आदि सबै चीजवस्तुलाई इष्ट भएतापनि मन नपराउने हुन्छ । अति नै दरिद्र व्यक्ति, पशुहरूको निम्ति कुहिसकेको खानेकुरा आदि अनिष्ट भएतापनि इष्ट हुन्छ । त्यसो हुनाले इष्ट, अनिष्ट आदि मध्यस्थ स्तरको प्राणीहरूको हिसाबले निर्धारण गरिन्छ । इष्ट आरम्मण देख्दा कुसलविपाक चित्तहरू उत्पन्न हुन्छ भने अनिष्ट आरम्मण देख्दा अकुसलविपाक चित्तहरू उत्पन्न हुन्छन् । मिथ्यादृष्टि भएका व्यक्तिहरू बुद्ध धर्म संघ महाचैत्य देख्दा आँखा, कान बन्द गरी हिँड्छन् र द्वेष जवनचित्त उत्पन्न हुन्छ । तर यस्ता अतिइष्ट आरम्मण दर्शन गर्न पाउन, श्रवण गर्न पाउनु भनेको अतीतको कुशलकर्मको



https://dhamma.digital

प्रभाव भएर त्यस समयमा कुशल विपाकचित्तहरू उत्पन्न हुन्छन् । मलमूत्र अनिष्ट आरम्मण देखिनु भनेको अकुसलविपाकचित्त भएपनि सुँगूर भने त्यसमा रमाइरहेको हुन्छ र उसमा सौर्मनस्य जवनचित्तहरू उत्पन्न हुन्छन् । इष्ट, अनिष्ट आरम्मणहरू देख्दा सौर्मनस्य, दौर्मनस्य, उपेक्षा, द्वेष आदि जवनचित्तहरू उत्पन्न हुनसक्छ भने इष्ट आरम्मण देख्नु कुसलविपाक र अनिष्ट आरम्मण देखिनु अकुसलविपाकहरू हुन् । त्यस्तै चक्षुद्वार, श्रोतद्वार आदि द्वारसंग सम्बन्ध राखेर पनि इष्ट, अनिष्ट विभाजन गरिन्छ। हिराले टाउकोमा हिर्काउँदा हिरा रूपी रत्न चक्षुद्वारमा इष्ट आरम्मण हुन्छ। तर टाउकोसमेत फुट्न सक्ने भएकोले कायद्वारमा अनिष्ट आरम्मण हुन्छ । समयअनुसार पनि इष्ट, अनिष्ट आरम्मण हुन्छ । आगो भनेको खाना पकाउँदा, जाडो मौसममा इष्ट हुन्छ भने गर्मी मौसममा, आगलागी हुँदा अनिष्ट हुन्छ। त्यस्तै कुनै कुनै फुलको वर्ण इष्ट भएतापनि गन्ध अनिष्ट हुनसक्छ ।

**तदारम्मण, विपाक नियमित, जवन अनियमित**

अनिष्ट आरम्मण ग्रहण गर्ने समयमा सम्बन्धित वीथिमा पञ्चविज्ञानचित्त, सम्पटिच्छन, सन्तीरण, तदारम्मण सबै अकुशलविपाक चित्त हुन्छ। सामान्य इष्ट आरम्मण ग्रहण गर्ने समयमा सम्बन्धित वीथिमा पञ्चविज्ञानचित्त, सम्पटिच्छन, सन्तीरण, तदारम्मण सबै कुशलविपाक चित्त हुन्छ । अति इष्ट आरम्मण ग्रहण गर्ने समयमा सम्बन्धित वीथिमा पञ्चविज्ञानचित्त, सम्पटिच्छन, सन्तीरण, तदारम्मण सबै कुशलविपाक चित्त हुन्छ । विशेषरूपमा सन्तीरण र तदारम्मण चित्तहरू सौर्मनस्स वेदनाले युक्त हुन्छ ।

पृथग्जन र शैक्ष पुद्गलहरूमा आरम्मण अनुसार र त्यसलाई मनन गर्ने तरीका अनुसार जवनचित्तहरू कुशल वा अकुशल हुन्छन् ।

**तदारम्मण विपाक नियमित, जवन पनि नियमित**

अशैक्ष वा अरहन्त व्यक्तिहरूमा सौर्मनस्यसहगत क्रिया जवनको अन्तमा सौर्मनस्यसहगत नै भइरहेको तदारम्मण (सोमनस्स सन्तीरण १,



https://dhamma.digital

सोमनस्ससहगत महाविपाकचित्त ४) उत्पन्न हुने हुन्छ ।

उपेक्षासहगत क्रिया जवनको अन्तमा पनि उपेक्षासहगत तदारम्मण (उपेक्षा सन्तीरण २, उपेक्षासहगत महाविपाकचित्त ४) उत्पन्न हुने हुन्छ ।

सबै ब्यक्तिहरूमा दौर्मनस्यसहगत जवनको अन्तमा उपेक्षासहगत तदारम्मण र भवङ्गहरू उत्पन्न हुन्छन् ।

**आगन्तुक भवङ्ग वीथि**

सौर्मनस्य प्रतिसन्धि लिएको पुद्‌गलमा दौर्मनस्यसहगत जवनको अन्तमा केही भएर तदारम्मण उत्पन्न भएन भने नियमानुसार द्वेषजवनचित्तको पछाडि उपेक्षासहगत भवङ्ग अवतरण हुन्छ। तर सौर्मनस्य प्रतिसन्धि लिएको ब्यक्ति भएकोले एक जन्ममा प्रतिसन्धि, भवङ्ग र च्युति चित्त एउटै हुने भएर सौर्मनस्य भवङ्ग नै अवतरण हुनुपर्ने अवस्था छ । तर त्यसो हुन पनि सक्दैन । यस्तो कठिन समयमा द्वेषजवनचित्त र सौर्मनस्य भवङ्गको बीचमा सम्बन्ध जोड्न पहिले परिचय प्राप्त गरिसकेको कुनै कामआरम्मणलाई आरम्मण गरेर उपेक्षासहगत सन्तीरण उत्पन्न हुने हुन्छ । त्यो उपेक्षासहगत सन्तीरण भन्ने आगन्तुक भवङ्ग चित्तलाई अनन्तर प्रत्यय गरेर सौर्मनस्य भवङ्ग अवतरण हुनसक्ने हुन्छ । प्रतिसन्धिचित्तको पछाडि उत्पन्न शुरु गरेको भवङ्गचित्त प्रतिसन्धिचित्तसंग समान हुनुपर्छ। त्यसैले शुरुदेखि नै स्कन्धशरीरमा समावेश भएको हुनाले ती भवङ्गहरूलाई आवासिक भवङ्ग भनिन्छ। उपेक्षा सन्तीरणचित्त अहिले जस्तो कठिन अवस्था सिर्जना हुँदा कहिलेकाँही मात्र उत्पन्न हुने भएकोले त्यसलाई आगन्तुक भवङ्ग भनिएको हो ।

ती न द प च सं ण वो ज ज ज ज ज ज ज आगन्तुकभवंग भ(भवंग)

द्वेष जवनचित्त उपेक्षासन्तीरण सोमनस्स

**तदारम्मणको अङ्ग**

तदारम्मण अवतरण हुनको लागि तीन अंग पूर्ण हुनुपर्छ । १.



https://dhamma.digital

कामजवन २. काम आरम्मण ३. कामसत्वप्राणी । कामजवनचित्तको अन्त्यमा मात्र तदारम्मण अवतरण हुन्छ। अर्पनाजवनको अन्त्यमा अवतरण हुँदैन। कामतृष्णा नै मूल आधार भएको कुशलकर्म अकुशलकर्मको कारण उत्पन्न भएको कामविपाक तदारम्मणहरू आफूलाई उत्पादन गरेको कुनै कुशलजवन, अकुशलजवनको पछि होस्, वा त्यो कामजवनसंग समान स्वभाव भएको अरु कामकुसल, क्रियाजवन र अकुसलजवनको पछि होस्, त्यसको पछि लाग्ने हुन्छ। अर्पनाजवनको पछि लाग्ने हुँदैन।

कामधर्मलाई आरम्मण (अतिमहन्तारम्मण र विभूतारम्मण) लिने अवस्थामा मात्र तदारम्मणको आकांक्षा हुन्छ। महग्गत, लोकुत्तर र प्रज्ञप्ति आरम्मणलाई लिंदा तदारम्मणको आकांक्षा हुँदैन। कामतृष्णालाई मूल आधार बनाएर उत्पन्न भएको कुशलकर्म अकुशलकर्मले जन्म दिएको वा उत्पादन गरेको कामविपाक तदारम्मणले कामतृष्णालाई नै आरम्मणको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ।

कामसत्वप्राणीहरूमा मात्र तदारम्मण उत्पन्न हुन्छ। ब्रह्माहरूमा उत्पन्न हुँदैन। कामप्रतिसन्धिचित्त र तदारम्मणचित्तहरू कामविपाकको हिसाबले समान छन्। त्यसकारण मूल कामरूपी प्रतिसन्धि बीउ झर्ने स्थान कामसत्वप्राणीहरूमा मात्र प्रवृत्ति अवस्थामा तदारम्मण विपाकचित्तहरू उत्पन्न हुनसक्छन्। ब्रह्माहरूमा मूल कामप्रतिसन्धि बीउ नभएको हुनाले कामविपाक तदारम्मण चित्त उत्पन्न हुन सक्दैन।

**जवन नियम**

१. सामान्य अवस्थामा कामावचर जवनवीथिमा कामावचर जवन सात वा छ पटक द्रुतगतिले उत्पन्न हुने हुन्छ।

२. मरणकाल, अति तरुण अवस्था (गर्भमा रहने बेला, भर्खर जन्मने बेला), मुर्छित अवस्था (रूखबाट खसेको बेला, पानीमा डुबेको बेला, बेहोश भएको अवस्था, रोगब्याधिले अति नै सताएको अवस्था, मरणावस्थामा बेहोश भइरहने अवस्था, रक्सीले मातिराख्ने अवस्था, निद्रा लागेर सपना देखिराख्ने अवस्था) आदिमा पाँच पटक सम्म



https://dhamma.digital

मात्र द्रुतगतिले उत्पन्न हुने हुन्छ। मरणावस्थामा चित्तको आधार भएको वस्तुरूप अति नै कमजोर हुने हुनाले सामान्य समयमा जस्तो चित्त पनि तीव्र नहुने, शिथिल हुने हुन्छ। त्यस्तो अवस्थामा पाँच पटक जवन उत्पन्न हुने हुन्छ।

३. भगवान् बुद्धको यमक ऋद्धिप्रातिहार्य देखाउने आदि अवस्थामा छिटो उत्पन्न हुने हुँदा चार वा पाँच पटक प्रत्यवेक्षण जवन चित्त उत्पन्न हुने हुन्छ।

४. पहिलोपटक कर्मस्थान भावना वृद्धि गर्ने व्यक्तिमा पहिलो महग्गत जवन एकपटक मात्र द्रुतगतिले उत्पन्न हुने हुन्छ।

५. अभिज्ञा जवनहरू सधैं नै (पहिलोपटक प्राप्त हुँदा वा पछि फेरि फेरि उत्पन्न हुँदा पनि) एकपटक मात्र द्रुतगतिले उत्पन्न हुने हुन्छ।

६. मार्ग जवनचित्त एकपटक मात्र उत्पन्न हुन्छ। एकचोटि मात्र उत्पन्न भएको मार्ग जवनचित्तले एकै समयमा आफ्नो गर्नुपर्ने काम सबै सिद्ध गरेको हुन्छ।

७. दन्धाभिज्ञ र क्षिप्राभिज्ञ पुद्गलहरूमा फल जवनचित्त क्रमशः दुई वा तीन पटक उत्पन्न हुने हुन्छ।

८. निरोधसमापत्तिमा प्रवेश गर्नु अगाडि दुईपटक नैवसंज्ञानासंज्ञायतन कुशल, क्रिया जवनचित्त द्रुतगतिले दुईपटक उत्पन्न हुने हुन्छ।

९. निरोधसमापत्तिबाट उठ्ने अवस्थामा अनागामि, अरहन्त पुद्गलहरूमा क्रमशः अनागामि फल जवन र अरहत्त फल जवन एकपटक उत्पन्न हुन्छ।

१०. सबै ध्यानसमापत्ति वीथि र फलसमापत्ति वीथिमा भवङ्गको श्रोतझैं धेरै अर्पणा जवन उत्पन्न हुनेहुन्छ।



https://dhamma.digital

**पुद्गल भेद**

| **पुद्गल** | **प्राप्त हुने वीथि चित्तहरू** | **प्राप्त नहुने वीथि चित्तहरू** |
|---|---|---|
| दुर्गति अहेतुक पुद्गल | अकुशल १२, अहेतुक १७, महाकुशल ८ ३७ | हसितुत्पाद, महाविपाक ८, महाक्रिया ८, महग्गत १८, लोकुत्तर ८, ४३ |
| सुगति अहेतुक पुद्गल द्विहेतुक पुद्गल | अकुशल १२, अहेतुक १७, महाकुशल ८, महाविपाक ञाणविप्पयुत्त ४ ४१ | हसितुत्पाद, महाविपाक ञाणसम्पयुत्त ४, महाक्रिया ८, महग्गत कु क्रि १८, लोकुत्तर ८, ३९ |
| तिहेतुक पुद्गल | अकुशल १२, अहेतुक १७, महाकुशल ८, महाविपाक ८, महग्गत कुशल ९ ५४ | हसितुत्पाद, महाक्रिया ८, महग्गत क्रिया ९, लोकुत्तर ८, २६ |
| मग्गट्ठ पुद्गल | आ–आफ्नो मार्गचित्त १, १ वटा | |
| सोतापत्ति फलट्ठ पुद्गल | दिट्ठिगतविप्पयुत्त ४, दोसमूल २, उद्धच्च १, अहेतुक १७, महाकुशल ८, महाविपाक ८, महग्गत कुशल ९, सोतापत्तिफल १ ५० | दिट्ठिगतसम्पयुत्त ४, विचिकिच्छा १, हसितुत्पाद १, महाक्रिया ८, महग्गत क्रिया ९, लोकुत्तर ७, ३० |
| सकदागामि फलट्ठ पुद्गल | दिट्ठिगतविप्पयुत्त ४, दोसमूल २, उद्धच्च १, अहेतुक १७, महाकुशल ८, महाविपाक ८, महग्गत कुशल ९, सकदागामिफल १ ५० | दिट्ठिगतसम्पयुत्त ४, विचिकिच्छा १, हसितुत्पाद १, महाक्रिया ८, महग्गत क्रिया ९, लोकुत्तर ७, ३० |
| अनागामि फलट्ठ पुद्गल | दिट्ठिगतविप्पयुत्त ४, उद्धच्च १, अहेतुक १७, महाकुशल ८, महाविपाक ८, महग्गत कुशल ९, अनागामिफल १ ४८ | दिट्ठिगतसम्पयुत्त ४, दोसमूल २, विचिकिच्छा १, हसितुत्पाद १, महाक्रिया ८, महग्गत क्रिया १८, लोकुत्तर ७, ३२ |



https://dhamma.digital

| | | |
|---|---|---|
| अ र ह त्त फलट्ठ पुद् गल | अहेतुक १८, महाविपाक, क्रिया १६, महग्गत क्रिया ९, अरहत्तफल १ ४४ | अकुशल १२, महाकुशल ८, महग्गत कुशल ९, लोकुत्तर ७, ३६ |

**भूमि विभाग**

| भूमि | प्राप्त हुने वीथि चित्तहरू |
|---|---|
| कामावचर ११ | सबै ८० (महग्गत विपाक ९ बाहेक) |
| रूपावचर १५ | दोसमूल २, घाण, जिह्वा, कायविञ्ञाण ६, महाविपाक ८, महग्गत विपाक ९ बाहेक सबै ( अकुशल १०, अहेतुक १२, महाकु क्रि १६, रूप कु क्रि १०, अरूप कु क्रि ८, लोकुत्तर ८ , ६४) |
| अरूपावचर ४ | दोसमूल २, अहेतुक १७, महाविपाक ८, रूपावचर १५, अरूपविपाक ४, सोतापत्तिमग्ग १ बाहेक सबै ( अकुशल १०, मनोद्वारावज्जन १, महाकु क्रि १६, अरूप कु क्रि ८, लोकुत्तर ७, ४२) |
| असञ्ञासत्त भूमि | कुनै पनि चित्तहरू प्राप्त हुँदैन । |

| | |
|---|---|
| प्रथमध्यान भूमि ३ मा प्राप्त हुने चित्तहरू | दोसमूल २, घाण, जिह्वा, कायविञ्ञाण ६, महाविपाक ८, अरूपविपाक ४ बाहेक सबै ( अकुशल १०, अहेतुक १२, महाकु क्रि १६, रूप कु क्रि १०, रूपावचर विपाक प्रथमध्यानचित्त १, अरूप कु क्रि ८, लोकुत्तर ८ , ६५) |
| द्वितियध्यान भूमि ३ मा प्राप्त हुने चित्तहरू | दोसमूल २, घाण, जिह्वा, कायविञ्ञाण ६, महाविपाक ८, अरूपविपाक ४ बाहेक सबै ( अकुशल १०, अहेतुक १२, महाकु क्रि १६, रूप कु क्रि १०, रूपावचर विपाक द्वितिय, तृतियध्यानचित्त २, अरूप कु क्रि ८, लोकुत्तर ८ , ६६) |
| तृतियध्यान भूमि ३ मा प्राप्त हुने चित्तहरू | दोसमूल २, घाण, जिह्वा, कायविञ्ञाण ६, महाविपाक ८, अरूपविपाक ४ बाहेक सबै ( अकुशल १०, अहेतुक १२, महाकु क्रि १६, रूप कु क्रि १०, रूपावचर विपाक चतुर्थयध्यानचित्त १, अरूप कु क्रि ८, लोकुत्तर ८ , ६५) |



https://dhamma.digital

| | |
|---|---|
| वेहप्फल भूमिमा प्राप्त हुने चित्तहरू | दोसमूल २, घाण, जिह्वा, कायविञ्ञाण ६, महाविपाक ८, अरूपविपाक ४ बाहेक सबै ( अकुशल १०, अहेतुक १२, महाकु क्रि १६, रूप कु क्रि १०, रूपावचर विपाक पञ्चमध्यानचित्त १, अरूप कु क्रि ८, लोकुत्तर ८ , ६५) |
| सुद्धावासभूमिमा प्राप्त हुने चित्तहरू | दिट्ठिगतविप्पयुत्तचित्त ४, उद्धच्चसहगत १, घाण, जिह्वा, कायविञ्ञाणबाहेक अहेतुक १२, महाकु क्रि १६, रूप कु क्रि १०, रूपावचर विपाक पञ्चमध्यानचित्त १, अरूप कु क्रि ८, अरहत्तमार्गचित्त १, अनागामिफल, अरहत्तफलचित्त २, ५५ |

................................

Dhamma.Digital



https://dhamma.digital

# वीथिमुक्त काण्ड–५

प्रतिसन्धि, भवङ्ग र च्यूति चित्त १९ वटालाई वीथिमुक्त चित्त भनिन्छ। वीथिमुक्त चित्तको विषयमा वर्णन गरिएकोले वीथिमुक्त काण्ड भनिन्छ। वीथिमुक्त काण्डलाई चार भूमि, चार प्रकारका प्रतिसन्धि, चार कर्म र चार प्रकारका मरणुत्पत्ति भनी चार भागमा विभाजन गरिएको छ।

**भूमिचतुक्क (भूमि चतुष्क)**

सत्वप्राणीहरू उत्पन्न हुने स्थानलाई भूमि भनिन्छ। भूमिलाई अपायभूमि, कामसुगतिभूमि, रूपावचरभूमि र अरूपावचरभूमि भनी चार वटा भूमिमा विभाजन गरिएको छ। अपायभूमि चार वटा र कामसुगतिभूमि सात वटा नै कामभूमि ११ वटा हो।

**अपाय भूमि ४ गू**

**अपायभूमि** – मनुष्यसुख, देवसुख र निर्वाणसुख प्राप्तिको कारण भएको कुशलपुण्यलाई अय भनिन्छ। त्यो अय भन्ने कुशलपुण्यबाट वञ्चित भएको (कुशलपुण्य गर्ने अवसर धेरै प्राप्त नभएको, अकुशल मात्र धेरै भएको) स्थानलाई अपायभूमि भनिन्छ। अपायभूमि चार प्रकारका छन् – निरय, पेत, तिरच्छान, असुर।

**निरय** – (नि अय) सुख नभएको स्थानलाई निरय वा नरक भनिन्छ। सञ्जीव, कालसुत्त, संघात, रोरुव, महारोरुव, तापन, महातापन, अवीचि गरी ठूला नरक आठ वटा छन्।

यूजना २,४०,००० गहिराई भएको पृथ्वीमा तलको यूजना १,२०,००० शिला पृथ्वी र माथिको यूजना १,२०,०००मा पंसुपथवी (प्रकृति पृथ्वी, जमीन) छ। माथिल्लो यूजना १,२०,००० को प्रकृति पृथ्वीभित्र ८ महानरकहरू रहिरहेको छ। एक नरक र अर्को नरकको दूरी १५००० यूजना छ। (मनुष्यलोकबाट १५००० यूजनाको दूरीमा सञ्जीव



https://dhamma.digital

नरक छ। त्यसको १५००० को दूरीमा कालसुत्त नरक छ। यसरी एक नरक र अर्को नरकको दूरी १५००० यूजनाको छ।)

**तिरच्छानयोनी**

मनुष्य देवहरू जस्तै दुई खुट्टाले सिधा नगइकन चार खुट्टा टेकेर वा घिस्रेर वा उडेर जाने प्राणीलाई तिरच्छान वा तिर्यक प्राणी भनिन्छ। यसभित्र चार खुट्टा भएका, दुई खुट्टा भएका, खुट्टा नभएका जमीनमा बस्ने, पानीमा बस्ने, आकाशमा उड्ने सबै प्राणी पर्छन् । तिर्यक प्राणीहरूको बस्ने स्थान भनेर अलग्ग छैन । मनुष्यलोकमा नै बस्छन् ।

**पेत्तिविसय (प्रेतहरूको वासस्थान)**

सबै प्रकारका सुखबाट टाढिएका प्राणीहरूलाई प्रेत भनिन्छ । ती प्रेतहरूको बासस्थानलाई पेत्तिविसय भनिन्छ। तर प्रेतहरूको पनि अलग्ग वासस्थान छैन । तिनीहरू रहने पर्वत, जंगल, नदी, खोला, श्मशान इत्यादि ठाउँलाई नै प्रेतभूमि भन्नुपर्छ। खकार, र्‍याल, मलमूत्र, भातको गेडा, तरकारी आदि टिपेर, नदी किनारमा माछा, मासु आदि खोजी खोजी खानुपर्ने प्राणी हुन्।

**असुरकाय**

असुर भनेको पनि एकप्रकारको प्रेत नै हो। देवताहरू जस्तो चम्किन नसक्ने प्राणीलाई असुर भनिन्छ । असुरहरूको समूहलाई असुरकाय भनिन्छ। असुरभूमि भनेर पनि अलग्ग छैन। असुरहरू प्रायः समुद्र, नदी किनार आदि स्थानमा बस्छन्। यिनीहरू पानी नजिकै बसेर पनि पानी पिउन नपाउने, पानीभित्र पसेपछि पानी हराएर बालुवा मात्रै बाँकी हुने हुन्छ।

**काम सुगति भूमि ७ वटा**

उचितानुसार सुख भोग गर्न पाउने भूमिलाई सुगति भनिन्छ । रूप अरूप ब्रह्मलोक पनि सुगति भूमि नै भएकोले यहाँ कामतृष्णाको क्षेत्र भएको भूमिलाई मात्र लिने हिसाबले कामसुगति भूमि भनिएको छ।



https://dhamma.digital

कामसुगति भूमि ७ वटा छन् । १. मनुष्यलोक २. चातुमहाराजिका ३. तावतिंसा ४. यामा ५. तुसिता ६. निम्मानरती ७. परनिम्मितवसवत्ती ।

ती मध्ये मनुष्यहरू बस्ने ठाउँलाई **मनुष्यलोक** भनिन्छ । तीक्ष्ण चित्त भएको प्राणीलाई मनुष्य भनिन्छ । अकुशलकार्यमा भए पञ्चानन्तरिय कर्म (पञ्च महापाप) सम्म पनि गर्नसक्ने, कुशलकार्यमा भए सम्यकसम्बुद्ध हुन पनि क्षमता भएकोले तीक्ष्ण चित्त वा मन भएको भनिएको हो । अर्को प्रकारले कल्पको शुरुवाती समयमा महासम्मत राजालाई मनु भनिन्छ । त्यो मनु राजाको अनुशासनमा रहेकोले मनु राजाको पुत्र पुत्री सन्तान जस्तो भएकोले मनुस्स वा मनुष्य भनिन्छ ।

धतरट्ठ, विरूल्हक, विरूपक्ख, कुवेर, यिनीहरू ४ जनालाई चतुमहाराजा भनिन्छ । यी ४ जनाको सेवामा रहने वा मातहतका देवताहरूलाई चातुमहाराजिका भनिन्छ । ती देवताहरू रहने भूमिलाई **चातुमहाराजिका भूमि** भनिन्छ । यो भूमि सुमेरु पर्वतको मध्य भागबाट शुरु भएर फैलिएको भूभाग हुन्छ ।

३३ जना मनुष्यहरू उत्पन्न भएको स्थानलाई **तावतिंस भूमि** भनिन्छ । मघमाणवक र संगै पुण्य संचय गरेका ३३ जना व्यक्तिहरू उत्पन्न भएको स्थान हो । तर पनि यिनीहरू यहाँ उत्पन्न हुनु अगावै पनि तावतिंस भन्ने नाम भएको भूमि रहेको पाइन्छ । तावतिंस देवलोक सुमेरु पर्वतको शिखरमा अवस्थित छ । चातुमहाराजिका भूमिबाट ४२००० यूजना टाढा छ भनेर भनिन्छ ।

दुःखबाट अलग्ग भएका वा देवसुखमा राम्रोसंग पुगेका देवताहरूलाई यामा देवता भनिन्छ । ती देवताहरूको बासस्थान **यामा देवलोक** हो ।

खुशी र हर्षित भावमा पुगेका देवताहरूलाई तुषिता देवता भनिन्छ । ती तुषिता देवताहरूको बासस्थान **तुषित देवलोक** हो ।

स्वयं आफूले नै सुखसम्पत्ति निर्माण गरेर सुख भोग गर्ने देवताहरूलाई निम्मानरति देवता भनिन्छ । शुरुदेखि नै विद्यमान भएको



https://dhamma.digital

सुखसम्पत्तिभन्दा अति धेरै सुखसम्पत्ति भोग गर्न चाहको बेलामा स्वयं आफुले नै निर्माण गरी रमाउन सक्ने देवताहरू हुन् । ती देवताहरूको स्थान नै **निम्मानरति देवलोक** हो ।

अरुले निर्माण गरेको विषयलाई आफ्नो बशमा पारेर सुख भोग गर्ने देवताहरूलाई परनिम्मित वसवत्ती देवता भनिन्छ । निम्मानरति देवताले जस्तो स्वयं आफुले निर्माण गर्दैन । ती देवताहरूको स्थान **परनिम्मित वसवर्ती देवलोक** हो ।

**रूप भूमि १६ वटा**

१. ब्रह्मपारिसद्यभूमि, ब्रह्मपुरोहितभूमि र महाब्रह्मभूमि भनी प्रथमध्यानभूमि तीन प्रकारका छन् ।

२. परित्राभाभूमि, अप्रमाणाभाभूमि र आभास्वरभूमि भनी द्वितीयध्यानभूमि तीन प्रकारका छन् ।

३. परित्रशुभाभूमि, अप्रमाणशुभाभूमि र शुभकृष्णाभूमि भनी तृतीयध्यान भूमि तीन प्रकारका छन् ।

४. वृहत्फलभूमि, असंज्ञासत्वभूमि र शुद्धावासभूमि भनी चतुर्थध्यानभूमि सात प्रकारका छन् । यसरी रूपावचरभूमि सोन्ह प्रकारका छन् । त्यसमध्ये शुद्धावास भूमिलाई अविहाभूमि, अत्रपाभूमि, सुदर्शाभूमि, सुदर्शीभूमि र अकनिष्टभूमि भनि पाँच प्रकारमा विभाजन गरिएको छ ।

**अरूप भूमि ४ वटा**

आकाशानन्त्यायतनभूमि, विज्ञानानन्त्यायतनभूमि, आकिञ्चन्यायतनभूमि र नैवसंज्ञा नासंज्ञायतनभूमि भनी अरूपभूमि चार प्रकारका छन् ।



https://dhamma.digital

**भूमि र पुद्गल**

| भूमि | पुद्गल |
|---|---|
| अपायभूमि | दुर्गति अहेतुक पुद्गल |
| मनुष्यभूमि, चातुमहाराजिकाभूमि | दुर्गति अहेतुक बाहेक ११ पुद्गल |
| बाँकी ५ देवलोक | दुर्गति, सुगति अहेतुक बाहेक १० पुद्गल |
| परित्ताभा देखि वेहप्फलसम्म | तिहेतुक पुद्गल ९ |
| सुद्धावासभूमि | अनागामि फलट्ठ, अरहत्त मग्गट्ठ, अरहत्त फलट्ठ |
| असञ्ञसत्ताभूमि | सुगति अहेतुक पुद्गल |
| अरूपभूमि | श्रोतापत्ति मग्गट्ठ बाहेक ८ तिहेतुक पुद्गल |

## प्रतिसन्धि चतुष्क

### चार प्रकारका प्रतिसन्धि

प्रतिसन्धिलाई अपाय प्रतिसन्धि, कामावचर प्रतिसन्धि, रूपावचर प्रतिसन्धि र अरूपावचर प्रतिसन्धि गरी चार प्रकारका विभाजन गरिएको छ ।

Dhamma.Digital

## काम प्रतिसन्धि १० वटा

### अपायप्रतिसन्धि १

अपायभूमिका प्राणीहरू अकुसलविपाक उपेक्षासहगत सन्तीरण चित्तले प्रतिसन्धि लिन्छन् । प्रतिसन्धि क्षणपछिको प्रवृत्तिक्षणहरूमा वीथिचित्तक्रम उत्पन्न नहुने समयमा उही चित्तले भवंग कृत्य गर्छ र भवजन्मको अन्त्यमा चुति कृत्य गर्छ । अपायभूमिका सबै प्राणीहरू यो अहेतुकचित्तले प्रतिसन्धि लिने भएर तिनीहरूलाई दुर्गति अहेतुक पुद्गल भनिन्छ ।



https://dhamma.digital

**काम सुगति प्रतिसन्धि ९ वटा**

**कामसुगति प्रतिसन्धि ९**

मनुष्यलोकमा जच्चन्ध इत्यादि मानिसहरू र चातुमहाराजिक देवलोकका केही भुम्मस्सित विनिपातिक असुरदेवताहरू कुसलविपाक उपेक्षासहगत सन्तीरण चित्तले प्रतिसन्धि लिन्छन् । जच्चन्ध– जन्मैदेखि अन्धो (चक्षुप्रसादरूप उत्पन्न गराउन सक्ने कर्म नभएकोले त्यो रूप उत्पन्न हुने समयमा उत्पन्न नभएको ब्यक्ति) । जच्चन्ध इत्यादिमा इत्यादि अन्तर्गत, जच्चबधिर – जन्मैदेखि बहिरो, जच्चघानक – जन्मैदेखि घ्राण नभएको, जच्चमूग – जन्मैदेखि बोल्न नजान्ने, लाटो, जच्चजल – जन्मैदेखि सुस्त भएको, चार दिशा, नाप तौल आदि समेत छुट्याउन नसक्ने, जच्चुमत्तक – जन्मैदेखि बौलाहा, मम्म – एउटा एउटा शब्द बोल्नलाई धेरै बल पुऱ्याउनु पर्ने, बोले पनि बोलि नरोक्ने, नपुंसक, उभतोब्यञ्जनक, पण्डक प्राणीहरूलाई लिइन्छ ।

**भुम्मस्सित**

भूमिमा उत्पन्न भएका देवताहरू वा भूमिमा आश्रित देवताहरूलाई भुम्मस्सित भनिन्छ । भूमिसंग जोडिएको रूख, वनजंगल, पहाड पर्वत मा बस्ने देवताहरू सबै भुम्मदेव वा भूम्मस्सित देवताहरू हुन् । रूखमा बस्ने देवताहरूलाई रुक्खदेव पनि भनिन्छ ।

**थरि थरिका असुरहरू**

वेपिचित्ति असुरा – तावतिंस देवताहरूका विरोधीहरू । यिनीहरू तावतिंस देवताभित्र पर्छन् । विनिपातिक असुरा – भुम्मस्सित देवताहरूको आधार लिएर बस्ने स–साना देवताहरू चातुमहाराजिका देवताहरूभित्र पर्छन् । विनिपातिक – वि विपरित भइ विनाश भएर, निपातिक – खस्ने, उत्पत्ति हुने, असुरा – स–साना देवताहरू । राम्रो उत्तम श्रीसम्पत्ति बासस्थान आदि प्राप्त नभई सुख विनाश भएका स साना देवताहरू । वेमानिक असुरा – कहिले काँही देवताले जस्तै सुख भोग गर्ने, कहिलेकाँही प्रेतले जस्तै दुःख भोग गर्ने वेमानिक प्रेतहरू र



https://dhamma.digital

यिनीहरू चातुमहाराजिका देवताहरूभित्र पर्छन् । लोकन्तरिक नरकमा रहेका नारकीय प्राणीहरूलाई पनि असुरा भनिन्छ ।

कामसुगतिभूमिमा रहेका अरु मनुष्यहरू र देवताहरू महाविपाक चित्त ८ वटा मध्ये कुनै एक चित्तले प्रतिसन्धि लिन्छन् । यसरी कामसुगति प्रतिसन्धि कुसलविपाक उपेक्षा सन्तीरण र महाविपाक ८ गरी जम्मा ९ वटा छन् ।

सो अनुसार अकुसल विपाक सन्तीरण १, कुसलविपाक सन्तीरण १ र महाविपाक ८ गरी कामप्रतिसन्धि जम्मा १० वटा छन् ।

**काम पुद्गलको आयु**

| प्रतिसन्धि चित्त | भूमि | आयु |
|---|---|---|
| महाविपाक चित्त ८ | परनिम्मितवसवत्ती | १६०००/ ९२१करोड ६० लाख |
| महाविपाक चित्त ८ | निम्मानरती | ८०००/ २३० करोड ४० लाख |
| महाविपाक चित्त ८ | तुसिता | ४०००/ ५७ करोड ६० लाख |
| महाविपाक चित्त ८ | यामा | २००० / १४ करोड ४ लाख |
| महाविपाक ८, कुसल विपाक उपेक्खा सन्तीरण चित्त | तावतिंसा | १०००/ ३ करोड ६० लाख |
| महाविपाक ८, कुसल विपाक उपेक्खा सन्तीरण चित्त | चातुमहाराजिका | ५०० / ९० लाख |
| महाविपाक ८, कुसल विपाक उपेक्खा सन्तीरण चित्त | मनुस्सलोक | निश्चित छैन |
| अकुसल विपाक उपेक्खा सन्तीरण चित्त | असुरकाय, पेत, तिरच्छान, नरक | निश्चित छैन |



https://dhamma.digital

**रूप प्रतिसन्धि ६ वटा**

| प्रतिसन्धि | भूमि | | | आयु |
|---|---|---|---|---|
| पठमझान विपाक | प.झा.भूमि ब्रह्मपारिसज्जा | ब्रह्मपुरोहिता | महाब्रह्मा | असंख्य ⅓ – ½ – १ |
| दुतिय,ततियझान विपाक | दु.झा.भूमि परित्ताभा | अप्पमाणाभा | आभस्सरा | महाकप्प २– ४– ८ |
| चतुत्थझानविपाक | त.झा.भूमि परित्तसुभा | अप्पमाणासुभा | सुभकिण्हा | महाकप्प १६– ३२– ६४ |
| पञ्चमझानविपाक | चतुत्थझानभूमि | अकनीट्ठ,<br>सुदस्सी,<br>सुदस्सा,<br>अतप्पा,<br>अविहा<br>वेहप्फल | | महाकप्प १६000<br>महाकप्प ८000<br>महाकप्प ४000<br>महाकप्प २000<br>महाकप्प १000<br>महाकप्प ५00 |
| जीवितनवककलाप | चतुत्थझानभूमि | असञ्ञसत्त | | महाकप्प ५00 |

**आरूप्प प्रतिसन्धि चार वटा**

| प्रतिसन्धि | भूमि | आयु |
|---|---|---|
| नेवसञ्ञानासञ्ञायतन विपाक | नेवसञ्ञानासञ्ञायतन | महाकप्प ८४000 |
| आकिञ्चञ्ञायतन विपाक | आकिञ्चञ्ञायतन | महाकप्प ६0000 |
| विञ्ञाणञ्चायनत विपाक | विञ्ञाणञ्चायतन | महाकप्प ४0000 |
| आकासानञ्चायतन विपाक | आकासानञ्चायतन | महाकप्प २0000 |

**एक जन्ममा मिल्ने धर्म तीनवटा**

एक जन्ममा प्रतिसन्धिचित्त, भवङ्ग चित्त र च्यूतिचित्त भूमि जाति सम्प्रयुक्त धर्म र संस्कार हिसाबले एउटै हुने हुन्छ । यस्तै नै एउटा आरम्मण भएको पनि हुने हुन्छ। जुन चित्तले प्रतिसन्धि लिएको हो, उही चित्तले जीवनभर भवङ्गको कार्य निभाउनुको साथै मरण हुने समयमा उही चित्तले नै मरण हुन्छ ।

**कर्म चतुष्क**

**कृत्यको हिसाबले चार थरी कर्म**

**जनककर्म** – प्रतिसन्धिक्षण, प्रवृत्तिक्षणमा विपाकचित्त, चैतसिक, कर्मजरूप इत्यादि फल दिनसक्ने कुसल, अकुसल कर्म । जनककर्मले प्रतिसन्धिक्षणमा प्रतिसन्धि चित्त, चैतसिक, कर्मजरूपहरू, देवविमान, नरकमा धार भएको चक्र इत्यादि कर्मप्रत्यय ऋतुज रूपहरू, त्यस्तै प्रवृत्तिक्षणमा पञ्चविज्ञानचित्तहरू, सम्प्रटिच्छन, सन्तीरण, महाविपाक चित्त इत्यादि नामविपाक, साथै हरेक क्षणमा कर्मजरूपहरू उत्पादन गर्छ ।

**उपत्थम्भक कर्म** – जनककर्म वा जनककर्मको फलविपाकलाई सहयोग गर्ने, टेवा दिने कर्म । उपत्थम्भक कर्मले जनककर्मलाई प्रतिसन्धिक्षण र प्रवृत्तिक्षणमा फलविपाक दिने अवसर प्राप्त हुने गरिकन मदत गर्छ । फलविपाक दिने अवसर प्राप्त भइरहेमा फलविपाकलाई बलियो हुने गरिकन र त्यो फलविपाक लामो समयसम्म टिक्न सक्ने गरिकन पनि सहयोग गर्छ ।

**उपपीलक कर्म** – जनक कर्म वा कर्मविपाकलाई बाधा दिने कष्ट दिने कर्म । अरू कर्म र कर्मविपाकको क्रमलाई विघ्नबाधा दिने कर्मलाई उपपीलक कर्म भनिन्छ। आफ्ना आमाबुबा, गुरुआचार्य वा सत्पुरुषहरूप्रति कुनै अपराध गरेको छ भने त्यो कर्म अतीतका कुसलकर्मले फलविपाक दिने अवसर प्राप्त नहुने गरिकन बाधा दिनसक्छ । अरू कर्मले फल दिइराखेको छ भने पनि त्यो फल बलियो नहुने गरिकन अवरोध खडा गर्छ । भर्खर उम्रेको बिरुवालाई कैंची आदिले काट्दा त्यो बिरुवा लामो समयसम्म रहिरहन नसक्ने भएजस्तै फलविपाक वृद्धि नहुने गरिकन, दीर्घकालसम्म नरहने गरिकन सास्ति गर्ने, अवरुद्ध गर्ने कर्म उपपीलक कर्म हो ।

**उपघातक कर्म** – जनककर्मको फललाई पूर्णरूपमा दिन नसक्ने गरिकन काट्ने वा घात गर्ने कर्म । उपपीलक कर्मले जस्तै सास्ति गर्ने,



https://dhamma.digital

विध्नबाधा दिने मात्र नभइकन कुनै कर्मको फलविपाकलाई पूर्णरूपमै नष्ट गर्ने कर्मलाई उपघातक कर्म भनिन्छ । उपपीलक कर्मले सास्ति गर्दा दुर्बल, बहु रोगी इत्यादि मात्र बनाइदिन सक्छ । उपघातक कर्मले एकैचोटि मार्न सम्म पनि सक्छ । अथवा पूर्णरूपमा फल नदिने बनाउन सक्छ ।

**फल दिने पालोको हिसाबले चार थरी कर्म**

**गरुक कर्म** – अति भारी फल दिन सक्ने कर्मलाई गरुक कर्म भनिन्छ । गरुक कर्म प्राकृतिक स्वभावको हिसाबले नै अति भारी हुन्छ । यो कर्मलाई अरु कुनै पनि कर्मले रोक्न सक्दैन । यसले दोश्रो जन्ममा निश्चितरूपमा फल दिने हुन्छ । कुसलकर्मको पक्षमा महग्गतकर्म र अकुसलकर्मको पक्षमा पञ्चानन्तरियकर्म । पञ्चमहापाप पञ्चानन्तरियकर्म हो । च्युतिचित्तपछि दोश्रो जन्ममा फलदिने कर्म आनन्तरियकर्म हो । मातुघातक, पितुघातक, अरहन्तघातक, लोहितुप्पादक, संघभेदक गरी पाँच आनन्तरियकर्म वा पञ्चमहापापहरू छन् । आमाबुबा भनेर थाहा पाएर होस् वा थाहा नभइकन अन्जानमा नै होस् मार्ने मन भएर माऱ्यो भने मातुघातक, पितुघातक कर्म हुन्छ । अरहन्त ब्यक्तिहरूलाई मार्नु अरहन्तघातक कर्म हुन्छ । भगवान् बुद्धको शरीरमा रगत उत्पन्न गराउने चेतनालाई लोहितुप्पादक कर्म भनिन्छ । संघमा भेद ल्याउने कर्म वा चेतना संघभेदक कर्म हो । एउटै सीमागृहमा भिक्षुसंघ परस्परमा संघकर्म नगरीकन दुई पक्ष बनाएर एकै समयमा एउटै सीमागृहमा संघकर्म गनुपर्ने अवस्था सिर्जना गरी त्यो कार्य सम्पन्न भयोभने यस्तो अवस्थामा पुऱ्याउने ब्यक्तिको संघभेदक कर्म सिद्ध हुन्छ । एउटै सीमागृहमा संघकर्म गर्नुपर्ने अवस्था भएतापनि फरक फरक समयमा संघकर्म गऱ्यो भने संघभेदक कर्म सिद्ध हुँदैन ।

**आसन्न कर्म** – मरणासन्न समयमा सम्झिने, गरिने कर्म आसन्नकर्म हो । कुनै पनि कुसल, अकुसलकर्महरू मर्नुभन्दा धेरै समय अगाडि गरिराखेको र बीच बीचमा याद नआउने वा नसम्झने भइ पछि मरणासन्न अवस्थामा पुग्ने बेलमा सम्झिने हुन्छ । त्यस्ता कर्मलाई



https://dhamma.digital

आसन्नकर्म भनिन्छ। कुनै कुनै कर्महरू जस्तै धर्मदेशना सुन्ने, पूजा गर्ने, एक आपसमा मारपिट गर्ने इत्यादि कर्महरू मर्नु केही समय अगाडि मात्र गरेको पनि हुन्छ। त्यसलाई पनि आसन्न कर्म भनिन्छ।

**आचिण्ण कर्म** – दिनहुँ जसो नित्यरूपमा सँधै गर्दै आएको कर्म । कुसलपक्षमा बुद्धपूजा गर्ने, ध्यानभावना अभ्यास गर्ने, दानपुण्य गर्ने आदि, अकुसलपक्षमा प्राणी हिंसा गरी, चोरी गरी जीविका चलाउने इत्यादि सँधै नियमित रूपमा अभ्यास गरिएका, वृद्धि गरिएका कर्महरू आचिण्ण कर्महरू हुन्। एकचोटि मात्र गरेको कर्म भएतापनि त्यसलाई बारबार सम्झिरहने भयो भने त्यो कर्मलाई पनि आचिण्णकर्म भनिन्छ। अकुसलकर्म गरेर पछि पश्चाताप भइरहने, मनमा डाह हुने, मन दुःखी भइरहने र कुनै कुसलकर्म गरिसकेपछि त्यसलाई बारबार सम्झेर मन खुशी हुने, प्रफुल्ल हुने, सन्तुष्ट भइरहने आदि आचिण्ण कर्म हुनजान्छ। आचिण्णकर्म साँच्चै भरोसा गर्न लायकको छ। यो आचिण्णकर्म नै पछि आसन्नकर्म बन्न जान्छ। आसन्नकर्म र आचिण्णकर्मको प्रकृति स्वभावलाई हेर्ने हो भने आचिण्णकर्म नित्यरूपमा गर्दै आएको हुनाले बढी शक्तिशाली हुन्छ। तर दोश्रो जन्ममा फलविपाक दिने हिसाबले आसन्नकर्म बलियो हुन्छ।

गोठालोले साँझपख गाईवस्तु चराइसकेपछि गोठमा राख्छ। तरुण र बलियो गाई सबैभन्दा पहिला गोठभित्र छिर्ने हुन्छ। दुर्बल र बुढो गाई पछि पर्ने भएर गोठभित्र ढोकाको नजिकै बस्ने हुन्छ। भोलिपल्ट बिहान गाई चराउनलाई गोठको ढोका खोल्दा ढोका नजिकै बसेको गाई ननिस्कुञ्जेलसम्म भित्रको बलियो र तरुण गाईले बाहिर निस्कने मौका पाउँदैन। त्यस्तै आसन्नकर्म दुर्बल भएतापनि मरणासन्नवीथि नजिक भएकोले त्यो आसन्नकर्मको नै बढी प्रभाव रहेको हुन्छ। त्यस्तो आसन्नकर्म छैन भने आचिण्णकर्मले फल दिने हुन्छ।

**कटत्ता कर्म** – पुर्वजन्महरूमा गरिआएको र यो जन्ममा गरुक, आसन्न, आचिण्ण अवस्थामा नपुगिकन, होश नराखिकन वा अन्जानमा सामान्य रूपमा गरेको कर्म हो। गरुक, आसन्न, आचिण्णकर्महरू छैन



https://dhamma.digital

भने यो कटत्ताकर्मले फलविपाक दिने हुन्छ।

**फल दिने समयको हिसाबले चारवटा कर्म**

**दिट्ठधम्मवेदनीय कर्म** – वर्तमान जन्ममा नै फलदिने प्रथम जवनचेतना। यही वर्तमान जीवनमा नै भोग्न पाउने गरिकन फल दिने कर्मलाई दिट्ठधम्मवेदनीयकर्म भनिन्छ। दिट्ठधम्मवेदनीय कर्म भनेर ७ वटा जवनचित्तहरूमध्ये पहिलो जवनचित्तमा रहेको चेतनालाई लिइएको छ। प्रथम जवनचित्त ७ जवनहरूमध्ये सर्वप्रथम उत्पन्न हुने भएर आफु अगाडिको आसेवनशक्तिको सहयोग नपाएको हुनाले दोश्रो, तेश्रो इत्यादि जवनचित्तहरू जस्तो बलियो र शक्तिशाली हुँदैन। त्यसैले अरु जवनचित्तहरूले जस्तो दोश्रो, तेश्रो आदि जन्ममा प्रतिसन्धि फलविपाक दिने क्षमता छैन। यो कर्मले अहिलेको वर्तमान जन्ममा नै फलविपाक दिन सक्नको लागि पनि सम्बन्धित कारण मिल्नुपर्छ, सहयोग पाएको हुनुपर्छ।

**उपपज्जवेदनीय कर्म** – दोश्रो जन्ममा फल दिने सप्तम जवन चेतना। उपपज्जमा उपको अर्थ नजिक रहेको भन्ने छ। त्यसैले उपपज्जको अर्थ नजिकको दोश्रो जन्ममा पुगेर र वेदनीयको अर्थ भोग्न पाउने भन्ने हुन्छ। बीचमा अर्को कुनै भवजन्मको अन्तर नभइकन दोश्रो जन्ममा नै प्रतिसन्धि फल भोग्न पाउने गरी फलविपाक दिने कर्म उपपज्जवेदनीय कर्म हो। त्यसरी फलविपाक दिनसक्ने भनेको ७ जवनचित्तहरूमध्येमा सप्तम जवनचित्तले मात्र अगाडिका जवनचित्तहरूको आसेवनशक्तिको सहयोग पाएर दिनसक्ने हुन्छ। सप्तमजवनचित्त मात्रै कर्म सिद्ध गर्नमा मुख्य केन्द्र हुने हुन्छ। पञ्चानन्तरिय र नियतमिथ्यादृष्टि कर्म, आठ समापत्तिहरू भनेको यो सप्तमजवन चेतना नै हो।

**अपरापरियवेदनीय कर्म** – तेश्रो जन्मदेखि निर्वाण प्राप्त हुञ्जेलसम्ममा अवसर मिल्यो भने फल दिने बीचको पाँच जवन चेतना। दोश्रो जन्मदेखि लिएर निर्वाण लाभ हुञ्जेलसम्मको भवजन्मलाई अपरापरिय भनिन्छ। तेश्रो जन्मदेखि लिएर जन्मजन्मान्तरसम्म भोग्न पाउने गरी फलविपाक दिने कर्मलाई अपरापरियवेदनीय कर्म भनिन्छ। जवनचित्तको



https://dhamma.digital

हिसाबमा दोश्रोदेखि छैंठौं जवनचित्तसम्मको ५ वटा जवनचित्तको चेतना हो। ती ५ जवन चेतनाहरूले तेश्रो जन्मदेखि लिएर निर्वाण प्राप्त हुञ्जेल अवसर मिल्यो भने प्रतिसन्धि आदि फलविपाक दिने हुन्छ।

**अहोसि कर्म** – फलविपाक नदिने कर्म। दिट्ठधम्मवेदनीय, उपपज्जवेदनीय, अपरापरियवेदनीयकर्महरूले फलविपाक दिनुपर्ने समयमा फलविपाक दिएन भने ती कर्महरू अहोसिकर्म हुनजान्छ। अहोसि भनेको कर्म गरेको मात्र हुन्छ, त्यसले फलविपाक दिंदैन। वर्तमान जीवनमा फल दिने धेरै दिट्ठधम्मवेदनीयकर्महरू गरिराखेको छ भने त्यसमा एउटा मात्र कर्मले फल दिन्छ, बाँकी कर्महरू अहोसिकर्म हुनजान्छ। उपपज्जवेदनीयकर्म गर्ने बेलामा पनि कुनै एक कर्मले प्रतिसन्धि फलविपाक दिन्छ भने बाँकी कर्महरूले प्रतिसन्धि विपाक दिनसक्दैन (प्रवृत्ति विपाकफल भने दिनसक्छ।) प्रवृत्तिफलविपाकसमेत दिन सकिएन भने त्यो अहोसि कर्म हुन्छ। सबै पञ्चानन्तरियकर्म गरेको व्यक्तिमा सबैभन्दा शक्तिशाली संघभेदककर्मले दोश्रो जन्ममा प्रतिसन्धिफल दिन्छ, बाँकी सबै आनन्तरियकर्महरू अहोसिकर्म हुनजान्छ। आठ ध्यानसमापत्ति लाभ हुँदा पनि कुनै एक समापत्ति ध्यानले मात्र प्रतिसन्धि फल दिन्छ, बाँकी अहोसिकर्म हुन्छ। यसरी अहोसिकर्म बन्नसक्ने कर्म थुप्रै हुनसक्छ।

**फल दिने स्थानको हिसाबले चारवटा कर्म**

**अकुसलकर्म** – कायकर्म, वचीकर्म र मनोकर्म गरी अकुशल कर्म कर्मद्वार हिसाबले तीन प्रकारले छन्।

**कायकर्म तीनवटा**

**१. पाणातिपात** – प्राणी हिंसा गर्नु। पाणातिपातको अर्थ सत्वप्राणीहरूको प्राण भनिने रूपजीवित र नामजीवितलाई मरण समय आइपुग्नु अगावै शीघ्ररूपमा खसालिदिने वा आयु सकिनु अगावै मार्ने चेतना हो। यसअनुसार स्वयं आफुले हत्या गर्ने भन्ने कायपयोग, मारिदिनु भन्ने वचीपयोगलाई उत्पन्न गराउने वधक चेतना प्राणातिपात हो। यो अकुसलकर्म कर्मपथसिद्ध हुने अवस्था र कर्मपथ सिद्ध नहुने



https://dhamma.digital

अवस्था भनेर छ । कर्मपथ सिद्ध भएमा अपायदुर्गतिमा प्रतिसन्धि फल दिनसक्ने जनकशक्ति निश्चित रूपमा हुन्छ । कर्मपथ सिद्ध नभएमा प्रतिसन्धि फल दिने नदिने निश्चित नभइकन कुनै कर्मले दिनसक्छ, कुनै कर्मले दिंदैन । कर्मपथ सिद्ध हुनको लागि सम्बन्धित अंग पूर्ण भएको छ वा छैन, परिक्षण गर्नुपर्छ ।

**२. अदिन्नादान –** चोरी गर्नु । अरुले नदिएको अरुको सम्पत्तिलाई लिनु अदिन्नादान हो । सम्पत्तिको मालिकले लिखितरूपमा लेखेर होस् वा ल, लिनु भनेर वचनले होस् ,त्यसरी नदिएको सम्पत्तिलाई चोरेर, लुटेर, छलकपट गरेर, जालझेल गरेर इत्यादि रूपमा लिने कायपयोग, वचीपयोगलाई उत्पन्न गराउने चेतनालाई अदिन्नादान भनिन्छ ।

**३. कामेसु मिच्छाचार –** कामविषयमा नीच किसिमले आचरण गर्नु वा ब्यभिचार गर्नु । कानुनअनुसार आफ्नो बशमा रहेको ब्यक्ति बाहेक अरूसंग अनैतिक सम्बन्ध राख्नुलाई कामेसु मिच्छाचार वा परस्त्री, परपुरुष गमन गर्ने भनिन्छ । कामेसु मिच्छाचारलाई साँच्चै निन्दनीय कार्य भनेर उल्लेख गरिएको छ । त्यसैले मिच्छा शब्दलाई मिथ्या भन्ने अर्थ दिनुभन्दा लामक – नीच भन्ने अर्थ दिइएको छ ।

**वचीकर्म चारवटा**

**४. मुसावाद –** असत्य, झूठ कुरा बोल्नुलाई मुसावाद भनिन्छ । प्रायः गरेर वचनद्वारा झूठो बोल्ने भएर मुसावाद भनिएतापनि शरीर वा वचन मध्ये कुनै एकले सही, सत्य कुरालाई असत्य र झूठो, असत्य कुरालाई सत्य भनि लेखेर वा बोलेर गर्ने कार्य सबैलाई मुसावाद नै भन्नुपर्छ ।

**५. पिसुणवाचा –** परस्परमा मिलिराखेका ब्यक्तिहरूलाई विभाजन गरिदिने, छुट्याइदिने, फाटो ल्याइदिने वचनलाई पिसुणवाचा भनिन्छ । पिसुणवाचाले प्रियभावलाई शुन्य बनाइदिन्छ । मित्रलाई शत्रु बनाइदिने वचन वा चेतना दुवैलाई पिसुणवाचा भन्न सकिन्छ । यसरी शत्रुता बढाइदिने कार्य वचीपयोग भनिने वचनले पनि गर्न सक्छ, कायपयोग



https://dhamma.digital

भनिने काय, शरीरले पनि गर्नसक्छ ।

**६. फरुसवाचा –** कर्ण र ह्रदय दुवैमा सुख नदिने कडा वचनलाई फरुसवाचा भनिन्छ । अरूलाई श्राप दिने इत्यादि बोली करौंतीको धार जस्तै खस्रो रुखो हुने भएकोले त्यस्तो वचन बोल्ने चेतनालाई फरुसवाचा भनिएको हो । फरुसवाचामा पनि चेतना मुख्य हुने भएकोले बोलीवचन कडा भएपनि चेतना कोमल, नरम छ भने फरुसवाचा कर्म सिद्ध हुँदैन । त्यसको विपरित बोलीवचन नरम भएर पनि भित्रि चेतना द्वेषयुक्त छ, कडा छ भने त्यो नरमबोली फरुसवाचा हुन्छ ।

**७. सम्पप्फलापवाचा –** अर्थहीन कुराहरू, कुनै पनि फाइदा नगर्ने, अरूको अर्थहित सबै नाश गरिदिने निरर्थक कुरा । कुनै सार नभएका सत्य नभएका कुराहरू, जुन कुराले अरुको अर्थहितमा नराम्रो असर गर्छ भने त्यो सम्पप्फलाप वाचा हुन्छ । शुरुदेखि नै असत्य भएको विषयलाई अरुको हितसुख विनाश हुने गरी भनेमा सम्फप्पलाप हुनजान्छ । शुरुदेखि नै असत्य वचन भएतापनि अर्थहित हुने गरिकन उपमाको रूपमा भनियो वा लेखियो भने सम्फप्पलाप हुँदैन ।

**मनोकर्म तीनवटा**

**८. अभिज्झा –** अरूको धनसम्पत्तिलाई आफुतिर ल्याउन चाहने इच्छा । सामान्य इच्छा नभएर अन्यायपूर्वक नै अरुको सम्पत्तिलाई आफ्नो भए कति हुन्थ्यो भनेर आफुतिर झुकाउन चाहेको, आफ्नो बनाउन चाहको विषमलोभलाई अभिज्झा भनिन्छ ।

**९. ब्यापाद –** अरूको विनाश होस, अरु मरोस् भनेर इच्छा गर्ने । यो द्वेषको स्वभाव हो । तर सामान्य रूपमा रिस उठ्नुलाई ब्यापाद भनिंदैन । साँच्चै नै अरूको विनाश भएको हेर्न चाहेर यो मान्छे मरे नै राम्रो, कहिले मर्ने होला, उसलाई कसरी विनाश गर्न के गर्नुपर्ला भनेर कीराफट्याङ्गा होस् या मानिस नै होस्, कुनै सत्वप्राणीलाई मार्न, ह्रासनाश गर्न चाहेको चेतना ब्यापाद हुन्छ ।

**१०. मिच्छादिट्ठि –** विपरित धारणा वा गलत धारणा ।



https://dhamma.digital

सत्पुरुषहरूले प्रज्ञप्त गरेका सही धर्मलाई नअपनाइकन गलत, असत्य रूपमा देख्ने दृष्टि चैतसिक नै मिथ्यादृष्टि हो । यो दृष्टि पञ्चस्कन्धलार्य आत्माको रूपमा लिने सत्कायदृष्टि, साथै ब्रह्मजाल सूत्रमा देशना गरिएको ६२ प्रकारको मिथ्यादृष्टि, नत्थिकदृष्टि आदि गलत धारणाहरू गरी धेरै प्रकारका छन् । नत्थिकदृष्टि, अहेतुकदृष्टि, अकिरियदृष्टि, यी तीनद्वारा कर्मपथ सिद्ध हुन्छ ।

**अकुसलकर्म बनिने धर्म**

| लोभमूल | द्वेषमूल | लोभ / द्वेषमूल |
|---|---|---|
| कामेसु मिच्छाचार, अभिज्भा, मिच्छादिट्ठि | पाणातिपात, फरुसवाचा, ब्यापाद | अदिन्नादान, मुसावादा, पिसुणवाचा, सम्फप्पलाप |

**अकुसलकर्मको पाकट्ठान**

| | | | |
|---|---|---|---|
| उद्धच्च बाहेक अकुसल चेतना ११ | प्रतिसन्धि क्षण | अपायभूमि ४ | अकुसलविपाक उपेक्खासन्तीरण चित्त १ |
| अकुसलचेतना १२ | प्रवृत्तिक्षण | अपायभूमि ४<br>कामसुगतिभूमि ७<br>रूपावचरभूमि १५ | अकुसलविपाकचित्त ७<br>अकुसलविपाक ७<br>घ्राण, जिह्वा, काय बाहेक अकुसलविपाक ४ |

अकुसलचेतना १२ मध्ये उद्धच्च चेतना बाहेक अकुशलचेतना ११ वटाले अपायदुर्गतिमा उपेक्षासहगत सन्तीरण भन्ने प्रतिसन्धिविज्ञान फलविपाक दिन्छ । उद्धच्च चेतनाले प्रतिसन्धि फलविपाक दिँदैन । उद्धच्चचेतनामा प्रतिसन्धि फलविपाक दिनसक्ने गरीकन पछि लाग्ने सम्प्रयुक्त धर्महरूको सहयोग छैन । उद्धच्चसहगतचित्तमा लोभ, द्वेष, दिट्ठि, मान, इर्ष्या, मात्सर्य, कुक्कुच्च, त्यस्तै शंका गर्ने विचिकिच्छा, यी तीव्र स्वभावका चैतसिकधर्महरू सम्प्रयुक्त छैन । यस्तो स्वभावधर्महरूको



https://dhamma.digital

सहयोग नपाएको हुनाले नयाँ जन्म प्रारम्भ गर्नसक्ने गरीकन प्रतिसन्धिविज्ञान फल दिने क्षमता उद्धच्चसहगत चित्तमा भएको चेतनामा छैन। त्यसकारण उद्धच्चसहगत चित्तले प्रतिसन्धि विज्ञानरूपी फल दिन सक्दैन।

प्रवृत्तिक्षणमा १२ वटा अकुशलचेतनाले सबै कामभूमि र असंज्ञासत्व बाहेकको रूपभूमिमा उचितानुसार ७ वटा अकुशल विपाक फल दिन्छ। रूपभूमिमा ७ वटा अकुशल विपाकमध्ये चक्षुविज्ञान, श्रोतविज्ञान, सम्प्रटिच्छन, सन्तीरण गरी ४ वटा मात्र फल दिन्छ।

**कामावचर कुसलकर्म** – कामावचर कुशलकर्म पनि कायद्वारमा उत्पन्न हुने कायकर्म, वचीद्वारमा उत्पन्न हुने वचीकर्म, मनोद्वारमा उत्पन्न हुने मनोकर्म गरी कर्मद्वारको हिसाबले तीन प्रकारका छन्। त्यस्तै दान शील भावनाको हिसाबले १० प्रकारका कुसलकर्महरू छन्।

**१. दान –** दिनु, त्याग गर्नु। कुनै वस्तु दिन चाहेको चेतनालाई पनि दान भनिन्छ। त्यस्तै दातव्य वस्तुलाई पनि दान भनिन्छ। विशेष गरिकन दानचेतनालाई दान भनिन्छ।

**२. शील –** शारीरिक र वाचसिक क्रियाकलापमा अकुसल नहुने गरिकन राम्रोसंग राख्ने चेतनालाई सील भनिन्छ।

**३. भावना –** समथ र विपस्सना भावना । उत्तम कुसलचित्तलाई सर्वप्रथम उत्पन्न गर्ने र वृद्धि अभिवृद्धि गर्ने भएकोले भावना भनिन्छ। भावना समथभावना र विपस्सना भावना गरी दुई प्रकारका छन्। यहाँ कामकुसलधर्मको ब्याख्या गरिने भएकोले भावना अन्तर्गत दुई प्रकारको भावना वृद्धि गर्दा अर्पणासम्म पुग्नु अगाडि उत्पन्न हुने कामावचर कुसलभावनालाई लिनुपर्छ।

**४. अपचायन –** आफुभन्दा उमेर र गुणको हिसाबले ठूला, महान् भएका ब्यक्तिहरूलाई आदर, सम्मान गर्ने। आमाबुबा, धर्मचारी श्रमणसंघ, गुण उमेर शील समाधि प्रज्ञा शिक्षाको हिसाबले आफुभन्दा माथिका उत्तम ब्यक्तिहरूलाई स्वागत गर्ने, अभिवादन गर्ने, सत्कार



https://dhamma.digital

सम्मान गर्ने आदि विभिन्न कार्यलाई लाभसत्कार, नामदाम आदि केहीको पनि आशा नगरी सम्पादन गर्नुलाई अपचायन भनिन्छ ।

**५. वेय्यावच्च –** आमाबुबा इत्यादि ब्यक्तिहरू, गिलान ब्यक्तिहरू, अरु साथीमित्रहरू, संगै बसेका अरु सहयात्रीहरू आदिको दोष नभएको कार्यमा सहयोग गर्ने, शयनासनवर्त, चेतियङ्गणवर्त आदि कार्य गर्ने, यसलाई वेय्यावच्च भनिन्छ । यो वेय्यावच्च कार्य गर्दा कुनै पनि कुराको आशा नगरिकन सहयोग गर्ने, मदत गर्ने चेतना नै वेय् यावच्च हो ।

**६. पत्तिदान –** आफुले संचय गरेको पुण्य कार्यहरूको पुण्यभाग अरुमा बाँड्ने । सर्वप्रथम आफुले दान इत्यादि पुण्य संचय गर्दा पुण्य गर्ने ब्यक्तिमा प्राप्त भएको पुण्यलाई पत्ति भनिन्छ । त्यो प्राप्त भएको पुण्यको भाग कुनै एकजनालाई होस् वा सम्पूर्ण सत्वप्राणीहरूलाई होस् समान रूपमा पुण्य लाभ होस् भन्ने मनसायले बाँडिदिने वा दान दिने चेतनालाई पत्तिदान भनिन्छ । यसरी बाँडिदिएको कारणले मूल दिने ब्यक्तिमा कुसलपुण्य कम हुने हुँदैन । कम नहुने मात्रै नभइ अझ कुसल वृद्धि समेत हुन्छ ।

**७. पत्तानुमोदन –** अरुले बाँडेको पुण्यभागलाई साधुअनुमोदन गर्ने । अरुले बाँडिदिएको कुसलपुण्यभागमा हर्षित हुने चेतनालाई पत्तानुमोदन भनिन्छ । पुण्यदाताले दिएको पुण्यभागलाई साधुअनुमोदन गरेमात्रै पत्तानुमोदन कुसलपुण्य हुन्छ ।

**८. धम्मस्सवन –** हितउपकार हुने धर्मका कुराहरू श्रवण गर्ने । लाभसत्कार, यशकीर्ति आदि कुनै कुराको चाहना नगरी प्रज्ञा ज्ञान वृद्धि गर्ने उद्देश्यले धर्मश्रवण गर्नु हो ।

**९. धम्मदेसना –** हितउपकार हुने धर्मका राम्रा कुराहरू अरुलाई थाहा दिने वा देशना गर्ने । लाभसत्कार, यशकीर्ति आदि कुनै कुराको आशा नगरी अरु सत्वप्राणीहरूको हितसुखको लागि साँच्चै स्वच्छ मनले, शुद्ध चेतनाले देशना गर्नुलाई धर्मदेशना कुसल भनिन्छ । (दोषरहित



https://dhamma.digital

हस्तकला आदि अरु शिल्पविद्या साथसाथै त्रिपिटक अन्तर्गतका कुराहरू सिकाउनुलाई पनि धर्मदेशनामा नै समावेश गरिएको पाइन्छ ।)

**१०. दिट्ठिजुकम्म –** ऋजु दृष्टि हुनु । सहीरूपमा जान्न देख्न सक्ने ज्ञान हो । त्यो ज्ञानले नै सम्बन्धित धर्महरूलाई सही गर्नसक्ने, सीधा गर्न सक्ने भएकोले उजुकम्म पनि भनिन्छ । कर्म र कर्मफलमा विश्वास गर्ने कर्मश्यकता सम्यक्दृष्टि भयो भने दिट्ठिजुकम्म हुन्छ । विभिन्न प्रकारका सत्वप्राणीहरूको विषयमा विचार चिन्तन गरियो भने कर्म मात्रै सत्वप्राणीहरूको पछि पछि लाग्न सक्छ । भौतिकवस्तु केही पनि पछि लाग्दैन । आफ्नो भन्नु नै कर्म मात्रै छ भनेर जान्ने ज्ञान कर्मश्यकता सम्यकदृष्टि हो । आफुमा यस्तो ज्ञान भयो भने दिट्ठिजुकम्म हुन्छ ।

**कामावचर कुसलकर्मको पाकट्ठान**

| | | | |
|---|---|---|---|
| महाकुसल चेतना ८ | प्रतिसन्धि क्षण | कामसुगतिभूमि ७ | अहेतुक कुसलविपाक उपेक्खासन्तीरण चित्त १<br>महाविपाक ८, ९ |
| | प्रवृत्तिक्षण | अपायभूमि ४<br>कामसुगतिभूमि ७<br>रूपावचरभूमि १५ | अहेतुक कुसलविपाकचित्त ८<br>अहेतुक कुसलविपाकचित्त ८<br>महाविपाक ८, १६<br>घाण, जिह्वा, काय बाहेक अहेतुक कुसलविपाक ५ |

कामावचर कुशल चेतना ८ वटाले कामसुगतिभूमि ७ वटामा ९ प्रकारको प्रतिसन्धि विज्ञान फल दिन्छ । ९ प्रकारको प्रतिसन्धि विज्ञान फल भनेको महाविपाक ८ वटा र अहेतुक कुशलविपाक उपेक्षासन्तीरण १ वटा हो । कामावचर कुशल चेतना ८ वटाले प्रवृत्तिक्षणमा महाविपाक ८ वटालाई कामसुगति भूमि ७ वटामा मात्र दिन्छ । अपायभूमि र रूप, अरूपभूमिहरूमा दिन सक्दैन । प्रवृत्तिक्षणमा अहेतुक कुशलविपाक ८ वटा फल दिंदा सबै कामभूमिमा दिनसक्छ । १५ रूपभूमिमा चक्षुविज्ञान, श्रोतविज्ञान, सम्प्रटिच्छन, सन्तीरण २ गरी कुसलविपाक ५ वटा मात्र दिन सक्छ ।



https://dhamma.digital

यसअनुसार महाकुशल चेतना (कामावचर कुशल चेतना) को फल भनेको महाविपाक ८ र अहेतुक कुशलविपाक ८ वटा हुन्छन्। ७ कामसुगतिभूमिमा सबै १६ वटा फल दिन सक्छ। अपायभूमिमा अहेतुक कुशल विपाक ८ वटा मात्र दिन सक्छ। १५ रूपभूमिमा घ्राण, जिव्हा, काय बाहेक ५ वटा फल मात्र दिन सक्छ।

**तिहेतुक, द्विहेतुक**

कुसल कार्य गर्ने समयमा कम्मस्सकता ज्ञान/विपस्सनाज्ञान समावेश छ भने तिहेतुक कुसल अथवा अलोभ, अद्वेष र अमोह भन्ने तीन कुसलहेतुले युक्त छ भने तिहेतुक कुसल हुन्छ। अमोह हेतु छैन भने द्विहेतुक कुसल हुन्छ। महाकुसल ८ वटामा तिहेतुक कुसल महाकुसल ज्ञानसम्प्रयुक्त चित्त ४ र द्विहेतुक कुसल महाकुसल ज्ञानविप्रयुक्त चित्त ४ छन्।

**उत्कृष्ट, हीन (ओमक)**

कुसल कार्य गर्ने समयमा वरिपरि पुब्बचेतना, अपरचेतना राम्रो छ भने उत्कृष्ट कुसल हुन्छ। कुनै एउटा वा सबै चेतना बिग्रेको छ भने ओमक वा हीन कुसल हुन्छ।

| | |
|---|---|
| तिहेतुक उत्कृष्ट कुसल महाकुसल ञाणसम्पयुत्त ४ | प्रतिसन्धि क्षण महाविपाक ञाणसम्पयुत्त ४<br>प्रवृत्ति क्षण महाविपाक ८, अहेतुक कुसल विपाक ८ **- १६** |
| तिहेतुक ओमक कुसल, महाकुसल ञाणसम्पयुत्त ४ | प्रतिसन्धि क्षण महाविपाक ञाणविप्पयुत्त ४<br>प्रवृत्ति क्षण महाविपाक ञाणविप्पयुत्त ४, अहेतुक कुसल विपाक ८ **- १२** |
| द्विहेतुक उत्कृष्ट कुसल, महाकुसल ञाणविप्पयुत्त ४ | प्रतिसन्धि क्षण महाविपाक ञाणविप्पयुत्त ४<br>प्रवृत्ति क्षण महाविपाक ञाणविप्पयुत्त ४, अहेतुक कुसल विपाक ८ **- १२** |
| द्विहेतुक ओमक कुसल महाकुसल ञाणविप्पयुत्त ४ | प्रतिसन्धि क्षण अहेतुक कुसलविपाक उपेक्खासन्तीरण १<br>प्रवृत्ति क्षण अहेतुक कुसल विपाक ८ |



https://dhamma.digital

**रूपावचर कुसलकर्म –** रूपावचर कुशलकर्म मनोकर्म मात्रै हुन्छ । त्यो रूपावचार कुशलकर्मलाई दान, शीलद्वारा उत्पन्न गर्न सकिंदैन । यो भावनामय पुण्यकर्म हो । कसिणध्यान इत्यादि गरेर मात्र यो महग्गत कुशलकर्म उत्पन्न हुन्छ । यो कर्म ध्यानअङ्गको प्रभेदले पाँच प्रकारका हुन्छन् ।

**रूपकर्मको पाकट्ठान**

ध्यानसंग सम्प्रयुक्त भएको छन्द, वीरिय, चित्त, वीमंस (प्रज्ञा) भन्ने चार अधिपतिधर्महरूमध्ये ध्यान लाभ हुँदा कुनै एउटाले अधिपतिको रूप लिएको हुन्छ । ती अधिपतिधर्महरू हीन भए परित्तध्यान हुन्छ, मध्यम भए मध्यम ध्यान हुन्छ र प्रणीत भए प्रणीतध्यान हुन्छ । त्यो हीन, मध्यम र प्रणीत भएअनुसार प्रथमध्यान कुसलले क्रमशः ब्रह्मपारिसद्य, ब्रह्मपुरोहित र महाब्रह्मा भूमि भनिने प्रथमध्यानभूमिमा प्रतिसन्धि फल दिन्छ ।

हीन द्वितियध्यान, तृतियध्यान कुशलले परित्ताभा भूमिमा, मध्यम कुशलले अप्पमाणाभाभूमिमा र प्रणीत कुशलले आभस्सराभूमिमा द्वितियध्यान, तृतियध्यान विपाक फल दिन्छ । हीन चतुर्थध्यान कुशलले परित्तसुभा भूमिमा, मध्यम कुशलले अप्पमाणसुभाभूमिमा र प्रणीत कुशलले सुभकिण्हाभूमिमा चतुर्थध्यान विपाक फल दिन्छ । पञ्चमध्यान कुशलले वेहप्फलभूमिमा पञ्चमध्यान विपाक फल दिन्छ । संज्ञारहित भएको त्यो पञ्चमध्यानले असंज्ञासत्वभूमिमा फल दिन्छ । पञ्चमध्यान लाभ गरेका अनागामीहरू सुद्धावासभूमिमा उत्पन्न हुन्छ । त्यसमा पनि श्रद्धा तीव्र भएको अनागामी अविहाभूमिमा, वीर्य तीव्र भएको अनागामी अतप्पाभूमिमा, स्मृति तीव्र भएको अनागामी सुदस्साभूमिमा, समाधि तीव्र भएको अनागामी सुदस्सीभूमिमा र प्रज्ञा तीव्र भएको अनागामी अकनिट्ठभूमिमा उत्पन्न हुन्छन् ।

**अरूपावचर कुसलकर्म –** अरूपावचर कुशलकर्म पनि मनोकर्म मात्रै हुन्छ । त्यो कुशलकर्मलाई पनि दान, शीलद्वारा उत्पन्न गर्न सकिंदैन । यो भावना अभ्यास गरेर मात्रै यो पुण्यकर्म उत्पन्न हुन्छ । यो कुसलकर्म



https://dhamma.digital

आकाश आरम्मण आदि चार आरम्मणको प्रभेदले चार प्रकारका छन् ।

**अरुपावचर कुसलकर्मको पाकट्ठान**

आकाशानन्त्यायतन आदि कुसलले क्रमशः आकाशानन्त्यायतनभूमि आदिमा प्रतिसन्धि फल दिन्छ ।

**केचिवाद संग्रह गाथा**

| | |
|---|---|
| तिहेतुक उत्कृष्ट कुसल (महाकुसल ञाणसम्पयुत्त असंस्कारिक २/ ससंस्कारिक २) | प्रतिसन्धि क्षण महाविपाक ञाणसम्पयुत्त असंस्कारिक २/ ससंस्कारिक २ प्रवृत्ति क्षण महाविपाक असंस्कारिक/ससंस्कारिक ४, अहेतुक कुसल विपाक ८ - १२ |
| तिहेतुक ओमक कुसल (महाकुसल ञाणसम्पयुत्त असंस्कारिक २/ ससंस्कारिक २) | प्रतिसन्धि क्षण महाविपाक ञाणविप्पयुत्त असंस्कारिक २/ ससंस्कारिक २ प्रवृत्ति क्षण महाविपाक ञाणविप्पयुत्त असंस्कारिक/ससंस्कारिक २, अहेतुक कुसल विपाक ८ - १० |
| द्विहेतुक उत्कृष्ट कुसल (महाकुसल ञाणविप्पयुत्त असंस्कारिक २/ ससंस्कारिक २) | प्रतिसन्धि क्षण महाविपाक ञाणविप्पयुत्त असंस्कारिक २/ ससंस्कारिक २ प्रवृत्ति क्षण महाविपाक ञाणविप्पयुत्त असंस्कारिक २/ ससंस्कारिक २, अहेतुक कुसल विपाक ८ **- १०** |
| द्विहेतुक ओमक कुसल (महाकुसल ञाणविप्पयुत्त असंस्कारिक २/ ससंस्कारिक २) | प्रतिसन्धि क्षण अहेतुक कुसलविपाक उपेक्खासन्तीरण १<br>प्रवृत्ति क्षण अहेतुक कुसल विपाक ८ |

## ४. चुति पटिसन्धिक्रम

**मरण हुने चार कारण**

आयुक्षय हुनाले, कर्मक्षय हुनाले, आयु र कर्म दुवै क्षय हुनाले र नजिकै बसेर छेदन गर्ने कर्मले सत्वहरूको मरण हुने हुन्छ । कर्मको आनुभाव नसकिएतापनि सत्वप्राणीहरूको निर्धारित आयु सकेर मृत्यु हुनु



https://dhamma.digital

आयुक्षय मरण हो । ती जन्महरूमा आयु नसकिएतापनि कर्म दुर्वल भइ कर्मको आनुभाव सकिएकोले मृत्यु हुनु कर्मक्षय मरण हो । निर्धारित आयु पनि सकिएको र कर्म पनि सकिएकोले मरण हुनु उभयक्षय मरण हो । आयु र कर्म दुवै बाँकी भएतापनि अतीत जन्ममा गरिएको कुनै उपच्छेदक कर्मले मृत्यु हुनु उपघातक मरण हो ।

**मरणअवस्थामा निमित्त देखिने आरम्मण**

ती चार कारणले मरण हुने सत्वहरूलाई मरण अवस्थामा अर्को जन्ममा प्रतिसन्धि उत्पन्न गराउन सक्ने कुशल अकुशल कर्म, अथवा त्यस कुशल अकुशल कर्म गरेको अवस्थामा देखेका, भेटेका सम्बन्धित आरम्मण रूपी कर्मनिमित्त अथवा पछि उत्पन्न हुने जन्ममा उपलब्ध हुने, उपभोग पनि हुने गर्भासय, नर्कभूमि, पानी, नरकपाल, नर्कको आगोको ज्वाला, कालो कुक्कुर, देव अप्सरा, विमान कल्पवृक्ष आदि गतिनिमित्त, यी तीन मध्ये कुनै एउटा ६ द्वार मध्ये एकनएक द्वारमा अगाडि देखिन आउने हुन्छ ।

त्यसरी देखापर्न आएको समयपछि त्यस कर्म, कर्मनिमित्त र गतिनिमित्त भनिने आरम्मणलाई नै आरम्मण गरेर फल दिने कर्मअनुसार परिशुद्ध वा धमिलो(अपरिशुद्ध) भएको र पुग्ने भवजन्मअनुसार त्यस भवजन्मतिर झुकेको जस्तो भएर चित्तको क्रम अटूट रूपले प्रायः उत्पन्न हुने हुन्छ । अथवा प्रतिसन्धि उत्पन्न गराउने कर्म अहिले नै गरिराखेको जस्तो हुने गरी मनोद्वारमा प्रकट हुनआउँछ ।

मरणको निकै नजिक पुगिरहेको ब्यक्तिमा मरणासन्न वीथिचित्तको अन्त्यमा होस् या त्यो वीथिपछि भवंग अवतरण भइसकेपछि होस् वर्तमान जन्मको अन्तिम चित्त भएको च्युतिचित्त उत्पन्न भएर निरोध हुन्छ । त्यसको लगत्तै त्यो मरणासन्न वीथिको आरम्मणलाई नै आरम्मण गरेर हृदयवस्तुरूपलाई आधार लिएर वा नलिइकन अविद्याअनुशयले घेरिएको र तृष्णाअनुशय नै मूलकारण भएको कुशल अकुशल कर्म संस्कारद्वारा उत्पन्न गरिएको पुरानो जन्म र नयाँ जन्मलाई जोड्ने प्रतिसन्धि भन्ने चित्त उत्पन्न हुन्छ । त्यो प्रतिसन्धि चित्त उत्पन्न हुने बित्तिकै नयाँ जन्म



https://dhamma.digital

प्रारम्भ हुन्छ। त्यो प्रतिसन्धि विज्ञानलाई फस्स, वेदना इत्यादि सम्प्रयुक्त धर्महरूले घेरिएको हुन्छ । साथै कर्मजरूपहरू पनि एकसाथ आएको हुन्छ ।

मरणासन्न वीथिमा वस्तुरूप दुर्बल भइसकेको हुनाले मरणासन्न जवनचित्त ५ चोटि मात्र अवतरण हुन्छ । मरणासन्न अवस्थामा कर्मनिमित्त वा गतिनिमित्त आरम्मणहरू प्रकट भएमा ती आरम्मणहरू अतीत वा वर्तमान भइ ६ द्वारमा प्रकट हुनसक्छ। कर्म आरम्मण प्रकट भएमा अतीत मात्र भइ मनोद्वारमा मात्र प्रकट हुनसक्छ । यी कर्म, कर्मनिमित्त, गतिनिमित्त आरम्मणहरू कामप्रतिसन्धिको लागि लिने काम आरम्मणहरू हुन् ।

मरणासन्नवीथि सामान्य रूपमा ४ प्रकारका छन् ।

१. जवनपछि चुति – ती न द प च सं ण वो ज ज ज ज ज चुति पतिसन्धि भ १५/१६ मनोद्वारावज्जन ज ज ज ज ज ज ज भ भ भ.................... चुति

२. तदारम्मण पछि चुति – ती न द प च सं ण वो ज ज ज ज ज त त चुति पतिसन्धि भ १५/१६ मनोद्वारावज्जन ज ज ज ज ज ज ज भ भ भ......................

३. जवनपछि भवङ्ग, पछि चुति – ती न द प च सं ण वो ज ज ज ज ज भ चुति पतिसन्धि भ १५/१६ मनोद्वारावज्जन ज ज ज ज ज ज ज भ भ भ......................

४. तदारम्मण पछि भवङ्ग, पछि चुति – ती न द प च सं ण वो ज ज ज ज ज त त भ चुति पतिसन्धि भ भ १५/१६ मनोद्वारावज्जन ज ज ज ज ज ज ज भ भ भ......................

**रूप प्रतिसन्धि** लिने प्राणीहरूको मरणासन्न वीथिमा प्रज्ञप्ति कर्मनिमित्त आरम्मणहरू प्रकट हुनेहुन्छ । कर्म र गतिनिमित्त प्रकट हुँदैन । त्यसकारण १५ वटा रूपभूमिबाट च्युत भएका ब्रह्माहरू लाभ भएका ध्यानअनुरूप अरु रूप, अरूपभूमिहरूमा उत्पन्न हुनसक्छन् ।



https://dhamma.digital

रूपभूमिमा विभिन्न कायकर्म वचीकर्म पनि हुने भएकोले ध्यान लाभ भएन भने त्यो कर्मअनुसार कामभूमिमा द्विहेतुक तिहेतुक प्रतिसन्धि लिन सक्छन् । रूप प्रतिसन्धिको आरम्मण भनेको पृथ्वी कसिण इत्यादि वर्तमान प्रज्ञप्ति कर्मनिमित्त हुन्छ ।

**असंज्ञासत्व** प्राणीहरूमा रूपधर्म मात्र छ, नामधर्म नभएको हुनाले **जीवितनवक कलापरू**पले प्रतिसन्धि लिन्छन् । असंज्ञासत्व भूमिमा अरु ध्यान लाभ गर्न नसक्ने भएकोले त्यो भूमिबाट च्युत भएका ब्रह्माहरू रूप, अरूप भूमिमा प्रतिसन्धि लिन सक्दैनन् । कामभूमिमा नै द्विहेतुक तिहेतुक प्रतिसन्धि लिने हुन्छन् ।

**अरूप प्रतिसन्धि** लिने प्राणीहरूको मरणासन्नवीथिमा **महग्गत कर्मनिमित्त वा प्रज्ञप्तिकर्मनिमित्त** आरम्मणहरू उचितानुसार प्रकट हुनेहुन्छ । अरूप प्रतिसन्धिमा आकासानन्त्यायतन प्रतिसन्धिको आरम्मण आकाशप्रज्ञप्तिधर्म र आकिञ्चन्यायतन प्रतिसन्धिको आरम्मण नत्थिभाव प्रज्ञप्तिधर्म हुन्छ । विज्ञानन्त्यायतन प्रतिसन्धिको आरम्मण आकाशानन्त्यायतनकुशल भन्ने अतीत महग्गत कर्मनिमित्त हुन्छ । नैवसंज्ञानासंज्ञायतन प्रतिसन्धिको आरम्मण आकिञ्चन्यायतन कुशल भन्ने अतीत महग्गत कर्मनिमित्त हुन्छ । अरूपभूमिबाट च्युत भएका अरूपब्रह्माहरू उही भूमिमा र माथि माथिका भूमिमा उत्पन्न हुनसक्छन् । तर आफ्नो भूमिभन्दा तल्लो भूमिमा प्रतिसन्धि लिन सक्दैनन् । अरूपब्रह्माहरू अहिले पुगिराखेको भूमिसंग सम्बन्धित ध्यान र त्यो ध्यानलाई नै आधार बनाएर माथिल्लो ध्यानहरू लाभ गर्नसक्छन् । तर लाभ भइरहेको भन्दा तल्लो ध्यान लाभ गर्नसक्दैनन् । (आधारभूत ध्यान नभएको हुनाले) । कामभूमिमा जन्म भयो भने महाविपाक ज्ञानसम्प्रयुक्त चित्त ४ मध्येबाट कुनै एकले प्रतिसन्धि लिन्छन् ।

ब्रह्मलोक पुगिसकेका कुनै पनि **आर्य ब्रह्माह**रुको फेरि कामभूमिमा प्रतिसन्धि हुँदैन । ब्रह्माभूमिभित्र पनि माथिल्लो भूमिमा पुगिसकेका आर्यहरू तल्लो भूमिमा उत्पन्न हुँदैनन् । **वेहप्फल, अकनिट्ठ र नैवसंज्ञानासंज्ञायतन (भूमिसीस)** भूमिमा पुगिसकेका आर्य ब्रह्माहरू



https://dhamma.digital

अरु कुनैपनि भूमिमा उत्पन्न हुँदैनन् । अकनिट्ठभूमिमा पुगेको अनागामि ब्रह्मा भए त्यो भूमिमा समेत फेरि उत्पन्न हुँदैन । वास्तवमा सुद्धावास भूमिमा एकचोटि पुगेका सबै अनागामि ब्रह्माहरू उही भूमिमा फेरि फेरि उत्पन्न हुँदैनन् । अरु वेहप्फल र नैवसंज्ञानासंज्ञायतनभूमिमा पुगेका आर्य ब्रह्माहरू त्यो भूमिमा फेरि फेरि उत्पन्न हुनसक्छन् ।

यसरी प्रतिसन्धि लिएका ब्यक्तिहरूमा त्यो प्रतिसन्धि चित्त निरोध भएलगत्तै १५/१६ जति भवंग चित्तहरू उत्पन्न हुन्छन् । यी भवंग चित्तहरूले प्रतिसन्धि चित्तले लिएको आरम्मणलाई नै लिन्छन् । यी भवंग चित्तहरू वीथिचित्त उत्पन्न नभएको क्षणमा भवजन्मलाई अटुटरूपमा जोडिराख्ने हिसाबले नदीको श्रोत झैं निरन्तर उत्पन्न हुने हुन्छन् । वीथिचित्तक्रम टुट्ने समयमा भवंग चित्त उत्पन्न भएन भने भवजन्म टुटेर मरण हुनुपर्ने हुन्छ । त्यसैले पनि भवको अंग (भवजन्मको कारण भएको) ले भवंग भनेर भनिन्छ । भवजन्मको अन्त्यमा प्रतिसन्धि चित्तसंग समान भएको चित्त नै च्युति चित्तको रूपमा उत्पन्न भएर निरोध हुन्छ । एक जन्ममा प्रतिसन्धि, भवंग र च्युतिचित्तको आरम्मण समान हुन्छ । च्युति चित्तको निरोध भएपछि (अरहन्त ब्यक्ति बाहेक अरुमा) फेरि प्रतिसन्धि चित्त उत्पन्न हुन्छ । यसरी प्रतिसन्धि, भवंग, च्युति चित्तहरू रथको पाङ्ग्रा जस्तै निरन्तर रूपमा घुमिरहन्छ । र यसलाई संसारचक्र भनिन्छ ।

Dhamma.Digital

**च्यूतिचित्त पछि प्रतिसन्धि हुने**

| च्युत भएको भूमि | च्युति चित्त | प्रतिसन्धि लिने भूमि | प्रतिसन्धि चित्त |
|---|---|---|---|
| अपायभूमि ४ | दुग्गति अहेतुक चुति १ | कामभूमि ११ | दुग्गति अहेतुक प्रतिसन्धि १<br>सुगति अहेतुक प्रतिसन्धि १<br>द्विहेतुक प्रतिसन्धि ४<br>तिहेतुक प्रतिसन्धि ४ |
| | | | कामप्रतिसन्धि १० |



https://dhamma.digital

| | | | |
|---|---|---|---|
| मनुष्यभूमि<br>चातुमहाराजिकभूमि | सुगति अहेतुक चुति १<br>द्विहेतुक चुति ४ | कामभूमि ११ | कामप्रतिसन्धि १० |
| कामसुगति ७ | तिहेतुक चुति ४ | अपायभूमि ४<br>कामसुगति ७<br><br><br>असञ्ञसत्तभूमि १<br>रूपभूमि १५<br>अरूपभूमि ४ | दुग्गति अहेतुक प्रतिसन्धि १<br>सुगति अहेतुक प्रतिसन्धि १<br>द्विहेतुक प्रतिसन्धि ४<br>तिहेतुक प्रतिसन्धि ४<br>जीवितनवकरूप १<br>रूपप्रतिसन्धि ५<br>अरूपप्रतिसन्धि ४ |
| | | भूमि ३१ | प्रतिसन्धि २० (१९, १) |
| असञ्ञसत्तभूमि | असञ्ञसत्तरूपचुति १ | कामसुगति ७ | द्विहेतुक प्रतिसन्धि ४<br>तिहेतुक प्रतिसन्धि ४ |
| | | | सहेतुक प्रतिसन्धि ८ |
| रूपभूमि १५ | रूपावचरचुति ५ | कामसुगति ७<br><br>असञ्ञसत्तबाहेक रूपभूमि १५<br>अरूपभूमि ४ | द्विहेतुक प्रतिसन्धि ४<br>तिहेतुक प्रतिसन्धि ४<br>रूपप्रतिसन्धि ५<br><br>अरूपप्रतिसन्धि ४ |
| | | भूमि २६ | प्रतिसन्धि १७ |
| आकासानञ्चायतनभूमि | आकासानञ्चायतनचुति १ | कामसुगति ७<br>अरूपभूमि ४ | तिहेतुक प्रतिसन्धि ४<br>अरूपप्रतिसन्धि ४ |
| विञ्ञाणञ्चायतनभूमि | विञ्ञाणञ्चायतनचुति १ | कामसुगति ७<br>आकास बाहेक अरूपभूमि ३ | तिहेतुक प्रतिसन्धि ४<br>आकासबाहेक अरूपप्रतिसन्धि ३ |
| आकिञ्चञ्ञायतनभूमि | आकिञ्चञ्ञायतनचुति १ | कामसुगति ७<br>आकास, विञ्ञाण बाहेक अरूपभूमि २ | तिहेतुक प्रतिसन्धि ४<br>आकास, विञ्ञाण बाहेक अरूपप्रतिसन्धि २ |
| नेवसञ्ञानासञ्ञायतनभूमि | नेवसञ्ञानासञ्ञायतनचुति १ | कामसुगति ७<br>आकास, विञ्ञाण, आकिञ्च बाहेक अरूपभूमि १ | तिहेतुक प्रतिसन्धि ४<br>आकास, विञ्ञाण, आकिञ्च बाहेक अरूपप्रतिसन्धि १ |



https://dhamma.digital

# रूप काण्ड – ६

चार प्रकारका परमार्थधर्महरूमा रूप पनि एक परमार्थ धर्म हो । रूपपतीति रूपं भन्ने विग्रहअनुसार परिवर्तन हुने स्वभाव भएकोले रूप भनिन्छ । के कति कारणले परिवर्तन हुन्छ त ? शीत, उष्ण, भोक, प्यास, कीरा फट्याङ्ग्राहरूको टोकाइ इत्यादि कारणले अगाडिको रूपक्रमसंग समान नभएको पछिको रूपक्रम उत्पन्न हुन्छ र त्यसलाई नै परिवर्तन हुनु भनिन्छ । विपरीत कारणधर्महरूसंग संगम हुने बेलामा परिवर्तन हुने वा विनाश हुने स्वभावलाई रूप भनिन्छ ।

**२८ वटा रूपको स्वरूप**

| महाभूतरूप ४ | प्रसादरूप ५ | विसयरूप ७ | भावरूप २ | | विञ्ञत्तिरूप २ | विकाररूप ५ | लक्खणरूप ४ |
|---|---|---|---|---|---|---|---|
| पथवी धातु<br>आपोधातु<br>तेजोधातु<br>वायोधातु | चक्खुपसाद<br>सोतपसाद<br>घाणपसाद<br>जिह्वापसाद<br>कायपसाद | रूपारम्मण<br>सद्दारम्मण<br>गन्धारम्मण<br>रसारम्मण<br>फोट्ठब्बारम्मण | इत्थिभाव<br>पुम्भाव | हदयरूप<br>जीवितरूप<br>आहाररूप<br>आकासरूप | कायविञ्ञत्ति<br>वचीविञ्ञत्ति | लहुता<br>मुदुता<br>कम्मञ्ञता<br>कायविञ्ञत्ति<br>वचीविञ्ञत्ति | उपचय<br>सन्तति<br>जरता<br>अनिच्चता |

रूप २८ प्रकारका छन् । त्यसलाई महाभूतरूप र उपादारूप गरी २ प्रकारमा विभाजन गरिएको छ । उपादारूपहरूभन्दा स्वभाव लक्षण र द्रब्यको हिसाबले बढी प्रकट भएको रूपलाई महाभूत रूप भनिन्छ । ती महाभूतरूपको आधार लिएर उत्पन्न हुने रूपलाई उपादारूप भनिन्छ । महाभूतरूपहरू परस्परमा पनि आधार बन्छन् । अरु उपादारूपको पनि आधार हुन्छन् ।

महाभूत र उपादा रूपहरूको द्रब्य, स्वभाव आदि समान हुन सक्दैन । रूपकलापहरू संग्रहित भएर मानिसहरूले देख्न थाहा पाउन सक्ने गरी रूपसण्ठान आकार इत्यादि प्रकट हुनु भनेको वर्ण, गन्ध आदि धेरै उपादारूपहरू संग्रहित भएर नभइकन महाभूतरूपहरू धेरै संग्रहित भइरहेको वा जम्मा भइरहेकोले हो । महाभूतरूपहरू द्रब्य विशाल हुने मात्र नभइकन स्वभावले पनि वर्ण गन्ध आदि उपादारूपभन्दा बढी



https://dhamma.digital

प्रकट छन् । यो संसारमा पानी, पृथ्वी, वायु, आगो अति प्रकट हुनु भनेको आधार भएको महाभूतरूपको शक्तिले हो । त्यसकारण द्रब्य, स्वभावले विशाल भएर प्रकट भएका रूपहरूलाई महाभूतरूप भनिन्छ । महाभूतरूप ४ वटा छन् । पथवीधातु, आपोधातु, तेजोधातु, वायोधातु ।

## चार महाभूत रूप

### पथवीधातु (पृथ्वीधातु)

स्थल वा ठाउँ, आधारको हिसाबले प्रकट हुने भएकोले पृथ्वी भनिन्छ । आफ्नो स्वभावलाई धारण गर्ने भएकोले धातु भनिन्छ । पृथ्वीधातुमा दृढ हुने स्वभाव, कडा स्वभाव छ। कडा स्वभाव भनिएतापनि त्यो भन्दा कडा विषयवस्तुको अगाडि नरम हुनजान्छ। त्यसैले कडा र नरम दुवै स्वभाव पृथ्वीधातुमा हुन्छ। पृथ्वीधातुले आफुसंगै उत्पन्न हुने अरु रूपधर्महरूलाई आधार दिन्छ। यसमा अरू सहजात रूपधर्महरूलाई ग्रहण गर्ने क्षमता छ। ती ती रूपकलापहरूमा भएको कडा र दृढ स्वभाव नै पृथ्वी धातुको लक्षण हो । प्रकृति पृथ्वी जमीनको कडापन भन्नु पनि पृथ्वीधातुको शक्तिअनुसार थुप्रै रूपहरू जम्मा भइरहेकोले हो। प्राकृतिक जमीनले रूख इत्यादिको आधार भएर, ती रूख आदि नढल्ने गरीकन थामिराखे जस्तै पृथ्वीधातु पनि अरु सहजात रूपधर्महरूको आधार स्थान हो । विपस्सना भावना अभ्यासकर्ताहरूले पृथ्वीधातुलाई अरु सहजात रूपधर्महरूलाई ग्रहण गरिराखेको रूपमा ज्ञानले देख्ने हुन्छ ।

### आपोधातु

सहजात रूपहरूमा फैलिन सक्ने स्वभावलाई आपो भनिन्छ । पानीले जुन जुन विषयलाई छुन्छ, ती ती विषयमा फैलिएर गएजस्तै सहजात रूपहरूमा फैलिने स्वभाव भएकोलाई आपोधातु भनिन्छ। आपो धातुको बग्ने स्वभाव (सोसिएर जाने स्वभाव) छ । यसले सहजातरूपहरूलाई वृद्धि गरिदिन्छ। आपोधातुको वृद्धि गरिदिने कार्यले गर्दा बोट बिरुवाहरू, सत्वप्राणीहरू ठूलो हुँदै जान्छ। साथै यसमा ती रूपहरूलाई जम्मा गर्ने, संकलन गर्ने, संग्रह गर्ने स्वभाव छ। पिठोमा पानी हाल्दा पिठो छरपस्ट



https://dhamma.digital

नभएजस्तै नै सहजातरूपलाई त्यसरी छरपस्ट नहुने गरीकन जम्मा गर्ने स्वभाव आपोधातुमा छ ।

तेजोधातु

सहजातरूपहरूलाई परिपक्व बनाइदिने (पकाउने) उष्ण स्वभाव लक्षणलाई तेजोधातु भनिन्छ । प्रकृति आगोले विभिन्न विषयहरूलाई पकाइदिए जस्तै सहजात रूपधर्महरूलाई पकाउने वा परिपक्व बनाउने स्वभाव तेजो धातुको हो । पकाउने भन्नु पनि सुख्खा हुने गरीकन पकाउने हैन, आपोधातुको कारणले ओसिलो भइरहेको वा भिजिरहेको विषयलाई त्यो ओसिलोपन नहुने गरीकन मात्र पकाउने हो । लोह, मैन आदिलाई आगोले नरम, लचिलो, कोमल बनाइदिएजस्तै यसले सहजात रूपधर्महरूलाई नरम, लचिलो, कोमल बनाइदिन्छ । तेजो धातु शीत तेजो र उष्ण तेजो गरी दुई प्रकारका छन् ।

स्कन्ध शरीरमा उस्मा भनिने तापक्रम छ । यसको कारणले जाडोयाममा न्यानो भएर गर्मीयाममा शीतल हुने गर्दछ । त्यो न्यानो र शीतल ताप पनि तेजोधातु नै हो । मानिसहरूमा कपाल फुल्नु, दाँत झर्नु, आँखा धमिलो हुँदै जानु, छाला चाउरी पर्नु, शरीर जीर्ण हुँदै जानु आदि पनि जिरण तेजो भनिने एक प्रकारको तेजो धातुले गर्दा हुन्छ । ज्वर आएर शरीरको तापक्रम बढ्नु भनेको सन्तप्पन तेजोको कारणले हो । सन्तप्पन तेजोभन्दा पनि अति नै जीउ पोल्ने गरीकन तातो हुनु भनेको दहन तेजो हो । सेवन गरेका आहार पचाउने तेजोलाई पाचकतेजो भनिन्छ । पाचकतेजो शरीरभित्र सँधै रहेको हुन्छ । यो पाचकतेजोले राम्रोसंग समान रूपमा काम गरिएमा स्वस्थ हुनेहुन्छ ।

**वायोधातु**

आफुसंगै उत्पन्न भएका अरू महाभूतरूपहरूलाई अरुस्थानमा पुऱ्याइदिनसक्ने रूपलाई वायो भनिन्छ। मूल उत्पत्ति स्थानबाट अलिकति सर्दै सर्दै रूपकलाप उत्पन्न हुनु भनेको वायोधातुको आनुभावले हो । उपमा, हात माथि उचाल्दा नयाँ नयाँ रूपकलापहरू आफुसंगै आएको



https://dhamma.digital

चित्तज वायोधातुको आनुभावले मूल उत्पत्ति स्थानमा फेरि उत्पन्न नभइकन चित्तको इच्छाअनुसार माथि माथि अलि अलि सर्दै उत्पन्न हुने हुन्छ। वायोधातुमा टम्म र तनक्क बनाइदिने स्वभाव लक्षण छ। अरु संगै उत्पन्न भएका रूपहरूलाई खुकुलो नहुने गरी नलच्कने गरीकन तनक्क बनाइदिन्छ। शरीरमा वायोधातु अति बढी भयो भने नशाहरू तन्किरहेको, ठाडो भइरहेको हुन्छ। भकुण्डोमा हावा भरिरहेको हुनाले टम्म हुनु, फुलिरहनु भनेको वायो, हावाले मजबूत बनाएको, थामिराखेकोले हो। यसले सहजात रूपधर्महरूलाई चलाउने, सार्ने गर्छ। ती रूपहरूलाई अर्को ठाउँमा पुऱ्याइदिनसक्ने स्वभावधर्मको रूपमा प्रकट हुन्छ।

## २४ उपादारूप

### प्रसादरुप ५

प्रसादरूप भनेको स्वच्छ, निर्मल रूप हो। सम्बन्धित विषयवस्तु आरम्मण प्रकट हुनको लागि कुनै कुनै रूपकलापहरूमा स्वच्छ स्वभाव रहेको हुन्छ। त्यसलाई नै प्रसादरूप भनिन्छ।

### चक्षुप्रसादरुप

चक्षुविज्ञानको आधार रूप चक्षुप्रसादरूप हो। चक्षुविज्ञानको आधार भएर समविषम आरम्मणलाई देखाएजस्तै नै हुने भएकोले चक्षु भनिन्छ। राम्रा नराम्रा रूपआरम्मणहरू यो चक्षुप्रसाद रूपमा प्रकट हुँदा चक्षुविज्ञानचित्त उत्पन्न हुन्छ। आँखाको नानीको बीचमा जुम्राको टाउको जतिको स्थानमा चक्षुप्रसाद रूपहरू धेरै फैलिइरहेको हुन्छ। कपासको ७ तहलाई आँखाको आकार आउने गरिकन जम्मा पारिराखेजस्तै आँखाको बीचमा ७ तह हुन्छन्। ७ तह भएको कपासमा तेल खन्याउँदा तेल सातै तहमा फैलिएर गएजस्तै नै चक्षुप्रसादरूपहरू त्यो आँखाको बीचमा जुम्राको टाउको जतिको स्थानमा भएको ७ पत्रहरूमा फैलिएर रहेको हुन्छ। जुम्राको टाउको जतिको स्थानमा चक्षुप्रसाद रूपहरू धेरै फैलिइरहेको हुन्छ भनिएतापनि चक्षुप्रसाद रूप मात्र त्यहाँ रहने नभइकन महाभूतरूप, वर्ण, गन्ध, रस, ओजा र जीवितरूप पनि संगै रहेको हुन्छ।



https://dhamma.digital

ती रूपको समूहलाई **चक्षुदसक कलाप** भनिन्छ। चक्षुदसक कलापको वरिपरि अरु रूपकलापहरू पनि संगै रहेर सहयोग गरिराखेको हुन्छ। श्रोतप्रसादरूप इत्यादि रहेको स्थानमा पनि यस्तै हुन्छ।

**श्रोतप्रसाद रूप**

श्रोतविज्ञानको आधार रूप श्रोतप्रसाद रूप हो। यसले सुन्ने कार्य गर्छ। कानभित्र औंठी आकारको स्थानमा नरम र कोमल रातो रौं उम्रिराखेको छ। त्यो स्थानमा श्रोतप्रसाद रूपहरू धेरै फैलिरहेको हुन्छ।

**घ्राणप्रसाद रूप**

घ्राणविज्ञानको आधार रूप घ्राणप्रसाद रूप हो। यसले सुँघ्ने कार्य गर्छ। नाकभित्र बाखाको खुर आकारको स्थानमा घ्राणप्रसाद रूपहरू धेरै फैलिरहेको हुन्छ।

**जिव्हाप्रसाद रूप**

जिव्हाविज्ञानको आधार रूप जिव्हाप्रसाद रूप हो। जिब्रोको बीचमा कमलको पत्रको टुप्पो जस्तो स्थानमा जिव्हाप्रसाद रूपहरू धेरै फैलिरहेको हुन्छ। जीवित बनाइराख्ने रस स्वादलाई बोलाएको जस्तो हुन भएकोले जिव्हा भनिन्छ। ६ प्रकारका रस स्वाद सेवन गरेमात्रै जीवित भइरहने हुन्छ।

**कायप्रसाद रूप**

कायविज्ञानको आधार रूप कायप्रसाद रूप हो। केश र रौंको टुप्पो, नङहरू, सुकिसकेको कडा मासु भएको स्थान बाहेक बाँकी सम्पूर्ण शरीरमा कायप्रसाद रूपहरू अरू रूपसंगै धेरै मात्रामा फैलिरहेको हुन्छ। कायप्रसादरूप सम्पूर्ण शरीरमा फैलिरहेतापनि चक्षुप्रसादरूप, श्रोतप्रसादरूप आदिसंग मिसिएको छैन।

यी सबै रूपहरू महाभूतलाई आधार लिएर उत्पन्न हुने उपादारूपहरू हुन्। त्यसरी आधार लिंदा आफ्नो आफ्नो महाभूत रूपलाई आधार लिएको हुन्छ। चक्षुप्रसादको आधार भएको महाभूतलाई कायप्रसादले आधार लिंदैन। यसरी आधार लिइएको महाभूतरूप



https://dhamma.digital

फरक फरक भएको कारणले पनि कायप्रसादरूप र अरु प्रसादरूपहरू एकआपसमा मिसिएको हुँदैन । यी प्रसादरूपहरू कर्मको कारण उत्पन्न हुन्छन् ।

**गोचररूप ७**

आरम्मण रूपलाई गोचररूप भनिन्छ। त्यसलाई विसयरूप पनि भनिन्छ । रूप, शब्द, गन्ध, रस, प्रष्टब्य ।

आधार द्रव्यलाई प्रकाश पार्न सक्ने भएकोले रूप भनिन्छ । रूपवर्णको आधार भएको द्रव्य भनेको त्यो रूपवर्णको कारणले मात्र प्रकट हुन्छ । आँखाले देख्न सकिने स्वभावधर्म भनेको रूप हो । चार महाभूत, शब्द, गन्ध आदिलाई देख्न सकिंदैन । चार महाभूत रूपको सण्ठान आकृति, रूपवर्ण मात्र आँखाले देख्ने हुन्छ । श्रोतविज्ञानको आरम्मण भएको सम्पूर्ण सजीव, निर्जीव स्वर, आवाजलाई शब्द रूप भनिन्छ । आफ्नो आधारवस्तुलाई प्रकाश पार्न सक्ने भएकोले गन्ध भनिन्छ । घ्राणले सुँघ्न मिल्ने सुगन्ध, दुर्गन्ध सबैलाई गन्ध रूप हो । जिब्रोले स्वाद लिन मिल्ने छ प्रकारका रसस्वादलाई रस रूप भनिन्छ । स्पर्श गर्न लायकको विषयलाई प्रष्टब्य रूप भनिन्छ। प्रष्टब्य रूप भनेको पथवी, तेजो र वायो, ३ वटा महाभूत रूपसमूह हो ।

**भावरूप २**

Dhamma.Digital

स्त्रीभावरूप, पुरुषभावरूप भनिने भावरूप भनेको कायप्रसादरूप जस्तै प्रतिसन्धि लिएको अवस्थादेखि नै स्कन्धशरीरमा उत्पन्न भएको हुनाले कायप्रसाद जस्तै सम्पूर्ण शरीरमा फैलिएको हुन्छ। प्रतिसन्धिदेखि आएको यो भावरूपअनुसार लिंग, निमित्त, कुत्त, आकप्पहरू स्त्री, पुरुषको शरीरमा प्रकट भएको हुन्छ ।

पुरुष वा स्त्री भनेर जनाउने संकेत, लक्षणलाई लिंग भनिन्छ । हात, खुट्टा, अनुहार, शरीरको बनावट आदिलाई हेरेर यो पुरुष हो, स्त्री हो भनेर छुट्याउन सकिन्छ। त्यसरी छुट्याएर थाहा दिने भएकोले लिंग भनिन्छ। पुरुष, स्त्री भनेर पहिचान हुने लक्षणलाई निमित्त भनिन्छ। लिंग



https://dhamma.digital

को लक्षण भनेको स्कन्धशरीरमा मूल रूपमा शुरुदेखि (प्रतिसन्धिदेखि) आएको लक्षण हो । निमित्त भनेको पछि मात्र सतहको रूपमा आएको लक्षण हो । त्यसकारण जुंगा, दाह्री नहुनु स्त्रीको निमित्त भएर, जुंगा दाह्री हुनु भनेको पुरुषको निमित्त हो । क्रियाकलापलाई कुत्त भनिन्छ । सानोमा बालकहरू खेल्ने र बालिकाहरू खेल्ने तरीका फरक छ। स्त्री र पुरुष अनुसार उनीहरूको क्रियाकलापहरू फरक भइरहेको हुन्छ। स्त्री र पुरुषहरूको आउने जाने, खाने, कुरा गर्ने तरीका इत्यादि फरक हुन्छन् । त्यसलाई आकप्प भनिन्छ । यसरी स्त्री र पुरुषमा सबै कुराहरू फरक भइराख्नु भनेको भावरूप फरक भएकोले हो ।

**हदयवत्थु (ह्रदयवस्तु)**

(मनोधातु र मनोविज्ञानधातु) चित्तहरूको आधार रूपलाई हदयवत्थु रूप भनिन्छ । पञ्चविज्ञान बाहेकका चित्तहरू यो हदयवस्तु रूपको आधार लिएर मात्र उत्पन्न हुन्छन् । यो हदयवस्तु रूप ह्रदयभित्र रहेको छ । ह्रदयभित्र एउटा सानो खाल्डो छ । त्यो खाल्डोभित्र रहेको रगतमा ह्रदयवस्तु रूप धेरै फैलिएर रहेको छ ।

**जीवितरूप**

जीवितरूप भनेको सँगै उत्पन्न भएका कर्मजरूपहरूलाई रक्षा गर्ने भएकोले कर्मजरूपको प्राण हो । अतीतकर्मको कारणले उत्पन्न भएका कर्मजरूपहरूलाई जीवितरूपले हेरविचार गरिराखेको हुनाले कर्मजरूपहरू जीवितमान भइराखेको हो । जीवितरूपले स्कन्धशरीर नकुहिने गरीकन रक्षा गर्छ । मृत्यु भएपछि प्राणीहरूको लाश कुहिनु जीवितरूपरहित भएकोले हो । यो जीवितरूप भएको र नभएको अनुसार सत्वप्राणी हो, हैन छुट्टिनेहुन्छ । संज्ञा नै नभएको असंज्ञासत्वभूमिमा रहेका असंज्ञासत्व ब्रह्माहरूलाई प्राणी भन्न सकेको पनि यो जीवित रूपको कारणले हो । जीवित रूप नभएको भए असंज्ञासत्व प्राणीहरू ढुंगा समान हुनेहुन्छ । यो जीवित रूप पनि प्रतिसन्धि लिएको अवस्थादेखि नै सत्वप्राणीहरूको सम्पूर्ण शरीरमा फैलिएको हुन्छ ।



https://dhamma.digital

## कबलीकार आहाररूप

सेवन गर्न लायकको सबै खानेकुराहरूलाई आहार भनिन्छ । गाँस बनाउन मिल्ने भएकोले कबली भनिन्छ । यो रूपकाण्डमा ती थरी थरीका खानेकुरामा भएको सारतत्वहरू वा ओजालाई आहार भनेर भनिन्छ । खानेकुरामा भएको गुलियो, अमिलो, नुनिलो, तीतो इत्यादि रसस्वाद भनेको रस रूप हो, आहाररूप हैन । आहार रूप भनेको ती ती खानेकुरामा भएको सार तत्व, पौष्टिक तत्व हो । यो आहाररूपले आहारजरूपहरू उत्पादन गर्छ । यसले स्कन्धशरीर बलियो मजबूत हुने गरिकन सहयोग गर्छ ।

यी १८ प्रकारका रूपहरूमा आ आफ्नो सम्बन्धित स्वभाव भएकोले स्वभावरूप भनिन्छ। अनित्यता आदि त्रिलक्षण र साथै उपचय, सन्तति, जरता, अनिच्चता भन्ने उत्पाद स्थिति र भङ्ग लक्षण भएकोले सलक्षणरूप भनिन्छ। कर्म, चित्त, ऋतु, आहार भनिने सम्बन्धित कारणले उत्पन्न गर्ने वा सिद्ध हुने भएकोले **निष्फन्नरूप** भनिन्छ। चिसो तातो आदि विरोधी कारणले बदलिने वा परिवर्तन हुने स्वभाव भएको हुनाले रूपरूप भनिन्छ। अनित्यता आदि लक्ष(ा भएको हुनाले विपस्सना भावना अभ्यास गर्ने योगीले आरम्मण लिएर अनित्य दुःख अनात्म भनी ज्ञानले परामर्शन गर्न वा चिन्तन गर्न योग्य भएको कारण सम्मसनरूप भनिन्छ।

## अनिष्फन्न रूप १० वटा

सम्बन्धित कारणधर्मद्वारा उत्पन्न नभएका रूपहरूलाई अनिष्फन्नरूप भनिन्छ। कर्मज रूपहरू कर्मको कारणले उत्पन्न भएका हुन् । चित्तज ऋतुज आहारज रूपहरू सम्बन्धित चित्त ऋतु र आहारको कारणले उत्पन्न भएका हुन् । यस्ता कारणद्वारा सिद्ध नभएका रूपहरू अनिष्फन्न रूप हुन् ।

## आकासरूप (परिच्छेदरुप)

दुई तीन वटा रूपकलापहरू संगम हुने बेलामा एकआपसमा नमिस्सिने गरिकन बीच बीचमा छुट्याइदिने खाली ठाउँ हुन्छ। एकआपसमा



https://dhamma.digital

जोडिनै रहेतापनि बीचको भाग भनेको पक्का पनि हुन्छ। रूपकलापहरूको बीचमा भएको त्यो खाली भागहरू जुन भागले रूपकलापहरूलाई विभाजन गरिदिन्छ, त्यसलाई आकासरूप वा परिच्छेदरूप भनिन्छ । शिशीमा चना राख्दा चना एकआपसमा टाँसिएर एउटै भएर नगइकन बीच बीचमा खाली ठाउँहरू भएजस्तै प्राणीहरूको स्कन्धशरीरमा पनि रूपसमूहहरूलाई एकआपसमा छुट्याइदिने वा विभाजन गरिदिने आकासरूपको कारणलेरूपकलापहरूको अन्त्य वा सिमाना प्रष्ट हुन्छ।

**विञ्ञत्ति रूप २**

**कायविञ्ञत्ति, वचीविञ्ञत्ति**

आफ्नो इच्छा चाहनालाई थाहा दिनुसक्ने भएकोले विञ्ञत्ति वा विज्ञप्ति भनिन्छ। हात खुट्टा आदि चलाएर, ईशारा गरेर, मुखले बोलेर आफुले चाहेको कुरालाई व्यक्त गर्न सक्ने विशेष हाउभाउ, अभिब्यक्ति नै विञ्ञत्तिरूप हो । दुई प्रकारका विञ्ञत्तिरूपमा हात, खुट्टा इत्यादि स्कन्ध शरीरको प्रयोग गरेर आफ्नो कुरा व्यक्त गर्ने विशेष हाउभाउलाई कायविञ्ञत्ति भनिन्छ । बोलीवचनद्वारा आफ्नो कुरा बताउने विशेष अभिब्यक्तिलाई वचीविञ्ञत्ति भनिन्छ।

**विकाररुप ५**

**कायविञ्ञत्ति, वचीविञ्ञत्ति, कायस्स लहुता, मुदुता, कम्मञ्ञता,**

परिवर्तन भइरहेको स्वभाव वा प्रकृति स्वभावभन्दा विशेष प्रकारको अवस्थालाई विकार भनिन्छ। विकाररूप पनि साँच्चैको परमार्थ स्वभाव भएको रूप हैन, तर निष्फन्नरूपहरूको प्राकृतिक स्वभावभन्दा विशेष आकार वा अवस्था भएको रूप मात्र हो। विकाररूप पाँच प्रकारका छन्। तीमध्ये ऋतु, चित्त, आहारद्वारा उत्पन्न गरिएका रूपहरूको हलुका स्वभावलाई लहुतारूप भनिन्छ। ऋतु, चित्त, आहारद्वारा उत्पन्न गरिएका रूपहरूको मृदु स्वभावलाई मुदुतारूप भनिन्छ। शरीरद्वारा गरिने विभिन्न क्रियाकलापहरूलाई सजिलैसंग गर्न सक्ने स्वभाव, हिचकिचाहट नभएको स्वभाव, लचकता भएको स्वभावलाई कर्मण्यतारूप भनिन्छ।



https://dhamma.digital

**लक्खणरूप ४**

संस्कृतधर्महरूलाई थाहा पाउने लक्षण भएकोले लक्षणरूप भनिन्छ । यस अर्न्तगत ४ प्रकारका रूपहरू छन् । उपचय, सन्तति, जरता, अनिच्चता ।

रूपधर्महरू सर्वप्रथम शुरुवात भएको वा उत्पन्न भएको अवस्थालाई उपचय भनिन्छ । गब्भसेय्यक सत्वप्राणीहरूको हकमा प्रतिसन्धिक्षणमा काय, भाव र वत्थुदसकरूपहरू सर्वप्रथम उत्पन्न हुनु भनेको उपचय हो । संसेदज, ओपपातिक सत्वहरूमा चक्षु, श्रोत आदि ७ वटा दसक रूपहरू सर्वप्रथम उत्पन्न हुनु उपचय हो । एकजन्मको लागि प्राप्त हुनु पर्ने रूपहरू पूर्ण नहुञ्जेलसम्म फेरि फेरि रूपहरू उत्पन्न हुनुलाई पनि उपचय नै भनिन्छ । (गब्भसेय्यक सत्वहरूमा ११ हप्ता जति भइसकेपछि चक्षुदसक, श्रोतदसक आदि रूप उत्पन्न हुन्छ । त्यो समयमा मात्र एकजन्मको लागि चाहिने रूपहरू सम्पूर्ण हुन्छ । )

एक जन्मको लागि प्राप्त हुनु पर्ने रूप पूर्ण भइसकेपछि फेरि निरन्तर रूप उत्पन्न हुनु भनेको सन्तति हो । चक्षुदसक रूपहरू सर्वप्रथम एकचोटि उत्पन्न भइसकेपछि फेरि फेरि उत्पन्न हुनुलाई सन्तति भनिन्छ । वास्तवमा उपचय र सन्तति भनेको जाति(उत्पन्न हुनु) लाई भनेको हो । वेनेय्य प्राणीहरूको अज्भासय (इच्छा)लाई हेरेर अभिधर्ममा उपचय र सन्तति भनेर छुट्याइ देशना गरिएको छ । सूत्रअनुसार आमाको गर्भमा रहिरहेको अवस्थालाई जाति, प्रतिसन्धि भनिन्छ । उत्पन्न भएको भवजन्मबाट च्युत हुनुलाई मरण भनिन्छ । मरण अगाडि रहिरहेको समयलाई जरा भनिन्छ ।

रूपधर्महरू उत्पन्न भइसकेपछि निरोध हुनुअगाडि रहिरहनुलाई जरता भनिन्छ । जरता भनेको परिपक्व अवस्थामा पुगेको वा वृद्धत्वमा पुगेको भन्ने हुन्छ ।

ती उत्पन्न भएका रूपहरू नित्य रूपमा नरहिकन निरोध भएर, क्षय भएर जानु अनिच्चता हो । रूपधर्महरू ४९ क्षण जति रहिसकेपछि भङ्ग हुनुलाई अनिच्चता भनिन्छ ।



https://dhamma.digital

**रूप विभाग**

यी सबै रूपधर्महरूमा लोभ इत्यादि हेतु नभएको हुनाले **अहेतुक** भनिन्छ। कर्म, चित्त, ऋतु, आहार भन्ने कारणहरूमध्ये कुनै कारणले गर्दा उत्पन्न हुने रूप भएकोले **सपच्चय** भनिन्छ। आश्रवधर्महरूको आरम्मण भएको हुनाले **सासव** पनि भनिन्छ। कर्म चित्त ऋतु आहारमध्ये सम्बन्धित कारणधर्मले बनाइएको हुनाले **सङ्खत** भनिन्छ। सङ्खारलोकभित्र समावेश भएको हुनाले **लोकिय** धर्म हुन्। कामतृष्णाको गोचर स्थान भएको हुनाले **कामावचर** धर्म हुन्। चित्त, चैतसिकले जस्तो आरम्मणलाई ग्रहण गर्न नसक्ने भएकोले **अनारम्मण** धर्म हुन्। कुसलधर्मले प्रहाण गर्ने (हटाउनु पर्ने) धर्म नभएको हुनाले **अप्पहातब्ब** धर्म हुन्।

| नाम | स्वरूप | | बाँकी रूपको नाम | |
|---|---|---|---|---|
| १. महाभूत | पथवी आपो तेजो वायो | ४ | उपादारूप | २४ |
| २. अज्झत्तिक रूप | पसादरूप | ५ | बाहिररूप | २३ |
| ३.वत्थुरूप | पसादरूप, हदयरूप | ६ | अवत्थुरूप | २२ |
| ४. द्वाररूप | पसादरूप, विञ्ञत्तिरूप | ७ | अद्वाररूप | २१ |
| ५. इन्द्रियरूप | पसादरूप, भावरूप, जीवितरूप | ८ | अनिन्द्रियरूप | २० |
| ६. ओलारिकरूप, सन्तिके रूप, सप्पटिघरूप | पसादरूप, विसयरूप | १२ | सुखुमरूप, दूरेरूप, अप्पटिघरूप | १६ |
| ७. उपादिन्नरूप | कर्मजरूप – महाभूत, पसाद, रूप, शब्द, गन्ध, भावरूप, जीवित, हदय, आहार, आकासरूप | १८ | अनुपादिन्नरूप | १० |
| ८. सनिदस्सनरूप | रूपारम्मण | १ | अनिदस्सनरूप | २७ |
| ९. गोचरग्गाहिकरूप | पसादरूप | ५ | अगोचरग्गाहिकरूप | २३ |
| १०. अविनिब्भोगरूप | पथवी आपो तेजो वायो वर्ण गन्ध रस ओजा | ८ | विनिब्भोगरूप | २० |



https://dhamma.digital

स्कन्धशरीरको लागि धेरै उपकारक भएको रूपलाई अज्भत्तिक रूप (भित्री रूप) भनिन्छ। स्कन्ध शरीरको लागि अज्भत्तिक रूप जति उपकारक नभएको रूपलाई बाहिरी रूप भनिन्छ।

आधार भएको रूपलाई वत्थु रूप (वस्तुरूप) भनिन्छ। वस्तुरूप छैन भने सम्बन्धित चित्त, चैतसिक उत्पन्न हुनसक्दैन। आधार नभएको रूपलाई अवत्थुरूप भनिन्छ।

प्रकृति ढोका भनेको मानिसहरू भित्र बाहिर गर्ने एउटा कारण भएजस्तै चित्त उत्पन्न हुनको लागि कारण भएको रूपलाई द्वार रूप भनिन्छ। चक्षुप्रसाद रूप भनेको चक्षुद्वारिक वीथिचित्तहरू उत्पन्न हुन चाहिने एउटा कारण हो। चक्षुद्वार छैन भने चक्षुद्वारिकवीथिचित्तहरू उत्पन्न हुनसक्दैन। त्यसकारण पाँच वटा प्रसादरूपलाई उपपत्तिद्वार (वीथिचित्त उत्पन्न हुने कारण, द्वार) भनिन्छ। दुई विज्ञप्तिरूपालाई कर्म उत्पत्तिको कारण भएकोले कम्मद्वार भनिन्छ।

इन्द्रिय शब्दले अधीनमा राख्ने वा अधिकार जमाउने भन्ने अर्थ दिन्छ। सम्बन्धित कार्यहरूमा आफ्नो अधिकार जमाउन सक्ने रूपलाई इन्द्रियरूप भनिन्छ। चक्षुप्रसादरूपले देख्ने कार्यमा आफ्नो अधिकार जमाउँछ। चक्षुविज्ञानचित्तले देख्ने भएतापनि चक्षुप्रसादरूप बलियो र स्वच्छ छ भने स्पष्ट देखिने हुन्छ र चक्षुप्रसादरूप दुर्बल छ भने धमिलो देख्ने हुन्छ। त्यसरी देख्ने कार्यमा चक्षुप्रसादरूपको आधिपत्य भएकोले चक्षुप्रसादरूपलाई चक्षुइन्द्रिय भनिन्छ। भावरूपले पनि स्त्रीभाव भएको ब्यक्तिमा स्त्रीभाव रूपको आदेशअनुसार र पुरुषभाव भएको ब्यक्तिमा पुरुषभावरूपको आदेशअनुसार स्त्रीलिङ्ग, स्त्रीनिमित्त, पुरुषलिङ्ग, पुरुषनिमित्त आदि उत्पन्न हुने हुन्छ। जीवितरूपले आफुसंग सम्प्रयुक्त भएका कर्मजरूपलाई रक्षा गर्ने कार्यमा अधिकार जमाउँछ।

ज्ञानचक्षुले अवलोकन गर्दा प्रष्टरूपमा प्रकट भएको रूपलाई ओलारिक रूप (स्थुल रूप) भनिन्छ। चक्षुप्रसाद, रूपआरम्मण आदिलाई सहजै देख्न, थाहा पाउन सकिन्छ। ज्ञानचक्षुले अवलोकन गर्दा सजिलैसंग देख्न नसकिने रूपलाई  सुखुमरूप (सुक्ष्मरूप) भनिन्छ। संसारमा नजिकै



https://dhamma.digital

भएको रूपलाई लिन सजिलो भएजस्तै ज्ञानचक्षुले लिंदाखेरि सजिलैसंग प्रकट हुने, देखिने ओलारिकरूपलाई नै सन्तिकेरूप भनिन्छ। सुखुमरूपलाई नै दूरे रूप भनिन्छ। चक्षुप्रसाद, रूपआरम्मण आफ्नो धातुस्वभावअनुसार परस्परमा ठक्कर खाने हुन्छ। रूपआरम्मण चक्षुप्रसादरूपमा ठक्कर खाने वा प्रकट हुने भएकोले चक्षुप्रसादरूपमा चक्षुद्वारिकवीथिचित्तहरू उत्पन्न हुन आवश्यक विशेष शक्ति उत्पन्न भएर चक्षुद्वारिकवीथिचित्तलाई सहयोग गर्ने हुन्छ। त्यसैले ओलारिकरूपलाई नै सप्पटिघरूप भनिन्छ। धातुस्वभावअनुसार त्यसरी ठक्कर नखाने रूपलाई अप्पटिघरूप भनिन्छ।

कर्मले उत्पादन गरेको रूपलाई उपादिन्नरूप भनिन्छ। चित्त, ऋतु, आहारले उत्पादन गरेको रूपलाई अनुपादिन्न रूप भनिन्छ।

चक्षुविज्ञानद्वारा देख्न सकिने रूपलाई सनिदस्सन रूप भनिन्छ। त्यसरी देख्न नसकिने रूपलाई अनिदस्सन रूप भनिन्छ।

आरम्मणलाई ग्रहण गर्न सकिने रूपलाई गोचरग्गाहकरूप भनिन्छ। आरम्मणलाई ग्रहण गर्न नसक्ने रूपलाई अगोचरग्गाहकरूप भनिन्छ। चक्षुप्रसादरूप आदिले आरम्मणलाई लिनेसक्ने भएकोले गोचरग्गाहकरूप भनिन्छ। आरम्मण लिने अवस्थामा चक्षु र श्रोतले आफुतिर आइनपुगेको आरम्मणलाई लिन्छ। आफुतिर आइनपुगेको भन्नुको अर्थ रूपआरम्मण चक्षुप्रसादमा नछोएमा वा नटाँसेमा मात्र रूपआरम्मण प्रकट हुनलाई चाहिने एक अङ्ग आलोक पूर्ण हुनसक्छ र रूपआरम्मणलाई देख्ने हुन्छ। चक्षुप्रसाद र रूपआरम्मण टाँसिएमा आलोक वा प्रकाश अङ्ग पूर्ण हुन सक्दैन। त्यसैले असम्पत्त वा आइनपुगेको भनिएको हो। घान, जिह्वा र कायले आफुतिर आइपुगेको रूपलाई आरम्मणलाई मात्र लिनसक्छ। घ्राणप्रसादरूपमा गन्ध नजिकै आइपुगेतापनि नाक बन्द गरिराखे गन्ध नाकभित्र छिर्न नसकेर गन्ध थाहा नपाउने हुन्छ। त्यसैले घ्राणले सम्पत्त वा आफुतिर आइपुगेको गन्ध आरम्मणलाई मात्र लिनसक्छ।

एउटा एउटा गरेर छुट्याउन नमिल्ने रूपलाई अविनिब्भोग रूप भनिन्छ। छुट्याउन मिल्ने रूपलाई विनिब्भोग रूप भनिन्छ। आठ वटा अविनिब्भोग रूपहरू कुनै पनि कारण वा समय वा स्थान वा



https://dhamma.digital

परिस्थितिमा कहिले पनि नछुटिने हुन्छ। बाँकी रूपहरू विभाजन गर्न मिल्ने वा छुट्याउन सकिने भएकोले विनिब्भोग रूप भनिन्छ।

## रूपसमुट्ठान नय

**रूपलाई बनाउने धर्म ४ वटा**

**कर्म, चित्त, ऋतु, आहार**

कामावचर कुसल ८, अकुसल चित्त १२, जम्मा २० वटा र रूपावचर कुसलचित्त ५ वटा गरी जम्मा २५ वटा चित्तमा भएको चेतनालाई कर्म भनेर लिनुपर्छ। ती २५ वटा चेतना पनि पछि प्रतिफल दिनको लागि आफ्नो आध्यात्मिक सन्तानमा संस्कृत भएको अतीतकर्मले मात्र आध्यात्म सन्तानमा वा शरीरभित्र (सजीवप्राणीमा) **कर्मज रूपहरू** बनाउँछन्। ती कर्मजरूपहरू नयाँ भवजन्ममा प्रतिसन्धिचित्तको उत्पादक्षणदेखि नै शुरूभएको हुन्छन्। त्यहाँबाट हरेक क्षणमा (उत्पादक्षण, स्थितिक्षण, भङ्गक्षणमा) निरन्तर उत्पन्न हुन्छन्। जीवनभर कर्मजरूपहरू उत्पन्न नभएको क्षण भनेकै छैन।

अरूपविपाक ४ वटा, द्विपञ्चविज्ञान १० वटा र अरहन्तहरूको चुतिचित्त बाहेकको ७५ वटा चित्तले प्रतिसन्धिपछि प्रथमभवंग चित्तको उत्पादक्षणदेखि हरेक चित्तको उत्पादक्षणमा चित्तज रूपहरू उत्पादन गर्छन्। चित्तजरूपहरू प्रतिसन्धि क्षणमा उत्पन्न हुँदैन। चित्तले रूप उत्पन्न गर्नु भनेको पनि उत्पादक्षणमा मात्र उत्पन्न गर्न सक्छ। चित्तको आयु अति छोटो भएको हुनाले उत्पादक्षणमा बढी बलशक्ति हुन्छ। त्यसैले उत्पादक्षणमा मात्र चित्तज रूप उत्पादन गर्न सक्छ।

अर्पणा जवन २६ वटाले इरियापथलाई पनि अथवा जाने, उठ्ने, बस्ने, सुत्ने इरियापथलाई पनि उत्पन्न गराउने हुन्छ। वोट्ठब्बन कामावचर जवन २९ वटा र अभिज्ञा दुईवटाले कायविज्ञप्ति वचीविज्ञप्तिलाई पनि उत्पन्न गराउने हुन्छ। विज्ञप्तिलाई उत्पन्न गराउने वोट्ठब्बन कामावचर जवन २९ वटा, अभिज्ञा दुईवटा मध्ये १३ वटा सौमनस्य सहगत जवनले हाँस्नुलाई उत्पन्न गराउने हुन्छ।



https://dhamma.digital

शीतऋतु र उष्णऋतु भनिने तेजोधातुले आफु स्थितिक्षणमा पुगेर मात्रै आध्यात्म सन्तानमा पनि बाहिरी सन्तानमा पनि (भित्र र बाहिर) ऋतुजरूपहरू उत्पादन गर्छ । रूपधर्म भनेको स्थिति क्षणमा लामो समयसम्म रहने भएकोले त्यो समयमा बढी शक्तिशाली हुन्छ । त्यसैले स्थितिक्षणमा पुगेपछि मात्र रूप उत्पन्न गर्छ । शरीरभित्रको ऋतुले शरीरभित्र ऋतुज रूप उत्पादन गर्छ। शरीर बाहिरको रुख, पहाड, जंगल, पानी, जमिन इत्यादिमा रहेको ऋतुले पनि बाहिर ऋतुज रूप उत्पादन गर्छ ।

ओजा भनिने आहारले खानेकुरा निलेको समयमा स्थितिक्षणमा पुगेर आहारजरूपहरू उत्पादन गर्छ । निल्ने समयमा भनिएतापनि आहारलाई मुखमा हालेको अवस्थादेखि नै स्कन्धशरीरमा उचितानुसार फैलिने हुन्छ । आहारको स्वादको तीव्रता अनुसार शरीरमा रसस्वाद चाँडो फैलिने हुन्छ। खानेकुरा, औषधी आदिमा भएको पौष्टिकतत्वलाई आहार वा ओजा भनिन्छ। कुनै खानेकुरा खाने बेलामा त्यसमा भएको ओजासहित अरु रूपहरू उत्पाद, स्थिति, भंगको हिसाबले निरन्तर उत्पत्ति विनाश भइरहेको हुन्छ। त्यसमा उत्पत्ति भएर स्थिति अवस्थामा पुग्ने बेलामा ओजा भनिने आहारले आहारज रूप उत्पादन गर्छ ।

| **कर्मजरूप १८** | **चित्तजरूप १५** | **ऋतुजरूप १३** | **आहारजरूप १२** |
|---|---|---|---|
| हदयरूप, प्रसादरूप ५, भावरूप २, जीवितरूप, महाभूत ४, वर्ण, गन्ध, रस, ओजा, आकासधातु | विञ्ञत्तिरूप २, शब्दरूप, लहुता, मुदुता, कम्मञ्ञता, महाभूत ४, वर्ण, गन्ध, रस, ओजा, आकासधातु | शब्दरूप, लहुता, मुदुता, कम्मञ्ञता, महाभूत ४, वर्ण, गन्ध, रस, ओजा, आकासधातु | लहुता, मुदुता,कम्मञ्ञता महाभूत ४, वर्ण, गन्ध, रस, ओजा, आकासधातु |



https://dhamma.digital

| कारण | उत्पादित रूप | | कर्मज रूप | | चित्तज रूप | | उतुज रूप | आहारज रूप | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | एकान्त | अनेकान्त | एकान्त | अनेकान्त | अनेकान्त | अनेकान्त | |
| कर्म | पसाद ५, भाव २, हदय, जीवित | ९ | ९ | | | | | | एकजरूप ११ |
| चित्त | विञ्ञत्ति २ | २ | | | २ | | | | |
| चित्त, उतु | सद्दरूप | १ | | | | १ | १ | | द्विजरूप १ |
| चित्त, उतु, आहार | लहुता, मुदुता, कम्मञ्ञता | ३ | | | | ३ | ३ | ३ | तिज रूप ३ |
| कर्म, चित्त, उतु, आहार | अविनिब्भोग ८, आकास १ | ९ | | ९ | | ९ | ९ | ९ | चतुज रूप ९ |
| कारण छैन | लक्खणरूप ४ | ४ | | | | | | | |
| | जम्मा | २८ | ९ | ९ | २ | १३ | १३ | १२ | जम्मा रूप २८ |
| | | | १८ | | १५ | | १३ | १२ | |

### रूपकलाप

### रूपकलाप लक्षण ४ वटा

रूपधर्महरु एउटा एउटा अलग्ग रहँदैन । सम्बन्धित रूपहरु एकआपसमा संगै उत्पन्न भएर संगै निरोध हुन्छन् । एउटा रूपकलाप (रूपसमूह) भित्र रहेको रूपमध्ये एउटा रूप उत्पन्न भयो भने अरु रूप पनि संगै उत्पन्न हुन्छन् । एउटा रूप निरोध भयो भने अरु रूप पनि संगै निरोध हुन्छन् । त्यो रूपकलापभित्रको उपादारूपहरू महाभूतरूपको आधार लिएर उत्पन्न हुन्छन् । महाभूतरूपहरु एकआपसमा आधार लिएर उत्पन्न हुन्छन् ।



https://dhamma.digital

**कर्मज कलाप ९ वटा**

| कलाप | समावेशरूपहरू | जम्मा |
|---|---|---|
| १. जीवितनवक कलाप | अविनिब्भोगरूप ८, जीवितरूप | ९ |
| २. चक्खुदसक कलाप | अविनिब्भोगरूप ८, जीवितरूप, चक्खुपसाद | १० |
| ३. सोतदसक कलाप | अविनिब्भोगरूप ८, जीवितरूप, सोतपसाद | १० |
| ४. घाणदसक कलाप | अविनिब्भोगरूप ८, जीवितरूप, घाणपसाद | १० |
| ५. जिह्वादसक कलाप | अविनिब्भोगरूप ८, जीवितरूप, जिह्वापसाद | १० |
| ६. कायदसक कलाप | अविनिब्भोगरूप ८, जीवितरूप, कायपसाद | १० |
| ७. इत्थिभावदसक कलाप | अविनिब्भोगरूप ८, जीवितरूप, इत्थिभाव | १० |
| ८. पुम्भावदसक कलाप | अविनिब्भोगरूप ८, जीवितरूप, पुम्भाव | १० |
| ९. वत्थुदसक कलाप | अविनिब्भोगरूप ८, जीवितरूप, हदयरूप | १० |

**चित्तज कलाप ६ वटा**

| कलाप | समावेशरूपहरू | जम्मा |
|---|---|---|
| १. सुद्धट्ठक कलाप | अविनिब्भोगरूप ८, | ८ |
| २. कायविञ्ञत्ति नवक कलाप | अविनिब्भोगरूप ८, कायविञ्ञत्ति | ९ |
| ३. सद्दवचीविञ्ञत्ति दसक कलाप | अविनिब्भोगरूप ८, सद्द, वचीविञ्ञत्ति | १० |
| ४. लहुतादि एकादसक कलाप | अविनिब्भोगरूप ८, लहुतादि ३ | ११ |
| ५. कायविञ्ञत्तिलहुतादि द्वादसक कलाप | अविनिब्भोगरूप ८, कायविञ्ञत्ति, लहुतादि ३ | १२ |
| ६. सद्दविञ्ञत्तिलहुतादि तेरसक कलाप | अविनिब्भोगरूप ८, सद्द, वचीविञ्ञत्ति, लहुतादि ३ | १३ |

**ऋतुज कलाप ४ वटा**

| कलाप | समावेशरूपहरू | जम्मा |
|---|---|---|
| १. सुद्धट्ठक कलाप | अविनिब्भोगरूप ८, | ८ |
| २. सद्दनवक कलाप | अविनिब्भोगरूप ८, सद्द | ९ |
| ३. लहुतादि एकादसक कलाप | अविनिब्भोगरूप ८, लहुतादि ३ | ११ |
| ४. सद्दलहुतादि द्वादसक कलाप | अविनिब्भोगरूप ८, सद्द, लहुतादि ३ | १२ |

**आहारज कलाप २ वटा**

| कलाप | समावेशरूपहरू | जम्मा |
|---|---|---|
| १. सुद्धट्ठक कलाप | अविनिब्भोगरूप ८, | ८ |
| २. लहुतादि एकादसक कलाप | अविनिब्भोगरूप ८, लहुतादि ३ | ११ |



https://dhamma.digital

**आध्यात्मिक सन्तानमा उपलब्ध हुने कलापहरू**

| | |
|---|---|
| कर्मज कलाप | ९ |
| चित्तज कलाप | ६ |
| ऋतुज कलाप | ४ |
| आहारज कलाप | २ |
| जम्मा | २१ |

बाहिरी सन्तानमा उपलब्ध हुने कलापहरु

ऋतुज कलाप २ (सुद्धट्ठक कलाप, सद्दनवक कलाप)

कलाप विमुक्त रूप आकाशधातु १, लक्षणरूप ४

आकासधातु रूपकलापहरूको बीचको स्थान मात्र भएर कुनै पनि अरु रूपमा समावेश गर्न सकिदैन । त्यसैले यसलाई कलापको भाग भन्न सकिदैन । लक्षणरूप पनि अलग्ग द्रब्य रूप नभएको हुनाले कलापभित्र राखिएको छैन ।

**रूप प्रवृत्ति क्रम**

**कामभूमिमा रूपको उत्पत्ति क्रम**

**४ प्रकारको प्राणी**

प्रतिसन्धि लिने प्राणीहरूलाई चार प्रकारमा विभाजन गरिएको छ । संसेदज, ओपपातिक, गब्भसेय्यक (अण्डज, जलाबुज)

ओसिलो भिजेको स्थानमा उत्पन्न हुने सत्वलाई संसेदज भनिन्छ। कमलको फूलमा, गर्भको फोहोरमा, कुहिएको फूलको फोहोरमा, कुहिसकेको माछा, पानी, मलमूत्र इत्यादिमा उत्पन्न हुने प्राणी हो । संसेदज प्राणी ससाना अवस्थाबाट रूपहरू बिस्तारै वृद्धि हुँदै परिपक्व हुन्छ ।

पुरानो जीवनबाट नयाँ जीवनमा उफ्रेर आइ खसे जस्तै गरीकन उत्पत्ति हुने प्राणी ओपपातिक हो । त्यो त्यो भुमिमा सत्वप्राणीहरूको परिमाण अनुसार एकैचोटि १६ वर्षको उमेर जस्तै नै स्कन्धशरीर प्रकट भएर उत्पन्न हुने प्राणी हो । नरकको प्राणी, प्रेत, कल्प शुरुवातका



https://dhamma.digital

मानिस, देव, ब्रह्मा सबै ओपपातिक प्राणी हुन् ।

गब्भसेय्यक प्राणी आमाको गर्भमा प्रतिसन्धि लिएर उत्पन्न हुने प्राणी हुन् । अण्डाभित्र प्रतिसन्धि लिएर उत्पन्न हुने प्राणी, चरा, सर्प, कछुवा, माछा इत्यादि अण्डज भनिन्छ । गर्भमा प्रतिसन्धि लिने प्राणी जलाबुज हो । मानिस, जनावरहरू इत्यादि ।

संसेदज र ओपपातिक प्राणीहरू प्रतिसन्धि लिंदा बढीमा **चक्षुदसक, श्रोतदसक, घ्राणदसक, जिव्हादसक, कायदसक, भावदसक, वत्थुदसक** गरी सात दसकहरू प्रकट हुन्छ । कहिलेकाँही **चक्षुदसक, श्रोतदसक, घ्राणदसक, भावदसक** गरी चार दसकहरू प्रकट हुँदैनन् ।

गब्भसेय्यक सत्वप्राणीहरूमा प्रतिसन्धि लिने अवस्थामा प्रतिसन्धि चित्तसंगसंगै **कायदसक, भावदसक, वत्थुदसक** गरी ३ दसक अथवा ३० रूप प्रकट हुन्छ । त्यसमा पनि कुनै कुनैमा भावदसक प्राप्त हुँदैन । प्रवृत्तिक्षणमा चक्षुदसक इत्यादि रूपहरू क्रमैसंग प्रकट हुन्छन् ।

गब्भसेय्यक प्राणीको प्रतिसन्धिक्षणमा कायदसक, भावदसक, वत्थुदसक भन्ने तीन कलाप प्रकट हुन्छ । त्यसलाई नै कलल भनिन्छ । प्रतिसन्धि लिएको पहिलो ७ दिन वा एक हप्तामा त्यो कलल भन्ने रूपसमूह बिस्तारै विकास हुँदै आउँछ । ७ दिन जति बितिसकेपछि त्यो कलल अवस्थाबाट आकृतिरूप परिवर्तन भएर पानीको फोका जस्तै भएर आउँछ । राँगोको मासुलाई पखाल्ने बेला पानीबाट फोकाहरू निस्के जस्तै । त्यसको ७ दिन जतिपछि ती फोकाहरू परिपक्व र वृद्धि भएर रातो रातो खालको मासुको डल्लो जस्तै हुन्छ । त्यसको ७ दिन जतिपछि त्यो डल्लो पनि वृद्धि विकास भएर अण्डा जस्तै लाम्चो खालको रूप भएर कडा र ढिक्का जस्तै हुन्छ । त्यसरी ढिक्का भएको ७ दिन जतिपछि ५ हाँगाहरू निस्कन्छन् । अथवा टाउको, दुई हात र दुई खुट्टा को लागि ५ वटा स सानो हाँगा जस्तै मासुको डल्लो निस्किन्छन् । यसरी वृद्धि विकास हुँदै आएर ११ हप्ता (७ हप्ता) पुग्नेबेलामा प्रतिसन्धि लिँदाखेरि उत्पन्न नभएका चक्षु, श्रोत, घ्राण, जिह्वा कलापहरू उत्पन्न हुन्छ । त्यसपछि ४२ हप्ता पुग्ने बेलामा कपाल, शरीरको रौं इत्यादि उत्पन्न हुन्छ ।



https://dhamma.digital

**पहिलोपटक रूप ४ वटा उत्पन्न हुने समय**

कर्मजरूप – प्रतिसन्धिचित्तको उत्पादक्षणबाट शुरु भइ हरेकक्षणहरूमा उत्पन्न हुन्छ।

चित्तजरूप – प्रतिसन्धिपछि प्रथम भवंगचित्तको उत्पादक्षणदेखि शुरु भइ हरेक चित्तको उत्पादक्षणमा उत्पन्न हुन्छ।

उतुजरूप – प्रतिसन्धिचित्तको स्थितिक्षणबाट शुरु उत्पन्न हुन्छ।

आहारजरूप – प्रतिसन्धि लिइसकेपछि ओपपातिक र संसेदज प्राणीहरू कुनै आहार सेवनगर्ने समयमा त्यसमा भएको ओजा शरीरभरि फैलिने हुन्छ। गब्थसेय्यक प्राणीहरूमा आमाले सेवन गरेको आहार एक दुइ हप्ता जति भएपछि बच्चाको शरीरमा फैलिने हुन्छ। त्यो फैलिएको बाह्य ओजा र भित्रि ओजा मिल्ने समयमा आहारज रूप उत्पन्न हुन्छ।

**रूप ४ वटाको अन्तिम निरोध**

मरणकालमा च्युतिचित्तबाट माथि १७ औं चित्तको स्थितिक्षणबाट कर्मजरूप उत्पन्न हुँदैन । त्यो १७ औं चित्तको उत्पादक्षणमा उत्पन्न भएको कर्मजरूप च्युतिचित्तको भंगसंगै विनाश हुन्छ। कर्मजरूप निरोध भएपछि चित्तज आहारज रूप पनि निरोध हुन्छ। अरहन्तको च्युतिचित्त बाहेक सबैको च्युतिचित्तले चित्तजरूप उत्पन्न गराउन सक्ने भएकोले च्युतिचित्तको उत्पादक्षणमा उत्पन्न भएको चित्तजरूप कर्मजरूप निरोध भएको ४८ क्षणपछि निरोध हुन्छ।

आहारजरूप भनेको बाहिरी आहार पनि सेवन गरेको छ, भित्रको आहारसंग पनि मिलेको छ, विज्ञानको सहयोग पनि छ भने आहारजरूप उत्पन्न हुन्छ। यो अनुसार च्युतिचित्तको भंगक्षणमा पनि विज्ञानको सहयोग भएको हुनाले त्यो समयमा उत्पन्न भएको आहारजरूप च्युतिचित्तपछि ५० क्षणमा निरोध हुन्छ । ऋृतुजरूप लाश रहिरहुञ्जेलसम्म निरन्तर उत्पन्न भइरहन्छ । त्यतिमात्र नभइकन लाशबाट कंकाल भएर धूलो धूलो बाँकी रहुञ्जेल वा यो संसार रहुञ्जेल उत्पन्न भइरहने हुन्छ।



https://dhamma.digital

**रूप भूमिमा रूपको उत्पत्ति क्रम**

**रूपब्रह्मलोकमा** घ्राणदसक, जिव्हादसक, कायदसक, भावदसक र आहारजरूप उत्पन्न हुँदैन । त्यसकारण प्रतिसन्धिक्षणमा चक्षुदसक, श्रोतदसक, वत्थुदसक र जीवितनवक रूप मात्र उत्पन्न हुन्छ । प्रवृत्तिक्षणमा चित्तजकलाप, ऋतुजकलाप सबै प्राप्त हुन्छ । ब्रह्माहरूमा भावनाको आनुभावले घ्राण, जिव्हा, काय, भावरूप उत्पन्न हुँदैन । ब्रह्माहरू आहार सेवन नगर्ने हुनाले भित्र ओजा रूप भएपनि बाहिरको ओजासंग सम्पर्क नहुने भएकोले आहारज रूप उत्पादन हुँदैन । ब्रह्माहरू आफ्नो ध्यानमा सन्तुष्ट, खुशी भएर प्रीति उत्पन्न भइरहने भएकोले आहार सेवन नगरिकन बस्न सक्छन् । त्यसकारण ब्रह्माहरूमा कर्मज, चित्तज र ऋतुज रूप मात्र प्राप्त हुन्छ ।

**असंज्ञासत्वब्रह्मा**हरूमा चक्षुदसक, श्रोतदसक, घ्राणदसक, जिव्हादसक, कायदसक, भावदसक, वत्थुदसक, सद्दनवक र आहारजरूप उत्पन्न हुँदैन । चित्त नभएकोले कुनै पनि चित्तजरूप उत्पन्न हुँदैन । त्यसकारण असंज्ञासत्वब्रह्माहरू प्रतिसन्धि लिंदा जीवितनवक कलापले प्रतिसन्धि लिन्छन् । प्रवृत्तिक्षणमा चार ऋतुज कलापमध्ये सुद्धट्ठक कलाप र लहुतादि एकादसक कलाप, यी दुई कलाप मात्र प्राप्त हुन्छ । त्यसकारण असंज्ञासत्वभूमिमा अविनिब्भोग रूप ८, जीवितरूप, लहुता, मुदुता, कम्मञ्ञता, लक्षणरूप ४ र आकासधातु १ गरी जम्मा १७ रूप मात्र प्राप्त हुन्छ ।

**संग्रह-गाथा**

| | | |
|---|---|---|
| कामभूमि | सबै २८ रूप उपलब्ध हुन्छ । | प्रतिसन्धि क्षणमा उपलब्ध नहुने रूपहरू सद्द रूप, विकाररूप ५, लक्खणरूप ४, जरता, अनिच्चता प्रवृत्तिक्षणमा उचितानुसार २८ रूप उपलब्ध हुन्छ । |
| रूपभूमि १५ | घाण, जिह्वा, काय, भाव बाहेक २३ रूप | |
| असञ्ञसत्ताभूमि | अविनिब्भोग ८, जीवित, लहुता, मुदुता, कम्मञ्ञता, लक्खणरूप ४, आकासधातु गरेर १७ रूप | |
| अरूपभूमि | कुनै पनि रूप उपलब्ध छैन । | |



https://dhamma.digital

**निर्वाण**

मार्ग र फलको आरम्मण भइरहेको, चारवटा मार्गज्ञानले साक्षात्कार गर्नुपर्ने लोकुत्तर भनिने निर्वाणलाई वान भनिने तृष्णाबाट निस्कने भएको हुनाले निर्वाण भनिन्छ ।

तृष्णालाई वान भनेर भनिन्छ । तृष्णाले एक जीवनपछि अर्को जीवनलाई जोड्दै जाने भएकोले त्यसलाई वान  भनिन्छ । यो तृष्णा पूर्णरूपमा निर्मूल नहुञ्जेल भवसंसारबाट मुक्त हुन सकिंदैन । त्यसकारण वान भनिने तृष्णाबाट मुक्त भएको स्वभावलाई निर्वाणधर्म भनिन्छ । मुक्त हुनु भनेको शुरुमा निर्वाण यो तृष्णाजालभित्र रहेर अहिले त्यो तृष्णाजालबाट मुक्त भएको भन्ने अर्थ हैन । मुक्त हुनु भनेको तृष्णाको आरम्मण बन्नु नपरेकोलाई भनेको हो । तृष्णाले निर्वाणलाई आफ्नो आरम्मणको रूपमा लिन सक्दैन । अकुशलचित्तहरूले लौकिकधर्मलाई मात्र आफ्नो आरम्मण बनाउन सक्छ । लोकुत्तरधर्मलाई आरम्मण बनाउन सक्दैन ।

चार मार्गज्ञानले साक्षात्कार गर्नुपर्ने भनेको आफ्नै आँखाले देखेजस्तो हुनेगरीकन आफैंले जान्नु देख्नु हो । मार्ग ज्ञान प्राप्त हुनु अगाडि कामावचर अवस्थाको ज्ञानले प्रत्यक्षरूपमा देख्न सकिंदैन । अर्थात् लौकिक धर्मले निर्वाणलाई आरम्मणको रूपमा लिन सक्दैन । अनुमान गरेर मात्र थाहापाउन सकिन्छ । चार मार्गज्ञानले मात्र निर्वाणलाई देख्न साक्षात्कार गर्न सकिन्छ । त्यसैले निर्वाण भनेको मार्गफलज्ञानको आरम्मण हो ।

मार्गफल प्राप्त गरि नसकेका पृथग्जनहरूले निर्वाणलाई प्रत्यक्ष आरम्मणको रूपमा लिन सक्दैन । निर्वाण प्राप्तिको लागि प्रार्थना गरेर कर्मस्थान ध्यान अभ्यास गर्ने बेलामा अनुमान गरेर निर्वाणको शान्त स्वभावलाई आरम्मणको रूपमा लिनसक्छन् । स्वभावको हिसाबले निर्वाणमा केवल शान्तिलक्षण मात्र छ । निर्वाण असंस्कृत धर्म हो ।



https://dhamma.digital

यो कुनै कारणले बनेको स्वभावधर्म हैन । क्लेश सबै शान्त भइरहेको हिसाबले प्रकट भइरहेको स्वभावधर्म हो । निर्वाण भनेको कारणधर्म पनि हैन, फलधर्म पनि हैन । तर पनि मार्गफलको आरम्मण भएकोले आरम्मणलाई कारणको रूपमा पनि लिन सक्ने भएकोले यो अर्थमा निर्वाणलाई कारणधर्म भनेर चाहिं भन्न सकिन्छ। तर यसले मार्गफललाई उत्पन्न गराउने चाहिं हैन । निर्वाणलाई परम सुख भनेर लिएको छ । निर्वाणमा कुनै पनि अनुभूति छैन, तैपनि अति नै सुख आनन्द हुन्छ । अनुभूति नहुनु नै सुख हो । निर्वाणमा उत्पत्ति हुने विनाश हुने भन्ने हुँदैन ।

निर्वाणलाई सउपादिसेस निर्वाण र अनुपादिसेस निर्वाण भनि २ प्रकारमा विभाजन गरिराखेको छ ।

मार्गले क्लेश निर्मूल गरिसकेर स्कन्धमा क्लेश बाँकी नभएतापनि शुरुदेखिको विपाकफल भएको नामस्कन्ध तथा कर्मजरूप आदि बाँकी नै हुन्छ । क्लेशबाट बाँकी भएको विपाक नामस्कन्ध र कर्मजरूप बाँकी भएको निर्वाणलाई सउपादिसेस निर्वाण भनिन्छ । त्यस्तो विपाक नामस्कन्ध र कर्मजरूप बाँकी नभएको निर्वाणलाई अनुपादिसेस निर्वाण भनिन्छ । सउपादिसेस निर्वाणलाई क्लेश परिनिर्वाण र अनुपादिसेस निर्वाणलाई स्कन्ध परिनिर्वाण पनि भनिन्छ ।

**सुञ्ञत निर्वाण, अनिमित्त निर्वाण र अप्पणिहित निर्वाण** भनेर पनि विभाजन गरिएको छ ।

राग, द्वेष, मोहसहित रूपस्कन्ध, नामस्कन्धबाट शुन्य भएकोले (अलग्ग भएकोले) शुन्यत निर्वाण भनिन्छ । रूपआकृति केही पनि नभएकोले वा सबै नामरूप भनिने निमित्त लक्षण केही नभएकोले अनिमित्त निर्वाण भनिन्छ । तृष्णाले कुनै आशा नगरेको हुनाले वा निर्वाणमा आशा गर्ने तृष्णा नभएको हुनाले अप्पणिहित निर्वाण भनिन्छ ।

....................



https://dhamma.digital

# परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

## षष्ठम पत्र

# बौद्ध दर्शन र अभिधर्म

## पाठ्यक्रम

**(अंक विभाजन :** एकाई १ को १० अंक, एकाई २ को १० अंक, एकाई ३ को ३० अंक, एकाई ४ को २० अंक, एकाइ ५ को ३० )

**शिक्षण अवधि १५**

**एकाइ १ : बुद्ध र बुद्धवाद** **शिक्षण अवधि २०**

क) बुद्ध प्रादुर्भाव हुनुभन्दा अघिका भारतीय सिद्धान्तहरु

ख) बौद्ध साहित्यमा अनात्मवाद

ग) आत्म अनात्म समस्या

घ) पिटकमा आएको भवसंसार

ङ) भवसंसार र विचारणीय तथ्यहरु

**एकाइः २ बुद्धपछिका बौद्ध दर्शनहरू** **शिक्षण अवधि २०**

क) सर्वास्तिवाद : परिचय, दर्शन तथा आचार्यहरु

ख) सौत्रान्तिक : परिचय, दर्शन तथा आचार्यहरु

ग) योगाचार : परिचय, दर्शन तथा आचार्यहरु

घ) माध्यमिक : परिचय, दर्शन तथा आचार्यहरु

**एकाइ ३ : अभिधर्म** **शिक्षण अवधि ४०**

क) वीथि काण्ड

ख) वीथिमुक्त काण्ड

ग) रूपकाण्ड

**एकाई ४ अभिधर्म दैनिक जीवनमा** **शिक्षण अवधि ३०**

क) दैनिक जीवनमा अज्ञात रहने अहेतुक चित्रहरू



https://dhamma.digital

ख) जीवनको प्रथम चित्त

ग) विभिन्न प्रकारका प्रतिसन्धि-चित्त

घ) भवंगको कृत्य

ङ) इन्द्रियद्वार वीथि र मनोद्वार वीथिमा चित्तका कृत्यहरू

च) जवनको कृत्य

छ) तदारम्मण र च्यूतिका कृत्यहरू

ज) आलम्बनहरू र द्वारहरू

**एकाई ५ अभिधर्मार्थ संग्रहको व्याख्या** **शिक्षण अवधि ४०**

क) वीथि काण्ड

ख) वीथिमुत्त काण्ड

ग) रूप काण्ड

Dhamma.Digital



https://dhamma.digital

**सन्दर्भ सामग्री :**

प्रज्ञानन्द महास्थविर (अनु.), अनागारिका अग्गञाणी 'धम्माचरिय' (स.), *म्यूप्येंजी अभिधर्मार्थ संग्रह अभिप्राय निर्देश, ललितपुरः अनागारिका ञाणशीला,* श्री शाक्यसिंह विहार, ल.पु.।

गोरकम, एन.भी. (ले.), आर.बि. वन्द्य (अनु.), *जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग,* काठमाण्डौः नन्दसिद्धि तथा कयो मय्‌जु, बु.सं.२५२८ ।

भिक्षु ज्ञानपूर्णिक (अनु.), *अभिधर्मार्थ संग्रह,* काठमाण्डौः आनन्दगुटी विहारगुठी, बु.सं.२५३५ ।

भिक्षु ज्ञानपूर्णिक (अनु.), *बुद्ध र बुद्धवाद,* ललितपुरः श्रीमती बेतीमाया शाक्य प्रमुख सपरिवार बु.सं.२५३५ ।

शाक्य, धर्मरत्न *बौद्ध दर्शनया विकास* (प्रथमा वृत्ति), ललितपुरः एस.एस.हःखा, बु.सं.२५३८ ।

अनागारिका विमलञ्ञाणी 'धम्माचरिय', *अभिधर्मार्थ संग्रहको व्याख्या,* अप्रकाशित मौलिक लेखन, बु.सं.२५६८, वि.सं.२०८१ ।

उष्णीष तारा तुलाधर, *बुद्धपछिका बौद्ध दर्शनहरु,* अप्रकाशित मौलिक लेखन, बु.सं.२५६८, वि.सं.२०८१ ।

तुलाधर, रीना (ले.-सं.), *अभिधम्म, धम्मवती गुरुमांको देशनामा आधारित,* काठमाडौं : धर्मकीर्ति प्रकाशन, वि.सं. २०७९



https://dhamma.digital